CC-0.In Public Domain. Digitization by eGangotri

दण्डनीति :

हिन्दु शासनकला र रामराज्य

प्रा. डा. लालमणि पाण्डेय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

INDIGO
INK
Passion for Print

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

दण्डनीतिः

हिन्दु शासनकला र रामराज्य

Dandaneeti:

Hindu Statecraft and Ramrajya

प्रा. डा. लालमणि पाण्डेय
अध्यक्ष, राजनीतिशास्त्र विषय समिति
नेपाल संस्कृत विश्वविद्यालय

INDIGO INK

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

INDIGO INK
प्रकाशक
इन्डिगो इन्क प्रा. लि.
अद्वैतमार्ग, काठमाडौँ
फोन : ९८५१०७८५१८
indigoinknepal@gmail.com
www.indigoink.com,np

पहिलो संस्करण : २०८२ भदौ
आवरण/लेआउट : इन्डिगो डेस्क
सर्वाधिकार : लेखकमा
ISBN : 9789937-9910-2-5

नेपालमा छापिएको

प्रकाशकको अनुमतिविना यस पुस्तकको कुनै पनि अंश वा पूरै पुस्तक कुनै पनि माध्यमद्वारा पुनरूत्पादन वा फोटोकपी गर्न पाइने छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्राक्कथन

ईश्वरको अनुकम्पाले *दण्डनीति: हिन्दु शासनकला र रामराज्य* पुस्तक पाठकसमक्ष प्रस्तुत गर्ने सौभाग्य प्राप्त भएकोमा आनन्दको अनुभूति भएको छ। वैदिक सनातन सभ्यताको प्रारम्भदेखि नै ऋषिमुनिहरूले राजनीतिक र प्रशासनिक सङ्गठनको स्वरूप र शासनकलासम्बन्धी विद्याको विकास गरेका थिए। वैदिक पुर्खाले विकास गरेको राजनीतिक विचारसम्बन्धी ज्ञानको स्वतन्त्र शाखालाई दण्डनीति भनिन्छ। दण्डनीति संस्कृत शब्द हो। शासन सञ्चालन गर्ने राज्यको शक्तिलाई दण्ड भनिन्छ। दण्ड वा शक्ति राजनीतिशास्त्रको केन्द्रीय तत्त्व हो। गर्न हुने र नहुने विषयको निर्धारण गर्ने निर्देशिकालाई नीति भनिन्छ। नीतिको अर्थ नियम पनि हो। यसको सम्बन्ध न्यायसँग हुन्छ। नियम वा सिद्धान्त न्यायपूर्ण छ भने मात्र त्यो नीति बन्दछ। नीतिअनुसार शासन सञ्चालन गर्नु न्याय हो भने त्यसको विपरीत अन्याय हो। न्याय र अन्यायका मापदण्ड निर्धारण गरिएको शास्त्र दण्डनीति हो। यो राज्यशक्तिको प्रयोगसम्बन्धी सिद्धान्त हो। यसले राज्यको शासन सञ्चालनका लागि मार्गदर्शन गर्दछ। दण्डनीतिलाई राजधर्म पनि भनिन्छ। प्राचीन अर्थशास्त्र र नीतिशास्त्र पनि दण्डनीतिका पर्यायवाची शब्द हुन्। हिन्दु समाजमा राज्यको शासन सञ्चालनमा अभ्यास गरिएको शासनको विधि एवं नीति शासनकला हो। दण्डनीतिअनुसार सुशासनका सिद्धान्तको व्यावहारिक अभ्यास गरिएको न्यायपूर्ण, धर्मसङ्गत र कल्याणकारी आदर्श हिन्दु शासनको प्रतीक रामराज्य हो।

राजा, राज्य, प्रशासनिक सङ्गठन, शासनकला, न्याय प्रशासन, अन्तरराज्य सम्बन्धका सिद्धान्त आदि दण्डनीतिमा प्रतिपादन गरिएका मुख्य विषय हुन्। संस्कृत वाङ्मयमा अन्तर्निहित प्राचीन राजनीतिक विचारलाई सरल नेपाली भाषामा प्रकाशमा ल्याउनु यस पुस्तकको उद्देश्य रहेको छ।

हिन्दु राजनीतिक विचारसम्बन्धी प्रस्तुत पुस्तकको प्रथम एकाइमा प्राचीन हिन्दु राजनीतिक विचारको परिचय प्रस्तुत गरिएको छ। द्वितीय एकाइमा मनु, बृहस्पति, शुक्राचार्य, कौटिल्य र कामन्दकका साथै रामायण र महाभारतमा वर्णित राजनीतिक विचार प्रस्तुत गरिएको छ। तृतीय एकाइमा याज्ञवल्क्य, गौतम बुद्ध र चण्डेश्वरका राजनीतिक विचार प्रस्तुत गरिएको छ। चौथो एकाइमा राज्य र पाँचौँ एकाइमा राजतन्त्रसम्बन्धी विचारको विवेचना गरिएको छ। छैटौँ एकाइमा विधिको स्वरूप र न्याय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

प्रशासनबारे प्रकाश पारिएको छ। सातौँ एकाइमा राज्यको बाह्यनीतिसम्बन्धी सिद्धान्त र
CC-0.In Public Domain. Digitization by eGangotri
आठौँ एकाइमा गणराज्य र विभिन्न राजनीतिक सिद्धान्तको विवेचना गरिएको छ। वैदिक कालदेखि नै समान राजनीतिक विचारको निरन्तरता हिन्दु राजनीतिक विचारधाराको विशेषता हो। अत: विभिन्न लेखकका राजनीतिक विचार लगभग उस्तै रहेका छन्। यस पुस्तकमा राजनीतिक विचारकहरूप्रति अन्याय नहोस् भनेर उनीहरूका विचार यथावत् प्रस्तुत गर्दा विचारहरूको पुनरुक्ति हुन गएको छ।

नेपाल संस्कृत विश्वविद्यालयको शास्त्री द्वितीय वर्षको राजनीतिशास्त्रको पाठ्यक्रमअनुसारका अधिकांश विषयवस्तु यस पुस्तकमा समेट्ने प्रयास गरेको छु। संस्कृत भाषामा रहेका विषयवस्तु मैले आफैँ नेपालीमा अनुवाद गरी उद्धृत गरेको छु। यो पुस्तक राजनीतिशास्त्रका विद्यार्थीहरूका साथै प्राचीन हिन्दु राजनीतिक विचारधाराको अध्यन अनुसन्धानमा रुचि राख्ने पाठकका लागि समेत उपयोगी हुनेछ भन्ने विश्वास लिएको छु।

यो पुस्तक लेख्ने क्रममा मैले विभिन्न ग्रन्थबाट उद्धरण गरेको छु। त्यसका लागि सम्बद्ध ग्रन्थका लेखकप्रति आभार व्यक्त गर्दछु। यो पुस्तक लेख्न हृदयत: प्रेरित गर्नुहुने आदरणीय प्रा. अम्वीर पाण्डे, प्रा. पुरुषोत्तम दाहाल, प्रा. डा. भेषराज अर्याल, एवं उपप्रा. दिनेश शर्माप्रति धन्यवाद ज्ञापन गर्दछु। पुस्तकको भाषा सम्पादनमा परामर्श दिनुहुने सहप्रा. डा. जनकराज भट्ट र सहप्रा. नारायणप्रसाद पौडेल विशेष धन्यवादका पात्र हुनुहुन्छ। प्रकाशनको सम्पूर्ण जिम्मवारी लिएर यो पुस्तक पाठकसमक्ष प्रस्तुत गर्ने प्रकाशन संस्था इन्डिगो इन्क र यसका प्रबन्ध निर्देशक विष्णुकुमार पौडेलप्रति धन्यवाद व्यक्त गर्दछु। यो पुस्तक लेख्ने क्रममा प्रत्यक्ष अप्रत्यक्ष रूपमा अनवरत सहयोग गर्ने मेरी धर्मपत्नी उषा पाण्डेयलाई विशेष धन्यवाद छ।

शब्दको गरिमा कायम गर्नका लागि यस पुस्तकमा धेरै संस्कृतका शब्दको प्रयोग गरिएको छ। विचारहरू दोहोरिएका छन्। यसबाट पाठकवर्गमा पर्न जाने असुविधाका लागि क्षमाप्रार्थी छु। अन्त्यमा यस पुस्तकले पाठकहरूको माया पाउने छ भन्ने विश्वास लिएको छु। यस पुस्तकमा रहेका सम्पूर्ण कमीकमजोरी मेरा हुन्। यो पुस्तक पढेर मेरा कमजोरी औँल्याइदिनुहुने पाठकहरूप्रति म आभारी हुनेछु। पुस्तकलाई अझ परिष्कृत गर्दै लैजान पाठकहरूबाट आवश्यक सल्लाह, सुझाव, सहयोग र सद्भावको सदा अपेक्षा गर्दछु।

प्रा.डा. लालमणि पाण्डेय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विषयसूची

प्राक्कथन क

एकाइ – एक १

प्राचीन हिन्दु राजनीतिक विचारधाराको परिचय १

एकाइ – दुई २९

मनु २९

बृहस्पति ४९

शुक्राचार्य ६३

वाल्मीकि रामायणमा रामराज्य ७८

महाभारतमा राजनीति ९८

कौटिल्य ११८

कामन्दक १३८

एकाइ – तीन १४७

याज्ञवल्क्य १४७

गौतम बुद्ध १६०

चण्डेश्वर १७८

एकाइ – चार १८६

राज्य १८६

एकाइ – पाँच २१०

राजतन्त्र २१०

एकाइ छ २२९

प्राचीन हिन्दु राज्यव्यवस्थामा विधिको स्वरूप र न्याय प्रशासन २२९

एकाइ – सात २४८

हिन्दु राज्यव्यवस्थामा अन्तरराज्य सम्बन्धका सिद्धान्त २४८

साम्राज्य निर्माण २५२

राज्यमण्डल सिद्धान्त २५७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

कूटनीतिक सम्बन्धका चार उपाय	२६२
दूत व्यवस्था	२६८
गुप्तचर व्यवस्था	२७३
शक्ति सिद्धान्त	२७८
अन्तरराज्य सम्बन्धका षड्गुण सिद्धान्त	२८२
प्राचीन हिन्दु राजनीतिक विचारधारामा युद्धधर्म	२८९
एकाइ – आठ	२९९
धर्म र राजनीतिबीच सामञ्जस्य	२९९
समाज र राज्यव्यवस्थाको देवत्वकरण	३०५
राज्यको शासनकलामा सदाचार	३१३
राज्यको आयव्यय	३२७
गणराज्य	३३८
सभा र समिति	३४७
स्थानीय सरकार	३५४
प्राचीन हिन्दु राज्यव्यवस्थामा लोककल्याणकारी राज्य	३६१
नेपालमा रामराज्यको सान्दर्भिकता	३७९
सन्दर्भसामग्री	३९३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

एकाइ – एक

प्राचीन हिन्दु राजनीतिक विचारधाराको परिचय
(Introduction to Ancient Hindu Political Thought)

मनवे वाचस्पतये शुक्राय पराशराय ससुताय।
चाणक्याय च विदुषे नमोऽस्तु नयशास्त्रकर्तृभ्यः।

(पञ्चतन्त्र)

(नीतिशास्त्रका प्रणेता विद्वान् मनु, बृहस्पति, शुक्राचार्य, पराशर, वेदव्यास र चाणक्यलाई नमस्कार गर्दछु।)

वैदिक सभ्यता विश्वका प्राचीनतम सभ्यताहरूमध्ये एक हो। दक्षिण एसियामा बसोबास गर्ने आर्यहरूले हजारौं वर्ष पहिले यस सभ्यताको विकास गरेका थिए। लगभग पाँच हजार वर्षभन्दा पहिले नै वैदिक आर्यहरूले धर्म, दर्शन, साहित्य, गणित, खगोलशास्त्र, आयुर्वेद, वार्ताशास्त्र, दण्डनीति आदि अनेकौं विद्याको विकास गरेका थिए। धर्म, दर्शन र संस्कृतिको विकासमा वैदिक आर्यहरूको ठूलो योगदान रहेको छ। आर्यहरूको धर्म वैदिक सनातन धर्म हो। वैदिक सनातन धर्मलाई हिन्दु धर्म भनिन्छ। वैदिक कालमा समाजमा धर्म र आध्यात्मिकताको ठूलो महिमा थियो। धर्ममा आघात हुन नदिन राजा र राज्यको आवश्यकता परेको मानिन्छ। राज्यको प्रशासन सञ्चालनका लागि मार्गदर्शन गर्ने राजनीतिक चिन्तनको प्रारम्भ गरिएको थियो। फलस्वरूप धर्मग्रन्थमा राजधर्म समावेश गरिएको थियो। राजधर्म शासनकलासम्बन्धी विद्या हो, जसलाई दण्डनीति पनि भनिन्छ। कालान्तरमा दण्डनीति ज्ञानको स्वतन्त्र शाखाका रूपमा विकास गरिएको थियो। प्राचीन युनानका नगर राज्यजस्तै तात्कालिक दक्षिण एसियामा पनि स-साना राज्यहरू थिए। तिनलाई जनपद राज्य भनिन्थ्यो। जनपद राज्यको सुशासनका लागि मार्गदर्शन गर्नु तात्कालिक राजनीतिक चिन्तनको लक्ष्य थियो। तात्कालिक शासन व्यवस्थालाई हाल हिन्दु राज्यव्यवस्था (Hindu Polity) भनिन्छ। वैदिक सनातनका साथै अवैदिक मानिने जैन र बौद्ध परम्पराको राजनीतिक चिन्तनसमेत हिन्दु राज्यव्यवस्थाभित्र समावेश गरिएको छ। प्राचीन दण्डनीतिको यथार्थ परिचयका लागि यसको विकास, प्रकृति, विशेषता र स्रोतहरूको सङ्क्षिप्त विवेचना यस एकाइमा प्रस्तुत गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ज्ञानको स्वतन्त्र शाखाको रूपमा दण्डनीति
(Politics as a Separate Discipline)

हिन्दु राजनीतिक चिन्तनको प्रारम्भ वेदबाट भएको मानिन्छ । तर त्यस समयमा राजनीतिशास्त्र ज्ञानको छुट्टै शाखाको रूपमा विकास भएको थिएन। धर्मसूत्र र स्मृतिशास्त्रमा राजनीतिसम्बन्धी ज्ञानको क्रमबद्ध वर्णन गरिएको पाइन्छ । स्मृतिहरूमा राजनीतिशास्त्रसम्बन्धी ज्ञानलाई धर्मशास्त्रको अङ्ग बनाइएको छ। राजनीतिशास्त्रको वर्णन राजधर्मअन्तर्गत अलग अध्यायमा प्रस्तुत गरिएको छ। धर्म र अध्यात्मलाई प्राचीन हिन्दुहरूले प्राथमिकता दिने गर्दथे । मानवको अभ्युदय र मुक्तिको माध्यम धर्म हो भन्ने विश्वास गर्दथे[१] (सोमदेवसूरिः, धर्मसमुद्देशः, सू.२) । मानिसको सामाजिक जीवनमा उन्नतिका साथै मृत्युपछिको जीवनमा समेत सुख एवं मुक्तिका लागि चिन्तनको विषय बनाउनु हिन्दुहरूको विशेषता हो । राजनीतिक चिन्तन धर्मका मान्यताबाट समृद्ध बनाइएको छ। मूलतः प्राचीन हिन्दु राजनीतिक चिन्तनको स्वरूप आध्यात्मिक र नैतिक छ।

कौटिल्यले इसापूर्व चौथो शताब्दीको अन्त्यतिर अर्थशास्त्र लेखेका थिए । कौटिल्यभन्दा पूर्व नै चार प्रकारका विद्याको विकास भइसकेको थियो। आन्वीक्षिकी, त्रयी, वार्ता र दण्डनीति चार विद्या हुन् भन्ने कौटिल्यको विचार छ (कौटिल्य, अधि. १, अ.१)। अध्यात्मको ज्ञान गराउने विद्या वा दर्शनशास्त्र आन्वीक्षिकी हो । ऋगवेद, यजुर्वेद र सामवेदलाई त्रयी भनिन्छ । धर्म र अधर्मको ज्ञान वेदबाट हुन्छ । कृषि, पशुपालन र वाणिज्यशास्त्रलाई वार्ता भनिन्छ । वार्ताको ज्ञान आर्थिक सम्पन्नता प्राप्त गर्नका लागि उपयोगी हुन्छ। सज्जनलाई रक्षा गर्न एवं दुर्जनलाई दण्ड दिन दण्डनीतिको ज्ञान उपयोग हुन्छ भन्ने शुक्राचार्यको विचार छ (शुक्र, अ.१, श्लो. १५२-१५४)। दण्डनीति राजनीतिक चिन्तनसम्बन्धी ज्ञानको स्वतन्त्र शाखा थियो। शासनकला दण्डनीतिको मुख्य प्रतिपाद्य विषय थियो।

हिन्दु राजनीतिशास्त्रका विविध नाम
(Various Names of Science of Hindu Polity)

राज्य र सरकार सञ्चालनको कलासम्बन्धी विद्यालाई वैदिक सभ्यतामा दण्डनीति भनिन्थ्यो । दण्डनीतिलाई विभिन्न नाम दिइएको छ । दण्डनीति, राजधर्म, अर्थशास्त्र, नीतिशास्त्र, नयशास्त्र, राजशास्त्र, राज्यशास्त्र आदि नाम पर्यायवाची रूपमा राजनीतिक चिन्तनसम्बन्धी ज्ञानका लागि प्रयोग गर्ने गरेको पाइन्छ । यी विविध नामको अर्थ र परिभाषा निम्नानुसार रहेको छ:

---

१ यतोऽभ्युदयनिःश्रेयससिद्धिः स धर्मः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

दण्डनीति (Science of Power)

CC-0 In Public Domain. Digitization by eGangotri

राज्यको प्रमुख आधार शक्ति हो भन्ने विषयमा प्राचीन हिन्दु राजनीतिक विचारकहरू सहमत छन्। संस्कृत शब्द दण्डको शाब्दिक अर्थ लट्ठी (Rod) हो। प्राचीन कालमा हिन्दु राजाहरूले हातमा दण्ड धारण गर्दथे। त्यो राजदण्ड राज्यशक्तिको प्रतीक मानिन्थ्यो। दण्ड राजाको सर्वोच्च शक्तिको प्रतीक हो। दण्ड प्राचीन हिन्दु राजनीतिक विचारकहरूका अनुसार राज्यको अङ्ग हो। राज्यको अङ्गको रूपमा दण्ड राज्यको सैनिक शक्ति हो। राज्यशक्तिको प्रयोग उचित किसिमले गर्न सिकाउने विद्या नै दण्डनीति हो। नियन्त्रण गर्नु वा दमन गर्नु दण्ड हो। समाजमा मात्स्यन्यायको अन्त्यका लागि दण्डको उचित प्रयोग आवश्यक भएको हो भन्ने विषयमा प्राचीन हिन्दु राजनीतिक विचारकहरूको मतैक्यता छ। मनुले दण्डलाई नै राजा मानेका छन्। दण्डले नै शासन गर्दछ र सबै प्रजाको रक्षा गर्दछ र सबै सुतेका समयमा पनि दण्ड जागेको हुन्छ। त्यसैले विद्वानहरू दण्डलाई नै धर्म भन्दछन् भन्ने मनुको मत छ (मनु, अ.७, श्लो.१८)। शुक्रचार्यका अनुसार दुष्टलाई दण्ड दिने भएको हुँदा राजालाई दण्ड (शक्ति) स्वरूप मानिन्छ। शक्तिको प्रयोग गर्न मार्गदर्शन गर्ने शास्त्रको नाम दण्डनीति हो। सन्मार्ग अर्थात् धर्मतर्फ जान प्रेरित गर्ने हुँदा यसलाई नीति भनिन्छ[२] (शुक्र, अ.१, श्लो. १५७)। शक्तिसँग सम्बन्धित मानिसका क्रियाकलापलाई राजनीतिक व्यवहार र ती क्रियाकलापको अध्ययन गर्ने शास्त्रलाई राजनीतिशास्त्र भन्ने आधुनिक राजनीतिशास्त्रको परिभाषासँग प्राचीन दण्डनीतिको परिभाषा नजिक देखिन्छ।

राजधर्म (Rajadharma)

राजधर्मको अर्थ राजाको धर्म भन्ने हुन्छ। प्राचीन हिन्दु समाजमा धर्मलाई विशेष महत्त्व दिइन्थ्यो। प्राचीन कालमा राजतन्त्रात्मक शासन व्यवस्था प्रचलित थियो। राजामा सर्वोच्च शक्ति निहित थियो। धर्मभन्दा माथि राजा हुँदैनथे। राजाले राज्यशक्तिको प्रयोग धर्मको अधीनमा रहेर गर्नुपर्दथ्यो। धर्मका विरुद्ध शक्ति प्रयोग गर्ने अधिकार राजालाई हुँदैनथ्यो। राजाका सम्पूर्ण क्रियाकलाप धर्मानुकूल हुनुपर्दथ्यो। जनताको कल्याण नै शासनको उद्देश्य मानिन्थ्यो। राज्यको शासन सञ्चालन राजाको कर्तव्य थियो। राजाको कर्तव्यसँग सम्बन्धित विद्या भएको हुँदा यसलाई राजधर्म भनिन्छ। त्यसैले राज्य र यसको शासन व्यवस्था सञ्चालन गर्ने विद्यालाई नै राजधर्म हो। धर्मसूत्र र स्मृतिशास्त्रमा राजनीतिक चिन्तनलाई राजधर्म नाम प्रयोग गरिएको छ। पौराणिक साहित्यमा पनि राजधर्म नाम नै उल्लेख गरिएको छ।

---

२ दमो दण्ड इति ख्यातस्तस्माद्दण्डो महीपतिः।
तस्य नीतिर्दण्डनीतिर्नयनान्नीतिरुच्यते।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थशास्त्र (Political Economy)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा संस्कृत शब्द अर्थशास्त्रम् राजनीतिशास्त्रको पर्यायवाची शब्दको रूपमा प्रयोग गरिएको छ। देवगुरु बृहस्पति अर्थशास्त्र परम्पराका प्रथम आचार्य थिए। कौटिल्य पनि यसै परम्पराका विचारक थिए। वार्ता र दण्डनीति पक्षलाई महत्त्व दिने हुँदा अर्थ-राजनीतिलाई अर्थशास्त्र भनिन्छ। कृषि, पशुपालन र वाणिज्यसम्बन्धी ज्ञानको शाखालाई वार्ता भनिन्थ्यो। राज्यसञ्चालनकला र आर्थिक क्रियाकलापलाई महत्त्व दिने शास्त्रलाई अर्थशास्त्र नामकरण गरिएको थियो। अर्थशास्त्र शब्द आधुनिक अर्थशास्त्रभन्दा पृथक अर्थ-राजनीति भन्ने अर्थमा प्रयोग गरिएको छ। बृहस्पतिका साथै कौटिल्य पनि अर्थशास्त्रका प्रणेता मानिन्छन्। बृहस्पतिको राज्य व्यवस्थासम्बन्धी चिन्तन परम्परालाई आधार मानेर अर्थशास्त्रको परम्परालाई संवर्धन गर्दै कौटिल्यले अर्थशास्त्रको रचना गरेका थिए। कौटिल्यका अनुसार मनुष्यको जीविकालाई अर्थ भनिन्छ। मानिसको बसोबास भएको भूभागलाई पनि अर्थ भनिन्छ। त्यस्तो भूमि प्राप्त गर्न र त्यसको रक्षा गर्न आवश्यक उपाय सिकाउने शास्त्रलाई अर्थशास्त्र भनिन्छ (कौटिल्य, अधि. १५, अ. १)। यस परिभाषाका आधारमा कौटिल्यले पनि बृहस्पतिले जस्तै अर्थशास्त्र शब्द अर्थ-राजनीतिका निम्ति प्रयोग गरेको स्पष्ट हुन्छ। यद्यपि दुबै लेखकले आफ्ना ग्रन्थमा अर्थशास्त्र र दण्डनीतिको प्रयोग समानार्थक शब्दको रूपमा गरेका छन्। दसौँ शताब्दीका आचार्य सोमदेवसूरिको नीतिवाक्यामृतअनुसार जसबाट सम्पूर्ण योजना सिद्ध हुन्छ त्यसलाई अर्थ भनिन्छ। उनले प्राप्त नभएको धन प्राप्त गर्नु, प्राप्त धनको सुरक्षा गर्नु र सुरक्षित धनको वृद्धि गर्नु अर्थको नियम मानेका छन् (सोमदेवसुरि, अर्थसमुद्देशः, सू.१-३)। अर्थशास्त्र राजनीतिक चिन्तन एवं शासनकलासम्बन्धी ज्ञानको शाखा थियो।

नीतिशास्त्र (Nitishastra)

पछिल्लो कालखण्डमा दण्डनीतिको नीतिशास्त्र नाम प्रचलित भएको पाइन्छ। नीतिशास्त्रलाई नयशास्त्र पनि भनिन्छ। नीतिको शाब्दिक अर्थ सन्मार्गमा हिडाउनु भन्ने हुन्छ। नीतिशास्त्र ज्ञान, विवेक र सदाचार सिकाउने शास्त्र हो। उचित समय र उचित स्थानमा उचित कार्य गर्ने कला सिकाउने विद्या नै नीतिशास्त्र हो। के गर्ने र के नगर्ने भन्ने विषयको सैद्धान्तिक प्रणालीको नाम नीति हो। लोकव्यवहार सञ्चालनका लागि निर्धारित सैद्धान्तिक नियमलाई नीति र त्यससँग सम्बन्धित विद्यालाई नीतिशास्त्र भनिन्छ। यसले उचित निर्णय गर्न र अपेक्षित परिणाम प्राप्त गर्न मद्दत गर्दछ। असल नीति र खराब नीतिको ज्ञान दण्डनीतिले गराउँछ भन्ने कौटिल्यको विचार छ[३] (कौटिल्य, अधि. १, अ.१)। कौटिल्यका अनुसार अप्राप्त वस्तु प्राप्त गर्ने योग र त्यसको संरक्षण गर्ने क्षमको ज्ञान नीति

---

३ ... नयापनयौ दण्डनीत्याम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो र त्यसको विपरीत गलत नीति हो जसले विपत्ति निम्त्याउँछ[४] (कौटिल्य, अधि.६, अ.२)। यसबाट नीतिशास्त्र दण्डनीतिको पर्यायवाची शब्दको रूपमा प्रयोग गरिएको स्पष्ट हुन्छ।

पञ्चतन्त्रका लेखक विष्णु शर्माले मनु, बृहस्पति, शुक्राचार्य, पराशर, वेदव्यास र कौटिल्यको नाम नयशास्त्रका लेखकको रूपमा आदरपूर्वक उल्लेख गरेका छन्। उनले नयशास्त्रको पर्यायवाची शब्दका रूपमा अर्थशास्त्र शब्दको पनि प्रयोग गरेका छन्। (विष्णुशर्मा, अ.१, श्लो.२-३)। कौटिल्यपछिका निबन्धकारहरूले प्राचीन नाम अर्थशास्त्र र दण्डनीतिको सट्टा नीतिशास्त्र प्रयोग गरेको पाइन्छ। महाभारतमा राजशास्त्र, राजनीतिशास्त्र, राजनीति, राजनय, राजतन्त्र, राजविद्या, राज्यशास्त्र आदि दण्डनीतिका पर्यायवाची शब्दका रूपमा प्रयोग गरिएको छ। महाभारतका अनुसार सृष्टिकर्ता ब्रह्मालाई नीतिशास्त्रका प्रणेता मानिन्छ। समाजमा धर्मको ह्रास हुँदै गएपछि मात्स्यन्यायको अवस्था सृजना भयो। समाजको अराजक अवस्था अन्त्य गर्न ब्रह्माले एक लाख अध्याय भएको नीतिशास्त्रको रचना गरेका थिए। आन्वीक्षिकी, त्रयी, वार्ता र दण्डनीतिसम्बन्धी विषयका साथै जीवनका चार लक्ष्य धर्म, अर्थ, काम र मोक्ष प्राप्तिका उपायको त्यस नीतिशास्त्रमा वर्णन गरिएको थियो। सो नीतिशास्त्र विशालाक्ष भगवान् शिवद्वारा दस हजार अध्यायमा सङ्क्षेपीकरण गरियो र त्यसको नाम वैशालाक्ष रह्यो। देवराज इन्द्रले त्यसको पाँच हजार अध्यायमा सङ्क्षेपीकरण गरे। त्यसको नाम बाहुदन्तक थियो। त्यसपछि देवताका गुरु बृहस्पतिले तीन हजार अध्यायमा सो नीतिशास्त्र सङ्क्षिप्त बनाए। उनको नीतिशास्त्र बार्हस्पत्य नामले प्रसिद्ध भयो। त्यसपछि दैत्य गुरु शुक्राचार्यले बार्हस्पत्यको सार एक हजार अध्यायमा निकाले त्यसको नाम शुक्रनीति हो (शान्तिपर्व, अ. ५९, श्लो.२९-५८)। नीतिशास्त्रका उक्त कुनै पनि ग्रन्थ हाल उपलब्ध छैनन्। बृहस्पतिका बृहस्पतिस्मृति र बार्हस्पत्य अर्थशास्त्र नामक सङ्क्षिप्त ग्रन्थ उपलब्ध छन्। बार्हस्पत्य अर्थशास्त्र र शुक्रनीतिसार प्राचीन बार्हस्पत्य र शुक्रनीति होइनन् तापनि तिनलाई बृहस्पति र शुक्राचार्यको विद्या परम्पराका सार सङ्क्षेप भने मान्नुपर्ने हुन्छ।

हिन्दु राजनीतिशास्त्रका स्रोत (Sources of Hindu Polity)

संस्कृत वाङ्मयका विभिन्न शास्त्रीय ग्रन्थमा छरिएका विचार नै प्राचीन हिन्दु राजनीतिक विचारधाराका प्रमुख स्रोत हुन्। वेद र उत्तरवैदिक साहित्य, नीतिशास्त्र, अर्थशास्त्र र पछिल्लो कालखण्डमा रचना गरिएका राजनीतिक निबन्ध ग्रन्थहरू हिन्दु राजनीतिशास्त्रका शास्त्रीय स्रोत मानिन्छन्। प्राचीन अभिलेख, मुद्रा र विदेशी यात्रीका यात्रा वृत्तान्तबाट पनि प्राचीन राजनीतिक व्यवस्थाको बारेमा ज्ञान प्राप्त गर्न सकिन्छ।

---

४ योगक्षमनिष्पत्तिनयः। विपत्तिरपनयः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

वेद र वैदिक साहित्य (Vedas and Vedic Literatures)

CC-0. In Public Domain. Digitization by eGangotri

वेदलाई श्रुति भनिन्छ। ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरी चार वेद छन्। ऋग्वेद संसारको सबैभन्दा पुरानो ग्रन्थ हो। हरेक वेदका मन्त्र, ब्राह्मण, आरण्यक र उपनिषद् गरी चार खण्ड छन्। ब्राह्मण, आरण्यक र उपनिषद् व्याख्यात्मक ग्रन्थ हुन्। आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद र अर्थवेद चार वेदका उपवेद हुन्। वेदपछि सूत्र साहित्यको विकास भयो। श्रौतसूत्र, गृहसूत्र र धर्मसूत्र गरी तीन प्रकारका सूत्रग्रन्थ छन्। वसिष्ठ, बौधायन, आपस्तम्ब र गौतमद्वारा लिखित महत्त्वपूर्ण धर्मसूत्र हाल उपलब्ध छन्। हिन्दु राजनीतिशास्त्रको प्राचीन लेखबद्ध प्रमाण वेदमा पाइन्छ। विशुद्ध राजनीतिक र प्रशासनिक विषयसँग सम्बन्धित नभए तापनि वेदमा राजधर्म र प्रशासनसम्बन्धी उपदेश छरिएका छन्। धर्मसूत्रमा राजधर्म अन्तर्गत राज्यको शासनकला र प्रशासनका लागि उपदेश उल्लेख गरिएको छ। सूत्रग्रन्थपछि शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष छ वेदाङ्गको विकास भयो। वेदको व्याख्याका लागि वेदाङ्गको विकास गरिएको हो। त्यसपछि मात्र ज्ञानका शाखाको विकास प्रारम्भ भएको थियो।

स्मृतिशास्त्र (Smritishastra)

वेदपछि स्मृतिको विकास भएको हो। स्मृतिको शाब्दिक अर्थ स्मरण गरिएको भन्ने हुन्छ। ऋषिहरूद्वारा वेदको आशय स्मरण गरी रचना गरिएका स्मृतिहरू सनातन धर्मका आधिकारिक धर्मग्रन्थ मानिन्छन्। स्मृतिलाई धर्मशास्त्र भनिन्छ[५] (मनु, अ.२, श्लो.१०)। स्मृति ग्रन्थहरूमा वेदका सन्देशका आधारमा मानिसका आचार, व्यवहार र प्रायश्चित्तका नियमको प्रतिपादन गरिएको छ। स्मृतिहरू संस्कृत श्लोकमा रचना गरिएका छन्। मनु, अत्रि, विष्णु, हारीत, याज्ञवल्क्य, उशना, अङ्गिरा, यम, आपस्तम्ब, संवर्त, कात्यायन, बृहस्पति, पराशर, व्यास, शङ्ख, लिखित, दक्ष, गौतम, शातातप र वसिष्ठ प्रमुख स्मृतिकार हुन् (याज्ञवल्क्य, अ१, श्लो.४-५)। स्मृतिमध्ये मनुस्मृति सबैभन्दा पहिलो हो। मनुस्मृति वेदको प्रतिकूल नहुने गरी रचना गरिएको हुँदा यसलाई प्रामाणिक मानिन्छ। मनुस्मृतिपछि अन्य स्मृतिको रचना गरियो। अन्य स्मृतिहरू मनुस्मृतिको प्रतिकूल नभएको अवस्थामा मात्र प्रामाणिक मानिन्छन्। स्मृतिहरू विचार परम्पराका रूपमा विकसित भएका हुन्। राजनीति दृष्टिले मनुस्मृति र याज्ञवल्क्यस्मृति विशेष महत्त्वपूर्ण मानिन्छन्। याज्ञवल्क्य-स्मृतिमा पुराण, न्याय र मीमांसाको ज्ञान धर्मको ज्ञानका लागि आधारभूत विषय मानिएको छ[६] (याज्ञवल्क्य, अ.१, श्लो.३)। याज्ञवल्क्यस्मृतिको रचना प्राचीन मिथिला राज्यमा गरिएको थियो। त्यसैले यो नेपालको प्राचीन राजनीतिक विचार हो।

---

५ ... धर्मशास्त्रं तु वै स्मृतिः।

६ पुराणन्यायमीमांसा...।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रामायण र महाभारत (Ramayan and Mahabharat)

संस्कृतमा रचना गरिएका रामायण र महाभारत ऐतिहासिक कथावस्तुमा आधारित महाकाव्य हुन्। महर्षि वाल्मीकिले सर्वप्रथम रामायणको रचना गरेका थिए। महाभारत र अठार पुराण वेदव्यासका रचना हुन्। रामायण र महाभारतमा धर्म, दर्शन, अध्यात्म, इतिहास, भूगोल, राजनीति आदि विषयमाथि प्रकाश पारिएको छ। राजनीतिक स्वरूपको पनि सविस्तार वर्णन गरिएको छ। संस्कृत श्लोकमा लेखिएका यी ग्रन्थमा नैतिक नियमहरूको शिक्षा विभिन्न आख्यायिकाका माध्यमबाट बोध गराइएको छ। त्यसैले रामायण र महाभारत प्राचीन हिन्दु राजनीतिशास्त्रका व्याख्यात्मक ग्रन्थ मानिन्छन्।

नीतिशास्त्र र अर्थशास्त्र (Nitishastra and Arthashastra)

नीतिशास्त्र र अर्थशास्त्र राजनीतिशास्त्रका ग्रन्थ हुन्। शुक्राचार्यको शुक्रनीतिसार नीतिशास्त्रमा लेखिएको महत्त्वपूर्ण उपलब्ध ग्रन्थ हो। अर्थशास्त्रका प्रथम आचार्य बृहस्पतिको अर्थशास्त्र हाल उपलब्ध छैन। सूत्र शैलीमा लेखिएको बार्हस्पत्यार्थशास्त्र नाम गरेको सङ्क्षिप्त ग्रन्थ मात्र हाल उपलब्ध छ। कौटिल्यको अर्थशास्त्र अर्थ-राजनीतिमा लेखिएको महत्त्वपूर्ण उपलब्ध ग्रन्थ हो। कौटिल्यको अर्थशास्त्रलाई आधार मानेर कामन्दकले रचना गरेको कामन्दकनीतिसार अर्को महत्त्वपूर्ण ग्रन्थ हो। कामन्दकनीतिसार कौटि्ल्यको अर्थशास्त्रका विचारलाई पद्यमा प्रस्तुत गरिएको ग्रन्थ हुनाले यसलाई मौलिक रचना मानिदैन। यी ग्रन्थमा राजनीतिशास्त्र, कानुन र न्याय प्रशासनका विविध विषयमा विवेचना गरिएको छ।

राजनीतिशास्त्रमा लेखिएका निबन्ध ग्रन्थ (Books on Hindu Science of Polity)

कौटिल्यको अर्थशास्त्रपछि हिन्दु राजनीतिशास्त्रमा मौलिक चिन्तन हुन सकेन। राजनीतिशास्त्रमा निबन्ध ग्रन्थहरूको रचनाको प्रारम्भ भएको पाइन्छ। एघारौं शताब्दीमा जैन विद्वान् सोमदेवसुरिले 'नीतिवाक्यामृतम्' ग्रन्थको रचना गरेका थिए। यो ग्रन्थ सूत्र शैलीमा रचना गरिएको प्राचीन हिन्दु राजनीतिशास्त्रको ग्रन्थ हो। प्राचीन राजनीतिक विचारकहरूमध्ये चण्डेश्वरको नाम अत्यन्त आदरका साथ लिइन्छ। नेपालको इतिहासको मध्यकालमा काठमाडौं उपत्यका अर्थात् केन्द्रमा मल्ल राज्य, पश्चिम कर्णाली प्रदेशमा खस राज्य र तराईको मिथिलामा डोयराज्य गरी तीनवटा शक्तिशाली राज्यको उदय भएको थियो। तीन राज्यहरूमध्ये डोय राज्य कर्नाटकवंशी नान्यदेवले सन् १०९७ मा स्थापना गरेका थिए। यस राज्यलाई तिरहुत राज्य पनि भनिन्थ्यो। सिम्रौनगढ यसको राजधानी थियो। सिम्रौनगढ हाल बारा जिल्लाको सिम्रौनगढ नगरपालिकामा पर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

कर्नाटक वंशका सात जना राजाले त्यस राज्यमा शासन गरेका थिए । सातौं राजा हरिसिंहदेव थिए । उनको शासन काल सन् १२९५ देखि १३२४ सम्म मानिन्छ । त्यस बखत दक्षिण एसियामा मुगल शासन प्रारम्भ भइसकेको थियो । दिल्लीका मुगल शासक सुल्तान गयासुद्दिन तुगलकले बङ्गाल आक्रमण गरी फर्कने क्रममा सन् १३२४ मा सिम्रौनगढमा आक्रमण गरे । हरिसिंहदेवले आफ्नो राज्य जोगाउन सकेनन् । उनी भागेर काठमाडौंतर्फ लागे । गयासुद्दिन तुगलकले सिम्रौनगढको राजसिंहासनमा हरिसिंहदेवका गुरु कामेश्वरलाई राखेका थिए । कामेश्वरपछि उनका भाइ भवेश तिरहुतका राजा भएका थिए । हरिसिंहदेवका मन्त्री चण्डेश्वर राजा कामेश्वर र भवेशका समेत मन्त्री थिए । उनले प्रसिद्ध 'निबन्धरत्नाकर' ग्रन्थको रचना गरेका थिए । 'राजनीतिरत्नाकर' अर्थराजनीतिमा लेखिएको उनको प्रसिद्ध ग्रन्थ रहेको छ । त्यसैगरी मित्रमिश्रको सत्रौं शताब्दीमा रचना गरिएको 'वीरमित्रोदय' पनि महत्त्वपूर्ण ग्रन्थ मानिन्छ । यी बाहेक पनि विभिन्न कालखण्डमा संस्कृत भाषामा रचना गरिएका राजनीतिशास्त्रका निबन्ध ग्रन्थहरू पनि उपलब्ध छन् ।

जैन साहित्य (Jain Literature)

जैनधर्म एवं दर्शन दक्षिण एसियाको सनातन सभ्यताको श्रमण परम्पराको प्राचीन चिन्तन हो । यस धर्मले अनुशासन र अहिंसाका माध्यमबाट मुक्तिमार्ग, आध्यात्मिक शुद्धता तथा आत्मज्ञानको मार्ग सिकाउँछ । यस धर्ममा उपदेशकलाई तीर्थङ्कर भन्दछन् । जैनधर्मका चौबीस तीर्थाङ्कर छन् । ऋषभदेव प्रथम तीर्थङ्कर मानिन्छन् । वर्धमान महावीर (540-468 BCE) अन्तिम वा चौबीसौँ तीर्थाङ्कर हुन् । तीर्थाङ्करहरूले जैनधर्मको प्रचार गरेका थिए । जैन साहित्य संस्कृत र प्राकृत भाषामा उपलब्ध छ । जैनसूत्रमा इतिहासका अनेक उपयोगी सामग्री उपलब्ध छन् । जैनको आचाराङ्ग सूत्र महत्त्वपूर्ण ग्रन्थ हो । आचार्य हेमचन्द्रको 'परिशिष्ट पर्वन' मा महावीरको समयदेखि मौर्यकालसम्मको राजनीतिको ऐतिहासिक विवरण पाइन्छ ।

बौद्ध साहित्य (Buddhist Literature)

गौतम बुद्धले स्थापना गरेको धर्म बौद्धधर्म हो । बौद्ध साहित्यका ग्रन्थहरू पाली र संस्कृत भाषामा लेखिएका छन् । बौद्ध साहित्यका अनेक ग्रन्थ राजनीतिशास्त्रका दृष्टिले अत्यन्त महत्त्वपूर्ण छन् । बौद्ध धर्मको महत्त्वपूर्ण ग्रन्थ संग्रह त्रिपिटकमा बुद्धका उपदेशमा तात्कालिक सामाजिक, राजनीतिक, धार्मिक र आर्थिक व्यवस्थाको ज्ञान सङ्गृहीत गरिएको पाइन्छ । बौद्धको दीर्घनिकाय र जातक ग्रन्थमा तत्कालीन राज्य व्यवस्थाको झलक पाइन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत साहित्यका विविध ग्रन्थ (Ancient Literary Works)

संस्कृत र पालीजस्ता प्राकृत भाषामा लेखिएका साहित्यिक कृतिहरूमा हिन्दु राजनीतिक विचारमाथि प्रकाश पारिएको छ। रघुवंश, कादम्बरी, दशकुमारचरित आदि संस्कृत साहित्यका काव्य ग्रन्थमा राजनीतिका आधारभूत सिद्धान्त र तत्कालीन राज्यव्यवस्थाको विवरण पाइन्छ। पाणिनिको अष्टाध्यायी र पतञ्जलिको महाभाष्यमा पनि तात्कालिक समयको राजनीतिक अवस्थाको झलक पाइन्छ।

विदेशी इतिहासकारका विवरण (Accounts of Foreign Historians)

त्यस्तै मौर्य साम्राज्य कालमा ग्रिक इतिहासकार मेगाथेनिज (Megasthanese) ले भारतको भ्रमण गरेका थिए। उनले दक्षिण एसियाको विवरणमा आधारित पुस्तक इन्डिका (Indica) लेखेका थिए। यो पुस्तक पूर्ण रूपमा हाल उपलब्ध छैन तापनि यसबाट विभिन्न विद्वानहरूले गरेका उद्धरणबाट समेत तात्कालिक दक्षिण एसियाको सामाजिक र राजनीतिक अवस्थाको ज्ञान प्राप्त हुन्छ। चीनिया यात्री हुयन साङले (Hiuen Tsang) भारतमा हर्षवर्धनको शासन कालमा दक्षिण एसियाको भ्रमण गरेका थिए। उनले बौद्ध तीर्थस्थल र तात्कालिक नालन्दा विश्वविद्यालयको पनि भ्रमण गरेका थिए। उनको विवरणबाट विश्वविद्यालय र दक्षिण एसियाको शिक्षाव्यवस्थाको ज्ञान प्राप्त हुन्छ।

अभिलेख र सिक्का (Inscriptions and Numismatics)

प्राचीन कालका अभिलेख, ताम्रपत्र र सिक्काबाट पनि तात्कालिक समयको राज्यशास्त्रका सन्दर्भमा महत्त्वपूर्ण जानकारी प्राप्त गर्न सकिन्छ। अशोकका शिलालेखमा इसापूर्व तेस्रो शताब्दीको राजनीतिक र सामाजिक अवस्थाको ज्ञान पाइन्छ। उनका शिलालेखमा बौद्ध धर्मका सिद्धान्तको पनि उल्लेख पाइन्छ। बुद्धको जन्मभूमि लुम्बिनीको अशोकको शिलालेख महत्त्वपूर्ण छ। नेपालमा प्राचीन लिच्छवि कालदेखिका शिलालेख छन्। दक्षिण एसियाका हिन्दु राजाका सिक्का, शिलालेख र ताम्रपत्रबाट प्राचीन हिन्दु राजनीतिक व्यवस्थाको चित्र स्पष्ट हुन्छ।

भौगोलिक अवस्थिति (Geographical Location)

वैदिक राजनीतिक चिन्तन दक्षिण एसियामा भएको हो। दक्षिण एसियालाई भारतीय उपमहाद्वीप भनिन्छ। प्राचीन समयमा यस भूखण्डको भौगोलिक नाम भारतवर्ष थियो। वर्तमान राजनीतिक नक्सामा भारत, नेपाल, अफगानिस्तान, बङ्गलादेश, पाकिस्तान, श्रीलङ्का, भुटान र मालदिभ्स गरी आठवटा राज्य दक्षिण एसियामा पर्दछन्। ऋग्वेद कालमा आर्यहरूको निवास स्थललाई सप्तसिन्धु प्रदेश भनिन्थ्यो। पश्चिमतर्फ काबुलदेखि पूर्वमा गङ्गा नदीसम्मको भूभाग यस भित्र पर्दथ्यो। उत्तरवैदिक कालमा वैदिक आर्यहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

बसोबास गङ्गा र यमुना नदीको किनारको मैदानी भागमा फैलिएको मानिन्छ । पूर्वी समुद्रदेखि पश्चिमतर्फ पनि समुद्रसम्म र उत्तरमा हिमालयदेखि दक्षिणतर्फ विन्ध्यपर्वतको बीचको भूभागलाई आर्यहरूको वासस्थान वा आर्यावर्त भनिन्छ भन्ने मनुस्मृतिमा उल्लेख गरिएको छ (मनु, अ. २, श्लो. २२) । पछिल्लो समयमा दक्षिणतर्फको सिमाना समुद्रसम्म विस्तार भएको देखिन्छ । कौटिल्यको अर्थशास्त्रका अनुसार पृथ्वीलाई देश भनिन्छ । उत्तरमा हिमालयदेखि दक्षिणतर्फ समुद्रसम्म पूर्व-पश्चिम एक हजार योजन (चार हजार कोश) फैलिएको भूभाग चक्रवर्तिक्षेत्र हो[७] (कौटिल्य, अधि. ९, अ. १) । वर्तमान दक्षिण एसिया हिन्दु राजनीतिक चिन्तनको उद्गम स्थल हो । यसै भूमिमा हिन्दुहरूले राज्यको विकास गरेका थिए । राज्यको उदयसँगै राज्य सञ्चालका सिद्धान्तको विकास गरिएको थियो । प्राचीन कालमा भारतवर्षमा गरिएको राजनीतिक चिन्तन र राज्य सञ्चालनका सिद्धान्त नै प्राचीन हिन्दु राजनीतिक चिन्तन हो । प्राचीन कालमा यस भूखण्डमा ससाना राज्यहरू थिए । ती राज्यहरूबीच पारस्परिक सम्बन्धको पनि विकास भएको थियो । अन्तरराज्य सम्बन्धका सिद्धान्तको पनि विकास गरिएको थियो । वैदिक कालदेखि नै साम्राज्य निर्माणका लागि राजालाई प्रोत्साहन गरेको पाइन्छ ।

हिन्दु राजनीतिक चिन्तनको क्षेत्र (Scope of Hindu Political Thought)

हिन्दु राजनितिक चिन्तनमा राज्यको व्यवस्थापनका लागि महत्त्वपूर्ण विद्याको रुपमा राजनीतिशास्त्रको विकास गरिएको छ । राजनीतिक चिन्तनमा समावेश गरिएका राज्यको व्यवस्थापनका विविध विषयवस्तुको आधारमा यसको क्षेत्रको व्यापकता स्पष्ट हुन्छ । राज्यको उत्पत्ति, राज्यका अङ्गहरू, राज्यको उद्देश्य, राज्यका कार्य, राजाको लागि आचार संहिता, प्रशासनिक सङ्गठन, राज्य सञ्चालनकला, अन्तरराज्य संबन्धका सिद्धान्त, युद्धका नियम, साम्राज्य निर्माण आदि हिन्दु राजनीतिक चिन्तनका मुख्य प्रतिपाद्य विषय हुन् ।

राज्यको उदय हुनुभन्दा पूर्वको अवस्थालाई विराज अवस्था भनी वेदमा चर्चा गरिएको छ । महाभारतमा राज्यविहीन समाजलाई स्वर्ण युगका रूपमा चर्चा गरिएको छ । राज्यविहीन अवस्थामा सनातन धर्म थियो । धर्म कै आधारमा समाज व्यवस्था चलेको थियो । सबैले सनातन धर्मको पालना गर्दथे । धर्मको पालना गर्नु हरेक व्यक्तिले आफ्नो कर्तव्य ठान्दथे । कर्तव्य पालनाबाट समाज चलेको थियो । प्राकृतिक अवस्थामा विकृति आएपछि लोभ र मोह बढ्यो । त्यसपछि राज्यको आवश्यकता पर्न गयो । राज्यको उत्पत्तिसम्बन्धमा विकासवादी सिद्धान्त, शक्ति सिद्धान्त, सम्झौताको सिद्धान्त र दैवी सिद्धान्तको चर्चा प्राचीन राजनीतिक चिन्तनका ग्रन्थहरूमा पाइन्छ ।

---

७ देशः पृथिवी । तस्यां हिमवत्समुद्रान्तरमुदीचीनं योजनसहस्रपरिमाणं तिर्यक् चक्रवर्तिक्षेत्रम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राजा र राज्यको उत्पत्ति एकसाथ भएको मानिन्छ। राजा, अमात्य, दुर्ग, जनपद, कोष, दण्ड र मित्रराज्यका सात तत्त्व हुन् । जनताको रक्षा गर्नु राजाको कर्तव्य मानिन्थ्यो । राज्यभित्र शान्ति र सुव्यवस्था कायम गर्नु, बाहिरी आक्रमणबाट राज्यको रक्षा गर्नु, कर उठाउनु, र न्याय सम्पादन गर्नु राजाका कर्तव्य थिए।

राज्यहरूबीच परस्पर युद्ध हुन्थ्यो। युद्धमा सहभागी हुनु राजाको कर्तव्य मानिन्थ्यो। युद्धका नियम पनि विकास गरिएको थियो। शक्तिशाली बन्ने र राज्य विस्तार गरी सम्पूर्ण दक्षिण एसियाको सम्राट् बन्ने राजाको चाहाना हुन्थ्यो । गुप्तचर र दूतको विषयमा पनि प्राचीन चिन्तनमा सविस्तार वर्णन गरिएको छ।

प्राचीन हिन्दु राजनीतिको उपागम
(Approaches to the Study of Hindu Polity)

राजनीतिशास्त्रमा परम्परावादी र आधुनिक वा वैज्ञानिक गरी प्रमुख दुई उपागमको प्रयोग हुन्छ । बीसौं शताब्दीको प्रारम्भसम्म पाश्चात्य परम्परामा पनि राजनीतिशास्त्रको अध्ययनमा परम्परावादी दृष्टिकोण प्रचलित थियो । बीसौं शताब्दीमा राजनीतिशास्त्रमा आनुभविक र वैज्ञानिक सिद्धान्तको प्रयोगको प्रारम्भ गरिएको थियो । प्राचीन हिन्दु राजनीतिक चिन्तनमा पनि परम्परावादी दृष्टिकोणको प्रयोग गरिएको छ । राजनीतिको लेखन उपदेशात्मक र दार्शनिक छ । प्राचीन हिन्दु राजनीतिक चिन्तनको प्रकृति परम्परावादी छ र यसका मुख्य विशेषता निम्नानुसार छन् :

वर्णनात्मक (Descriptive)

लेखन मुख्यत: वर्णनात्मक छ । राजाका कर्तव्यका साथै राजनीतिक संस्थाको वर्णनमा राजनीतिक चिन्तन केन्द्रित छ। राजा वा शासकले कस्ता कर्तव्य पालन गर्नुपर्छ भन्ने आदर्शको वर्णनका साथै राजाका चरित्रको वर्णन रामयण, महाभारत, पुराण र लौकिक साहित्यमा गरिएको छ।

समस्याको समाधानका लागि सल्लाह (Prescriptive)

समाजमा विद्यमान समस्याको वर्णन प्राचीन हिन्दु राजनीतिक विचारकका लेखनमा पाइन्छ । तात्कालिक समाजमा विद्यमान समस्याको समाधान खोज्ने प्रयास पनि राजनीतिक चिन्तनमा गरिएको छ । सामाजिक समस्याको समाधानका लागि राजा वा शासकलाई परामर्श दिनु नै राजनीतिक लेखनको उद्देश्य रहेको देखिन्छ।

दर्शन, धर्म र नीतिशास्त्रको प्रभाव
(Influence of Philosophy, Dharma and Ethics)

प्राचीन हिन्दु राजनीतिक चिन्तन दार्शनिक छ। दार्शनिक सिद्धान्तको निर्माण गरिएको छ । सिद्धान्तमा पूर्णत: धर्मशास्त्रको प्रभाव छ । राजनीतिक चिन्तनलाई स्मृतिकारहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
धर्मशास्त्रको अङ्ग मानेका छन् । मनुस्मृति र याज्ञवल्क्यस्मृति सनातन धर्मशास्त्रका ग्रन्थ हुन् । मनुलगायत सम्पूर्ण स्मृतिकारहरूले राजनीतिक चिन्तनलाई राजधर्म नाम दिएका छन् ।

औपचारिक अध्ययन (Study of Formal Institution)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा औपचारिक संस्थाहरू र तिनको कर्तव्यको वर्णन गरिएको छ । आधुनिक राजनीतिमा जस्तो मानिसका राजनीति व्यवहारको अध्ययन प्राचीन हिन्दु राजनीतिक चिन्तनमा पाइँदैन ।

हिन्दु राज्यव्यवस्थाको प्रकृति (Nature of Hindu Polity)

प्राचीन हिन्दु राजनीतिक चिन्तन विभिन्न विचार परम्पराका रूपमा विकास गरिएको पाइन्छ । मनु, बृहस्पति, शुक्राचार्य आदिका राजनीतिक चिन्तन विचार परम्परा (School of Thought) का रूपमा विकसित भएको देखिन्छ । बृहस्पति अर्थशास्त्रको प्रवर्तक थिए । कौटिल्यले अर्थराजनीतिको स्वतन्त्र ग्रन्थ अर्थशास्त्र लेखेका थिए । प्राचीन हिन्दु राजनीतिशास्त्रका विभिन्न विचारकहरूको राज्यसम्वन्धी विचारको अध्यन र विश्लेषणका आधारमा राज्यको प्रकृतिका विषयमा उनीहरूको निम्नानुसार साझा धारणा रहेका छन्:

राज्य साध्य होइन साधन मात्र हो (The State Is not End but a Means.)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राज्यलाई साध्य होइन साधन मानिएको छ । राज्य मानिसको लागि बनाइएको संस्था हो । राज्यले समाजको भौतिक र आध्यात्मिक उन्नतिका लागि काम गर्नुपर्छ ।

लोककल्याणकारी राज्य (Welfare State)

राज्यको उदय मानव जीवनलाई सहज बनाउनका लागि भएको मानिन्छ । प्राचीन हिन्दु राजनीतिक चिन्तनमा लोककल्याणकारी राज्यको सिद्धान्त सर्वमान्य मानिन्थ्यो । राज्यलाई सामाजिक जीवनमा हस्तक्षेप गर्ने अधिकार थियो । सबै सुखी होउन भन्ने राज्यको उद्देश्य थियो । समाजको सर्वाङ्गीण विकासमा राज्यको भूमिका आवश्यक मानिन्थ्यो ।

राजा पितृवत् (The King Like a Father)

जसरी परिवारमा पिता परिवारका सबै सदस्यको पालनपोषण, संरक्षण, विकास र उन्नतिका लागि निरन्तर लागिरन्छन् त्यसैगरी राजाले पनि सम्पूर्ण प्रजाको हितका लागि निरन्तर काम गर्नुपर्छ भन्ने प्राचीन हिन्दु राजनीतिक चिन्तनको मान्यता रहेको छ ।

सामाजिक सुव्यवस्थाका लागि राज्य (Maintaining Law and Order)

समाजमा शान्ति सुव्यवस्था कायम गर्नु राज्यको प्राथमिक कार्य हो । दुष्टलाई दमन र सज्जन व्यक्तिलाई संरक्षण प्रदान गर्नु राज्यको आधारभूत कार्य मानिएको छ । राजधर्मका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्थापित सिद्धान्तका आधारमा शान्तिसुरक्षा गर्नु राजाको कर्तव्य थियो। शान्तिसुरक्षा कायम गर्दा आफ्ना प्रजालाई कडा दण्ड सजाय दिन प्रतिबन्ध लगाइएको छ।

शक्तिशाली राज्य (Powerful State)

हिन्दु राजनीतिक चिन्तनमा राज्यको शक्तिलाई दण्ड भनिन्छ। राजालाई दण्डधारी मानिन्छ। समाजमा शान्ति सुव्यवस्था कायम गर्न र दुष्टहरूलाई दण्ड दिन राजाले राज्यशक्तिको प्रयोग गर्दछन्। साम, दान, भेद र दण्ड चार नीति छन्। साम, दान र भेदबाट चाहेको काम हुन सकेन भने मात्र दण्डको प्रयोग गर्ने सल्लाह दिइएको छ।

न्यायपूर्ण राज्य (Just State)

समाजमा उत्पन्न हुने विवादको न्यायिक निर्णय गर्नु राज्यको कार्य मानिएको छ। सामाजिक मर्यादा विपरीत कार्य गर्ने व्यक्तिलाई उचित दण्ड दिनु राज्यको न्यायिक कार्य हो। राज्यको प्रारम्भदेखि नै मानिसलाई कुमार्गमा जानबाट रोक्नु र सन्मार्गमा लगाउनु राज्यको कार्य मानिदै आएको पाइन्छ।

धार्मिक राज्य (Dharmic State)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा सनातन धर्मका आधारभूत मान्यताको समाजमा स्थापना गर्नु राज्यको उद्देश्य मानिएको छ। धर्मको अर्थ सत्कर्म (Righteousness) हो। आ-आफ्नो धर्मको पालना गर्नु सबैको कर्तव्य मानिएको छ। राजा राज्यका प्रमुख हुन्थे। धर्मगुरुहरूले शासनमा हस्तक्षेप गर्दैनथे।

बहुलवादको अवधारणा (Concept of Pluralism)

राजालाई शक्तिशाली बनाइएको छ तापनि बहुलतालाई स्वीकार गरिएको छ। राजाले जातिधर्म, जनपदमा प्रचलित धर्म, व्यावसायिक क्षेत्रमा प्रचलित धर्म र कुलमा प्रचलित धर्म परम्परालाई सम्मान गर्नुपर्छ भन्ने मान्यता रहेको छ। यसबाट प्राचीन हिन्दु राजनीतिक चिन्तकहरूमा बहुलवादको आवश्यकताको ज्ञान थियो भन्ने स्पष्ट हुन्छ।

राज्यको विजिगीषु प्रवृत्ति र साम्राज्य निर्माण (Would Be Conquer and Notion of Empire Building)

राजालाई शक्तिशाली बन्ने र अन्य राज्यलाई जित्न निरन्तर प्रयास गर्ने सल्लाह दिइएको छ। शक्तिशाली बन्ने र अन्य राज्यलाई जितेर साम्राज्य निर्माण गर्न चाहने राज्यलाई विजिगीषु राज्य भनिन्थ्यो। वैदिक साहित्यमा पनि एकराट् शब्द प्रयोग गरिएको छ। एकराट् शब्द साम्राट्को लागि प्रयोग गरिएको हो। स्मृति र कौटिल्यको अर्थशास्त्रमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri
भने स्पष्ट साम्राज्य निर्माण गर्न राजालाई परामर्श दिइएको छ। शक्तिशाली राजाको सम्राट् बन्ने इच्छा हुन्थ्यो। सम्राट् प्रतिष्ठाको विषय थियो। साम्रज्य निर्माणको क्षेत्र भने दक्षिण एसियामा सीमित थियो।

प्राचीन हिन्दु राजनीतिक चिन्तनको विकास (Development of Ancient Hindu Political Thought)

प्राचीन हिन्दु राजनीतिक चिन्तनको प्रारम्भ वैदिक साहित्यबाट भएको पाइन्छ। प्रारम्भमा धर्मग्रन्थको महत्त्वपूर्ण अङ्गका रूपमा राजधर्मको उल्लेख गरिएको छ। कालान्तरमा दण्डनीति ज्ञानको स्वतन्त्र शाखाको रुपमा विकास गरियो। दक्षिण एसियाको प्राचीन इतिहास र राज्यव्यवस्थासँग आबद्ध गरेर प्राचीन हिन्दु राजनीतिक चिन्तनको विकासको सङ्क्षिप्त परिचय यहाँ प्रस्तुत गरिएको छ।

सिन्धुघाटीको सभ्यता (Indu Valley Civilization)

विश्वका प्राचीन सभ्यताको विकास नदीका किनारमा भएको पाइन्छ। दक्षिण एसियाको पश्चिमतर्फ पर्ने सिन्धु नदीको किनारमा प्राचीन सभ्यताको विकास भएको थियो। सिन्धु नदी र यसका सहायक नदीका किनारमा विकसित सभ्यतालाई सिन्धु उपत्यकाको सभ्यता भनिन्छ। सन् १९२० सम्म सिन्धुघाटीको सभ्यताको ज्ञान प्रकाशमा आएको थिएन। हडप्पाको आसपासमा रेलको लिक निर्माण गर्ने क्रममा भग्नावशेषबाट इटा निकालेर प्रयोग गरिरहेको विषयमा तात्कालिक रेल विभागले पुरातत्त्व विभागलाई सूचना दिएपछि ब्रिटिश इन्डियाको पुरातत्त्व विभागबाट दयाराम सहानी र रखल्दास बनर्जीको नेतृत्वमा सन् १९२१ मा मोहन्जोद्दाडो र हडप्पाको उत्खनन गरियो। यसपछि प्राचीन सिन्धुघाटीको सभ्यता पत्ता लगेको थियो।

इतिहासकारहरूले सिन्धु सभ्यताको समय इसापूर्व २७०० देखि इसापूर्व १९०० मानेका छन् तर भारतीय पुरातत्त्व विभागका वैज्ञानिकहरूले सिन्धु सभ्यता आठ हजार वर्ष पुरानो मानेका छन्। सिन्धुघाटीको सभ्यताको प्रारम्भ इसापूर्व ५००० वर्षभन्दा पहिलेनै भएको थियो।

सिन्धु सभ्यता सहरी सभ्यता थियो। त्यहाँ चारदेखि दस मिटरसम्म चौडा सडक पाइएका छन्। घरहरूको निर्माणमा पक्कीइटाको प्रयोग गर्ने गरेको पाइएको छ। भवन निर्माणकला उच्चस्तरको थियो। कृषि, पशुपालन र व्यापार त्यस सभ्यताका जनताका मुख्य पेसा थिए। प्राचीन सभ्यताका केन्द्र वेबिलोन र मिश्रसँग सिन्धु उपत्यकाको व्यापारिक सम्बन्ध थियो। मानिसहरूले मातृशक्ति गणेश, शिव, प्रकृति र जनावरको पूजा गर्दथे। त्यस वेलाको धार्मिक विश्वास वर्तमान हिन्दु धर्मसँग मिल्दोजुल्दो थियो। हालसम्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
त्यसवेलाका शिलालेख पढ्न सकिएको छैन। त्यसैले त्यस सभ्यतामा शासन संस्थाहरू के कस्ता थिए भन्ने विषय अज्ञात अवस्थामा रहेको छ।

महाभारतमा सिन्धु राज्यको उल्लेख छ। जयद्रथ तात्कालिक सिन्धु राज्यका राजा थिए। उनी कौरवहरूकी एक मात्र बहिनी दुशलाका पति थिए। महाभारत कालमा जयद्रथको सेना संसारकै शक्तिशाली सेना थियो। अभिमन्युको हत्यामा जयद्रथको हात थियो। महाभारत युद्धमा अर्जुनले जयद्रथको वध गरेका थिए।

वैदिक काल (Vedic Period: Transition From Tribal Polity to State)

राज्य र शासन व्यवस्थासम्बन्धी वैदिक आर्यहरूको चिन्तनको प्रारम्भ वैदिक साहित्यबाट भएको पाइन्छ। वेदका विभिन्न मन्त्रमा त्यस वेलाको राज्यव्यवस्थाको परिचय पाइन्छ। वैदिक कालमा आर्यहरू राजनीतिक दृष्टिले सङ्गठित भइसकेका थिए। वेदबाट विकास भएको सभ्यतालाई वैदिक सभ्यता भनिन्छ। ऋगवेद करिब ५००० वर्ष पुरानो मानिन्छ। वैदिक काल सभ्यताको प्रारम्भिक अवस्था थियो।

राज्यको उदयको विषयमा अथर्ववेदका मन्त्रमा स्पष्ट उल्लेख गरिएको छ। सृष्टिको प्रारम्भमा विराज आवस्था थियो। स्थायी बसोबास थिएन। विराजको अर्थ राजा र राज्यविहीन अवस्था हो। विराज अवस्था वर्गविहीन अवस्था थियो। विराज अवस्थामा क्रान्ति (परिवर्तन) भयो र गार्हपत्य अवस्थाको विकास भयो। गार्हपत्य अवस्थाको अर्थ परिवारको विकासको अवस्था हो। यस अवस्थामा पनि क्रान्ति भयो र आहवनीय अवस्थाको विकास भयो। परिवारका प्रमुखहरू भेलाभई सामाजिक समस्या हल गर्ने अवस्था नै आहवनीय अवस्था थियो। आहवनीय अवस्थामा ग्राम (गाउँ) को विकास भयो। स्थायी बसोबासको प्रारम्भ भयो। गाउँको प्रमुखलाई ग्रामणी भनिन्थ्यो। त्यसपछि अर्को क्रान्ति भयो र दक्षिणाग्नि अवस्थाको विकास भयो। दक्षिणको अर्थ चतुर र अग्निको अर्थ अग्रणी हो। गाउँहरूको समुहको प्रमुख दक्षिणाग्नि हुन्थे। ग्रामणीहरू मिलेर दक्षिणाग्निको निर्वाचन गर्दथे। दक्षिणाग्निको क्षेत्रलाई जनपद भन्न थालियो। दक्षिणाग्निले जनपदको शासन सञ्चालन गर्न थालेका थिए। जनपदलाई राष्ट्र र दक्षिणाग्निलाई राजा भन्न थालियो। जनपदका सम्पूर्ण बासिन्दालाई विश भनिन्थ्यो। दक्षिणाग्नि अवस्थामा पनि क्रान्ति भयो र आमन्त्रण अवस्थाको विकास भयो। आमन्त्रण अवस्था भनेको सभा र समितिको विकासको अवस्था थियो।

यसरी एउटा कुलका व्यक्तिहरू मिलेर एक ठाउँमा बस्न थाले। केही कुलहरू मिलेर गाउँको निर्माण भयो। गाउँहरू मिलेर क्रमश: जन वा राष्ट्रको विकास भयो। प्रारम्भमा आर्यहरू गाउँमा बस्न थालेका थिए। जनका सबै बासिन्दालाई विश: भनिन्थ्यो। जनको शासक जनताले चुन्दथे। यसरी चुनिएको व्यक्तिलाई विशपति वा राजन भनिन्थ्यो। जनको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
सङ्गठन कुल र जातिका आधारमा हुन्थ्यो । एउटा जनमा सबै व्यक्ति सजात वा सनाभि मानिन्थे । यसको अर्थ एउटै वंश भन्ने हो । आफ्नो वंशको कुनै प्रतापी व्यक्तिको नाममा तिनीहरूको जनको नाम राखिन्थ्यो । त्यसैले त्यस वेलाको जनपद राज्यलाई जातीय राज्य (Tribal State) भनिन्छ । मत्स्यदेश, गन्धारि, कुरुपाञ्चाल, कीकट, मद्र, महावृष, काशी, कोशल, विदेह, मगध, अङ्ग,काम्बोज वैदिक कालका प्रसिद्ध जनपद थिए ।

राजाको स्थिति (Position of the King)

वैदिक कालमा राष्ट्र वा जनपदको मुखियालाई राजा भनिन्थ्यो । वेदमा जनताले राजा चुन्दथे भन्ने उल्लेख छ[८] (अथर्ववेद, ३.४.२) । वेदमा प्रयोग गरिएका 'राजानः राजकृतः' भन्ने वाक्यांशबाट त्यस बेला राजाको निर्वाचन हुन्थ्यो भन्ने विषय प्रमाणित हुन्छ । राष्ट्र र जनताको रक्षा गर्नु राजाको मुख्य कर्तव्य थियो । राजाले धन वा आर्थिक स्रोतको वितरण गर्दथे । राजालाई जनताले कर (बलि) प्रदान गर्दथे । राजमहिषी, पुरोहित र सेनानी राजाका सहयोगी हुन्थे । राजमहिषी राज्यको महत्त्वपूर्ण निर्णयमा सहभागी हुने गर्दथे । पुरोहितले राजालाई परामर्श दिन्थे । सेनानी सैनिक सङ्गठनको दोस्रो महत्त्वपूर्ण पद थियो र सेनानीले राजालाई युद्धमा सहयोग गर्दथे ।

आर्थिक विकास र वर्ण व्यवस्था (Economic Development and Social Stratification)

वैदिक कालमा कृषि र पशुपालन मुख्य व्यवसाय थिए । जौ, गहुँ, धान, फलफूल र सागपातको खेती गरिन्थ्यो । पशुपालनतर्फ घोडा, गाई, भेडा, बाख्रा र कुकुर पाल्ने गरिन्थ्यो । तामा र काँसका भाडाको प्रचलन थियो । सुन,चाँदी र फलामको प्रयोग पनि प्रारम्भ भएको थियो । पेसाका आधारमा ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र चार वर्णको व्यवस्था प्रारम्भ भएको थियो । ब्राह्मणले पौरोहित्य र शिक्षा दिने कार्य गर्दथे । क्षत्रियले युद्ध गर्ने र राज्यको रक्षा गर्ने गर्दथे । वैश्यले कृषि, पशुपालन र उद्योग-व्यवसाय गर्दथे । शारीरिक श्रम गर्नु शूद्रको काम थियो । वर्णव्यवस्था जटिल थिएन । वैदिक समाजमा अन्तरवर्ण विवाहको प्रचलन थियो ।

समिति र सभा (Samiti and Sabha)

सभा र समिति वैदिक कालका राजनीतिक सङ्गठन थिए । सभा र समिति दुई फरक संस्था थिए । समिति र सभाको सङ्गठनको स्वरूप र तिनको शक्ति र कार्यका सम्बन्धमा वैदिक साहित्यमा उल्लेख गरिएको छ ।

---

८ त्वा विशो वृणुतां राज्याय .... ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

समिति विशाल संस्था थियो। सम्पूर्ण विश: वा प्रजाको प्रतिनिधित्व हुने सङ्गठन समिति थियो। सम्भवत: राष्ट्रभित्र पर्ने सबै ग्रामका ग्रामणीका साथै विशका सूत, रथकार तथा शिल्पकार आदि प्रमुख व्यक्तिहरू समितिमा उपस्थित हुन्थे। समितिमा राजा पनि उपस्थित हुन्थे। समितिका अध्यक्षलाई ईशान भनिन्थ्यो। समितिका सदस्यहरू एक मत भएर काम गर्नु महत्त्वको विषय मानिन्थ्यो। ऋग्वेदमा समितिका सदस्यहरू परस्पर मिलेर काम गर्ने सन्दर्भमा ज्यादै महत्त्वका साथ प्रस्तुत गरिएको छ। तिमीहरू मिलेर एकत्र होऊ, मिलेर एउटै वचन बोल, तिमीहरूको मन एक समान होस्। जसरी पहिले देवताले समान चिन्तनको व्यवहार गरेका थिए। तिमीहरूको मन्त्र (निर्णय) मा सहमति होस्, समिति समान होस्, र तिमीहरूको मन र चित्तमा समानता होस्। तिमीहरूको मन्त्र वा निर्णय समान होस्, मन समान होस्, हृदय एकमत होस्, तिमीहरू एकमत भएर प्रसन्नतापूर्वक बस्न समर्थ होऊ भन्ने ऋग्वेदका मन्त्रमा उल्लेख गरिएको छ[१] (ऋग्वेद,१०. १९१. २-४)। यस मन्त्रबाट वैदिक कालमा राष्ट्रमा सबै एक मत हुनुलाई ज्यादै महत्त्व दिइन्थ्यो भन्ने स्पष्ट हुन्छ। समितिमा विचार-विमर्श, वाद-विवाद र छलफल हुन्थ्यो। विचार-विमर्शद्वारा एकमत बनाउने प्रयत्न गरिन्थ्यो। समिति राजाका लागि अनुकूल हुनु आवश्यक मानिन्थ्यो।

वैदिक युगमा सभा न्यायसम्बन्धी कार्य गर्ने संस्था थियो। स्मृतिकालमा पनि न्याय सम्पादन गर्ने कार्य गर्ने संस्थालाई सभा भनिन्थ्यो। ऋग्वेदमा सभालाई किल्विष-स्पृत् भनी उल्लेख गरिएको छ (ऋग्वेद, १०.७१.१०)। यसको अर्थ पाप वा अपराधको परिमार्जन गर्ने भन्ने हुन्छ। वैदिक कालको सभा उत्तर वैदिक कालको विवादको निर्णय गर्ने न्यायिक सभाबीच समानता देखिन्छ। सभाको आकार सानो हुन्थ्यो र यसको अध्यक्षता राजाले गर्दथे।

वैदिक कालमा समिति र सभा नाम गरेका संस्था थिए। राज्य सञ्चालनमा दुवैको महत्त्वपूर्ण भूमिका हुन्थ्यो। समिति सम्पूर्ण विश:को संस्था थियो। यसले शासन सञ्चालनमा जनताको सम्मति प्रकट गर्नुका साथै राजाको वरण गर्ने काम पनि गर्दथ्यो। सभामा न्यायिक कार्य हुन्थ्यो।

वैदिक कालमा ससाना राज्य थिए जसलाई राष्ट्र भनिन्थ्यो। राष्ट्रको आधार जन

---

१ संगच्छध्वं संवदध्वं सं वो मनांसि जानताम्।
देवा भागं यथा पूर्वे सञ्जानाना उपासते॥
समानो मन्त्रो समिति: समानी समानं मन: सह चित्तमेषाम्।
समानं मन्त्रमभिमन्त्रये व: समानेन हविषा जुहोमि॥
समानो व आकूति: समाना हृदयानि व:।
समानमस्तु वो मनो यथा व: सुसहासति॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
थियो । त्यसैले राज्यलाई जनपद पनि भनिन्थ्यो । जनमा सबै व्यक्ति सजात वा सनाभि हुन्थे । यसको अर्थ एउटै वंश भन्ने हो । जनताद्वारा राजाको वरण हुन्थ्यो । सभा र समिति शक्तिशाली संस्था थिए । राजाले सभा र समितिका निर्णयहरूको अनुसरण गर्नुपर्थ्यो ।

उत्तरवैदिक काल (Later Vedic Period)

ऋग्वेदपछिको काललाई उत्तरवैदिक काल भनिन्छ । यजुर्वेद, समावेद, अथर्ववेद, ब्राह्मण, आरण्यक, उपनिषद् र धर्मशास्त्रका अन्य सबै ग्रन्थको रचना काललाई उत्तरवैदिक काल भनिन्छ । धर्मसूत्र र स्मृतिहरू उत्तरवैदिक कालको राजनीतिक विचारका प्रमुख स्रोत हुन् । इतिहासकारहरूका अनुसार ईसापूर्व १००० देखि इसापूर्व ६०० बीचको समयलाई उत्तरवैदिक काल मानिन्छ । यस कालमा गङ्गा र यमुना नदीका किनारी मैदान सभ्यताको केन्द्र बन्न गयो । काशी, विदेह, अयोध्या आदि सहरी केन्द्रको उदय भएको थियो ।

उत्तरवैदिक कालमा राष्ट्रहरूबीच परस्पर सङ्घर्ष प्रारम्भ भयो । शक्तिशाली राज्यले कमजोर छिमेकी राज्य जितेर राज्यहरूबीचमा एकीकरणको अभ्यास पनि प्रारम्भ भएको थियो । फलस्वरूप महाजनपदको उदय भयो । स-साना जनपदको एकीकरण गरी विशाल भौगोलिक क्षेत्रमा फैलिएका राज्यको निर्माण गरियो । ती विशाल राज्यलाई महाजनपद भनिन्थ्यो । बौध्द साहित्यमा दक्षिण एसियामा सोह्रवटा महाजनपद थिए भन्ने उल्लेख छ । कोशल, वत्स, अवन्ती र मगध ज्यादै महत्त्वपूर्ण राज्य थिए ।

उत्तरवैदिक कालमा विभिन्न किसिमका राज्यको उदय भएको थियो । ऐतरेय ब्राह्मण (८.३.३) मा उल्लेख गरिएका आधारमा ब्राह्मण कालमा साम्राज्य, भोज्य, स्वराट्, राज्य र वैराज्य गरी पाँच प्रकारका राज्य थिए[१०] । पूर्वतर्फका राजाहरूले साम्राज्यका लागि अभिषेक लिन्थे । त्यस वेला दक्षिण एसियाको पूर्वमा मगध, कलिङ्ग, वङ्ग आदि राज्य थिए । दक्षिणतर्फ सत्वत (यादव) राज्य थियो । त्यहाँका राजाले भोज्यको अभिषेक लिन्थे । पश्चिमतर्फ सुराष्ट्र, कच्छ, सौवीर आदि राज्य थिए । त्यहाँका राजाले स्वराज्यको अभिषेक लिन्थे । उत्तरतर्फ हिमाली भूभागसमेतमा उत्तरकुरु, उत्तरमद्र आदि राज्य थिए । त्यहाँका राजाले वैराज्यको अभिषेक लिन्थे । मध्य क्षेत्रमा अवस्थित कुरु, पाञ्चाल आदि राज्यका शासकलाई राजा भनिन्थ्यो । वंशक्रमानुगत राजा जसले अन्य राज्यलाई जितेर विशाल राज्य निर्माण गर्दथे त्यस्ता राजालाई सम्राट् भनिन्थ्यो । भोज्य वंशक्रमानुगत राजा थिएनन् । भोज्य राजा निश्चित समयका लागि नियुक्त हुन्थे । वैराज्यमा पनि वंशक्रमानुगत राजा हुँदैनथे । जनताले राजाको निर्वाचन गर्दथे । यस्ता राज्यलाई गणराज्य भनिन्थ्यो ।

---

१० ये के च प्राच्यानां दिशि प्राच्यानां राजान: साम्राज्यायैव तेऽभिषिच्यन्ते ये के च सत्वतां राजान: भोज्यायैव तेऽभिषिच्यन्ते, ये के च नीच्यानां राजान: स्वराज्यायैव तेऽभिषिच्यन्ते उदीच्यां दिशि ये के च परेण हिमवन्तं जनपदा उत्तरकुरव उत्तरमद्रा इति वैराज्यायैव तेऽभिषिच्यन्ते मध्यमायां प्रतिष्ठायां दिशि ये के च कुरुपाञ्चालानां राजान: राज्यायैव तेऽभिषिच्यन्ते ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी उत्तरवैदिक कालमा साम्राज्य निर्माणको सिद्धान्त प्रचलित थियो । त्यस बेला साम्राज्य निर्माण गर्नु राजाका लागि प्रतिष्ठाको विषय मानिन्थ्यो । सम्राट् बन्न चाहने राजाले वाजपेय एवं अश्वमेध यज्ञ गर्दथे । साधारण राजाले राजसूय यज्ञ गर्दथे । राजसूय यज्ञ राज्याभिषेक नै थियो ।

राजाको स्थिति (Position of the King)

उत्तरवैदिक कालमा राजा पूर्ण शासक भएका थिए । यस कालमा पनि राजतन्त्रात्मक व्यवस्था नै प्रचलित शासन व्यवस्था थियो । राजाका छोरा राजाको उत्तराधिकारी हुने वंश परम्परा कायम भएको थियो । राज्यको शक्ति राजाको हातमा केन्द्रित हुन गएको थियो । राजा सेनाको सर्वोच्च कमाण्डर हुन्थे । राजाले युद्धको नेतृत्व गर्दथे । न्याय सम्पादनमा पनि राजा प्रमुख थिए । उत्तरवैदिक कालमा राजालाई देवताको अंश मान्न थालियो । राजाको सृर्जना देवताले गरेका हुन् भन्ने राजाको उत्पत्तिको दैवी सिद्धान्त प्रचलित भयो । राज्याभिषेक गर्ने परम्पराको पनि प्रारम्भ भयो । राजा वंशक्रमानुगतका साथै निर्वाचित राजा पनि हुन्थे । निर्वाचित राजा हुने व्यवस्था भएको राज्यलाई गणराज्य भनिन्थ्यो । निर्वाचित व्यक्तिलाई पनि राजा नै भनिन्थ्यो ।

राजालाई कर्तव्यको बन्धनमा राखिएको थियो । राजा निरङ्कुश हुन सक्दैनथे । राज्य विस्तार गर्ने र सम्राट बन्न राजालाई प्रेरित गरिएको छ । तर युद्धका नियमको व्यवस्था हेर्दा विनाशकारी हतियारको प्रयोगमा रोक लगाइएको छ । युद्ध लड्नु क्षत्रियको धर्म हो भन्ने मान्यता स्थापित गरिएको छ ।

राजाका सहयोगी कर्मचारीलाई रत्नी भनिन्थ्यो । रत्नी निम्नानुसारका पद रत्नी हुन्: १) सेनानी सेनाका प्रमुख थिए । २) पुरोहित राजाका सल्लाहकार हुन्थे । ३) अभिषिक्त राजा स्वयं । ४) राजमहिषी । ५) रथ चलाउने व्यक्तिलाई सूत भनिन्थ्यो । ६) गाउँका मुखियालाई ग्रामणी भनिन्थ्यो । ७) क्षत्रिय वा क्षत्ता ८) सङ्गृहीता: राज्यको कोषको जिम्मा लिने पदाधिकारीलाई सङ्गृहीता भनिन्थ्यो । ९) भागधुक् कर उठाउने व्यक्ति हुन्थे । १०) अक्षवाप जुवाको प्रमुख हुन्थे । ११) गोविकर्ता वन विभागको प्रमुख हुन्थे । १२) पालागल राजाको सन्देश वाहक हुन्थे ।

सामाजिक र आर्थिक अवस्था (Social and Economic Condition)

उत्तरवैदिक कालमा वैदिक कालको वर्णव्यवस्था कठोर र वंशानुगत भयो । व्यक्तिको गुण र सीपभन्दा कुन वर्णमा त्यसको जन्म भयो त्यसलाई महत्त्व दिन थालियो । प्रत्येक वर्णका लागि विवाहका नियम बनाइयो । एउटा वर्णले अर्को वर्णसँग गर्ने विवाहमा रोक लगाइयो । समाजमा ब्राह्मणको सबैभन्दा उच्च सम्मान हुने व्यवस्था कायम गरियो । शिक्षा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri
र यज्ञ गराउने कार्यमा ब्राह्मणको एकाधिकार कायम गरियो। ब्राह्मणहरूमध्ये केही राज्य सञ्चालनमा राजालाई सल्लाह दिने काममा नियुक्त हुन्थे।

कृषि, पशुपालन र व्यापार व्यावसायको विकास उत्तरवैदिक कालमा भएको थियो। तामा, फलाम, स्टिल, काँस, पित्तल, सुन, चाँदीजस्ता धातुको प्रयोग व्यापक रूपमा हुन्थ्यो। कलाकौशलको पनि विकास भएको थियो। मध्य एसिया र युरोपसम्म व्यापार विस्तार भएको थियो।

उत्तरवैदिक कालमा राजा शक्तिशाली हुँदैगएका थिए। वैदिक कालका सभा र समिति शक्तिहीन हुन गएका थिए। वर्णव्यवस्था कठोर हुँदैगएको थियो। महिलाको अवस्था पनि कमजोर हुँदैगएको थियो।

महाकाव्य कालको राजनीतिक चिन्तन (Political Thought in Epics)

संस्कृत साहित्यमा रामायण र महाभारत प्रसिद्ध ऐतिहासिक महाकाव्य मानिन्छन्। रामायण त्रेतायुगका इक्ष्वाकु वंशका राजा रामको जीवनको वृतान्तमा आधारित भएर वाल्मीकिद्वारा रचित महाकाव्य हो। महाभारतको कथा द्वापरयुगको अन्त्य एवं कलियुगको प्रारम्भ कालको हो। रामायण कालमै ससाना जनपदहरूको एकीकरणबाट विशाल महाजनपदको निर्माण भएको थियो। कोशल महाजनपदमा इक्ष्वाकुवंशी राजाहरूको शासन रहेको थियो। रामायणमा इक्ष्वाकुवंशी रामको सुशासनको वर्णन गरिएको छ। महाभारतमा पूर्ववर्ती चिन्तकहरूका राजधर्मको वर्णन गरिएको छ।

बौद्ध काल (Political Thought in Buddhism)

नेपालको लुम्बिनीमा इसापूर्व छैटौ शताब्दीमा गौतम बुद्धको जन्म भएको थियो। उनले बौद्धधर्म प्रतिपादन गरेका थिए। जैनधर्मका चौवीसौँ तीर्थाङ्कर वर्धमान महावीरको समय पनि इसापूर्व छैटौँ शताब्दी नै थियो। बौद्ध साहित्यमा बुद्धको चरित्र वर्णन गरिएको छ। यसैगरी जैन साहित्यमा महावीरको चरित्रबारे वर्णन गरिएको छ। संस्कृत व्याकरणसम्बन्धी प्रसिद्ध ग्रन्थ अष्टाध्यायीका लेखक पाणिनि पनि यसै शताब्दीका थिए।

राजाको उत्पत्ति (Origin of the King)

बुद्धको समयमा वैदिक सनातन धर्ममा जाति प्रथाले जरा गाडिसकेको थियो। कर्मकाण्डमा जटिलता ल्याइएको थियो। जटिलताका कारणले गर्दा कर्मकाण्ड सर्वसाधारणको पहुँचभन्दा बाहिर पुगेको थियो। यज्ञमा बलिप्रथाले गर्दा हिंसाको पनि व्यापकता थियो। ब्राह्मणहरूको नियन्त्रणमा शिक्षा थियो। राज्य सञ्चालनमा पनि ब्राह्मण र क्षत्रियको एकाधिकार थियो। महिलाको अवस्था दयनीय थियो। बुद्धले बलिप्रथा, जटिल कर्मकाण्ड, र जातीय भेदभावको विरोध गरेका छन्। राज्यको उत्पत्तिका सम्बन्धमा गौतम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
बुद्धले नयाँ सिद्धान्त प्रतिपादन गरेका छन्। राजा देवताका अवतार हुन् र राजाको सृजना देवताबाट भएको हो भन्ने राज्यको उत्पत्तिसम्बन्धी दैवी सिद्धान्त बुद्धले अस्वीकार गरेका छन्। जनताले निर्वाचनद्वारा राजाको सृजना गरेका हुन् भन्ने बौद्ध साहित्यमा उल्लेख गरिएको छ। असल व्यक्ति राजा चुनिए भन्ने उल्लेख छ। तर राजा चुनिन कुनै किसिमको जातीय भेदभाव बुद्धले स्वीकार गर्दैनन्। ब्राह्मण र निम्न जातिका भनिएका व्यक्ति पनि राजा चुनिएका प्रसङ्ग जातक कथामा छन्। जनता र राजाका बीचको सम्झौताबाट राजा र राज्यको उत्पत्ति भएको हो भन्ने बुद्धको विचार छ। राजाको सत्ता प्रयोग प्रजाको रक्षा गर्ने र गलत गर्ने व्यक्तिलाई दण्ड दिने कार्यमा सीमित गरिएको छ।

राज्यको उत्पत्तिसम्बन्धी सिद्धान्त (Origin of the State)

बौद्ध साहित्यमा पनि महाभारतमा जस्तै प्राकृतिक अवस्था राज्यविहीन थियो भन्ने मान्यता रहेको छ। प्रारम्भमा धर्मको सत्ता थियो। सबै मानिसले धर्मको पालना गर्दथे। मानिसहरूबीच मेलमिलाप थियो। जनता सुखी थिए र जनजीवन शान्तिपूर्ण थियो। समयको लामो अन्तरालपछि मानिसहरू लोभी र स्वार्थी भए। समाजमा विकृति आयो र आदर्श राज्यको अन्त्य भयो। त्यसपछि मानिसहरू आफूहरूमध्ये सबैभन्दा सुन्दर र सबल व्यक्तिसँग गएर उसलाई राजा बन्न अनुरोध गरे। जनता आफ्नो कृषि उत्पादनबाट केही भाग राजालाई कर दिन सहमत भए। त्यसको बदलामा राजाले जनताको सुरक्षा गर्नु र अपराधीलाई दण्डसजाय गर्नुपर्ने शर्त राखे। जनताको शर्त स्वीकर गर्ने व्यक्तिलाई जनताले राजा चुने। जनताद्वारा निर्वाचित राजालाई माहासम्मत वा महानिर्वाचित भनिन्थ्यो।

विभिन्न प्रकारका राज्य (Various Types of States)

बुद्धको समयमा राजतन्त्रात्मक राज्यका साथै गणराज्य पनि थिए। बौद्ध साहित्यमा सोह्र महाजनपद को उल्लेख छ। अङ्ग, मगध, काशी, कोशल, बृजि वा बज्जि, मल्ल, वत्स, चेदी, पाञ्चाल, कुरु, मत्स्य, शूरसेन, अस्मक, अवन्ति, गान्धार र कम्बोज महाजनपद थिए। कपिलवस्तुको शाक्य, रामग्रामको कोलिय र मिथिलाको विदेह हाल नेपालमा पर्ने गणराज्य थिए। यस बाहेक कुशिनारको मल्ल, पिप्लिवनको मोरिय, वैशालीको लिच्छवि आदि पनि गणराज्य थिए।

बौद्ध सङ्घको लोकतान्त्रिक चरित्र (Democratic Practice in Buddhist Sangh)

बौद्ध दर्शनअनुसार सङ्घमा लोकतान्त्रिक सिद्धान्तको प्रयोग गरिएको छ। सङ्घमा एक प्रकारको लोकतन्त्रको अभ्यास गरिन्थ्यो। सङ्घका कार्यवाही सबै सदस्यहरूको सहमतिमा गरिन्थ्यो। सभामा पेश गरिने प्रस्तावको स्वरूपको निर्धारण नियमअनुसार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri
हुन्थ्यो। गणपूरक (Quorum) सङ्ख्या नियमअनुसार निर्धारण गरिन्थ्यो। मतभिन्नता भएमा बहुमतद्वारा नर्णय गरिन्थ्यो। जटिल विषयमा समिति बनाई त्यसबाट निर्णय लिइन्थ्यो। टाढा रहेका सदस्यको भोट पनि निश्चित नियमअनुसार लिने व्यवस्था थियो। सबै जातजातिका व्यक्तिले बौद्ध सङ्घमा प्रवेश पाउने व्यवस्था बुद्धले गरेका थिए। महिलाले पनि सङ्घमा प्रवेश पाउँथे। यो बुद्धको लोकतान्त्रिक विचारको व्यावहारिक अभ्यास थियो। राजनीतिमा पनि यसको प्रभाव पर्नु स्वाभाविकै थियो।

बुद्धका अनुसार सम्पूर्ण जनताको रक्षा गर्नु र गल्ती गर्ने व्यक्तिलाई दण्ड दिनु महासम्मतको काम हो। प्राकृतिक समाजमा नैतिक पतन हुन थालेका कारणले सामाजिक र राजनीतिक व्यवस्थाको आवश्यकता पर्नगयो। व्यक्तिगत सम्पत्ति, राजा र राज्यको उदय भयो। बुद्धले वैदिक वर्णव्यवस्थालाई अस्वीकार गरेका छन्। उनका अनुसार क्षत्रियको अर्थ क्षेत्र (खेत) को मालिक हो। उनले सामाजिक मान्यतामा क्षत्रियलाई ब्राह्मणभन्दा माथि राखेका छन्। व्यवसायको स्वैच्छिक चयनसम्बन्धी युक्तियुक्त सिद्धान्त पनि स्थापित गरेका छन्।

कौटिल्य र उनीपछिको राजनीतिक चिन्तन
(Political Thought of Kautilya and Later)

इसापूर्व चौथो शताब्दीको अन्त्यतिर कौटिल्यले अर्थशास्त्रको रचना गरेका थिए। उनले दण्डनीतिलाई स्वतन्त्र विद्या मानेका छन्। दण्डनीति राजनीतिशास्त्रको प्राचीन नाम थियो। कृषि, पशुपालन र उद्योग व्यवसायलाई वार्ताशास्त्र भनिन्थ्यो। कौटिल्यले वार्ता र दण्डनीतिलाई मिसाएर अर्थशास्त्र नामक ग्रन्थको रचना गरेका थिए। यो नै प्राचीन हिन्दु राजनीतिक चिन्तनको धर्मशास्त्रबाट स्वतन्त्र रूपमा रचना गरिएको उपलब्ध अर्थराजनीतिको प्रथम महत्त्वपूर्ण ग्रन्थ हो। यस ग्रन्थमा राज्यसञ्चालनका कलाका विषयमा विस्तृत वर्णन गरिएको छ। यसका साथै राज्यको सुदृढीकरण र साम्राज्य निर्माणका लागि आवश्यक युद्धनीति, कूटनीतिका व्यावहारिक सिद्धान्त अर्थशास्त्रका मुख्य प्रतिपाद्य विषय हुन्। कौटिल्य चन्द्र गुप्त मौर्यका मन्त्री थिए। उनको परामर्शका आधारमा दक्षिण एसियामा विशाल मौर्य साम्राज्यको निर्माण गरिएको थियो। कौटिल्यपछिको राजनीतिक चिन्तनमा भने मौलिकता देखिदैन।

अन्त्यमा वैदिक आर्यहरूमा संयुक्त परिवारको प्रचलन थियो। उनीहरूले परिवारलाई कुल भन्दथे। कुलको प्रमुख कुलप हुन्थे। कुलहरू मिली एक ठाउँमा बसोबास गर्दथे र त्यस स्थानलाई ग्राम भनिन्थ्यो। ग्रामको मुखियालाई ग्रामणी भनिन्थ्यो। बाह्य शत्रुबाट आफ्नो रक्षाका लागि ग्रामणीहरू मिलेर एउटा सङ्घ बनाउँथे। त्यस सङ्घलाई विश र विशको प्रमुखलाई विशपति भनिन्थ्यो। विशहरू मिली जनको निर्माण हुन्थ्यो। जनको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
नेता जनपति, राजन वा राजा हुन्थे। जनलाई जनपद वा राष्ट्र भनिन्थ्यो। वैदिक कालमा शासन व्यवस्था राजतन्त्रात्मक थियो। शक्ति र सम्मानका आधारमा राजा, महाराजा, सम्राट राजाका उपाधि थिए (Altekar, 2001, p. 37)। शक्तिशाली राजा अन्य राष्ट्रमाथि विजय प्राप्त गरी एकराट् एवं सम्राट् पद प्राप्त गर्न निरन्तर सङ्घर्ष गरिरहन्थे। उत्तर वैदिक कालमा पनि आर्यहरूका विभिन्न राज्य वा जनपद आपसी सङ्घर्षमा संलग्न हुने गर्दथे। यस युगमा पनि सम्राट एवं चक्रवर्ती पद प्राप्त गर्न शक्तिशाली राजाहरू प्रयत्नशील हुन्थे। राजाहरूले वाजपेय यज्ञ तथा अश्वमेधयज्ञ गर्दथे। यी यज्ञहरुको अभिप्राय साम्राज्य निर्माण गर्नु हुन्थ्यो। पराजित राजाको राज्य अन्त्य नगर्ने परम्परा रहेको मनुले उल्लेख गरेका छन् । उनका अनुसार पराजित राजाको वंशको सुयोग्य व्यक्तिलाई शासनको जिम्मा दिने र मित्रता कायम गर्नुपर्ने राजधर्मको निर्देश छ (मनु, अ. ७, श्लो. २०२)। चक्रवर्ती सम्राट् बन्ने हिन्दु राजाको अन्तिम चाहना हुन्थ्यो। अश्वमेध यज्ञ, राजसूय यज्ञ एवं बाजपेय यज्ञ गरेर एक चक्रवर्ती सम्राट् बन्ने र समुद्रदेखि हिमालसम्म पूर्वमा समुद्रदेखि पश्चिम समुद्रसम्मको सम्पूर्ण भूभाग एकीकरण गर्ने राजाको उच्चतम आदर्श मानिन्थ्यो। मौर्य साम्राज्यमा सम्भवत विशाल भूभाग एकीकरण गरिएको थियो। यसलाई स्वाभाविक रूपमा विभिन्न प्रान्तमा विभाजन गरिएको हुनुपर्दछ परन्तु दुर्भाग्यवश यसबारे कौटिल्यको अर्थशास्त्रमा उल्लेख भएको पाइँदैन (Altekar, 2001, p. 320)। चन्द्रगुप्त मौर्यले कौटिल्यको परामर्श एवं योजनाअनुसार इसापूर्व चौथो शताब्दिको अन्त्यतिर नन्दलाई हराई विशाल साम्राज्यको निर्माण गरेका थिए। मौर्य साम्राज्य प्रथम ऐतिहासिक साम्राज्य हो (Dikshitar, 1993, p. 71)। हिमालदेखि दक्षिणतर्फ समुद्रसम्म र पूर्वतर्फ समुद्रदेखि पश्चिम समुद्रसम्मको भूभागलाई चक्रवर्तिक्षेत्र भनिन्थ्यो। मगध सम्राट्ले साम्राज्य विस्तार गर्ने क्रममा अधिकांश भूभाग कब्जा गरेका थिए। उनले पराजित गरेका विभिन्न जनपदमा गणतन्त्रात्मक शासन स्थापित थियो। त्यस वेला वज्जिसंघ, मल्ल, शाक्य, भग्ग, मोरिय आदि जनपद गणराज्य थिए (विद्यालंकार, १९९४, पृ. १०२)। शासनको सुविधाका लागि मौर्य साम्राज्य मगध, उत्तर-पश्चिम प्रान्त, पश्चिम प्रान्त र दक्षिणापथ गरी चार प्रान्तमा विभाजित थियो। प्रान्तमा शासन गर्नका लागि राजवंशका व्यक्ति नियुक्त गर्ने व्यवस्था थियो। मनुको मूलोच्छेद नगर्ने नीतिको सट्टा उत्तरवर्ती साम्राज्य निर्माताहरु मूलोच्छेद गरी आफ्नो प्रान्तीय शासन सञ्चालन गर्न तत्पर रहन्थे। यसबाट सङ्घीय शासनसम्बन्धी विचारको बीउ रोपिएको स्पष्ट हुन्छ।

हिन्दु राजनीतिक चिन्तनका मौलिक विशेषता
(Salient Features of Hindu Political Thought)

वैदिक कालमा राजनीतिसम्बन्धी विचार छरिएको अवस्थामा थिए। धर्मशास्त्र वा स्मृतिकालमा आएर मात्र राजनीतिक चिन्तन व्यवस्थित गरिएको थियो। कौटिल्यले इसापूर्व चौथो शताब्दीमा अर्थराजनीतिमा आधारित प्रसिद्ध ग्रन्थ अर्थशास्त्र लेखेपछि मात्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

राजनीतिशास्त्रको छुट्टै स्वतन्त्र रूपमा लेखन प्रारम्भ भएको पाइन्छ । कौटिल्य र त्यसपछिका विभिन्न विचारकहरूका पनि राजनीतिमा लेखिएका ग्रन्थहरू उपलब्ध छन्। वैदिक कालदेखि प्रारम्भ गरेर कौटिल्यपछिका राजनीतिशास्त्रका लेखकका विचारका मूलभूत विशेषता निम्नानुसार रहेका छन्:

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मसँग मिश्रित राजनीतिक चिन्तन
(Political Life Conceived Within the Framework of Dharma)

प्राचीन राजनीतिक चिन्तनको इतिहासमा कुनै पनि चिन्तक पूर्णरूपले (exclusively) सामाजिक र राजनीतिक समस्यामा मात्र केन्द्रित भएको पाइँदैन। राजनीतिक चिन्तनको नाम नै राजधर्म राखिएको छ । यसबाट राजनीतिक चिन्तनलाई धर्मशास्त्रको अङ्ग बनाइएको स्पष्ट हुन्छ । वैदिक कालमा भने राजाको उदय क्रमिक विकास, राजा र प्रजाबीचको सम्झौता र युद्धको नेतृत्वका आधारमा भएको हो भन्ने सिद्धान्त स्थापित थियो । स्मृतिकालमा समाज, राज्य र सरकारको उदयमा दैवी शक्तिको योगदान रहेको स्वीकार गरियो। तात्कालिक परिवेशमा राजाको दैवी शक्तिको सिद्धान्तको विकास राजाको लौकिक शक्ति प्रबल बनाउन प्रतिपादन गरिएको थियो । समाजमा शान्ति सुव्यवस्था स्थापना गर्नका लागि सबल राजतन्त्र तात्कालिक आवश्यकता थियो । इसापूर्व छैटौं शताब्दीमा दक्षिण एसियामा वैदिक परम्पराको विरुद्धमा जैन र बौद्ध धर्मको उदय भयो। बुद्धले राजाको उदय देवताको इच्छाबाट होइन राजा र प्रजाबीचको सम्झौताबाट भएको हो भन्ने सिद्धान्त स्थापित गरेका छन् । बुद्ध र महावीरले पनि जनताको हितका लागि काम गर्नु राजाको नैतिक कर्तव्य मानेका छन् ।

यसरी प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राजालाई धर्मशास्त्रले तोकेका आचारसंहिताको अधीनमा राखिएको छ। आचारसंहितामा राजाका कर्तव्य तोकिएको छ। धर्मशास्त्रमा तोकिएका कर्तव्य राजाले पालना गर्नु पर्ने विषयमा जोड दिइएको छ । ऋषिहरूद्वारा प्रतिपादित प्राचीन हिन्दु राजनीतिका सिद्धान्त दक्षिण एसियाका सबै राज्यहरूका लागि शासन सञ्चालनका मार्गदर्शक सिद्धान्त मानिन्थे। राजाहरूलाई कानुन निर्माण गर्ने अधिकार थिएन । वास्तवमा राज्यको शासन व्यवस्थामा धर्मशास्त्रका सिद्धान्तको नियन्त्रण स्थापित थियो।

कानुनको मूल स्रोत पनि धर्म नै थियो। कानुन पनि स्वतन्त्र विषयका रूपमा विकसित भएको थिएन। राजनीति जस्तै कानुन पनि धर्मशास्त्रसँग जोडिएको थियो। श्रुति, स्मृति, सदाचार र व्यक्तिको विवेकले सत्य ठानेको विषय धर्मको स्रोत मान्ने मनुको विचार छ। कौटिल्यले भने धर्मन्यायलाई धर्मशास्त्रभन्दा बढी महत्त्व दिएका छन् । धर्मन्याय भनेको न्यायिक निर्णय हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राजासहित सम्पूर्ण प्रजालाई धर्मको अधीनमा राखिएको छ। धर्मको पालना गर्नु सबैको कर्तव्य मानिएको छ। धर्मको पालना नगर्ने राजाको विरुद्ध जनतालाई विद्रोहको अधिकार दिइएको छ। ऋगवेद कालदेखि प्रारम्भ भएका राजनीतिका आधारभूत मान्यता हजारौं वर्षसम्म दक्षिण एसियाका हिन्दु राजाहरूका शासन सञ्चालनका मार्गदर्शक सिद्धान्त थिए।

नीतिशास्त्र र राजनीतिशास्त्रको सम्मिश्रण (Blending of Ethics and Political Science)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा सम्पूर्ण समाजिक जिवनको मार्गदर्शक नीतिशास्त्र थियो। दण्डनीतिलाई नीतिशास्त्र पनि भनिन्थ्यो। राजनीतिक सिद्धान्तका प्रणेता ऋषिहरू थिए। राजनीतिक सिद्धान्तको उद्देश्य राजालाई राज्य सञ्चालनमा दिशानिर्देश गर्नु थियो। राजनीतिका सिद्धान्तहरू नैतिकताका नियम थिए। तिनको पालना गर्नु राजाको धर्म अथवा कर्तव्य मानिन्थ्यो। आफूले नैतिकताका नियम पालना गर्ने मात्र होइन सबै प्रजालाई नैतिकताका नियम पालना गराउनु पनि राजाको कर्तव्य मानिएको छ। यसरी राजनीतिक चिन्तन सम्पूर्ण समाजका लागि मार्गदर्शक थियो। राजा र प्रजा सबैलाई नीतिशास्त्रले तोकेको नैतिकताको बन्धनमा बाँधिएको छ।

कर्तव्यको बन्धनले बाँधेर राजालाई निरङ्कुश हुनबाट रोक लगाइएको छ। नैतिकता पालन नगर्ने अर्थात जनताको रक्षा गर्नु पर्ने कर्तव्य पालना नगर्ने राजाका विरुद्धमा विद्रोह गर्ने अधिकार प्रजालाई दिएको पाइन्छ। राजालाई शास्त्रको अधीनमा राखिएको छ। यसले प्राचीन हिन्दु राजनीतिक चिन्तनमा आधुनिक विधिको शासनको झलक दिन्छ। यद्यपि राज्य विस्तार वा साम्राज्य निर्माणको क्रममा भने मनु, बृहस्पति, शुक्राचार्य र कौटिल्य यथार्थवादी (Realistic) दृष्टिकोण राख्दछन्। राज्य विस्तारको क्रममा शक्तिशाली राजालाई आफू शक्तिसम्पन्न र शत्रु कमजोर भएको अवस्थामा कमजोर राज्यमाथि आक्रमण गर्ने सल्लाह दिइएको छ। उनको विचार र आधुनिक अन्तर्राष्ट्रिय राजनीतिको यथार्थवादी विचारबीच समानता छ।

प्राचीन हिन्दु राजनीतिक चिन्तन परम्परामा राजनीतिशास्त्र र नीतिशास्त्रको सम्मिश्रण पाइन्छ। नीतिशास्त्रलाई राजनीतिशास्त्रबाट अलग गर्न सकिदैन भन्ने प्राचीन हिन्दु राजनीतिक चिन्तनको विशेषता हो।

विचारको निरन्तरता (Continuity of Political Thought)

विचारको निरन्तरता प्राचीन हिन्दु राजनीतिक चिन्तनको विशेषता हो। धर्मसूत्र र विभिन्न स्मृति, रामायण र महाभारतमा उल्लेख गरिएका राजनीतिक विचारका मूलभूत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मान्यतामा समावेश पाइन्छ । कौटिल्यको अर्थशास्त्रमा पनि परम्परागत राजनीतिक सिद्धान्तको निरन्तरता छ । कौटिल्यको साम्राज्य निर्माणको लागि राज्यशक्तिको प्रयोगसम्बन्धी सिद्धान्त पनि वैदिक कालदेखि कै राजनीतिक विचारको निरन्तरता हो। एकराट् अर्थात साम्राज्य निर्माण गर्ने राजालाई महान् मान्ने मान्यता वैदिक साहित्यदेखि नै स्थापित थियो। कौटिल्यपछिका लेखकहरूले त झन् कौटिल्यको विचारलाई नै आधार मान्न थालेपछि हिन्दु राजनीतिक चिन्तन परम्परामा मौलिक चिन्तनको अन्त्य भएको पाइन्छ। प्राचीन हिन्दु राजनीतिक चिन्तन पुरातनपन्थी (Conservatism) रहेको छ। राजनीतिक विचारकहरूले पुराना विचारलाई निरन्तरता दिने काम मात्र गरेका छन्। नयाँ विचारको सृजना हुन सकेन।

राजनीतिमा वर्णव्यवस्थाको प्रभाव
(Influence of Caste-based Social Structure in Politics)

सनातन धर्ममा वर्णव्यवस्था वैदिक कालदेखि नै प्रारम्भ भएको पाइन्छ । वैदिक दर्शनका अनुसार मानिसमा सत्त्व, रज र तम गरी तीन प्रकारका गुण हुन्छन्। यिनै गुणका आधारमा हिन्दु समाजलाई ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र गरी चार वर्णमा विभाजन गरिएको थियो। सत्त्वगुण प्रधान व्यक्ति ब्राह्मण भए। शिक्षादीक्षा र पौरोहित्यको कार्यमा ब्राह्मणको एकाधिकार कायम गरियो। रजोगुण प्रधान व्यक्ति क्षत्रिय भए र राज्यको शासन सञ्चाल र सुरक्षा गर्नु क्षत्रियको कार्य भयो । रजोगुण र तमोगुण भएका व्यक्ति वैश्य भए। कृषि, पशुपालन र उद्योग व्यवसायमा वैश्यको एकाधिकार थियो। वैश्य राज्यको आर्थिक आधार थिए। तमोगुण प्रधान व्यक्ति शूद्र भए र ब्राह्मण, क्षत्रिय र शूद्रको सेवा उनीहरूको पेसा तोकियो । वर्णव्यवस्थाको आधार मानिसको स्वभाव र पेसा थियो । वर्णव्यवस्थाले व्यवसायको विशिष्टीकरण गरेको थियो । उत्तरवैदिक कालमा आइपुग्दा वर्णव्यवस्थाले जातिको रूप लियो । ब्राह्मण पुरोहित सामाजिक मर्यादामा सर्वोच्च मानिन्थे । शूद्र मर्यादाक्रममा सबैभन्दा तल हुन्थे। राज्य सत्तामा उच्च वर्ग ब्राह्मण र क्षत्रियको नियन्त्रण कायम हुने व्यवस्था गरियो। क्षत्रिय राजा र सैनिक हुन्थे। ब्राह्मण पुरोहित राजाका मुख्य सल्लाहकार हुन्थे। धर्मको व्याख्या पनि उनीहरूले नै गर्दथे। शासन व्यवस्थामा ब्राह्मण र क्षत्रियको मात्र सहभागिता हुने व्यवस्थाले वैश्य र शूद्रलाई राज्यको शासन व्यवस्थामा सहभागी हुने अवसरबाट वञ्चित गरिएको थियो। राज्यसत्तामा उच्च वर्णको एकाधिकारका विरूद्धमा इसापूर्व छैटौं शताब्दीमा बुद्ध धर्मको जन्म भएको हो। बुद्धले जाति व्यवस्थाको विरोध गरे र जुनसुकै वर्णको व्यक्ति राजा हुन सक्छ भन्ने विचार स्थापित गरे। सम्मान वा मर्यादाको वितरणमा पनि पुरोहित होइन राजा सबैभन्दा माथि हुन्छ भन्ने बुद्धको विचार छ। मूलत: हिन्दु राजनीतिक चिन्तनमा वर्णव्यवस्थाको प्रभाव परेको पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राजतन्त्रात्मक शासन व्यवस्था
(Monarchy as a Normal Form of Government)

राजतन्त्र शासनको सामान्य रूप थियो । क्षत्रिय वर्णका व्यक्ति राजा हुन्थे । समाजमा अराजक अवस्था सृजना भएपछि त्यसको अन्त्य गरी समाजमा शान्ति सुव्यवस्था कायम गर्न राजा र राज्यको उदय भएको मान्यता प्राचीन हिन्दु राजनीतिक चिन्तनमा रहेको पाइन्छ । वैदिक साहित्यमा युद्धको नेतृत्वका लागि राजाको उदय भएको एउटा सिद्धान्त छ भने अर्कोतर्फ समाजको विकाससँगै क्रमश: सम्झौताबाट राजाको उदय भएको सिद्धान्तको पनि उल्लेख छ । उत्तरवैदिक कालको साहित्य एवं धर्मशास्त्रमा राजालाई ईश्वरीय सृजना मानिएको छ । राजालाई देवत्वकरण गरिएको छ । मनुले राजालाई ईश्वरको सृर्जना मान्दछन् । कौटिल्यले पनि राजाको उदयको विषयमा मनुको मत मात्र उद्धरण गरेका छन् । बौद्ध साहित्यमा राजा र प्रजाबीचको सम्झौताबाट राजा र राज्यको निर्माण भएको उल्लेख गरिएको छ । प्रारम्भिक समयमा राज्यको शासन व्यवस्था मूलत: राजतन्त्रात्मक थियो । राजतन्त्रमा राजाको उत्तराधिकारी वंशपरम्परागत आधारमा निर्धारण गरिन्थ्यो । महाभारत, बौद्ध साहित्य, कौटिल्यको अर्थशास्त्र आदि प्राचीन साहित्यमा गणराज्यको पनि उल्लेख छ । तात्कालिक गणराज्यमा जनताले राजा चुन्ने व्यवस्था थियो । यसरी निर्वाचित शासकलाई पनि राजा नै भनिन्थ्यो । प्राचीन नेपालमा मिथिला, कोलिय र कपिलवस्तुको शाक्यराज्य गणराज्य थिए । गणराज्यमा उत्तराधिकार वंशपरम्परागत हुँदैनथ्यो । प्राचीन हिन्दु राज्यव्यवस्थामा राजतन्त्र र गणराज्य दुवै प्रकारका शासन पद्धतिको प्रचलन थियो ।

राजा सम्प्रभु थिएनन् (The King Was not Sovereign.)

राजालाई शास्त्रमा तोकिएबमोजिम शासन सञ्चालन गर्ने मात्र अधिकार थियो । राजालाई कानुन निर्माण गर्ने अधिकार थिएन । ऋषिहरूद्वारा प्रतिपादित राज्य सञ्चालनका सिद्धान्त सार्वभौम मानिन्थे । तिनै सिद्धान्तको बन्धनद्वारा राजा बाँधिएका हुन्थे । शास्त्रको आधार वेद मानिएको छ । वेदलाई देवताको सन्देश मानिएको छ र त्यसको उल्लङ्घन गर्ने अधिकार राजालाई थिएन । राजा नीतिशास्त्रको अधीनमा थिए । त्यसैले राजा र राज्य सम्प्रभु मानिदैनथे ।

समाज र राज्यबीच स्पष्ट भिन्नता थिएन
(No Clear Distinction Between Society and State)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा समाजलाई व्यापक रूपमा लिइएको छ । समाज भित्र राजनीतिक, आर्थिक, धार्मिक, सैनिक आदि सम्पूर्ण संरचना समावेश गरिएको छ । सरकार र राजनीतिलाई समाजको एउटा अङ्ग बनाइएको छ । समाजलाई व्यवस्थित बनाउन राज्य र राजाको आवश्यकता भएको हो भन्ने मान्यता रहेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राज्यप्रति व्यावहारिक दृष्टिकोण (Practical Views of State)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राज्यप्रतिको दृष्टिकोण स्पष्ट छ। युनानी विचारक प्लेटो र अरस्तुको जस्तो राज्यलाई व्यक्तिभन्दा महत्त्वपूर्ण मान्ने राज्यप्रति आदर्शवादी दृष्टिकोण प्राचीन हिन्दु राजनीतिक चिन्तनमा छैन। हिन्दु चिन्तनमा राज्य व्यक्तिका लागि बनाइएको संस्था मानिएको छ। अराजक अवस्थाबाट मुक्तिका लागि राज्यको निर्माण गरिएको मानिन्छ। राज्यले मानिसको भौतिक एवं आध्यात्मिक विकासमा सहयोग गर्नुपर्छ। राज्य मानव कल्याणका लागि बनाइएको संस्था मान्ने प्राचीन हिन्दु राजनीतिक विचार व्यावहारिक र यथार्थवादी छ। आफू शक्तिशाली भएका अवस्थामा कमजोर राज्यमाथि आक्रमण गर्नु र साम्रज्य निर्माण गर्नु राजाको धर्म मानिएको छ।

शिक्षाप्रद वा उपदेशात्मक राजनीतिक चिन्तन (Deductive or Instructive Thought)

प्राचीन वैंदिक आर्यहरूको राजनीतिक लेखन व्यावहारिक र शिक्षाप्रद छ। लेखन स्थुल रूपमा नीतिविज्ञान अथवा प्रशासनको नियमावलीको रूपमा छ। ऋषिहरूले राजालाई राज्यसञ्चालनका लागि दिएका उपदेश नै प्राचीन हिन्दु राजनीतिक विचार हुन्। उपदेशको पालना गर्नु राजाको कर्तव्य मानिएको छ।

प्राचीन हिन्दु चिन्तनमा हरेक मानवबीच नैतिक समानताको भावना विकास भएको पाइन्छ। राजनीतिमा ब्राह्मण र क्षत्रिय वर्णको मात्र सहभागिताको व्यवस्था गरिएको छ। चिन्तन स्थापित सामाजिक व्यवस्थाको रक्षा गर्ने पक्षमा छ। वर्णव्यवस्थालाई उचित मानिएको छ। सामाजिक समूहको स्वायत्ततालाई भने मान्यता दिइएको छ।

निष्कर्ष (Conclusion)

प्राचीन हिन्दु सभ्यतामा राजनीतिक चिन्तनलाई महत्त्व दिइएको थियो। दण्डनीति, राजधर्म, अर्थशास्त्र, नीतिशास्त्र, नयशास्त्र, राजशास्त्र, राज्यशास्त्र आदि राजनीतिशास्त्रका विभिन्न नाम थिए। राज्य सञ्चालनका व्यावहारिक उपदेश र साम्राज्य निर्माणका उपाय नै प्राचीन हिन्दु राजनीतिक चिन्तनका मुख्य प्रतिपाद्य विषय हुन्। प्राचीन हिन्दु राजनीतिक चिन्तनमा असल शासन सञ्चालनका लागि राजालाई उपदेश दिइएको छ। वैदिक कालबाट प्रारम्भ भएको चिन्तनधारामा मनु, बृहस्पति, शुक्राचार्य, वेदव्यासका चिन्तन स्थापित विचार परम्परा रहेका छन्। बौद्ध साहित्यमा पनि राज्य र शासनकलाबारे उल्लेख गरिएको छ। बुद्धपछि ऐतिहासिक चिन्तन परम्पराको प्रारम्भ भएको पाइन्छ। कौटिल्यको अर्थशास्त्र राजनीतिक चिन्तन परम्परामा मौलिक र ऐतिहासिक ग्रन्थ हो। कौटिल्यपछि राजनीतिशास्त्रको मौलिक चिन्तन अगाडि बढ्न सकेन। उनीपछिका लेखकले निबन्ध ग्रन्थ लेखेका छन्। कामन्दक, चण्डेश्वर, सोमदेवसूरि आदि उत्तरवर्ती लेखकका कृतिमा मौलिकताको अभाव छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

एकाइ – दुई

मनु
(Manu)

प्राचीन हिन्दु राजनीतिक दर्शनको परम्परामा मनुको नाम अत्यन्त आदरका साथ लिने गरिन्छ । मनुको जन्म कुन ठाउँमा कुन मितिमा भएको थियो, यस सम्बन्धमा कुनै ऐतिहासिक जानकारी प्राप्त छैन। वैदिक सनातन परम्परामा मनु ब्रह्माका मानस पुत्र थिए। उनलाई प्रजापति मानिन्छ । मनु सृष्टिका प्रथम पुरुष थिए भने प्रथम स्त्री मनुकी पत्नी सतरुपा थिइन्। सम्पूर्ण मनुष्य मनुका सन्तान हुन्। मनुका सन्तान भन्ने अर्थमा मनुष्यलाई मानव भनिन्छ । मानव समाजमा सनातन धर्ममा क्रमिक ह्रास आएपछि अराजकता सिर्जना भयो। फलस्वरूप स्वयं सृष्टिकर्ता ब्रह्माले मनुलाई राजाको रूपमा सृजना गरेका थिए। मनु पृथ्वीको रक्षाका लागि सृर्जना गरिएका प्रथम राजा थिए।

मनुस्मृतिका रचयिता मनु (Manu as the Author of Manusmriti)

मनुको रचना मनुस्मृति हो। वैदिक साहित्यपछि मनुस्मृतिको रचना गरिएको मानिन्छ। तर यसको रचनाको समय निर्धारण गर्न कठिन छ । मनुका राजधर्मसम्बन्धी विचारको उल्लेख महाभारतमा गरिएको छ । कालिदासको महाकाव्य रघुवंशमा पनि मनुको राजधर्मको चर्चा छ । उनले रघुवंशी राजाहरूले मनुद्वारा निर्दिष्ट राजधर्मअनुसार राज्य सञ्चालन गर्दथे भनी उल्लेख गरेका छन् । वैदिक सनातन परम्परामा मनु धर्मशास्त्रका प्रणेता हुन्। तर उनको रचनाको रूपमा 'मानवधर्मशास्त्र' को सङ्कलन धेरैपछि आएर मात्र भएको मानिन्छ । वर्तमान मनुस्मृतिको सङ्कलन इसापूर्व दोस्रो शताब्दीदेखि लिएर इसाको दोस्रो शताब्दीका बीचमा गरिएको मानिन्छ । मनुस्मृति वैदिक सनातन धर्मको अत्यन्त उदात्त, सार्वभौम एवं मानवतावादी धार्मिक ग्रन्थ हो।

मनुस्मृतिमा बाह्र अध्याय छन्। प्रथम अध्यायमा संसारको सृष्टि, द्वितीय अध्यायमा जन्मदेखि मृत्युसम्मका संस्कार, तृतीय अध्यायमा पञ्च महायज्ञ आदि नित्य कर्म र श्राद्धविधि, चौथो अध्यायमा गृहस्थधर्म, पाँचौँ अध्यायमा भक्षाभक्षको निर्देश, छैटौँ अध्यायमा वानप्रस्थ र संन्यास आश्रमका नियम, सातौँ अध्यायमा राजधर्म, आठौँ अध्यायमा न्याय सम्पादन र साक्षी, नवौँ अध्यायमा स्त्री-पुरुष धर्म र अंशवण्डा, दसौँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

अध्यायमा आपत्तिकालिक धर्म, एघारौं अध्यायमा प्रायश्चित्त व्यवस्था, र बाह्रौँ अध्यायमा आत्मज्ञानका बारेमा प्रकाश पारिएको छ।

मनुस्मृतिलाई राजनीतिक ग्रन्थ मात्र भन्न उचित हुँदैन। किनभने धार्मिक, सामाजिक, आर्थिक, सांस्कृतिक आदि विषयको ज्ञान यसमा समावेश गरिएको छ। मनुस्मृतिका सातौँ र आठौँ अध्याय राजनीतिशास्त्रको ज्ञानका दृष्टिले महत्त्वपूर्ण छन्। सातौँ अध्यायमा राजाको आवश्यकता, राजधर्म, राजाको कर्तव्य, मन्त्री, सेना, युद्धका नियम, आदि विषयमा प्रकाश पारिएको छ। आठौँ अध्यायमा न्याय प्रशासन,दण्ड व्यवस्था, साक्षी, अंशवण्डा आदि विषयमा प्रकाश पारिएको छ।

राजधर्म ज्ञानको स्वतन्त्र शाखा (Rajdharma as a Separate Discipline)

मनुस्मृतिमा राजनीतिक दर्शनलाई राजधर्म अन्तर्गत राखिएको छ। मनुस्मृतिमा मनुले दण्डनीति र राजधर्म पर्यायवाची शब्दको रूपमा प्रयोग गरेका छन्। राजधर्मले राजाको कर्तव्य भन्ने बुझिन्छ। मनु राजतन्त्रात्मक शासन व्यवस्थाका समर्थक भएका हुँदा राजाका कर्तव्य निर्धारण गर्ने विद्यालाई राजधर्म भनेका हुन्। राजनीतिक चिन्तनमा असलशासन व्यवस्थाका लागि राजा र सम्पूर्ण प्रजा समेतलाई कर्तव्यको बन्धनमा बाँधिएको छ। राजाका अधिकार पनि कर्तव्य शीर्षक अन्तर्गत राखिएको हुँदा राजनीतिक चिन्तनलाई नै राजधर्म नाम दिइएको छ। राजनीतिक दर्शनलाई दण्डनीति भनिन्छ। दण्डको अर्थ राज्यशक्ति वा बल हो। राज्यशक्तिको उचित प्रयोगको कला दण्डनीति हो। राजाका साथमा रहने राजदण्ड राज्यशक्तिको प्रतीक मानिएको छ। यसको तात्पर्य समाजमा अपराध गर्ने व्यक्तिलाई दण्ड दिने राजाको अधिकार हो। दण्डको अर्थ सेना पनि हो। सेना राज्यशक्तिको प्रतीक हो। राज्यको आन्तरिक शान्ति, अनुशासन र सुव्यवस्था कायम गर्न एवं वाह्य आक्रमणबाट राज्यको सुरक्षाका लागि सेनाको विशेष महत्त्व हुन्छ। ईश्वरले सम्पूर्ण जीवहरूको रक्षा र राजाको कार्य सिद्धिका लागि ब्रह्मतेजोमय धर्मपुत्र स्वरूप दण्डको सृजना गरे भन्ने मनुको विचार रहेको छ (मनु, अ.७, श्लो.१४)। दण्डका डरले सम्पूर्ण चराचर जगत् आ-आफ्नो कर्तव्य वा धर्मबाट विचलित हुँदैनन् र सुख भोग गर्न समर्थ हुन्छन् भन्ने मनुको मत छ (मनु, अ.७, श्लो.१५)।

मनुको राजनीतिक चिन्तन वैदिक राजनीतिक चिन्तनमा विचार परम्पराका (school of thought) रूपमा विकास भएको पाइन्छ। कौटिल्यले अर्थशास्त्रमा मनुको विचारको उद्धरण गर्दा मनु मात्र उल्लेख नगरी मानवा अर्थात मनुका अनुयायी भनेका छन्। मनुको सम्प्रदायका अनुयायी आचार्यहरूले त्रयी (ऋक्, यजु, र साम वेद), वार्ता (कृषि, पशुपालन, र व्यापार) र दण्डनीति तीन विद्या वा ज्ञानका शाखा मान्दछन्[१] (कौटिल्य, अधि.१,

---

१ त्रयी वार्ता दण्डनीतिश्चेति मानवा:।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
अ. १) । यसबाट मनुको विचार परम्परामा दण्डनीति वा राजनीतिशास्त्र ज्ञानको स्वतन्त्र शाखाको रूपमा विकास भएको स्पष्ट हुन्छ । यद्यपि उनले दण्डनीतिबारे छुट्टै ग्रन्थको लेखेका छैनन् । मनुको राजनीतिक दर्शन मनुस्मृतिमा राजधर्म नामक अध्यायमा उल्लेख गरिएको छ । राजनीतिक चिन्तन धर्मसँग जोडिएको छ ।

मनुस्मृतिमा राजनीतिमा उत्पन्न हुने सङ्घर्ष र त्यसको समाधानका उपायबारे अनुपम वर्णन गरिएको छ । राजनीतिको सम्बन्ध द्वन्द्व र त्यसको समाधानका उपायसँग हुन्छ भन्ने विषयमा मनु स्पष्ट छन् । मनुको राज्यव्यवस्थामा धर्मको सर्वोच्चता कायम गरिएको छ । मनुले सर्वप्रथम व्यक्ति, समाज र राज्यका प्रत्येक अङ्गलाई धर्मसँग जोड्ने प्रयास गरेका छन् । धर्मसँग जोड्नुको उद्देश्य व्यक्ति र राज्यबीच सङ्घर्ष होइन सौहार्दता वा सामञ्जस्य कायम गर्नु थियो ।

मनु राजनीतिक चिन्तनका पिता
(Manu as the Father of Ancient Hindu Political Thought)

मनुस्मृति वैदिक ज्ञानको सार भएको हुँदा यसलाई आधिकारिक स्मृति मानिएको छ । स्मृतिहरूमध्ये सबैभन्दा पहिले मनुस्मृतिको रचना गरिएको थियो । मनुस्मृतिसँग बाझिने गरी लेखिएका अन्य स्मृति आधिकारिक मानिदैनन् । मनुस्मृतिमा सर्वप्रथम वैदिक दण्डनीतिको ज्ञानलाई महत्त्वका साथ क्रबद्ध विवेचना गरिको छ । मनुस्मृतिभन्दा पहिला धर्मसूत्र आदि वैदिक साहित्यमा दण्डनीतिको ज्ञान छरिएको अवस्थामा थियो । मनुले राजधर्म नाम दिएर राज्य, राजा र प्रजाको कर्तव्य तथा अधिकार, धर्म , न्याय, प्रशासनिक व्यवस्थाको स्वरूप, राज्यको लक्ष्य, लोकल्याणकारी राजतन्त्र एवं विकेन्द्रीकृत शासन व्यवस्थासम्बन्धी सिद्धान्तको विश्लेषण गरेका छन् । मनुले हिन्दु सामाजिक र राजनीतिक चिन्तनको प्रारम्भ गरेको मानिन्छ । त्यसैले उनलाई हिन्दु राजनीतिक चिन्तनका पिता भनिन्छ । मनुस्मृतिको वैदिक हिन्दु समाजको कानुनी, नैतिक, धार्मिक र राजनीतिक संरचनामा गहिरो प्रभाव छ ।

राजा र राज्यको उत्पत्ति (Origin of the King and State)

राज्यको उत्पत्ति सम्बन्धमा मनुले दैवी सिद्धान्तको प्रतिपादन गरेका छन् । प्राचीन कालमा राजा र शासनको अभाव थियो । त्यस समाजमा शक्तिशालीले कमजोरलाई पीडा दिने प्रवृति थियो । राज्यविहीन अवस्थालाई मनुले अराक अवस्था भनेका छन् । अराजक अवस्थाको वर्णन गर्न उनले ठूलो माछाले सानो माछालाई खाने 'मात्स्यन्याय'को अवस्था भनेका छन् । मात्स्यन्याय भन्नाले बलिया र शक्तिशालीले कमजोरलाई दुःख दिने व्यवस्था हो । मनुका अनुसार मात्सन्यायको अन्त्य गरी संसारको रक्षाका लागि ईश्वरले राजा र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
राज्यको रचना गरेका हुन्। ईश्वरले राजाको सृजना इन्द्र, वायु, यम, सूर्य, अग्नि, वरुण, चन्द्र र कुवेरको सारभूत अंशबाट गरेका हुन् (मनु, अ. ७, श्लो. ४)। सबै देवताको अंश भएकाले राजा विशिष्ट देवता हुन्। मनुष्यको रूपमा राजा महान् देवता हुन् र उनी पृथ्वीमा विचरण गर्दछन् (मनु, अ.७, श्लो. ७)। राजा र राज्य दुबै ईश्वरका रचना हुन्।

राज्यसम्बन्धी विचार (Views on State)

राज्य मानिसको सुख, शान्ति, समृद्धि तथा सर्वतोमुखी विकासका लागि जिम्मेवार राजनीतिक सङ्गठन हो। राजनीतिशास्त्रमा राज्यका प्रमुख चार तत्व जनसङ्ख्या, निश्चित भूभाग, सम्प्रभुता र सरकार हुन्। अन्तर्राष्ट्रिय मान्यता राज्यको पाँचौं तत्त्व मानिन्छ। मनुका अनुसार स्वामी, अमात्य, राष्ट्र, पुर, कोष, दण्ड, र मित्र राज्यका सात अङ्ग हुन्छन्। मनु विशेषत: व्यक्ति, समाज र राज्यको पूर्णता र सहसम्बन्धका पक्षमा छन्। राज्यलाई व्यक्ति र समाजको हितको साधन मान्दछन्। मनुले राजा र राज्यको उत्पत्ति एकै पटक भएको मान्दछन्। राज्यविहीन अवस्थामा सामाजिक जीवन सम्भव हुँदैन भन्ने मनुको मत छ। समाजमा धर्म वा सामाजिक मर्यादा स्थापनाका लागि राजा र राज्यको आवश्यकता परेको हो। प्रजाको हितको रक्षा गर्नु राजाको परम धर्म हो (मनु,अ. ७, श्लो.१४४)। ब्रह्माले धर्मको रक्षाका लागि राजाको सृष्टि गरेका हुन् भन्ने मनुको विचार रहेको छ (मनु, अ.७, श्लो. ३५)। कर्तव्य पालना नगर्ने अविनयी राजा नष्ट भएका उदाहरण दिई मनुले राजालाई नाशवान् मानेका छन् (मनु, अ.७, श्लो.४०)। उनका अनुसार राजाभन्दा राज्य र प्रजा महत्त्वपूर्ण मानिन्छन्। राजा विनय गुण सम्पन्न हुनुपर्दछ। अविनयी राजालाई प्रजाले विद्रोह गरेर हटाउन सक्ने प्रङ्ग मनुस्मृतिमा उल्लेख गरिएको छ।

सप्ताङ्ग सिद्धान्त (Seven Elements of the State)

स्वामी, अमात्य, राष्ट्र, पुर, कोष, दण्ड, र मित्र राज्यका सात अङ्ग वा प्रकृति हुन् (मनु, ७.१५६)। मनुका अनुसार राज्यका सात अङ्गको सङ्क्षिप्त परिचय निम्नअनुसार रहेको छ:

स्वामी (Monarch)

स्वामी शब्दको अर्थ राजा हो। मनुका अनुसार राजा राज्यका सात अङ्गहरूमध्ये प्रमुख अङ्ग हो। राजाबिना राज्य बन्न सम्भव हुँदैन। आधुनिक राजनीतिशास्त्रमा राज्यको अङ्ग मानिने सार्वभौमसत्ता मनुको राजनीतिक विचारमा स्वामी थियो। मनुले राज्य सञ्चालनको प्रमुख जिम्मेवारी राजामा निहित गरेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अमात्य (Minister)

अमात्य शब्दको तात्पर्य प्रधानमन्त्री हो । राज्यका अङ्गका रूपमा अमात्यभित्र मन्त्रिपरिषद् र प्रशासनिक सङ्गठनसमेत समावेश गरिएको छ । राजाद्वारा एक्लै राज्य सञ्चालन गर्न सम्भव हुँदैन। अमात्यको नियुक्ति गर्ने अधिकार राजामा निहित गरिएको छ। अमात्यको परामर्शबमोजिम राजाले शासन गर्नुपर्ने मनुको विचार छ।

पुर (Capital City)

राज्यको तेस्रो अङ्ग पुर हो । पुरको अर्थ शहर हो तापनि यहाँ यसको प्रयोग राजधानीका लागि गरिएको छ। राजधानीको मुख्य आधार दुर्ग हो। दुर्गको सुरक्षा घेराभित्र राज्यको राजधानी शहर बसाल्नु पर्ने मनुको मत छ । मनुले छ प्रकारका दुर्गको उल्लेख गरेको छन् । प्राचीन राजनीतिशास्त्रमा कुनै विचारकहरूले पुरको सट्टा दुर्गलाई राज्यको तेस्रो अङ्ग मानेका छन्। मनुका अनुसार राजधानी रमणीय स्थानमा निर्माण गर्नु पर्दछ। राजधानीको प्राकृतिक अवस्था सुदृढ हुनुका साथै शत्रुबाट सुरक्षित हुनुपर्दछ। राजधानीका निवासी नम्र, धार्मिक र वीर हुनुपर्दछ । राजधानीको श्रेष्ठ दुर्गमा राजा वस्नु पर्दछ । राजधानीको मुख्य आधार दुर्ग हो। दुर्ग धनधान्य, यन्त्र एवं इन्धन आदिद्वारा सुसम्पन्न हुनुपर्दछ। धन्वदुर्ग (मरुभूमि वेष्टित दुर्ग), महीदुर्ग (ढुङ्गाद्वारा निर्मित दुर्ग), जलदुर्ग, वृक्षदुर्ग, नृदुर्ग र गिरि दुर्ग गरी छ प्रकारका दुर्गको उल्लेख मनुले गरेका छन्[२] (मनु, अ.७, श्लो.७०)।

राष्ट्र (Nation)

स्थावर र जङ्गम अर्थात जमीन, पर्वत वृक्ष आदि स्थावर र मनुष्य आदि हिडडुल गर्ने जीव मिलेर राष्ट्र वन्दछ। आधुनिक राजनीतिशास्त्रमा राज्यका तत्त्व मानिने जनसङ्ख्या र भूभाग नै राष्ट्र हो। राष्ट्र राज्यको अङ्ग हो।

कोष (Treasury)

मनुका समयमा पनि धनको विशेष महत्त्व थियो । राज्य सञ्चालन गर्न राजालाई धनको आवश्यकता हुन्थ्यो । राजाद्वारा एउटा राज्यकोषको व्यवस्था गरिन्थ्यो । राज्यकोषलाई राज्यको अत्यन्त महत्त्वपूर्ण अङ्ग मानिएको छ। मनुले राजालाई आफ्नो राज्यकोषमा निरन्तर वृद्धि गर्ने सल्लाह दिएका छन्। बलि, शुल्क, दण्ड, भाग आदिबाट राज्यकोषमा धन जम्मा गर्ने व्यवस्थाको उल्लेख मनुले गरेका छन् । राजाले प्रजाबाट करको रूपमा प्राप्त गर्ने धनधान्यलाई बलि भनिन्थ्यो । बजारमा विक्रि गरिने वस्तुमा लगाइने करलाई शुल्क भनिन्थ्यो । दण्डको तात्पर्य न्यायालयद्वारा तोकिएको आर्थिक

२ धन्वदुर्गं महीदुर्गमब्दुर्गं वार्क्षमेव च।
नृदुर्गं गिरिदुर्गं वा समाश्रित्य वसेत्पुरम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दण्डका रूपमा प्राप्त हुने धन हो। भागको अर्थ कृषि, पशुपालन आदि व्यवसायबाट भएको आम्दानीको राजाले प्राप्त गर्ने निश्चित अंश हो। मनुले राजालाई जनताको सामर्थ्य विचार गरेर मात्र कर लिने सल्लाह दिएका छन्। प्रजाको सामर्थ्यभन्दा बढी कर लिएर प्रजालाई पीडा दिन निषेध गरिएको छ। मनुले त्यसलाई शोषण मान्दछन्।

दण्ड (Army)

राज्यको शक्ति वा बललाई दण्ड भनिन्छ। दण्डमा राज्यव्यवस्था निर्भर हुन्छ। दण्ड भन्नाले राज्यशक्तिका साथै सेना पनि बुझिन्छ। मनुका अनुसार दण्ड राज्यको महत्त्वपूर्ण अङ्ग हो। दण्डविना राज्य बन्न सक्दैन। शान्ति-सुरक्षाका लागि दण्डको प्रयोग आवश्यक हुन्छ। दण्डको सही तरिकाले प्रयोग गर्न सिकाउने विद्यालाई दण्डनीति भनिन्छ।

मित्र (Ally)

मनुले मित्रलाई पनि राज्यको अङ्ग मानेका छन्। यहाँ मित्रको अर्थ मित्रराज्य हो। राजाले मित्र राजासँग मैत्रीपूर्ण सम्बन्ध राख्नुपर्दछ भन्ने मनुको मत छ। मित्रका आधारमा राज्यको शक्तिको विकास हुन्छ। बाह्य मुलुकसँग कूटनीतिक सम्बन्ध र मित्रता कायम गर्नु राज्यका लागि महत्त्वपूर्ण मानिएको छ। त्यसैले मित्रलाई राज्यको अङ्ग मानिएको हो। मित्रअन्तर्गत अन्तर्राष्ट्रिय सम्बन्ध र राज्यको मान्यता निहित गरिएको छ।

मनुको सप्ताङ्ग सिद्धान्त राज्यका तत्त्वसम्बन्धमा महत्त्वपूर्ण मानिन्छ। सात अङ्गको आङ्गिक एकताबाट राज्य निर्माण हुन्छ।

राज्यको उद्देश्य (Objectives of the State)

राज्यविहीन समाजमा अशान्ति, अस्थिरता एवं उत्पीडन व्याप्त थियो। मात्स्यन्यायको अवस्था थियो। राजा र राज्यको सृष्टिको मूल कारण मात्स्यन्यायको अवस्थाबाट सबै प्रजालाई मुक्त गर्नु थियो। धर्म, अर्थ, काम र मोक्ष प्राप्त गर्नु मानव जीवनका चार पुरुषार्थ हुन्। मनुका अनुसार जीवनका चार लक्ष्य प्राप्त गर्न प्रजालाई सहयोग गर्नु राज्यको उद्देश्य हो।

राज्यका कार्य (Functions of the State)

मनुस्मृतिमा उल्लेख गरीएका राज्यका कार्यलाई प्रजापालन र प्रजारञ्जन गरी प्रमुख दुई श्रेणीमा विभाजन गर्न सकिन्छ। प्रजापालन वा प्रजाको रक्षा गर्नु राज्यको प्रमुख कार्य (Constituent Functions of the State) हो। यो राज्यको अनिवार्य कार्य हो। राज्यभित्र शान्ति सुव्यवस्था, न्याय सम्पादन र बाह्य आक्रमणबाट राज्यको सुरक्षा आदि राज्यका अनिवार्य कार्य हुन्। मनुले प्रजाको परिवार र सम्पत्तिको संरक्षण एवं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

करसङ्कलनलाई पनि राज्यको अनिवार्य कार्य मानेका छन् । प्रजारञ्जनसम्बन्धी राज्यको कार्यलाई राज्यको सेवामूलक (Ministrant Function of the State) भनिन्छ। शिक्षा, स्वास्थ्य, दान, व्यवसाय, यातायातको प्रबन्ध, वन र खानीको विकास, दीन-अनाथको रेखदेख आदि राज्यका सेवामूलक कार्य थिए। मनुले राज्यको कार्यक्षेत्र अन्तर्गत प्रजाको सामाजिक, धार्मिक, राजनीतिक, आर्थिक आदि सम्पूर्ण क्रियाकलाप समावेश गरेका छन् । राज्यले ती कार्य सम्पादन गर्नुपर्छ जुन कार्यबाट प्रजाको जीवन प्रगतिशील, सुखी र सन्तुष्ट हुन्छ। मनुका अनुसार राज्यका प्रमुख कार्य निम्नानुसार रहेका छन्:

प्रजाको रक्षा (Protection of the People)

प्रजाको जीवन र सम्पत्तिको सुरक्षा राज्यको प्रथम कार्य हो । प्रजाको जीउधनको सुरक्षाका लागि आन्तरिक शान्ति सुव्यवस्था कायम गर्न अनिवार्य हुन्छ । दुष्कर्म गर्ने व्यक्तिलाई दण्ड दिनुपर्छ। विवादको समाधान गर्न न्याय सम्पादन गर्नुपर्छ। तसर्थ दुष्टलाई दण्ड दिनु, सज्जनको रक्षा गर्नु र न्याय सम्पादन गर्नु राज्यको प्रजाको रक्षासम्बन्धी कार्य हुन् । मनुले बाह्य आक्रमणबाट राज्यको रक्षा पनि राज्यको अनिवार्य कार्य मानेका छन्। आन्तरिक शान्ति सुव्यवस्था र बाह्य आक्रमणबाट राज्यको सुरक्षा राज्यका प्रजारक्षासम्बन्धी कार्य हुन्। साम्राज्य निर्माण पनि राज्यको अनिवार्य कार्य मानिएको छ।

वर्णाश्रम व्यवस्थाको रक्षा (Protection of Varnashram Dharma)

मनुका अनुसार वर्णाश्रम धर्मको रक्षा गर्नु राज्यको कार्य हो । सबैलाई आ-आफ्नो धर्ममा स्थिर राख्न एवं सबै वर्ण र आश्रमको रक्षाका लागि सृष्टिकर्ता ब्रह्माले राज्यको सृष्टि गरेका हुन्[३] (मनु, अ.७, श्लो. ३५)। वैदिक सनातन धर्ममा समाजलाई चार वर्णमा विभाजित गरिएको छ । ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र चार वर्ण हुन् । ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्यास गरी चार आश्रम छन्। प्रत्येक वर्ण र आश्रमका काम र कर्तव्य निर्धारण गरिएका छन। पढ्नु र पढाउनु ब्राह्मणका लागि निर्धारित धर्म हो। क्षत्रियको धर्म शासन सञ्चालन गर्नु र देशको रक्षा गर्नु हो । कृषि, पशुपालन, वाणिज्य र उद्योग व्यवसाय सञ्चालन गरी समृद्धि प्राप्त गर्नु वैश्यको कार्य हो। सेवा शूद्रको धर्म हो। स्वधर्म वा सामान्य कानुनको पालना गर्नु सबै वर्णको कर्तव्य हो। मनुले स्वधर्म पालना नगर्ने व्यक्तिलाई स्वधर्म पालना गराउनु राज्यको कार्य मानेका छन्।

आर्थिक सम्पन्नता (Economic Prosperity)

कोष राज्यको अङ्ग मानिएको छ । प्रजाले तिरेको करबाट राज्यकोषको निर्माण हुन्छ । प्रजा सम्पन्न भएमा राज्यलाई धेरै कर तिर्न सक्षम हुन्छन् । अतः प्रजाको

---

३ स्वे स्वे धर्मे निविष्टानां सर्वेषामनुपूर्वशः। वर्णानामाश्रमाणां च राजा सृष्टोऽभिरक्षिता।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

सम्पन्नताका लागि राज्यले कृषि, पशुपालन, वाणिज्य र उद्योग व्यवसायको विकास गर्न सहयता दिनुपर्छ भन्ने मनुको विचार रहेको छ। मनुका अनुसार राज्य र प्रजाको समृद्धिका लागि राज्यले अप्राप्त धन प्राप्त गर्नुपर्छ र प्राप्त धनको हेरचाह गरी रक्षा गर्नुपर्छ। रक्षित धनलाई व्यवसायद्वारा वृद्धि गर्नुपर्छ र वृद्धि गरिएको धन सत्पात्रहरूमा दान दिनु वा वितरण गर्नुपर्छ (मनु, अ.७, श्लो.१०१)। मनुले राज्यको आर्थिक समृद्धिमा जोड दिएका छन्। आर्थिक सम्पन्नता भए मात्र जनता अभावबाट मुक्त हुन्छन्। सबैका आधारभूत आवश्यकता पूरा गर्न सम्पन्नता आवश्यक हुन्छ। राज्यमा समृद्धि छ भने मात्र प्रजा सुखी र सन्तुष्ट हुन्छन्।

प्रजाको हित (Welfare of the People)

प्रजाको सुखका लागि काम गर्नु राज्यको कर्तव्य हो। मनुका अनुसार राज्यको सृष्टि प्रजाको हितका लागि गरिएको हो। प्रजाको हितमा नै राजा र राज्यको हित निहित हुन्छ। मनुले राज्यको प्रजारञ्जन वा लोककल्याणकारी कार्यमा जोड दिएका छन्।

राजा (Monarch)

मनु राजतन्त्रात्मक शासन व्यवस्थाका सर्थक थिए। उनले राजालाई स्वामीका रूपमा राज्यको सर्वोच्च स्थान प्रदान गरेका छन्। विधिपूर्वक यज्ञोपवीत संस्कारद्वारा संस्कृत क्षत्रिय राजाले सबै प्रजाहरूको रक्षा गर्नुपर्दछ मनुको विचार छ (मनु, अ.७, श्लो.२)। क्षत्रियवर्णको पुरुष मात्र राजा बन्न योग्य हुन्छ भन्ने मनुको विचार रहेको छ।

मनुले राजाका गुण, कर्तव्य, र दिनचर्याको विशेष वर्णन गरेका छन्। मनुले राजाको शिक्षामा पनि विशेष जोड दिएका छन्। राजाले तीनै वेदका ज्ञाताबाट तीन वेद, सनातन दण्डनीति वा राजधर्म, तर्कशास्त्र, आत्मविद्या, र लोकव्यवहारबाट वार्ता विद्याको ज्ञान गर्नुपर्दछ (मनु, अ.७, श्लो.४३)। राजा जितेन्द्रिय र विनयी हुनुपर्दछ। जितेन्द्रिय राजाले प्रजालाई आफ्नो वशमा राख्न सक्दछन् (मनु, अ.७, श्लो.४४)।

कामबाट दस र क्रोधबाट आठ दुर्व्यसन उत्पन्न हुन्छन्। व्यसनहरू बडो दुःखदायी हुने भएकाले राजाले यत्नपूर्वक यिनको परित्याग गर्नुपर्दछ। मनुका अनुसार शिकार खेल्नु, जुवा खेल्नु, दिनमा सुत्नु, अरूको दोषको वर्णन गर्नु, परस्त्रीसित समागम गर्नु, मदिरापान गर्नु, नाच्नु, गाउनु, बजाउनु र व्यर्थ भ्रमण गर्नु कामबाट उत्पन्न दस व्यसन हुन्। कसैको अनुपस्थितिमा उसको दोष प्रकट गर्नु, नराम्रो कार्यमा दुस्साहस गर्नु, द्रोह गर्नु, ईर्ष्या गर्नु, अरूको गुणमा दोष देख्नु, आर्थिक अनुशासन पालन नगर्नु, वाक्दण्ड वा गालीगलौज गर्नु र क्रुरता क्रोधबाट उत्पन्न हुने व्यसन हुन्। यी दुवै प्रकारका व्यसनको मूल कारण लोभ हो। तसर्थ लोभलाई यत्नपूर्वक जित्नुपर्दछ (मनु, अ.७, श्लो.४७-४९)। राजा नैतिकवान् र सदाचारी हुनुपर्छ भन्ने मनुको मान्यता रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राजाको देवत्व (Divinity of the King)

मनुले राजालाई देवांशबाट निर्मित मानेका छन् । राजा मनुष्यका रूपमा विशेष देवता हुन् भन्ने उनको अभिमत छ [४] (मनु, अ.७, श्लो.८) । ईश्वरले इन्द्र, वायु, यम, सूर्य, अग्नि, वरुण, चन्द्रमा र कुवेर यी आठ देवताको सारभूत अंशबाट राजाको सृष्टि गरेका हुन् (मनु, अ.७, श्लो.४) । जसको प्रसन्नतामा महालक्ष्मी, पराक्रममा विजय, क्रोधमा मृत्यु रहन्छन्, त्यसैले राजा सर्वतेजोमय अर्थात् सर्वोच्च शक्तिसम्पन्न मानिन्छन् [५] (मनु, अ.७, श्लो.११) । मनुको राज्यव्यवस्थामा राजाको सर्वोच्चता स्थापित गरिएको छ । तात्कालिक समाजमा विद्यमान अराजक अवस्थाको अन्त्य गरी सामाजिक व्यवस्था कायम गर्न राजाको देवत्वको सिद्धान्त आवश्यक थियो ।

राजाको दिनचर्या (Time Table of the King)

मनुस्मृतिमा राजाको दिनचर्याको विस्तृत वर्णन गरिएको छ । रात्रिको अन्तिम प्रहर वा ब्रह्ममुहूर्तमा उठेर राजाको दिनचर्या प्रारम्भ हुन्छ । शौचादिपछि हवन, अध्ययन र पूजा गरेर राजा सभागृहमा प्रवेश गर्नुपर्छ । सभागृहमा प्रजाका विवाद ध्यान दिएर सुन्ने र उनीहरूसँग प्रेमपूर्वक विदा भएर मन्त्रीसँग परामर्श वा मन्त्रणा गर्नुपर्छ । त्यसपछि राजाले अन्तरराज्य सम्बन्धबारे दूत र गुप्तचरसँग मन्त्रणा गर्नुपर्छ । दूत र गुप्तचरसँग मन्त्रणा सकेर सेनापतिसँग सैनिकसम्बन्धी विषयमा परामर्श गर्नुपर्छ भनी मनुले दिनचर्या निर्धारण गरेका छन् । राजाले मध्यान्नमा व्यायाम, स्नान, आराम तथा सेना एवं युद्ध सामग्रीको निरीक्षण गर्नुपर्छ । सन्ध्याकालमा प्रार्थना सकेर मन्त्रीसँग वा एक्लै धर्म, अर्थ, काम, राजकुमारहरूको शिक्षा, दूत, अन्तपुरका समस्या, गुप्तचर र राज्यमण्डलका विषयमा विचार गर्नुपर्छ । त्यसपछि नाचगान सुनेर अन्त्यमा सुत्नुपर्छ भन्ने मनुले निर्धारण गरेका राजाका दिनचर्याका नियम हुन् (मनु, अ. ७, श्लो.१४१-१५४) ।

राजका शक्ति र कार्य (Power and Functions of the King)

प्रजाको पालन गर्नु क्षत्रिय राजाको परम कर्तव्य हो । मनुस्मृतिका टीकाकार कुल्लुकभट्टले राजाका आठ प्रकारका कर्तव्य निर्दिष्ट गरेका छन् । कर उठाउनु, दान वा पुरस्कार दिनु, अमात्य आदिलाई उचित आज्ञा दिनु, अनुचित कार्य निषेध गर्नु, सन्दिग्ध विषयमा निर्णय दिनु, मुद्दा मामिला फैसला गर्नु, उचित दण्ड दिनु र प्रायश्चित्त गर्नु राजाका आठ प्रकारका कार्य हुन् । आफ्नो कार्यको सिद्धि र प्राणीहरूलाई आआफ्नो धर्ममा लगाइराख्ने उद्देश्यले राजाले राजदण्ड धारण गर्दछन् । राजाले अन्याय गर्ने व्यक्तिलाई देश-काल, शक्ति, विद्यासमेत विचार गरी दण्ड दिनुपर्छ र वर्णाश्रम व्यवस्थाको सुरक्षा तथा

४ महती देवता ह्येषा नररूपेण तिष्ठति ।

५ यस्य प्रसादे पद्मा श्रीर्विजयश्च पराक्रमे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देशमा व्यभिचारको अन्त्य गर्न सोचविचार गरेर दण्डको प्रयोग गर्नु पर्दछ भन्ने मनुको विचार छ (मनु, अ.७, श्लो. १४-२५)। राजालाई दण्डको प्रयोग गर्ने अधिकर दिइएको छ। राजा सत्यवादी, विचारवान् बुद्धिमान्, धर्मको मर्म जान्ने, समृद्धशाली, शुद्ध, शास्त्रअनुसार व्यवहार गर्ने र योग्य सहयोगी भएको हुँनुपर्दछ। राम्रा सहयोगी नभएको, मूर्ख, लोभी, शास्त्रको ज्ञान नभएको र विषयासक्त राजाले न्यायपूर्वक राजदण्डको प्रयोग गर्न सक्दैन भन्ने मनुको मत छ। राजाले आफ्नो राज्यमा न्यायअनुसार, शत्रु राज्यप्रति कठोरता पूर्वक, स्वाभाविक मित्रप्रति सरलता र ब्राह्मणप्रति क्षमाशील भई व्यवहार गर्नुपर्दछ भन्ने मनुको विचार छ।

राजाले इन्द्र, सूर्य, वायु, यम, वरुण, चन्द्रमा, अग्नि र पृथ्वीका तेज जस्तै व्यवहार गर्नुपर्छ[६] (मनु, अ.९, श्लो.३०३)। यो राजाको व्रत हो। जसरी इन्द्रले वर्षाऋतुका चार महिना वर्षा गराएर सबैलाई सुख दिन्छन् त्यस्तै चाहेका वस्तुको वर्षा अर्थात् सेवा र सुविधाको न्यायपूर्ण वितरणद्वारा राजाले आफ्नो राष्ट्रलाई सन्तुष्ट गराउनुपर्छ। त्यो राजाको इन्द्रव्रत हो। आठ महिनासम्म सूर्यका किरणले जल हरण गरे जस्तै राजाले प्रजाबाट कर उठाउनुपर्छ। वायुजस्तै गुप्तचरका रूपमा राजा सर्वत्र व्याप्त हुनुपर्छ। यमजस्तै निष्पक्ष भएर अपराधीलाई दण्ड दिनुपर्छ। वरुणले जस्तै पापीहरूलाई नियन्त्रण गर्नुपर्छ। चन्द्रमालाई देखेर मानिसहरू जसरी प्रसन्न हुन्छन् त्यस्तै राजालाई देखेर प्रजाहरू प्रसन्न हुनुपर्छ। अग्निले जस्तै राजाले पापीहरूलाई नष्ट गर्नुपर्छ। जसरी पृथ्वीले सबै प्राणीहरूलाई भेदभाव नगरी समान भावले धारण गर्दछ, त्यसैगरी राजाले पनि सबै प्राणीहरूलाई समान भावले भरण-पोषण गर्नुपर्छ। यो राजाको पार्थिव व्रत हो[७] (मनु, अ.९, श्लो.३०३-३११)।

मनुका अनुसार सामाजिक सुरक्षाका लागि राजाको सृष्टि गरिएको हो। राजा कार्यपालिका, न्यायपालिका एवं सैनिक प्रमुख हुन्। मनुले राजाको स्वेच्छाचारिता रोक्नका लागि व्यवस्थापिकासम्बन्धी शक्ति भने राजालाई दिएका छैनन्।

कार्यपालिकासम्बन्धी शक्ति (Executive Powers and Functions of the King)

कानुन लागु गर्नु राजाको कार्यपालिकासम्बन्धी कार्य हो। मनुस्मृतिमा कार्यपालिकासम्बन्धी सर्वोच्च शक्ति राजामा निहित गरिएको छ। राज्यभित्र शान्ति सुव्यवस्था कायम गर्ने, वाह्य आक्रमणबाट राज्यको रक्षा गर्ने, कर उठाउने आदि कार्यपालिकासम्बन्धी महत्वपूर्ण कार्य हुन्। जनतालाई मात्स्यन्यायबाट मुक्त गर्न राज्य र राजाको उदय भएको हो। समाजमा अराजक अवस्थाको अन्त्य गर्न अपराधीहरूलाई

६ इन्द्रस्यार्कस्य वायोश्च यमस्य वरुणस्य च।
चन्द्रस्याग्नेः पृथिव्याश्च तेजोवृत्तं नृपश्चरेत्॥

७ यथासर्वाणि भूतानि धरा धारयते समम्।
तथा सर्वाणि भूतानि विभ्रतः पार्थिवं व्रतम्॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri
उचित दण्ड दिनु र दुष्टहरूबाट सज्जनहरूको रक्षा गर्नु राजाको पहिलो कार्यकारी अधिकार हो । सबै प्राणीहरूका रक्षक राजाका कार्यको सिद्धिका निम्ति धर्मपुत्ररूप, ब्रह्मतेजोमय दण्डको सर्व प्रथम ईश्वरले सृजना गरे (मनु, अ.७, श्लो.१४)। त्यही दण्ड राजा हुन्। राजा पुरुष, नेता र शासक हुन्। त्यही दण्ड चारै आश्रमका धर्मको रक्षक मानिन्छ (मनु, अ.७, श्लो.१७) । शुद्ध मनुष्य पाउन दुर्लभ हुन्छ । यो सारा संसार दण्डको अधीनमा हुन्छ । दण्डको डरले संसारका प्राणीहरू आ-आफ्नो भोग भोग्न समर्थ हुन्छन् भन्ने मनुको विचार छ (मनु, अ.७, श्लो.२२)।

कार्पालिका प्रमुखको हैसियतमा राजाले बाह्य मुलुकसँग कूटनीतिक सम्बन्ध राख्दथे। वाह्य आक्रमणबाट राज्यको प्रतिरक्षा गर्नु राजाको धर्म वा कर्तव्य थियो । यो राजाको अन्तरराज्य सम्बन्धसम्बन्धी कार्य हो । बाह्य आक्रमणबाट राज्यको प्रतिरक्षा गर्न राजाले शक्तिशाली सेना बनाउनु पर्दछ । राजाले अन्य राजाहरूका मनका भाव राम्ररी बुझेर आफ्नो यस्तो प्रयत्न गर्नु पर्दछ जसबाट आफूमाथि कुनै प्रकारको सङ्कट आउन नसकोस् भन्ने मनुको विचार रहेको छ (मनु, अ.७, श्लो.६८)। राज्यको प्रतिरक्षा मात्र होइन राजाले राज्यको शक्ति वृद्ध गरी छिमेकी राज्यहरूलाई जितेर सम्राट बन्ने इच्छा राख्नुपर्दछ। प्रजाको पालन गर्दै राजाको धर्मअनुसार समान बल, धेरै बल र थोरै बल भएका राजाले युद्धका लागि आह्वान गरेमा युद्धका लागि सदा तत्पर रहनु राजाको कर्तव्य हो (मनु, अ.७, श्लो.८७) । जसरी किसानले खेतमा धान बालीको रक्षा गर्दछ र घाँस उखेलेर फाल्दछ त्यसरी नै राजाले शत्रुहरूको नाश गरी राष्ट्रको रक्षा गर्नुपर्दछ भन्ने मनुको विचार छ (मनु, अ.७, श्लो.११०)।

राजाको प्रशासनिक शक्ति
(Administrative Powers and Functions of the King)

प्रशासनिक व्यवस्थामा पनि राजाको प्रमुख भूमिका मनुले निर्धारित गरेका छन् । प्रशासनिक क्रियाकलाप राजाद्वारा नियुक्त अधिकारीहरूबाट सम्पन्न गर्ने व्यवस्था छ । अमात्यदेखि सम्पूर्ण प्रशासनिक अधिकारीहरूको नियुक्तिको अधिकार राजालाई दिइएको छ। परीक्षण गरेर योग्य व्यक्तिलाई उपयुक्त पदमा नियुक्ति गर्न मनुले राजालाई सल्लाह दिएका छन्। अमात्य भनेको मन्त्री र मन्त्रीपरिषद् हो। राजाले शासनसम्बन्धी सम्पूर्ण कार्य अमात्यको परामर्शअनुसार सम्पन्न गर्दथे। मनुस्मृतिमा राजालाई स्वतन्त्र रूपमा आफ्नो प्रशासनिक शक्तिको प्रयोग गर्न रोक लगाइएको छ।

राजाको न्यायिक शक्ति र कार्य
(Judicial Powers and Functions of the King)

मनुले राजालाई न्यायपालिकाको पनि प्रमुख बनाएका छन्। राजालाई न्यायको स्रोत मानिएको छ। विवाद वा मुद्दाको न्यायिक निर्णय गर्नु न्यायपालिकाको कार्य हो। न्याय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादन नीतिअनुसार गर्नुपर्ने व्यवस्था मनुस्मृतिमा छ । मनुस्मृतिका अनुसार सभा न्यालय थियो । राजाले सभाको अध्यक्षता आफै गर्नुपर्ने मनुको मत छ । यदि राजाले आफै काम गर्न नसकेमा विद्वान् ब्राह्मणलाई नियुक्त गर्नुपर्छ (मनु, अ.८, श्लो.९) । वेदका ज्ञाता तीन जना ब्राह्मणहरू रहेको सभा गठनको व्यवस्था गर्नुपर्ने मनुले उल्लेख गरेका छन् (मनु, अ.८, श्लो.१०-११) । राजाबाट अधिकार पाएका वेदका ज्ञाता तीन जना विद्वान् सम्मिलित सभा हुन्छ । सभामा बस्ने व्यक्तिहरूले अधर्मबाट धर्मको रक्षा गर्नुपर्छ । असत्य वचन बोल्नु हुँदैन । पक्षपाती भएर सत्य छाड्नु हुँदैन । झुटो बोल्ने व्यक्तिलाई दण्डित गर्नुपर्छ । (मनु, अ.८, श्लो.२० र २१) ।

धर्मका चार मूल प्रमाणका रूपमा सम्पूर्ण वेद, वेदज्ञद्वारा रचित स्मृतिशील, सदाचार र सदाचारमा मतभिन्नता भएमा सदाचारमध्ये आफ्नो मन सन्तुष्ट हुने वा आफूलाई मन पर्ने मत मान्नु पर्दछ भन्ने मनुको विचार छ[८] (मनु, अ.२, श्लो.६) । राज्यमा न्याय प्रशासन यी शास्त्रीय मान्यताका आधारमा सञ्चालन गर्नुपर्छ भन्ने मनुको मत छ । यसका साथै जातीय विविधतालाई पनि मनुस्मृतिमा स्वीकार गरिएको छ । जातिधर्म, देशधर्म, श्रेणीधर्म र कुलधर्मको समीक्षा गरेर तिनका मान्यताको प्रतिकूल नहुने गरी राजाले मुद्दाको फैसला वा निर्णय गर्नुपर्छ[९] (मनु, अ.८, श्लो.४१) । वेद, स्मृति, सदाचार, जातिधर्म, कुलधर्म, देशधर्म र श्रेणीधर्मका आधारमा मात्र न्याय सम्पादन गर्नुपर्ने मनुको विचार रहेको छ । मनु समाजमा बहुलताको पक्षमा रहेका छन् । यी मान्यताको प्रतिकूल कुनै आदेश जारी गर्ने शक्ति राजालाई दिइएको छैन । यसरी हेर्दा मनुको राजनीतिक चिन्तनमा विधिको सर्वोच्चताको आभास हुन्छ ।

राजाको आर्थिक शक्ति र कार्य
(Economic Powers and Functions of the King)

धनबिना राज्य सञ्चालन गर्न सम्भव हुँदैन । त्यसैले मनुले धन वा कोषलाई राज्यको अङ्ग मानेका छन् । राज्यमा राजा, अमात्य, अधिकारीहरू तथा सेनाको जीबिकाका लागि धनको आवश्यकता पर्दछ । जनताको कल्याणका लागि पनि धन आवश्यक हुन्छ । भूमि कर, शुल्क र अर्थ दण्डबाट प्राप्त धन राजकीय आयका स्रोतहरू हुन् । जसरी जुका, बाछो र भँवरोले थोरै-थोरै आफ्नो भोजन खान्छन्, त्यसैगरी राजाले वार्षिक कर अलि-अलि गरेर नै लिनुपर्छ (मनु, अ.७, श्लो.१२९) । जुकाले थाहा नहुने गरी रगत चुस्छ । बाछोले गाईलाई पीडा नहुने गरी दुध चुस्छ । भँवरोले फूललाई पीडा नदिई रस चुस्छ । जुका, बाछो र भँवरो

८ वेदोऽखिलो धर्ममूलं स्मृतिशीले च तद्विदाम् ।
आचारश्चैव साधूनामात्मनस्तुष्टिरेव च ।

९ जातिजानपदान्धर्माञ्श्रेणीधर्मांश्च धर्मवित् ।
समीक्ष्य कुलधर्मांश्च स्वधर्मं प्रतिपादयेत् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
जस्तै जनतालाई मर्का नपर्ने गरी वार्षिक कर उठाउन मनुले राजालाई सल्लाह दिएका छन्। यसका साथै उनले करका दर समेत प्रस्ताव गरेका छन्। पशु र सुनका नाफाको पचासौँ भाग र कृषकहरूबाट अन्नको छैटौँ, आठौँ वा बाह्रौँ भाग कर लिनुपर्छ। वृक्ष, मासु, मह, घिउ, सुगन्ध, औषधि, रस, फूल, फल, कन्दमूल, पात, साग, घाँस, छाला, बाँस, माटो र ढुङ्गाका भाँडाकुँडा सबैको नाफाको छैटौँ भाग राजाले करको रूपमा लिनुपर्छ। मनुले डुङ्गा तारेको शुल्क समेत राज्यकोषको स्रोत मानेका छन् (मनु, अ.८, श्लो.४०४-४०५)।

मनुले कर छुट दिनेसमेत प्रस्ताव गरेका छन्। उनका अनुसार अन्धो, बहिरो, लँगडो, सत्तरी वर्ष भन्दा माथिको वृद्ध र वेदपाठी ब्राह्मणको सेवामा सम्लग्न व्यक्तिबाट राजाले कर लिनु हुँदैन (मनु, अ.८, श्लो.३९४)। वेदपाठी ब्राह्मणसितसमेत कर लिनुहुँदैन (मनु, अ.७, श्लो.१३३)। दुई महिनामाथिकी गर्भिणी स्त्री, संन्यासी, ब्राह्मण र ब्रह्मचारीसित डुङ्गाबाट नदी तर्दा कुनै शुल्क लिनुहुँदैन भन्ने मनुको मत छ (मनु, अ.८, श्लो.४०७)।

प्रजाको रक्षा नगर्ने तर उनीहरूसित कर मात्र असुल्ने राजालाई मनुले सबै प्रजाले गरेका पापको भागी हुनुपर्ने बताएका छन्। निर्दिष्ट मर्यादाको पालना नगर्ने, नास्तिक, व्यर्थ दण्ड दिएर धन लिने, प्रजाको रक्षा नगर्ने तर कर उठाउने राजा अधोगतिमा प्राप्त हुन्छ भन्ने मनुको विचार छ (मनु, अ.८, श्लो.३०८-३०९)। राजकीय कोषको धन प्रजाको रक्षा र कल्याणका लागि खर्च गर्नुपर्छ भन्ने मनुको विचार छ।

राजाको विधिनिर्माणसम्बन्धी शक्ति (Rule Making Powers of the King)

आधुनिक लोकतान्त्रिक व्यवस्थामा विधिनिर्माणसम्बन्धी शक्ति मूलत: व्यवस्थापिकामा निहित हुन्छ। जनताका प्रतिनिधिको सभा व्यवस्थापिका हो। संवैधानिक कार्य, राज्यकोषको नियमन, निर्वाचनसम्बन्धी कार्य, प्रशासनमाथि नियन्त्र, न्यायिक कार्य र राज्यव्वस्थामा जनताको प्रतिनिधित्व व्यवस्थापिकाले गर्दछ। मनुको राज्यव्यवस्थामा राजालाई व्यवस्थापिकासम्बन्धी अधिकार थिएन। श्रुति, स्मृति र प्रथा वा रीतितिवाजलाई धार्मिक विधिको रूपमा लिइन्थ्यो। धार्मिक विधिको कार्यान्वयन गर्ने शक्ति मात्र राजालाई दिइएको थियो। राजाले विधिनिर्माण गर्न सक्दैनथे। विधिमा परिवर्तन गर्ने अधिकार पनि राजालाई थिएन। राजालाई नीतिका अधीनमा राखिएको छ। यो राजाको शक्तिमाथि नियन्त्रणका लागि गरिएको प्राचीन व्यवस्था हो।

राजामाथि नियन्त्रण (Control over the King)

मनुस्मृतिमा राजाको सर्वोच्चता कायम गरिएको छ। मनु राजालाई निरङ्कुश अधिकार दिने पक्षमा भने छैनन्। राजाले धर्मको पालना गर्नुपर्दछ। राजाले श्रुति, स्मृति, सदाचारका साथै कुलधर्म, जातिधर्म, श्रेणीधर्मको सम्मान गरेर राजधर्म पालन गर्नुपर्दछ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने मनुको मत छ । उनले राजालाई कानुन बनाउने अधिकारबाट पनि वञ्चित गरेका छन् । राजधर्मअनुसार राज्यको शासन व्यवस्था सञ्चालन गर्नु राजाको कर्तव्य मानिएको छ। धर्म नष्ट गरेमा त्यसले नाश गर्दछ र रक्षा गरिएको धर्मले सबैको रक्षा गर्दछ । नष्ट गरिएको धर्मले नष्टकर्तालाई नै नाश नगरोस्, त्यसैले धर्म नष्ट गर्नुहुँदैन भन्ने मनुको विचार रहेको छ [१०] (मनु, अ.८, श्लो.१५) । शास्त्रअनुसार राज्यको कार्यपालिका र न्यायपालिकाको कार्य राजाले गर्नुपर्दछ ।

राजालाई धर्मको उल्लङ्घन गर्ने अधिकार दिइएको छैन । राज्य सञ्चालनका स्थापित सिद्धान्त र मान्यताको पालन गर्नु राजाको कर्तव्य मानिएको छ । शास्त्रअनुसार राज्य सञ्चालन गर्ने राजाले नै राज्यशक्तिको प्रयोग गर्न सक्दछ भन्ने मनुको अभिमत छ (मनु, अ.७, श्लो.३१) । राजा विनयी हुनुपर्दछ भन्ने मनुको मत छ । अविनयी राजा वेन, नहुष, पिजवनका छोरा सुदा, सुमुख र निमि नष्ट भए भन्ने मनुस्मृतिमा उल्लेख गरिएको छ (मनु, अ.७, श्लो.४१) । मनुको यो विचारबाट अविनयी अर्थात् राजधर्म पालन नगर्ने राजाका विरुद्ध जनतालाई विद्रोहको अधिकार रहेको स्पष्ट हुन्छ । स्वेच्छाचारी राजाका विरुद्ध जनविद्रोहको अधिकार प्रजासँग सैद्धान्तिक रूपमा सुरक्षित गरिएको छ।

राजाको दायित्व (Obligations of the King)

मनुका अनुसार राजा क्षत्रिय हुनुपर्छ । राजा दुर्व्यसनरहित हुनुपर्छ भन्ने मनुको विचार रहेको छ। सदाचरका नियम पालना गर्नु राजाको कर्तव्य हो। शास्त्रको ज्ञान राजाका लागि अपरिहार्य मानिएको छ। राजा विनयी र मृदुभाषी हुनुपर्छ। मनुले उल्लेख गरेका सदाचारका नियम राजालाई राजर्षि बनाउने नियम हुन्। राजा शस्त्र, धन, धान्य, सेना, जल आदिद्वारा परिपूर्ण पर्वत दूर्गमा बसी हरेक प्रकारका शत्रुबाट राजा सुरक्षित हुनुपर्छ । राजाले सर्वगुण सम्पन्न क्षत्रिया कन्यासँग विवाह गर्नुपर्छ ।

राजधर्मका सिद्धान्तअनुसार राजाले शासन गर्नुपर्छ भन्ने मनुको धारणा रहेको छ। मनुले राजालाई राजधर्मका अधीनमा राखेका छन्। स्वधर्मको पालना गर्नु गराउनु राजाको प्रथम कर्तव्य मानिएको छ । धार्मिक यज्ञ गर्नु पनि राजाको कर्तव्य मानिएको छ। राज्यमा शान्ति र सुव्यवस्था कायम गर्नु राजाको कर्तव्य हो। अपराधीलाई नीतिअनुसार दण्ड दिनु र सज्जनको रक्षा गर्नु राजाको कर्तव्य मानिएको छ। निष्पक्ष न्याय सम्पादन गर्नु राजाको कर्तव्य हो । प्रजासँग राजाको सम्बन्ध पिता-पुत्रको सम्बन्धजस्तो हुनुपर्छ भन्ने मनुको विचार छ । राजाले प्रजारञ्जनसम्बन्धी काम गर्नुपर्छ । लोककल्याणकारी कार्य गर्नु नै प्रजारञ्जन हो। प्रजाबाट करसङ्कलनको काम इमान्दार र योग्य कर्मचारीबाट गराउनुपर्छ।

---

१० धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः ।
तस्माद्धर्मो न हन्तव्यो मा नो धर्मो हतोऽवधीत् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रजालाई पीडा नहुने गरी करसङ्कल गर्नु राजाको कर्तव्य हो। कोषको वितरण न्यायपूर्ण हुनुपर्छ। बाह्य आक्रमणबाट राज्यको रक्षाका लागि राजा युद्धका लागि सदा तयार हुनुपर्छ। राज्यको रक्षाका लागि राजा युद्ध गर्न तयार हुनुपर्छ। शत्रुका गोप्य योजना पत्तालगाउन गुप्तचरको व्यवस्था गर्नुपर्छ। मनुका अनुसार राज्य विस्तार गरी साम्राज्य निर्माण गर्नु पनि राजाको लक्ष्य हुनुपर्छ। राजाले सैन्य बहादुरी देखाउन सक्षम हुनुपर्छ।

योग्य व्यक्तिलाई राज्यका अमात्य आदि विभिन्न पदमा नियुक्ति गर्नुपर्छ।. राजाले मन्त्रिमण्डलको परामर्शअनुसार शासन सञ्चालन गर्नुपर्छ। राजा निर्णय पूर्णत: गुप्त राख्न सक्षम हुनुपर्छ। राजा सदा सचेत रहनुपर्छ। राजाले आफ्ना कर्मचारीहरूको आचरण परीक्षण गरिरहनुपर्छ।

मनुको मतानुसार राजा शक्तिशाली छन् तर निरङ्कुश हुन सक्दैनन्। राजालाई राजधर्मको नियन्त्रमा राखिएको छ। राजाले मन्त्रिपरिषद्को सल्लाह र जनमतलाई कदर गरेर राज्यको शासन सञ्चालन गर्नुपर्छ भन्ने मनुको विचार रहेको छ। राजधर्ममा तोकिएका कार्य सम्पन्न गर्नु राजाको कर्तव्य हो। स्वधर्मको पालना गर्नु प्रजाको पनि कर्तव्य हो।

स्थानीय शासन (Local Governance)

मनुस्मृतिमा स्थानीय शासनसम्बन्धी निर्देश उल्लेख गरिएको छ। मनुले राज्यलाई पुर र राष्ट्रमा विभाजन गरेका छन्। पुरको अर्थ राजधानी शहर हो। शहर र गाउँमा स्थानीय प्रशासनिक संरचनाको उल्लेख मनुस्मृतिमा गरिएको छ। ग्रामीण प्रशासनको समुचित व्यवस्थाका बारेमा मनुले सुन्दर वर्णन गरेका छन्। प्रत्येक गाउँमा ग्राम अधिपति, दस गाउँमा दस ग्रामपति, बीस गाउँमा विंशतीश वा बीस गाउँको प्रमुख राजाले नियुक्त गर्नु पर्ने मनुको विचार रहेको छन्। यसैगरी सय गाउँमा शतेश वा सय गाउँ प्रमुख र हजार गाउँमा सहस्रपति वा हजार गाउँ प्रमुखसमेत गाउँका रक्षक राजाले नै नियुक्त गर्नुपर्छ भन्ने मनुको विचार छ (मनु, अ.७, श्लो.११५)। मनुका अनुसार प्रत्येक नगरमा नगरको रक्षाका लागि राजाले सर्वार्थचिन्तक अधिकारी नियुक्त गर्नुपर्छ (मनु, अ.७, श्लो.१२१)। यसरी मनुले स्थानीय समस्या स्थानीय तहबाट नै समाधान गर्न गाउँ र नगर रक्षकको व्यवस्था गरेका छन्। यो स्थानीय स्वशासनको चिन्तनको प्रारम्भिक विन्दु थियो। स्थानीय प्रशासनको कार्य आ-आफ्नो क्षेत्र स्थानीय स्तरमा शान्ति सुव्यवस्था कायम गर्नु, कर सङ्कलन गर्नु र विवादको समाधान गर्नु थियो।

वर्ण व्यवस्था (Varna System)

मनु वर्णव्यवस्थाका पक्षपाती थिए। गुण र कर्मका आधारमा समाज चार वर्णमा विभाजित गरिएको प्रसङ्ग मनुस्मृतिमा उल्लेख गरिएको छ। गुण र कर्मको तात्पर्य व्यक्तिको स्वभाव र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सामाजिक दायित्वसँग सम्बन्धित छ। हिन्दु चिन्तनमा सत्त्वगुण, रजोगुण र तमोगुण गरी तीन प्रकारका गुण बताइएको छ। यी गुणबाट सात्त्विक, राजसिक र तामसिक अलगअलग प्रवृतिको विकास हुन्छ। सात्त्विक प्रवृतिको प्रधानता भएको व्यक्ति जसले जीवनप्रति आध्यात्मिक दृष्टिकोण राख्दछ त्यो ब्राह्मण मानिन्छ। सात्त्विक र राजसिक प्रवृतिको प्रधानता भएको व्यक्ति क्षत्रिय मानिन्छ। राजसिक र तामसिक प्रवृतियुक्त व्यक्तिलाई वैश्य भनिन्छ। नितान्त तामसिक प्रवृति भएको व्यक्तिलाई शूद्र भनिन्छ। सृष्टिकर्ता ब्रह्माले मुखबाट ब्राह्मण, बाहुबाट क्षत्रिय, तिघ्राबाट वैश्य र पाउबाट शूद्रको उत्पत्ति गरे भन्ने वैदिक मान्यताको मनुले समर्थन गरेका छन् (मनु, अ.१, श्लो.८७)। चार वर्णका कर्म पनि निर्धारित गरिएको छ। ब्राह्मणहरूका लागि पढ्नु, पढाउनु, यज्ञ गर्नु, यज्ञ गराउनु,दान दिनु र दान लिनु गरी छ कर्म निश्चित गरिएको छ। भोगविलासमा आसक्त नभई प्रजाको रक्षा गर्नु, दान दिनु, यज्ञ गर्नु, पढ्नु क्षत्रियका कर्म हुन्। पशुपालन गर्नु, दान दिनु, यज्ञ गर्नु, पढ्नु, व्यापार गर्नु, व्याज लिएर धन लेनदेन गर्नु र खेती गर्नु वैश्यका कर्म हुन्। उपर्युक्त तीनै वर्णहरूको सेवा र सहयोग गर्नु शूद्रको कर्म हो भन्ने मनुको मत छ (मनु, अ.१, श्लो.८८-९१)।

सभ्यता एवं संस्कृतिको आधार विद्या, धर्म र आचारलाई आफ्नो जीवनमा चरितार्थ गर्ने समूहलाई ब्राह्मण भनियो। राज्य सञ्चालनमा सल्लाह सहयोग गर्नु एवं मन्त्रीका रूपमा कार्य गर्नु ब्राह्मणको कर्तव्य मानिन्थ्यो। राज्य सञ्चालनका साथै राज्यको सुरक्षा गर्नु क्षत्रियको धर्म थियो। व्यापार, कृषि, पशुपालन आदि आर्थिक क्रियाकलाप वैश्यको कार्य मानिन्थ्यो। त्यसैगरी शिल्प र सेवासम्बन्धी कार्य गर्ने वर्गलाई शूद्र भनिन्थ्यो। यसरी हेर्दा ब्राह्मण र क्षत्रियको मात्र राजनीतिमा सहभागिताको व्यवस्था मनुको राजनीतिक चिन्तनमा देखिन्छ। वैश्य र शूद्रलाई राजनीतिबाट अलग राखिएको छ। वर्ण व्यवस्था कालान्तरमा छुवाछुतको रूपमा विकास हुन पुग्यो। हाल आएर मनुको उक्त व्यवस्था हिन्दुहरूको सामाजिक व्यवस्थामा सबैभन्दा बढी आलोच्य विषय बनेको छ।

अन्तरराज्य सम्बन्ध (Inter-State Relation)

अन्तरराज्य सम्बन्धमा कूटनीति पनि मनुस्मृतिको प्रतिपाद्य विषय हो। राज्यहरूको परस्पर सम्बन्धका विषयमा मनुले मण्डल सिद्धान्त, चार उपाय र षड्गुण सिद्धान्तको उल्लेख गरेका छन्। एउटा राज्यले अर्को राज्यसँग सम्बन्ध राख्दा यी सिद्धान्तहरूको पालना गर्नुपर्दछ भन्ने उनको निर्देशन छ। राज्यलाई शक्तिशाली बनाउनु उनको परराष्ट्रनीतिको उद्देश्य रहेको छ।

मण्डल सिद्धान्त (Mandala Theory)

साम्राज्य निर्माण गर्न चाहने शक्तिशाली राजालाई विजिगीषु अर्थात् जित्न इच्छा राख्ने राजा भनिन्छ। राजाले आफ्ना राज्यको सीमा जोडिएका राजा र उनका सेवकलाई शत्रु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
प्रकृति मानिएको छ । शत्रुका राज्यसँग सीमा जोडिएका राजा र राज्य मित्र प्रकृतिका हुन्छन् । ती दुबै प्रकृति भन्दा टाढा रहेका राजा उदासीन हुन् (मनु, अ.७, श्लो.१५५ र १५८) । विजिगीषु राजा शत्रुसँग युद्धमा भएका बेला, पछाडिबाट विजिगीषुमाथि आक्रमण गर्ने राज्यलाई पार्ष्णिग्राह भनिन्छ । त्यस्तै पछाडिबाट विजिगीषुलाई सहयोग गर्ने पार्ष्णिग्राहको शत्रु विजिगीषुको मित्र राज्यलाई आक्रन्द भनिन्छ (मनु, अ.७, श्लो.२०७) । विजिगीषु, अरि, मित्र, मित्रमित्र, अरिमित्रमित्र, पार्ष्णिग्राह, आक्रन्द, पार्ष्णिग्राहसार, आक्रन्दसार, मध्यम र उदासीन राज्यका बाह्र प्रकारका प्रकृति हुन्छन् । मित्र, मित्रमित्र, आक्रन्द र आक्रन्दसार विजिगीषु राज्यका मित्र राज्यहरू हुन् । अरि, अरिमित्र, अरिमित्रमित्र, पार्ष्णिग्राह र पार्ष्णिग्राहसार विजिगीषुका शत्रु राज्य हुन् । विजिगीषु र उसको शत्रुका बीचको राज्य जसले दुबैसित मित्रता राख्दछ त्यसलाई मध्यम भनिन्छ । विजिगीषु र शत्रु राज्यमध्ये कुनैतर्फ पनि नलाग्ने राज्यलाई उदासीन भनिन्छ ।

चार उपाय (Four Strategies)

साम, दान, भेद र दण्ड चार उपाय हुन् । राजाले राज्य मण्डलमा रहेका राजाहरूलाई साम, दान, भेद र दण्ड उपायको संयुक्त रूपमा वा अलग-अलग रूपमा प्रयोग गरेर अथवा साम र दण्डनीतिको प्रयोग गरेर आफ्ना वशमा गराउनु पर्दछ (मनु, अ.७, श्लो.१५९) । सामको अर्थ प्रशंसा एवं समानताको व्यवहार हो । दान भनेको दिनु हो । धन, उपहार आदि दिएर शत्रुलाई आफ्नो पक्षमा ल्याउने उपायलाई दाननीति भनिन्छ । शत्रु पक्षका राजा वा मन्त्रीहरूलाई फुटाएर कमजोर बनाई आफ्नो वशमा पार्ने उपाय भेदनीति हो । दण्ड शक्तिको प्रयोग गरी शत्रुलाई दण्डित गर्ने नीतिलाई दण्ड भनिन्छ । शत्रुलाई साम, दान र भेद नीति मध्ये सबै एकै पटक वा पृथक-पृथक रूपमा प्रयोग गरी जित्ने प्रयत्न गर्नुपर्दछ । सामान्यत : दण्ड वा युद्धको प्रयोग गर्नु उपयुक्त हुँदैन भन्ने मनुको विचार छ[११] (मनु, अ.७, श्लो.१९८) । उनका अनुसार युद्धमा हारजितको निश्चय हुँदैन, त्यसकारण युद्ध गर्नुहुँदैन । पहिला तीनै उपायहरू असफल भएपछि शक्ति सम्पन्न भएर शत्रुमाथि जित निश्चित हुने अवस्थामा मात्र युद्ध गर्नुपर्दछ (मनु, अ.७, श्लो.१९९-२००) । युद्धमा दुवै पक्षको नाश हुन्छ । त्यसैले युद्ध सकभर न होस् भन्ने मनुको विचार छ । राज्यको आन्तरिक प्रशासनका साथै विदेशनीति सञ्चालनमा समेत यी चार उपायको उपयुक्त तरिकाले प्रयोग गर्नुपर्छ भन्ने मनुको विचार रहेको छ ।

षड्गुण सिद्धान्त (Six-fold Foreign Policy)

परराष्ट्र नीति छ प्रकारका छन् जसलाई षड्गुण सिद्धान्त भनिन्छ । ती सिद्धान्तहरूमा सन्धि, विग्रह, यान, आसन, द्वैधीभाव र संश्रय पर्दछन् । मनुका अनुसार राजाले यी छ गुणका

११ साम्ना दानेन भेदेन समस्तैरथवा पृथक् ।
विजेतुं प्रयतेतारीन्न युद्धेन कदाचन ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.

CC-0.In Public Domain. Digitization by eGangotri

विषयमा निरन्तर विचार गरिरहनुपर्दछ[१२] (मनु, अ.७, श्लो.१६०)। सन्धिको अर्थ मेलमिलाप हो। विग्रहको अर्थ युद्ध हो। अन्तरराष्ट्रिय सम्बन्धका सन्दर्भमा यानको अर्थ युद्धका निम्ति सैनिक परिचालन वा हिडाल्ने कार्य हो। सेनालाई एक ठाउँमा बसाउने नीतिलाई आसन भनिन्छ। बाहिर एउटा र भित्र अर्कै भाव राख्ने नीति द्वैधीभाव हो । सुरक्षाका लागि शक्तिशाली राजाको आश्रय लिने नीति संश्रय हो। यी छ सिद्धान्तमध्ये राज्यको हितका लागि उपयुक्त सिद्धान्तको प्रयोग गर्न राजा निपुण हुनुपर्छ भन्ने मनुको विचार रहेको छ।

गुप्तचर (Spy)

प्राचीन हिन्दु राज्य व्यवस्थामा गुप्तचर ज्यादै महत्त्वपूर्ण मानिन्थे। राज्यभित्र राजाको पक्ष तथा विपक्षमा रहेका प्रजाको विषयमा राजालाई सूचना दिनु गुप्तचरको काम मानिन्थ्यो। गुप्तचरबाट प्राप्त सूचनाका आधारमा राजाले जनताको अभिमत बुझ्दथे । प्रजाको इच्छाअनुसार शासन सञ्चालन गर्न त्यस्तो सूचना ज्यादै महत्त्वपूर्ण मानिन्थ्यो । राज्यभित्रका अपराधीका विषयमा पनि गुप्तचरका माध्यमबाट राजाले जानकारी प्राप्त गर्थे। यति मात्र होइन राजाले शत्रुराज्यका विषयमा यथार्थ सूचनासमेत गुप्तचरका माध्यमबाट प्राप्त गर्दथे। त्यसैले मनुले गुप्तचरलाई राजाका आँखा मानेका छन्। गुप्तचरका आँखाले सबैतर्फ देख्ने भएकाले राजालाई 'चारचक्षु' भनिन्छ[१३] (मनु, अ.९, श्लो. २५६)।

दूत (Ambassador)

राज्यको परराष्ट्रनीति सन्धि, विग्रह आदि दूतका अधीनमा हुन्छन् (मनु, अ.७, श्लो.६५)। सबै शास्त्रमा कुशल, इशारा, आकार वा अनुहार र आँखाको भाव र चेष्टा हेरेर मनको भाव बुझ्न सक्ने, पवित्र चरित्र भएका, दक्ष र कुलीन व्यक्तिलाई राजदूत नियुक्त गर्नुपर्दछ[१४] (मनु, अ.७, श्लो.६३)। सबैलाई प्रेम गर्ने, पवित्र चरित्र भएको, दक्ष, मेधावी, देश-काल जान्ने, सुन्दर शरीर भएको, निर्भीक र कुशल वक्ता राजदूतका प्रशंसनीय गुण हुन् (मनु, अ.७, श्लो.६४)। दूतले नै बिग्रेका व्यवहार मिलाउँछन् र मिलेको व्यवहार बिगार्दछन्। दूतले शत्रुपक्षका मनिसहरूलाई छिन्नभिन्न पारिदिन्छन्। दूतले प्रतिपक्षी राजाका विभिन्न कार्यमा नियुक्त सेवकहरूको इशारा र चेष्टा एवं राजाको तिनीहरूप्रतिको भाव बुझ्नुपर्दछ (मनु, अ.७, श्लो.६७) । दूतबाट प्रतिपक्षी राजाका सम्पूर्ण व्यवहार बुझेर राजाले परराष्ट्रनीति निर्माण गर्नुपर्दछ भन्ने मनुको विचार छ।

---

१२ संधिं च विग्रहं चैव यानमासनमेव च।
द्वैधीभावं संश्रयं च षड्गुणांश्चिन्तयेत्सदा।

१३ ....चारचक्षुर्महीपतिः।

१४ दूतं चैव प्रकुर्वीत सर्वशास्त्रविशारदम्।
इङ्गिताकारचेष्टज्ञं शुचिं दक्षं कुलोद्गतम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

निष्कर्ष (Conclusion)

मनुलाई प्राचीन हिन्दु राजनीतिक विचारधाराका पिता मानिन्छ। तात्कालिक समयमा समाजमा व्याप्त अराजक अवस्थाको अन्त्य गर्ने र सामाजिक र राजनीतिक सुव्यवस्था कायम गरी सभ्य समाजको निर्माण गर्ने उद्देश्यले मनुले रचना गरेका नियमको संग्रह मनुस्मृति हो। वैदिक चिन्तनमा आधारित भएको हुँदा मनुस्मृति वैदिक सनातन धर्मको आधिकारिक धर्मग्रन्थ हो । मनुस्मृतिमा बताइएका राजनीतिक एवं प्रशासनिक नियमलाई राजधर्म भनिन्छ। राज्यव्यवस्था र प्रशासन सञ्चालनका विभिन्न पक्षमा महत्त्वपूर्ण विचार दिएका हुँदा मनु प्राचीन हिन्दु राजनीतिक विचारधाराका जनक मानिएका हुन्। वेदपछि सामाजिक व्यवस्था स्थिर राख्न मनुस्मृतिको महत्त्वपूर्ण स्थान छ । समाजमा व्याप्त अराजक अवस्था अर्थात् मात्स्यन्यायको अन्त्य गर्न ईश्वरले राजा र राज्यको सृजना गरेका हुन् भन्ने मनुको विचार छ। यसरी राज्यको उत्पत्तिका विषयमा मनु दैवी सिद्धान्तका पक्षमा छन्। मनु सक्रिय राजतन्त्रका समर्थक छन्। उनले राजालाई दैवी तथा लौकिक अधिकार प्रदान गरेका छन्। अराजकताको अन्त्य गरी समाजमा सुव्यवस्था कायम गर्न राजाको दैवीकरण तात्कालिक समयको आवश्यकता थियो तर उनी निरङ्कुश राजाका पक्षमा छैनन् । कर्तव्य र नैतिकताका अधीनमा राजालाई राखेर मनुले राजाको स्वेच्छाचारितामा रोक लगाएका छन्। नैतिक कर्तव्य वा राजधर्मको उल्लङ्घन गर्ने अधिकार राजालाई दिइएको छैन। राजधर्ममा परिवर्तन गर्ने शक्ति राजालाई दिइएको छैन। उनले राजधर्मअनुसार राज्य सञ्चालन गर्नु राजाको नैतिक कर्तव्य मानेका छन्। सदाचारी राजाले मात्र समाजमा सदाचार कायम गर्न सक्छ भन्ने मनुको अभिमत छ। अविनयी राजाका विरुद्ध प्रजाले विद्रोह गर्ने सम्भावना हुन्छ र त्यस्तो राजाको राज्य नष्ट हुन्छ भन्ने मनुस्मृतिमा उल्लेख गरिएको छ।

पिताले सन्तानको रक्षा गरे जस्तै राजाले प्रजाको रक्षा गर्नुपर्छ। शान्ति सुव्यवस्था कायम गर्नु, दुष्टलाई दमन गर्नु, न्याय दिनु र जनकल्याणका कार्य गर्नु राजाको कर्तव्य मानिएको छ। बाह्य आक्रमणबाट राज्य र प्रजाको रक्षा गर्नु पनि राजाको कर्तव्य मानिएको छ। राजाले प्रजाको हितका निम्ति आफूलाई समर्पित गर्नुपर्छ। राजाले योग्य व्यक्तिलाई आफ्नो सहयोगका निम्ति मन्त्री, सेना, गुप्तचर, दूत र अन्य सरकारी अधिकारी पदमा नियुक्ति गर्नुपर्छ र तिनलाई प्रजामाथि शोषण गर्न दिनु हुँदैन भन्ने मनुको मत छ। मन्त्री र कर्मचारीको सहयोग लिएर राजाले राज्यको शासन सञ्चालन गर्नुपर्छ। जनताको हित विपरीत नहुने गरी राज्य सञ्चालन गर्नु राजाको कर्तव्य मानिएको छ। मनुका अनुसार राजा प्रजाका सर्वोत्कृष्ट सेवक हुन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

हजारौं वर्षअगाडि रचना गरिएको मनुस्मृतिका कतिपय विचार अहिले पनि व्यावहारिक देखिन्छन्। सुशासन कायम गर्न राजा, मन्त्री र सरकारी अधिकारी सदाचारी र नैतिक हुनु पर्छ भन्ने मनुको विचार वर्तमान राजनीतिमा समेत सान्दर्भिक देखिन्छ। राजालाई जनताको सच्चा सेवक बन्न मनुले दिएको परामर्श समेत वर्तमान राजनीतिमा मार्गदर्शक हुन सक्छ। राजाले शास्त्रअनुसार राज्य सञ्चालन गर्नुपर्छ भन्ने मनुको विचारमा आधुनिक विधिको शासनको झलक पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

बृहस्पति
(Brihaspati)

आचार्य बृहस्पति वैदिक ऋषि थिए। वैदिक सनातन धर्मका मान्यताअनुसार उनी देवताका गुरु हुन्। धर्मशास्त्रका क्षेत्रमा जुन स्थान मनुको छ, अर्थशास्त्र तथा नीतिशास्त्रका क्षेत्रमा त्यस्तै स्थान आचार्य बृहस्पतिको छ। आचार्य बृहस्पतिपछिका कौटिल्यजस्ता अर्थशास्त्री एवं नीतिशास्त्रीहरूले आफ्ना ग्रन्थमा आदरपूर्वक आभार व्यक्त गर्दै उनका मत उद्धृत गरेका छन्। कौटिल्यले बृहस्पतिको विचार परम्परा (Brihaspati's School of Thought) लाई 'बार्हस्पत्या' अर्थात् बृहस्पति र उनका विचारका अनुयायी भनी उल्लेख गरेका छन्। बृहस्पतिले परम्परागत नीतिशास्त्रको सङ्क्षेपीकरण गरी नीतिशास्त्रको रचना गरेका थिए भन्ने महाभारतको शान्तिपर्वमा उल्लेख गरिएको छ। बृहस्पतिले सङ्क्षेपीकरण गरेको नीतिशास्त्रको नाम बार्हस्पत्य थियो। हाल उनको बार्हस्पत्य नीतिशास्त्र उपलब्ध छैन। बृहस्पति अर्थशास्त्र विद्याका प्रथम आचार्य थिए। उनका बृहस्पतिस्मृति र बार्हस्पत्य अर्थशास्त्र राजनीतिक दृष्टिले महत्त्वपूर्ण कृति उपलब्ध छन्। बार्हस्पत्य अर्थशास्त्रलाई बार्हस्पत्य सूत्र पनि भनिन्छ। उनका दुबै ग्रन्थको परिशीलनबाट प्राप्त तथ्यका आधारमा बृहस्पतिद्वारा स्थापित विद्या परम्परामा विद्यमान राजनीतिक विचारका महत्त्वपूर्ण सैद्धान्तिक एवं व्यावहारिक पक्षको विवेचना यस अध्यायमा प्रस्तुत गरिएको छ।

बृहस्पतिका रचना (Works of Brihaspati)

बृहस्पतिका हाल उपलब्ध कृति बार्हस्पत्य सूत्र वा बार्हस्पत्यार्थशास्त्र र बृहस्पतिस्मृति हुन्। बार्हस्पत्य सूत्रमा केवल ४३० सूत्र छन्। बार्हस्पत्य अर्थशास्त्र ग्रन्थ सूत्र शैलीमा देवराज इन्द्र र देवगुरु बृहस्पतिको संवादको रूपमा रहेको छ। ग्रन्थको प्रारम्भमा यसलाई नीतिसर्वस्व अर्थात् राजनीतिको सारसङ्क्षेप भनिएको छ। अम्बिका प्रसाद बाजपेयी (वि. सं. २००६) बार्हस्पत्य सूत्रलाई बार्हस्पत्य नीतिशास्त्र स्वीकार गर्ने पक्षमा छैनन् (पृ.१४-१५)। ए. एस. अल्टेकर (२००१) का अनुसार बार्हस्पत्य अर्थशास्त्र पछिल्लो समयमा लेखिएको महत्त्वहीन, लघु ग्रन्थ हो। यसले अर्थशास्त्र विषयका साथै अनुमान गरिएका लेखकप्रति पनि न्याय गर्न सक्दैन (पृ २०-२१)। काणेले (१९३०) पनि बार्हस्पत्य अर्थशास्त्र पछिल्लो समयमा लेखिएको मानेका छन्। उनी पनि यसलाई महत्त्व दिने पक्षमा छैनन्। यी विचारभन्दा विपरीत काशीप्रसाद जयसवाल बार्हस्पत्य अर्थशास्त्र सूत्रमा लेखिएको बृहस्पतिको रचना मान्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.

CC-0.In Public Domain. Digitization by eGangotri

पक्षमा छन्। यो ग्रन्थ मध्यकालको रचना भए तापनि यसमा रहेका कतिपय अंशहरू निश्चय नै प्राचीन विचार परम्परामा आधारित छन् (Jayaswal, 1924, p. 7)। बार्हस्पत्य सूत्र बृहस्पतिको विद्या परम्पराको सङ्क्षिप्त अंश मात्र हो। मौलिक बार्हस्पत्य नीतिशास्त्र हाल उपलब्ध छैन। बार्हस्पत्य सूत्र छ अध्यायमा विभाजन गरिएको छ। प्रथम अध्यायमा राजाको कर्तव्य, चरित्र निर्माण एवं सुरक्षाको महत्त्वको वर्णन गरिएको छ। दोस्रो अध्यायमा राज्यका निम्ति आवश्यक साधन एवं उद्देश्य र राजाको कर्तव्यका साथै धार्मिक सम्प्रदायको वर्णन गरिएको छ। तृतीय अध्यायमा सामान्य प्रशासनको सिद्धान्त, दण्डनीतिको महत्त्व, धार्मिक सम्प्रदाय र तिनीहरूका तीर्थस्थान एवं विभिन्न देशको विवरण प्रस्तुत गरिएको छ। चौथो अध्यायमा राजाको दिनचर्या, वेषभूषा र मन्त्रणा (परामर्श) को विधिको वर्णन गरिएको छ। पाँचौँ अध्यायमा अन्तरराज्य सम्बन्धका सिद्धान्त अर्थात् साम, दान, भेद, दण्ड, माया, उपेक्षा र वध उपाय एवं तिनको परीक्षण विधिको निरुपण गरिएको छ। छैटौँ अध्यायमा विद्या, धन, नीति, मन्त्रणा, अमात्य आदिको महत्त्वबारे प्रकाश पारिएको छ। यस ग्रन्थमा विचारहरू व्यवस्थित र क्रमबद्ध नभई छरिएको अवस्थामा छन्।

बृहस्पतिको अर्को महत्त्वपूर्ण रचना बृहस्पतिस्मृति हो। स्मृति भनेको धर्मशास्त्र हो। व्यवहारकाण्ड, आचारकाण्ड र प्रायश्चित्तकाण्ड गरी बृहस्पतस्मृति तीन भागमा विभाजित छ। बृहस्पतिस्मृति मूलतः विधि र न्यायशास्त्रमा केन्द्रित छ। समाज, न्याय र दण्डसंहितासम्बन्धी विभिन्न विषय यसमा प्राथमिकतासाथ उल्लेख गरिएको छ। राजधर्म, राजाका कर्तव्य, प्रशासन, करव्यवस्था, शत्रुप्रति अपनाउनुपर्ने नीतिको विवेचना पनि बृहस्पतिस्मृतिमा गरिएको छ। प्राचीन कानुनी व्यवस्थालाई व्यवस्थित गर्ने ग्रन्थ बृहस्पतिस्मृति हो। बृहस्पतिस्मृति प्राचीन हिन्दु विधि र न्यायशास्त्रको महत्वपूर्ण स्रोत हो।

नीतिशास्त्रको विकासमा बृहस्पति

(Brihaspati's Role in the Development of Arthashastra)

बृहस्पति अर्थशास्त्र परम्पराका आचार्य थिए। उनले विद्याको वर्गीकरणमा दण्डनीतिलाई महत्त्वका साथ उल्लेख गरेको पाइन्छ। बृहस्पतिका अनुसार राजनीतिसम्बन्धी विद्यालाई दण्डनीति भनिन्छ। बार्हस्पत्य सूत्रमा दण्डनीतिलाई एक मात्र विद्या मानिएको छ[१] (बृहस्पति, अ. १, सू. ३)।

नीतिशास्त्रको विकासबारे महाभारतमा सविस्तार वर्णन गरिएको छ। विद्याका प्रवर्तक सृष्टिकर्ता ब्रह्मालाई मानिएको छ। सृष्टिकर्ता ब्रह्मा नै नीतिशास्त्रका पनि प्रथम प्रवर्तक थिए। उनले मानव कल्याणका लागि एक लाख अध्याय भएको विशाल नीतिशास्त्रको रचना गरेका थिए। ब्रह्माद्वारा रचना गरिएको नीतिशास्त्र भगवान् शंकर, देवराज इन्द्रपछि आचार्य

---

१ दण्डनीतिरेव विद्या।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
बृहस्पतिले आफ्नो बुद्धि-बलबाट सङ्क्षिप्त बनाएका थिए। उनको नीतिशास्त्रमा तीन हजार अध्याय थिए। त्यस नीतिशास्त्रलाई बार्हस्पत्य नीतिशास्त्र भनिन्थ्यो[२] (शान्तिपर्व,अ.५९, श्लो. २९-८५)। बृहस्पतिको बार्हस्पत्य नीतिशास्त्र ग्रन्थ हाल प्राप्य छैन तापनि बृहस्पतिका बार्हस्पत्य अर्थशास्त्र र बृहस्पतिस्मृति अर्थशास्त्र परम्पराको सार मान्नसकिन्छ।

विभिन्न ग्रन्थमा बृहस्पतिका नीतिशास्त्रका विचारहरूको उद्धरण गरेको पाइन्छ। वाल्मीकि रामायणमा बृहस्पतिको चर्चा छ। रामायणमा रामलाई बुद्धिमा बृहस्पति समान भनी उल्लेख गरिएको छ[३] (वाल्मीकि, बा., स.१, श्लो.३९)। यसैगरी न्याययुक्त पक्षको समर्थनमा बृहस्पति जस्तै राम असल युक्तिका वक्ता मानिएको छ[४] (वाल्मीकि, बा, स.१, श्लो.१७)। वात्स्यायनको कामसूत्रमा पनि सृष्टिकर्ता ब्रह्मालाई नीतिशास्त्रका प्रथम प्रवर्तक मानिएको छ। मनुले धर्मशास्त्रको सङ्क्षेपीकरण गरे भने बृहस्पतिले अर्थशास्त्रको पृथक्करण गरे भन्ने कामसूत्रमा उल्लेख छ (वात्सायन, पृ.१)। यसका अतिरिक्त विभिन्न पुराण, कौटिल्यको अर्थशास्त्र, कामन्दकीय नीतिसार आदिमा बृहस्पतिका महत्त्वपूर्ण राजनीतिसम्बन्धी विचारको उद्धरण गरेको पाइन्छ। कौटिल्यले अर्थशास्त्र लेख्ने समयमा बृहस्पतिको विद्या परम्परा स्थापित थियो। कौटिल्यको अर्थशास्त्रमा वार्ता र दण्डनीति गरी दुई प्रकारका विद्या मान्ने बृहस्पतिको विद्या परम्परा हो भन्ने उल्लेख छ[५] (कौटिल्य, अधि.१, अ.३)। प्राचीन समयमा धर्मशास्त्र, वार्ताशास्त्र र दण्डनीतिलाई नीतिशास्त्रअन्तर्गत राखिन्थ्यो। बृहस्पतिको विद्या परम्परामा वार्ता र दण्डनीतिलाई प्राथमिकता दिइएको हुनाले उनलाई प्राचीन अर्थशास्त्र परम्पराका प्रथम आचार्य मानिएको हो।

अर्थशास्त्र शब्द आधुनिक अर्थशास्त्रभन्दा पृथक अर्थ-राजनीतिका लागि प्रयोग गरिएको छ। वार्ता र दण्डनीति पक्षलाई महत्त्व दिने हुँदा अर्थ-राजनीतिलाई अर्थशास्त्र भनिन्छ। प्राचीन कालमा वर्तमान समयमा जस्तो कानुन, राजनीतिशास्त्र, अर्थशास्त्र, समाजशास्त्र जस्ता ज्ञानका शाखाको विकास भएको थिएन। त्यसैले राज्यको शासनकला, न्याय सम्पादन, आर्थिक व्यवस्था, कूटनीति एवं अन्तरराज्य सम्बन्धका सिद्धान्तसम्बन्धी ज्ञानसमेतको एकीकृत विद्यालाई दण्डनीति भनिन्थ्यो।

राज्यको उत्पत्ति (Origin of the State)

राज्यको उत्पत्तिसम्बन्धी बृहस्पतिको विचार मनुको विचारसँग मिल्दो छ। प्राचीनकाल वा सत्ययुगमा राजा र राज्य दुवैको उपस्थिति थिएन। राजा र राज्यको अभावमा पारिवारिक

२ अध्यायानां सहस्रैस्तु त्रिभिरेव बृहस्पतिः।
संचिक्षेपेश्वरो बुद्ध्या बार्हस्पत्यं तदुच्यते।

३ .... बृहस्पतिसमो मतौ।

४ उत्तरोत्तरयुक्तिनां वक्ता वाचस्पतिर्यथा।

५ वार्ता दण्डनीतिश्चेति बार्हस्पत्याः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
एवं सामाजिक व्यवस्था धर्मानुकूल चल्दथे । त्यस वेला सनातन धर्म थियो । मानिसहरू शान्त प्रकृतिका र अहिंसक थिए । सबैले सनातन धर्मले तोकेका आ-आफ्ना कर्तव्य पालन गर्दथे । धर्मद्वारा नै सबै प्रजा एक आपसमा रक्षित थिए । समाज स्वचालित र स्वनियन्त्रित थियो । कसैले पनि नियम भङ्ग गर्दैनथे र समाजमा अव्यवस्था थिएन (बृहस्पति, अ.१, श्लो.१-३) । कालान्तरमा पतनको युग प्रारम्भ भयो । धर्मको हानि एवं अधर्मको वृद्धि यसको कारण थियो । मत्सर र द्वेषका कारण अधर्मको जन्म भयो । क्रमशः अराजकता र अस्थिरता सिर्जना भयो । त्यस अवस्थालाई मात्स्यन्यायको युग भनिन्छ । त्यस अराजक अवस्थाबाट समाजलाई मुक्त गर्न देवताहरूले उदारता देखाएर राजा र राज्यको सृर्जना गरेका थिए भन्ने बृहस्पतिको मत छ । सोम, अग्नी, अर्क वा सूर्य, अनिल, इन्द्र, कुवेर र यमको तेजको शाश्वत मात्रा लिएर राजाको निर्माण गरिएको थियो [६] (बृहस्पति, अ. १, श्लो. ६-७) । सामाजिक व्यवस्था भङ्ग गर्ने व्यक्तिलाई दण्ड दिनका लागि राजालाई विशेष शक्ति प्रदान गरियो । राजालाई स्थावर एवं चर जगतको स्वामित्व प्रदान गरियो । राजाको दण्डका डरले लोकले आ-आफ्नो कर्तव्य पालन गर्दछन् र पथभ्रष्ट हुँदैनन् भन्ने मान्यतामा बृहस्पतिको विश्वास छ । यसरी बृहस्पति राजा र राज्यलाई दैवी सृजना मान्ने पक्षमा रहेका छन् । बृहस्पति र मनुको राजा र राज्यको उत्पत्तिसम्बन्धी विचारमा समानता देखिन्छ ।

राज्यको सप्ताङ्ग सिद्धान्त (Seven Elements of the State)

कामन्दकीय नीतिसारमा बृहस्पतिका अनुसार राज्यका सात अङ्गको उल्लेख छ । राज्यका अङ्गलाई प्रकृति पनि भनिन्छ । पृथ्वीपति, अमात्य, राष्ट्र, दुर्ग, कोष, दण्ड र मित्र राज्यका सात अङ्ग वा प्रकृति मान्ने बृहस्पतिको मत छ[७] (बृहस्पति, उद्धृत कामन्दक, अ. ८, श्लो. ५-६) । राज्यका सात अङ्ग मान्ने विषयमा सबै प्राचीन हिन्दु राजनीतिक चिन्तक सहमत छन् ।

राज्यको उद्देश्य (Objectives of the State)

धर्म, अर्थ, काम र मोक्ष प्राप्ति नीतिशास्त्रको फल हो (बृहस्पति, अ.२, सू. ४३-४८) । वैदिक सनातन धर्मअनुसार धर्म, अर्थ काम र मोक्ष मानव जीवनका चार पुरुषार्थ हुन् । चार पुरुषार्थ प्राप्त गर्न सहयोग गर्नु राज्यका पनि उद्देश्य मानिएको छ । आफ्नो र प्रजाको धर्म,

---

६ सोमाग्न्यर्कानिलेन्द्राणां वित्याप्पत्त्योर्यमस्य च ।
तेजो मात्रं समुद्धृत्य राज्ञो मूर्तिर्हि निर्मिता ।

७ अमात्यराष्ट्रदुर्गाणि कोषो दण्डश्च पञ्चमः ।
एता प्रकृतयस्तज्ज्ञैर्विजिगीषो रुदाहृताः ॥
एता पञ्च तथा मित्रं सप्तमः पृथिवीपतिः ।
सप्तप्रकृतिकं राज्यमित्युवाच बृहस्पतिः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri
अर्थ, काम र मोक्षका लागि प्रयास गर्नु राजाको कर्तव्य थियो। धर्म सत्यमा आधारित हुन्छ। धर्मको स्थापना राज्यको पहिलो उद्देश्य हो। जगतको आधार धन हो भन्ने बृहस्पतिको विचार छ। धनबाट नै संसारका सबै काम चल्छन्। धन नभई कुनै पनि कार्य हुन सक्दैन। राज्यका लागि धन मूल तत्त्व हो। जुन व्यक्तिसँग धन हुन्छ त्यसैका मित्र हुन्छन्। धर्म, विद्या, बुद्धि, सद्गुण र पराक्रम पनि धनबाट नै प्राप्त हुन्छन् (बृहस्पति, अ.६, सू. ७-१०)। बृहस्पतिले वैदिक हिन्दु समाजमा सर्वप्रथम अर्थलाई महत्त्व दिएका थिए। बृहस्पतिले धनलाई संसारको मूल तत्त्व मानेका छन् तापनि धर्मको महत्त्व स्वीकार गरेका छन्। धर्मको मूल वा आधार विद्या भएकोले त्यसको अनुशीलन गर्नुपर्छ भन्ने बृहस्पति सूत्रमा उल्लेख छ (बृहस्पति, अ.६, सू. १३)। सबैको आधार विद्या हो भन्ने बृहस्पतिको भनाइ रहेको छ (बृहस्पति, अ.६, सू. १४-१५)। विद्यालाई धर्मको आधार मानिएको छ। यसबाट बृहस्पतिको विचार धर्म र अर्थराजनीतिबीच सन्तुलन कायम गर्ने पक्षमा देखिन्छ। कामको अर्थ लौकिक सुखभोग हो। सुखभोगमा प्रजालाई सहयोग गर्नु राजाको कर्तव्य हो। अन्त्यमा अध्यात्म साधना र मोक्ष प्राप्त गर्न सहयोग गर्नु पनि राज्यको उद्देश्य थियो।

अनेक राज्य (Several States)

बृहस्पत्य अर्थशास्त्रमा विभिन्न राज्य र नदीको वर्णन गरिएको छ। उत्तरमा हिमालय पर्वत छ र त्यसको दक्षिणमा नौ हजार योजन फैलिएको भूमि छ (बृहस्पति, अ. ३, सूत्र ७०--७१)। दक्षिणमा भारत खण्ड छ (बृहस्पति, अ. ३, सू. ७२)। गंगा, सरस्वती, कालिन्दी, गोदावरी, कावेरी, ताम्रपर्णी र घृतमाला गरी सात ठूला नदीहरूको बृहस्पति सूत्रमा उल्लेख गरिएको छ (बृहस्पति, अ. ३, सू.)। वैष्णव, शाक्त र शैव सम्प्रदायका तीर्थहरूको वर्णन पनि गरिएको छ। वैष्णव क्षेत्रअन्तर्गत शालग्राम क्षेत्र अर्थात् शालग्राम पाइने कालीगण्डकी क्षेत्रको समेत बार्हस्पत्य सूत्रमा उल्लेख गरिएको छ। नेपाल, उत्तर लाट, पूर्व लाट, काशी, पाञ्चाल, केकय, सृञ्जय, मात्स्य, मागध, मालव, शकुन्त, कोशल, अवन्ती, सह्य, वैदर्भ, वैदेह, कौरव, काम्बोज र दशार्ण ठूला देश हुन् (बृहस्पति, अ. ३, सू. ८७-९८)। आरट्ट, वाह्लिक, शाक, सौराष्ट्र, अङ्ग, वङ्ग, कलिङ्ग, काश्मीर, हूण, अम्बष्ठ, सिन्धु, किरात, सौवीर, चोल, पाण्ड्य, यादव र काञ्ची साना राज्य हुन् (बृहस्पति, अ.३, सू. १००-१०५)। बृहस्पति सूत्रमा नेपाल र विदेह राज्यको पनि उल्लेख हुनु हाम्रा निम्ति गौरवको विषय हो। काशीको परिमाण असी योजन हुँदा नेपालको परिमाण एक सय चार योजन बताइएको छ[८] (बृहस्पति, अ. ३, सू. ८७-९०)। काशी, कोशल जस्ता प्राचीन राज्यभन्दा नेपाल ठूलो राज्य भनी उल्लेख भएको हुँदा नेपालको प्राचीनताका साथै विशालतालाई पनि बार्हस्पत्य सूत्रमा स्पष्ट पारिएको छ। यसका साथै गण्डकी क्षेत्रलाई वैष्णव क्षेत्रको उदाहरणका रूपमा

---

८ चार कोशको एक योजन हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
समेत चर्चा गरिएको छ । गण्डकी क्षेत्रलाई बार्हस्पत्य सूत्रमा शालग्राम क्षेत्र भनी उल्लेख गरिएको छ।

धार्मिक सम्प्रदाय (Dharma and Sects)

बृहस्पतिले लौकायतिक, कापालिक, जैन र बौद्ध धार्मिक सम्प्रदायको उल्लेख गरेर ती मतको निन्दा समेत गरेका छन्। ईश्वर, आत्मा, पुनर्जन्म, परलोक, धर्मशास्त्र आदि नमान्ने र भौतिक सुख प्राप्ति नै जीवनको लक्ष्य मान्ने नास्तिक दर्शन चार्वाक वा लौकायतिक दर्शन हो (बृहस्पति, अ. २, सू. १२)। कापालिक तान्त्रिक शैव सम्प्रदाय हो। मधु, मांस आदि भोग विलासमा रमाउने कापालिक पाखण्डी हुन् (बृहस्पति, अ. २, सू. १३)। सन्ध्योपासन, अग्निहोत्र आदि परित्याग गरी अहिंसा धर्म पालन गर्ने जैन वा क्षपणक पाखण्डी हुन् (बृहस्पति, अ. २, सू. १४)। बौद्ध धर्म पनि अनीश्वरवादी धर्म हो। इसापूर्व छैटौं शताब्दीमा नेपालको लुम्बिनीमा जन्मेका गौतम बुद्ध यस धर्मका प्रवर्तक हुन्। बौद्ध धर्ममा आत्माको परिकल्पना छैन तर पुनर्जन्मको मान्यता छ । तृष्णारहित अवस्थालाई बुद्धले निर्वाण मानेका छन्। बृहस्पतिका अनुसार वेदले बताएको ज्ञान, कर्म तथा सबै ईश्वर शिव, विष्णु, देवीलाई परित्याग गरी सबै शून्य मान्ने पाखण्डी बौद्ध हुन् (बृहस्पति, अ. २, सू. १५)। यी चार धर्म सम्प्रदायको बृहस्पति सूत्रमा निन्दा गरिएको छ (बृहस्पति, अ. २, सू. १६-३५)। बृहस्पतिले वैदिक सनातन धर्मका वैष्णव (विष्णुको उपासना गर्ने), शैव (शिवको उपासना गर्ने) र शाक्त (देवी वा शक्तिको उपासना गर्ने) सम्प्रदायलाई मोक्ष प्राप्त गर्ने तीन साधन भनी प्रशंसा गरेका छन् (बृहस्पति, अ. ३, सू. १०)।

वैदिक सनातन धर्ममा विचार र अभिव्यक्तिको स्वतन्त्रता थियो । परस्पर विरोधी विचारमाथि वादविवाद हुन्थ्यो । एकले अर्कालाई भौतिक रूपले समाप्त पार्ने कार्य गरिदैनथ्यो। राजा र राज्यले पनि राज्यभित्र भाषिक, सांस्कृतिक र धार्मिक एकताको सट्टा विविधता कायम राख्न सहमत भएको स्पष्ट हुन्छ। त्यसैले गर्दा वैदिक परम्परा नै नमान्ने चार्वाक दर्शन, बौद्ध धर्म र जैन धर्मको विकास वैदिक सनातन समाजमा सम्भव भयो। यसरी समाजमा प्रचलित विविध परम्परालाई मान्यता दिइएको हुँदा हिन्दु राज्यव्यवस्थामा सांस्कृतिक बहुलवाद स्वीकार गरेको स्पष्ट हुन्छ।

राजा र राजधर्म (The King and His Duties)

प्राचीन वैदिक सनातन समाजमा राजतन्त्र प्रचलित शासन व्यवस्था थियो। बृहस्पति राजतन्त्रका समर्थक थिए । वर्ण-व्यवस्थाको पनि बृहस्पतिले समर्थन गरेका छन्। राजा क्षत्रिय हुनुपर्छ भन्ने उनको विचार छ । बार्हस्पत्य राज्य-व्यवस्थामा राज्यका सम्पूर्ण क्रियाकलापको जनक एवं शासकीय शक्तिको स्रोत राजालाई मानिएको छ। सम्पूर्ण स्थावर र जङ्गम जगतका स्वामी तथा सामाजिक व्यवहारका नेता राजा थिए (बृहस्पति, व्या.,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
श्लो.१-९)। राजा क्षत्रिय हुनुपर्ने र उनले ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र गरी चारै वर्णको रक्षा गर्नुपर्छ भन्ने बृहस्पतिको विचार छ[९] (बृहस्पति, अ. ३, सू. १८)। राजाले प्रजा र राज्यको रक्षा गर्ने हुँदा उनी क्षत्रिय भए। प्रजारञ्जन गर्ने हुनाले उनलाई राजा भनियो भन्ने बृहस्पतिको विचार छ।

राजाको योग्यता (Qualification for the King)

मनुस्मृति र याज्ञवल्क्य स्मृतिको राजधर्ममा उल्लेख भए जस्तै बृहस्पतिले पनि राजाको असल वैयक्तिक चरित्रमा जोड दिएका छन्। सदाचार राजाको निम्ति पहिलो योग्यता मानिएको छ। बार्हस्पत्य सूत्रका अनुसार आत्मसंयमी अर्थात् इन्द्रियमाथि नियन्त्रण गर्न सक्षम व्यक्ति राजा हुनुपर्छ[१०] (बृहस्पति,अ.१, सू.१)। तत्कालीन राज्य व्यवस्थामा राजा काम, क्रोध, मद, लोभ, मोह र ईर्ष्याबाट सिर्जना हुने दुर्व्यसनरहित हुनुपर्छ भन्ने मान्यता थियो। बृहस्पति सूत्रमा राजालाई मद्यपान नगर्न (बृहस्पति,अ.१, सू.१६), बढी क्रोध नगर्न (बृहस्पति, अ.१, सू। २१), अनावश्यक विषयमा लोभ नगर्न समेत (बृहस्पति, अ.१, सू.२२) सल्लाह दिइएको छ। असल चरित्र भएको व्यक्तिले मात्र राज्य सञ्चालन गर्न सक्छ भन्ने बृहस्पतिको मत छ [११] (बृहस्पति, अ.२, सू.१)।

असल चरित्र निर्माणका लागि राजाका लागि शिक्षाको आवश्यकता पर्दछ भन्ने बृहस्पतिको विचार छ। उनले शासनकला र युद्धनीतिको ज्ञान राजाका लागि आवश्यक मानेका छन्। शिक्षा राजनीतिको सैद्धान्तक र व्यावहारिक ज्ञानका लागि आवश्यक हुन्थ्यो। विद्याबाट मानिसमा विनयको विकास हुन्छ। विनय राजाका लागि आवश्यक गुण मानिएको छ। आन्वीक्षिकी, त्रयी, वार्ता र दण्डनीति चार विद्या मानिएको छ। राजाको निम्ति दण्डनीति एक मात्र विद्या हो भन्ने बृहस्पतिको मत छ (बृहस्पति, अ.१, सू.३)। उनले राजालाई सुशासनको व्यावहारिक ज्ञानमा प्रशिक्षण दिने उद्देश्यले बार्हस्पत्य सूत्रको रचना गरिएका थिए। तत्कालीन राज्य व्यवस्थामा राजाको व्यक्तिगत आचरण सबैभन्दा महत्त्वपूर्ण र संवेदनशील विषय मानिन्थ्यो। बार्हस्पत्य सूत्रमा राजाको दिनचर्याको समेत वर्णन गरिएको छ।

राजाको उत्तराधिकार र राज्याभिषेक (Succession of Kingship and Coronation)

बृहस्पतिले राजतन्त्रात्मक शासन व्यवस्थाको समर्थन गरेका छन्। राज्यत्वको उत्तराधिकार वंशपरम्परागत थियो। सामान्यत: राजाको ज्येष्ठपुत्र राज्यको उत्तराधिकारी हुन्थे। ज्येष्ठपुत्र अयोग्य भएमा मात्र अन्य योग्य पुत्रलाई राजा पदका लागि छनोट गरिन्थ्यो।

९ चातुर्वर्ण्यं रक्षेच्च।
१० आत्मवान् राजा।
११ गुणवतो राज्यम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
राज्याभिषेक राजाको विधिवत अनुमोदनको प्रक्रिया थियो। राज्याभिषेकमा राजाले प्रजाको हितका लागि काम गर्ने प्रतिज्ञा गर्दथे । राजाले लिने शपथको वैधानिक महत्त्व थियो। राज्याभिषेकसम्बन्धी कर्मकाण्डको चर्चा भने बृहस्पतिको रचनामा उल्लेख छैन।

मन्त्रको गोपनीयता (Secrecy of Counseling)

प्राचीन हिन्दु राजनीतिक चिन्तनको एउटा महत्त्वपूर्ण विषय मन्त्र हो। मन्त्रको अर्थ परामर्श एवं निर्णय प्रक्रिया हो। राज्यको आन्तरिक शासन व्यवस्थाका साथै अन्तरराज्य सम्बन्धको सञ्चालनका लागि मन्त्र आवश्यक मानिन्थ्यो। शासन सञ्चालनका सन्दर्भमा नीतिनिर्माण वा उचित निर्णय गर्नु वर्तमान राजनीतिको समेत महत्त्वपूर्ण पक्ष मानिन्छ। विदेशनीतिको उद्देश्य विजय प्राप्त गर्नु थियो । विजयको मूल आधार मन्त्रणा हो भन्ने बृहस्पतिको विचार छ (बृहस्पति, अ. ४, सू.२७)। बालक, दुष्ट, चोर, डाँका, शास्त्रको ज्ञान नभएको, मूर्ख, दुराचारी, कडा स्वभाव भएको, घमण्डी र छिटो रिसाउने व्यक्तिहरू परामर्शका लागि योग्य हुँदैनन्। बन्धु, शुभचिन्तक, विद्वान्, बुद्धिमान् एवं अर्थशास्त्रीहरूसँग गरिने परामर्श उत्तम मन्त्र हो। दण्डनीतिअनुसार विद्वान् मन्त्रीहरूबाट सर्वसम्मत रूपमा प्राप्त परामर्श उत्तम परामर्श हो। पहिला मतभिन्नता र अन्त्यमा एक मत भएको परामर्श मध्यम खालको परामर्श मानिन्छ। परस्पर कलह, निन्दा, धर्म र अर्थको विवाद भएको, रुँदै, रिसाउँदै गरेको अवस्था तथा विवेकहीन स्त्री, बालक र वृद्धसँग गरिने परामर्शलाई अधम मन्त्र भनिन्छ (बृहस्पति, अ. ४, सू.३०-३६)। बुद्धिजीवी मन्त्रीसँग गर्न हुने र गर्न नहुने विषयमा परामर्श लिएर निर्णय गर्नुपर्छ भन्ने बृहस्पतिको मत छ (बृहस्पति, अ. ६, सू. ५)। राजाले राज्यका महत्त्वपूर्ण निर्णय लिनुभन्दा पहिले गोप्य रूपले परामर्श गर्नुपर्छ। मन्त्र कार्यान्वयन गर्नुभन्दा पहिले प्रकट गर्नु हुँदैन भन्ने बृहस्पतिको विचार रहेको छ।

शासनकला (Statecraft)

बृहस्पतिको राज्यव्यवस्थामा राजामा शासनको जिमेवारी निहित गरिएको छ। राजा कार्यपालिका र न्यायपालिकाको सर्वोच्च अधिकारी मानिएको छ तर राजालाई नियम बनाउने अधिकार दिइएको छैन। बृहस्पतिका अनुसार दण्डनीतिको निर्देशनबमोजिम शासन सञ्चालन गर्नु राजाको कर्तव्य हो। राजाका कर्तव्य निम्नानुसार रहेका छन्:

मन्त्री र सेवक (Appointment of Ministers and Civil Servants)

मन्त्री र अन्य अधिकारीहरूको नियुक्तिको अधिकार राजामा निहित थियो। योग्यता नियुक्तिको प्रमुख आधार थियो । असल नैतिक चरित्रलाई नियुक्तिमा महत्त्व दिइन्थ्यो। राजाले राज्य सञ्चालनका लागि आफू जस्तै जितेन्द्रिय व्यक्तिलाई मन्त्रीमा नियुक्त गर्नुपर्छ भन्ने बृहस्पतिको निर्देशन छ (बृहस्पति, अ.१, सू.२) । राजालाई शासन सञ्चालनमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
सहयोग गर्नु र उनको इच्छाअनुसार काम गर्नु मन्त्रीको कर्तव्य भए तापनि मन्त्रीले राजासँग स्पष्ट रूपले आफ्नो अभिमत राख्नुपर्छ भन्ने बृहस्पतिको विचार छ। जुन राजाले मन्त्रीको परामर्श स्वीकार गर्दैन त्यसको शीघ्र नाश हुन्छ भन्ने उनको मत छ।

शान्तिसुरक्षा कायम गर्नु (Maintaining Law and Order)

प्रजापालन राजाको प्रथम कर्तव्य हो। राज्यको शान्तिसुरक्षा गर्नु, दुष्टलाई दण्ड दिनु र सज्जनको रक्षा गर्नु राजाको प्रजापालनसम्बन्धी कर्तव्य हो। वर्णाश्रमधर्मको मार्गबाट प्रजालाई विचलित हुन नदिनु राजाको कर्तव्य मानिएको छ। राजाले लोक विरुद्ध कुनै पनि कार्य गर्नुहुँदैन भन्ने बृहस्पतिको विचार छ (बृहस्पति, अ. ५, सू. १६)। राजाले अधर्ममा लागेका व्यक्तिलाई न्यायिक उपायद्वारा रोक लगाउनु पर्छ (बृहस्पति, अ. २, सू. ६८)। जनमतको सम्मान गर्नुका साथै गलत बाटोमा लागेका व्यक्तिलाई सत्य र धर्मको मार्गमा लगाउनु बृहस्पतिका अनुसार राजाको कर्तव्य हो। राजाले परचक्र, चोर र अन्यायी शक्तिशाली व्यक्तिबाट शक्तिहीन प्रजाको रक्षा गर्नुपर्छ भन्ने बृहस्पतिको अभिमत रहेको छ (बृहस्पति, व्य., श्लो.३९)।

लोककल्याण गर्नु (Welfare Duty of the King)

बृहस्पतिले लोककल्याणकारी कार्य गर्नु पनि राजाको कार्यक्षेत्रभित्र राखेका छन्। उनका अनुसार प्रजारञ्जन राजको कर्तव्य हो। प्रजारञ्जनको अर्थ प्रजालाई खुसी बनाउनु हो। यज्ञ गर्नु र दान दिनु पनि राजाको कर्तव्य मानिएको छ। यज्ञबाट अध्यात्मको विकासमा मद्दत पुग्दछ भन्ने मान्यता छ। दान आर्थिक वितरणको माध्यम थियो। विद्वान् ब्राह्मण र असहाय व्यक्तिलाई आर्थिक सहायता दिनु राजाको नैतिक कर्तव्य मानिएको छ। राज्यमा समृद्धि ल्याई रोग, भोक आदिको अन्त्य गरी प्रजा खुसी पार्नु राजाको निर्धारित कर्तव्य हो। राजाको शासन जनताको हितका निम्ति हुनुपर्छ भन्ने बृहस्पतिको राजधर्मको निष्कर्ष हो। बृहस्पतिका अनुसार असल आचरणका साथै जनताको कल्याणमा तल्लीन रहनु राजाको नैतिक कर्तव्य हो।

आर्थिक कर्तव्य (Economic Duty)

बृहस्पतिका अनुसार सम्पन्नतामा लोक आधारित हुन्छ[१२] (बृहस्पति, अ.६ सू.१०)। सम्पन्नताका लागि राजाले कृषि, पशुपालन, व्यापार आदिको विकास गर्नुपर्छ। प्रजामा समृद्धि भएपछि राज्यकोष पनि बलियो हुन्छ। राजाले शास्त्रको मर्यादा पालन गरेर करसङ्कलन गर्नुपर्दछ भन्ने बृहस्पतिको विचार छ।

---

१२ अर्थमूलं जगत्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

न्यायिक कर्तव्य (Judicial Duties)

राजतन्त्रात्मक शासन प्रणाली भएको हुँदा बृहस्पतिले राजालाई शासनका केन्द्रमा राखेका छन् । आधुनिक राजनीतिशास्त्रको शब्दावलीमा भन्दा राज्यको कार्यपालिका र न्यायपालिकासम्बन्धी शक्ति राजामा निहित हुने व्यवस्था छ । न्याय सम्पादन गर्नु राजाको कर्तव्य थियो । राजा न्यायपालिकाका पनि प्रमुख हुन्थे । राजालाई न्याय सम्पादनमा सहयोग गर्न सभाको व्यवस्था गरिएको छ । शक्तिहीन व्यक्तिको रक्षाका लागि दुष्टलाई दण्ड दिनुपर्दथ्यो । निष्पक्ष निर्णय गरेर दोषीलाई मात्र दण्डसजाय गर्नुपर्छ भन्ने मान्यता बृहस्पतिको छ । राजाले विवादको निर्णय गर्न विद्वान् ब्राह्मणहरू रहेको सभा गठन गर्ने व्यवस्था गरिएको छ तापनि दण्ड दिने अन्तिम अधिकार राजामा निहित गरिएको छ । राजाको दण्डको डरले सबै प्रजाले आ-आफ्नो कर्तव्य पालन गर्दछन् भन्ने परम्परागत सिद्धान्तको बृहस्पतिले समर्थन गरेका छन् ।

बाह्य आक्रमणबाट राज्यको रक्षा (Protection Against Foreign Aggresion)

परचक्रबाट राज्यको रक्षाको अर्थ बाह्य आक्रमणबाट राज्य र प्रजाको रक्षा गर्नु हो । तात्कालिक समयमा एउटा राज्यले अर्को राज्यमाथि आक्रमण गर्ने भय हुन्थ्यो । त्यसबाट राज्यको रक्षाका लागि शक्तिशाली सेना र गुप्तचरको आवश्यकता पर्दथ्यो । दण्डलाई राज्यको अङ्ग मानिएको छ । राजाले साम, दान, भेद, दण्ड आदि उपायको प्रयोग गर्नुपर्छ । राज्यको रक्षाका लागि बलिया दुर्गको निर्माण पनि आवश्यक हुन्छ भन्ने बृहस्पतिको विचार रहेको छ ।

नीतिशास्त्रानुसार शासन (Rule in Accordance With Nitishastra)

बृहस्पतिले नीतिशास्त्रका मान्यताअनुसार राज्य सञ्चालन गर्नु राजाको कर्तव्य मानेका छन् । बृहस्पतिले धर्म सापेक्ष राज्यको समर्थन गरेका छन् । उनका अनुसार देश, काल र परिस्थितिअनुसार नीतिशास्त्रले बताएबमोजिमका काम गर्नुपर्छ । ज्ञान र पराक्रमको अहङ्कारले नीतिशास्त्र विपरीत आचरण गर्नुहुँदैन (बृहस्पति, अ. ६, सू. १-२) । नीतिशास्त्र तात्कालिक समयमा राज्यको संविधान तथा कानुन मानिन्थ्यो । राजासहित सम्पूर्ण प्रजाले नीतिशास्त्रअनुसार आचरण गर्नु राज्य र सामाजिक व्यवस्थाका लागि आवश्यक मानिन्थ्यो । शासन व्यक्तिको आदेशबाट होइन नीतिशास्त्रको निर्देशनअनुसार हुनुपर्छ भन्ने बृहस्पतिको विचार छ । त्यसैले उनले ज्ञान र पराक्रमको अहङ्कार गरेर नीतिशास्त्र विपरीत आचरण नगर्न राजालाई सचेत गराएका छन् । नियम पालनामा आलस्य गर्नु हुँदैन भन्ने पनि बृहस्पतिको उपदेश छ (बृहस्पति, अ. १, सूत्र ६७) । नीतिअनुसार शासन गर्नुपर्ने बृहस्पतिको व्यवस्था राजाको शासन स्वेच्छाचारी हुन नदिनका लागि गरिएको प्रभावकारी उपाय हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

जनमतको सम्मान (Respect for the public Opinion)

राजाले राजधर्ममा उल्लेख भएको धर्म (कर्तव्य) पनि यदि लोकमत विरुद्ध छ भने पालन गर्नुहुँदैन भन्ने बृहस्पतिको विचार छ भन्ने बृहस्पतिको विचार छ (बृहस्पति, अ.१, सू.४)। यसबाट शास्त्रमा लेखिएको विषयभन्दा जनमत एवं परम्परालाई बढी महत्त्व दिने पक्षमा बृहस्पति रहेको स्पष्ट हुन्छ। वर्तमान उदार लोकतन्त्रमा पनि सरकारले जनमतको सम्मान गरेमा मात्र सुशासन कायम गर्न सम्भव मानिन्छ। बृहस्पतिको सूत्रमा लोकतन्त्रमा जस्तै प्रतिपक्षको सम्मानजनक स्थान दिइएको छ। राजाले आलोचना सुन्नुपर्छ भन्ने बृहस्पतिको विचार छ[१३] (बृहस्पति,अ १, सू. ४९)। प्रत्येक व्यक्तिलाई आफ्नो मत व्यक्त गर्ने स्वतन्त्रता थियो। आधुनिक लोकतन्त्रका मान्यता प्राचीन कालदेखि नै बृहस्पतिको राज्यव्यवस्थामा प्रचलनमा रहेका थिए। शासकलाई उत्तरदायी बनाउने र निरङ्कुश बन्न नदिने पक्षमा बृहस्पति रहेका छन्।

बृहस्पति लोककल्याणकारी राजतन्त्र (**Benevolent Monarchy**) को पक्षमा छन्। उनले नीतिशास्त्रअनुसार जनताको भलाइलाई प्राथमिकतामा राखेर शासन सञ्चालन गर्नु राजाको निर्धारित कर्तव्य मानेका छन्। राजालाई जनताका सेवक मानिएको छ।

सभाको गठन (Composition of Sabha)

सभाको वर्णन बृहस्पति स्मृतिमा छ। सभा न्याय सम्पादनमा राजालाई सहयोग गर्ने संस्था थियो। सात्विक क्रियाकर्म भएका, सत्यधर्मपरायण, लोभरहित, क्रोधरहित शास्त्रको मर्मको ज्ञानभएका व्यक्तिलाई राजाले सभाका सदस्यमा नियुक्त गर्नुपर्छ भन्ने पक्षमा बृहस्पति रहेका छन्। तिन, पाँच वा सात जना सभासद् नियुक्त गर्नुपर्छ। अयोग्य व्यक्ति नियुक्ति गर्नुहुँदैन भन्ने बृहस्पतिको विचार छ (बृहस्पति, व्य., श्लो.६२-६४)। प्रतिष्ठिता, अप्रतिष्ठिता, मुद्रिता र शासिता गरी चार प्रकारका सभा हुन्छन्। नगरमा रहेको सभालाई प्रतिष्ठिता भनिन्थ्यो भने गाउँमा अप्रतिष्ठिता वा चला सभा हुन्थे। राजाले नियुक्त गरेको व्यक्तिले अध्यक्षता गर्ने सभालाई मुद्रिता भनिन्थ्यो। स्वयं राजाले अध्यक्षता गरेको सभालाई शासिता भनिन्थ्यो (बृहस्पति, व्य., श्लो.५८)। श्रुति, स्मृति र प्रथा शास्त्रीय विधि थिए। लिखत, साक्षी, भोग र दिव्यप्रमाणका आधारमा विवादको निर्णय गरिन्थ्यो। लिखत, साक्षी र भोग प्रमाणको अभावमा राजालाई एक मात्र प्रमाण मानिन्थ्यो (बृहस्पति, व्य. श्लो. १०४)। राजाले सभासद्का साथमा बसेर व्यवहार स्वयं हेर्नुपर्छ भन्ने बृहस्पतिको विचार छ (बृहस्पति, व्य., श्लो.१०६)।

---

१३ अप्रियमपि वचनं श्रृणुयात्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अन्तरराज्य सम्बन्धका सिद्धान्त(Theories of Inter-state Relations)

बृहस्पतिले राज्य सञ्चालनका आन्तरिक नीतिका साथै अन्तरराज्य सम्बन्धका सिद्धान्त पनि प्रतिपादन गरेका छन् । मण्डल सिद्धान्त, षड्गुण सिद्धान्त, उपाय, दूत, चर र युद्ध नीति बृहस्पतिका अन्तरराज्य सम्बन्धका सिद्धान्त हुन् । बाह्य आक्रमणबाट राज्यको रक्षाका साथै समुद्रसम्मको पृथ्वीको स्वामित्व ग्रहण गरी एकराट् बन्नु राजाका लागि आदर्श मानिन्थ्यो ।

राज्यमण्डल(Circle of States)

बृहस्पतिले अन्तर-राज्य सम्बन्धका लागि अठार किसिमका राज्यमण्डलको उल्लेख गरेका छन् । विजिगीषु राजा र त्यसको मित्र, शत्रु र उदासीन राज्यका तीन मूल प्रकृति हुन् । राज्यका सात अङ्ग मध्ये अमात्य, राष्ट्र, दुर्ग, कोष र दण्ड पाँच प्रकृति प्रत्येक मूल प्रकृतिसँग मिलाउँदा पन्ध्र र मूल तीन प्रकृति जोड्दा राज्य मण्डलमा अठार प्रकृति हुन्छन् । प्रकृतिलाई तीर्थ पनि भनिन्छ । राजाले यी अठार तीर्थको राम्रोसँग विचार गर्नुपर्छ (बृहस्पति,अ.३, सू. २२-२३) । अन्य राज्यलाई जित्ने इच्छा गर्ने राजालाई विजिगीषु राजा भनिन्छ । प्राचीन हिन्दुहरूको राज्य व्यवस्थामा राज्यविस्तार गर्ने र साम्राज्य निर्माण गर्ने प्रचलन थियो । आफ्नो पक्षमा अतिरिक्त शक्ति कायम गर्न राज्यमण्डल सिद्धान्तको प्रतिपादन गरिएको थियो । शक्तिशाली बन्नु तथा अन्य राज्यलाई जित्नु र साम्राज्य निर्माण गर्नु राजाको निम्ति प्रतिष्ठाको विषय मानिन्थ्यो । प्रत्येक राजाले राज्य मण्डलभित्र आफ्नो प्रतिष्ठा उच्च बनाउन प्रयत्न गर्दथे । विजिगीषु, अरि, मित्र, अरिमित्र, मित्रमित्र, अरिमित्रमित्र, पार्ष्णिग्राह, आक्रन्द, पार्ष्णिग्राहासार, आक्रन्दासार, मध्यम र उदासीन विजिगीषु राज्यको राज्यमण्डलका बाह्र राज्य हुन् ।

दुर्ग निर्माण (Forts)

प्राचीककालमा राज्यमाथि बाह्य आक्रमणको भय हुन्थ्यो । आफू, पत्नी,लोक र सञ्चित धनको रक्षाका लागि राजाले दुर्ग निर्माण गर्नुपर्छ (बृहस्पति, व्य., श्लो. २८) । दुर्गमा बलियो सेना राख्नुपर्छ भन्ने बृहस्पतिको विचार रहेको छ ।

उपाय (Policies of Diplomacy)

हिन्दु नीतिशास्त्रमा साम, दान, भेद र दण्ड गरी चार प्रकारका उपाय वा नीति प्रसिद्ध छन् । यी चार उपायका अतिरिक्त बृहस्पतिले माया, उपेक्षा र वधसमेत सात उपायको उल्लेख गरेका छन् (बृहस्पति, अ.५, सू. १-३) । अन्तर्राष्ट्रिय सम्बन्धमा समान वा सम्मानपूर्ण व्यवहार सामनीति हो । प्रशंसा पनि सामनीति हो । दान भनेको आर्थिक सहायता दिएर शत्रुलाई आफ्नो पक्षमा ल्याउने उपाय हो । शत्रुका मित्रहरूबीच मतभेद ल्याउनु भेद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

उपाय हो । शक्ति प्रयोगको धम्की दिनु वा शक्तिको प्रयोग गरी दण्ड दिनु दण्ड उपाय हो । दण्डको अर्थ युद्ध वा आक्रमण हो । यी प्रमुख चार उपायको दैनिक व्यवहारका साथै अन्तरराज्य सम्बन्ध कायम गर्दा पनि समुचित प्रयोग गर्नुपर्छ भन्ने पक्षमा बृहस्पति रहेका छन् । छलकपट गर्नु माया हो । बेवास्ता गर्नु उपेक्षा हो । मृत्यु दण्ड दिनु वध हो । यसरी हेर्दा माया, उपेक्षा र वध पनि दण्डका विभिन्न रूप हुन् । बलवान् व्यक्ति वा राज्यलाई साम उपायको प्रयोग गरी आफ्नो पक्षमा ल्याउनु पर्छ । डराएको व्यक्तिलाई साम र भेद तथा लोभीलाई साम, दान र भेदद्वारा नियन्त्रण गर्नुपर्छ । नियन्त्रणमा ल्याउन कठिन व्यक्तिलाई साम, दान,भेद, माया, उपेक्षा र वध उपायको प्रयोग गरेर आफ्नो वशमा ल्याउनु पर्छ । साम उपायको प्रयोगलाई प्राथमिकता दिनुपर्छ भन्ने बृहस्पतिको विचार छ (बृहस्पति, अ. ५, सू. १-८) । बृहस्पति लक्ष्य प्राप्त गर्न सम्भव भएसम्म शान्तिपूर्ण उपाय अवलम्बन गर्नुपर्छ भन्ने पक्षमा छन् । उनी शान्तिपूर्ण उपाय असफल भएपछि मात्र हिंसात्मक उपायको प्रयोगको अनुमति दिने पक्षमा छन् ।

षाड्गुण्य सिद्धान्त (Six Principles of Foreign Policy)

बृहस्पतिको अन्तरराज्य सम्बन्धको रूपरेखा प्राचीन परम्परामा स्थापित विदेशनीतिका छ सिद्धान्तमा आधारित छ । सन्धि, विग्रह, यान, आसन, द्वैधीभाव र संश्रय अन्तरराज्य सम्बन्धका छ सिद्धान्त थिए । राजाले यिनको राम्रोसँग प्रयोग गरी निर्धारित लक्ष्य प्राप्त गर्नुपर्छ भन्ने विषयमा बृहस्पतिको अटल विश्वास छ । राजा मात्र होइन मन्त्रीसमेत अन्तरराज्य सम्बन्धका यी छ सिद्धान्तको प्रयोग गर्ने कलामा निपुण हुनुपर्छ भन्ने बृहस्पतिको मान्यता रहेको छ ।

युद्धसम्बन्धी नीति (Policy of Warfare)

हिन्दु राजनीतिक चिन्तनमा वैदिक कालदेखि नै राज्य विस्तार एवं साम्राज्य निर्माण धार्मिक र राजनीतिक सिद्धान्तका रूपमा स्वीकार गरिएको थियो । सन्धि, विग्रह, यान, आसन, संश्रय र द्वैधीभाव अन्तरराज्य सम्बन्धका छ सिद्धान्तको कुशल प्रयोगद्वारा निर्धारित लक्ष्य प्राप्त गर्नु अन्तरराज्य संबन्धको सफलता हो भन्ने बृहस्पतिको मत छ । पहिले साम उपायको प्रयोग गर्नुपर्छ (बृहस्पति, अ. ५, सू. ८) । शान्तिपूर्ण उपायबाट लक्ष्य प्राप्त नहुने निश्चित भएको अवस्थामा मात्र युद्धको प्रयोग गर्नुपर्छ । बृहस्पतिका अनुसार बाह्य आक्रमणबाट राज्यको रक्षा गर्नु तथा राज्यविस्तार गरी साम्राज्य निर्माण गर्नु राजाको कर्तव्य हो । तात्कालिक राज्यव्यवस्थामा युद्ध अनिवार्य मानिएको हुँदा युद्धका नियम निर्माण गरी युद्धलाई नियमित गर्ने प्रयत्न गरिएको छ । नीतिशास्त्रमा निर्दिष्ट युद्धका नियमको पालना गरिने युद्धलाई धर्मयुद्ध भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सैनिक बल समान भएको शत्रुलाई युद्ध गरेर परास्त गर्नुपर्छ (बृहस्पति,अ. १, सू. ३०)। सावधान, धर्मज्ञ, जितेन्द्रिय र विजिगीषु राजामाथि विजय प्राप्त गर्न कठिन हुने हुँदा त्यस्तो राजासँग युद्ध गर्नुहुँदैन (बृहस्पति,अ. ४, सू. ४५)। शत्रुमाथि आक्रमण गर्दा साम, दान, भेद, माया, र उपेक्षा उपायको प्रयोग गर्नुपर्छ (बृहस्पति,अ १, सू.३१)। बृहस्पतिले शत्रुपक्षबाट आएको व्यक्तिलाई विश्वास गर्नुहुँदैन भन्ने सल्लाह दिएका छन् (बृहस्पति,अ ५, सूत्र १९)। आफ्नो कुलको विनाश हुने अवस्थामा शत्रुपक्षको आश्रयमा जानु बुद्धिमानी हुन्छ (बृहस्पति,अ ५, सू. २७)। शरणमा पर्न आएको व्यक्तिको रक्षा गर्ने सम्बन्धमा बृहस्पति भन्छन् दुष्ट नै भए पनि शरणमा पर्न आएको व्यक्तिको रक्षा गर्नुपर्छ (बृहस्पति,अ. ३, सू. ५१)। विजय सहज भएको अवस्थामा युद्ध गर्नुपर्छ भने आफू कमजोर भएको अवस्थामा संश्रयनीतिको अनुसरण गर्नुपर्छ भन्ने बृहस्पतिको युद्धनीति छ।

निष्कर्ष (Conclusion)

बृहस्पति देवताका गुरु वैदिक ऋषि थिए। बृहस्पतिका अनुसार प्राचीनकालमा सनातन धर्ममा आधारित राज्यविहीन समाज थियो। त्यस समाजमा सबैले धर्मको पालना गर्दथे। त्यसैले समाजमा सुखशान्ति थियो। समयको गतिसँगै प्राचीन आदर्शहरू विस्मृत हुँदैगए। समाजमा धर्मको वर्चस्व कम हुन पुग्यो। धर्मको पालनाका लागि राजा र राज्यको उदय भयो। स्मृतिकारहरूले राजनीतिक चिन्तनलाई राजधर्मका रूपमा धर्मशास्त्रको अङ्ग बनाएका छन् भने बृहस्पतिले धर्म र राजनीतिलाई पृथक्क गरेका छन्। उनले वार्ता र दण्डनीतिलाई मिसाएर अर्थशास्त्रको रचना गरे। उनी अर्थशास्त्र परम्पराका प्रथम आचार्य थिए। उनका बृहस्पतिस्मृति र बार्हस्पत्यार्थशास्त्र दुई कृतिमा उनले राजतन्त्रको समर्थन गरेका छन्। उनले राजालाई कर्तव्यको बन्धनले बाँधेर जनताको सेवामा समर्पित लोककल्याणकारी आदर्श राजा बनाएका छन्। प्रजाको रक्षा र प्रजारञ्जन राजाका प्रमुख दुई कर्तव्य मानिएको छ। बृहस्पतिका अनुसार राजा प्रजाको सर्वोत्कृष्ट सेवक हुन्। राज्य प्रजाको हितको साधन हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

शुक्राचार्य
(Shukracharya)

शुक्राचार्य वैदिक मन्त्रद्रष्टा ऋषि थिए। प्राचीन वैदिक सनातन साहित्यअनुसार उशना, भार्गव र कवि पनि शुक्राचार्यका नाम हुन्। महाभारत र पौराणिक साहित्यमा शुक्राचार्यलाई असुरका गुरु वा पुरोहित मानिएको छ। शुक्राचार्य नीतिशास्त्रका प्रवर्तक हुन्। कौटिल्यको अर्थशास्त्रमा उशनालाई राजशास्त्रको छुट्टै विचार परम्परा (School of Thought) का प्रवर्तक माभनिएको छ । शुक्रनीतिसार एक मात्र शुक्राचार्यको उपलब्ध कृति हो । शुक्राचार्यको समय निर्धारण गर्न कठिन छ । विषयवस्तु र भाषाका आधारमा शुक्रनीतिसारलाई प्राचीन मानिदैन। महाभारतमा उल्लेख गरिएको औशनस नीतिशास्त्रमा १००० अध्याय थिए। वर्तमान शुक्रनीतिसारमा केवल २२०० श्लोक छन्। थप गरिएका श्लोक समेत मिलाएर यसमा जम्मा २५७४ श्लोक छन्। यो ग्रन्थ पाँच अध्यायमा विभाजित छ। प्रथम अध्यायमा ३८८, द्वितीय अध्यायमा ४३६, तृतीय अध्यायमा ३२६, चतुर्थ अध्यायमा १३२८ र पाँचौँ अध्यायमा ९६ श्लोक छन् । शुक्रनीतिसारको सम्पादन आधुनिक मानिन्छ तापनि यसलाई प्राचीन वैदिक एवं पौराणिक शुक्राचार्यको औशनस नीतिशास्त्रको विचार परम्पराको निरन्तरता मान्न सकिन्छ।

शुक्राचार्यकृत शुक्रनीतिसार दण्डनीति प्रधान ग्रन्थ हो । शुक्रनीतिसारको प्रमुख उद्देश्य केवल प्रचलित विचारधाराहरूको शास्त्रीय विश्लेषण गरी शासन सञ्चालनमा राजालाई जनकल्याणको अभिवृद्धि गर्दै आफ्नो लोकप्रियता प्राप्त गर्न सल्लाह प्रदान गर्नु रहेको छ। सबैलाई आ-आफ्नो धर्मको मार्गमा लगाउनु राजाको मुख्य कर्तव्य मानिएको छ। शुक्रनीतिसारमा सामाजिक व्यवस्था वर्णाश्रमधर्ममा आधारित छ। शासन सङ्गठन, राजा र प्रजाका कर्तव्य, मन्त्रिपरिषद्, प्रशासकीय कर्मचारीको व्यवस्थापन, सैन्यव्यवस्था, न्याय प्रशासन आदि विषयको सैद्धान्तिक वर्णन शुक्रनीतिसारमा गरिएको छ । शुक्रनीतिसारमा वर्णन गरिएका विषय सिलसिलाबद्ध छैनन्। एउटा विषयको वर्णन गर्दागर्दै एकाएक अर्के विषयको वर्णन प्रारम्भ गरिएको छ। शुक्रनीतिसारमा वर्णन गरिएका प्रमुख राजनीतिक विचारको विवेचना यस प्रकरणमा प्रस्तुत गरिएको छ।

विद्या परम्परामा दण्डनीति (Dandaniti and Other Disciplines)

प्राचीन कालदेखि नै विद्याका संख्याका विषयमा मतमतान्तर प्रचलित रहेको देखिन्छ। कौटिल्यका अनुसार शुक्राचार्यको विद्याको परम्परामा केवल दण्डनीतिलाई मात्र विद्या

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मानिएको छ[१] (कौटिल्य, अधि.१, अ.१)। दण्डनीतिबिना कुनै पनि विद्याको सुरक्षा हुन सक्दैन। अत: विद्याहरूमध्ये दण्डनीति प्रधान विद्या हो। दण्डनीति र नीतिशास्त्र समानार्थक शब्द हुन्। नीतिशास्त्रभन्दा भिन्न जे जति विद्या छन् तिनीहरू व्यवहारको एक अंशको वर्णनमा मात्र केन्द्रित हुन्छन्। सबैको उपकार गर्ने एवं लोकव्यवहारलाई व्यवस्थित गर्ने एक मात्र शास्त्र नीतिशास्त्र हो। नीतिशास्त्र धर्म, अर्थ तथा कामको मूलका साथै मोक्ष समेत प्रदान गर्न सक्ने विद्या हो भन्ने शुक्राचार्यको मत छ (शुक्राचार्य, अ.१, श्लो. ४-५)। शुक्राचार्यका अनुसार जुन शास्त्रमा श्रुति स्मृतिको विरुद्ध नहुने गरी राजाको आचरणका लागि उपदेश दिइएको हुन्छ तथा अर्थ आर्जनका लागि उपयुक्त विधि बताइएको हुन्छ त्यसलाई अर्थशास्त्र भनिन्छ (शुक्राचार्य, अ. ४, प्र. ३, श्लो. ५५)। शुक्रनीतिसारमा अन्य विभिन्न विद्याका बारेमा पनि उल्लेख गरिएको छ। विद्या र कला अनन्त छन् तिनको गणना गर्न सकिदैन, तथापि मुख्य विद्या ३२ प्रकारका छन् र कला ६४ प्रकारका छन्[२] (शुक्राचार्य, अ. ४, प्र. ३, श्लो. २३)। ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद चार वेद, आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद र तन्त्र चार उपवेद हुन्। शिक्षा, व्याकरण, कल्प, निरुक्त, ज्यौतिष,र छन्द वेदका छ अङ्ग हुन्। मीमांसा, तर्क (न्याय वैशेषिक), साङ्ख्य, वेदान्त, योग, इतिहास, पुराण, स्मृति, नास्तिक मत, अर्थशास्त्र, कामशास्त्र,, शिल्पशास्त्र, अलङ्कारशास्त्र, काव्य, देश, भाषा, अवसरअनुसारको उचित उक्ति, यवनमत, र विभिन्न देशमा प्रचलित धर्म प्रसिद्ध ३२ विद्या हुन् (शुक्राचार्य, अ. ४, प्र. ३, श्लो. २३)। साथै उनले नृत्य, वाद्यवादन, वस्त्रालङ्कार, विछौना सजाउने, माटो, ढुङ्गा, धातुबाट सुन्दर भाँडा बनाउने कला,, चित्रकला, रतिकला, सुन्दर अक्षर लेख्नेकला, आदि ६४ कलाको पनि उल्लेख गरेका छन्।

राज्यको उत्पत्ति (Origin of the State)

शुक्राचार्य राजतन्त्रका समर्थक हुन्। उनी राज्यको उत्पत्तिसम्बन्धमा दैवी सिद्धान्तका पक्षमा छन्। उनले राजासँगै राज्यको उत्पत्ति भएको मानेका छन्। सत्ययुगमा धार्मिक समाज थियो र दण्डको आवश्यकता थिएन (शुक्राचार्य, अ.४, प्र. १,श्लो.५६)। धर्ममा ह्रास हुँदैगएपछि धर्मस्थापनाका लागि राजाको आवश्यकता भयो। शुक्राचार्यका अनुसार राजा आठ लोकपालका समष्टि हुन्। देवराज इन्द्र, वायु, यम, सूर्य, अग्नि, वरुण, चन्द्र र कुबेरमा निरन्तर रहने शक्तिको मात्राबाट राजाको निर्माण गरिएको हो[३] (शुक्राचार्य, अ. १,

१ दण्डनीतिरेका विद्येत्यौशनसा:।

२ विद्या ह्यनन्ताश्च कला:संख्यातुं नैव शक्यते।
विद्यामुख्याश्च द्वात्रिंशच्चतु:षष्ठिकला: मृता:।

३ इन्द्रानिलयमार्काणामग्नेश्च वरुणस्य च।
चन्द्रवित्तेशयोश्चापि मात्रा निर्हृत्य शाश्वती:।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

श्लो. ७१)। उनले राजा देवांश र राक्षसांश गरी दुई प्रकारका मानेका छन्। धर्ममा तत्पर रहने राजालाई देवांश भनिन्छ भने प्रजापीडक र धर्मलोप गर्न तत्पर राजालाई राक्षसांश भनिन्छ (शुक्राचार्य, अ. १, श्लो. ७०)।

राज्यका सप्ताङ्ग (Seven Elements of the State)

प्राचीन आचार्यहरू मनु र बृहस्पति जस्तै शुक्राचार्यले पनि राज्यका सात अङ्ग मानेका छन्। स्वामी, अमात्य, सुहृत्, कोष, राष्ट्र, दुर्ग र बल राज्यका सात अङ्ग हुन्। यी सातमध्ये नृप वा स्वामी प्रमुख हो[४] (शुक्राचार्य, अ. १, श्लो. ६१)। राज्यरूपी वृक्षको मूल राजा, मन्त्री हाँगा, सेनापति शाखा, सेना पालुवा र फूल, प्रजा फल, भूमि बीज हुन् (शुक्राचार्य, अ.५, श्लो. १२-१३)।

स्वामी (King)

शुक्राचार्यका अनुसार राज्यका सम्पूर्ण अङ्गहरूमध्ये राजा प्रधान अङ्ग हुन्। यदि लोकमा उत्तम रीतिले प्रजालाई आआफ्नो धर्ममा लगाउने वा राज्य सञ्चालन गर्ने राजा नभएमा माझीविनाको जलयान समुद्रमा डुबे जस्तै प्रजा नष्ट हुन्छन्[५] (शुक्राचार्य, अ. १, श्लो. ६५)। जबसम्म राजा धर्मशील हुन्छन् र प्रजाप्रति धर्मपूर्वक व्यवहार गर्दछन् तबसम्म मात्र राजा रहन्छन्। राजा धर्मशील नभएमा उनका प्रजा , राजा स्वयं र राज्य पनि शीघ्र विनाश हुन्छ भन्ने शुक्राचार्यको विचार छ (शुक्राचार्य,अ.४, प्र. १, श्लो. ११४)।

अमात्य (Ministers)

अमात्य राज्यको दोस्रो अङ्ग हो। अमात्य भन्नाले मन्त्री र प्रशासनिक कर्मचारी भन्ने बुझिन्छ। अमात्यको सहयोग लिएर राजाले शासन गर्दथे। शुक्राचार्यका अनुसार देश र कालको ज्ञातालाई अमात्य भनिन्छ[६] (शुक्राचार्य,अ.२, श्लो. ८६)। कुलीन, गुणवान्, शीलमा श्रेष्ठ, शूर वा आँटिलो, विद्वान्, राजभक्त, प्रियभाषी, हितकारी उपदेश दिनसक्ने, क्लेश सहन सक्ने, सधै धर्मअनुसार आचार-व्यवहार गर्ने, कुमार्गगामी राजालाई आफ्नो बुद्धि बलद्वारा कुमार्गबाट हटाउन समर्थ, पवित्र आचार-विचार भएको, मत्सर, काम, क्रोध,लोभ, र आलस्यहीन व्यक्ति मन्त्रिपरिषद्को सदस्य बन्न योग्य हुन्छन् भन्ने शुक्राचार्यको विचार छ (शुक्राचार्य,अ.२, श्लो. ८-९)। राज्यका नगर, ग्राम, वन, खेती गरिएको भूमि, लगायत विभिन्न क्षेत्रबाट प्राप्त धनको विवरण राजालाई प्रदान गर्नु अमात्यको

४ स्वाम्यामात्यसुहृत्कोषराष्ट्रदुर्गबलानि च।
सप्ताङ्गमुच्यते राज्यं तत्र मूर्धा नृपः स्मृतः।

५ यदि न स्यान्नरपतिः सम्यङ् नेता ततः प्रजाः।
अकृणधारा जलधौ विप्लवेतेह नौरिव।

६ देशकालप्रविज्ञाता अमात्य इति कथ्यते।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कर्तव्य हो (शुक्राचार्य,अ.२, श्लो. ९७-१००)। नीतिशास्त्रको ज्ञाता एवं तदनुसार व्यवहार गर्न जान्ने व्यक्ति मन्त्री बनाउनु पर्दछ[७] (शुक्राचार्य,अ.२, श्लो. ८५)। राजालाई सन्धिविग्रह आदि षड्गुण र साम दान, भेद, र दण्ड जस्ता उपाय चतुष्टयको उपयुक्त प्रयोगका विषयमा सल्लाह दिनु मन्त्रीको कर्तव्य हो।

दुर्ग (Fort)

दुर्ग राज्यका सात अङ्गमध्ये एउटा अङ्ग हो। दुर्गको अर्थ किल्ला हो। किल्ला राज्यको सुरक्षाका लागि आवश्यक हुन्छ। दुर्गमा स्थित एउटा सैनिक एक सय सैनिकसँग र एक सय सैनिक दश हजार सैनिकसँग लड्न सक्दछन्। अत: दुर्गमा आश्रय लिनु पर्दछ भन्ने शुक्राचार्यको विचार छ (शुक्राचार्य,अ.४, प्र. ६, श्लो. १०)। खाडल, काँडा, र ढुङ्गाले मार्ग दुर्गम बनाइएको छ भने त्यसलाई ऐरिणदुर्ग भनिन्छ। चारै तर्फ खाडलले घेरिएको दुर्ग पारिखदुर्ग हो। किल्लाको चारैतर्फ इटा, ढुङ्गा,र माटोबाट निर्मित पर्खालले घेरिएको छ भने त्यसलाई पारिधदुर्ग भनिन्छ। ठूला ठूला काँडेदार वृक्षद्वारा चारैतिर घेरिएको किल्लालाई वनदुर्ग भनिन्छ। चारैतिर पानी नभएको मरुभूमिले घेरिएको किल्ला धन्वदुर्ग हो। चारैतिर जलराशिले घेरिएको किल्ला जलदुर्ग हो। जलराशियुक्त पहाडमा बनाइएको किल्ला गिरिदुर्ग हो। व्यूह रचनामा चतुर वीर सैनिकले व्याप्त भएको किल्ला अभेद्य हुन्छ। त्यसलाई सैन्यदुर्ग भनिन्छ। शूरा र सदा अनुकूल बान्धवसहितको दुर्गलाई सहायदुर्ग भनिन्छ (शुक्राचार्य,अ.४, प्र. ६, श्लो. १-५)। शुक्राचार्यले पारिखदुर्गभन्दा श्रेष्ठ ऐरिणदुर्ग, ऐरिणदुर्गभन्दा श्रेष्ठ पारिधदुर्ग, पारिधदुर्गभन्दा श्रेष्ठ वनदुर्ग, वनदुर्गभन्दा श्रेष्ठ धन्वदुर्ग, धन्वदुर्गभन्दा श्रेष्ठ जलदुर्ग, र जलदुर्गभन्दा श्रेष्ठ गिरिदुर्ग मानेका छन्। सबै दुर्गहरूमध्ये श्रेष्ठ सैन्यदुर्ग मानिएको छ। सैन्यदुर्ग विना अन्य दुर्गहरूको कुनै प्रयोजन छैन। तसर्थ राजाले सैन्य दुर्गको रक्षा गर्नु पर्दछ भन्ने शुक्राचार्यको मत छ (शुक्राचार्य,अ.४, प्र.६, श्लो. ६-८)।

राष्ट्र (Rashtra)

राष्ट्र राज्यको अङ्ग हो। शुक्राचार्यका अनुसार राष्ट्र शब्दबाट वृक्ष पर्वत आदि स्थावर एवं मनुष्य पशु आदि जङ्गम भन्ने अर्थ बोध हुन्छ[८] (शुक्राचार्य,अ.४, प्र. ३, श्लो. १)। राजाका अधीनमा जति राष्ट्र हुन्छ त्यति नै उसको राज्यको क्षेत्र मानिन्छ।

कोष (Treasury)

कोष राज्यको महत्त्वपूर्ण अङ्ग हो। राज्यले कर, शुल्क,दण्ड जरिमानाबाट प्राप्त

---

७ मन्त्री तु नीतिकुशल: ...।

८ स्थावरं जङ्गमं वापि राष्ट्रशब्देन गीयते।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
धनलाई राज्यकोषमा जम्मा गर्नु पर्ने व्यवस्थाका पक्षमा शुक्राचार्य छन् । राजाले कुनै पनि उपायबाट धन सञ्चय गर्नुपर्दछ । सो धनबाट राजाले राष्ट्र, बल वा सेना र यज्ञ आदि कर्मको रक्षा गर्नुपर्दछ । प्रजा र बलको रक्षा गर्न र यज्ञका लागि सञ्चित कोष राजाका लागि यस लोक र परलोकमा समेत सुख दिने हुन्छ । यस बाहेक अन्य प्रयोजनका लागि गरिएको कोषसङ्ग्रह दुखप्रद हुन्छ भन्ने शुक्राचार्यको विचार छ (शुक्राचार्य,अ.४, प्र. २, श्लो. २-४) ।

बल (Military)

बल राज्यको अङ्ग हो । बलको अर्थ सेना हो । सैन्यबिना राज्य, धन र पराक्रमको स्थिरता सम्भव हुँदैन । शक्तिशाली पुरुषको वशमा सबै हुन्छन् र दुर्बल व्यक्तिका सबै शत्रु हुन्छन् । सामान्य व्यक्तिमा समेत यो नियम लागु हुन्छ भने राजामा त झन् अवश्य लागु हुन्छ (शुक्राचार्य,अ.४, प्र. ७, श्लो. ४-५) । शुक्राचार्यका अनुसार बल छ प्रकारका हुन्छन् । शारीरिकबल, शौर्यबल, सैन्यबल, अस्त्रको बल, बुद्धिको बल र आयुको बल राज्यका बलका श्रोत हुन् (शुक्राचार्य,अ.४, प्र. २, श्लो. ५-६) । आन्तरिक सुव्यवस्था कायम गर्न एवं बाह्य आक्रमणबाट राज्यको सुरक्षा गर्न राज्यमा सेनाको अनिवार्य आवश्यकता हुन्छ ।

सुहृत् (Ally)

मित्र अर्थात् सुहृत् राज्यको सातौँअङ्ग हो । सुहृतको अर्थ मित्र हो । राज्यको अङ्गका सन्दर्भमा भने मित्रको अर्थ मित्र राष्ट्र हो ।

राज्यका अङ्गबीचको सम्बन्ध (Organic Nature of the State)

राज्यका सात अङ्गबीच परस्पर शरीर र अङ्ग जस्तो सम्बन्ध हुनुपर्ने शुक्राचार्यको विचार छ । उनले राज्यलाई शरीर मानेर राज्यरूपी शरीरका अमात्य आँखा हुन्, मित्र कान हुन्, कोष मुख हो, बल मन हो, हात दुर्ग हुन् र पाद वा खुट्टा राष्ट्र हुन् भनी राज्यका अङ्गबीचको आङ्गिक एकताको सम्बन्ध स्पष्ट पारेका छन्[९] (शुक्राचार्य, अ.१, श्लो. ६२) । शरीरविना अङ्ग महत्त्वहीन हुन्छ । सात अङ्ग मिलेर राज्य बन्दछ ।

राजाका कर्तव्य (Duties of the King)

प्रजाको रक्षाका लागि राजाको आवश्यकता पर्दछ । राजाविना प्रजाले आ-आफ्नो धर्म पालन गर्दैनन् । प्रजाविनाको राजाको पनि पृथ्वीमा कुनै शोभा हुँदैन (शुक्राचार्य, अ. १, श्लो. ६६) । धर्मशास्त्रअनुसार शासन सञ्चालन गर्नु राजाको कर्तव्य हो । धर्मपालन नगर्ने राजा नष्ट हुन्छ भन्ने शुक्राचार्यको विचार छ (शुक्राचार्य, अ. १, श्लो. ६८-६९) ।

---

९ दृगमात्य: सुहृच्छ्रोत्रं मुखं कोशो बलं मन: । हस्तौ पादौ दुर्गराष्ट्रे राज्याङ्गानि स्मृतानि हि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.

CC-0.In Public Domain. Digitization by eGangotri

राजाको चरित्र (Character of the King)

शुक्राचार्यले राजाको व्यक्तिगत चरित्रमा पनि जोड दिएका छन् । उनले राजाका गुण र दुर्गुणको राम्रोसँग विवेचना गरेका छन् । सत्त्व, रज र तम गरी गुण तीन प्रकारका हुन्छन् । गुणका आधारमा मानिसका स्वभाव पनि तीन प्रकारका हुन्छन् । राजा पनि गुणअनुसार सात्त्विक, राजसिक र तामसिक गरी तीन प्रकारका हुन्छन् (शुक्राचार्य, अ.१, श्लो. २९)। धार्मिक, प्रजापालक, यज्ञ गर्ने, शत्रुमाथि विजय प्राप्त गर्ने, दानी, क्षमाशील, शूरो, इन्द्रियसंयमी र वैराग्ययुक्त सात्त्विक राजाका चरित्र हुन् । दम्भी, लोभी, इन्द्रियसुखमा लम्पट वा विषयी, ठग, मूर्ख, मन, वचन र कर्ममा भिन्नता भएको, कलहप्रिय, नीचहरूको सङ्गत गर्ने, स्वेच्छाचारी, नीतिहीन, छली राजालाई राजसिक राजा भनिन्छ । दयारहित,मदोन्मत्त, हिंसक र सत्यरहित राजालाई तामसिक राजा भनिन्छ । सात्त्विक देवांश, राजसिक मनुष्यांश र तामसिक राक्षसांश राजा हुन् (शुक्राचार्य, अ.१, श्लो. २९-३५) । राजा जितेन्द्रिय, विनयशील, शास्त्राध्यायी र धार्मिक हुनुपर्दछ । राजाले काम, लोभ र क्रोध परित्याग गर्नुपर्दछ (शुक्राचार्य, अ. १, श्लो. ११८) । शिकार खेल्नु, जुवा खेल्नु र मद्यपान गर्नु राजाका लागि निन्दित कर्म हुन्[१०] (शुक्राचार्य, अ.१, श्लो. १४१)। शुक्राचार्यका अनुसार राजाले काम, क्रोध, मोह, लोभ, मान र मद षड्वर्गको परित्याग गर्नुपर्छ । यिनको परित्याग गर्नाले राजा सुखी हुन्छन्[११] (शुक्राचार्य, अ.१, श्लो.१४३) । असल चरित्रवान् बन्न राजाले आन्वीक्षिकी वा तर्कशास्त्र, तीन वेद, वार्ता र दण्डनीतिसमेत शाश्वत सनातन चार विद्याको अभ्यास गर्नुपर्छ [१२] (शुक्राचार्य, अ.१, श्लो.१५२) । गुरूको संयोगबाट शास्त्रको ज्ञान हुन्छ । शास्त्रको ज्ञानबाट विनय वा अनुशासनको वृद्धि हुन्छ । विद्याद्वारा उत्पन्न विनययुक्त राजा नै लोकसम्मत राजा बन्दछ भन्ने शुक्राचार्यको मत छ[१३] (शुक्र, अ.१, श्लो. १४८)। शुक्रचार्यले राजाको नैतिकता र सदाचारमा जोड दिएका छन् । उनले राजाको दिनचर्याको पनि उल्लेख गरेका छन् ।

उत्तराधिकार (Succession)

शुक्राचार्य राजतन्त्रका प्रबल समर्थक थिए । उनी राज्यको वंशपरम्परागत उत्तराधिकारका पक्षमा छन् । शुक्राचार्यका अनुसार राजाको ज्येष्ठ पुत्र राजाको उत्तराधिकारी हुन्छन् र अन्य छोरा सहायक हुन्छन् । राज्यको उत्तराधिकारी ज्येष्ठ पुत्र यदि अन्धो, कुष्ट रोगी र बोल्न असमर्थ मूक वा लाटो भएमा राजा बन्न योग्य हुँदैन । राजा बन्न अयोग्य भएको ज्येष्ठ पुत्रको छोरो, भाइ वा भाइको छोरामध्ये जो योग्य छ त्यो नै

१० मृगयाऽक्षास्तथा पानं गर्हितानि महीभुजाम् ।

११ कामक्रोधस्तथा मोहो लोभो मानो मदस्तथा । षड्वर्गमुत्सृजेदेनमस्मिंस्त्यक्ते सुखी नृपः ।

१२ आन्वीक्षिकी त्रयी वार्ता दण्डनीतिश्च शाश्वती । विद्याश्चतस्र एवैता अभ्यसेन्नृपतिः सदा ।

१३ शास्त्राय गुरुसंयोगः शास्त्रं विनयवृद्धये । विद्याविनीतो नृपतिः सतां भवति संमतः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
उत्तराधिकारी हुन्छ भन्ने शुकर्चार्यको विचार छ (शुक्राचार्य, अ.१, श्लो. ३४२-३४३४४)। राजाका लागि चारित्रिक योग्यताका साथै प्रजाको सहमति पनि शुक्राचार्यले आवश्यक मानेका छन्।

राज्याभिषेक (Coronation)

शुक्राचार्यले राजाको प्रतिष्ठाका लागि राज्याभिषेक मुख्य प्रक्रिया मानेका छन्। उनले विधिवत् राजा बन्नका लागि राज्याभिषेक आवश्यक मानेका छन्। अनभिषिक्त राजालाई निन्दनीय र पतित मानेका छन्। राज्यभिषेकको जिम्मा पुरोहितलाई दिइएको छ। राज्यभिषेक पनि राजाको शक्तिमाथि नियन्त्र गर्ने माध्यम हो।

राजाका कार्य (Functions of the King)

शुक्राचार्यका अनुसार दुष्टलाई दण्डित गर्नु, दान दिनु, आफ्ना प्रजाको परिपालन गर्नु, राजसूय आदि यज्ञ गर्नु, न्यायपूर्वक कोष बढाउनु, अन्य राजालाई कर तिर्ने बनाउनु, शत्रुको मान मर्दन गर्नु र राज्यविस्तार गर्नु राजाका आठ प्रकारका कर्तव्य हुन्छन्[१४] (शुक्राचार्य, अ. १, श्लो. १२३-१२४)। शुक्राचार्यले न्याय सम्पादन पनि राजाको कर्तव्य मानेका छन्।

प्रजापालन (Maintaining Law and Order)

दुष्टलाई दण्ड दिनु र सज्जनको रक्षा गर्नु राजाको पहिलो कर्तव्य हो। राज्य र राजाको उत्पत्ति नै समाजमा शान्ति-सुरक्षा कायम गर्नका लागि भएको मानिन्छ। प्रजालाई स्वधर्म पालना गराउनु राजाको प्राथमिक र अनिवार्य कार्य हो

प्रजारञ्जन (Pleasing People)

प्रजारञ्जनको अर्थ प्रजालाई खुसी बनाउनु हो। प्रजाका आधारभूत आवश्यकता पूरा गर्न राजाले सहयोग गर्नुपर्छ भन्ने शुक्राचार्यको विचार रहेको छ। वर्तमान राजनीतिमा न्यायपूर्ण समाज निर्माण गर्न राज्यले जनकल्याणका कार्य गर्नुपर्छ भन्ने कल्याकारी राज्यको सिद्धान्तको झलक शुक्राचार्यको प्रजारञ्जनको सिद्धान्तमा पाइन्छ।

यज्ञ गर्नु (Performing Yajna)

दान दिनु राजाको कर्तव्य हो। दानबाट ब्राह्मणको जीविकाका चल्दथ्यो। यो आर्थिक स्रोतको वितरणको नियम हो।

---

१४ दुष्टनिग्रहणं दानं प्रजाया: परिपालनम्।
यजनं राजसूयादे:कोशानां न्यायतोऽर्जनम्।
करदीकरणं राज्ञां रिपूणां परिमर्दनम्।
भूमेरुपार्जनं भूयो राजवृतं तु चाष्टधा।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

साम्राज्य निर्माण (Empire Building)

सैनिक शक्ति बलियो बनाउनु राजाको कर्तव्य मानिएको छ । जब आफ्नो सेना शक्तिशाली हुन्छ त्यस वेलामा शत्रुराज्यमाथि आक्रमण गर्नुपर्छ भन्ने शुक्राचार्यको सिद्धान्त छ । साम्राज्य निर्माण गर्ने इच्छा राख्ने राजाले अश्वमेध एवं वाजपेय यज्ञ गर्दथे । कमजोर राज्यमाथि आक्रमण गरी त्यस राज्यबाट कर उठाउनु पर्छ भन्ने शुक्राचार्यको विचार रहेको छ । शत्रुको मान मर्दन गर्नु पनि शुक्राचार्यका अनुसार राजाको कार्य हो । यसको अर्थ शत्रु राज्यमाथि नियन्त्रण गर्नु हो । राजाले राज्यविस्तार गरी सम्राट् बन्ने इच्छा राख्नु पर्छ भन्ने सिद्धान्तअनुसार नै शुक्राचार्यले भूभाग जोड्नु राजाको कार्य मानेका छन् ।

कर सङ्कलन (Collecting Taxes)

कर उठाउनु राजाको कार्य हो । कोष राज्यको अङ्ग हो । राज्य सञ्चालनका हरेक कार्यका लागि कोष आवश्यक हुन्छ । जनताबाट उठाएको कर नै राज्यकोषको आधार हो । राजाले न्यायपूर्वक प्रजालाई पीडा नदिई कर उठाउनु पर्छ भन्ने शुक्राचार्यको करनीति रहेको छ ।

न्याय सम्पादन (Judicial Function)

राजालाई न्यायपालिकाको प्रमुख मानिएको छ । शुक्राचार्यले नीतिशास्त्रअनुसार निष्पक्ष न्याय सम्पादन गर्नु राजाको कर्तव्य मानेका छन् ।

वैधानिक राजतन्त्र (Conception of Constitutional Monarchy)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राज्य र राजालाई दैवी मान्ने परम्परा रहेको छ । शुक्राचार्यले मनुले जस्तै राजालाई देवांश मानेका छन् । उनले राजालाई दैवीस्वरूप प्रदान गरेर अत्यन्त शक्तिशाली संस्था बनाएका छन् । प्रजाको हितका लागि राजा असीमित अधिकार सम्पन्न छन् तापनि उनले राजाको शक्ति नियन्त्रणको व्यवस्था पनि गरेका छन् ।

सर्वप्रथम राजाको चरित्रमा जोड दिइएको छ । राजामा दुर्व्यसन हुनुहुँदैन भन्ने शुक्राचार्यको विचार छ । राजा सदाचारी र कर्तव्य परायण हुनुपर्छ भन्ने उनको विचार छ । नैतिकता र सदाचारका नियममा बाँधिएको राजा निरङ्कुश हुने सम्भावना रहँदैन ।

राजाले नीतिशास्त्रअनुसार शासन सञ्चालन गर्नुपर्छ भन्ने शुक्राचार्यको विचार छ । राजालाई कानुन बनाउने अधिकार दिइएको छैन । विद्वान् ऋषि-महर्षिहरूद्वारा वेद र मनुस्मृतिको प्रतिकूल नहुने गरी दिइएका उपदेशका आधारमा राज्यको शासन व्यवस्था सञ्चालन गर्नु राजाको कर्तव्य मानिएको छ । धर्मशास्त्रका नियमको पालना गर्नु राजाका साथै सम्पूर्ण प्रजाको पनि कर्तव्य मानिएको छ । नीतिशास्त्रअनुसार राज्यको प्रशासन,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
राजनीति, अर्थव्यवस्था र सामाजिक व्यवस्था सञ्चालनमा शुक्राचार्यले जोड दिएका छन्। नीतिशास्त्रको उल्लङ्घन गर्ने शक्ति राजालाई दिइएको छैन। राजाको स्वेच्छाचारी शासन नियन्त्रण गर्न शुक्राचार्य नीतिशास्त्रको सर्वोच्चताको सिद्धान्तका पक्षमा छन्।

राजाले अमात्यको परामर्शअनुसार शासन सञ्चालन गर्नुपर्छ भन्ने शुक्राचार्यको विचार छ। उनले प्रजाको हितलाई प्राथमिकतामा राखेर राज्यको शासन सञ्चालन गर्नु राजाको कर्तव्य मानेका छन्। यो उनको राजाको शक्ति सीमित गर्ने माध्यम थियो।

शुक्राचार्य बहुलवादी समाजका पक्षमा छन्। राजाले राज्यमा बसोबास गर्ने विभिन्न जाति, धर्म, पेसाका मानिसहरूका परम्परा र रीतिरिवाजको सम्मान गर्नुपर्छ भन्ने उनको विचार छ। देश, जाति एवं कुलमा जुन प्रकारको धर्म चलिआएको छ त्यस धर्मलाई त्यसरी नै राजाले पालन गर्नु पर्दछ अन्यथा प्रजामा क्षोभ उत्पन्न हुन्छ (शुक्राचार्य,अ.४,प्र.५, श्लो. ४५-४७)। अधर्मशील राजा र प्रजा तत्काल नष्ट हुन्छन्। धर्मशील राजा धर्मअनुसार प्रजाप्रति व्यवहार गर्दासम्म मात्र राजा रहन्छन्[१५] (शुक्राचार्य, अ.४, प्र.१, श्लो.१४४)। यसरी शुक्राचार्यले सामाजिक प्रथाद्वारा पनि राजाको शक्ति सीमित गरेका छन्।

अधार्मिक राजाका विरुद्ध विद्रोहको अधिकार प्रजालाई दिइएको छ। शुक्राचार्यले राजधर्मको पालन गर्ने राजालाई देवांश र राजधर्मको पालना नगर्ने र प्रजापीडक राजालाई राक्षसांश राजा मानेका छन्[१६] (शुक्राचार्य, अ.१, श्लो.७०)। शुक्रनीतिसारमा राजाले आफ्नो सुखका लागि कमजोर व्यक्तिलाई पीडा दिन निषेध गरिएको छ। पीडित, दीन र कृपण व्यक्तिले मृत्युवरण गरेर पनि राजालाई नष्ट गर्दछन् (शुक्राचार्य, अ.१, श्लो.१६०)। प्रजापीडक राजाको विरुद्ध जनताले विद्रोह गरेर राज्य नष्ट गरिदिन्छन्। मृत्यु पश्चात् पनि अन्यायी राजाले नरकमा सजाय पाउँछ भन्ने शुक्राचार्यको विचार छ। यो शुक्राचार्यको राजाको शक्ति नियन्त्रण गर्ने महत्त्वपूर्ण उपाय थियो।

शुक्राचार्यका अनुसार राजाले कुनै पनि अवस्थामा आफ्नो आलोचना गर्ने प्रजालाई तिरस्कार गर्नु हुँदैन[१७] (शुक्राचार्य, अ.१, श्लो.१३३)। प्रजाको आलोचनाबाट पनि आफ्नो व्यवहार परिवर्तन नगर्ने राजाको विरुद्ध विद्रोह गर्ने प्रजालाई अधिकार दिइएको छ। राजाको उत्तराधिकारी तोक्न काममा पनि प्रजाको सहमति आवश्यक मानिएको छ। यदि राजाको नियुक्तिका विरुद्ध प्रजा छन् भने राजाको नियुक्ति हुन सक्दैन भन्ने शुक्राचार्यको विचार छ।

राजाको नैतिक चरित्र, नीतिअनुसार शासन, राजाले अमात्यको परामर्श मान्नुपर्ने, प्रजाको हितलाई प्राथमिकता राखेर काम गर्नुपर्ने, प्रजालाई विद्रोहको अधिकार आदि

१५ यावत्तु धर्मशील: स्यात् स नृपस्तावदेव हि।

१६ यो हि धर्मपरो राजा देवांशोऽन्यश्च रक्षसाम्। अंशभूतो धर्मलोपी प्रजापीडाकरो भवेत्।

१७ ...नावमन्येत वै प्रजा:।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.

CC-0.In Public Domain. Digitization by eGangotri

शुक्राचार्यका अनुसार राजाको स्वेच्छाचारी शासनको निषेध गर्ने उपाय हुन् । शुक्राचार्य मर्यादित,वैधानिक र सीमित राजतन्त्रको पक्षमा रहेका छन् ।

स्वतन्त्रता र समानता (Views on Liberty and Equality)

पराधीनता भन्दा ठूलो दु:ख र स्वाधीनता वा स्वतन्त्रताभन्दा ठूलो अन्य कुनै सुख छैन भन्ने शुक्राचार्यको मत छ । आफ्नो घर छाडेर प्रवासमा नजाने अर्थात् स्वाधीन भएर आफ्नै घरमा वस्ने व्यक्ति स्वतन्त्र हुन्छ र सुखप्राप्त गर्दछ भन्ने उनको विचार छ[१८] (शुक्राचार्य, अ.३, श्लो. ३२३-३२४) । सम्पूर्ण प्रजा पराधीन हुन्छन् । केवल राजा स्वतन्त्र हुन्छन् । शिष्य वा छात्र स्वतन्त्र हुँदैन । आचार्य वा अध्यापक स्वतन्त्र हुन्छन्[१९] (शुक्राचार्य, अ.४, प्र. ६, श्लो. २८६) । स्वतन्त्रता स्वछन्दता होइन भन्ने विषयमा शुक्राचार्य सचेत देखिन्छन् । प्रजा राज्यको अधीनमा हुन्छन् । शिष्य गुरुको अधीनमा हुन्छन् । यो अनुशासन हो । राजा समेत शास्त्रको अधीनमा हुन्छन् । राजाले राजधर्मअनुसार राज्यको शासन व्यवस्था सञ्चालन गर्नु पर्दछ भन्ने हिन्दु राजनीतिक चिन्तनको मान्यता छ । न्याय सम्पादनका सन्दर्भमा स्वतन्त्र रूपले प्रमाण र शास्त्रीय आधारविना निर्णय दिएमा राजा पनि पापी हुन्छ भन्ने शुक्राचार्यको विचार छ । अत: राजाले धर्मशास्त्रको प्रतिकूल नहुने गरी अर्थशास्त्रको विचार गर्नु पर्दछ अर्थात राजधर्मअनुसार निर्णय दिनुपर्दछ[२०] (शुक्राचार्य, अ.४, प्र. ६, श्लो. २६८) ।

कोही प्रजा हीन अर्थात् गरिब कमजोर र कोही अधिक अर्थात् शक्तिशाली ज्यादै धनी हुन नपाउने गरी राजाले प्रजाको रक्षा गर्नुपर्दछ भन्ने शुक्राचार्यको मत छ[२१] (शुक्राचार्य, अ.४, प्र. १, श्लो. ४२) । यसबाट शुक्राचार्य आर्थिक न्याय र समानताका पक्षमा रहेको स्पष्ट हुन्छ ।

चार उपाय (Four Expedients)

शुक्राचार्यले मनुले जस्तै साम, दान, भेद, र दण्ड चार उपाय मानेका छन् । उपायलाई नीति पनि भनिन्छ । मित्र, सम्बन्धी, पुत्र, प्रजा र शत्रु सबैसँगको व्यवहारमा साम, दान, भेद, र दण्डको प्रयोगबारे पृथक् पृथक् विचार गर्नु पर्दछ भन्ने शुक्राचार्यको मत छ[२२]

---

१८ पारतन्त्र्यात्परन्दु:खं न स्वातन्त्र्यात्परं सुखम् ।
अप्रवासी गृही नित्यं स्वतन्त्र: सुखमेधते ।

१९ अस्वतन्त्रा: प्रजा: सर्वा: स्वतन्त्र: पृथिवीपति: ।
अस्वतन्त्र: स्मृत: शिष्य आचार्ये तु स्वतन्त्रता ।

२० स्वतन्त्र साधयन्नर्थान् राजाऽपि स्याच्च किल्बिषी ।
धर्मशास्त्राऽविरोधेन ह्यर्थशास्त्रं विचारयेत् ।

२१ हीनाधिका यथा न स्यु: सदा रक्ष्यास्तथा प्रजा: ।

२२ सुहृत्संबन्धिस्त्रीपुत्रप्रजाशत्रुषु ते पृथक् ।
सामदानभेददण्डाश्चिन्तनीया: स्वयुक्तित: ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

(शुक्राचार्य,अ.४, प्र. १, श्लो. २६)। समानताको व्यवहार साम नीति हो। दिनु दान नीति हो। विभाजन ल्याउनु भेद नीति हो। अपमान गर्नु, भोजन नदिनु, बाँध्नु, हातपात गर्नु, आर्थिक दण्ड दिनु वा सम्पत्ति हरण गर्नु, मृत्य दण्ड दिनु, युद्ध गर्नु आदि दण्ड उपायका भेद हुन् (शुक्राचार्य, अ.४, प्र.१, श्लो. ४४-४५)। घरेलु दैनिक जीवनदेखि अन्तरराज्य सम्बन्धमा समेत उपयुक्त तरिकाले यी चार उपायको प्रयोग गर्न शुक्रनीतिमा राजालाई सल्लाह दिइएको छ। राजाले यी चार उपायको प्रयोग गरी शत्रु, मित्र, र उदासीन तीनै प्रकारका राजाहरू आफूभन्दा शक्तिशाली बन्न दिनुहँदैन। शत्रुप्रति पहिले साम, त्यसपछि दान, साम र दान असफल भएमा क्रमशः भेद र दण्ड नीतिको प्रयोग गर्नु पर्दछ।

आफ्ना राज्यका प्रजाप्रति भने शुक्रचार्यले राजालाई साम र दान दुईवटा उपायको मात्र प्रयोग गर्ने सल्लाह दिएका छन्। आफ्ना प्रजालाई दण्ड र भेद उपायको प्रयोग गरेमा राज्यको विनाश हुन्छ। राजाले प्रजाहरू मध्ये कोही सबल र कोही निर्बल हुन नपाउने किसिमले राज्य सञ्चालन गर्नु पर्दछ[२३] (शुक्राचार्य, अ.४, प्र.१, श्लो. ४१-४२)। यो विचारलाई मूल्याङ्कन गर्दा शुक्राचार्य समतामूलक समाजको निर्माणको पक्षमा रहेको स्पष्ट हुन्छ।

षाड्गुण्य (Six Principles of Foreign Policy)

प्राचीन राजनीति चिन्तन परम्परालाई अनुसरण गर्दै शुक्रचार्य पनि अन्तरराज्य संबन्ध सञ्चालनमा षड्गुण सिद्धान्तका पक्षमा छन्। सन्धि, विग्रह, यान, आसन, समाश्रय, र द्वैधीभावलाई षड्गुण भनिन्छ[२४] (शुक्राचार्य, अ.४, प्र.७, श्लो. २३२)। बलवान् शत्रु समेत मित्र बनाउने मेलमिलाप सन्धि हो। शत्रुलाई पीडा दिने र आफ्नो अधीनमा ल्याउने कार्य विग्रह हो। विग्रह भनेको युद्ध हो। शत्रुको विनाशका लागि सेनाप्रस्थान गर्ने कार्य यान हो। आफ्नो रक्षा र शत्रुको विनाशका निम्ति सैन्य बललाई स्थिर गर्नु आसन हो। शक्तिशाली राजाको आश्रय वा संरक्षणमा बस्ने नीति आश्रय हो। शक्तिशाली राजाद्वारा रक्षित भएर कमजोर राजा पनि शक्तिशाली बन्दछ। आफ्नो सैन्य शक्ति विभाजन गरी विभिन्न ठाउँमा राख्ने नीति दैधीभाव हो भन्ने शुक्राचार्यको मत छ (शुक्राचार्य, अ.४, प्र.७, श्लो. २३३-२३७)।

---

२३ स्वप्रजानां न भेदेन नैव दण्डेन पालनम्।
कुर्वीत सामदानाभ्यां सर्वदा यत्नमास्थितः।
स्वप्रजादण्डभेदैश्च भवेद्राज्यविनाशनम्।
हीनाधिका यथा न स्युः सदा रक्ष्यास्तथा प्रजाः।

२४ सन्धिं च विग्रहं यानमासनं च समाश्रयम्।
द्वैधीभावं च संविद्यान्मन्त्रस्यैतांस्तु षड्गुणान्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सन्धि (Treaty)

राजाले आफू भन्दा शक्तिशाली राजासँग मित्रता गर्नु सन्धि हो। अत्यन्त शक्तिशाली राजाद्वारा आक्रमण गरिएको र त्यसको प्रतिकारको कुनै उपाय नभएर आपत्तिमा परेका राजाले उपयुक्त समयको प्रतीक्षा गरी शक्तिशाली राजासँग सन्धि गर्नु पर्दछ। त्यस अवस्थामा केवल उपहार दिएर सन्धि गर्नु हितकर हुन्छ। मित्रताका लागि गरिने सन्धि बाहेक अन्य सबै सन्धि उपहार सन्धिका भेद हुन् भन्ने शुक्राचार्यको मत छ (शुक्राचार्य,अ. ४, प्र. ७, श्लो. २३७-२३८)। बलवान् शत्रुसमक्ष शिर झुकाएर उपहार दिएर सन्धि गरे तापनि राजाले आफ्नो अनुकूल समय भएका वेला फेरि त्यसैसँग युद्ध गर्ने राजालाई सम्पत्तिले छोड्दैन। बद्धिमान् राजाले सन्धि गरेका शत्रुको विश्वास गर्नुहुँदैन (शुक्रचार्य,अ. ४, प्र. ७, श्लो. २४६-२४७)। शत्रुलाई जित्नका लागि आफ्नै सामन्त र अनार्यसँग पनि सन्धि गर्न शुक्राचार्यले सल्लाह दिएका छन् (शुक्राचार्य,अ. ४, प्र. ७, श्लो. २४१)।

विग्रह (War)

राजा विग्रहबाट पछि हट्नु हुँदैन। शत्रुलाई पीडा दिनु वा आफ्नो अधीनमा ल्याउनु विग्रह हो। समान बलशाली राजासँग विग्रह गर्नु पर्दछ। देश, काल शक्तिको विचार गरेर आपत्तिग्रस्त, अलोकप्रिय, विषयासक्त कमजोर शत्रुमाथि विग्रह गर्नु पर्दछ बन्ने उनको मत छ। शक्तिशाली राजासँग विग्रह गर्नु हुँदैन। साथै शुक्राचार्यले अन्य उपाय असफल भए पछि मात्र विग्रह गर्ने राय दिएका छन्[२५] (शुक्राचार्य,अ. ४, प्र. ७, श्लो. २५३)।

यान (Marching of Army)

शत्रु नाशका लागि प्रस्थान गर्नु यान हो। शुक्राचार्यले विभिन्न पाँच प्रकारका यानको वर्णन गरेका छन्। शुक्रनीतिमा विग्रह गरेर शत्रुमाथि आक्रमण गर्नु विगृह्ययान हो। एउटासँग सन्धि गरेर अर्को राजामाथि जाइलाग्नु संधाययान हो। राजाले सामन्तहरूसँग मिली आफ्नै शक्ति, शौर्य, र युद्ध कुशलताको प्रयोग गरी अर्को राजामाथि जाइ लाग्नु संभूययान हो। अन्य कुनै राजाप्रति जाइलाग्न प्रस्थान गरेको सेना प्रसङ्वश बीचमा अन्यत्र जाइ लाग्न प्रस्थान गरेमा त्यसलाई प्रसङ्गयान भनिन्छ। शक्तिशाली शत्रुसँगको युद्धबाट पीडित भएको शत्रुको अवस्थाको उपेक्षा गरी जाइ लाग्नु उपेक्षायान हो (शुक्राचार्य,अ. ४, प्र. ७, श्लो. २५४-२५९)।

आसन (Staying Quiet)

जुन स्थानबाट शत्रुका सेनामाथि अस्त्रद्वारा प्रहार गर्न सकिन्छ त्यस्तो स्थानमा राजा सहित सेनालाई बसाउनु आसन हो। तृण, जल, अन्न आदि सामग्री शत्रुपक्षका सेनासम्म

२५ उपायान्तरनाशे तु ततो विग्रहमाचरेत्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पुग्न नदिने गरी शत्रुका सेनालाई धेरै दिनसम्म घेरेर बस्नु आसन हो (शुक्राचार्य,अ. ४, प्र. ७, श्लो. २८५)। शुक्राचार्यले एक प्रकारको आसनको मात्र उल्लेख गरेका छन्। शत्रु र विजिगीषु युद्ध लड्दा लड्दा क्षीण बल भए पछि सन्धि गरी दुबै आआफ्नो स्थानमा स्थित हुन्छन् भने शुक्राचार्यले त्यसलाई सन्धाय आसन भनेका छन् (शुक्राचार्य,अ. ४, प्र. ७, श्लो. २८७)।

आश्रय (Seeking Surrender)

शक्तिशाली राजाद्वारा आक्रमण गरी राज्य विनाश हुँने अवस्थामा प्रतिकारको अन्य कुनै उपाय नदेखेमा राजाले अत्यन्त बलवान्, कुलीन, सत्यप्रतिज्ञावाला एवं श्रेष्ठ आचरण भएको राजाको आश्रय लिएर शत्रुलाई परास्त गर्नुपर्दछ (शुक्राचार्य,अ. ४, प्र. ७, श्लो. २८८)। विजिगीषु राजाले बलवान् राजाको आश्रय लिएर शत्रु परास्त गर्नुपर्दछ।

द्वैधीभाव (Dual Policy)

आफ्नो सैन्य बललाई दुई भागमा विभाजन गर्नु द्वैधीभाव हो। समय अनुसार व्यवहार गर्न जान्ने राजाले जब शत्रुद्वारा उत्पन्न सङ्कटबाट बच्ने कुनै उपाय निश्चित गर्न सक्दैन त्यस अवस्थामा कागको आँखा जस्तो दुबैतिर व्यवहार गर्ने द्वैधीभावको नीति लिनु पर्दछ (शुक्राचार्य,अ. ४, प्र. ७, श्लो. २९१-२९२)। देखाउने र गर्ने कार्य फरक फरक हुनु द्वैधीभाव हो।

राज्यमण्डल र साम्राज्य निर्माण (Mandala Theory and Empire Building)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राज्यमण्डल सिद्धान्त ज्यादै महत्त्वपूर्ण मानिन्थ्यो। मनुस्मृति, कौटिल्य अर्थशास्त्र, कामन्दकनीतिसार, महाभारत आदिमा मण्डल सिद्धान्तको विश्लेषण गरिएको छ। दक्षिण एसिया विभिन्न ससाना राज्यहरूमा विभाजित थियो। एउटा राज्यको चारैतर्फ विभिन्न राज्यहरू हुन्थे। ती राज्यमध्ये कमजोर राज्यहरूलाई जिती सम्राट् बन्ने इच्छा गर्ने राजा वा राज्यलाई विजिगीषु भनिन्थ्यो। शक्तिशाली राजाले सम्राट् बन्ने इच्छा गर्दथे। साम्राज्य निर्माण गर्नु वैदिक कालदेखि नै राजाको आदर्श मान्ने गरिन्थ्यो। विजिगीषुका मित्र, शत्रु र उदासीन राज्य हुन्थे। यसैलाई राज्यमण्डल भनिन्थ्यो। शुक्राचार्यले विजिगीषु, मित्र, शत्रु, र उदासीन राज्यको नाम उल्लेख गरेका छन् तापनि राज्यमण्डल सिद्धान्तको विश्लेषण गरेका छैनन्। राजाको छिमेकका राजा क्रमश: शत्रु, मित्र, र उदासीन हुन्छन् (शुक्राचार्य, अ. ४, प्र. १ श्लो. २१)। राजाले आफू शक्तिशाली भएको अवस्थामा मात्र षड्गुणको विचार गरेर युद्धको इच्छा गर्नु पर्दछ भन्ने शुक्राचार्यको मत छ (शुक्राचार्य,अ.४,प्र.७, श्लो. २१८-२१९)। शुक्राचार्यले प्राचीन साम्राज्य निर्माणको मान्यताका साथै राज्यमण्डल सिद्धान्तको समर्थन गरेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

न्यायव्यवस्था (Judicial Administration)

न्याय प्रशासन राजाको प्रत्यक्ष नियन्त्रणमा रहने व्यवस्था शुक्राचार्यले गरेका छन्। शास्त्रअनुसार दुष्टलाई दण्डित गर्न र सज्जनको रक्षा गर्न न्याय व्यवस्था गरिएको छ। वादी-प्रतिवादी दुबैको भनाइ सुनेर राजाले यदि सभासद्हरूको रायबिना कुनै निर्णय गर्दछन् भने यसबाट उनलाई नरकप्राप्ति, प्रजाको नाश, शत्रु बृद्धि, र आयु क्षय हुन्छ। तसर्थ राजाले मुद्दा वा व्यवहारको शास्त्रअनुसार राम्ररी विचार गरेर निर्णय दिनु पर्दछ (शुक्राचार्य,अ.४,प्र.५, श्लो. १०-११)।

यदि राजाले आफै मुद्दाको निर्णय गर्दैनन् भने उनले वेदका ज्ञाता, इन्द्रियलाई नियन्त्रर्ण गर्न सक्ने, कुलीन, पक्षपात नगर्ने, शान्त प्रकृति भएको, चञ्चलता नभएको, परलोकको डर मान्ने, धार्मिक, उद्योगी, क्रोध नभएको ब्राह्मणलाई सभासद् नियुक्त गर्नुपर्दछ (शुक्राचार्य,अ.४,प्र.५, श्लो. १३)। शुक्राचार्यले यदि विद्वान् ब्राह्मण प्राप्त नभएमा धर्मशास्त्रका ज्ञाता क्षत्री वा वैश्यलाई नियुक्ति गर्न सकिन्छ तर शूद्रलाई निर्णय गर्ने पदमा नियुक्त गर्न हुँदैन भन्ने राजालाई सल्लाह दिएका छन् (शुक्राचार्य,अ.४,प्र.५, श्लो. १४)। यो राजाको अनुपस्थितिमा न्यायसभाको अध्यक्षता गर्ने पद हो तर सभासदमा भने सबै जातजातिका व्यक्तिहरूलाई नियुक्त गर्न राजालाई उपदेश दिइएको छ। राजाले व्यवहारविद् अर्थात् मुद्दामामिलाको निर्णय गर्न जान्ने, बुद्धिमान्, असल चिरत्र, शील र गुण भएका, रागद्वेष नभएका वा शत्रु र मित्रप्रति समान व्यवहार गर्ने, धर्मशास्त्रका ज्ञाता, सत्यवादी, आलस्य नभएका, क्रोध, काम, तथा लोभ जितेका, प्रिय वचन बोल्ने, सम्पूर्ण जातिका व्यक्तिलाई सभाका सदस्य नियुक्त गर्नु पर्दछ[२६] (शुक्राचार्य,अ.४,प्र.५, श्लो. १६-१७)। लोकव्यवहार र वेदको ज्ञान भएका धर्मज्ञ तीन, पाँच वा सात ब्राह्मण बसेको सभा यज्ञ समान हुन्छ। सभासदहरूको राय लिएर मात्र राजाले अन्तिम फैसला दिनु पर्छ भन्ने शुक्राचार्यको मत छ।

स्थानीय न्यायालय (Local Courts)

शुक्रनीतिसारमा स्थानीय न्याय सम्पादनका लागि एक प्रकारको पञ्चायत प्रणालीको व्यवस्था गरिएको छ। पारस्परिक सद्भावका आधारमा विवादको निर्णय गर्ने व्यवस्था छ। स्थानीय र सम्बन्धित जातिका व्यक्ति विवादको मूलसँग परिचित हुँने हुँदा तिनीहरूबाट निर्णय गराउँदा निर्णय न्यापूर्ण हुनसक्छ भन्ने मान्यताका पक्षमा शुक्राचार्य रहेका छन्। न्यायालय सर्वसाधरणको पहुचमा हुनुपर्छ भन्ने उनको सिद्धान्त छ। वनमा बस्ने

२६ व्यवहारविद: प्राज्ञा वृतशीलगुणान्विता:।
रिपौ मित्रे समा ये च धर्मज्ञा: सत्यवादिन:।
निरालसा जितक्रोधकामलोभा: प्रियंवदा:।
राज्ञा नियोजितव्यास्ते सभ्या: सर्वासु जातिषु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

व्यक्तिहरूका विवाद उनीहरूकै व्यक्तिद्वारा, सङ्घमा बस्ने व्यक्तिहरूका विवाद सङ्घकै व्यक्तिद्वारा, सैनिकका विवाद सैनिकद्वारा र गाउँमा बस्ने व्यक्तिहरूका विवाद गाउँमा बस्ने व्यक्तिहरूद्वारा नै निर्णय गराउनु पर्दछ भन्ने शुक्राचार्यको विचार छ (शुक्राचार्य,अ.४,प्र.५, श्लो. २२)। न्यायव्यवस्थाको स्थानीय स्वायत्तता वा विकेन्द्रीकरणको अभ्यासको पक्षमा शुक्राचार्य रहेको बुझिन्छ।

प्रमाण व्यवस्था (Evidences in Judicial Administration)

न्यायप्रशासनमा प्रमाणको ज्यादै महत्त्व हुन्छ। प्रमाणका आधारमा सत्य र असत्य पत्ता लगाएर न्यायिक निर्णय गर्नुपर्दछ भन्ने शुक्राचार्यको मत छ। लेख, साक्षी र भोगलाई प्रमुख प्रमाण मानिएको छ[२७] (शुक्राचार्य, अ. ४, प्र. ६, श्लो. २०९)। शुक्राचार्यले राजाद्वारा लिखित मुद्राङ्कित वा मुद्रारहित लिखत, मन्त्रीद्वारा गरिएका लिखत, पुरवासीद्वारा गरिएका लिखत आदि लेख्यपत्रहरूको विस्तृत विवेचना गरेका छन्। कुनै विवादका सम्बन्धमा वादीप्रतिवादीका समक्ष साक्षी बकाउनु पर्दछ। साक्षीको योग्यताका साथै साक्षी बकाउने प्रक्रियाको समेत विस्तृत विवेचना शुक्रनीतिमा गरिएको छ। भोगलाई पनि प्रमाण मानिएको छ। लिखित प्रमाणसहितको भोग वा दीर्घकालको भोग प्रामाणिक हुन्छ। यदि स्वामी आफ्नो वस्तुबाट विच्छेद भएको छ; छोडेको छ वा नजिकमा भएर पनि दावी गरेको छैन भने त्यस्तो अवस्थामा भोग प्रामाणिक हुन्छ (शुक्राचार्य, अ. ४, प्र. ६, श्लो. २१६)। शुक्राचार्यका अनुसार प्रमाण र युक्तिबाट सत्यता प्रमाणित नभएमा दिव्य परीक्षाद्वारा निर्णय गर्नुपर्दछ। अग्नि, विष, तुला, जल, धर्म-अधर्म, चावल एवं शपथ दिव्य परीक्षाका निम्ति निर्दिष्ट गरिएका छन् (शुक्राचार्य, अ.४, प्र.६, श्लो. २३५)।

निष्कर्ष (Conclusion)

नीतिशास्त्रको प्राचीन परम्परामा शुक्रचार्यको निकै महत्त्वपूर्ण स्थान छ। उनका विचार प्राचीन हिन्दु राजनीतिक चिन्तनमा परम्पराका रूपमा स्थापित भएको पाइन्छ। शुक्राचार्य राजतन्त्रका समर्थक रहेका छन् तर उनले राजालाई स्वेच्छाचारी र निरङ्कुश हुनबाट रोक्ने व्यवस्था गरेका छन। उनले राजालाई नीतिशास्त्रको अधीनमा राखेका छन्। राजधर्मको पालन नगर्ने राजाका विरुद्ध जनतालाई विद्रोहको अधिकार दिइएको छ। लोककल्याणका लागि नीतिशास्त्रअनुसार शासन सञ्चालन गर्नु राजाको कर्तव्य मानिएको छ। शुक्राचार्यका अनुसार नीतिको कार्यान्वयन गर्नु र न्याय सम्पादन गर्नु राजाको कर्तव्य हो। राजालाई निरङ्कुश हुनबाट रोक्ने प्रयास गरेका हुँदा प्राचीन हिन्दु राज्यव्यवस्थामा शुक्राचार्यलाई कानुनी राज्यका सूत्राधार मानिन्छ।

---

२७ विनष्टे लिखिते राजा साक्षिभोगैर्विचारयेत्।
लेखसाक्षिविनाशे तु सद्भोगादेव चिन्तयेत्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वाल्मीकि रामायणमा रामराज्य
(Ramrajya in the Ramayan of Valmeeki)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा सर्वत्र धर्ममय वातावरण होस् र सुख-समृद्धिको होस् भन्ने मानिसको चाहना पूरा गर्न राज्यको उदय भएको थियो भन्ने मान्यता रहेको छ। राज्यमा सुशासन कायम गर्न वैदिक ऋषिहरूले आदर्श शासनकलाका सिद्धान्त प्रतिपादन गरेका छन् । प्राचीन राज्यव्यवस्थाका आदर्श शासनकलाका मान्यता आधुनिक राजनीतिक चिन्तनमा विकास गरिएका सुशासनका सिद्धान्तसँग मिल्दाजुल्दा छन्। वाल्मीकि रामायणका अनुसार हिन्दु राज्यव्यवस्थाका परम्परागत असल शासनका मान्यता इमान्दारिताका साथ व्यवहारमा लागु गरी त्रेतायुगमा राजा रामले कोशल राज्यको शासन सञ्चालन गरेका थिए। असल शासनका मान्यतालाई व्यवहारमा लागु गर्न सफल भएको हुँदा राजा रामको शासन हिन्दु समाजमा सुशासनको रूपमा प्रसिद्ध भएको हो। राजा रामको शासनलाई रामराज्य भनिन्छ । रामराज्य आजभोलि पनि सुशासनको पर्यायवाची शब्दको रूपमा प्रयोग गरिन्छ। सत्यमा आधारित, न्यायपूर्ण र प्रजातान्त्रिक शासन रामराज्य थियो। त्रेतायुगको साच्चिकै समुन्नत एवं न्याय र नीतिमा आधारित शासन व्यवस्थाको स्वर्णयुगलाई रामराज्य भनिन्छ। समसामयिक लोकतान्त्रिक शासन व्यवस्थामा सुशासन कायम गर्न रामराज्यका कतिपय राजनीतिक आदर्श उपयोगी मानिन्छन् । वाल्मीकि रामायणमा गरिएको वर्णनका आधारमा रामराज्यको स्वरूप र शासनकलाबारे यस प्रकरणमा सङ्क्षेपमा प्रकाश पारिएको छ।

वाल्मीकि रामायणको रचना (Ramayan and Its Author)

आदिकवि महर्षि वाल्मीकिद्वारा संस्कृत भाषामा रचना गरिएको रामायण ऐतिहासिक महाकाव्य हो। सात काण्डमा विभाजित वाल्मीकि रामायणमा २४००० श्लोक रहेका छन् । भारतीय विद्वानहरूका अनुसार वाल्मीकि रामायण करिब इसापूर्व ३००० वर्ष पहिलेको रचना मानिन्छ। युरोपियनहरूले यसलाई इसापूर्व ४०० देखि इस्वी संवत् २०० बीचको रचना मान्दछन्। त्रेतायुगको कथावस्तुमा आधारित वाल्मीकि रामायण वैदिक कालपछिको रचना हो। आर्यभट्टका अनुसार रामको जन्म इसापूर्व ५११४ मा भएको थियो। त्रेतायुगका राजा रामको जीवन वृतान्तमा आधारित वाल्मीकि रामायण वैदिक सनातन सभ्यताको संस्कृत भाषामा रचना गरिएको प्रथम महाकाव्य मानिन्छ। रामायणमा वैदिक सनातन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

हिन्दु धर्मका देवता विष्णुको अवतार मानिने इक्ष्वाकु वंशका राजा रामको जीवनगाथा सविस्तार वर्णन गरिएको छ । यसमा वर्णन गरिएका पारिवारिक र सामाजिक नैतिक मान्यताको वर्तमान हिन्दु समाजमा समेत गहिरो प्रभाव छ । त्रेतायुगको रामको गाथामा आधारित काव्य भएकाले रामायणलाई ऐतिहासिक महाकाव्य मानिन्छ । धार्मिक ग्रन्थ हुँदाहुँदै पनि वाल्मीकि रामायणमा तात्कालिक राज्यव्यवस्था र शासनकलाबारे प्रचुर मात्रामा प्रकाश पारिएको छ। राजा रामको शासनलाई सुशासनको नमुना मानिन्छ। त्यसैले वर्तमान हिन्दु समाजमा समेत सुशासनको पर्यायवाची वाक्यांशको रूपमा रामराज्य प्रयोग गरिन्छ।

रामायणको सङ्क्षिप्त परिचय (Introduction to the Ramayan)

रामायणको सङ्क्षिप्त कथा निम्न बमोजिम रहेको छ: त्रेतायुगमा कोशल राज्यमा इक्ष्वाकु वंशको शासन थियो। कोशल विशाल राज्य थिएन। यसको स्वरूप नगर राज्य वा जनपद राज्यको थियो। यसको राजधानी सरयू नदीको किनारमा अवस्थित अयोध्या नगरीमा थियो। अयोध्यामा इक्ष्वाकुवंशका राजा दशरथले राज्य गर्दथे। उनी प्रतापी राजा थिए। कौशल्या, कैकेयी र सुमित्रा गरी उनका तीन रानी थिए। दशरथका कौशल्याबाट राम, कैकेयीबाट भरत र सुमित्राबाट लक्ष्मण र शत्रुघ्न चार छोरा जन्मेका थिए। जब राजकुमारहरू किशोर अवस्थामा पुगेका मात्र थिए; एक दिन ऋषि विश्वामित्र राक्षसबाट आश्रमको रक्षाका लागि दशरथको दरबारमा उपस्थित भए। उनले राम र लक्ष्मणलाई आफ्नो साथमा लिएर जान राजा दशरथसँग अनुरोध गरे। ऋषिले राजाको आज्ञाले सिद्धाश्रमको रक्षाका लागि राम र लक्ष्मणलाई साथमा लिएर गए। त्यहाँ रामले ताटका र सुबाहुको वध गरे र मारीचलाई हतियारद्वारा समुद्रको पानीमा फालिदिएका थिए। त्यसपछि ऋषि विश्वामित्र राम र लक्ष्मणलाई साथमा लिएर जनकपुरतिर लागेका थिए। बाटोमा रामले ऋषि गौतमकी पत्नी अहल्याको उद्धार गरेका थिए। त्यस समयमा मिथिलामा राजर्षि जनकले राज्य गर्दथे। मिथिलाको राजधानी जनकपुर थियो। जनकको दरबारमा शिवधनुष राखिएको थियो। राजा जनकले शिवधनुष उठाउन सक्ने व्यक्तिसँग आफ्नी छोरी सीताको विवाह गर्ने प्रतिज्ञा गरेका थिए। रामले सो धनुष उठाएर र चलाउने प्रयत्न गरे तर धनुष भाँचियो। राजा जनकले आफ्नो प्रतिज्ञाअनुसार छोरी सीताको रामसँग र उर्मिलाको लक्ष्मणसँग विवाह गरिदिए। जनकका भाइ कुशध्वजका छोरी माण्डवीसँग भरतको र शत्रुघ्नको श्रुतकीर्तिसँग विवाह सम्पन्न भयो।

दशरथका जेठा छोरा राम राजाका लागि आवश्यक सबै गुण सम्पन्न थिए। राजतन्त्रात्मक शासन प्रणालीको परम्पराअनुसार राजा दशरथको जेठो राजकुमार भएको हुँदा उनी राज्यका उत्तराधिकारी थिए। वृद्ध राजा दशरथको रामलाई राजा बनाउने इच्छा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

थियो तर रामकी सौतेनी आमा कैकेयी रामलाई राजा बनाउन दिने पक्षमा थिइनन्। राजा दशरथले पहिले कैकेयीको इच्छा पूरा गर्ने प्रतिज्ञा गरेका थिए। सोही आधारमा उनले आफ्नो छोरा भरतलाई अयोध्याको राजा बनाउनु पर्ने र रामलाई १४ वर्ष वनमा पठाउनु पर्ने माग राखिन्। राम पिताको आज्ञाअनुसार वनवास गए। सीता र लक्ष्मण पनि रामका साथमा वनवासमा गएका थिए।

पुत्र वियोगका कारण दशरथको मृत्यु भयो। भरतलाई राजसिंहासनमा बसाउने निर्णय भयो। त्यस समयमा भरत मामाको घरमा गएका थिए। उनलाई अयोध्या ल्याइयो। आफ्नी आमाको कुटिलताले गर्दा राम वनवास जानु परेकाले भरतले त्यसको भर्त्सना गर्नुका साथै राजसिंहासन पनि अस्वीकार गरेका थिए। गुरुको आज्ञाले भरतले पिता दशरथको अन्त्यष्टि सम्पन्न गरी रामलाई फर्काउन राम बसेको चित्रकुट वनमा गए। रामले भरतलाई सम्झाइ-बुझाइ राज्य सञ्चालन गर्न फिर्ता पठाए। चित्रकुटमा रामले भरतलाई राज्य सञ्चालनकलाको विषयमा दिएका उपदेश रामायणमा उल्लेख गरिएका छन्। भरतले रामका पादुका लिएर फर्के र रामको अनुपस्थितिमा रामका पादुका राजसिंहासनमा राखेर आफू संरक्षक भई राज्य सञ्चालन गरेका थिए।

उता राम चित्रकुट छाडी दण्डक वनमा प्रवेश गरे र पञ्चवटीमा पर्णशाला निर्माण गरी बस्न थाले। वनमा रावणकी बहिनी शूर्पणखा आएर रामसँग विवाहको इच्छा प्रकट गरिन्। रामले आफू पत्नीका साथमा भएकाले लक्ष्मणसँग विवाह गर्न शूर्पणखालाई सल्लाह दिएका थिए। उता लक्ष्मणले शूर्णखाको विवाह प्रस्ताव अस्वीकार गरी त्यसका नाककान समेत काटिदिएका थिए। त्यसको बदला लिन खर र दूषण आएका थिए। रामले खर र दूषणसहित चौध हजार राक्षसी सेनाको वध गरेका थिए। खर र दूषण मारिएको र बहिनी शूर्पणखाको नाककान काटिएको देखेर रावण रिसायो। रावणले मारीचलाई स्वर्ण मृगको रूप लिएर वनमा पठायो। सीताले स्वर्णमृग प्राप्त गर्न रामलाई प्रेरित गरिन्। रामले स्वर्णमृगको रूपमा आएको राक्षस मारीचको हत्या गरेका थिए। मर्ने वेलामा उसले रामको आवाजमा 'हा लक्ष्मण' शब्द निकाल्यो। सो आवाज सुनेर सीताले रामलाई आपत्ति आएको ठानी लक्ष्मणलाई रामको सहायताका लागि पठाइन्। यसै मौकामा रावणले छलपूर्वक हरण गरी सीतालाई लङ्का लग्यो। रावणले सीतालाई विवाह गर्न चाहन्थ्यो तर सीताले अस्वीकार गरेकाले उनलाई अशोक वाटिका राखेको थियो।

सीताको वियोगमा राम र लक्ष्मणले शोक गर्दै उनको खोजीमा लागेका थिए। यसै समयमा रामले हनुमान् र सुग्रीवसँग मित्रता कायम गरेका थिए। रामले किष्किन्धाका राजा बालिको वध गरी सुग्रीवलाई राजसिंहासनमा बसाले र हनुमान् र वानर सेना सीताको खोजीमा पठाइयो। सीताको खोजीमा हिडेका हनुमान् समुद्र तरेर लङ्का पुगेर सीतालाई भेटी रामको सन्देश सुनाए। उनी लङ्का जलाएर फर्किएका थिए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

त्यपछि राम समुद्रमा पुल बाँधेर वानर सेनासहित लङ्का पुगेका थिए। रावणका भाइ विभीषण रामको शरणमा आए। राम र रावणको भयङ्कर युद्ध भयो। युद्धमा रावण मारियो । रामले रावण मारिएपछि लङ्काको राजसिंहासनमा रावणको भाइ विभीषणलाई बसालेका थिए। यसैबीचमा रामको वनवासको समय पूरा भयो। सीता र लक्षमणसहित राम अयोध्या फर्किए । त्यसपछि रामले अयोध्याको राज्य जनताको हितलाई प्राथमिकतामा राखेर सञ्चालन गर्न थाले । सीताको पवित्रताको विषयमा धोबीको नकारात्मक विचार रामले गुप्तचरबाट थाहा पाएका थिए। राजा रामले गर्भवती सितालाई परित्याग गरे। सीताले ऋषि वाल्मीकिको आश्रममा आश्रय लिएर बसिन्। त्यसै आश्रममा सीताबाट जुम्ल्याहा छोरा लव र कुशको जन्म भयो। लव र कुशको पालनपोषण र शिक्षादीक्षा वाल्मीकि आश्रममा भयो र दुबै कुशल योद्धा भएर निस्किए। रामले अश्वमेध यज्ञ गरेर घोडा छोडिदिएका थिए। यज्ञमा छाडिएको घोडा र सेनालाई लव र कुशले अवरोध सृजना गरे। रामको सेना र लव र कुशबीच युद्ध भयो । अन्त्यमा लव र कुशको परिचय खुल्यो । रामले दुबै छोरालाई स्वीकार गरे। सीता, लक्ष्मण र रामको स्वर्गारोहण भयो। रामको जेठो छोरा लव अयोध्याका राजा भए।

रामायणमा राजनीतिक विचार छरिएको अवस्थामा छन्। बालकाण्डको प्रथम सर्गमा देवर्षि नारदले वाल्मीकिलाई रामकथा सुनाएको प्रसङ्ग उल्लेख छ । त्यहाँ रामको जन्मदेखि राज्याभिषेकसम्मको वर्णन गरिएको छ । अयोध्या काण्डमा रामको मुखबाट भरतलाई दिइएका राज्य सञ्चालनकलाका उपदेश उल्लेख गरिएका छन्। युद्धकाण्डको १२८ औँ सर्गमा रामराज्यको वर्णन गरिएको छ । त्यसैगरी उत्तरकाण्डको सर्ग ४१ औँ सर्गमा भरतको मुखबाट गरिएको रामराज्यको वर्णन उल्लेख छ । वालमीकि रामायणमा यत्रतत्र गरिएको रामराज्यको वर्णनमा समानता रहेको छ।

राजधर्म र यसको महत्त्व (Importance of Rajdharma)

राजनीतिशास्त्र रामायणको मुख्य प्रतिपाद्य विषय होइन तापनि रामायणमा असल राज्यसम्बन्धी मान्यताको सिद्धान्तका साथै व्यवहारमा त्यसको सभ्यासको पनि वर्णन गरिएको छ । वैदिक सनातन परम्परामा सामाजिक व्यवस्था कायम गर्न राजधर्म एवं दण्डनीति महत्त्वपूर्ण मानिएको छ। राज्यशक्तिको सही तरिकाले प्रयोग गर्न सिकाउने विद्या दण्डनीति हो । राजधर्मको अर्थ राजाको कर्तव्य भन्ने हुन्छ र यसमा नैतिक कर्तव्यलाई जोड दिन्छ। समाजमा सत्य धर्म (Righteousness) को स्थापना गर्नु राजाको कर्तव्य मानिएको छ। राजनीतिक शक्तिको प्रयोग दुष्टहरूलाई दण्डसजाय दिन र सज्जनहरूको रक्षाका लागि हुनुपर्छ भन्ने रामायणको मान्यता रहेको छ । दुष्टलाई दण्ड दिनु उसलाई प्रायश्चित्तको अवसर दिनु मानिएको छ। मानिसका लागि सुख र शान्तिपूर्ण जीवन जीउन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

र आध्यात्मिक विकासका लागि पनि राजनीतिको आवश्यकता हुन्छ भन्ने वाल्मीकिको मान्यता रहेको छ ।

अयोध्या राज्यको उदय (Origin of State Ayodhya)

सृष्टिको प्रारम्भमा नित्य, सनातन एवं अविनाशी आकाशस्वरूप परब्रह्म परमात्माबाट ब्रह्मा प्रादुर्भाव भएका थिए । ब्रह्माबाट मरीचि उत्पन्न भएका थिए । मरीचिबाट उनका पुत्र कश्यप उत्पन्न भए । कश्यपबाट विवश्वान्को जन्म भएको थियो । विवश्वान् सूर्यको नाम हो । विवस्वान्बाट वैवस्वत मनुको जन्म भएको थियो । मनु प्रथम प्रजापति थिए । मनु देवताद्वारा नियुक्त पृथ्वीका प्रथम राजा थिए । मनुका पुत्र इक्ष्वाकु थिए । मनुले आफ्ना पुत्र इक्ष्वाकुलाई अयोध्याको समृद्धशाली राज्य सुम्पेका थिए । सूर्यका पुत्र मनुका पुत्र इक्ष्वाकु अयोध्याका प्रथम राजा थिए । (वाल्मीकि, अ. स.११०, श्लो.५-७) । त्यसैले अयोध्याको राजवंशलाई सूर्यवंशी भनिन्छ । यसै वंशका प्रतापी राजा दशरथका ज्येष्ठ पुत्र मर्यादा पुरुषोत्तम राम थिए । वाल्मीकि रामायणको यस प्रसङ्गबाट राजा र राज्यको उदय देवताको इच्छाअनुसार भएको स्पष्ट हुन्छ ।

राज्यको सप्ताङ्ग सिद्धान्त (Seven Elements of the State)

रामायण कालमा नै राज्यको सप्ताङ्ग सिद्धान्त विकास भइसकेको थियो । राज्यको अङ्ग राजा र अमात्यको वर्णन वाल्मीकि रामायणमा छ । मित्रराज्यको प्रसङ्ग उल्लेख गरिएको छ । कोशल राज्यको सीमामा श्रृङ्गवेरपुरमा गुह नाम गरेका निषादको राज्य थियो । उनी रामका प्राणप्रिय मित्र थिए[१] (वाल्मीकि, अ, स.५०, श्लो.३३) । राम वनवास जाने क्रममा निषादको राज्यमा वास बसेका थिए । विदा हुने वेला रामले गुह्यलाई सेना, कोश, दुर्ग र जनपदको विषयमा सावधान रहन सल्लाह दिएका छन्[२] (वाल्मीकि, अ. स.५२, श्लो.७२) । वाल्मीकि रामायणमा राज्यका सात अङ्गलाई सप्तवर्ग भनिएको छ (वाल्मीकि, अयो. स.१००, श्लो.६८) । राजा, अमात्य, बल, दुर्ग, कोष, जनपद र मित्र राज्यका सात अङ्ग हुन् । जलदुर्ग, पर्वतदुर्ग, वृक्षदुर्ग, ईरिणदुर्ग र धन्वदुर्ग गरी पाँच प्रकारका दुर्गलाई रामायणमा पञ्चवर्ग भनिएको छ ।

रामयणमा जनपद राज्य (Janapad State in the Ramayan)

रामायण कालमा विन्ध्याचल पर्वत र हिमालय बीचको भूभागलाई आर्यावर्त भनिन्थ्यो । आर्यावर्तमा वैदिक आर्यहरूका अनेक स-साना राज्य थिए । त्यस वेला विशाल साम्रज्यको स्थापना सम्भवत: भइसकेको थिएन । साम्राज्य विचार भने थियो । रामायण कालमा पनि

---

१ .... रामस्यात्मसम: सखा॥

२ अप्रमत्तो बले कोशे दुर्गे जनपदे तथा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
साम्राज्य निर्माणको कल्पना अवश्य थियो। राम र उनका पूर्वजहरूले अश्वमेध यज्ञ गरेका थिए। प्राचीन हिन्दु राजनीतिक चिन्तनमा अश्वमेध यज्ञ साम्राज्य निर्माणका लागि गरिन्थ्यो। मिथिला, काशी, कोशल, केकय, सिन्धु, सौवीर, सौराष्ट्र, विशाला, साङ्काशी, अङ्ग, वङ्ग, मगध, मत्स्य आदि त्यस समयका प्रसिद्ध राज्य थिए। विन्ध्याचल पर्वतको दक्षिणतर्फको भूभाग वानर र राक्षसका प्रदेश थिए। भारतवर्षमा कुनै एकछत्र साम्राज्य थिएन। राम वनवासका लागि अयोध्याबाट दक्षिण-पश्चिमतर्फ गएका थिए। उनी पहिलो दिनमा नै कोशल राज्यको सीमासम्म पुगका थिए। कोशल कुनै विशाल साम्राज्य नभई जनपद राज्य थियो। कोशल राज्यको सत्ता निकटवर्ती सामन्त राजाहरूलाई आफ्नो अधीनमा राख्न सफल भएको थियो।

राजतन्त्रात्मक शासन व्यवस्था (Monarchy in the Ramayan)

वैदिक कालपछि दक्षिण एसियामा राजतन्त्र र गणराज्य गरी दुई प्रकारका शासन व्यवस्था प्रचलित थिए तापनि राजतन्त्रको प्रचलन बढी थियो। रामायण कालमा शासन व्यवस्था राजतन्त्रात्मक थियो। कोशल राज्यमा पनि राजतन्त्र थियो। निर्वाचन होइन वंशपरम्पराबाट राजाको उत्तराधिकार राजाको जेठो छोरामा जाने व्यवस्था थियो। राजाको जेठो छोराले वंशक्रमानुगत रूपमा राजसिंहासन प्राप्त गर्दथे। राजा अनुशासित र धर्मपरायण हुनुपर्थ्यो। राजाको जेठो छोरा अयोग्य भयो भने राजपद प्राप्त गर्दैनथे। इक्ष्वाकु वंशका प्रसिद्ध राजा सगरका छोरा असमञ्जले नगरवासीका खेलिरहेका बालकहरूलाई सरयूमा फ्याँकेर आनन्द मान्दथे। तिनको विरुद्ध पुरवासीले राजासँग गुनासो गरे। त्यसपछि राजा सगरले असमञ्जलाई दण्डित गरी देशनिकाला गरे। उनलाई राजपद प्राप्त भएन। त्यसपछि असमञ्जका छोरा अंशुमान् अयोध्याका राजा भएका थिए (वाल्मीकि, अ., स.११०, श्लो.२६)। राजा दशरथ वृद्ध भएपछि उनले आफ्नो जेठो छोरा रामलाई युवराजको पदमा अभिषिक्त गर्ने विचार गरे। उनले एक्लै स्वेच्छाले युवराज घोषित गर्ने कार्य गर्न सक्दैनथे। रामयण कालमा वैदिक सनातन राजनीतिको परम्पराअनुसार युवराज वा राजा पदमा अभिषिक्त हुनका लागि विश वा जनताको स्वीकृति आवश्यक मानिन्थ्यो। त्यसैले राजा दशरथले कोशल राज्यको परिषद्को बैठक बोलाएका थिए। सर्वप्रथम दशरथले आफ्ना मन्त्रीसँग परामर्श गरेको रामायणमा उल्लेख छ। दशरथ परिषद्को बैठकमा आफ्नो आसनमा बसेपछि लोकसम्मत राजाहरू बैठकमा प्रवेश गरी आआफ्नो आसनमा बसेका थिए। रामायणमा परिषद्का सदस्यलाई 'राजकर्तार:' मानिएको छ। यसको अर्थ परिषद् राजा चुन्ने संस्था भन्ने हुन्छ। राजकर्तारबाट निर्वाचित व्यक्ति राजा हुन्थे। परिषद्ले दशरथको प्रस्ताव स्वीकार गरी रामको राज्याभिषेकको मान्यता दिएको थियो तर कैकेयीको वरदानका कारणले राम वनवास जानुपर्ने निश्चित भयो। त्यहाँ राजपुरोहित वसिष्ठ उपस्थित थिए। राम वनवास प्रस्थान गर्ने निश्चय भएपछि उनले सीतालाई कोशलको राजसिंहासनमा राख्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रस्ताव पनि गरेका थिए। पत्नीलाई पतिको अर्धाङ्गिनी मानिन्छ। पतिको अनुपस्थितिमा पत्नीले पतिको कार्य सम्पादन गर्न सक्दछिन् भन्ने उनको तर्क रहेको छ[३] (वाल्मीकि, अ. स.३७, श्लो.२४)। पुत्रशोकबाट राजा दशरथको मृत्यु भएपछि वसिष्ठसमेत पुरोहित र मन्त्रीहरूले आज नै इक्ष्वाकु वंशको कुनै राज कुमारलाई राजा घोषणा गर्नुपर्छ भन्ने राय प्रस्तुत गरेछन्। अराजक राज्यको विनाश हुन्छ भन्ने उनीहरूको तर्क छ[४] (वाल्मीकि, अ. स.६७ श्लो.८)। प्रस्तुत वर्णनबाट सम्पूर्ण रूपमा नभए पनि राजा जनताद्वारा निर्वाचित हुने वैदिक परम्परा आंशिक रूपमा रामायण कालसम्म जीवित रहेको स्पष्ट हुन्छ।

राजाको योग्यता (Qualification of the King)

रामको शारीरिक र चारित्रिक विशेषताको वर्णन रामयणमा गरिएको छ। रामायणमा उल्लेख भएअनुसार राम मनलाई वशमा राख्न सक्ने, बलवान् , चम्किलो अनुहार भएका, धैर्यवान् र जितेन्द्रिय थिए। उनी बुद्धिमान् , नीतिज्ञ, असल वक्ता, शोभायमान् र शत्रुसंहारक थिए (वाल्मीकि, बा. स.१, श्लो.८-९)। सदाचार युक्त, समस्त प्राणिको हितमा समर्पित, विद्वान्, सामर्थ्यशाली र सुन्दर व्यक्ति राजा हुन योग्य मानिने विचार रामायणमा उल्लेख छ। राजा दुर्व्यसनरहीत र सदाचारी हुनुपर्छ भन्ने रामायणको मान्यता छ। रामायणमा वर्णन गरिएको राजाको चरित्र मनुस्मृतिमा वर्णन गरिएको राजाको चरित्रभन्दा फरक देखिदैन। रामको राज्याभिषेकका लागि बोलाइएको परिषद्का सदस्यहरूले रामको चरित्रको वर्णन गर्दै रामलाई देवता समान बुद्धिमान् र गुणवान् भनी उनको प्रशंसा गरेका छन्। सत्यपराक्रमी राम देवराज इन्द्र समान दिव्य गुण सम्पन्न छन्। इक्ष्वाकुवंशका राजाहरूमध्ये सर्वश्रेष्ठ छन्। राम संसारमा सत्यवादी, सत्यपरायण सत्पुरुष छन्। साक्षात् रामले धर्मका साथै अर्थ पनि प्रतिष्ठित गरेका छन्। प्रजालाई सुख प्रदान गर्न चन्द्रमा समान र क्षमा दिनमा पृथ्वी समान छन्। बुद्धिमा बृहस्पति समान र बल र पराक्रममा साक्षात् इन्द्र समान छन। राम धर्मज्ञ, सत्यप्रतिज्ञ, शीलवान्, अरूको दोष नदेखाउने, शान्त, दीनदु:खीलाई सान्त्वना दिने, मृदुभाषी, कृतज्ञ, जितेन्द्रिय, मृदु वा कोमल चित्त, स्थिरबुद्धि, सदा कल्याणकारी, अनसूयक, सम्पूर्ण प्राणीप्रति प्रियवादी र सत्यवादी छन्। राम बहुश्रुत विद्वान् एवं वृद्ध ब्राह्मणका उपासक छन्। त्यसैले संसारमा रामको कीर्ति, यश र तेज विस्तार भइरहेको छ। देवता, असुर र मनुष्यका सम्पूर्ण अस्त्रको उनमा विशेष ज्ञान छ। उनी वेद वेदाङ्गका यथार्थ विद्वान् तथा सम्पूर्ण विद्यामा निष्णात छन्। राम पृथ्वीमा सर्वश्रेष्ठ छन्। राम कल्याणका जन्मभूमि (कल्याणाभिजन:) हुन्। उनको स्वभाव साधु पुरषको जस्तो छ , हृदय उदार र बुद्धि विशाल छ। धर्म र अर्थको प्रतिपादनमा कुशल ब्राह्मणबाट उनले उत्तम शिक्षा प्राप्त गरेका छन् भनी रामायणमा उल्लेख गरिएको छ (वाल्मीकि, अ., स.२, श्लो.२८-४८)।

---

३ आत्मा हि दारा: सर्वेषां दारसंग्रहवर्तिनाम्। आत्मेयमिति रामस्य पालयिष्यति मेदिनीम्।

४ इक्ष्वाकूणामिहाद्यैव कश्चिद् राजा विधीयताम्। अराजकं हि नो राष्ट्रं विनाशं समवाप्नुयात्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वाल्मीकिका अनुसार नास्तिकता, असत्य बोल्नु, क्रोध, प्रमाद, दीर्घसूत्रता, ज्ञानी व्यक्तिको सङ्गत नगर्नु, आलस्य, पाँच इन्द्रियका(रसना, नेत्र, कर्ण, त्वक् र घ्राण) वृत्तिका अधीनमा हुनु, राज्य सञ्चालनसम्बन्धी विषयमा एक्लै विचार गर्नु, प्रयोजन नबुझ्ने मूर्खसँग सल्लाह लिनु, निश्चित गरेको कार्य शीघ्र प्रारम्भ नगर्नु, मन्त्रणा गरिएको विषय गोप्य राख्न नसकी प्रकाशमा ल्याउनु, माङ्गलिक कार्य नगर्नु र सबै शत्रुमाथि एकै पटक आक्रमण गर्नु यी १४ प्रकारका राजाका दोष हुन्। राजाले यी दोष परित्याग गर्नुपर्छ। कामबाट उत्पन्न हुने दस दोषलाई दशवर्ग हुन्। (वाल्मीकि, अयो., स.१००, श्लो.६५-६८)। राजाले दस दोष त्याग्नुपर्छ। मनुस्मृतिमा उल्लेख गरिएका शिकार खेल्नु, जुवा खेल्नु, दिउसो सुत्नु, अरूको निन्दा गर्नु, स्त्रीमा आसक्त हुनु, मद्यपान गर्नु, नाच्नु, गाउनु, बाजा बजाउनु, व्यर्थ घुम्नु दस प्रकारका कामबाट उत्पन्न हुने दस दोषलाई नै वाल्मीकि रामायणमा दशवर्ग मानेको स्पष्ट हुन्छ। यसैगरी क्रोधबाट उत्पन्न हुने आठ दोष (अरूको दोष प्रकट गर्नु, साहस, द्रोह,, ईर्ष्या, दोषदर्शन, अर्थदूषण, वाणीमा कठोरता र कठोर दण्ड) रामायणका अनुसार अष्टवर्ग हुन्।

सदाचारी, दुर्व्यसनरहित र अनुशासित क्षत्रिय वर्णको व्यक्तिलाई राजा हुन योग्य मानिएको छ। आत्मवान् राजा भन्ने बृहस्पतिको मत र मनुस्मृतिमा वर्णन गरिएका राजाका गुण तथा रामायणमा उल्लेख गरिएका रामका गुणबीच समानता छ।

मनुस्मृति, शुक्रनीतिमा जस्तो राजाको समय तालिका रामायणमा नभए तापनि रामले भरतलाई के तिमी असमयमा सुत्ने गरेका त छैनौ भनी प्रश्न गरेका छन्। समयमा उठ्ने र रातीको अन्तिम प्रहरमा अर्थसिद्धिका उपायबारे चिन्तन गर्ने गरे नगरेको पनि रामले भरतलाई प्रश्न गरेका छन् (वाल्मीकि, अ., स.१००, श्लो.१७)। यसरी राजाले समयको पालना गर्नुपर्छ भन्ने सन्देश रामायणले दिएको छ।

राजाको कर्तव्य (Duties of the King)

अराजक अवस्थाको अन्त्य गरी समाजमा धर्मको स्थापना गर्नु राजाको पहिलो कर्तव्य हो। सनातन धर्मको पालना गर्नुका साथै प्रजालाई सनातन धर्मले तोकेका वर्णधर्मअनुसारका कर्तव्य पालन गराउनु राजाको कर्तव्य मानिएको छ। स्वधर्म पालन नगर्नेलाई उचित दण्ड दिनु पनि राजाको कर्तव्य हो। सज्जनको रक्षा र दुष्टलाई दण्ड दिनु राजाको कर्तव्य थियो। यसलाई धर्म स्थापना भनिएको छ। प्रजारञ्जन गर्ने व्यक्तिलाई राजा भनिन्छ। दीनदु:खीलाई सहयोग गर्नु राजाको कर्तव्य हो। राज्यमा समृद्धि ल्याउनु पनि प्रजारञ्जनका लागि आवश्य हुन्छ। सम्पन्नता भए मात्र सबै प्रजा खुसी हुन्छन्। वृद्ध व्यक्ति, बालक र प्रधान वैद्यहरूप्रति आन्तरिक अनुराग, मधुर वचन र धनद्वारा सम्मान गर्नुपर्छ भन्ने वाल्मीकिको विचार छ (वाल्मीकि, अयो., स.१००, श्लो.६०)। सम्पूर्ण शास्त्रको अर्थ जान्ने ब्राह्मण, पुरवासी, जनपदवासीबाट राजाको कल्याणको कामना आवश्यक मानिएको छ (वाल्मीकि, अयो., स.१००, श्लो.६४)। प्रजाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.

CC-0.In Public Domain. Digitization by eGangotri

हितको रक्षा र संवर्धन गरी प्रजालाई सुखी तुल्याउनुमा नै राजाको कल्याण हुन्छ भन्ने रामायणमा स्थापित मान्यता रहेको छ। विवादको न्यायिक निरुपण गर्नु पनि राजाको कर्तव्य मानिएको छ। न्याय निष्पक्ष र सबैका लागि समान हुनुपर्छ भन्ने मान्यता रामयण कालमा रहेको छ। बाह्य आक्रमणबाट राज्यको सुरक्षा गर्नु राजाको कर्तव्य मानिएको छ। शत्रुदमन गर्नु पनि राजाको कर्तव्य हो । अन्तरराज्य सम्बन्ध रामायणकालमा पनि विकसित भएको थियो। सत्य धर्मको रक्षाका लागि राजाले युद्धमा भाग लिनुपर्छ भन्ने वाल्मीकिको मान्यता छ। राजाको एकराट् बन्ने चाहना विद्यमान् रहेको छ। यसको अर्थ राज्यको विस्तार र साम्रज्य निर्माण हुन्छ। तर राजा रामले राज्यको भूगोलको विस्तार भने गरेका छैनन्। यज्ञ गर्नु पनि राजाको कर्तव्य थियो। रामले पटक-पटक पौण्डरीक, अश्वमेध, वाजपेय र अन्य यज्ञ र अनुष्ठा सम्पन्न गरेका थिए (वाल्मीकि, यु., स. १२८, श्लो.९४)।

अमात्य र अन्य अधिकारी (Amatya and Other Officials)

राजाले सम्पूर्ण काम एक्लै सम्पादन गर्न सम्भव हुँदैन। त्यसैले राजाले सहयोगी नियुक्ति गर्नुपर्छ भन्ने प्राचीन राजनीतिको मान्यता रामायणमा पनि छ। राज्य सञ्चालन गर्न राजा, मन्त्री, पुरोहिय, युवराज, सेनापति आदि १८ तीर्थ आवश्यक हुन्छन् भन्ने वाल्मीकिको विचार छ (वाल्मीकि, अयो. स. १००, श्लो.३६)।

अमात्य (Amatya)

संस्कृतमा मन्त्री, सचिव र अमात्य शब्दको प्रयोग पर्यायवाची शब्दका रूपमा गरिएको छ । अमात्य राजाका सहयोगी हुन्। घुस नखाने वा निश्छल, पिता-पितामहको पालादेखि काम गर्दै आएको पवित्र अमात्यलाई श्रेष्ठ कार्यमा लगाउनुपर्छ। योग्यतम व्यक्तिलाई श्रेष्ठ कार्यको जिम्मा दिनुपर्छ [५] (वाल्मीकि, अ. का., स.१००, श्लो.२६)। अमात्य मेधावी, शूर-वीर, चतुर र नीतिज्ञ हुनुपर्छ भन्ने वाल्मीकिको विचार रहेको छ (वाल्मीकि, अ. का., स.१००, श्लो.२४)। यसबाट तात्कालिक समाजमा योग्यताका आधारमा राज्यको कार्यको जिम्मेवारी दिने गरेको स्पष्ट हुन आउँछ। मन्त्री र अमात्य कतै पर्यायवाची शब्द मानिए पनि मन्त्री राजाका उच्चस्तरका सल्लाहकार हुन्थे भने अमात्य भन्नाले मन्त्री र अन्य अधिकारीहरू पनि बुझिन्छ। वाल्मीकि रामायणका अनुसार राजाले तीन वा चार जना मन्त्रीसँग मात्र परामर्श लिनुपर्छ (वाल्मीकि, यु., स.१००, श्लो.७१)।

मन्त्रणाको गोपनीयता (Secrecy of Counsel)

रामायणमा नीतिनिर्माणलाई निकै महत्त्व दिइएको छ। नीतिनिर्माणमा परामर्शको आवश्यकता पर्छ। परामर्शलाई मन्त्रणा भनिन्छ। मन्त्रणा गोप्य राख्नुपर्छ भन्ने वाल्मीकिको विचार छ (वाल्मीकि, अ. का., स.१००, श्लो.१८)। हजार जना मूर्ख व्यक्ति आफ्नो साथमा

---

५ श्रेष्ठान् श्रेष्ठेषु कच्चित् त्वं नियोजयसि कर्मसु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
राख्नु भन्दा एक जना मात्र विद्वान् आफ्नो साथमा राख्नु श्रेयस्कर हुन्छ (वाल्मीकि, अ. का., स.१००, श्लो.२२)। अन्तरराज्य सम्बन्धका विषयमा लिइने नीति ज्यादै गोप्य राख्नुपर्छ। कार्य पुरा भएपछि वा पुरा हुने वेलामा मात्र अन्य राज्यको राजाले थाहा पाउनुपर्छ। आफ्नो भावी कार्यक्रम अन्य राजाले पहिला थाहा पाउनुहुँदैन भन्ने वाल्मीकिको विचार छ (वाल्मीकि, अ. का., स.१००, श्लो.२०)।

पुरोहित (Royal Priest)

रामायण कालमा पुरोहित ब्राह्मण हुन्थे। राजाले योग्य व्यक्तिलाई पुरोहित पदमा नियुक्ति गर्दथे। विनयसम्पन्न, उत्तम कुलमा उत्पन्न भएका, बहुश्रुत वा धेरै शास्त्रको अध्ययन गरेका, अरूको दोष मात्र देख्ने स्वभाव नभएका र शास्त्रोक्त धर्ममा निरन्तर दृष्टि राख्ने पुरोहितको योग्यता रामायणमा उल्लेख छ। यस्ता पुरोहितको सम्मान त गरेका छौ भनी रामले भरतलाई प्रश्न गरेका छन् (वाल्मीकि, अ., स.१००, श्लो.११)। पुरोहित मन्त्री मानिन्थे। पुरोहितको परामर्श राजाले मान्नुपर्छ भन्ने वाल्मीकिको विचार छ।

विद्वान् ब्राह्मणको सम्मान (Honour of Learned Brahman)

रामायण कालमा विद्वान् ब्राह्मणको सम्मान हुन्थ्यो। चित्रकुट वनमा रामले भरतलाई राज्य सञ्चालन गर्दैगर्दा देवता, पितृ, भृत्य, गुरुजन, पिता समान आदरणीय वृद्ध, वैद्य र ब्राह्मणको सम्मान गरेका छौ भनी प्रश्न गरेका थिए। यसैगरी रामले भरतलाई अर्थशास्त्रका विशारद सुधन्वालाई आदर सम्मान गरेका छौ भनी सोधेका थिए (वाल्मीकि, २०७३, अ. का., स.१००, श्लो.१३-१४)। धर्ममा सदा तत्पर रहने, विद्वान् र ब्रह्मवेत्ता इक्ष्वाकुवंशका आचार्य महातेजस्वी वसिष्ठको सम्मान गरे नगरेको पनि रामले भरतलाई सोधेका थिए (वाल्मीकि, अयो., स.१००, श्लो.९)। यसैगरी लोकायत दर्शनका अनुयायी नास्तिक ब्राह्मणको सङ्गत गर्न हुँदैन भनी रामायणमा नास्तिकको निन्दा पनि गरिएको छ। रामायण कालमा विद्वान् ब्राह्मण र वृद्धहरूको सम्मान हुन्थ्यो भन्ने स्पष्ट हुन्छ।

चार नीति (Four Strategies)

साम, दान, भेद र दण्ड चार प्रकारका नीति छन्। रामायणमा यी नीतिलाई चतुर्वर्ग भनिएको छ (वाल्मीकि, अयो., स.१००, श्लो.६८)। राजा साम, दान, भेद र दण्ड नीतिको प्रयोग गर्न कुशल हुनुपर्छ भन्ने वाल्मीकिको विचार छ। राम नीतिको उचित प्रयोगमा निष्णात थिए।

शिक्षा व्यवस्था र विद्या (Education System and Knowledge)

रामायणमा तीन विद्याको उल्लेख छ[६] (वाल्मीकि, अयो., स.१००, श्लो.६८)। त्रयी, वार्ता र दण्डनीति तीन विद्या हुन्। ऋग्वेद, यजुर्वेद र सामवेदलाई त्रयी भनिन्छ। कृषि,

६ .... विद्यास्तिंस्रश्च....।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पशुपालन र उद्योग-व्यापारसम्बन्धी विद्या वार्ता हो। राजनीतिशास्त्रको नाम दण्डनीति हो। यी तीनै विद्या राजाले ग्रहण गर्नुपर्छ भन्ने वाल्मीकिको विचार रहेको छ। रामराज्यमा शैक्षिक र बौद्धिक क्रियाकलापको बाहुल्यता थियो। विद्या अध्ययनमा ब्राह्मणको एकाधिकार थिएन। द्विज विद्याका अधिकारी मानिन्थे। अयोध्यामा मानिसहरू नास्तिक थिएनन्। झुट बोल्ने वा असत्यवादी कोही पनि थिएन। अबहुश्रुत वा अविद्वान् कोही पनि थिएनन्। धेरै पढेका मानिस अयोध्यामा निवास गर्दथे (वाल्मीकि, बाल, स.६, श्लो.१४)। शिक्षाको उद्देश्य मानिसलाई विनयी बनाउनु थियो। शास्त्रको ज्ञान विनयका लागि हो भन्ने वाल्मीकिको विचार रहेको छ (वाल्मीकि, यु. स.१००, श्लो.७२)। शास्त्र पढेका हुँदा राजा राम विनयी थिए। प्रजा पनि विनयी थिए। प्रजाको आचार-विचारमा राजाको व्यक्तित्वको प्रभाव पर्दथ्यो। राजाको सत्यधर्ममा निष्ठा थियो। त्यसैले प्रजाका पनि आचार-विचार धार्मिक र नैतिक थिए।

रामायण कालमा शिक्षामा आश्रम पद्धति थियो। यसलाई गुरुकुल पद्धति भनिन्छ। माता पिताले आफ्नो सन्तानलाई कुनै गुरुको अधीनमा आश्रममा राखेर विद्या अध्ययन गराउँथे। छात्र जीवनमा अनुशासन र इन्द्रिय संयममा विशेष जोड दिइन्थ्यो। समाजमा गुरु विशेष सम्मानका पात्र हुन्थे। माता, पिता, जेठो दाजु र विद्या पढाउने गुरुलाई पितातुल्य मानिएको छ (वाल्मीकि, किष्कि., स.१८, श्लो.१३)।

षड्गुण (Six Principles of Foreign Policy)

रामायणमा छ गुणको उल्लेख छ[७] (वाल्मीकि, अयो., स.१००, श्लो.६९)। सन्धि, विग्रह, यान, आसन, द्वैधीभाव र समाश्रय प्राचीन हिन्दु राजनीतिक चिन्तनका अन्तरराज्य सम्बन्धका छ सिद्धान्त हुन्। शत्रुसँग मेलमिलाप गर्नु सन्धि हो। युद्ध गर्नु विग्रह हो। आक्रमणको लागि प्रस्थान गर्नु यान हो। अवसरको प्रतीक्षामा बस्नु आसन हो। दोहोरो नीति द्वैधीभाव हो। शक्तिशाली राजाको शरण लिनु समाश्रय हो। रामायणमा राजामा षड्गुणको सैद्धान्तिक र व्यावहारिक ज्ञान आवश्यक मानिएको छ।

मण्डल सिद्धान्त (Mandala Theory of State)

'प्रकृतिमण्डलम्' शब्दको प्रयोग वाल्मीकि रामायणमा गरिएको छ (वाल्मीकि, अयो., स.१००, श्लो.६९)। अन्तरराज्य सम्बन्धको प्रसङ्गमा यो शब्द प्रयोग भएको हुँदा राज्यमण्डललाई प्रकृतिमण्डल भनिएको हुनुपर्छ। जित्न चाहने राजा विजिगीषु, अरि, मित्र, अरिमित्र, मित्रमित्र, अरिमित्रमित्र, मध्यम, उदासीन, पार्ष्णिग्राह, आक्रान्द, पार्ष्णिग्राहसार र आक्रान्दसार गरी राज्यण्डलमा बाह्र प्रकारका राजा हुन्छन्। मूल प्रकृति भने विजिगीषु, विजिगीषुका शत्रु, विजिगीषुका मित्र, उदासीन र मध्यम गरी पाँच प्रकारका हुन्छन्। राज्यमण्डल सिद्धान्तको विश्लेषण भने रामायणमा गरिएको छैन।

---

७ ...षाड्गुण्यं...

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

त्रिवर्ग (Three Objectives of Life)

धर्म, अर्थ, काम र मोक्ष चतुर्वर्ग हुन्। सनातन धर्मअनुसार यी मानव जीवनका चार लक्ष्य हुन्। धर्म, अर्थ र काम सांसारिक विषय हुन्। मोक्ष मृत्युपछि मुक्त हुने विषय हो। राजाले आफ्ना प्रजाको चतुर्वर्ग प्राप्तिका लागि काम गर्नु पर्ने प्राचीन मान्यता रहेको छ। तर रामायणमा त्रिवर्गलाई बढी महत्त्व दिइएको छ। धर्म, अर्थ र कामलाई त्रिवर्ग भनिन्छ। राजाले त्रिवर्गको लागि प्रयत्न गर्नुपर्छ भन्ने वाल्मीकिको आशय छ। राजाले धर्म, अर्थ र कामको सेवन यथायोग्य समयमा गर्नुपर्छ। धर्मद्वारा अर्थको हानि र अर्थद्वारा धर्मको हानि हुन दिनुहुँदैन। आसक्ति र लोभरूपी कामद्वारा धर्म र अर्थमा बाधा पुराउने कार्य राजाले गर्नुहुँदैन भन्ने रामायणको सन्देश छ (वाल्मीकि, अयो., स.१००, श्लो.६२-६३)। यो लोक सफल भएपछि परलोक स्वाभाविक रूपले सफल हुन्छ भन्ने मान्यता रामायणमा रहेको छ। त्रिवर्गको उचित प्रयोगबाट नै मोक्ष प्राप्ति हुन्छ भन्ने मत रामयणमा रहेको छ।

कर्मचारी (Officials)

कर्मचारीको नियुक्ति गर्ने शक्ति राजामा निहित गरिएको छ। श्रेष्ठ व्यक्तिलाई महत्त्वपूर्ण कार्यमा, मध्यमस्तरको व्यक्तिलाई मध्यम कार्यमा र निम्नस्तरको व्यक्तिलाई निम्नस्तरको कार्यमा नियुक्त गर्नुपर्छ भन्ने रामायणका लेखकको मत छ (वाल्मीकि, अ. का., स.१००, श्लो.२५)। राजाले कर्मचारीलाई ज्यादै नजिक र ज्यादै टाढा हुन दिनु हुँदैन। कर्मचारीसँग मध्यम स्थिति अवलम्बन गर्नु नै उपयुक्त हुन्छ भन्ने वाल्मीकिको मत छ (वाल्मीकि, अयो., स.१००, श्लो.५२)।

सेनापति (Chief of the Army)

रामायणमा सेनाको प्रमुख राजा हुने व्यवस्था छ। युद्धमा राजाले सेनाको नेतृत्व गर्थे। सेनालाई शासन सञ्चालनमा मुख्य भूमिका दिइएको छैन। शान्तिसुरक्षा र बाह्य आक्रमणबाट राज्यको प्रतिरक्षामा सेनाको भूमिका सीमित गरिएको छ। राजाले सेनाको नेतृत्व गरेर स्वयं युद्धभूमिमा युद्धमा संलग्न हुने गरेको रामायणमा उल्लेख छ। धृष्ट वा सदा सन्तुष्ट रहने, शूर-वीर, धैर्यवान्, बुद्धिमान्, पवित्र, कुलीन, राजाप्रति अनुराग भएको र युद्धमा दक्ष व्यक्तिलाई सेनापति पदमा नियुक्ति गर्नुपर्छ (वाल्मीकि, अ. का., स.१००, श्लो.३०)।

पारिश्रमिक (Wages on Time)

राजाले सेनाको समुचित पारिश्रमिक समयमा दिनुपर्छ भन्ने रामायणको सन्देश छ। सैनिकको भोजन र पारिश्रमिक उचित समयमा दिइएन भने सैनिक आफ्नै स्वामीसँग रिसाउँछन्। त्यस अवस्थामा अनर्थ हुन सक्छ (वाल्मीकि, अयो., स.१००, श्लो.३२-३३)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.

CC-0.In Public Domain. Digitization by eGangotri

मन्त्री र सबै अधिकारीलाई प्रसन्न राख्न समयमा पारिश्रमिक दिनुपर्छ । मन्त्री आदि समस्त अधिकारीमा राजाप्रति प्रेम भाव छ भने उनीहरू राजाका लागि प्राण त्याग गर्न समेत उद्यत हुन्छन् (वाल्मीकि, अ., स.१००, श्लो. ३२-३४) ।

दूतसम्बन्धी व्यवस्था (Ambassador)

रामायण कालमा दूतको प्रचलन थियो । आफ्नो जनपदको निवासी, विद्वान्, कुशल, प्रतिभाशाली, यथार्थवादी अर्थात् भन्न पठाइएको कुरा जस्ताको त्यस्तै अर्कोसँग व्यक्त गर्न सक्षम, सत्य र असत्य छुट्ट्याउन सक्ने विवेकयुक्त पण्डितलाई दूत पदमा नियुक्त गर्नुपर्छ भनी दूतको योग्यता निर्धारण गरिएको छ (वाल्मीकि, अ. का., स.१००, श्लो.३५) । हनुमान् रामका दूतका रूपमा लङ्का गएका थिए । रावणको हनुमानलाई मृत्यदण्ड दिने घोषणा सुनेपछि विभीषणले रावणालाई दूतको हत्या राजधर्म र लोकाचारका दृष्टिले निन्दित कार्य हो भनी रावणलाई हनुमानको हत्या गर्न रोकेका थिए [८] (वाल्मीकि, सु. स.५२, श्लो.५) । रामायणमा दूतको हत्या गर्न हुँदैन भन्ने मान्यता रहेको छ ।

गुप्तचरसम्बन्धी व्यवस्था (Spy System)

गुप्तचरलाई राजाका आँखा भनिन्छ । रामायणमा राजाले शत्रु पक्षका १८ र आफ्ना १५ तीर्थका विषयमा एकले अर्कोलाई नचिनेका अलग तीन तीन जना गुप्तचरबाट जाँच गर्नुपर्छ भनी उल्लेख गरिएको छ (वाल्मीकि, २०७३, अ. का., स.१००, श्लो.३६) । नागरिक गुप्तचर र सैनिक गुप्तचर गरी गुप्तचर दुई प्रकारका हुन्थे । रामलाई सीताको विषयमा लोकापवादको सूचना नागरिक गुप्तचरबाट प्राप्त भएको थियो । रावणले रामको वानर सेनाको अवस्थाको सूचना प्राप्त गर्न आफ्ना शुक र सारण नाम गरेका दुई अमात्यलाई गुप्तचरको रूपमा पठाएको थियो । रामले निशस्त्र दुबै जनालाई दूत मानेर तिनको हत्या नगरी फर्काइदिएका थिए । (वाल्मीकि, यु., स.२५, श्लो.२०) ।

रामायणमा रामराज्यको स्वरूप (Ramrajya an Ideal Rule in the Ramayan)

रामको शासन रामराज्य हो । त्रेता युगमा कोशल राज्यमा रामले शासन गरेका थिए । उनको शासन सत्य धर्ममा आधारित थियो । आदर्श राज्यको कल्पना वैदिक साहित्यबाट नै प्रारम्भ भएको छ । प्राचीन हिन्दु राजनीतिक चिन्तनमा सुशासनका आधारभूत सिद्धान्त प्रतिपादन गरिएका छन् । मर्यादा पुरुषोत्तम राम अयोध्यामा राजा भएपछि प्राचीन राजधर्मका आदर्श मान्यता व्यवहारमा उतार्न सफल भएका थिए । उनको शासन न्याय, सत्य, समानता र नैतिक मूल्यमा आधारित आदर्श शासन मानिन्छ । रामले सदाचारका माध्यमबाट परिवार,

---

८ वधं न कुर्वन्ति परापरज्ञा दूतस्य सन्तो वसुधाधिपेन्द्राः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

समाज र राज्यका जनतालाई असल बन्ने कालजयी प्रेरणा दिएका छन्। रामराज्य प्राचीन युगको सुशासनको नमुना मानिनुका कारण के के हुन् र रामराज्यका विशेषता के कस्ता छन् तिनको सङ्क्षिप्त परिचय निम्नानुसार रहेको छ:

रामको नेतृत्व (Ramrajya and Leadership)

रामराज्यको प्रथम आधार पुरुषोत्तम रामको आदर्श नेतृत्व हो। राम आदर्श राजा थिए। दयालु, बुद्धिमान् र न्यायपूर्ण शासक थिए। राममा वेदवेदाङ्गको ज्ञान थियो। उनी सदाचारी थिए। काम, क्रोध आदिबाट उत्पन्न हुने दुर्व्यसनबाट राम मुक्त थिए। रामायणमा राजालाई स्वादिष्ट भोजन समेत एक्लै खान निषेध गरिएको छ (वाल्मीकि, यु., स.१००, श्लो.७५)। राम बहुश्रुत थिए। त्यसैले उनी विनयी थिए। लोककल्याण उनका लागि आफ्नो व्यक्तिगत हितभन्दा महत्त्वपूर्ण थियो। राम अयोध्याको समृद्धि र प्रजाको खुसीका लागि समर्पित राजा थिए। राम कुशल योद्धा थिए र शत्रु दमन गर्न सक्षम थिए। रामको इमान्दार र जिम्मेवार नेतृत्व रामराज्यको जग हो।

रामराज्यको शासन (Governance System of Ramayan)

रामायणमा राज्यको सर्वोच्च शक्ति राजामा निहित गरिएको छ। राज्य सञ्चालनको महान् कार्य राजाले एक्लै सम्पन्न गर्न सम्भव थिएन। मन्त्री, पुरोहित, सेनापति र कर्मचारीको नियुक्ति राजाले गर्दथे। राजाले स्वेच्छाले नियुक्ति गर्न सक्दैनथे। योग्यता परीक्षण गरेर योग्य व्यक्तिलाई नियुक्ति गर्नुपर्दथ्यो। राजाले शासन सञ्चालनमा मन्त्रीहरूको परामर्श लिनुपर्दथ्यो। आफैले नियुक्त गरेका अधिकारीको परामर्शअनुसार शासन सञ्चालन गर्नु राजाको कर्तव्य हुन्थ्यो। परामर्शअनुसार शासन सञ्चालन गर्नुपर्ने व्यवस्था राजालाई निरङ्कुश हुनबाट रोक्ने एउटा उपाय थियो। रामराज्यमा राज्यका महत्त्वपूर्ण निर्णयमा मन्त्रीको परामर्श लिइन्थ्यो। रामले मन्त्रीको परामर्श अनुसरण गर्दथे।

समानता र न्याय (Equality and Justice)

रामायणमा राजा न्यायपालिकाको प्रमुख हुने व्यवस्था छ। न्याय सम्पादन गर्नु राजाको कर्तव्य मानिएको छ। न्याय सबैका लागि समान र निष्पक्ष हुनुपर्छ भन्ने रामायणको अभिमत छ। निर्दोष मनुष्य दण्डित हुनुहुँदैन। चोर प्रमाणित भएको व्यक्ति दण्डित हुनुपर्छ। धानाढ्य व्यक्ति र दुर्बल व्यक्तिबीचको मुद्दा लोभमा परेर धनी व्यक्तिको पक्षमा निर्णय गर्नुहुँदैन। न्याय पक्षपातरहित हुनुपर्छ भन्ने वाल्मीकिको मत छ (वाल्मीकि, अयो., स.१००, श्लो.५६-५९)। न्याय सबैका लागि समान र निष्पक्ष हुनुपर्छ भन्ने रामायणको सामान्य सिद्धान्त रहेको छ। न्यायमा पहुच सहज हुनुपर्छ र न्याय शीघ्र दिइनुपर्छ भन्ने मान्यता रामायणमा उल्लेख छ।

राजालाई दण्डाधिकारी मानिएको छ। दुष्टलाई दण्ड दिनु राजाको कर्तव्य हो। तर कठोर दण्डको प्रयोग गर्न निषेध गरिएको छ। कठोर दण्डद्वारा प्रजा दु:खी हुन्छन्। प्रजा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दुःखी भएमा मन्त्रीलाई तिरस्कार गर्छन् (वाल्मीकि, अ., स.१००, श्लो.२७)। प्रजाको मन्त्रीप्रतिको तिरस्कार राजप्रतिको तिरस्कार हो। यसबाट राजा विरुद्ध जनताको विद्रोहको अवस्था सृजना हुन सक्छ। त्यसैले वाल्मीकि कठोर दण्ड निषेध गर्ने पक्षमा छन्।

समाजमा हरेक व्यक्तिको समान सम्मान होस् भन्ने वैदिक कालको मान्यता रामायण कालमा पनि देखिन्छ। कुलधर्म, जातिधर्म र जनपदधर्मको सम्मान गर्नुपर्छ भन्ने मान्यता रहेको छ।

आर्थिक अवस्था (Economic System in Ramrajya)

कृषि, पशुपालन र उद्योग-व्यापारको विकासबाट समृद्धि आउँछ। समृद्धिबाट लोक खुसी र उन्नतिशिल हुन्छन् (वाल्मीकि, अयो., स.१००, श्लो.४७)। कृषिको उत्पादनका लागि कोशल राज्यमा वर्षाको जलमा निर्भर हुनु पर्दैनथ्यो। रामले भरतबाट विपुल आय र कम व्ययका साथै कोषको वितरणबाट अपात्रको हातमा धन पुग्न दिनुहुँदैन भन्ने अपेक्षा गरेका छन् (वाल्मीकि, अयो., स.१००, श्लो.५४)। कर उठाउनु राजाको अनिवार्य कार्य हो। राजाले उत्पादनको छैटौ भाग कर उठाउन पाउने रामायणको मत छ। करलाई बलि भनिन्थ्यो। त्यो छैटौं भाग हुन्थ्यो[९] (वाल्मीकि, अयो. स.७५, श्लो.२५)। रामराज्यमा प्रजालाई पीडा हुने गरी कर सङ्कलन गर्न निषेध गरिएको छ। राज्यकोषको प्रयोग लोककल्याणका लागि गर्नुपर्छ भन्ने मान्यता रहेको छ।

रामराज्य कालको समाज (Social System in Ramrajya)

महर्षि वाल्मीकिद्वारा वर्णित रामराज्यका सम्पूर्ण प्रजामा वेदको ज्ञान थियो। उनीहरूमा वेदको ज्ञानमा विश्वास थियो। सनातन धर्मको ज्ञानसम्पन्न प्रजामा संसारको कल्याणको भावना थियो। उदारता, दया, सत्यप्रति निष्ठा, पवित्रता आदि मानवीय गुण सम्पन्न प्रजा थिए। समाज चार वर्णमा विभाजित थियो। वर्ण व्यवस्था मूलतः श्रम विभाजन थियो। जाति प्रथा थिएन। वर्णहरूबीच कट्टरता पनि थिएन। राजा दशरथको यज्ञमा चारै वर्णका व्यक्तिलाई निमन्त्रणा दिने प्रसङ्ग रामायणमा उल्लेख छ। वसिष्ठले सुमन्त्रलाई बोलाएर राजाको यज्ञमा ब्राह्मण, यस पृथ्वीमा भएका धार्मिक राजा वा क्षत्रिय, वैश्य र सहस्र शूद्र सबैलाई निमन्त्रणा गर्न सल्लाह दिएका छन्[१०] (वाल्मीकि, अयो., स.१३, श्लो.२०)। वैदिक परम्पराअनुसारको आश्रम व्यवस्था पनि रामायण कालमा थियो। विद्यार्थीका लागि ब्रह्मचर्याश्रम, विवाहित जीवनका लागि गृहस्थाश्रम, वनवासी तपस्वीका लागि वानप्रस्थाश्रम र वैरागीका लागि संन्यासाश्रम थिए।

---

९ .... बलिषड्भागमुद्धृत्य....।

१० निमन्त्रयस्व नृपतीन् पृथिव्यां ये च धार्मिकाः। ब्राह्मणान् क्षत्रियान् वैश्यान् शूद्रांश्चैव सहस्रशः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

महर्षि वाल्मीकिले पारिवारिक जीवनका प्राचीन आदर्श भावी सन्ततिका लागि रामायणमा सुरक्षित गरिदिएका छन् । रामायण कालमा समाज पितृसत्तात्मक थियो । पिता परिवारका प्रमुख हुन्थे । पत्नी पतिमा आश्रित एवं आज्ञाकारी हुने गर्दथे । सन्तानमाथि पनि पिताको नियन्त्रण हुन्थ्यो । शिव धनु भाँचेर सीतासँग विवाह गर्न योग्य भएपछि पनि रामले विवाह गर्नुभन्दा पहिले पिता दशरथको अनुमतिको इच्छा गरेका थिए । स्त्री र पुरुषको सम्बन्धलाई मर्यादित बनाउन विवाह महत्त्वपूर्ण संस्कार थियो । विवाहपछि मानिसको गृहस्थाश्रम प्रारम्भ हुन्थ्यो । नारीहरूको स्थान मर्यादित थियो । सम्पूर्ण विधानमा स्त्रीहरूले पुरुष समान भाग लिन्थे । आर्थिक मामिलामा पनि पिताको आज्ञा अनिवार्य हुन्थ्यो । सन्तानबीच सम्पत्ति विभाजन पनि पिताले स्वेच्छाले गर्दथे । वर्णाश्रमधर्ममा सबै सन्तुष्ट थिए । सामाजिक सुव्यवस्था थियो ।

रामराज्यमा जनमतको कदर (Respect of Public Opinion)

रामराज्यमा जनमतको कदर हुन्थ्यो । प्रजा स्वतन्त्र थिए । पराधीनता नै दुःख हो र स्वाधीनता नै सुख हो भन्ने मनुस्मृतिको परम्परा रहेको छ [११] (मनु, अ.४, श्लो.१६०) । कोशलका प्रजाले विचार र अभिव्यक्तिको स्वतन्त्रता उपभोग गर्दथे । प्रजाको आलोचना राजाले सुन्दथे । राजाले आलोचना सुन्नु पर्छ भन्ने राजधर्मको मान्यता थियो । जनप्रतिनिधिले जनताको प्रतिनिधित्व गर्ने र जनताको विचार सरकारसम्म लैजाने आधुनिक लोकतान्त्रिक पद्धति प्राचीन समयमा थिएन । राजा स्वयं प्रजासँग भेट गरी जनताका विचार बुझ्दथे । जनताका अभिमत राजासम्म पुराउने अर्को माध्यम गुप्तचर हुन्थे । धोबीको विचार रामसम्म गुप्तचरले पुराएका थिए । रामले आफ्नो आलोचना गर्ने धोबीलाई कुनै सजाए दिएका छैनन् ।

राजतन्त्रमा राजाको ज्येष्ठ पुत्र उत्तराधिकारी हुने प्रचलन थियो । तर उत्तराधिकार हस्तान्तरणमा जनताको अनुमोदन आवश्यक हुन्थ्यो । रामका पूर्वज राजा सगरले जनताको विचार सुनेर आफ्नो जेठो छोरा असमञ्जलाई राज्यको उत्तराधिकारी बनाएका थिएनन् । उनले असमञ्जलाई देश निकाला गरेका थिए । जनमतको कदर गर्ने व्यवस्थाको अभ्यास गरिएको हुँदा रामराज्य सुशासनको नमुना भएको हो ।

धर्मको सर्वोच्चता (Rule of Dharma)

रामायण कालमा सनातन धर्मको स्थान सर्वोच्च थियो । धर्ममा नै सत्य प्रतिष्ठित हुन्छ भन्ने रामायणको मान्यता छ[१२] (वाल्मीकि, अयो. स.२१, श्लो.४१) । समाजमा सत्य स्थापना गर्नु राजाको कर्तव्य थियो । राजाले स्वेच्छाले शासन गर्न पाउँदैनथे । ऋषिहरूद्वारा निर्मित राजधर्मका सिद्धान्त संविधान र कानुन थिए । राजा राजधर्मका अधीनमा हुन्थे । प्रजा पनि

११ सर्वं परवशं दुःखं सर्वमात्मवशं सुखम् ।

१२ धर्मो हि परमो लोके धर्मे सत्यं प्रतिष्ठितम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

धर्मको अधीनमा हुन्थे । शासन सनातन धर्मद्वारा नियन्त्रित थियो । धर्मद्वारा निर्देशित शासनको अर्थ सत्यको शासन थियो । राजधर्मले राजाको निरङ्कुशतामाथि रोक लगाएको थियो । राजा स्वेच्छाचारी हुन पाउँदैनथे । राजा र प्रजाबीच परस्पर सम्मान भावना थियो । राजधर्ममा राजाले गर्न पर्ने र गर्न नहुने विषय निर्धारित थिए । गर्नु पर्ने कार्य गर्नु र गर्न नहुने कार्य नगर्नु राजाको कर्तव्य मानिन्थ्यो । शासन सञ्चालनमा नीतिको सर्वोच्चता थियो ।

रामायण कालमा राजा क्षत्रिय हुनुपर्छ भन्ने मान्यता छ । प्रजाको पालना गर्नु र सत्यधर्मको स्थापना गर्नु क्षत्रियको कर्तव्य थियो । राम कर्तव्यपरायण राजा थिए । राजा सनातन धर्मले निर्धारण गरेका नैतिकताको बन्धनमा बाँधिएका थिए । राजाको रूपमा रामले निर्धारित कर्तव्य पालना गरेका हुँदा उनको शासन आदर्श शासन मानिएको हो ।

प्रजाको हितको संरक्षण (Welfare State)

रामायणमा प्रजाको खुसीका लागि काम गर्नु राजाको कर्तव्य मानिएको छ । रामराज्य लोककल्याणकारी राज्य थियो । गरिब र दीनदु:खीको संरक्षण गर्नु राजाको कर्तव्य थियो । वृद्ध, बालक, मुख्य वैद्यहरूलाई अनुराग, मधुर वचन र धनद्वारा सम्मान गर्न राजालाई सल्लाह दिइएको छ । कमजोरलाई विशेष सहयोग गर्नु र प्रजालाई रोग, भोक र आवास आदिबाट आधारभूत आवश्यकताबाट वञ्चित हुन नपर्ने अवस्था सृजना गर्नु राजाको कर्तव्य थियो । रामराज्यमा सामाजिक आर्थिक न्याय गरिएको हुँदा त्यसलाई आदर्श शासनको नमुना मानिएको हो ।

युद्धधर्म (Laws of War)

रामायणमा बाह्य आक्रमणबाट राज्य र प्रजाको रक्षा गर्नु राजाको धर्म मानिएको छ । कोशल राज्यमा सबै क्षत्रिय सैनिक हुन्थे । युद्धको नेतृत्व राजाले गर्दथे । युद्धका लागि उचित कारण चाहिथ्यो । अधर्मको अन्त्य र धर्मको स्थापनाका लागि युद्ध गरिन्थ्यो । धर्म विरुद्ध आचरण गरेको हुँदा रामबाट बालि मारिएका थिए । रावणले धर्म विरुद्ध आचरण गरेको हुँदा रामले रावणसँग युद्ध गर्नु परेको थियो । शान्तिपूर्ण उपायबाट अभिष्ट सिद्धि सम्भव भएसम्म युद्ध गर्नुहुँदैन भन्ने मान्यता रामायणमा पाइन्छ । युद्धका लागि लङ्का पुगेका रामले युद्ध प्रारम्भ गर्नुभन्दा पूर्व राजधर्मअनुसार रावण समक्ष बालिका पुत्र अङ्गदलाई दूत पठाएका थिए । सीतालाई लिएर मेरो शरणमा नआएमा संसार राक्षसविहीन बनाइदिने सन्देश रामले रावणलाई पठाएका थिए (वाल्मीकि, यु., स.४१, श्लो.६७) । यदि शरणमा नआएमा युद्धको लागि तयार हुन पनि सन्देशमा भनिएको थियो । रावणले सन्धि गर्न अस्वीकार गरेपछि मात्र लङ्कामा राम र रावणबीच युद्ध प्रारम्भ भएको थियो । युद्धमा संलग्न नभएका व्यक्ति र स्त्रीलाई आक्रमण गर्नुहुदैनथ्यो । युद्ध जितेपछि पनि विजेताले पराजित पक्षको कुनै व्यक्तिलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राज्य दिनुपर्छ भन्ने मनुस्मृतिको उपदेश रामायण कालमा पनि पालना गरेको पाइन्छ। रावणलाई मारी रामले लङ्काको राज्य रावणका भाइ विभीषणलाई दिएका थिए।

अयोध्या बाह्य आक्रमणबाट सुरक्षित राज्य थियो। त्यहाँ बाह्य आक्रमणको सम्भावना थिएन। रामराज्यमा युद्ध हुँदैनथ्यो। प्रजामा युद्धको भय थिएन। राज्यको सुरक्षाका लागि रामायणमा राजाले राज्यबाट निकालिएको शत्रु पुनः राज्यमा प्रवेश गरेर बसेको छ भने दुर्बल सम्झेर त्यस्तो व्यक्तिको उपेक्षा गर्नु हुँदैन भन्ने उल्लेख गरिएको छ (वाल्मीकि, अ. का., स.१००, श्लो.३७)।

रामराज्यमा प्रजाका गुण (Character of the People in Ramrajya)

'यथा राजा तथा प्रजा' भन्ने उक्ति हिन्दु समाजमा प्रचलित छ। यसको अर्थ राजा जस्ता हुन्छन् प्रजा पनि त्यस्तै हुन्छन् भन्ने हो। राम सदाचारी र कर्तव्य परायण राजा थिए। त्यसैले उनको शासन कालमा प्रजा पनि सदाचारी थिए। समाजमा चोर र लुटेरा हुँदैनथे[१३] (वाल्मीकि, यु., स.१२८, श्लो.९९)। सबैले सनातन धर्म पालन गर्दथे। कसैले पनि झुटो बोल्दैनथे। प्रजा उत्तम गुणसम्पन्न थिए[१४] (वाल्मीकि, यु., स.१२८, श्लो.१०५)। रामराज्यमा ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र चारै वर्णका प्रजा लोभरहित थिए। सबै आ-आफ्नो वर्णाश्रमधर्मअनुसारको कर्ममा सन्तुष्ट थिए र सबैले त्यसको पालना गर्दथे[१५] (वाल्मीकि, यु., स.१२८, श्लो.१०४)।

अयोध्याको वर्णनमा सदा आ-आफ्नो कर्ममा लागिरहने हजारौ ब्राह्मण, क्षत्रिय र वैश्य अयोध्यामा निवास गर्दछन् भनी उल्लेख गरिएको छ। सबै महान् उत्साही, जीतेन्द्रिय, र श्रेष्ठ छन् (वाल्मीकि, अयो., स.१००, श्लो.४१)। अनेक प्रकारका राजदरवार र मन्दिरले यस नगरको शोभा भढाएका छन्। बहुसङ्ख्यक विद्वान् यहाँ बस्दछन्। अयोध्या नगर अभ्युदयशील र समृद्धिले पूर्ण छ भनी वाल्मीकिले वर्णन गरेका छन् (वाल्मीकि, अयो., स.१००, श्लो.४२)। स्त्री पुरुष सदा प्रसन्न रहन्छन्। सामाजिक उत्सवका कारणले अयोध्याको शोभा वृद्धि भएको देखिन्छ। खेत जोत्न प्रशस्त पशु छन्। खेतीका लागि वर्षाको जलमा भर पर्नु पर्दैन। कुनै प्रकारको हिंसा छैन। हिंसक पशुरहित अयोध्या अति सुन्दर छ। अयोध्यामा कुनै प्रकारको भय छैन। विभिन्न प्रकारका खानीले भरिएको छ। अयोध्यामा पापी मानिसको अभाव छ। कोशलवासी सबै धनधान्यले सम्पन्न छन्। सबै सुखी छन् (वाल्मीकि, अयो., स.१००, श्लो.४३-४६)।

रामराज्यमा सबै प्रजाले नैतिकताको पालना गर्दथे। सबैले सनातन धर्मको पालना गर्दथे। सबै नैतिक थिए। सबै कर्तव्यपरायण थिए। त्यसैले विभिन्न वर्ण एवं सामाजिक समूह

---

१३ निर्दस्युरभवल्लोको नानर्थं कश्चिद्स्पृशत्।

१४ आसन् प्रजा धर्मपरा रामे शासति नानृताः। सर्वे लक्षणसम्पन्नाः सर्वे धर्मपरायणाः।

१५ ब्राह्मणाः क्षत्रिया वैश्याः शूद्रा लोभविवर्जिताः। स्वकर्मसु प्रवर्तन्ते तुष्टाः स्वैरेव कर्मभिः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.

CC-0.In Public Domain. Digitization by eGangotri

बीच साम्प्रदायिक सद्भाव, शान्ति र सहिष्णुता थियो । मानिसहरूबीच सौहार्दता थियो। सबैले सहअस्तित्वमा विश्वास गर्दथे। सबैले स्वधर्मको पालना गर्दथे। कर तिर्नु, राज्यलाई आवश्यक सहयोग गर्नु, राजाप्रति सद्भाव राख्नु आदि प्रजाका कर्तव्य थिए। कर्तव्यपरायण प्रजा हुनु पनि राजराज्यको विशेषता हो।

रामराज्यमा सुखी जनता (Happy People in Ramarajya)

रामायणको प्रारम्भमा देवर्षि नारदले ऋषि वाल्मीकिलाई रामको राज्यमा समस्त लोक प्रसन्न, सुखी,सन्तुष्ट, पुष्ट, धार्मिक, रोगव्याधिबाट मुक्त र दुर्भिक्षको भयबाट मुक्त हुनेछन् भनी भविष्यवाणी सुनाएका थिए। कसैले पनि पुत्रको मृत्यु देख्नु पर्ने छैन। नारीहरू पतिव्रत्र हुनेछन् र विधवा हुनेछैनन्। अग्नि भय हुनेछैन। कुनै जन्तु जलमा डुब्नेछैनन्। वात र जोरो जस्ता रोगको भय हुनेछैन (वाल्मीकि, बा., स.१, श्लो.९०-९२)। रावणलाई मारी अयोध्या फर्केपछि रामको राज्याभिषेक सम्पन्न भएको थियो । त्यपछि रामको राज्यमा प्रजाको अवस्था कस्तो भयो भनी वर्णन गरिएको छ । रामको राज्यमा सबै जनता प्रसन्न, सुखी, सन्तुष्ट र स्वस्थ थिए। राज्यमा रोगव्याधि थिएन। मानिसको मनमा कुनै किसिमको विकार थिएन[१६] (वाल्मीकि, यु., स.१२८, श्लो.१०१)। सबैको आयु पूर्ण हुन्थ्यो। रोगव्याधिको डर थिएन। प्रजा युद्धबाट पनि मुक्त थिए। सर्प आदि दुष्ट जनावरको भय पनि थिएन। रामराज्यमा स्त्रीहरू विधवा हुँदैनथे। विधवाको विलाप सुन्न पर्दैनथ्यो। वृद्ध व्यक्तिले बालकको अन्त्यष्टि संस्कार गर्नु पर्दैनथ्यो (वाल्मीकि, यु., स.१२८, श्लो.९८-९९)। वृद्ध प्राणीको पनि मृत्यु नजिक आउँदैन । नारीहरूले पीडाबिना नै सन्तान जन्माउँछन्। सम्पूर्ण मनुष्य हृष्ट-पुष्ट देखिन्छन्। नगरवासीमा हर्ष छाएको छ। मेघले अमृत समान जल समयमा वर्षा गराइरहेका छन्। शीतल र सुखद स्पर्शसहित वायु चल्दछ । पुर र जनपदवासीहरूले चिरकालसम्म रामजस्ता राजा होउन् भन्ने कामना गर्दछन् भनी रामायणमा उल्लेख गरिएको छ (वाल्मीकि, उ.,श्लो.१७-२२)। रामराज्यमा स्त्रीहरू पतिव्रता थिए। पुरुषहरू पनि एक पत्नीव्रती थिए। पति-पत्नीबीच परस्पर प्रेम र विश्वासको वातावरण थियो । राम र उनका तीन भाइ एकपत्नीव्रती थिए। प्रजाले राजाको अनुकरण गर्दथे। अयोध्यामा शान्ति सुव्यवस्था थियो। आर्थिक सम्पन्ता थियो । राज्यमा न्याय सम्पादन निष्पक्ष हुन्थ्यो । प्रजाले समानता र स्वतन्त्रको उपभोग गर्न पाएका थिए । विचार र अभिव्क्तिको स्वतन्त्रता थियो । राजाको आलोचनासमेत गर्न प्रजा स्वतन्त्र थिए। करको पीडा थिएन। बाह्य आक्रमण हुन सक्दैनथ्यो। त्यसैले कोशलका प्रजा सुखी र सन्तुष्ट थिए। रामराज्यमा आर्थिक समृद्धि थियो। रामराज्यमा कुनै पनि वस्तुको अभाव थिएन । हरेकका आवश्यकता पूरा भएका थिए । कुनै प्रकारको शोषण रामराज्यमा थिएन । शोषणरहित र न्यायपूर्ण समाज थियो । रामराज्यमा भय र दुःखबाटमुक्त समाज थियो।

---

१६ निरामया विशोकाश्च रामे राज्यं प्रशासति।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

रामराज्य र वातावरण (Ramrajya and Environment)

मानिस प्रकृतिबाट अलग भएर बाँच्न सम्भव हुँदैन। प्रकृति र वातावरण अनुकूल भएमा मात्र मनुष्यको जीवन सुखी हुन्छ। रामको राज्यमा प्रकृति अनुकूल थियो। समयमा वर्षा हुन्थ्यो। जल उत्पन्न प्रकोप हुँदैनथ्यो। वायुको प्रकोप पनि हुदैनथ्यो। रामले भरतलाई वन र वातावरणको रक्षा गर्न उपदेश दिएका छन् (वाल्मीकि, अयो.,स.१००, श्लो.५०)। वन्यजन्तु र वनको सुरक्षा पनि राज्यको महत्त्वपूर्ण कार्य थियो। वातावरणको संरक्षण र दिगो उपभोगको चेतना रामायणमा पाइन्छ। रामराज्यमा वृक्षका जरा बलिया हुन्थे। वृक्षमा प्रचुर मात्रामा फल-फूल लाग्दथे। जनताले चाहेको वेलामा मेघले वर्षा गराउँथ्यो। वायुको गति मन्द हुन्थ्यो। तिनको स्पर्श आनन्ददायक हुन्थ्यो[१७] (वाल्मीकि, यु., स.१२८, श्लो.१०३)। वातावरण अनुकूल हुनु पनि रामराज्यमा प्रजाको सुखको कारण थियो। प्रजा आध्यात्मिक, आदिभौतक र आदिदैविक दु:खबाट मुक्त थिए। शारीरिक दु:ख आध्यात्मिक दु:ख हो। जीवजन्तु र भौतिक वस्तुबाट हुने दु:खलाई आदिभौतिक दु:ख भनिन्छ। देवताबाट हुने दु:ख आदिदैविक दु:ख हो।

निष्कर्ष (Conclusion)

आदिकवि महर्षि वाल्मीकिको रचना वाल्मीकि रामायण संस्कृत भाषामा लेखिएको वैदिक सनातन सभ्यताको प्रथम महाकाव्य मानिन्छ। रामायणमा वर्णन गरिएका घटना राम र सीताद्वारा व्यवहारमा अभ्यास गरिएका आचरण हुन्। राम र सीताको चरित्रले सम्पूर्ण परवर्ती समाजलाई मर्यादाको शिक्षा प्रदान गर्दै आएको छ। आदर्श पत्नीका रूपमा सीताको चरित्र अनुकरणीय छ। राम एक पत्नीव्रत नायक छन्। राम कर्तव्यनिष्ठ र इमान्दार राजा थिए। उनले राजधर्मको पालन गरेका गर्दथे। सबै प्रजाको सुख प्राप्ति रामराज्यको उद्देश्य थियो। रामराज्यमा सबै प्रजालाई समनताको अधिकार थियो। रामले सुशासनको व्यावहारिक अभ्यास गरी प्रजालाई सन्तुष्ट, समृद्ध र खुसी बनाएका थिए। रामराज्यमा कुनै प्रकारको दु:ख, रोग, भय आदि थिएनन्। शासन राजधर्मका आधारभूत नैतिकताका सिद्धान्तमा आधारित थियो। कुलधर्म, जनपदधर्म र जातिधर्मको सम्मान हुन्थ्यो। सबैले सनातन धर्मअनुसार व्यवहार गरेका हुँदा रामको राज्यमा त्रेतायुगमा पनि सत्ययुगको आभास हुन्थ्यो। रामराज्य त्रेतायुगको आदर्श शासन थियो। वर्तमान समयमा समेत रामराज्य सुशासनको नमुना मानिन्छ।

---

१७ नित्यमूला नित्यफलास्तरवस्तत्र पुष्पिता:।
कामवर्षी च पर्जन्य: सुखस्पर्शश्च मारुत:।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

महाभारतमा राजनीति
(Politics in the Mahabharat)

महाभारत संस्कृत साहित्यको प्रसिद्ध महाकाव्य हो । यस महाकाव्यमा प्राचीन वैदिक सनातन सभ्यताको सम्पूर्ण ज्ञान-विज्ञान निहित छ । प्राचीन राजनीतिक विचार एवं प्रशासनिक संस्थाको अध्ययनका दृष्टिले यो ग्रन्थ ज्यादै उपयोगी छ । महाभारतका सबै पर्वमा सामान्य रूपमा राजधर्मको वर्णन छरिएको अवस्थामा छ तापनि राजधर्मका दृष्टिले शान्तिपर्व ज्यादै महत्त्वपूर्ण छ । शान्तिपर्वमा महाभारतको युद्धपछि इच्छामरणका लागि शरशैय्यामा सुतेका पितामह भीष्मले राजा युधिष्ठिरलाई राजनीतिको उपदेश दिएका छन्। उनले त्यहाँ धेरै प्राचीन विचारकका राजनीति विचारको सार युधिष्ठिरलाई सुनाएका छन् । शान्तिपर्वमा दण्डनीति, राजधर्म, शासनपद्धति, करव्यवस्था, न्याय प्रणाली आदि विषयमा भीष्मद्वारा युधिष्ठिरलाई प्रदान गरिएको उपदेशको वर्णन गरिएको छ । महाभारत कुन कालखण्डमा रचना भयो भन्ने विषयमा निश्चित रूपमा भन्न सक्ने अवस्था छैन । वैदिक सनातन परम्परागत मान्यताअनुसार कलियुगको प्रारम्भ हुनुभन्दा केही समय पहिले द्वापरयुगको अन्त्यतिर महाभारतको रचना गरिएको थियो । महाभारत पराशरका पुत्र महर्षि वेदव्यासको रचना हो । वेदव्यासको मुखारविन्दबाट निश्किएको महाभारतको लेखन कार्य भने भगवान् गणेशद्वारा सम्पन्न भएको थियो । प्रारम्भमा यसलाई जय भनिन्थ्यो । जयमा कुरुवंशको इतिहास मात्र थियो । जय सर्वप्रथम वेदव्यासले आफ्ना छोरा शुकदेवलाई पढाएका थिए । वेदव्यासले आफ्ना शिष्यहरूलाई पनि जय पढाएका थिए । उनका शिष्यहरूमध्ये महर्षि वैशम्पायन एक थिए । उनले संसारमा जयको प्रचार-प्रसार गरे । जयमा श्लोक थपिदैगए र कालान्तरमा त्यसको नाम भारत राखियो । नैमिषारण्यमा हजारौं ऋषिले भारत सुन्ने सुनाउने गरे र त्यसमा निरन्तर विस्तार पनि गर्दैगए । क्रमशः यसमा एक लाखभन्दा बढी श्लोक हुन पुगे । यस विशाल महाकाव्यलाई महाभारत भन्न थालियो । परीक्षितका पुत्र महाराज जनमेजयले महायज्ञको आयोजना गरेका थिए । त्यस महायज्ञमा सुप्रसिद्ध पौराणिक सूतले उनलाई महाभारतको कथा सुनाएका थिए ।

महाभारतको रचना कालका विषयमा विद्वानहरूबीच मतैक्यता छैन । महाभारतको कथा द्वापरयुगको इतिहास हो । आर्यभट्टका अनुसार महाभारतको युद्ध ३१३७ इसापूर्वमा भएको थियो । महाभारतका रचनाकार वेदव्यास महाभारतका प्रमुख पात्रहरूमध्ये एक पात्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
भएकाले महाभारत त्यसै वेलाको रचना मानिन्छ । तर वर्तमान युगका समालोचकहरू महाभारतको रचनासम्बन्धमा यो भनाइ स्वीकार गर्न तयार छैनन्। आधुनिक विद्वानहरूले महाभारतलाई महान् सङ्ग्रह काव्य मान्दछन्। यसको केही अंश इसापूर्वको रचना मानिन्छ भने केही अंशको रचना इस्वीसंवत्को तेस्रोदेखि पाँचौं शताब्दीमा सम्पन्न गरिएको मानिन्छ ।

केवल कौरव र पाण्डवको इतिहासको वर्णन गर्नु मात्र नभई सनातन धर्मको विस्तृत र पूर्ण चित्र प्रस्तुत गर्नु महाभारतको उद्देश्य रहेको छ। गीतामा भगवान् कृष्णले राजधर्मको उपदेश दिएका हुँदा महाभारतको राजधर्मलाई कृष्णका विचार पनि भन्ने गरिन्छ । महाभारतमा राजधर्मसम्बन्धी विचार मुख्य रूपले शान्तिपर्वमा उल्लेख गरिएको छ । शान्तिपर्वमा भीष्म पितामहले युधिष्ठिरलाई दिएका राजधर्मका उपदेश उल्लेख भएको हुँदा यसलाई भीष्मको राजधर्मसम्बन्धी विचार पनि भन्ने गरिन्छ । महाभारतको सङ्क्षिप्त परिचयका साथै महाकाव्यमा वर्णन गरिएको राजधर्मसम्बन्धी विचारको सार यस प्रकरणमा प्रस्तुत गरिएको छ ।

महाभारतको परिचय (Introduction to the Mahabharat)

भारतवर्ष स-साना राज्यहरूमा विभाजित थियो । ती राज्यमध्ये कुरु शक्तिशाली राज्य थियो। यसको राजधानी हस्तिनापुर थियो। कुरुराज्यमा चन्द्रवंशी राजाहरूले राज्य गर्दथे । द्वापर युगको अन्त्यतिर कुरुका छोरा शान्तनु कुरुराज्यका राजा भएका थिए । राजा शान्तनुका महारानी गङ्गाको कोखबाट जन्मेका छोरा देवव्रत थिए । देवव्रत कुरुराज्यका उत्तराधिकारी थिए । राजा शान्तनुले सत्यवतीलाई विवाह गर्ने इच्छा गरे। सत्यवतीका पिताले आफ्नो छोरीबाट जन्मेको छोरालाई राजा बनाउपर्ने माग राखी विवाहमा अलमल गरेका थिए । त्यो सुनेर शान्तनुका छोरा देवव्रतले आफूले आजीवन ब्रह्मचर्य पालन गर्ने र राजा पनि नबन्ने प्रतिज्ञा गरेका थिए। त्यसपछि उनको नाम भीष्म भयो। भीष्मको प्रतीज्ञापछि राजा शान्तनुको विवाह सत्यवतीसँग सम्पन्न भयो। शान्तनुका सत्यवतीको कोखबाट चित्राङ्गद र विचित्रवीर्य दुई छोरा जन्मिएका थिए । चित्राङ्गद बाल्यकाल मै गन्धर्वद्वारा मारिए। शान्तनुपछि विचित्रवीर्य कुरुराज्यको राजा भए। त्यस वेला उनको विवाह भएको थिएन। उनको विवाहका लागि भीष्मले काशी राज्यका तीन राजकुमारी अम्बा, अम्बिका र अम्बालिकालाई हरण गरी ल्याए । अम्बाले विवाह गर्न अस्वीकार गरिन् र पछि तपस्याद्वारा शिखण्डी बनिन् । विचित्रवीर्यसँग अम्बिका र अम्बालिकाको विवाह सम्पन्न भएको थियो। विवाहपछि विचित्रवीर्यको पनि मृत्यु भयो। उनका कुनै सन्तान जन्मिएका थिएनन्। राज्यको उत्तराधिकारीको समस्या सृजना भयो। सत्यवतीको विवाहपूर्व नै ऋषि पराशरसँग सम्बन्ध भएको थियो । त्यस सम्बन्धबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.

CC-0.In Public Domain. Digitization by eGangotri

सत्यवतीले वेदव्यासलाई जन्म दिएकी थिइन् । राजवंशको समस्या सृर्जना भएपछि सत्यवतीले वेदव्यासलाई राजदरवारमा बोलाइन् र नियोग विधिबाट राज्यको उत्तराधिकारी जन्माउने व्यवस्था मिलाइन् । व्यासद्वारा अम्बिकाबाट धृतराष्ट्र, अम्बालिकाबाट पाण्डु र दासीबाट विदुरको जन्म भयो । जेठा धृतराष्ट्र अन्धा थिए त्यसैले उनी राजा बन्न अयोग्य भए । पाण्डु हस्तिनापुरका राजा भए ।

धृतराष्ट्रको विवाह गान्धारीसँग भएको थियो । उनका दुर्योधनसहित एक सय छोरा जन्मिएका थिए । धृतराष्ट्रका छोरालाई कौरव भनिन्छ । पाण्डुको विवाह कुन्ती र माद्रीसँग भयो । एक दिन पाण्डु शिकार खेलन वनमा गएका थिए । वनमा उनले मैथुनरत मृगको हत्या गरे । मैथुरत मृग ऋषि थिए । ऋषिले पाण्डुलाई यौन सम्बन्ध राख्ने बित्तिकै मृत्यु हुने सराप दिए । यसबाट खिन्न भएका पाण्डु राज्यको जिम्मा धृतराष्ट्रलाई दिएर दुई पत्नीसहित वनवास लागे । पाण्डुको सल्लाहमा कुन्तीले धर्मराजबाट युधिष्ठिर, वायुबाट भीम र इन्द्रबाट अर्जुन गरी तीन छोरा जन्माइन् । माद्रीले अश्वनीकुमारबाट नहकुल र सहदेव दुई छोरा जन्माइन् । यसरी पाण्डुका पाँच छोरा भएका थिए । पाण्डुका छोरालाई पाण्डव भनिन्छ । एक दिन पाण्डु माद्रीसँग मैथुनमा प्रवृत्त भए । त्यसबाट उनको तत्काल मृत्यु भयो । माद्री उनीसँगै सती गइन् । कुन्ती पाँच छोरा लिएर हस्तिनापुर फर्किइन् । पाँचै भाइ पाण्डवको बुद्धि तीक्ष्ण थियो र उनीहरू शारीरिक दृष्टिले बलवान् थिए । उनीहरूको प्रखर बुद्धि र मधुर स्वभावबाट सबै मोहित भएका थिए । पाँच भाइ पाण्डवहरूको विवाह द्रौपदीसँग भएको थियो । उनीहरूको लोकप्रियता देखेर कौरवहरूलाई ईर्ष्या हुन्थ्यो । कौरवहरूले पाण्डवलाई अनेक प्रकारका कष्ट दिन्थे ।

कौरव र पाण्डवबीच वैरभाव बढ्दै गयो । पितामह भीष्मले दुबै पक्षलाई सम्झाइ-बुझाइ गरी सन्धि गराए । भीष्मको आदेशअनुसार कुरुराज्य दुई भागमा विभाजन गरियो । कौरवहरूले हस्तिनापुरको राज्य पाए । पाण्डवहरूले अलग राज्य पाए । पाण्डवहरूको राज्य इन्द्रप्रस्थ नामले प्रसिद्ध भयो । पाण्डवहरूले धर्मपूर्वक शासन गरी प्रजालाई प्रसन्न बनाएका थिए । पाण्डव र कौरवबीचको द्वन्द्व केही समय शान्त भयो ।

महाभारत कालमा राजाहरूबीच जुवा खेल्ने प्रचलन थियो । एक पटक कौरवहरूले पाण्डवलाई जुवा खेल्न आह्वान गरे । कौरवका तर्फबाट कुटिल शकुनी र राजा युधिष्ठिर जुवा खेलेका थिए । शकुनी कौरवहरूका मामा थिए । उनले कपटपूर्वक युधिष्ठिरलाई जुवामा हराए । पत्नी द्रौपदी र राज्यसमेत युधिष्ठिरले जुवामा हारेका थिए । फलस्वरूप पत्नी द्रौपदीसहित पाण्डवहरूले बाह्र वर्ष वनवास र एक वर्ष गुप्तवास जानुपर्ने भयो । त्यसपछि मात्र पाण्डवहरूलाई उनीहरूको राज्य फिर्ता दिने शर्त राखियो । शर्तअनुसार पाण्डवहरू वनवासतर्फ लागेका थिए । बाह्र वर्ष वनवास र एक वर्ष गुप्तवास बिताएर मात्र पाण्डवहरू हस्तिनापुर फर्केका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

लोभी दुर्योधनले शर्तअनुसार उनीहरूको राज्य फिर्ता गर्न स्वीकार गरेनन्। फलस्वरूप कौरव र पाण्डवबीच राज्यको उत्तराधिकारका लागि भएको विवादका कारण युद्ध भयो। यो युद्ध महाभारतको युद्धको नामले प्रसिद्ध छ। विभिन्न वीर योद्धाहरूले कौरव र पाण्डवको तर्फबाट महाभारतको युद्धमा भाग लिएकाथिए। भगवान् श्रीकृष्ण पाण्डवको पक्षमा थिए र अर्जुनका सारथी भएका थिए। युद्धको प्रारम्भमा भगवान् श्रीकृष्णले अर्जुनलाई गीताको उपदेश सुनाएर युद्धका लागि प्रेरित गरेका थिए। गीतामा राजधर्मका सन्देश छन्। महाभारत युद्धमा युद्धधर्मको पालना गरिएको थियो त्यसैले त्यस युद्धलाई धर्मयुद्ध भनिन्छ। युद्धमा कौरवहरूको हार भयो र उनीहरू मारिए। पाण्डवहरू विजयी भए र उनीहरूले हस्तिनापुरको विशाल साम्राज्य प्राप्त गरेका थिए। त्यसपछि युधिष्ठिर हस्तिनापुरको राजा भएका थिए। युद्धमा घाइते भई शरशैय्यामा रहेका भीष्मलाई भेट्न भगवान् श्रीकृष्ण र पाण्डवहरू गएका थिए। शरशैय्यामा रहेका भीष्मले युधिष्ठिरलाई राजधर्मको विषयमा विस्तृत ज्ञानको दिएका थिए। महाभारतको शान्तिपर्वमा त्यसको वर्णन रहेको छ।

राजा युधिष्ठिरले छत्तीस वर्षसम्म राज्य गरेका थिए। उनले राजधर्मको पालना गरी आदर्श शासन सञ्चालन गरेका थिए। अन्त्यमा नाति परीक्षितलाई हस्तिनापुरको राजगद्दीमा बसाली द्रौपदीसहित पाँचै भाइ पाण्डव हिमालतर्फ लागेका थिए।

राज्यको उत्पत्ति (Origin of the State)

महाभारतमा राजा र राज्यको उत्पत्तिसम्बन्धी दुई प्रकारका सिद्धान्तको उल्लेख छ। दैवी सिद्धान्त र सम्झौतावादी सिद्धान्त राजा र राज्यको उत्पत्तिसम्बन्धी प्रमुख दुई सिद्धान्त हुन्। महाभारतका अनुसार समाजको विकास स्वर्णयुगबाट प्रारम्भ हुन्छ।

राज्यविहीन स्वर्णयुग (Stateless Golden Age)

वैदक चिन्तनमा सत्य, त्रेता, द्वापर र कलि चार युग छन्। समाजको विकास सत्ययुगबाट प्रारम्भ हुन्छ। महाभारतका अनुसार सत्ययुगमा राज्यविहीन समाज थियो। त्यस समाजमा हरेक व्यक्तिलाई सनातन धर्मको ज्ञान थियो। सबै व्यक्ति वेदको ज्ञानसम्पन्न थिए। हरेक व्यक्तिले सनातन धर्मले तोकेका स्वधर्म अर्थात् आ-आफ्नो कर्तव्य पालन गर्दथे। सबै व्यक्ति कर्तव्यपरायण भएका हुँदा समाज शान्तिपूर्ण र सुखी थियो। सत्ययुगमा राजा थिएनन्। राज्य पनि थिएन। सबै प्रजाले स्वधर्मको पालना गर्दै धर्मद्वारा नै एकअर्काको परस्पर रक्षा गर्दथे[१] (शान्तिपर्व, अ.५९, श्लो. १४)। सत्ययुग धर्मप्रधान युग थियो। सनातन धर्मअनुसार सबैले आचरण गर्दथे। कसैले कसैको जीवनमा हस्तक्षेप गर्दैनथे। सबै प्रजा नैतिक थिए। रुसोको प्राकृतिक अवस्थाको स्वर्णयुग र महाभारतको स्वर्णयुगबीच भिन्नता

१ न वै राज्यं न राजाऽसीन्न न दण्डो न च दाण्डिकः। धर्मेणैव प्रजाः सर्वा रक्षन्ति स्म परस्परम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

छ। रुसोको प्राकृतिक अवस्थाको स्वर्णयुगमा मानिसमा के नैतिक के अनैतिक भन्ने ज्ञान थिएन। महाभारमा वर्णन गरिएको स्वर्णयुगमा हरेक व्यक्तिमा सनातन धर्म र नैतिकताको ज्ञान थियो। सबैले धर्मले तोकेअनुसार आचरण गर्दथे। धर्म स्वर्णयुगको आधार थियो। सबै मनुष्यले धर्मद्वारा परस्पर पालन-पोषण गर्दथे। क्रमश: समाजमा धर्मको ह्रास हुँदैगयो। जीवन कष्टकर हुँदैगयो। फलस्वरूप राज्यविहीन स्वर्णयुग लामो समय चल्न सकेन र त्यसको अन्त्य भयो।

अराजक अवस्था (State of Law of Fishes)

धर्मको ह्रास हुँदैगएपछि मानिसमा कर्तव्याकर्तव्यको ज्ञान शून्य भयो। मानिस लोभ र मोहका अधीनमा हुन पुगे। मानिसमा काम र रागको प्रभाव बढ्दै गयो। वेदको स्वाध्याय लोप हुन थाल्यो। वेदको अध्ययन लोप भएपछि मानिसमा कर्तव्य के हो र अकतर्व्य के हो भन्ने ज्ञान समाप्त भयो। गम्य र अगम्य, भक्ष्य र अभक्ष्य एवं दोष र गुण के हो भन्ने विवेक नै समाप्त भयो (शान्तिपर्व, स.५९, श्लो.२०-२१)। यो अवस्था मनुस्मृतिमा वर्णन गरिएको मात्स्यन्यायको अवस्थासँग समान देखिन्छ। जुन देशमा राजा हुँदैन त्यहाँ धर्मको स्थिति रहँदैन भन्ने महाभारतको उद्घोष रहेको छ (शान्तिपर्व., अ.६७, श्लो.३)। यसरी सत्ययुगको स्वर्ण कालपछि समाजमा धर्म-कर्म नष्ट भए। राज्यविहीन समाजमा व्यक्तिको धन र पत्नीको सुरक्षा भएन। त्यस्तै दण्डधारी राजा नभएको देशमा जसरी पानीमा ठुलो माछाले सानो माछा खान्छ त्यसैगरी प्रबल मनुष्यहरूले दुर्बललाई लुटेर खान्छन् भन्ने महाभारतमा उल्लेख गरिएको छ[२] (शान्तिपर्व., अ.६७, श्लो.१६)। मनुष्यमा धर्मको ह्रास भएपछि देवताहरूमा भय सृजना भयो। मनुष्यमा यज्ञकर्म लोप हुन थालेपछि देवगणको जीवनमा संशय उत्पन्न भयो। त्यसपछि राजा र राज्य निर्माणका लागि देवताहरू सक्रिय भए भन्ने वर्णन महाभारतमा छ।

नीतिशास्त्रको रचना (Creation of Nitishastra)

भयभीत देवता सृष्टिकर्ता भगवान् ब्रह्माको शरणमा गए। उनीहरूले ब्रह्मालाई खुसी पार्दै मनुष्यमा वैदिक ज्ञान र धर्मकर्मको लोप हुन लागेको चिन्ता व्यक्त गरे। देवगणले आफ्नो जीवन संशयमा परेको विषयमा ब्रह्मालाई बिन्ती गरे। भगवान् ब्रह्माले त्यसको समाधानको उपायबारे सोच्ने वचन दिए र नीतिशास्त्रको रचना गरे। ब्रह्माको नीतिशातस्त्रमा एक लाख अध्याय थिए। धर्म, अर्थ र काम त्रिवर्ग र चौथो मोक्षको वर्णन यसमा गरिएको थियो। यस नीतिशास्त्रमा त्रयी, आन्वीक्षिकी, वार्ता र दण्डनीति चारै विद्याको निरूपण गरिएको थियो। विशाल नीतिशास्त्र सर्वप्रथम विशालाक्ष शङ्करले ग्रहण गरे। भगवान् शिवले ब्रह्माद्वारा रचना गरिएको नीतिशास्त्र सङ्क्षेपीकरण गरे। त्यसको नाम वैशालाक्ष भयो। देवताका राजा

---

२ राजाचेन्न भवेल्लोके पृथिव्यां दण्डधारक:। जले मत्स्यानिवाभक्ष्यन् दुर्बलं बलवत्तरा:।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
इन्द्रले वैशालाक्ष ग्रन्थ ग्रहण गरे र पाँच हजार अध्यायमा सङ्क्षेपीकरण गरे। त्यसको नाम बाहुदन्तक हुन गयो। देवगुरु बृहस्पतिले बाहुदन्तक ग्रहण गरी तीन हजार अध्यायमा सङ्क्षेपीकरण गरे। बृहस्पतिद्वारा सङ्क्षेपीकरण गरिएको ग्रन्थको नाम बार्हस्पत्य भयो। बार्हस्पत्य ग्रन्थ पुन: दैत्यका गुरु शुक्रचार्यले ग्रहण गरी एक हजार अध्यायमा सङ्क्षेपीकरण गरे भन्ने महाभारतमा उल्लेख गरिएको छ (शान्तिपर्व, अ.५९, श्लो.२९-८५)।

यसरी नीतिशास्त्रको धारा भगवान् ब्रह्माद्वारा प्रारम्भ भएको थियो। मानव समाजमा धर्मको स्थापना गर्ने र अराजक अवस्थाको अन्त्य गर्ने र धर्म स्थापना गर्ने उद्देश्यले सर्वप्रथम भगवान् ब्रह्माले नीतिशास्त्रको सृजना गरेका थिए। नीतिशास्त्रअनुसार शासन सञ्चालन गर्ने राजा राज्यको सृजना पनि ईश्वरले गरे भन्ने दैवी सिद्धान्तका साथै राज्यको उदय सामाजिक सम्झौताबाट भएको भन्ने सम्झौतावादी सिद्धान्तको पनि महाभारतमा वर्णन गरिएको छ।

दैवी सिद्धान्त (Divine Theory)

महाभारतमा राजा र राज्यलाई ईश्वरको सृजना मान्ने राज्यको उदयसम्बन्धी सिद्धान्तको उल्लेख गरिएको छ। देवगण भगवान् विष्णुका शरणमा गए। भगवान् विष्णुले आफ्नो तेजबाट विरज नाम गरेको मानस पुत्र सृष्टि गरे। विरजलाई विष्णुले नीतिशास्त्रअनुसार शासन सञ्चालन गर्न आदेश दिएका थिए (शान्तिपर्व, स.५९, श्लो.८८)। यसैगरी राजा नभएर दुरावस्था फैलिएपछी सबै प्रजा जम्मा भएर ब्रह्माको शरणमा गए र राजा नभएकाले समाजमा दुरावस्था सृजना भएको तथा आफूहरू नष्ट हुनथालेको विषयमा ब्रह्मासँग बिन्ती गरे। प्रजाले राजाको माग गरे। प्रजाको बिन्ती सुनेर भगवान् ब्रह्माले मनुलाई मनुष्यको राजा बन्न आदेश दिए। मनु पृत्वीको प्रथम राजा भए। यी दुवै प्रसङ्गमा राजा ईश्वरको सृजना मानेको स्पष्ट हुन्छ। महाभारत कालमा राजालाई देवांशका साथै ईश्वरको सृजना मानिन्थ्यो। प्रजाले मनुष्य हुन् भन्ने ठानेर पृथ्वी पालक राजाको अवहेलना गर्नुहुँदैन। राजा मनुष्यको रूपमा महान् देवता हुन् भन्ने महाभारतमा उल्लेख गरिएको छ [३] (शान्तिपर्व, स.६८, श्लो.४०)। राजालाई देवता मानिएको छ। राजालाई देवता मान्दा राजाको आदेशलाई देवताको आदेश मानी पालना गराउन र समाजमा शान्तिसुव्यवस्था कायम गर्न सहज हुने हुँदा राजालाई देवांश मानिएको हो। तर स्वेच्छाचारी शासन सञ्चालन गर्ने भने राजा स्वतन्त्र थिएनन्।

सामाजिक सम्झौताको सिद्धान्त (Social Contract Theory)

अराजक अवस्थाबाट पीडित सबै प्रजाले मिलेर एउटा सहमति गरे। उनीहरूको सहमतिपत्रमा निष्ठुर वचन बोल्ने, कडा दण्ड दिने, परस्त्रीगमन गर्ने र अर्काको धन लुट्ने

३ न हि जात्ववमन्तव्यो मनुष्य इति भूमिप:। महती देवता ह्येषा नररूपेण तिष्ठति।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

व्यक्तिलाई समाजमा बहिष्कार गर्ने सामान्य नियम उनीहरूको सम्झौतामा थियो। त्यसपछि समाजमा मानिसको जीवन सुखसाथ बित्न थाल्यो (शान्तिपर्व, अ.६७, श्लो. १८-१९)। यो स्थिति लामो समयसम्म टिक्न सकेन। समाजमा पुन: दुरावस्था फैलियो। त्यपछि सबै प्रजा मिलेर राजाको माग लिएर भगवान् ब्रह्मालाई बिन्ती गर्न पुगेका थिए। ब्रह्माले मनुलाई राजा बन्न आदेश दिए तर मनुले स्वीकार गर्न आनाकानी गरे। त्यसपछि प्रजाहरूले पुन: कोषवृद्धिका लागि पशुधनमा पचासमध्ये एक, सुवर्णको पनि पचास भागमध्ये एक भाग र अन्नको दशभागमध्ये एक भाग करका रूपमा राजालाई दिने वचन मनुलाई दिए। उनीहरूले विवाह योग्य कन्याहरूमध्ये सबैभन्दा सुन्दर कन्या शुल्कका रूपमा राजालाई दिने वचन पनि दिए। साथै उनीहरूले राजाको आदेश पालन गर्ने र शासन सञ्चालन गर्न राजालाई हरेक प्रकारको सहयोग गर्ने वचन पनि दिए (शान्तिपर्व., अ.६७, श्लो.२३-२६)। त्यसपछि मात्र मनुले राजा बन्न स्वीकार गरेका थिए। यसरी राजा ईश्वरीय सिर्जना भए तापनि प्रजा र राजाबीचको सहमतिबाट राजा र राज्यको उदय भएको हो भन्ने महाभारतमा उल्लेख गरिएको छ। सम्झौतामा राज्यशक्ति सञ्चालनका नियम बनाउन आवश्यक मानिएन। त्यसको कारण थियो राज्य सञ्चालनका सम्पूर्ण नियम ईश्वरका सन्देशका रूपना ब्रह्माबाट सृजना भएका थिए। ती नियमको पालना गर्नु राजा र प्रजाको कर्तव्य मानिएको छ।

राज्यको सप्ताङ्ग सिद्धान्त (Seven Elements of State)

सात अङ्गको सङ्गठित रूपलाई राज्य मान्ने राज्यको सप्ताङ्ग सिद्धान्त प्राचीन हिन्दु राजनीतिक चिन्तन प्रचलित थियो। महाभारतमा पनि सात अङ्गको सङ्गठित स्वरूपलाई राज्य हो भन्ने ऊल्लेख गरिएको छ। राजा, अमात्य, पुर, जनपद, कोष, दण्ड र मित्र राज्यका सात अङ्ग हुन्। राज्यका सात अङ्गको पालन पोषण गर्नु राजाको कर्तव्य मानिएको छ[४] (शान्तिपर्व., अ.६९, श्लो. ६४-६५)।

महाभारत कालका राज्य (States in Mahabharat Period)

महाभारत कालमा भारतवर्ष विभिन्न राज्यमा विभाजित थियो। महाभारतको युद्धमा मध्यदेशका पाञ्चाल, मत्स्य, चेदी, कारुष, दशार्ण, काशी, पूर्वी कोशल र पश्चिम मगध, पश्चिमतर्फका भोज, अन्धक, वृष्णि, सात्वत, माधव, आहुक, कुकुर र यादव उत्तरपश्चिमका केकय र अभिसार र दक्षिणका पाण्ड्य,चोल, केरल र काञ्ची राज्यहरू पाण्डव पक्षबाट युद्धमा संलग्न भएका थिए। यसैगरी पूर्वका पूर्वी मगध, विदेह, प्राग्ज्योतिष (आसाम), अङ्ग, बङ्ग, कलिङ्ग, पुण्ड्र, आन्ध्र, मेकल र उत्कल, मध्यदेशका शूरसेन, वत्स र कोशल, पश्चिमका सिन्धु-सौवीर, शाल्व, मालव, क्षुद्रक र अन्धक, पश्चिउत्तरतर्फका

४ राज्ञा सप्तैव रक्ष्याणि तानि चैव निबोध मे। आत्मामात्याश्च कोशाश्च दण्डो मित्राणि चैव हि।
तथा जनपदाश्चैव पुरं च कुरुनन्दन। एतत् सप्तात्मकं राज्यं परिपाल्यं प्रयत्नतः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
पञ्चनद, गान्धार, त्रिगर्त, मद्र, कम्बोज, केकय, वाल्हीक, अम्बष्ठ, शिवि, खश, किराँत, पुलिन्द र हंसपाद, मध्यखण्डका यादव, अवन्ती, महिष्मक, विदर्भ, निषध र कुन्तल एवं दक्षिणतर्फका आन्ध्रक र कुक्कुर राज्यहरू कौरवको पक्षमा युद्ध मैदानमा उपस्थित भएका थिए।

महाभारत कालका यी सम्पूर्ण राज्यहरूमा एकै प्रकारको शासन व्यवस्था थिएन। कुनै जनपदमा राजतन्त्र थियो भने कुनै गणराज्य थिए। गणराज्यमा कुलतन्त्र वा गणतन्त्रात्मक शासन प्रणाली थियो।

राजा (King)

महाभारतमा राजा र राज्यको उदय एकै पटक भएको हो भन्ने मान्यता छ। महाभारतको कथा मूलत: कुरुवंशी राजाहरूको इतिहास हो। हस्तिनापुरमा राजतन्त्र थियो। राजा ज्यादै शक्तिशाली थिए। संसारमा धर्म र सुव्यवस्था छ त्यसको कारण राजा हुन्। राजदण्डको डर भएर नै प्रजाले एक अर्कालाई लुटेर खाँदैनन्[५] (महाभारत, शान्ति., अ.६८, श्लो.८)। तात्कालिक समाजमा वर्णव्यवस्था थियो र राजा क्षत्रिय हुन्थे। समाजमा धर्म स्थापना गर्न राजाको महत्त्व र आवश्यकता अपरिहार्य र निर्विवाद थियो। प्रजारञ्जन अर्थात् प्रजा खुसी पार्नु राजाको मुख्य प्रयोजन मानिन्थ्यो।

प्रजाको रक्षाका लागि राजा शक्तिशाली थिए। तर राजा स्वेच्छाचारी हुन सक्दैनथे। राजधर्मको मर्यादा उलङ्घन गर्ने राजाले दण्ड भोग्नु पर्दथ्यो। राजा पराक्रमी, सत्यवादी, क्षमाशील, इन्द्रियजयी, धर्म, अर्थ, काम र मोक्ष प्राप्त गर्न प्रयत्नशील, दानी, युद्धविद्यामा प्रवीण, ज्ञानी र उदार हुनुपर्छ। शिकार खेल्ने, मद्यपान गर्ने, जुवा खेल्ने, स्त्रीप्रति आसक्ति, वाक्पारुष्य, दण्डपारुष्य र अर्थदूषण जस्ता दुर्व्यसनबाट राजा बच्नुपर्छ भन्ने महाभारतको सन्देश छ। राजाले शास्त्रको अध्ययन गरी ज्ञानी र विनयी हुनुपर्दछ भन्ने मान्यता रहेको छ।

महाभारतमा उत्कर्षको चाहना गर्ने राजामा ३६ प्रकारका गुण आवश्य पर्दछन् भनी वर्णन गरिएको छ। यो प्राचीन कालमा राजाका लागि निर्धारण गरिएको आचारसंहिता हो। १) धर्मपूर्वक आचरण गर्नू तर कटुता आउन दिनुहुँदैन। २) आस्तिक बन्नू तर सबै प्रजाप्रति स्नेह राख्नू। ३) क्रूरताविना अर्थसङ्ग्रह गर्नू। ४) मर्यादा उल्लङ्घन नगरी कामको सुख भोग गर्नू। ५) दीनतारहित प्रिय वचन बोल्नू। ६) शूर-वीर हुनू तर आफ्नो शक्तिको बढाइ-चढाइ गरेर नबोल्नू। ७) दान दिनुपर्छ तर कुपात्रलाई दान दिनुहुँदैन। ८) उत्साही हुनुपर्छ तर निष्ठुरी हुनुहुँदैन। ९) दुष्टसँग मेलमिलाप गर्नुहुँदैन। १०) बन्धुसँग युद्ध गर्नुहुँदैन। ११) जुन व्यक्ति राजभक्त छैन त्यस्तो व्यक्तिलाई गुप्तचरमा नियुक्त गर्नुहुँदैन। १२) कसैलाई पनि अत्यधिक पीडा नदिई कार्य सम्पन्न गर्नुपर्छ। १३) दुष्ट व्यक्तिलाई

---

५ राजमूलो महाप्राज्ञ धर्मो लोकस्य लक्ष्यते। प्रजा राजभयादेव न खादन्ति परस्परम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आफ्नो अभीष्ट कार्यबारे भन्नुहुँदैन । १४) आफ्नो गुणको वर्णन आफै गर्नुहुँदैन । १५) सज्जन र श्रेष्ठ व्यक्तिको धन लिनुहुँदैन । १६) नीच पुरुषको आश्रय लिनुहुँदैन । १७) अपराध प्रमाणित नभएसम्म कसैलाई पनि दण्ड-सजाय दिनुहुँदैन । १८) गुप्त रूपमा परामर्श गरिएको मन्त्रणा प्रकाशमा ल्याउन हुँदैन । १९) लोभीलाई धन दिनुहुँदैन । २०) पहिले कुनै वेलाको शत्रु रहेको व्यक्तिलाई विश्वास गर्नुहुँदैन । २१) ईर्ष्यारहित भएर पत्नीको रक्षा गर्नुपर्छ । २२) राजा शुद्ध रहनुपर्छ र कसैप्रति पनि घृणा गर्नुहुँदैन । २३) स्त्रीमा ज्यादै आसक्त हुनुहुँदैन । २४) शुद्ध र स्वादिष्ट भोजन गर्नू तर अहितकर भोजन नगर्नू । २५) उद्दण्डता त्यागी मान्यजनप्रति विनीत भएर आदर-सत्कार गर्नू । २६) निष्कपट भएर गुरुको सेवा गर्नू । २७) दम्भरहित भएर देवताको पूजा गर्नू ।२८) अनिन्दित उपायको प्रयोग गरी धन-सम्पत्ति जम्मा गर्ने इच्छा गर्नुपर्छ । २९) हठ त्याग गरेर प्रेम गर्नू । ३०) कार्यमा कुशल हुनुपर्छ र अवसरको ज्ञानशून्य हुनुहुँदैन । ३१) केवल टालटुल गर्ने आश्वासन दिने काम नगर्नू । ३२) कसैप्रति कृपा गर्दा आक्षेप नलगाउनू । ३३) राम्ररी थाहा नपाई कसैप्रति आक्रमण गर्नुहुँदैन । ३४) शत्रुलाई मारिसकेपछि शोक गर्नुहुँदैन । ३५) कसैप्रति पनि अकस्मात् क्रोध गर्नुहुँदैन । ३६) सदा मृदु वा नरम हुनुपर्छ तर अपकार गर्ने व्यक्तिप्रति नरम हुनुहुँदैन (शान्तिपर्व, अ.७०, श्लो.१-१४) ।

राजतन्त्र भएको राज्यमा राजाको उत्तराधिकारीको निर्धारणमा आनुवंशिकतालाई प्राथमिकता दिइन्थ्यो । सामान्यत: राजाको ज्येष्ठ पुत्र राज्यको उत्तराधिकारी हुन्थे । राजाको ज्येष्ठ पुत्रमा राजाको लागि चाहिने गुण नभएमा अन्य पुत्रलाई उत्तराधिकारी बनाइन्थ्यो । उत्तराधिकारीलाई जनताको अनुमोदन पनि आवश्यक मानिएको छ । राज्यको उत्तराधिकारी स्वीकृत भएपछि राज्याभिषेक हुन्थ्यो । राज्याभिषेकमा प्रजाद्वारा राजाको अभिषेक हुन्थ्यो । यो प्रजाद्वारा राजाको अनुमोदनको विधान मानिन्छ ।

गणराज्य (Ganarajya)

महाभारत कालिक शासन व्यवस्था मूलत: राजतन्त्रात्मक थियो तापनि त्यस समयमा गणराज्य पनि विद्यमान थिए । गणराज्यमा कुलको शासन हुन्थ्यो । आ-आफ्नो जातिको अभिमान गणराज्यमा विशेष हुन्थ्यो । गणराज्यको शासन सञ्चालन गण-प्रधानले गर्दथे । गणप्रधान निर्वाचित हुन्थे । गणराज्यमा राजाको स्थान हुँदैनथ्यो । वंशपरम्परागत अधिकारी हुँदैनथे । मन्त्रणा गोप्य राख्न नसक्नु गणराज्यको समस्या थियो । गणराज्यमा पदका लागि सङ्घर्ष हुन्थ्यो । मानिसहरू लोभ र क्रोधका कारण एक-अर्काको हानि गर्न उद्यत् हुन्छन् । यी दुई कारणले गण, कुल र राजामा विनाशको आगो प्रज्वलित हुन्छ भन्ने महाभारतमा उल्लेख गरिएको छ । (शान्तिपर्व, अ.१०७, श्लो.१०-११) । जनसङ्ख्या र भूभागका दृष्टिले गणराज्य साना हुन्थे । गणराज्यको सुरक्षाका लागि गणराज्यहरू मिलेर सङ्घ बनाउँथे । यादव, कुकुर,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
भोज, अन्धक र वृष्णि वंशका गणराज्य मिलेर सङ्घ निर्माण गरेका थिए (शान्तिपर्व, अ.८१, श्लो.२८)। गणराज्यको सुरक्षाका लागि सङ्घमा आबद्ध हुनु गणराज्यका नागरिकका लागि महान् आश्रय मानिएको छ (शान्तिपर्व, अ.१०७, श्लो.३२)।

राजाका कर्तव्य (Duties of the King)

राजाका कार्य र कर्तव्यका सम्बन्धमा महाभारतमा प्राचीन हिन्दु राजनीतिक परम्पराको अनुसरण गरिएको छ। मनुस्मृतिमा उल्लेख गरिएका राजाका कर्तव्य र महाभारमा वर्णन गरिएका राजाका कर्तव्य समान छन्। रामायण र महाभारतमा वर्णन गरिएका राजाका कर्तव्य पनि समान छन्।

शान्ति र सुव्यवस्थासम्बन्धी कर्तव्य (Maintaining Law and Order)

समाजमा अराजक अवस्थाको अन्त्य गर्नु राजाको पहिलो कर्तव्य थियो। राज्यभित्र प्रत्येक व्यक्तिलाई आफ्नो कर्तव्य पालना गराउनु राजाको राजधर्म थियो। वर्णाश्रम धर्मको रक्षा गर्नु र शान्ति-सुव्यवस्था कायम गर्नु राजाको कर्तव्य मानिन्थ्यो। समाजमा शान्ति कायम गर्न अपराध गर्ने दुष्टलाई दण्ड दिने र सज्जनको रक्षा गर्ने कार्य राज्यको प्राथमिक कार्य थियो। समाजमा सत्य र धर्मको मर्यादा कायम गर्नु राजाको कर्तव्य थियो। राजाद्वारा रक्षा गरिएको राज्यमा समस्त आभूषणले विभूषित सुन्दरी स्त्रीहरू पुरुषको साथबिना निर्भय भएर बाटोमा आवतजावत गर्न सक्छन् भन्ने महाभारतमा उल्लेख गरिएको छ (शान्तिपर्व, अ.६८, श्लो.३२)। मद्यशाला, द्यूतगृह आदि नियन्त्रण गर्नु पनि राजाको कर्तव्य थियो।

नियुक्तिसम्बन्धी कर्तव्य (Recruitment of Officials of the State)

राजाले शासनसम्बन्धी कार्य एक्लै सञ्चालन गर्न सम्भव थिएन। राज्यको शासन सञ्चालन गर्न मन्त्री, पुरोहित, सेनापति, सेना, दूत, गुप्तचर आदि नियुक्त गर्ने अधिकार राजालाई थियो। राज्यको प्रशासन असल बनाउने काम राज्यका अधिकारीहरूको दक्षता, इमानदारिता, निष्ठा र राष्ट्रभक्तिको भावनामा निर्भर हुन्छ भन्ने महाभारतमा उल्लख गरिएको छ। राजाले सहयोगी नियुक्ति गर्ने शक्तिको प्रयोग गर्दा शास्त्रको मर्यादा उल्लङ्घन नगरी गर्नुपर्छ। राजादेखि राज्यका सम्पूर्ण पदाधिकारीका लागि योग्यता निर्धारित गरिएका छन्। योग्य व्यक्तिलाई उचित पदमा नियुक्ति गर्नु राजाको कर्तव्य मानिएको छ। अधिकारीहरूसँगको सम्बन्धमा मध्यमार्ग अपानाउन राजालाई सल्लाह दिइएको छ।

प्रजारञ्जन (Ensure Happiness of the People)

प्रजारञ्जन संस्कृत शब्दको अर्थ प्रजालाई खुसी पार्नु हो। महाभारत कालमा प्रजाको सुखका लागि काम गर्नु राजाको कर्तव्य मानिन्थ्यो। प्रजाको खुसीका लागि सर्वप्रथम राज्यमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

समृद्धि आवश्यक पर्दथ्यो । कृषि, पशुपालन र उद्योग व्यापारको विकास गरेर मात्र राज्यमा समृद्धि आउँछ भन्ने तात्कालिक मान्यता थियो । राज्य समृद्ध भएर मात्र सामाजिक आर्थिक न्यायबिना सबै प्रजा खुसी हुन सक्दैनन् भन्ने महाभारतको अर्थराजनीतिक विचार छ । त्यसैले सर्वप्रथम राजाले राज्यको समृद्धिका लागि काम गर्नुपर्छ । समाजमा विभेदपूर्ण आर्थिक वितरण भयो भने समानता कायम हुँदैन । सबै सुखी हुन समाजमा सामाजिक र आर्थिक समानता आवश्यक हुन्छ भन्ने विषयमा महाभारतकार सचेत छन् । राजाले राज्यकोषको पुन: वितरणका माध्यमबाट सबैलाई खाद्य सुरक्षाको प्रबन्ध गर्नुपर्थ्यो । राज्यमा शोषण नियन्त्रण गर्नु राजाको कर्तव्य थियो । गरिब र कमजोरलाई विशेष सहायता प्रदान गर्नु राजाको कर्तव्य थियो । यसरी महाभारतमा आर्थिक समृद्धि र प्रजाको कल्याणका कार्यमा समर्पित हुनु राजाको कर्तव्य मानिएको छ । न्यायपूर्ण दण्ड (Judicious Use of Danda)

राजा विवादको निर्णय गर्ने न्याय विभागका प्रमुख थिए । दुष्टलाई दण्ड दिने शक्ति राजानिहित थियो । अपराध प्रमाणित भएपछि दण्डनीय देखिएको व्यक्तिलाई दण्ड दिनुपर्छ भन्ने मान्यता रहेको छ । विद्वान् व्यक्तिको सहयोग लिएर राजाले न्याय सम्पादन गर्दथे । सत्य (Righteousness) न्याय मानिन्थ्यो । सत्यको मार्गबाट विचलित नहुनु राजाको कर्तव्य थियो । दण्ड शास्त्रले निर्धारण गरेअनुसार दिनु पर्दथ्यो । माता, पिता, भाइ, पत्नी, पुरोहितसमेलाई दण्ड दिनुपर्थ्यो । न्याय भेदभावरहित र निष्पक्ष हुनुपर्दथ्यो । जातिधर्म, कुलधर्म, देशधर्मलाई पनि विचार गरेर न्याय सम्पादन गर्नुपर्छ भन्ने मान्यता थियो । यो समाजमा विविधता स्वीकार गर्ने प्रणाली हो ।

वर्णको आधारमा दण्डमा भेदभाव हुन्थ्यो । ब्रह्महत्या, गुरुपत्नीगमन, भ्रूणहत्या, राजद्रोह जस्ता अपराधमा संलग्न ब्राह्मणलाई मृत्युदण्ड नदिई देश निकाला गर्नुपर्छ (शान्तिपर्व, अ.३१, श्लो.३१-३३) । अन्य वर्णका व्यक्तिका लागि मृत्युदण्डको विधान गरिएको छ । राजाको हत्या गर्न चाहने, गाउँ र घरमा आगो लगाउने, चोर र व्यभिचारीलाई मृत्यदण्ड दिनुपर्छ भन्ने महाभारतमा उल्लेख गरिएको छ (महाभारत, शान्ति., अ.८५, श्लो.२२)।

करग्रहण (Policy of Taxation)

कोष राज्यको अङ्ग मानिन्थ्यो । करग्रहण गरेर नै राज्यकोषमा धन जम्मा हुन्छ । शास्त्रले तोकेको मर्यादाअनुसार कर सङ्कलन गर्नु राजाको कर्तव्य थियो । राजाले जनतालाई पीडा नदिई कर सङ्कलन गर्नुपर्दथ्यो । महाभारका अनुसार राजाले प्रजाबाट शास्त्रानुसार करग्रहण गरेर नीतिअनुसार राज्यको पालन गर्दै प्रजाको योग र क्षमको व्यवस्था मिलाउनुपर्दछ (शान्तिपर्व, अ.७०, श्लो.११) । समृद्धि प्रजाको योग हो भने त्यसको रक्षा क्षम हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यज्ञ र दान (Sacrifices and Charity)

वैदिक यज्ञ गर्नु र दान दिनु पनि राजाको कर्तव्य थियो । यज्ञ एकातर्फ समाजमा आध्यात्मिक प्रभाव बढाउन सहायक मानिन्थ्यो । अध्यात्म समाजमा मानिसमा धार्मिक र नैतिक कर्तव्यप्रति सचेतना जागृत गराउन आवश्यक थियो । दान समृद्धिको वितरणको नीति थियो । राजाले उपयुक्त पात्रमा दान दिने गर्दथे । राजाले राज्यमा कोही गरिब र माग्ने नहोऊन् भन्ने चाहान्थे । दया र दानका माध्यमबाट गरिब र असहायलाई सहयोग गर्नु राजाको कर्तव्य थियो ।

प्रतिरक्षा (Security)

बाह्य आक्रमणबाट राज्यको प्रतिरक्षा गर्नु राजाको कर्तव्य थियो । राजाले राज्यको सुरक्षाका लागि बलियो सेना व्यवस्था गर्नुपर्दथ्यो । दण्डलाई राज्यको अङ्ग मानिन्थ्यो । क्षत्रिय वर्णका सबै व्यक्ति सैनिक हुन्थे । राज्यमा सेनाको कमी भयो भने अन्य वर्णका व्यक्ति पनि सैनिक हुन सक्छन् भन्ने महाभारतको मत छ । राजाका लागि षड्गुण सिद्धान्त, राज्यमण्डल, चार उपाय आदिको सैद्धान्तिक र व्यावहारिक ज्ञान आवश्यक मानिन्थ्यो । युद्धको लागि राजा सदा तयार हुनुपर्दथ्यो । आफ्नो शक्ति सबल र शत्रु कमजोर भएको अवसरमा युद्ध गर्न राजालाई सल्लाह दिइएको छ । शास्त्रको मर्यादा पालन गरी युद्ध लड्नु राजाको कर्तव्य थियो । आफ्नो शक्ति कमजोर भएको अवस्थामा सन्धि गर्नुपर्छ । राज्यविस्तारका लागि गरिने युद्ध लाई औचित्यपूर्ण मानिएको छैन । यद्यपि साम्रज्य निर्माण गर्ने इच्छा भने राजामा हुन्थ्यो ।

राज्यका अधिकारीको नियुक्ति (Recruitment of Officials)

राज्यको प्रशासन सञ्चालन गर्ने कार्य एक्लै सम्भव थिएन । मन्त्री लगायत विभिन्न अधिकारीहरूको नियुक्ति राजाले गर्दथे । नियुक्तिको आधार योग्यता थियो ।

अमात्य (Council of Ministers)

अमात्य राजालाई शासन गर्ने कार्यमा सहायता एवं परामर्श दिने अधिकारी हुन् । महाभारका अनुसार राजाले वेदविद्याका विद्वान्, चिकित्साका ज्ञाता, शुद्ध र स्नातक चार जना ब्राह्मण, बलवान् र शस्त्रधारी आठ क्षत्रिय, धनधान्यले सम्पन्न एक्काइस वैश्य र पवित्र आचारविचारवान् र विनयशील तीन शूद्र र पुराण विद्याका ज्ञाता एक सूत जातिका व्यक्तिलाई मन्त्रिमण्डलमा समावेश गर्नुपर्छ । उमेरमा पचास वर्ष काटेको, निन्दा नगर्ने, विद्वान् , विनयशील, समदर्शी र दुर्व्यसनरहित सूतलाई मन्त्रिमण्डलमा नियुक्त गर्नुपर्छ (शान्तिपर्व, अ.८५, श्लो.७-११) । सुन्दर रूप-रङ्ग र मधुर वचन भएको, सहनशील, निन्दा नगर्ने, कुलीन र शीलवान् व्यक्तिलाई मुख्य सचिवमा नियुक्त गर्नुपर्छ (शान्तिपर्व,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अ.७९, श्लो.२१)। कुलीन, शीलसम्पन्न, सहनशील, आत्मप्रशंसा नगर्ने, शूरवीर, श्रेष्ठ, विद्वान् तथा कर्तव्य र अकर्तव्य छुट्याउन कुशल व्यक्तिलाई मन्त्रीपदमा नियुक्त गर्नुपर्छ भन्ने महाभारतमा उल्लेख गरिएको छ (शान्तिपर्व, अ.७९, श्लो.२८-२९)।

राजाले आफ्नो कल्याणका लागि योग्य व्यक्तिलाई पुरोहितमा नियुक्त गर्नुपर्छ। पुरोहितको परामर्श लिनुपर्छ। तिनको सुरक्षाको प्रबन्ध मिलाउनुपर्छ साथै आदर सत्कार पनि गर्नुपर्छ (शान्तिपर्व, अ.७१, श्लो.४)। कुलीन, आफ्नै राज्यमा जन्मेको, बुद्धिमान्, रूपवान्, बहुश्रुत वा धेरै शास्त्रको ज्ञान भएको, निर्भय र अनुरक्त व्यक्ति सेनापति पदमा नियुक्त गर्नुपर्छ (शान्तिपर्व, अ.७९, श्लो.६)। अत्यन्त शूरवीर, विद्वान् ब्राह्मण, पूर्णतया सन्तुष्ट रहने, सम्पूर्ण कार्यमा उत्साही व्यक्तिलाई सहयोगी बनाउनुपर्छ (शान्तिपर्व, अ.७९, श्लो.३-४)। यसैगरी कुल, स्वभाव र देशधर्मका ज्ञाता, मृदुभाषी, युवावस्थामा निष्कलङ्क भएको, हितको रक्षा गर्न तत्पर, हडबड गर्ने स्वभाव नभएको, लोभरहित, शिक्षित, जितेन्द्रिय, धर्मनिष्ठ र धर्म र अर्थको रक्षा गर्न सक्षम व्यक्तिलाई राजाले समस्त कार्यमा नियुक्त गर्नुपर्छ (शान्तिपर्व, अ१२०, श्लो.२७-२८)।

मन्त्रणा (Counseling)

राजले गर्ने नीतिगत निर्णय मन्त्रणा हो। महाभारतका अनुसार राजाले सर्वप्रथम तीन मन्त्रीसँग अलग-अलग मन्त्रणाबारे विचार गर्नुपर्छ। त्यपछि राजपुरोहितसँग सल्लाह लिनुपर्छ अनि मात्र निर्णय कार्यरूपमा परिणत गर्नुपर्छ। मन्त्रणा गोप्य राख्न सक्नुपर्छ (शान्तिपर्व, अ.८३, श्लो.५३-५७)।

पुरोहित (Priest)

राजालाई सत्कर्ममा प्रेरित गर्न सक्ने, असत्कर्म गर्न रोक्न सक्ने, कुलीन, उत्तम बुद्धियुक्त, विनम्र, वेदज्ञ, धर्मात्मा, मन्त्रविद्, राजालाई कर्तव्य र अकर्तव्यको बोध गराउन सक्षम, शकुनको ज्ञान भएको, उत्पातको रहस्य जान्ने, शत्रु-विनाशको उपायको ज्ञान गराउन सक्ने,राजासँग सौहार्द सम्बन्ध राख्न सक्ने, योग-क्षमको विचार गर्न सक्ने र प्रजापालनमा राजालाई सहयोग गर्ने व्यक्ति राजपुरोहित पदमा नियुक्त गर्न योग्य हुन्छ।

सेनापति (Chief of Army Staff)

सेनापतिको नियुक्ति गर्ने पनि राजालाई अधिकार छ। सेनाको सङ्गठनको महाभारतमा विस्तृत वर्णन छ। राज्यका सात अङ्गमध्ये एउटा अङ्ग दण्ड वा सेना हो। सेनाविना राज्य निर्माण हुन सक्दैन भन्ने मान्यता रहेको छ। रथारोही, गजारोही, अश्वारोही, पदाति, नौकारोही, विष्टि, चर र उपदेशक सेनाका आठ अङ्ग हुन्थे। उत्तम कुल र स्वदेशमा जन्मेको, बुद्धिमान्, रूपवान्, बहुश्रुत वा शास्त्र पढेको ज्ञानी, भयरहित र राजाप्रति सदा अनुरक्त व्यक्तिलाई राजाले सेनापति पदमा नियुक्ति गर्नुपर्छ (शान्तिपर्व, अ.८३, श्लो.६)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गुप्तचर (Spy)

गुप्तचर राजाका कर्मचारी हुन्थे। महाभारतका अनुसार राजाले राम्रोसँग परीक्षण गरेर, बुद्धिमान् भएर पनि जड, अन्धा र बहिरो जस्तो देखिने, भोक , प्यास र परिश्रम सहन सक्ने शक्ति भएका व्यक्तिलाई गुप्तचरमा नियुक्त गर्नुपर्छ (शान्तिपर्व,अ.६९, श्लो.८)। गुप्तचरका दुई प्रकारका भूमिका उल्लेख गरिएको छ। एकथरी गुप्तचरले राज्यको आन्तरिक मामिलासम्बन्धी गतिविधिको सूचना राजासम्म पुराउने गर्दथे। जनताका विचार राजासम्म पुराउने माध्यम गुप्तचर थिए। अर्काथरी गुप्तचरले बाह्य राज्यका गतिविधिको सूचना राजालाई दिने काम गर्दथे।

दूत (Doot)

दूत प्राचीन राज्य व्यवस्थामा महत्त्वपूर्ण पद मानिन्थ्यो। बाह्य राज्यसँग सूचना आदानप्रदान गर्न दूतको नियुक्ति गरिन्थ्यो। कुलीन, स्पष्ट वक्ता, प्रियवक्ता, दक्ष, सत्यवादी र स्मृतिशील व्यक्तिलाई दूत पदमा नियुक्ति गर्नुपर्छ भनी महाभारतमा दूतका योग्यता निर्धारण गरिएको छ[६] (शान्तिपर्व, अ.८५ श्लो.२८)। दूत अवध्य मानिन्थे। दूतको हत्यागर्ने व्यक्ति पापी मानिन्थ्यो (शान्तिपर्व, अ.८५, श्लो.२७)।

न्याय सम्पादन (Administration of Justice)

राजाको प्रमुख कार्यमध्ये एउटा महत्त्वपूर्ण कार्य न्याय सम्पादन थियो। राजा न्याय पालिकाका प्रमुख हुन्थे। राजाले आफ्ना प्रजाप्रति आफ्ना छोरा-नाति जस्तो स्नेह गर्नुपर्छ भन्ने विषयमा कुनै संशय छैन। तर न्याय सम्पादन गर्दा स्नेहवश पक्षपात गर्नुहुँदैन (शान्तिपर्व, अ.६९, श्लो.२७)। न्यायसम्पादन गर्दा राजाले वादी प्रतिवादीका भनाइ सुन्न सबै शास्त्रको अर्थ जान्ने विद्वान् पुरुषहरू आफ्नो साथमा राख्नुपर्छ। न्याय विशुद्ध भए मात्र राज्य प्रतिष्ठित हुन्छ (शान्तिपर्व, अ.६९, श्लो.२८)। शास्त्रको मर्यादाभित्र रही निष्पक्ष न्याय दिनु राजाको कर्तव्य मानिएको छ। न्याय सम्पादन गर्ने राजाको प्रशंसा हुन्छ[७] (शान्तिपर्व, अ.६९, श्लो.३०)। न्यायसम्पादनमा राजालाई सहयोग गर्ने संस्था सभा हो। लज्जाशील, जितेन्द्रिय, सत्यवादी, सरल र प्रिय वचन बोल्ने व्यक्ति सभासद् पदमा नियुक्ति गर्न योग्य मानिएको छ (शान्तिपर्व, अ.८३, श्लो.२)।

करनीति (Taxation)

सुन, चाँदी आदिका खानी, नुन, अन्न, नदी तराउने डुँगा र हात्ती आदि पशुपालन क्षेत्र करका क्षेत्र हुन्। ती स्थानको निरीक्षण गर्न राजाले योग्य व्यक्तिलाई नियुक्त गर्नुपर्छ भन्ने

६ कुलीनः शीलसम्पन्नो वाग्मी दक्षः प्रियंवदः। यथोक्तवादी स्मृतिमान् दूतः स्यात् सप्तभिर्गुणैः।

७ नृपस्य सततं दण्डः सम्यक् धर्मः प्रशस्यते।

CC-0.In Public Domain. Digitization by eGangotri

महाभारतमा उल्लेख गरिएको छ (शान्तिपर्व, अ.६९, श्लो.२९)। अन्नको छैटौं भाग बलि कर उठाने र त्यो जनताको रक्षाका लागि खर्च गर्नुपर्छ भन्ने महाभारतको मत छ (शान्तिपर्व, अ.६९, श्लो.२५)। करनीतिका सम्बन्धमा महाभारतमा जसरी बुद्धिमान् मनुष्यले गाईको रक्षा गर्दै दुध दुहुन्छ त्यसैगरी राजाले पृथ्वी पालन गर्दै धन लिनुपर्छ। जसरी मौरीले नानाप्रकारका फूलबाट रस जम्मा गरेर मह तयार गर्छ त्यसरी नै राजाले समस्त प्रजाबाट थोरै-थोरै धन लिएर बलियो कोष बनाउनुपर्छ[८] (शान्तिपर्व, अ.१२०, श्लो.३३-३४)।

स्थानीय प्रशासन (Local Administration)

महाभारत कालमा स्थानीय शासनको विकास भएको थियो। प्रत्येक गाउँ, दस गाउँ, बीस गाउँ, सय गाउँ र हजार गाउँमा एक-एक अधिपति नियुक्त गर्नुपर्छ[९] (शान्तिपर्व, अ.८७, श्लो.३)। नगरमा सर्वार्थचिन्तक नियुक्त गर्ने व्यवस्था महाभारतमा ऊल्लैख छ (शान्तिपर्व, अ.८७, श्लो.१०)। ग्रामाधिपतिले गाउँको प्रशासनसम्बन्धी सबै कार्य गर्दथे र सूचना माथिल्लो अधिपतिलाई दिन्थे। सर्वार्थचिन्तकले नगरको प्रसासनसम्बन्धी सबै कार्य गर्दथे।

अन्तरराष्ट्रिय सम्बन्ध (Interstate Relations)

महाभारत कालमा अन्तरराज्य सम्बन्ध विकसित अवस्थामा थियो। राज्यहरूबीच दूत आदानप्रदान गरिन्थ्यो। सूचना आदानप्रदान गर्ने माध्यम दूत हुन्थे। गोप्य रूपमा सूचना थाहा पाउन गुप्तचर नियुक्त हुन्थे। षड्गुण सिद्धान्त , चार उपाय, राज्यमण्डल र युद्धसम्बन्धी नियम निर्धारित थिए। शत्रु, बालक, जवान अथवा वृद्ध किन नहोस् राजा शत्रुसँग सदा सावधान रहनुपर्छ भन्ने महाभारतमा उल्लेख गरिएको छ (शान्तिपर्व, अ१२०, श्लो.३९)।

षड्गुण सिद्धान्त (Six Principles of Foreign Policy)

अन्तरराज्य सम्बन्धका छ प्रकारका सिद्धान्त छन्। सन्धि, विग्रह, यान, आसन, द्वैदीभाव र संश्रय अन्तरराज्य सम्बन्धका छ सिद्धान्त हुन्। यिनलाई षड्गुण सिद्धान्त भनिन्छ। सन्धिको अर्थ शत्रुसँग सहमति गरी शान्तिपूर्वक बस्नु हो। शत्रुमाथि आक्रमण गर्नु विग्रह हो। शक्तिसञ्चयका लागि सैनिकलाई स्थिर राख्नु आसन हो। शत्रुलाई डराउन दिन आक्रमणको प्रदर्शन मात्र गर्नु यान हो। शत्रुहरूबीच भेद सिर्जना गर्नु द्वैदीभाव नीति हो। जित्न नसकिने शक्तिशाली राजाको आश्रय लिनु संश्रय नीति हो (शान्तिपर्व,६९ अ., श्लो.६७-६८)। महाभारतमा षड्गुणको निकै चर्चा गरिएको छ। राज्यको सुरक्षाका लागि दुर्ग निर्माणमा पनि जोड दिइएको छ। महाभारतमा राजालाई आफूभन्दा शक्तिशालीसँग

---

८ यथा क्रमेण पुष्पेभ्यश्चिनोति मधु षट्पदः। तथा द्रव्यमुपादाय राजा कुर्वीत सञ्चयम्।

९ ग्रामस्याधिपतिः कार्यो दशग्राम्यास्तथा परः। द्विगुणायाः शतस्यैवं सहस्रस्य च कारयेत्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सन्धि गर्ने सल्लाह दिइएको छ। समान शक्ति भएका राज्यसँग युद्ध गर्नुपर्छ भन्ने मान्यता छ। यस्तै आफूभन्दा कम शक्ति भएको राज्यमाथि आक्रमण गर्नुपर्छ र आफ्नो शक्ति कम भएमा आसन गुणको प्रयोग गरी शक्ति सञ्चय गर्नुपर्छ। शक्तिशाली राज्यका विरुद्ध भेदनीतिको प्रयोग गरी कमजोर पार्ने प्रयास गर्नुपर्छ। शक्तिशाली राज्यको आश्रय लिन पनि राजालाई सल्लाह दिइएको छ।

महाभारतमा राज्यमण्डलको पनि चर्चा छ। साम्राज्य निर्माण गर्ने इच्छा गर्ने राज्यलाई विजिगीषु भनिन्थ्यो। केही राज्य विजिगीषुका मित्र हुन्थे भने केही शत्रु हुन्थे। मध्यम र उदासीन पनि राज्य हुन्थे।

उपायचतुष्टय (Four Strategies)

प्राचीन राजनीतिक चिन्तनमा चार उपायको निकै चर्चा छ। महाभारतमा पनि चार उपायको चर्चा गरिएको छ। साम, दान, भेद र दण्ड चार उपाय हुन्। राजाले आन्तरिक प्रशासन एवं अन्तरराज्य सम्बन्ध कायम गर्दासमेत यी उपायको प्रयोग गर्नुपर्छ। साम, दान र भेद उपायको प्रयोगबाट शत्रुलाई वशमा राख्नुपर्छ। देशवासीसँग साम र दान उपाय प्रयोग गर्नुपर्छ। शत्रुलाई भेद र दण्डउपायको प्रयोग गरेर नियन्त्रण गर्नुपर्छ (शान्तिपर्व, अ.१०३, श्लो.२८)। साम, दान र भेद उपाय असफल भएपछि मात्र शत्रुलाई नियन्त्रण गर्न दण्ड उपायको प्रयोग गर्नुपर्छ। दण्ड भन्नाले सेनाको प्रयोग वा युद्ध हो। आवश्यक परेमा चारवटै उपायको प्रयोग गर्नुपर्छ भन्ने महाभारतमा उल्लेख गरिएको छ।

युद्धाचार (Laws of Warfare)

महाभारत मूलतः कौरव र पाण्डवबीचको युद्धको वर्णनमा आधारित काव्यग्रन्थ हो। अतः यसमा युद्धसम्बन्धी विस्तृत विवरण हुनु स्वाभाविक हो। युद्धद्वारा विजय प्राप्त गर्ने चाहना राजामा हुन्थ्यो। सनातन धर्ममा युद्ध गर्नु क्षत्रियको धर्म मानिएको छ। वीर क्षत्रियको मृत्यु रोगी भएर होइन, शस्त्रद्वारा घाइते भएर रणभूमिमा हुनु उत्तम मानिएको छ।

महाभारतमा युद्धका नैतिक नियममा ज्यादै महत्त्व दिइएको छ। शान्तिपूर्ण उपायद्वारा आफ्नो उद्देश्य पूरा गर्ने प्रयास गर्नु राजधर्म मानिएको छ। साम, दान र भेद उपाय असफल भएपछि मात्र दण्डनीति अर्थात् युद्ध गर्नुपर्छ भन्ने महाभारतको प्रसिद्ध सिद्धान्त छ (शान्तिपर्व, अ.९४, श्लो.१)। शान्तिपूर्ण उपाय असफल भएपछि मात्र दण्डको प्रयोग गर्ने प्राचीन प्रथा थियो। कौरव र पाण्डवबीच युद्ध प्रारम्भ हुनु पूर्व भगवान् कृष्ण स्वयं पाण्डवको दूत बनेर युद्धविना समस्या समाधानको प्रयास गरेका थिए।

युद्धका लागि उचित कारण हुनुपर्दथ्यो। प्रजाको रक्षा र शरणागत व्यक्तिको रक्षाका लागि युद्ध विधिसम्मत मानिन्थ्यो। युद्धमा हजारौं प्राणीको हत्या हुने हुँदा उचित कारणविना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

केवल शत्रुको दमनका लागि गरिने युद्धलाई निरुत्साहित गरिएको छ। राज्यको विस्तारका लागि गरिने युद्धको पनि महाभारतमा निन्दा गरिएको छ। उचित कारण भएमा धर्मयुद्ध गर्नुपर्छ। धर्मयुद्धलाई प्रकाश युद्ध भनिन्छ। अप्रकाश युद्ध अधर्मिक युद्ध हो। युद्धका शास्त्रीय मर्यादा र प्रथाको पालना गरी गरिने युद्धलाई धर्मयुद्ध भनिन्छ। युद्धका नैतिक नियमलाई निकै महत्त्व दिइएको छ। युद्ध घोषणा गरेर प्रारम्भ गर्नुपर्दछ। सूर्योदयदेखि सूर्यास्तसम्म दिनमा मात्र युद्ध गर्नुपर्छ। रातको समयमा युद्ध गर्नुहुँदैन भन्ने युद्धको नियम महाभारतमा उल्लेख छ। समान बल र साधन भएका योद्धाबीच युद्ध गर्नुपर्दछ र धोखा दिएर हत्या गर्नुहुँदैन भन्ने नियम रहेको छ। युद्धमा संलग्न नभएको, हतियार त्याग गरेको, शरणमा आएको, घाइते, स्त्री, बालक, वृद्ध, ब्राह्मण आदिमाथि हतियार उठाउनु र आक्रमण गर्नु अधर्म मानिएको छ।

लोककल्याणकारी राजतन्त्र (Benevolent Monarchy)

महाभारत कालमा मूलत: राजतन्त्रत्मक शासन व्यवस्था थियो। प्राचीन हिन्दु राजनीतिशास्त्रका प्रणेताहरूले राज्यको शासक शक्तिशाली होस् भन्ने चाहन्थे। राजालाई देवांश मान्ने गरिन्थ्यो। राजाको आज्ञा सबैले पालना गरुन् भन्ने उद्देश्यले राजालाई देवांश मानिएको हो। प्राचीन हिन्दु राजनीतिक विचारमा कही पनि राजाको निरङ्कुश शक्तिको समर्थन गरिएको छैन। राजा जनताको हितका लागि काम गर्न मात्र शक्तिशाली हुन्थे तर स्वेच्छाचारी शासन सञ्चालन गर्न राजा स्वतन्त्र थिएनन्। प्राचीन हिन्दु चिन्तनमा राजाको अधिकार होइन कर्तव्यमा विशेष जोड दिइएको छ। महाभातर कालमा आधुनिक युगको जस्तो शासकमाथि संवैधानिक नियन्त्रणको अस्तित्व थिएन तापनि राजाको स्वेच्छाचारितामाथि सफलतापूर्वक नियन्त्रण गरिएको थियो। राजाको शक्ति नियन्त्रित गर्न महाभारत कालमा अपनाइएका उपायहरू निम्नानुसार रहेका छन् :

शास्त्रानुसार शासन (Rule in accordance With Nitishastra)

शास्त्रनुसार शासन सञ्चान गर्नु राजाको कर्तव्य थियो। राजधर्म वा दण्डनीतिका सिद्धान्त राजाका लागि मार्गदर्शक सिद्धान्त थिए। राजधर्मका नियमको पालना गर्नु राजाको कर्तव्य थियो। राजधर्ममा तोकिएका नियम राजाका लागि संविधान र कानुनजस्तै थिए। राजालाई ती नियम संशोधन गर्ने अधिकार हुँदैनथ्यो। शास्त्रको मर्यादाविपरीत कानुन निर्माण गर्ने अधिकार राजालाई थिएन। दण्डनीतिका नियममा राजाको निरङ्कुशता र स्वेच्छाचारिताको समर्थन गरिएको छैन। यसबाट राजतन्त्रको वास्तविक स्वरूप नियन्त्रित रहेको स्पष्ट हुन्छ। राजालाई नीतिका अधीनमा राखिएको छ।

अमात्यको परामर्श (Counseling of Ministers)

महाभारतमा मन्त्री र पुरोहितलाई अमात्यभित्र राखिएको छ। मन्त्री र आवश्यक अन्य पदाधिकारीको नियुक्ति गर्ने अधिकार राजालाई दिइएको छ। तर नियुक्ति गर्दा योग्यता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
परीक्षण गरेर योग्य व्यक्तिलाई नियुक्त गर्नुपर्ने व्यवस्था छ। राज्यको शासनमा अमात्यको विशेष नियन्त्रण हुन्थ्यो। मन्त्री र पुरोहितको परामर्शअनुसार राजाले शासन सञ्चान गर्नुपर्दथ्यो। मन्त्रीको परामर्श उल्लङ्घन गर्नु राज्यको हितविरीत हुन्छ भन्ने मान्यता महाभारतमा रहेको छ। महाभारतमा राजाको शक्तिमाथि मन्त्रीको नियन्त्रण हुने व्यवस्था मिलाइएको छ।

धार्मिक प्रवृति (Influence of Dharma)

महाभारत कालमा समाजमा धार्मिक प्रवृत्ति थियो। राजनीतिलाई राजधर्म भनिन्थ्यो। सनातन धर्ममा राजाको कर्तव्य निर्धारण गरेको छ त्यसलाई राजधर्म भनिन्छ। समाजमा धार्मिक मर्यादा कायम गर्नु राजाको प्रमुख कर्तव्य मानिएको छ। राजाले राजधर्मका मर्यादा उलङ्घन गर्नु नीति विपरीत मानिन्थ्यो। राजधर्मले नै राजनीतिक नैतिकता निर्धारण गरेको थियो। राजाले सदाचार पालन गर्नुपर्थ्यो। राजा राजर्षि थिए। प्रजाको कल्याण र सुखका लागि राजाले हरेक प्रयास गर्नुपर्दथ्यो। बाह्य आक्रमणबाट राज्य सुरक्षा गर्न आफ्नै नेतृत्वमा युद्धमा संलग्न हुनु राजाको कर्तव्य थियो। हरेक राजाको धार्मिक राजाका रूपमा विख्यात हुने चाहना हुन्थ्यो। राजधर्मको पालना नगरेमा राजालाई एकातिर राज्य नष्ट हुने भय हुन्थ्यो भने अर्कातिर मृत्यपछि पनि नरकमा यातन पाउने भय हुन्थ्यो। समाजमा नैतिकता, आध्यात्मिकता र नरकको भय व्यापक थियो। त्यसैले धार्मिक राजाले राजधर्मको उलङ्घन गर्न सक्दैनथे। धार्मिक मर्यादाको स्थापना गर्नु राजाको कर्तव्य थियो। महाभारतमा राजालाई धर्म र नैतिकताको बन्धनमा बाँधिएका छ। निर्मम तरिकाले शक्तिको प्रयोग गर्न राजालाई निषेध गरिएको छ। धर्म र नैतिकताद्वारा राजाको शक्ति नियन्त्रित छ।

करग्रहण (Taxation)

राजालाई कर उठाउने अधिकार हुन्थ्यो। राजाले शास्त्रले निर्धारण गरेको मर्यादाअनुसार मात्र कर उठाउन पाउँथे। करसङ्कलन गर्दा प्रजालाई पीडा दिन नहुने नियम छ। राजाको कर उठाउने शक्ति पनि नीतिद्वारा नियन्त्रित छ।

न्याय र दण्ड (Judicious Punishment)

राजा न्यायपालिकाका पनि प्रमुख हुन्थे। दुष्टलाई दण्ड दिनु राजाको कर्तव्य मानिएको छ। राजाले अपराधीलाई धर्मशास्त्रमा निर्धारित दण्ड सजाय मात्र दिनुपर्दथ्यो। अपराध प्रमाणित भएपछि मात्र दण्ड दिनुपर्दथ्यो। स्वेच्छाले कुनै पनि व्यक्तिलाई दण्ड दिने अधिकार राजालाई थिएन। यसरी महाभारतमा न्यायपालिका सम्बन्धी राजाको शक्ति पनि नियन्त्रित गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ब्राह्मणको भूमिका (Respect of Learned Brahman)

महाभारत कालीन समाजमा वैदिक सनातन धर्मको वर्णव्यवस्थाको प्रचलन थियो। क्षत्रिय वर्णका व्यक्ति राजा हुन्थे। समाजमा सम्मानका दृष्टिले राजाभन्दा ब्राह्मणको स्थान उच्च मानिन्थ्यो। विद्वान् ब्राह्मणप्रति उचित आदर-सम्मान गर्नु राजाको कर्तव्य थियो। राजाले ब्राह्मणको अवहेलना गर्न सक्दैनथे। ब्राह्मणले आफ्नो तप, ब्रह्मचर्य, शास्त्रबल, निष्कपट व्यवहार एवं भेदनीतिको प्रयोग गरेर राजालाई नियन्त्रण गर्ने प्रयत्न गर्नुपर्छ भन्ने महाभारतको मत छ। प्रजाप्रति अत्याचार गर्ने राजालाई ब्राह्मणले नियन्त्रण गर्न सक्छन् भन्ने महाभारतमा उल्लेख छ (शान्तिपर्व, अ.७९, श्लो.२०-२३)। ब्राह्मण मन्त्री र पुरोहितमा नियुक्ति गर्नुपर्ने विधान छ। राजाले तिनीहरूको परामर्शको अनुसरण गर्नुपर्ने नीति छ। यसरी राजा ब्राह्मणद्वारा नियन्त्रित हुने व्यवस्था महाभारतमा मिलाइएको छ।

प्रजारञ्जन (Pleasing People)

राज्यमा समृद्धि ल्याउनु राजाको कर्तव्य मानिएको छ। प्रजाको हित नै राजाको हित र प्रजाको सुखमा नै राजाको सुख हो भन्ने मान्यता रहेको छ। महाभारतका अनुसार दीन-दुखीलाई विशेष सहयोग गर्नु राजाको कर्तव्य हो। समाजमा भेदभावको अन्त्य गर्नु र सबै जीविकाको प्रबन्ध मिलाउनु राजाको कर्तव्य हो। रोग, भोक र भयको अन्त्य गरी प्रजाको खुसीका लागि राजा समर्पित हुनुपर्छ भन्ने महाभारतको मान्यता रहेको छ।

जनमत र जनविद्रोह (Respect of Public Opinion and Right to Rebel)

जनमत राजाको अत्याचारी प्रवृत्तिमाथि नियन्त्रण गर्ने साधन थियो। राज्यमा विचार र अभिव्यक्तिको स्वतन्त्रता हुन्थ्यो। प्रजा राजाको आलोचना गर्न स्वतन्त्र थिए। प्रजाको आलोचना सुन्नु राजाको कर्तव्य थियो। जनमतको कदर गर्नु पनि राजाको कर्तव्य थियो।

राजाको उत्तराधिकारी छनोटमा पनि प्रजाको भूमिका हुन्थ्यो। राज्याभिषेकमा पनि प्रजाबाट राजा अनुमोदित हुनुपर्दथ्यो। धर्मको पालना नगर्ने, जनमतको कदर नगर्ने अन्यायी राजाका विरुद्ध विद्रोहको अधिकार प्रजामा निहित थियो।

यसरी महाभारतमा शास्त्रको मर्यादामा बाँधेर राजालाई निरङ्कुश हुन नदिने व्यवस्था मिलाइएको छ। राजधर्म र नैतिक बन्धन उल्लङ्घन गर्ने राजाको राज्य नष्ट हुने चेतावनी दिइएको छ। महाभारतमा राजालाई राजर्षि बनाउने प्रयास गरिएको छ। राज्य र जनताको कल्याणका लागि राजालाई सेवक बनाइएको छ।

राजा र प्रजाबीचको सम्बन्ध (Relations Between the King and People)

महाभारतमा जनताको रक्षा गर्नु र प्रजाको हितको लागि समर्पित हुनु राजाको कर्तव्य मानिएको छ। प्रजाले पनि आफ्नो राजालाई देवांश ठान्दथे र आदर गर्दथे। राजाको ऐश्वर्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रजामा निर्भर हुन्छ र प्रजाको जीविका राजामा आश्रित हुन्छ भन्ने मान्यता रहेको छ। पिता-पुत्रबीचको सम्बन्ध जस्तै राजा र प्रजाबीचको सम्बन्ध हुनुपर्छ भन्ने महाभारतको मान्यता छ। राजाविना प्रजा असुरक्षित हुन्छन् र प्रजा रूष्ट भएमा राजाका विरुद्ध विद्रोह गर्दछन् र राजाको राज्य नाश हुन्छ। अत: राजा र प्रजाबीच सुमुधुर सम्बन्ध आवश्यक हुन्छ भन्ने महाभारतको सन्देश रहेको छ।

निष्कर्ष (Conclusion)

महाभारत द्वापरयुगको अन्त्यतिरको इतिहासमा आधारित संस्कृत साहित्यको विशालकाय महाकाव्य हो। यो सनातन धर्मको आधार ग्रन्थ मानिन्छ। यो मूलत: प्राचीन कुरुवंशको इतिहासमा आधारित छ। यो प्राचीन राज्यव्यवस्थाको आधार ग्रन्थ पनि हो। महाभारत कालमा मूलत: राजतन्त्रात्मक राज्यव्यवस्था थियो । राजतन्त्रमा लोककल्याणकारी राज्यका आधारभूत मान्यताको अभ्यासलाई विशेष महत्त्व दिइएको छ । समाजमा धर्म स्थापना गर्नु राजाको कर्तव्य मानिएको छ। मात्स्यन्याय समाप्त पारी धर्मको स्थापना गर्न राज्यको उदय भएको मानिएको छ। राजालाई राज्यको संरक्षक र जनताको सेवक मानिएको छ। हरेक व्यक्तिले कर्मको फलप्रति विशेष आसक्ति नराखी तोकिएको कर्तव्य पूरा गर्नुपर्छ भन्ने महाभारतको मूल सन्देश रहेको छ।

कौरव र पाण्डवबीचको युद्ध महाभारतको मूल विषय हो। कौरव र पाण्डव दुई भाइका सन्तान थिए। कुरु राज्यको उत्तराधिकारका लागि महाभारतको युद्ध भएको थियो। कौरवले अधर्म पक्ष र पाण्डवले धर्म पक्षको प्रतिनिधित्व गरेका छन्। महाभारतको युद्ध धर्मयुद्ध थियो। युद्धमा पाण्डव पक्षको विजय सत्य र धर्मको विजय मानिएको छ। पाण्डवको विजयपछि युधिष्ठिर हस्तिनापुरका राजा भएका थिए। शरशैय्यामा रहेका पितामह भीष्मले शान्तिपर्वमा युधिष्ठिरलाई दिएका राजधर्मका उपदेशमा राजाको कर्तव्यपरायणता र इमान्दारितामा विशेष जोड दिइएको छ। जनताको हितलाई प्राथमिकता दिनु र जनताको सेवामा समर्पित हुनु राजाको कर्तव्य मानिएको छ। युधिष्ठिरले प्राचीन राजधर्मका मान्यताको अनुसरण गरी लोककल्याणकारी शासन सञ्चालन गरेका थिए। महाभारतको शासन व्यवस्था सुशासनको नमुना मानिदै आएको छ। महाभारतका कतिपय राजनीतिक नैतिक आदर्श वर्तमान लोकतन्त्रिक शासन व्यवस्थामा पनि मार्गदर्शक सिद्धान्त हुन सक्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कौटिल्य
(Kautilya)

आचार्य कौटिल्य हिन्दु राजनीतिक चिन्तनको इतिहासमा व्यावहारिक राजनीतिज्ञ, कूटनीतिज्ञ एवं महान् विचारक थिए। उनले व्यावहारिक राजनीतिको जग बसालेका थिए। चाणक्य र विष्णुगुप्त पनि कौटिल्यका नाम हुन्। उनका पिताको नाम शिवगुप्त थियो। उनको जन्म तक्षशिलामा भएको थियो। उनी नालन्दा विश्वविद्यालयका विद्यार्थी थिए। उनको जन्म इसापूर्व चौथो शताब्दीमा भएको थियो। कौटिल्यको नाम प्राचीन साहित्यमा धेरै ठाउँमा उल्लेख भएको पाइन्छ। विष्णुपुराण, पञ्चतन्त्र, मुद्राराक्षस आदि ग्रन्थमा उनको चर्चा छ। पञ्चतन्त्रका लेखक विष्णु शर्माले मनु, वृहस्पति, शुक्र, पराशर र वेदव्यास पछि चाणक्यको नाम प्राचीन विद्वान् नीतिशास्त्रकारका रूपमा लिएका छन् (विष्णुशर्मा, पृ. १)। कामन्दकीयनीतिसारका लेखक कामन्दकले कौटिल्यको अर्थशास्त्रका आधारमा आफ्नो नीतिसार लेखिएको स्वयं स्वीकार गरेका छन्। कौटिल्य अर्थशास्त्रको अन्त्यमा जसले शस्त्र, शास्त्र र नन्दराजाको अधीनमा रहेको भूमि शीघ्र उद्धारका निम्ति आफ्नो क्रोध देखाए तिनैले यो शास्त्रको रचना गरे भनी उल्लेख गरिएको छ। प्राचीन अर्थशास्त्रको भाष्यमा भाष्यकारहरूको मतभेद देखेर विष्णुगुप्त कौटिल्यले स्वयं सूत्र र भाष्यको निर्माण गरेका हुन् भन्ने उल्लेख छ (कौटिल्य, अधि. १५, अ. १)। भारतवर्षको इतिहासअनुसार कौटिल्यले अतिशक्तिशाली नन्दवंशको शासन अन्त्य गरी चन्द्रगुप्त मौर्यलाई इसापूर्व ३२१मा मगधको राज सिंहासनमा बसालेका थिए। त्यसै वेला कौटिल्य चन्द्रगुप्त मौर्यको प्रधान अमात्य नियुक्त गरिएका थिए। कौटिल्य चन्द्रगुप्त मौर्यका आचार्य एवं प्रधानामात्य थिए। कौटिल्यको शिक्षाअनुसार चन्द्रगुप्त मौर्यले भारतवर्षको अधिकांश क्षेत्र आफ्नो साम्राज्यअन्तर्गत सङ्गठित गरी शक्तिशाली साम्राज्यको निर्माण गरेका थिए।

अर्थशास्त्रका प्रणेता (Author of Arthashastra)

कौटिल्य शस्त्र र शास्त्र विद्यामा कुशल थिए। उनी अर्थशास्त्रका निष्णात विद्वान् थिए। कौटिल्यले इसापूर्व चौथो शताब्दीको अन्त्यतिर अर्थशास्त्रको रचना गरेका थिए। अर्थशास्त्र लामो समयसम्म लुप्त अवस्थामा रहेको थियो। सन् १९०५ मा एकजना ब्राह्मणले अर्थशास्त्रको हस्तलिखित प्रति मैसुर सरकारको प्राच्य पुस्तकालयमा समर्पण गरेका थिए। शामशास्त्री त्यस बखत सो पुस्तकालयका अध्यक्ष थिए। उनले सन् १९०५ मै अर्थशास्त्रको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

केही अंश प्रकाशित गरे र १९०९ मा सम्पूर्ण ग्रन्थ अनुवाद सहित प्रकाशित गरेका थिए। उनले सन् १९१५ मा अर्थशास्त्रको अङ्ग्रेजी अनुवाद पनि प्रकाशित गरेका थिए। उनले अर्थशास्त्र कौटिल्यको कृति हो र आचार्य कौटिल्य चन्द्रगुप्त मौर्यका अमात्य थिए भन्ने विषयमा आधिकारिक धारणा राखिदिए। साथै उनले त्यो नै कौटिल्यको अर्थशास्त्रको प्रामाणिक मूलपाठ भएको धारणासमेत सार्वजनिक गरेका थिए। अर्थशास्त्र कौटिल्यको आधिकारिक रचना हो। चाणक्य प्रनीत सूत्रलाई पनि उनको रचना मानिन्छ। चाणक्य सूत्रमा जम्मा ५७२ सूत्र छन्। सस्कृत पद्यमा लेखिएको चाणक्यनीति नामक ग्रन्थ पनि उनको रचना मानिन्छ। कौटिल्यको अर्थशास्त्रविना प्राचीन हिन्दु राजनीतिक चिन्तन अधुरो हुन्छ। कौटिल्यले आफूभन्दा पहिलेका सबै राजनीतिक चिन्तकका विचारको सङ्ग्रह गरेर तिनको सारसङ्क्षेप आफ्नो ग्रन्थमा प्रतिष्ठित गरेका छन्। राजनीतिलाई अन्य विषयबाट अलग गर्ने प्रथम विचारक कौटिल्य हुन्।

अर्थशास्त्रमा वर्णित विषय (Subject Matters of the Arthashastra)

अर्थशास्त्र संस्कृत गद्यमा लेखिएको छ तापनि यसमा केही श्लोकहरू पनि छन्। कौटिल्यको अर्थशास्त्रलाई अर्थराजनीतिको विश्वकोश भनेमा कुनै अत्युक्ति हुँदैन। अर्थशास्त्रमा पन्द्र अधिकरण, एक सय असी प्रकरण र एक सय पचास अध्याय छन्। प्रत्येक अधिकरण छुट्टाछुट्टै अध्यायको व्यवस्था छ। प्रथम अधिकरणमा विद्या र यसका प्रकार, राजको जीवनचर्या, अमात्य, मन्त्री, गुप्तचर आदिको नियुक्ति, राजाको सुरक्षा आदि विषयमा विवेचना गरिएको छ। द्वितीय अधिकरणमा जनपदको स्थापना, दुर्गहरूको निर्माण, राजभवनको निर्माण, कोषगृहको निर्माण, कृषि र उद्योगको व्यवस्थापनका साथै विभिन्न विभागका प्रमुखहरूको नियुक्तिसम्बन्धी विचार व्यक्त गरिएको छ। तृतीय अधिकरणमा विवाह, पति-पत्नीको सम्बन्ध, सम्बन्ध विच्छेद, उत्तराधिकार, गृहनिर्माण, वास्तुकला, ऋण, धरौटी, भूमिसम्बन्धी विवाद, दासता, क्रयविक्रय आदिसम्बन्धी नियम एवं यी विषयसँग सम्बन्धित विवादको निर्णयसम्बन्धमा चर्चा गरिएको छ। चतुर्थ अधिकरणलाई कन्टकशोधन नाम दिइएको छ। यसमा शिल्पकार, व्यापारी तथा दैवी आपत्तिबाट प्रजाको रक्षासम्बन्धी प्रावधानको चर्चा गरिएको छ। यस अधिकरणमा चोरी, हत्या, बलात्कार आदि अपराधको दण्ड विधानको वर्णन गरिएको छ। पाँचौँ अधिकरणमा शासन व्यवस्थामा संलगन विभिन्न प्रकारका अधिकारी एवं कर्मचारीहरूको व्यवहार र आचरण, राज्यकोषको वृद्धि, राजद्रोही उच्च अधिकारीका लागि दण्डको व्यवस्था आदिका विषयमा विस्तृत विवेचना गरिएको छ। छैटौँ अधिकरणमा राज्यका सात प्रकृति वा अङ्ग, तिनका गुण, शान्ति एवं उद्योग र मन्त्रशक्ति, प्रभुशक्ति एवं उत्साहशक्तिको वर्णन गरिएको छ। सातौँ अधिकरणमा राज्यका विदेशनीतिका सिद्धान्तको उल्लेख गरिएको छ। विदेशनीतिअन्तर्गत षड्गुण (सन्धि, विग्रह, यानं, आसन, संश्रय र द्वैधीभाव), मण्डल सिद्धान्त, विजिगीषु राजाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विभिन्न राजासँगको सम्बन्धका साथै युद्ध, आक्रमण, सन्धि एवं तटस्थतासम्बन्धी नियमको विवेचना प्रस्तुत गरिएको छ । आठौँ अधिकरणमा राजालगायत राज्यका अङ्गहरूका व्यसनहरू र तिनको प्रतिकारका विषयमा चर्चा गरिएको छ । नवौँ अधिकरणमा सेनाको व्यवस्था, देश,काल, समय र शक्तिको विचार गरेर शत्रुको सामना तथा विभिन्न प्रकारका विपत्ति र तिनको प्रतिकारका उपायबारे वर्णन गरिएको छ । दसौँ अधिकरणमा युद्धको विवेचना गरिएको छ । दुर्ग निर्माण, युद्धका प्रकार, युद्धमा सेनाको प्रयोग आदि विषयमा प्रकाश पारिएको छ । एघारौँ अधिकरणमा गुप्तचर र परामर्शको विधिको वर्णन गरिएको छ। बाह्रौँ अधिकरणमा दूतको कार्य, मन्त्रयुद्ध, सेनापतिको हत्या, छलकपटद्वारा शत्रुलाई पराजित गर्ने उपाय आदि विषयमा विवेचना गरिएको छ। तेह्रौँ अधिकरणमा पनि छलकपटद्वारा शत्रुदेशका राजालाई लोभ्याउने कार्य, शत्रुका देशमा गुप्तचरको निवास, शत्रुदेशको दुर्ग घेराइ, विजित राज्यमा शान्ति व्यवस्था कायम गर्ने सम्बन्धमा उल्लेख गरिएको छ । चौधौँ अधिकरणमा शत्रु परास्त गर्न उत्पात मचाउनका लागि मन्त्र, औषधि आदिको प्रयोगको विवेचना छ। पन्ध्रौँ अधिकरणमा तन्त्रयुक्तिको उल्लेख छ। यस अधिकरणमा अर्थशास्त्रको परिभाषाका साथै अर्थशास्त्रका युक्तिको विश्लेषण गरिएको छ।

अर्थशास्त्र (Arthashastra)

कौटिल्यले आन्वीक्षिकी, त्रयी, वार्ता र दण्डनीति गरी विद्याका चार शाखा मान्दछन् (कौटिल्य, अधि. १, अ. १)। साङ्ख्य, योग र नास्तिक लोकायत वा चार्वाक दर्शनलाई आन्वीक्षिकी विद्या भनिन्छ (कौटिल्य, अधि. १, अ. १) । आन्वीक्षिकी विद्यालाई सबै विद्याको प्रदीप भनिन्छ (कौटिल्य, अधि. १, अ. १)। ऋग्वेद, यजुर्वेद र सामवेद एवं वेदाङ्ग समेतलाई त्रयी भनिन्छ (कौटिल्य, अधि. १, अ.२) । त्रयीबाट धर्मको ज्ञान हुन्छ। कृषि, पशुपालन र वाणिज्यसम्बन्धी विद्यालाई वार्ता भनिन्छ (कौटिल्य, अधि. १, प्र. १, अ.३)। वार्ता विद्याबाट अर्थ वा सम्पन्नता र अनर्थ वा विपन्नताको ज्ञान हुन्छ। असल शासन र खराव शासनको ज्ञान गराउने विद्या दण्डनीति हो । आन्वीक्षिकी, त्रयी र वार्ता विद्याको अस्तित्व दण्डनीतिमा आधारित हुन्छ । राज्यको शासन व्यवस्थाको सञ्चालनसम्बन्धी ज्ञानको प्रतिपादन गर्ने विद्या दण्डनीति हो । दण्डनीतिले अप्राप्य वस्तु प्राप्त गर्न, प्राप्त वस्तुको रक्षा गर्न, रक्षित वस्तुको संवर्धन गर्न र वृद्धि गरिएको वस्तुको समुचित पात्रमा वितरण गर्न निर्देश गर्दछ। दण्डनीतिमा सारा संसारको लोकयात्रा निर्भर हुन्छ (कौटिल्य, अधि. १, अ.३) । समाजमा विद्यमान आपराधिक तत्त्वलाई दण्ड दिने व्यवस्था पनि दण्डनीति भित्र पर्दछ। त्यसैले कौटिल्यले राजालाई दण्डको समुचित प्रयोग गर्ने सल्लाह दिएका छन् (कौटिल्य, अधि. १, अ. १)।

यद्यपि दण्डनीति र अर्थशास्त्र एउटै ज्ञानको शाखाको नाम हुन् तापनि कौटिल्यले अर्थशास्त्रको विशेष परिभाषा प्रस्तुत गरेका छन । मानिसको जीविकालाई अर्थ भनिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मानिस बसोबास भएको भूमिलाई पनि अर्थ भनिन्छ। त्यस प्रकारको भूमि प्राप्त गर्ने र त्यसको रक्षा गर्ने उपायको ज्ञान गराउने शास्त्रलाई अर्थशास्त्र भनिन्छ[१] (कौटिल्य, अधि. १५, प्र.१८०, अ. १)। वार्ताशास्त्र र दण्डनीतिको मिश्रण अर्थशास्त्र हो। प्राचीन अर्थशास्त्रको आधुनिक अर्थशास्त्र राजनीतिसँग (Political Economy) नजिकको सम्बन्ध रहेको छ।

राज्यको उत्पत्ति (Origin of the State)

कौटिल्यको उद्देश्य राज्यको व्यावहारिक प्रशासनको चित्रणमा केन्द्रित छ। राज्यको शासन व्यवस्थाको चर्चा गर्ने सन्दर्भमा उनले राज्यको उत्पत्तिको उल्लेख गरेका छन्। मात्स्यन्यायबाट मुक्तिका लागि प्रजाहरूले वैवस्वत मनुलाई राजा बनाए भन्ने कौटिल्यको अभिमत छ[२] (कौटिल्य, अधि.१, अ.१२)। उनले केवल प्रजाले मनुलाई राजा स्वीकार गरे भनी उल्लेख गरेका छन्। मनु र प्रजाका बीचमा एक प्रकारको सम्झौताबाट राज्यको उदय भएको मानिन्छ। सम्झौता बमोजिम प्रजाले राजालाई राज्य सञ्चालनका लागि धान्यको चार भागको एक भाग, अन्नको छैटौँ भाग, व्यापारद्वारा प्राप्त धनको दसौँ भाग र सुनबाट प्राप्त आयको केही भाग करका रूपमा दिन स्वीकार गरे। यो कर प्राप्त गर्ने अधिकारी त्यस्तो राजालाई मात्र हुन्छ जसले प्रजालाई धनधान्यबाट सुखी राख्दछ र रोगव्याधि एवं शत्रुको आक्रमणबाट उनीहरूको रक्षा गर्दछ। यो प्रसङ्गको मूल्याङ्कन गर्दा राज्यको उत्पत्तिसम्बन्धमा कौटिल्य समझौताको सिद्धान्तका समर्थक जस्तो देखिन्छन्। कौटिल्य भन्दा पहिलादेखि नै राजाको उत्पत्तिसम्बन्धमा दैवी सिद्धान्त प्रचलित थियो। प्रचलित मान्यताको उल्लेख नगरी कौटिल्यले प्रजाले मनुलाई राजा स्वीकार गरेको विषय मात्र प्रस्तुत गरेका छन्।

सप्ताङ्ग सिद्धान्त (Saptanga Theory of the State)

प्राचीन हिन्दु रानीतिक चिन्तनमा राज्यका सात तत्त्वको उल्लेख गरिएको छ। यसैलाई सप्ताङ्ग सिद्धान्त भनिन्छ। कौटिल्यले राज्यका सप्ताङ्गलाई सात प्रकृति भनी उल्लेख गरेका छन्। आधुनिक राजनीतिशास्त्रमा भूभाग, जनसंख्या, सरकार र सम्प्रभुता राज्यका चार तत्त्वहरू हुन्। कौटिल्यका अनुसार स्वामी, अमात्य, जनपद, दुर्ग, कोष, दण्ड र मित्र राज्यका सात प्रकृति हुन्[३] (कौटिल्य. अधि.६, अ.१)। यी सात अङ्ग मिलेर राज्य निर्माण हुन्छ।

स्वामी (Monarch)

कौटिल्यले प्राथमिकताका आधारमा राज्यका प्रकृति वा तत्त्वहरूको वर्णन गरेका छन्। राज्यका सात अङ्गमध्ये स्वामी सबैभन्दा महत्त्वपूर्ण अङ्ग हो। स्वामीको अर्थ राजा हो।

१ मनुष्याणां वृत्तिरर्थः, मनुष्यवती भूमिरित्यर्थः, तस्याः पृथिव्या लाभपालनोपायः शास्त्रमर्थशास्त्रमिति।

२ मात्स्यन्यायाभिभूताः प्रजा मनुं वैवस्वतं राजानं चक्रिरे।

३ स्वाम्यमात्यजनपददुर्गकोशदण्डमित्राणि प्रकृतयः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कौटिल्य राजतन्त्रका समर्थक हुन् र उनले राजालाई राज्यको आत्मा मान्दछन् । राजाको व्यक्तिगत योग्यता, चारित्रिक गुण र नीतिशास्त्रअनुसार शासन सञ्चालनमा शासनको सफलता निर्भर हुन्छ भन्ने कौटिल्यको मत छ। राज्यको शासन सञ्चालनमा राजाको प्रमुख भूमिका निर्धारण गरिएको छ।

अमात्य (Amatya)

कौटिल्यको सप्ताङ्ग सिद्धान्तअनुसार अमात्य राज्यको दोस्रो अङ्ग हो । अमात्य शब्दको अर्थ मन्त्री हो तापनि कौटिल्यले अमात्य शब्दभित्र मन्त्रीका साथसाथै सम्पूर्ण प्रशासनिक सङ्गठनसमेतलाई समावेश गरेकाछन । राज्य सुव्यवस्थित ढङ्गले सञ्चालन गर्नका लागि राजालाई अमात्यको सहयोगको आवश्यकता पर्दछ । राजा र अमात्य एउटा रथका दुईवटा पाङ्ग्राजस्तै हुन् । जसरी एउटा मात्र पाङ्ग्राले गाडी चल्न सक्दैन त्यसै गरी राज्य पनि सहायताबिना राजाले एक्लै सञ्चालन गर्न सम्भव हुँदैन । राजाले सुयोग्य सचिवहरूको नियुक्ति गरेर तिनीहरूको परामर्शलाई हृदयङ्गम गरी राज्य सञ्चालन गर्नु पर्दछ[४] (कौटिल्य, अधि.१, अ.६) । कौटिल्यले सुयोग्य, इमान्दार र कर्तव्यनिष्ठ अमात्यको नियुक्तिमा जोड दिएका छन्।

कौटिल्यले पुरोहित तथा अन्य पदाधिकारीको नियुक्तिका निम्ति योग्यता र गुणको पनि उल्लेख गरेका छन् । पुरोहित उच्च कुलमा जन्मेको, असल शील र गुणले सम्पन्न, वेदवेदाङ्ग, ज्योतिषशास्त्र र शकुनशास्त्रको ज्ञाता, दण्डनीतिमा पारङ्गत, अथर्ववेदमा निर्दिष्ट दैवी एवं मनुष्यद्वारा सिर्जित विपत्तिको प्रतिकार गर्न समर्थ ब्राह्मण पुरोहित पदमा नियुक्तिका लागि योग्य मानिन्छ। राजालाई पुरोहितको अनुगामी बन्ने सल्लाह दिइएको छ। पुरोहित पद ज्यदै महत्त्वपूर्ण मानिएको छ । शिष्यले गुरुको, पुत्रले पिताको र नोकरले मालिकको अनुसरण गरे जस्तै राजाले पुरोहितको अनुसरण गर्नुपर्दछ भन्ने कौटिल्यको मत छ (कौटिल्य, अधि.१, अ.८)। अमात्य राजाका प्रमुख सल्लाहकार हुन् । राजाले अमात्यको परामर्शमा राज्यको शासन सञ्चालन गर्नुपर्छ भन्ने कौटिल्यको विचार रहेको छ।

जनपद (Janapad)

कौटिल्यका अनुसार जनपद राज्यको तेस्रो अङ्ग हो। जनपद अनतर्गत जनसङ्ख्या र भूभागलाई समावेश गरिएको छ। राजाले आफ्नो राज्यको आवादी बढाएर वा अर्को राज्यका मनिसहरू बोलाएर नयाँ वा पुरानो जनपद वसाउनुपर्छ भन्ने कौटिल्यको विचार छ (कौटिल्य, अधि.२, अ.१)। जनपदमा गाउँ र शहर दुबै समावेश गरिएको छ। जनपदभित्र गाउँ र शहरमा स्थानीय सरकार गठन गर्ने समेत कौटिल्यको प्रस्ताव छ। जनपदको बीचमा तथा सीमान्तमा

४ सहायसाध्यं राज्यत्वं चक्रमेकं न वर्तते।
कुर्वीत सचिवांस्तस्मात्तेषां च श्रृणुयान्मतम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दुर्ग एवं विपत्तिको समयमा वन पर्वतहरूमा आत्मरक्षा गर्न सकिने हुनुपर्दछ। जनपद कम परिश्रमबाट धेरै अन्न उब्जने, शत्रुराजाका विरोधीको सङ्ख्या बढी भएको, नदी तलाउ भएको, छिमेकमा दुर्बल राजा भएको, गाईको लागि हितकर आदि गुण भएको हुनुपर्दछ (कौटिल्य, अधि.६, अ.१)। प्रत्येक जनपदमा एक सयदेखि पाँच सय घर हुनुका साथै कृषक र शूद्रको सङ्ख्या बढी हुनुपर्दछ भन्ने कौटिल्यको विचार छ। जनपद निवासी परिश्रमी, सम्पन्न र स्वामी भक्त हुनुपर्दछ।

उर्वर भूमि, स्वास्थ्यवर्धक जलवायु, घना जङ्गल, व्यवस्थित यातायात, सिचाइ सुविधा, प्रयाप्त खनिज पदार्थ राम्रो जनपदमा हुनुपर्दछ भन्ने कौटिल्यको मान्यता छ। यसबाट उनले समृद्ध, सुखी र व्यवस्थित जनपदको कल्पना गरेको स्पष्ट हुन्छ। कौटिल्यको हिमालदेखि दक्षिण समुद्रसम्म पूर्वतर्फ समुद्रदेखि पश्चिम समुद्रसम्मको विशाल भूभागमा साम्राज्य निर्माण गर्ने लक्ष्य थियो। साम्रज्य भित्र ससाना धेरै जनपदहरू मिलाएर विशाल साम्राज्य निर्माण हुने हुँदा जनपद राज्यको अङ्ग मानिएको हो।

दुर्ग (Fort)

दुर्ग राज्यको महत्त्वपूर्ण अङ्ग हो। दुर्गको अर्थ किल्ला हो। प्राचीन समयमा राज्यको रक्षाका लागि दुर्ग आवश्यक मानिन्थ्यो। राज्यको चारैतर्फ दुर्ग निर्माण गर्नुपर्दछ भन्ने कौटिल्यको विचार छ। दुर्ग युद्धका लागि आवश्यक मानिन्थ्यो। कौटिल्यका अनुसार दुर्ग चार प्रकारका हुन्छन्। १) औदकदुर्ग: संस्कृतमा उदकको अर्थ पानी हुन्छ। चारैतर्फ पानीले घेरिएको टापु जस्तो गहिरो तलाउले घेरेको स्थल प्रदेशमा निर्मित किल्लालाई औदकदुर्ग भनिन्छ। २) पार्वतदुर्ग: ठूलाठूला चट्टान अथवा पर्वतका कन्दराका रूपमा निर्मित दुर्गलाई पार्वतदुर्ग भनिन्छ। ३) धान्वनदुर्ग: संस्कृतमा धन्वन् भन्नाले मरुभूमि हुन्छ। मरुस्थलमा बनाइएको दुर्गलाई धान्वनदुर्ग भनिन्छ। जल र घास आदि न भएको दुर्ग धान्वनदुर्ग हो। ४) दलदल भूमि र काँडे जङ्गलले घेरिएको दुर्गलाई वनदुर्ग भनिन्छ। औदक र पार्वतदुर्ग आपत्ति वा युद्धका समयमा जनपदको रक्षाका लागि आवश्यक हुन्छन् भने धान्वन र वनदुर्ग राजाको सुरक्षाका लागि महत्त्वपूर्ण मानिएको छ (कौटिल्य, अधि.२, अ.३)।

कोष (Treasury)

राज्यकोष राज्यको अङ्ग मानिएको छ। राजाले पूर्वज र आफैले धर्मअनुसार आर्जन गरेको धनको सञ्चय राज्यकोषमा गर्नुपर्दछ। कोषमा अन्न, सुन, चाँदी, विभिन्न प्रकारका बहुमूल्य रत्न एवं नगद सिक्का सञ्चित गर्नुपर्दछ भन्ने कौटिल्यको मत छ। विपत्ति वा युद्ध र दुर्भिक्षका समयमा कोषको उपयोग गरी प्रजाको रक्षा गर्न सक्नुपर्दछ। यी गुण भएको कोषलाई सम्पन्न राजकोष भनिन्छ (कौटिल्य, अधि.६, अ.१)। कौटिल्यको अर्थशास्त्रमा सन्निधाता वा कोषाध्यक्ष राजकोषको संरक्षणका निम्ति नियुक्त पदाधिकारी रहने व्यवस्था

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गरिएको छ । कोषको सुरक्षित सञ्चयको लागि पक्की भवनको आवश्यकताका विषयमा समेत कौटिल्यले जोड दिएका छन् (कौटिल्य, अधि.२, अ.५) । प्रजाबाट करको रूपमा राजाले प्राप्त गर्ने धनधान्य नै राज्यकोषका स्रोत हुन् । राजाले धन धर्मपूर्वक सङ्ग्रह गर्नुपर्दछ भन्ने कौटिल्यको राय छ ।

दण्ड (Army)

राज्यको अङ्गको रूपमा दण्डको अभिप्राय सेना हो । सेना राज्यको सुरक्षाको प्रतीक हो । प्राचीन हिन्दु राज्यव्यवस्थामा राज्यहरूबीच जुनसुकै बेला पनि युद्धको सम्भावना रहन्थ्यो । त्यसैले राज्यको रक्षाका गर्न र आफूभन्दा सैन्यबलमा कमजोर राज्यमाथि आक्रमणका लागि पनि शक्तिशाली सेना आवश्यक मानिन्थ्यो । सेनाको महत्त्वलाई दृष्टिगत गरेर नै हिन्दु राजनीतिक चिन्तनमा सेनालाई राज्यको अङ्ग मानिएको हो । वंशानुगत , स्थायी र राजाका वशमा रहने व्यक्ति राजाको सैन्यबलमा भर्ति गर्न योग्य हुन्छन् । सेनाका पत्नी-पुत्र आदि राजवृति प्राप्त गरेर पूर्ण सन्तुष्ट हुनुपर्दछ । युद्धका समयमा सेनालाई आवश्यक सम्पूर्ण सामग्री प्रदान गर्न सक्नुपर्दछ । कौटिल्यको अर्थशास्त्रमा कहिल्यै पनि पराजित नभएको, दुःख सहन सक्ने, युद्धकलामा कुशल, हरेक प्रकारका युद्धविद्यामा निपुण, राजाको लाभ र हानीमा सहभागी हुने र क्षत्रियको बाहुल्यता भएको सेनालाई दण्डसम्पन्न सेना मानिएको छ (कौटिल्य, अधि.६, प्र.९६, अ.१) ।

मित्र (Ally)

मित्र राज्यभन्दा बाहिर रहने राज्यको तत्त्व हो । कौटिल्यका अनुसार मित्र राज्यको अङ्ग हो । कौटिल्यले सीमा जोडिको राज्यलाई शत्रुराज्य मानेका छन् । शत्रुराज्यसँग सिमाना जोडिएको राज्य मित्रराज्य हुन्छ भन्ने कौटिल्यको मान्यता छ । राज्यको सफलता र सम्पन्नताका लागि मित्रराज्य आवश्यक मानिएको छ । त्यस्तो छिमेकी राज्यलाई मित्र भनिन्छ जसले युद्धका बेला राजालाई सहायता गर्दछ । वंशानुगत, स्थायी, नित्य वशमा रहन सक्ने, विरोध गर्ने सम्भावना नभएको, मन्त्रशक्ति, प्रभुशक्ति र उत्साहशक्तिसम्पन्न एवं आवश्यकता परेका बेला सहायता गर्न सक्ने मित्र हुनुपर्दछ । मित्रमा यी गुण छन् भने त्यसलाई मित्रसम्पत् भनिन्छ[५] (कौटिल्य, अधि.६, अ.१) ।

राज्यका अङ्गहरूबीचमा आङ्गिक एकता (Organic Unity Among the Elements of State)

राज्य बन्नका लागि राज्यका सात अङ्ग स्वामी, अमात्य, जनपद, दुर्ग, कोष, दण्ड र मित्रबीचमा आङ्गिक एकताको आवश्यकता पर्दछ । राज्य शरीर हो भने राज्यका सात तत्त्व

---

५ पितृपैतामहं नित्यं वश्यमद्वैध्यं महल्लघुसमुत्थमिति मित्रसम्पत् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

त्यसका अङ्ग हुन् । शरीरबाट छुट्टिएपछि अङ्गको महत्त्व हुँदैन । राज्यका अङ्गमध्ये राजालाई कौटिल्यले सबैभन्दा महत्त्वपूर्ण अङ्ग मानेका छन् तापनि राज्यका अङ्गहरूबीच अन्योन्याश्रित सम्बन्ध रहन्छ भन्ने कौटिल्यको विचार रहेको छ । यिनै राज्यका सात अवयवको सहायताबाट राज्य सञ्चालन हुन्छ । आधुनिक राजनीतिशास्त्रमा जनसङ्ख्या, भूभाग, सरकार र सार्वभौमसत्ता गरी राज्यका चार तत्त्व हुन्छन् । हिन्दु राजनीतिक चिन्तनमा परम्परा भैसकेको सप्ताङ्ग सिद्धान्तको नयाँ ढङ्गले कौटिल्यले वर्णन गरेका छन् । आधुनिक राजनीतिशास्त्रमा आवश्यक मानिएका राज्यका चार तत्त्वमध्ये जनसङ्ख्या र भूभाग जनपदमा समावेश गरिएको छ । त्यसैगरी स्वामीमा सम्प्रभुता, अमात्यमा सरकार र मित्रमा राज्यको मान्यता जस्ता तत्त्व समावेश गरिएको छ । यस दृष्टिकोणबाट हेर्दा कौटिल्यको सप्ताङ्ग सिद्धान्तलाई राज्यको आधुनिक अवधारणाको मार्गदर्शक मान्न सकिन्छ ।

गणराज्य (Republics)

कौटिल्य राजतन्त्रका प्रबल समर्थक थिए । उनको अर्थशास्त्रमा द्वैराज्य, वैराज्य र सङ्घराज्यको पनि उल्लेख गरिएको छ । यी प्राचीन गणराज्य मानिन्छन् । गणराज्यमा निर्वाचित राजा हुन्थे ।

शासनकला (Statecraft)

राज्यको सप्ताङ्ग सिद्धान्तपछि अर्थशास्त्रमा महत्वका साथ विवेचना गरिएको विषय राज्यको शासनकला हो । राज्यका नीति, राजाका कर्तव्य, मन्त्रीका कार्य, कूटनीतिका प्रक्रिया आदि विभिन्न विषयमा कौटिल्यले सविस्तार वर्णन गरेका छन् । कौटिल्यका राज्यको आन्तरिक प्रशासन सञ्चालन र कूटनीति सञ्चालनका व्यावहारिक विचार नै उनको शासनकला हो । शासनकलाका लागि उनले आवश्यक ठानेका शासनका संरचना एवं राज्यका नीति, नियम, सिद्धान्त र कार्य निम्नानुसार रहेका छन्:

राजा (Monarch)

कौटिल्य शक्तिशाली राजतन्त्रका समर्थक थिए । अतः उनले राज्यको शासन सञ्चालनको सबैभन्दा महत्त्वपूर्ण अङ्ग राजालाई मानेका छन् । कौटिल्यको अर्थशास्त्रमा कार्यपालिका, न्यायपालिका र सेनासम्बन्धी सर्वोच्च शक्ति राजामा निहित गरिएको छ । मात्स्यन्यायबाट प्रजाको रक्षाका लागि राजाको उदय भएकाले शान्तिसुरक्षा कायम गर्नु राजाको प्रथम कर्तव्य हो । प्रजाको कल्याणका लागि राजाले दण्ड धारण गर्दछन् । प्रजाका लागि राजा आदर्श पुरुष एवं सदाचारका प्रतिमूर्ति मानिन्छन् । क्षत्रिय राजा राज्य र जनताका सेवक हुन् । कौटिल्य सशक्त राजतन्त्रका समर्थक थिए तापनि उनले प्रजाप्रति उत्तरदायी र लोककल्याणकारी राजतन्त्रको अवधारणा प्रस्तुत गरेका छन् । कौटिल्यले सामान्यतः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राजाको ज्येष्ठ पुत्र राज्यको उत्तराधिकारी मानेका छन् । तर ज्येष्ठ पुत्र गुणसम्पन्न नभएमा ज्येष्ठताको क्रमले अन्य पुत्र राजाको उत्तराधिकारी बनाउनुपर्छ भन्ने कौटिल्यको विचार छ ।

राजाका लागि सदाचार (Good Conduct for the King)

कौटिल्यका अनुसार राजा बहश्रुत हुनुपर्छ । धेरै शास्त्र पढेको व्यक्तिलाई बहुश्रुत भनिन्छ । कौटिल्यले चरित्र निर्माणलाई शिक्षाको प्रमुख उद्देश्य मानेका छन् । तत्कालीन समाजमा आन्वीक्षिकी, त्रयी, वार्ता र दण्डनीति गरी विद्या वा ज्ञानका चार शाखा प्रचलित थिए । कौटिल्यका अनुसार राजाका लागि यी चारै विद्याको अध्ययन आवश्यक हुन्छ । विभिन्न शास्त्रको अध्ययनबाट बुद्धि प्राप्त हुन्छ । बुद्धिबाट योग प्राप्त हुन्छ र योगबाट इन्द्रियमाथि विजय प्राप्त गर्न सकिन्छ । आत्म-संयमी व्यक्ति निर्माण गर्नु नै विद्याको सामर्थ्य हो भन्ने कौटिल्यको धारणा छ[६] (कौटिल्य, अधि. १, अ. ४) । विद्याबाट विनय प्राप्त हुन्छ । विनयको अर्थ नम्रता, विवेक, सदाचार र अनुशासन हो । विनयी राजा मात्र शासन गर्न योग्य हुन्छ भन्ने कौटिल्यको विचार छ ।

कौटिल्यले राजाका आभिगामिक, प्रज्ञा र उत्साह गरी तीन प्रकारका गुणको चर्चा गरेका छन् । कुलीन, दैवबुद्धि भएको, धैर्यवान्, दूरदर्शी, धार्मिक, सत्यवादी, प्रतिज्ञा पालन गर्ने, कृतज्ञ, उच्चाभिलाषा भएको, उत्साही, अदीर्घ सूत्र वा आलस्यरहित, सामन्तलाई वशमा राख्न सक्ने, दृढ बुद्धि गुणसम्पन्न मन्त्री भएको, विनयी राजाका आभिगामिक गुण हुन् । शास्त्रको चर्चा, शास्त्रको ज्ञान, ग्रहण गर्ने क्षमता, धारण गर्ने क्षमता, विशेष ज्ञान, तर्कवितर्कद्वारा सत्य पत्तालगाउने क्षमता एवं खराव विषय परित्याग र असल गुण ग्रहण गर्ने क्षमतालाई राजाका प्रज्ञागुण भनिन्छ । शूरता, असहिष्णुता, क्षिप्रकारिता र दक्षता राजाका उत्साह गुण हुन् (कौटिल्य. अधि.६, अ.१) । राजा युद्धकलामा निपुण हुनुका साथै बलवान् र साहसी पनि हुन पर्दछ । यी गुण भएको राजा मात्र आत्मसम्पत हुन्छ ।

कौटिल्यले राजालाई राजर्षि बनाउन चाहन्छन् । उनका अनुसार राजर्षि भनेको सदाचारी, जनताको हितका लागि मात्र कार्य गर्ने एवं निजी स्वार्थरहित ऋषितुल्य राजा हो । काम, क्रोध, लोभ, मान, मद र हर्ष गरी छवटा शत्रुबाट राजा जोगिनु पर्दछ । उनका अनुसार राजाले परस्त्री, अर्काको धन र हिंसा त्याग गर्नुपर्छ । राजाले असमयमा सुत्ने, असत्य बोल्ने, चञ्चलता देखाउने र अविनयी कार्य गर्नुहुँदैन र त्यस्तो कार्य गर्ने व्यक्तिको सङ्गत पनि गर्नुहुँदैन । धर्म र धनको हानि नहुने गरी कामको उपभोग गर्न कौटिल्यले राजालाई सल्लाह दिएका छन् (कौटिल्य, अधि.१, अ. ६) ।

---

६ श्रुताद्धि प्रज्ञोपजायते; प्रज्ञाया योगो योगादात्मवत्तेति विद्यासामर्थ्यम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राजाको दिनचर्या (Daily Routine of the King)

कौटिल्यले राजाको दिनचर्याको सविस्तार वर्णन गरेका छन्। कौटिल्यले दिन-रातलाई आठ प्रहरमा विभाजन गरेर प्रत्येक प्रहरमा राजाले गर्नुपर्ने कार्य तोकिदिएका छन्। उनका अनुसार दिनको प्रथम प्रहरमा राजाले रक्षासम्बन्धी कार्यको निरीक्षण तथा अघिल्लो दिनको आय-व्ययको जाँच गर्नुपर्छ। दोस्रो प्रहरमा पुर र जनपद बासीका कार्यको निरीक्षण अर्थात् न्याय सम्पादन गर्नुपर्छ। तेस्रो प्रहरमा राजाले स्नान, भोजन र स्वाध्यायसम्बन्धी कार्य गर्नुपर्दछ। चौथो प्रहरमा कर विभागको निरीक्षण र विभिन्न विभागका अधिकारीहरूको नियुक्तिसम्बन्धी कार्य गर्नुपर्छ। पाँचौ प्रहरमा मन्त्री र गुप्तचरसँग भेटघाट र गोप्य परामर्श गर्नुपर्छ। छैटौँ प्रहरलाई राजाको इच्छाअनुसार घुमफिर र विचारका लागि छुट्याइएको छ। सातौँ प्रहरमा राजाले हात्ती, घोडा, रथ तथा शस्त्रास्त्रको निरीक्षण र आठौं प्रहरमा सेनापतिसँग युद्ध र पराक्रमका विषयमा विचार-विमर्श गर्नुपर्छ। दिनको अन्त्यमा राजाले सन्ध्योपासन गर्नुपर्छ (कौटिल्य, अधि. १, अ. १८)।

यसैगरी राजाले रातको पहिलो प्रहरमा गुप्तचरसँग परामर्श गर्ने, दोस्रोमा स्नान, भोजन र स्वाध्याय गर्ने, तेस्रोमा सङ्गीत सुन्ने र चौथो तथा पाँचौँ प्रहरमा सुत्नुपर्छ। छैटौँ प्रहरमा मधुर सङ्गीत सुनेर जाग्ने र अर्थशास्त्र एवं दिउसो सम्पादन गर्नुपर्ने कार्यका विषयमा चिन्तन गर्ने, सातौँमा गुप्त मन्त्रणा गर्ने र गुप्तचर पठाउने गर्नुपर्छ। आठौँ प्रहरमा ऋत्विक, आचार्य र पुरोहितबाट स्वस्तिवाचन र आशीर्वाद ग्रहण गर्नुपर्छ। राजाले यसै प्रहरमा चिकित्सक, भान्से, जोतिषी आदिसँग पनि सम्बन्धित विषयमा परामर्श गर्नुका साथै राजदरवारमा दिउसोको कार्यका लागि प्रवेश गर्नुपर्छ भन्ने कौटिल्यको विचार रहेको छ (कौटिल्य, अधि. १, अ. १८)। यसरी कौटिल्यले राजाका लागि कठोर दिनचर्या निर्धारण गरेका छन्। यस्तो दिनचर्या पालना गर्ने राजा आदर्श मानेका छन्। परिस्थितिअनुसार दिनचर्यामा सामान्य फेर बदल गर्न पाउने अधिकार भने कौटिल्यले राजालाई दिएका छन्।

अमात्य र अन्य अधिकारी (Ministers and Other Officials)

राजापछि शासनकलाको महत्त्वपूर्ण संरचना अमात्य हो। राज्य सञ्चालन महान् कार्य भएकाले राजा एक्लैले राज्य सञ्चालन गर्न सम्भव हुँदैन। शासन सञ्चालनमा सहयोगका लागि अमात्य, दूत, विभागीय प्रमुख, गुप्तचर, कर्मचारी, सेना आदिको नियुक्तिसम्बन्धी अधिकार कौटिल्यले राजामा निहित गरेका छन्। राजाले योग्य र कर्तव्यपरायण व्यक्तिलाई उपयुक्त पदमा नियुक्ति गर्नुपर्दछ भन्ने कौटिल्यको विचार छ। योग्यताको निर्धारण गर्ने अधिकार पनि राजामा निहित गरिएको छ।

के कस्ता व्यक्तिलाई अमात्य पदमा नियुक्ति गर्ने भन्ने सम्बन्धमा कौटिल्यले पूर्ववर्ती आचार्यहरूका विचार उल्लेख गरेका छन्। अन्त्यमा उनले पुरुषको सामर्थ्य कार्यको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सफलातामा निर्भर हुन्छ तसर्थ विद्या, बुद्धि, साहस, गुण, दोष, देश, काल र पात्र विचार गरेर अमात्य नियुक्ति गर्न राजालाई सल्लाह दिएका छन् ।

कौटिल्यका अनुसार आफ्नो जनपदमा जन्मेको, कुलीन, अवगुणशून्य, सवारी चलाउनमा निपुण एवं ललितकलाको ज्ञाता, अर्थशास्त्रको ज्ञाता, बुद्धिमान्, स्मरण शक्ति सम्पन्न, चतुर, वाकपटु, प्रगल्भ, प्रतिवाद वा प्रतिकार गर्न समर्थ, उत्साही, प्रभावशाली, सहिष्णु,पवित्र, मित्रता गर्न योग्य, दृढ, स्वामिभक्त, सुशील, समर्थ, स्वस्थ, धैर्यवान्, निरभिमानी, स्थिर प्रकृति, प्रियदर्शी र दोषरहित व्यक्ति अमात्य वा प्रधानमन्त्री पदका लागि योग्य हुन्छ (कौटिल्य, अधि.१, अ.८) । मन्त्री नियुक्त गर्नुभन्दा पहिला उसको योग्यता, गुण र आचरणको परीक्षण गर्न राजालाई परामर्श दिइएको छ । मन्त्रीको सङ्ख्या उनले निर्धारण गरेका छैनन् । मन्त्रीको सङ्ख्या सामर्थ्यअनुसार निर्धारित हुन्छ भन्ने कौटिलयलको मत छ (कौटिल्य, अधि.१,प्र.१०, अ.१४) । मन्त्रणाका लागि तीन-चार मन्त्री विशेष मानेका छन् । अमात्यको प्रमुख कार्य शासन सञ्चालनमा राजालाई सहयोग र सहायता प्रदान गर्नु हो । राज्यमा कृषि उत्पादनको वृद्धि, राज्यको विकास र रक्षाका निम्ति राजालाई आवश्यक परामर्श प्रदान गर्नु अमात्यको मुख्य कार्य हो । कौटिल्यले शासनको जिम्मेवारी राजालाई सुम्पिएका छन् । मन्त्रीगण राजाका सहायक मात्र हुन् । मन्त्रीलाई सल्लाह प्रदान गर्ने अधिकार हुन्छ तर मन्त्रीको सल्लाह मान्ने नमान्ने राजाको इच्छामा निर्भर हुने व्यवस्था कौटिल्यले गरेका छन् । मन्त्री नियुक्त गर्न र पदच्युत गर्न सक्ने शक्ति राजामा निहित गरिएको छ । विभिन्न अधिकारी, विभागीय प्रमुख, गुप्तचर, दूत, सेना आदिको नियुक्ति पनि राजाले गर्नुपर्छ भन्ने कौटिल्यको विचार छ ।

स्थानीय शासन (Local Governance)

स्थानीय सरकारका सङ्गठन शासन सञ्चालनका संरचना हुन् । स्थानीय शासनको सुविधाका लागि स्थानीय प्रशासनका संरचना पुर र जनपद गरी दुई भागमा सङ्गठन गरिएको छ । नगरमा गोप र स्थानिक अधिकारी नियुक्त गर्नुपर्छ भनी कौटिल्यले उल्लेख गरेका छन् । जनपदको एकाइ ग्राम थियो । ग्राममा स्थानीय अधिकारी नियुक्त गर्ने व्यवस्था गरिएको छ । राज्य सञ्चालनमा राजालाई सहयोग प्रदान गर्न स्थानीय सरकारको व्यवस्था गरिएको हो ।

राजाका कार्य (Functions of the King)

कौटिल्यका अनुसार राजा र राज्यलाई अलग गर्न सकिदैन । राजाका कर्तव्य नै राज्यका कार्य हुन् । प्रजाको हितलाई ध्यानमा राखेर राज्य एवं राजाको कार्य निर्धारण गरिएको छ । उनले व्यक्तिको सुरक्षाका लागि राज्यको उत्पत्ति भएको मानेका छन् । व्यक्तिको सुरक्षासम्बन्धी कार्यलाई राज्यको कार्य सूचीमा प्राथमिकता दिइएको छ । सुरक्षासम्बन्धी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कार्यका साथै आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक कार्य पनि राज्यका कार्यअन्तर्गत समाविष्ट गरिएका छन् । आन्तरिक शान्ति-सुरक्षा एवं बाह्य आक्रमणबाट प्रतिरक्षा र प्रजाको सुख समृद्धिका लागि कल्याणकारी कार्य गर्नु नै राज्यको मूल उद्देश्य हो । कौटिल्यका अनुसार राज्यका कार्य निम्नअनुसार छन्:

आन्तरिक शान्ति सुरक्षासम्बन्धी कार्य (Maintaining Internal Order)

समाजमा शान्तिसुरक्षा कायम गर्नु राज्यको महत्त्वपूर्ण कार्य हो । राजाले सर्वप्रथम आफ्नो सुरक्षामा ध्यान दिनुपर्छ भन्ने कौटिल्यको विचार छ । स्वधर्मको पालना गर्नु र गराउनु राजाको कर्तव्य हो । राजाले स्थापित विधिको पालन गर्नु र गराउनु पर्दछ । अपराधी वा दुष्ट प्रकृतिका व्यक्तिलाई दण्डसजाय गर्नु र सज्जनको रक्षा गर्नु राजाको कर्तव्य हो । राजाले राज्यशक्तिको प्रयोग प्रजालाई मात्स्यन्यायबाट रक्षा गर्नका लागि गर्नुपर्छ भन्ने कौटिल्यको विचार रहेको छ । सामाजिक सुव्यवस्था कायम गर्नु र आन्तरिक विद्रोह दबाउनु पनि राज्यको सुरक्षासम्बन्धी कार्य मानिएको छ । राजाले खराब आचरण भएका आफ्ना कर्मचारीबाट जनताको रक्षा गर्नुपर्छ । खराब आचरण भएका अधिकारीलाई दण्ड दिने अधिकार पनि राजालाई दिइएको छ । समाजमा शान्तिसुरक्षा कायम गर्नु, बाह्य आक्रमणबाट राज्यको रक्षा गर्नु राजाको प्राथमिक कर्तव्य हो । वर्णाश्रमधर्मको पालना गर्नु र गराउनु राजाको कर्तव्य हो । राजाले यो मर्यादा कायम गरे प्रजा दुःखी हुँदैनन् । प्रजापालन, प्रजारञ्जन, यज्ञ, दान, अनुशासन, राज्यको विस्तार आदि राजाका कर्तव्य हुन् । नीतिशास्त्रको निर्देशनअनुसार राज्यको शासन सञ्चालन गर्नु राजाको कर्तव्य मानिएको छ । कौटिल्यले राजालाई नीतिशास्त्रअनुसार शासन सञ्चालन गर्न स्पष्ट सल्लाह दिइएका छन्[७] (कौटिल्य, सूत्र, ४८) ।

बाह्य आक्रमणबाट सुरक्षासम्बन्धी कार्य (Protection Against Invasion)

कौटिल्यको समयमा शक्तिशाली राज्यले कमजोर राज्यमाथि आक्रमण गर्ने गर्दथे । त्यस कारण सम्भावित बाह्य आक्रमणबाट राज्य र प्रजाको रक्षा गर्नु राजाको महत्त्वपूर्ण कार्य थियो । बाहिरी आक्रमणबाट राज्यको सुरक्षाको सुनिश्चितताका लागि सैन्यबल सङ्गठित गरिनुपर्छ भन्ने पक्षमा कौटिल्य छन् । सुरक्षासम्बन्धी नीति निर्धारण गर्ने अधिकार पनि राजालाई प्रदान गरिएको छ ।

आर्थिक कार्य (Economic Functions)

कौटिल्यका अनुसार कर उठाउनु राज्यको प्राथमिक कार्य हो । कर उठाएर समृद्ध राज्यकोषको व्यवस्था गर्नुका साथै कृषि, पशुपालन, उद्योग आदिमा समेत राज्य संलग्न भई

७ नीतिशास्त्रानुगो राजा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आर्थिक समृद्धि हासिल गर्नुपर्ने पक्षमा कौटिल्य छन् । उनले कृषि, पशुपालन, व्यापार,वन, खानी एवं कारखाना सञ्चालनसम्बन्धी कार्य समेत राज्यको दायित्वमा समावेश गरेका छन् । आर्थिक क्रियाकलापमा निजीक्षेत्रको भूमिकालाई पनि कौटिल्यले महत्त्व दिएका छन् । कौटिल्यका अनुसार कृषि विभागको अध्यक्षलाई सीताध्यक्ष भनिन्छ । सीताध्यक्ष कृषिशास्त्र, शुल्बशास्त्र[८] र वृक्षविज्ञानको ज्ञाता हुनुपर्थ्यो । अन्न, फलफूल, सागसब्जी, कन्दमूल, सनपाट, कपास आदिको बीउ सङ्ग्रह गर्नुका साथै समयमा खेती गराउनु पर्छ भन्ने कौटिल्यको मत छ । खेतीका लागि सिचाइको प्रबन्ध मिलाउनु पनि राज्यको कार्य मानिएको छ । खेती गराउने काममा राज्यको संलग्नताको पक्षमा कौटिल्य छन् (कौटिल्य, अधि.२, अ.२४) । कृषिसम्बन्धी कार्यका साथै कौटिल्यले पशुधनको रक्षा तथा वृद्धिको दायित्व पनि राज्यलाई सुम्पेका छन् । पशु विभागको प्रमुखलाई गोअध्यक्ष भनिन्थ्यो । घोडा र हात्तीका लागि अलग विभागको व्यवस्था गरिएको छ । हात्ती, घोडा, गाई, उँट, बाख्रा, भेडा आदि पशु राज्यका सम्पत्ति हुन् भन्ने कौटिल्यको मत छ (कौटिल्य, अधि.२, अ.२९-३१) । पशु पालनमा राज्यको प्रत्यक्ष संलग्नता हुन्थ्यो । व्यापार विस्तारमा सहायता गर्नु पनि राज्यको दायित्व मानिन्थ्यो । राज्यको समृद्धिका लागि उद्योग र खानी सञ्चालन गर्नु पनि राज्यको दायित्व मानिएको छ । यसरी आर्थिक गतिविधिमा राज्यको प्रत्यक्ष संलग्नताको पक्षमा कौटिल्य देखिन्छन् । कौटिल्यका अनुसार समृद्ध अर्थतन्त्र नै शक्तशाली राज्यको आधार हो । राज्यमा कृषि, पशुपालन र उद्योग-व्यापार प्रवर्द्धन गर्नुपर्छ । प्रजालाई पीडा नदिई कर उठाउनु राजाको निर्धारित कर्तव्य हो ।

लोककल्याणकारी कार्य (Welfare of the People)

अग्नि, जल, दुर्भिक्ष, सर्प, बाघ, राक्षस एवं रोगव्याधि आदि महाविपदबाट प्रजाको रक्षा गर्नु राजाको कर्तव्य हो भन्ने कौटिल्यको मत छ (कौटिल्य, अधि.४, अ.३) । प्रजाको चिकित्साको उचित प्रबन्ध मिलाउनु एवं शिक्षाको व्यवस्था मिलाउनु पनि राज्यको दायित्व मानिएको छ । कौटिल्यका अनुसार राज्यमा वृद्ध, अपाङ्ग, असहाय, महिला, अनाथ, रोगी आदिको पालनपोषण गर्नु राज्यको दायित्व हो । दुर्भिक्षका समयमा जनतालाई सहायता गर्नुपर्छ भन्ने कौटिल्यको विचार छ । राज्यका कार्यको उल्लेख गर्ने सन्दर्भमा कौटिल्य प्रजाको हितलाई राज्यले प्राथमिकता दिनुपर्छ भन्ने पक्षमा छन् । उनको भनाइअनुसार प्रजाको सुख नै राजाको सुख र प्रजाको हित नै राजाको हित हो । आफूलाई प्रिय लाग्ने कुनै हित राजाको हुँदैन, प्रजाको हित नै राजाको हित हो भन्ने कौटिल्यको विचार छ (कौटिल्य, अधि.१, अ.१८) । कौटिल्य लोककल्याणकारी राज्य पक्षमा रहेका छन् ।

---

८ भूमिको नापी गर्नका लागि उपयोग गरिने बौधायनले विकास गरेको ज्यामितिको सिद्धान्तसम्बन्धी ज्ञान शुल्बशास्त्र हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विधि निर्माणसम्बन्धी कार्य (Rule Making)

लोकतन्त्रमा कानुन निर्माणसम्बन्धी कार्य व्यवस्थापिकाले गर्दछ । व्यवस्थापिका जनप्रतिनिधिको सभा हो । कौटिल्यको राज्यव्यवस्थामा नियम लागु गर्ने कार्यमा मात्र राजालाई जिम्मेवार बनाइएको छ । कानुन बनाउने काम राजाको अधिकारक्षेत्रभित्र पर्दैन । राजाले श्रुति, स्मृति र प्रथाद्वारा नीर्धारित नीतिअनुसार राज्यको शासन सञ्चालन गर्नुपर्छ भन्ने कौटिल्यको विचार छ । नीतिबमोजिम शासन सञ्चालन गर्नु राजाको निर्धारित कर्तव्य हो । नीतिको उल्लङ्घन गर्ने अधिकार राजालाई छैन ।

न्यायसम्बन्धी कार्य (Judicial Functions)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राजालाई न्यायको स्रोत मानिएको छ । कौटिल्यको समयमा जनताको जीवन एवं सम्पत्तिको रक्षा तथा दुष्ट अपराधीलाई दण्ड दिनका निम्ति न्यायिक कार्य आवश्यक मानिन्थ्यो । राजाले योग्य व्यक्तिलाई न्यायाधीश पदमा नियुक्त गर्नुपर्छ भन्ने कौटिल्यको मत छ । उनले न्याय प्रशासनलाई व्यवहार र कण्टकशोधन गरी दुई भागमा विभाजन गरेका छन् । व्यवहारसम्बन्धी न्यायालयलाई धर्मस्थ न्यायालय भनिन्छ (कौटिल्य, अधि.३, अ.१) । व्यवहार अन्तर्गत दोषी व्यक्तिलाई दण्ड दिने र निर्दोष व्यक्तिको अधिकार संरक्षण गर्नु राज्यको कर्तव्य हो । गम्भीर प्रकृतिका अपराधको सुनुवाइका लागि कण्टकशोधन न्यायालयको व्यवस्था कौटिल्यले गरेका छन् (कौटिल्य, अधि.४, अ.१) । दुष्ट कर्मचारी, व्यवसायी, राजद्रोही आदिको सुनुवाइ कण्टकशोधन न्यायालयमा गरिन्थ्यो । धर्म, व्यवहार, चरित्र र राजशासन विवादको निर्णयका कानुनी आधार हुन् । यी चार कानुनी आधार मध्ये राजाको आज्ञा सबै भन्दा महत्त्वपूर्ण हुन्छ भन्ने कौटिल्यको मत छ । धर्म सत्यमा आधारित हुन्छ । साक्षीले भनेका विषयलाई व्यवहार भनिन्छ । समाजमा प्रचलित सदाचार वा परम्परालाई चरित्र भनिन्छ । राजाले शास्त्रअनुसार विवादको निर्णयका सिलसिलामा गरेको निर्णयलाई राजशासन भनिन्छ (कौटिल्य, अधि.३, अ.१, श्लो.३) । कौटिल्यले लिखत, साक्षी र भोगलाई प्रमाण मानेका छन् । सत्यता पत्ता लगाउन साक्षी र गुप्तचरको प्रयोग गर्न सकिन्छ भन्ने कौटिल्यको विचार छ । राजा न्यायका प्रतीक हुन् । निष्पक्ष न्याय दिनु राजाको कर्तव्य हो । अपराध र भ्रष्टाचार नियन्त्रमा कठोर दण्डको प्राब्धान कौटिल्यले गरेका छन् ।

सामाजिक तथा धार्मिक कार्य (Social and Religious Functions)

कौटिल्यले वैदिक सनातन समाजमा प्रचलित वर्णाश्रमधर्मको पालना गराउनु राजाको कर्तव्य मानेका छन् । आफ्ना प्रजालाई स्वधर्ममा प्रवृत्त राख्न समर्थ राजाले यस लोकका साथै परलोकमा समेत सुख प्राप्त गर्दछ भन्ने कौटिल्यको विचार छ (कौटिल्य, अधि. १,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अ.२) । यसको अर्थ वैदिक सनातन धर्मका सामाजिक एवं धार्मिक मान्यताका आधारमा सामाजमा शान्ति सुव्यवस्था कायम गर्नु राज्यको दायित्व थियो। यज्ञ गर्नु र दान दिनु पनि राजाको कार्यक्षेत्रभित्र राखिएको छ।

अन्तर्राष्ट्रिय सम्बन्ध र राज्यविस्तार (Interstate Relations and Expansion of Territory)

सीमा विस्तार गर्नु कौटिल्यका अनुसार राज्यको महत्त्वपूर्ण कार्य हो। उनले सीमा विस्तार राज्यको समृद्धिका लागि आवश्यक मानेका छन्। उनले विजिगीषु राजालाई आफ्नो राज्यविस्तार गर्न अपनाउनु पर्ने आवश्यक उपायको पनि परामर्श दिएका छन्। राज्यको सीमाविस्तार गर्नु र एकीकृत साम्राज्य निर्माण गर्नु राजाको कर्तव्य हो भन्ने कौटिल्यको मत छ। उनको विदेशनीतिको उद्देश्य राज्यविस्तार हो। यसका आधारमा कौटिल्यलाई विस्तारवादी सिद्धान्तका समर्थक भन्न सकिन्छ।

राजाको शक्तिमाथि नियन्त्रण (Control Over the Power of the King)

कौटिल्य शक्तिशाली राजतन्त्रका पक्षमा छन्। उनको राज्यव्यवस्थामा राजामा राज्यको सर्वोच्च शक्ति निहित गरिएको छ तापनि राजा निरङ्कुश र स्वच्छाचारी हुन नपाउन भन्ने उद्देश्यले राजाको शक्तिमाथि नियन्त्रणको उचित प्रबन्ध मिलाएको छ। राजाको शक्ति नियन्त्रण गर्ने उपाय निम्नानुसार रहेका छन्:

नैतिक शिक्षा (Moral Education)

कौटिल्यले राजाको शिक्षामा जोड दिएका छन्। राजा बहुश्रुत हुनुपर्छ भन्ने उनको विचार छ। धेरै शास्त्रको अध्ययन गरेका व्यक्तिलाई बहुश्रुत भनिन्छ। अध्यात्म विद्या, वेद, वार्ता र दण्डनीति चार विद्याको अध्ययन गरी राजा शासनकलामा निपुण हुनुपर्छ भन्ने कौटिल्यको विचार छ। शिक्षाको माध्यमबाट राजालाई दुर्व्यसनमुक्त, सदाचारी र विनयी बनाउन सकिन्छ भन्ने उनको मान्यता छ। इमादारीपूर्वक जनताको हितको लागि शासन सञ्चालन गर्नु राजाको कर्तव्य हो। अर्थशास्त्रमा अन्तरराज्य सम्बन्धका सन्दर्भमा राजाले राज्यको हितको पवित्र लक्ष्य प्राप्तिका लागि अनैतिक साधनको प्रयोग गर्न सक्छन् भन्ने उल्लेख गरिएको छ। आन्तरिक प्रशासनमा भने नैतिकताको पालन गर्नु राजाको कर्तव्य मानिएको छ। नैतिकता राजाको स्वेच्छाचारी शक्तिमाथि नियन्त्रण गर्ने माध्यम मानिएको छ।

नीतिशास्त्रअनुसार शासन (Rule of Nitishastra)

नीतिशास्त्रअनुसार शासन सञ्चालन गर्नु राजाको कर्तव्य भन्ने कौटिल्यको विचार छ। आधुनिक लोकतन्त्रमा विधिको सर्वोच्चता भएजस्तै कौटिल्यको राज्यव्यवस्थामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
नीतिको सर्वोच्चता कायम गरिएको छ। नीतिशास्त्रको उल्लङ्घन गर्ने अधिकार राजालाई दिइएको छैन। राजालाई नीतिका अधीनमा राखिएको छ।

मन्त्री र पुरोहितको परामर्श (Advice of the Amatyas)

मन्त्री र पुरोहितलाई अमात्य मानिएको छ। राजाले मन्त्री र पुरोहितको परामर्शबमोजिम शासन सञ्चालन गर्नुपर्छ भन्ने कौटिल्यको विचार छ। उनी राजाको स्वेच्छाचारी शासनका विपक्षमा रहेका छन्।

जनमतको कदर (Respect of Public Opinion)

कौटिल्यका अनुसार राज्य जनताको हितको साधन हो। जनताको सेवा गर्नु राजाको कर्तव्य हो। जनताको हित विपरीत कुनै पनि काम गर्न कौटिल्यले राजालाई निषेध गरेका छन्। जनमतको सम्मान गर्नु राजाको कर्तव्य मानिएको छ। अर्थशास्त्रमा जनमतको अवहेलना गर्ने राजाका विरुद्ध जनताको विद्रोहको अधिकार सुनिश्चित गरिएको छ। जनविद्रोहका डरले गर्दा राजा स्वेच्छाचारी हुन सक्ने सम्भावना कम हुन्छ भन्ने कौटिल्यको विचार छ।

अन्तरराज्य सम्बन्धका सिद्धान्त (Theory of Interstate Relations)

कौटिल्यको अर्थशास्त्र राजालाई मार्गदर्शन गर्नका लागि रचना गरिएको ग्रन्थ हो। उनको समयमा भारतवर्ष ससाना राज्यहरूमा विभाजित थियो। उनका अनुसार पृथ्वीलाई देश भनिन्छ। हिमालयदेखि दक्षिण समुद्र पर्यन्त र पूर्व-पश्चिम एक हजार योजन अर्थात् चार हजार कोशबीचको भूभाग चक्रवर्ती क्षेत्र हो[१] (कौटिल्य, अधि.९, अ.१)। चक्रवर्ती क्षेत्रको एकीकरण गरी शक्तिशाली साम्राज्य निर्माण गरेर मात्र बाह्य आक्रमणबाट यस भूमिलाई जोगाउन सकिन्छ भन्ने कौटिल्यको विचार छ। उनले परम्परागत रूपमा हिन्दु राजनीतिक चिन्तनमा रहेको साम्राज्य निर्माणको अवधारणालाई नयाँ ढङ्गबाट विश्लेषण गरेका छन्। चार उपाय, राज्यमण्डल र षड्गुण सिद्धान्तको व्यावहारिक प्रयोगका लागि सशक्त विश्लेषण कौटिल्यले प्रस्तुत गरेका छन्।

राज्य मण्डल सिद्धान्त (Mandala Theory)

मण्डलको अर्थ राज्यको वृत्त हो। त्यस वृत्तमा साना ठूला अनेक राज्य हुन्छन्। कौटिल्यको मण्डल सिद्धान्तमा वृत्तको केन्द्रमा विजिगीषु राज्यलाई राखिएको छ। प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राजाहरूमा चक्रवर्ती पद प्राप्त गर्ने चाहनालाई आदर्श मानिन्थ्यो। आफ्नो पराक्रम, वैभव, सैन्य शक्ति र युद्ध कौशलद्वारा छिमेकी राज्यहरूलाई आफ्नो

---

१ देशः पृथिवी। तस्यां हिमवत्समुद्रान्तरमुदीचीनं योजनसहस्रपरिमाणं तिर्यक् चक्रवर्तिक्षेत्रम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आधिपत्य स्वीकार गर्न विवश गराउन सक्षम राजालाई चक्रवर्ती राजा भनिन्थ्यो। चक्रवर्ती पद प्रतिष्ठाको रूपमा लिइन्थ्यो। कौटिल्यको मण्डल सिद्धान्तको उद्देश्य पनि दिग्विजयी राजा बनाउनु हो।

राज्य मण्डलअन्तर्गत पाँच श्रेणीका राज्य हुन्छन्। विजिगीषु, शत्रु, मित्र, मध्यम र उदासीन राज्यका पाँच श्रेणी हुन्। कौटिल्यले विजिगीषु, अरि, मित्र, अरिमित्र, मित्रमित्र, अरिमित्रमित्र, पार्ष्णिग्राह, आक्रन्द, पार्ष्णिग्राहसार, आक्रन्दसार, मध्यम र उदासीन गरी बाह्र प्रकृतिका राज्यलाई राज्यमण्डलको वृत्तअन्तर्गत राखेका छन्।

राष्ट्रिय शक्ति (National Power)

वर्तमान अन्तर्राष्ट्रिय राजनीतिमा शक्तिको महत्त्वपूर्ण भूमिका हुन्छ। बीसौं शताब्दिका महान् राजनीति शास्त्री हेन्स् जे. मर्गेन्थाउका अनुसार शक्ति प्राप्त गर्न र त्यसको प्रयोगको लागि राज्यहरूबीच हुने सङ्घर्षलाई अन्तर्राष्ट्रिय राजनीति भनिन्छ। हिन्दु राजनीतिक चिन्तनमा इसापूर्व चौथो शताब्दीमा नै कौटिल्यले सिद्धि प्राप्त गर्ने माध्यमको रूपमा शक्तिको व्याख्या गरेका छन्। उनका अनुसार राज्यको बललाई शक्ति भनिन्छ[१०] (कौटिल्य, अधि.६, अ.२)। राजा आफ्नो शक्ति बढाउन निरन्तर प्रयत्नशील रहनुपर्छ भन्ने कौटिल्यको मत छ। बल तीन प्रकारका हुन्छन् र शक्ति पनि तीन प्रकारका हुन्छन्। कौटिल्यले ज्ञानबल, कोषदण्डबल र विक्रकबलका आधारमा शक्ति पनि तीन प्रकारका मानेका छन्। ज्ञानबल मन्त्रशक्ति आधार हो। कोषदण्डबलबाट प्रभुशक्ति र विक्रमबलबाट उत्साहशक्ति उत्पन्न हुन्छ।

षाड्गुण्य सिद्धान्त (Six Methods Of Foreign Policy)

राज्यहरूबीच पारस्परिक सम्बन्धका लागि हिन्दु राजनीतिक चिन्तनमा मनुस्मृतिदेखि नै षड्गुण सिद्धान्तको विकास गरिएको थियो। षड्गुण सिद्धान्तको अर्थ परराष्ट्रनीतिका छवटा सिद्धान्त भन्ने बुझिन्छ। राज्यहरूबीचमा परस्पर सहयोग वा द्वन्द नै अन्तर्राष्ट्रिय राजनीतिको मूल स्वभाव हो। कौटिल्यभन्दा पहिलेका राजनीतिक विचारक वातव्याधिको परराष्ट्रनीतिका दुईवटा मात्र पक्ष सन्धि र विग्रह हुन् षड्गुण यिनै दुई सिद्धान्तका भेद मात्र हुन् भन्ने मान्यता कौटिल्यले अर्थशास्त्रमा उद्धृत गरेका छन्। कौटिल्य षड्गुण सिद्धान्तका पक्षमा छन्। सन्धि, विग्रह, यान, आसन, संश्रय र द्वैधीभाव षड्गुण हुन्। राज्यहरूबीच कुनै शर्तमा मेलमिलाप हुनु सन्धि हो भने शत्रुको अपकार गर्नु विग्रह हो। शत्रुको उपेक्षा गरेर बस्नु आसन हो भने युद्धका लागि प्रस्थान गर्नु यान हो। यसैगरी आत्मसमर्पण गर्नु संश्रय हो। एउटासँग सन्धि र अर्कोसँग विग्रहको नीति अँगाल्नु द्वैधीभाव हो[११] (कौटिल्य, अधि.७,

---

१० बलं शक्तिः।

११ तत्र पणबन्धः सन्धिः, अपकारो विग्रहः, उपेक्षणमासनम्, अभ्युच्चयो यानं, परार्पणं संश्रयः, सन्धिविग्रहोपादानं द्वैधीभाव इति षड्गुणाः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
अ.१) । यी गुणहरूको उचित प्रयोगमा नै राज्यको विजय र पराजय निर्भर हुन्छ भन्ने कौटिल्यको मत छ ।

चार उपाय (Four Expedients)

साम,दान, भेद र दण्ड प्राचीन हिन्दु राजनीतिक चिन्तकहरूद्वारा विवेचना गरिएका चार उपाय हुन् । यी चार उपायको प्रयोग व्यक्तिको जीवनका साथै राज्यको आन्तरिक प्रशासन एवं बाह्य मुलुकसँगको कूटनीतिक सम्बन्धमा प्रयोग गर्न सकिन्छ । कौटिल्यका अनुसार साम, दान, भेद र दण्ड गरी चार उपाय छन्[१२] (कौटिल्य, अधि.२, अ.१०) । उनले यी चार उपायको परिभाषा दिनुका साथै प्रयोगको तरिकासमेत बताएका छन् । साम, दान, भेद उपायबाट शत्रुमाथी विजय प्राप्त गर्न असमर्थ भएमा अन्तिम उपायको रूपमा दण्ड वा युद्धको प्रयोग गर्न कौटिल्यले सल्लाह दिएका छन् ।

युद्ध (War)

कौटिल्यका अनुसार विदेश नीतिका छ सिद्धान्तमध्ये विग्रह वा युद्ध एउटा महत्त्वपूर्ण नीति हो । उनले यसका विभिन्न पक्षबारे विस्तृत वर्णन गरेका छन् । राज्यहरूबीच एक अर्कालाई हानि गर्नु विग्रह हो[१३] (कौटिल्य, अधि. ७, अ.१) । शत्रुको तुलनामा आफू शक्तिशाली भएको अवस्थामा युद्ध गर्नुपर्छ भन्ने कौटिल्यको विचार छ[१४] (कौटिल्य, अधि. ७, अ.१) । कौटिल्यका अनुसार प्रकाशयुद्ध, कूटयुद्ध र तूष्णीयुद्ध गरी युद्ध तीन प्रकारका हुन्छन्[१५] (कौटिल्य, अधि.७, अ.६) । १) प्रकाशयुद्ध : स्थान र समय निश्चित गरी पूर्व घोषणा गरेर गरिने युद्ध प्रकाशयुद्ध हो । युद्धका नियमको पालना गरिने हुँदा प्रकाशयुद्धलाई धर्मयुद्ध पनि भनिन्छ । शत्रुभन्दा हरेक किसिमले बलवान् र शत्रुलाई पराजित गर्न सक्षम राजाले प्रकाशयुद्ध गर्नुपर्छ भन्ने कौटिल्यको विचार छ । २) कूटयुद्ध : थोरै सेनालाई धेरै देखाएर शत्रु पक्षमा भय पैदा गर्नु, दुर्गमा आगो लगाउनु एवं लुटपाट गर्नु, शत्रु दुर्व्यसनमा परेको र तयारी नभएको अवस्थामा त्यसमाथि आक्रमण गर्नु तथा एक ठाउँमा युद्ध भइरहेको अवस्थामा अर्को ठाउँमा आक्रमण गर्नु कूटयुद्ध हो । शत्रुभन्दा आफू कमजोर भएको अवस्थामा राजाले कूटयुद्धको आश्रय लिनुपर्छ भन्ने कौटिल्यको विचार छ । विजयको असल उद्देश्यका लागि अनैतिक उपायको प्रयोग गर्न राजालाई सल्लाह दिएका हुँदा राजनीतिलाई नैतिकताबाट अलग गरेको श्रेय कौटिल्यलाई दिइन्छ । ३) तूष्णीयुद्धः विष, औषधि एवं गुप्तचरद्वारा धोखा दिएर शत्रुको विनाश गर्नु तूष्णीयुद्ध हो (कौटिल्य, अधि.७, अ.६) । कूटयुद्ध र तुष्णीयुद्धमा युद्धका नियमको पालना गर्नु पर्दैन भन्ने कौटिल्यको विचार रहेको छ ।

१२ उपायाः सामोपप्रदानभेददण्डाः ।

१३ अपकारो विग्रहः ।

१४ अभ्युच्चीयमानो विगृह्णीयात् ।

१५ विक्रमस्य प्रकाशयुद्धं, कूटयुद्धं, तूष्णीयुद्धम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कौटिल्यले राज्यको कार्यक्षेत्र अत्यन्त व्यापक र विस्तृत बनाएका छन्। राजालाई राज्य र जनताको सेवक मान्ने हिन्दु राज्यव्यवस्थाको परम्परागत मान्यताका पक्षमा उनी छन्। राजाले आफूलाई शासक होइन जनताको सेवक र संरक्षक ठान्नुपर्छ। व्यक्तिको राजनीतिक, आर्थिक एवं सामाजिक जीवनका सबै पक्ष राज्यको कार्यक्षेत्रभित्र समावेश गरिएको छ। कौटिल्यको राज्यको कार्यसम्बन्धी अवधारणामा लोककल्याणकारी राज्यको मान्यतासमेत समावेश गरिएको छ।

दूत (Diplomatic Envoy)

कौटिल्यले राज्यहरूबीचको कूटनीतिक सम्बन्धमा महत्त्वपूर्ण पदाधिकारी दूतलाई मानेका छन। दूतको योग्यता र कार्यविधिको अर्थशास्त्रमा उल्लेख छ। राजालाई राजदूतको नियुक्ति गर्ने अधिकार दिइएको छ। बाह्य राज्यमा राजाको प्रतिनिधित्व गर्नु र राजाहरूबीच सन्देश आदानप्रदान गर्नु दूतका निर्धारित कार्य हुन्। दूतले बाह्य मुलुकको गोप्य सूचना राजालाई उपलब्ध गराउनु पनि दूतको कर्तव्य मानिएको छ। दूत अवध्य हुन्छन् भन्ने कौटिल्यको मत छ।

गुप्तचर (Spy)

कौटिल्यका अनुसार गुप्तचर राज्यव्यवस्थाका अभिन्न अङ्ग हुन्। आन्तरिक र बाह्य सूचना थाहा पाउन गुप्तचरको नियुक्ति गरिन्थ्यो। गुप्तचरले गोप्य रूपमा सूचना सङ्कलन गर्नुपर्छ। कौटिल्यले कापटिक, उदास्थित, गृहपतिक, वैदेहक, तापस, सत्री, तीक्ष्ण र रसद गरी नौ प्रकारका गुप्तचरको उल्लेख गरेका छन्। राज्यभित्रका सूचना सङ्कल गर्ने आभ्यन्तरचर हुन् र बाह्य सूचना सङ्कलन गर्ने बाह्यचर हुन्।

निष्कर्ष (Conclusion)

आचार्य कौटिल्यले इसापूर्व चौथो शताब्दिको अन्त्यतिर अर्थशास्त्रको रचना गरेका थिए। उनी प्राचीन हिन्दु राजनीतिक चिन्तन परम्पराका महान् राजनीतिज्ञ एवं राजनीतिक विचारक थिए। राजनीतिशास्त्रलाई स्वतन्त्र शास्त्रका रूपमा सर्वप्रथम कौटिल्यले स्थापित गरेको थिए। राजनीति, प्रशासनिक व्यवस्था र कूटनीति सञ्चालनमा उनको अर्थशास्त्रले इतिहासको लामो अवधिसम्म मार्गदर्शकको रूपमा काम गरको मानिन्छ।

कौटिल्यका अनुसार राज्य महत्त्वपूर्ण राजनीतिक सङ्गठन हो। उनले राज्यको सप्ताङ्ग सिद्धान्त सिद्धान्तको प्रतिपादन गरेका छन्। राजा, अमात्य, राष्ट्र, दुर्ग, कोष, दण्ड र मित्र राज्यका सात अङ्ग हुन्। सात अङ्गको आङ्गिक एकताबाट राज्यको निर्माण हुन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

शासनकला (Statecraft) कौटिल्यको अर्थशास्त्रको मुख्य प्रतिपाद्य विषय हो। उनले राज्यको शासन सञ्चालनलाई कौशलपूर्ण कला मानेका छन् । कौटिल्यले शक्तिशाली राजतन्त्रको समर्थन गरेका छन्। उनले शासन सञ्चालनमा राजालाई सहयो गर्न अमात्य र विभिन्न प्रशासनिक विभाग गठनको व्यवस्था गरेका छन् । अमात्य र कर्मचारीहरू राजाका सहयोगी हुन्। तिनको नियुक्तिको अधिकार राजालाई दिइएको छ। राजा, अमात्य तथा अन्य अधिकारीहरू काम, क्रोध, लोभ र मोहसम्बन्धी दुर्व्यसनबाट मुक्त, सदाचारी, इमानदार, सत्यनिष्ठ, धर्मपरायण र विनयी हुनुपर्छ भन्ने कौटिल्यको विचार छ। कौटिल्यका अनुसार राजाले वैदिक परम्पराको सम्मान गर्नुपर्छ । राजाले राजधर्मअनुसार राज्य सञ्चालन गर्नुपर्दछ भन्ने कौटिल्यको विचार छ। शास्त्रको मर्यादा विपरीत कुनै कार्य गर्ने शक्ति भने राजालाई दिइएको छैन। आन्तरिक शासन सञ्चालनमा कौटिल्यले राजालाई नैतिकता विपरित कार्य गर्ने छुट दिएका छैनन् । राजालाई धर्म र परम्पराको अधीनमा राखिएको छ । राजा र राजाका सहयोगी अमात्य एवं अन्य कर्मचारीका साथै सम्पूर्ण जनताले आ-आफ्नो कर्तव्य पालना गर्नुपर्छ भन्ने विषयमा कौटिल्यले जोड दिएका छन्। कर्तव्य पालन गर्नु स्वधर्म हो।

राज्यको कार्यक्षेभित्र आन्तरिक शान्ति सुव्यवस्था कायम गर्नु राजाको प्रमूख कर्तव्य हो। दुष्टलाई कठोर दण्ड दिनु र सज्जनको रक्षा गर्नु शान्तिसुरक्षासम्बन्धी कार्य हो। निष्पक्ष न्याय सम्पादन गर्नु पनि राजाको कर्तव्य मानिएको छ। साथै जनताको सामाजिक र आर्थिक उत्थानको कार्य पनि राज्यको कार्यक्षेत्रभित्र राखिएको छ। यसरी कौटिल्यले राजालाई प्रजाको हितको संरक्षक बनाएका छन्। राजालाई राज्य र जनताको सेवक मान्ने हिन्दु राज्य व्यवस्थाको परम्परागत मान्यताका पक्षमा उनी छन् । राजाले आफूलाई शासक होइन जनताको सेवक र संरक्षक ठान्नुपर्छ। व्यक्तिको राजनीतिक, आर्थिक एवं सामाजिक जीवनका सबै पक्ष राज्यको कार्य क्षेत्र भित्र समावेश गरिएको छ।

कूटनीतिका क्षेत्रमा पनि कौटिल्यले महत्त्वपूर्ण योगदान दिएका छन् । उनको राज्यमण्डल सिद्धान्त, विदेशनीतिका छ सिद्धान्त, चार उपाय, धर्मयुद्ध र कूटयुद्ध, दूत र गुप्तचरको प्रयोगका नियम प्रतिपादन गरेका छन् । भौगोलिक सीमा जोडिएको राज्य विजिगीषु राज्यको शत्रु राज्य हुन्छ भन्ने कौटिल्यको सिद्धान्त छ। कौटिल्यका अनुसार साम्राज्य निर्माण गर्नु राजाका निम्ति गौरवको विषय हो। अत: उनले राज्यविस्तार र शत्रुको उच्छेदनका लागि जुन सुकै अनैतिक उपायको प्रयोग गर्ने अनुमति राजालाई दिएका छन्। त्यस कारण उनलाई राजनीतिशास्त्रलाई नैतिकताबाट अलग गरेको श्रेय पनि दिने गरिन्छ। कौटिल्य राज्य र जनताको हितको सर्वोच्चताका पक्षमा छन्। प्रजाको सुख नै राजाको सुख हो तथा प्रजाको हित नै राजाको हित हो, आफूलाई मन परेको कार्य गर्नु राजाको हितमा हुँदैन, प्रजालाई मन पर्ने कार्य गर्नुमा नै राजाको हित निहित हुन्छ भन्ने कौटिल्यको विचार छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कामन्दक
(Kamandak)

प्राचीन हिन्दु राजनीतिक चिन्तनको इतिहासमा कामन्दकको नाम निकै आदरका साथ लिइन्छ। कामन्दक कामन्दकीयनीतिसार ग्रन्थका रचयिता हुन्। कामन्दकको परिचय स्पष्ट छैन। उनको जन्मस्थान अज्ञात छ र उनको समयका बारेमा पनि विद्वानहरू एक मत छैनन्। कसैले उनको समय चौथो शताब्दी मान्दछन् भने ए. एस्. अल्तेकरले कामन्दकीयनीतिसार छैटौँ शताब्दीको रचना मान्दछन्। कामन्दकले कौटिल्यको अर्थशास्त्रका आधारमा नीतिसार ग्रन्थको रचना गरेको स्वयं स्वीकार गरेका छन्। त्यसैले उनी निश्चय नै कौटिल्यपछिका राजनीतिक चिन्तक हुन्। कामन्दकको समयमा कौटिल्यको राजनीतिक विचार प्रामाणिक मानिन्थ्यो। त्यसैले कौटिल्यको अर्थशास्त्रमा प्रस्तुत विचारलाई आधिकारिक र प्रामाणिक मानी कामन्दकले कामन्दकीयनीतिसार लेखेका हुन्। कामन्दकीयनीतिसार वास्तवमा कौटिल्यको अर्थशास्त्रको छन्दोबद्ध सारांश मानिन्छ। कामन्दकीयनीतिसारमा कम मात्र मौलिकता छ तापनि यो राजनीतिक चिन्तनको विशिष्ट ग्रन्थ हो। यसमा कौटिल्यका उपयोगी अर्थ- राजनीतिक सिद्धान्तको साङ्गोपाङ्ग उल्लेख गरिएको छ। कामन्दकीयनीतिसारमा १९ सर्ग छन्। प्रथम सर्गमा राजाको महत्त्व र राजा एवं प्रजाबीचको सम्बन्धको वर्णन गरिएको छ। त्यसपछि क्रमश: विद्या, वर्णाश्रम व्यवस्था, दण्डव्यवस्था, राज्यका सात अङ्ग, स्वामी र सेवकका कर्तव्य, न्याय सम्पादन, राज्यमण्डल, षाड्गुण्य सिद्धान्त, उपाय, मन्त्रणा, दूत, गुप्तचर, सेनापति र सेना, युद्ध र विजययात्रा आदि विषयमा विस्तृत वर्णन गरिएको छ। उनको राज्यव्यवस्थासम्बन्धी महत्त्वपूर्ण विचार सङ्क्षिप्त रूपमा यस प्रकरणमा प्रस्तुत गरिएको छ।

राजा र राज्यको उत्पत्ति (Origin of the King and State)

राजा र राज्यको उदयका सम्बन्धमा कामन्दकले दैवी सिद्धान्तको समर्थन गरेका छन्। उनी राजतन्त्रका समर्थक थिए। उनले राजालाई भूदेव मानेका छन्। मानिस बाध्य नभएसम्म धर्मको पालना गर्दैन। अत: मानिसलाई धर्मका मर्यादा पालन गराउन दण्डको आवश्यकता पर्दछ भन्ने उनको विचार छ। दण्ड राज्यको शक्ति हो। दण्ड धारण गर्न राजाको सिर्जना भएको हो। मानिसलाई धर्मको मार्गमा लगाउन राजा, राज्य र दण्ड दैवी सृजना हुन् भन्ने कामन्दकको विचार रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राज्यको सप्ताङ्ग सिद्धान्त (Theory of Seven Elements of State)

प्राचीन हिन्दु राजनीतिशास्त्रका अन्य विचारकजस्तै कामन्दक पनि राज्यका सात अङ्ग मान्ने सप्ताङ्ग सिद्धान्तका समर्थक रहेका छन् । कामन्दकका अनुसार स्वामी, अमात्य, राष्ट्र, दुर्ग, कोष, बल र सुहृद यी सात अङ्ग मिलेर राज्य निर्माण हुन्छ[१] (कामन्दन, स.४, श्लो.१) । राज्यका अङ्गहरूबीचको आङ्गिक एकताबाट राज्यको सिर्जना हुन्छ भन्ने प्राचीन परम्पराको कामन्दकीयनीतिसारमा समर्थन गरिएको छ । राज्यका अङ्गहरू परस्पर उपकारक मान्ने कामन्दकको विचारमा राज्यको आङ्गिक एकताको सङ्केत पाइन्छ ।

स्वामी (The King)

कामन्दकका अनुसार स्वामी राज्यको सबैभन्दा महत्त्वपूर्ण अङ्ग हो । राजालाई स्वामी भनिन्छ । कामन्दक क्षत्रिय राजाका पक्षमा छन् । समुद्रमा चालकबिनाको नौकाको जस्तो अवस्था राजाबिनाको समाजको हुन्छ भन्ने कामन्दकको विचार रहेको छ (कामन्दक, स.१, श्लो.१०) । राजाले दुष्टलाई दण्ड दिन्छन् र सज्जनको रक्षा गर्दछन् । राजाले प्रजालाई चन्द्रमाले जस्तै आनन्दित तुल्याउँछन् भन्ने कामन्दको विचार छ ।

राजाका गुणको वर्णन कामन्दकले गरेका छन् । उनले राजाका गुणलाई आत्मसम्पत् मानेका छन् । गुणरहित व्यक्ति राजपदका लागि योग्य हुँदैन भन्ने कामन्दकको विचार छ । उनका अनुसार वाग्मी, उत्साही, स्मृतिमान्, उन्नतिशील, बलबान्, जितेन्द्रिय, नेता, दण्डनीतिकुशल, शिल्पशास्त्रको ज्ञाता, उचित वैर गर्ने, अभियोग नसहने, सन्धि आदि षड्गुणको ज्ञाता, प्रतिकार गर्न सक्षम, परछिद्रको उपेक्षा नगर्ने, मन्त्र गोप्य राख्ने, देश काल र विभागको ज्ञाता, सत्पात्रको ज्ञाता, सत्पात्रमा दान दिने, क्रोध-भय-लोभ- वैर- स्तब्धता-चपलतारहित, शत्रुपीडक, अभिमान-ईर्ष्या-असत्यरहित, सामर्थ्यशाली, प्रियदर्शी, प्रियभाषी, गुणानुरागी र वृद्धसेवी राजामा हुनुपर्ने गुण हुन् ।

राजाको दुर्गुणलाई व्यसन वा दुर्व्यसन भनिन्छ । क्रोधबाट उत्पन्न हुने र कामबाट उत्पन्न हुने गरी व्यसन दुई प्रकारका हुन्छन् । वाक्पारुष्य, दण्डपारुष्य र अर्थदूषण क्रोधबाट सिर्जना हुने दुर्व्यसन हुन् । मृग मार्ने, जुवा खेल्ने, स्त्रीमा आसक्ति र मद्यपान कामबाट उत्पन्न हुने चार प्रकारका दुर्व्यसन हुन् । राजा गुणसम्पन्न र दुर्व्यसनरहित हुनुपर्छ भन्ने कामन्दकको विचार रहेको छ ।

कामन्दकले राजाको सुरक्षाको विशेष प्रबन्ध आवश्यक मानेका छन् । आन्तरिक र बाह्य षड्यन्त्रबाट सुरक्षित रहने व्यवस्था राजाले मिलाउनुपर्छ । राजाको दिनचर्याका विषयमा पनि कामन्दकले कौटिल्यद्वारा प्रतिपादित राजाको दिनचर्याको समर्थन गरेका

---

१ स्वाम्यमात्यश्च राष्ट्रं च दुर्गं कोषो बलं सुहृद् । परस्परोपकारीदं सप्ताङ्गं राज्यमुच्यते ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

छन् । कामन्दक राजतन्त्रका समर्थक रहेका हुँदा राजाको ज्येष्ठ औरस पुत्र राजाको उत्तराधिकारी बनाउने विषयमा उनको समर्थन रहेको छ । उनले गुणहीन व्यक्ति राजाको उत्तराधिकारी बन्न अयोग्य मानेका छन् । राजा आवश्यक गुणसम्पन्न, दुर्व्यसनरहित र विनीत हुनुपर्दछ भन्ने कामन्दकको विचार छ ।

शिक्षा (Education)

कामन्दकले आन्वीक्षिकी, त्रयी, वार्ता र दण्डनीति गरी चार विद्या मान्ने कौटिल्यको परम्पराको समर्थन गरेका छन् । आन्वीक्षिकी वा दर्शनशास्त्रबाट आत्माको ज्ञान प्राप्त हुन्छ । त्रयी वा तीन वेदबाट धर्म र अधर्मको ज्ञान हुन्छ । वार्ताशास्त्रबाट अर्थ र अनर्थको ज्ञान हुन्छ । दण्डनीतिबाट नीति र अनीतिको ज्ञान हुन्छ । नीति न्यायमा पुग्ने उपाय हो । चारै विद्या राजाका लागि आवश्यक मानिएको छ । दण्डनीतिलाई विशेष महत्त्व प्रदान गरिएको छ । राजाले विद्याको संरक्षण गर्नुपर्छ भन्ने कामन्दकको विचार छ । विद्याबाट विनयका साथै राज्य सञ्चालनकलाको व्यावहारिक ज्ञान हासिल गर्नु राजाका लागि विशेष महत्त्वपूर्ण मानिएको छ ।

अमात्य (Council of Ministers)

राज्यका सात अङ्गमध्ये अमात्य दोस्रो अङ्ग हो । कामन्दकका अनुसार शासन सञ्चालनमा राजालाई सहयोग गर्ने अमात्यको नियुक्ति गर्नुपर्दछ र मन्त्रीको परामर्शअनुसार राजाले शासन गर्नुपर्दछ । कामन्दकले मन्त्री, अमात्य र सचिव पदको प्रयोग गरेका छन् । मन्त्रीदेखि कर्मचारीसमेतलाई जनाउन अमात्य शब्द प्रयोग गरिएको छ । कामन्दकको वर्णनबाट मन्त्री, अमात्य र सचिव अलग पद थिए भन्ने स्पष्ट हुन्छ । राजालाई सल्लाह दिने माथिल्लो पद मन्त्री मानिएको छ । मन्त्रणा गोप्य हुनुपर्दछ भन्ने विषयमा अन्य आचार्यहरूले जस्तै कामन्दकले पनि जोड दिएका छन । निर्णय कार्यान्वयनमा सचिव र अमात्यलाई जिम्मेवार मानिएको छ । मन्त्रीको सङ्ख्या नतोकी आवश्यकताअनुसार मन्त्री नियुक्त गर्नुपर्छ भन्ने कामन्दकको विचार रहेको छ ।

कुलीन, पवित्र, शास्त्रज्ञ, दण्डनीतिको ज्ञाता, प्रगल्भ, दूरदर्शी, उत्साही, समयज्ञ, मित्रगुणसम्पन्न, क्लेश सहन सक्ने, सत्यवादी, स्वस्थ, धैर्यशील, दक्ष, सदाचारी, वीर, प्रियवादी, हितवक्ता र धर्मपरायण व्यक्ति मन्त्री पदका लागि योग्य हुन्छन् भन्ने कामन्दकको विचार रहेको छ । उच्च कर्मचारी उद्योगशील, ज्ञानी, अनुभवी तथा विशेष ज्ञानसम्पन्न हुनुपर्दछ भन्ने विषयमा पनि उनले जोड दिएका छन् । कर्मचारीको नियुक्तिको आधार योग्यता मानिएको छ । कर्मचारी राजाप्रति उत्तरदायी हुनुपर्दछ भन्ने कामन्दकको विचार छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राष्ट्र (Nation)

कामन्दकका अनुसार राज्यको तेस्रो अङ्ग राष्ट्र हो । उनले राष्ट्रअन्तर्गत भूमि , त्यसमा बसोबास गर्ने जनता र शासन व्यवस्थासमेत समावेश गरेका छन् । उर्वर, अन्न उत्पादन राम्रो हुने, प्रशस्त जलस्रोत भएको, व्यापारबाट समृद्ध, राजमार्गबाट विभूषित, खनिज पदार्थ भएको र वनसम्पदायुक्त भूमि उत्तम मानिएको छ। जनता देशप्रेमी, शत्रुद्वेषी, क्लेश सहन सक्ने, धार्मिक र धनी हुनुपर्छ । कामन्दकका अनुसार जनता उत्तम कृषक, व्यापारी, शिल्पी र स्वावलम्वी हुनुपर्छ । शासन सुव्यवस्थित भएको राष्ट्र उत्तम मानिएको छ।

पुर (Capital City)

पुर राज्यको अङ्ग मानिएको छ। पुरभित्र दुर्ग पनि समावेश हुन्छ। दुर्गभित्र राजधानी सुरक्षित हुनुपर्छ भन्ने कामन्दकको मान्यता रहेको छ। उनले जलदुर्ग, पर्वतदुर्ग, वृक्षदुर्ग, उसरदुर्ग र मरुभूमिदुर्ग गरी पाँच प्रकारका दुर्गको उल्लेख गरेका छन ।

कोष (Treasure)

कोष राज्यको अङ्ग मानिएको छ। शास्त्रको निर्देशानुसार कर सङ्कलन गर्नु राजाको कर्तव्य मानिएको छ। आय बढी र व्यय कम गर्नुपर्छ भन्ने कामन्दकको विचार रहेको छ। धर्मको स्थापना, आर्थिक समृद्धिका उपाय, राजकर्मचारीको पारिश्रमिक र आपतकालमा जनता र राज्यको रक्षा गर्ने कार्यमा राज्यकोषको व्यय समुचित मानिएको छ। कामन्दकले राज्यकोषको दुरुपयोग गर्न निषेध गरेका छन्।

दण्ड (Army)

दण्ड राज्यको अङ्ग हो । दण्डको अर्थ सेना हो । राजाको बल उसको सेना हो । कामन्दकीयनीतिसारमा बलियो सेना बनाउन राजालाई सल्लाह दिइएको छ । सेनाको सर्वोच्च अधिकारी सेनापति हुन् । कुलीन, स्वदेशमा जन्मेको, मन्त्रज्ञ, दण्डनीतिज्ञ र दण्डनीतिको प्रयोगमा कुशल आदि गुणसम्पन्न व्यक्ति सेनापति पदमा नियुक्तिका लागि योग्य मानिएको छ। सेनानी अमात्य हुने व्यवस्था गरिएको छ।

मित्र (Ally)

राज्यको अङ्गका रूपमा मित्रराज्यलाई मानिएको छ । त्यागी, ज्ञानी, बलशाली, प्रियवादी, दुरदर्शी, कुलीन, व्यभिचाररहित, कठिन अवस्थामा स्वच्छ मन भएको, वंशपरम्परागत, द्विविधारहित, आफूभन्दा कम शक्तिशाली, सधै आफ्नो पक्ष लिने, टाढाबाट देखे पनि नजिक आउने र अनुकूल वचन बोल्ने राजालाई राजाको मित्र बन्न योग्य मानेका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

छन्। राजाले आफ्ना मित्रलाई विभिन्न उपायको प्रयोग गरेर आफ्नो अनुकूल बनाउनुपर्छ भन्ने कामन्दकको विचार रहेको छ।

सभा र न्याय पद्धति (Sabha and Judicial Administration)

सभाको अर्थ न्यायालय हो। कामन्दकका अनुसार सभामा तीन, पाँच वा सात जना न्यायाधीश नियुक्त गर्नुपर्दछ। न्यायधीशलाई सभ्य भनिन्छ। सभ्यको नियुक्ति गर्ने अधिकार राजामा निहित गरिएको छ। राजालाई न्याय सम्पादनमा सहयोग गर्नका लागि प्राड्विवाक नियुक्त गर्ने व्यवस्था पनि रहेको छ। विवादको निर्णय गर्ने अन्तिम अधिकार राजामा निहित गरिएको छ। कामन्दक समुचित दण्ड व्यवस्थाका पक्षमा रहेका छन्। दण्ड दिन योग्य व्यक्तिलाई दण्ड दिनु राजाको कर्तव्य मानिएको छ। तीक्ष्ण दण्डबाट प्रजा रिसाउने सम्भावना हुन्छ। रिसाएका प्रजा शत्रुसँग मिल्ने सम्भावना हुन्छ। शास्त्रअनुसार दण्डको प्रयोग गर्न कामन्दकले राजालाई सल्लाह दिएका छन्। दण्डको डरले मात्र प्रजाले नियमको पालना गर्दछन् भन्ने कामन्दकको विचार छ।

पुरोहित (Purohit)

कामन्दकको शासन धर्मप्रधान रहेको छ जसमा पुरोहितको नियुक्ति अनिवार्य मानिएको छ। उनका अनुसार राजाले तीन वेदका ज्ञाता तथा दण्डनीतिका विशेषज्ञ ब्राह्मणलाई पुरोहित नियुक्ति गर्नुपर्छ।

दूत (Doot)

कामन्दकले राज्यका लागि दूत र गुप्तचरको आवश्यकताबारे उल्लेख गरेका छन्। उनले दूतलाई प्रकाशचर मानेका छन। कामन्दकका अनुसार वाक्पटु, प्रगल्भ, शास्त्रको ज्ञाता र कर्तव्यपरायण व्यक्ति दूतका लागि योग्य मानिएको छ। आफ्नो राजाको सन्देश अर्को राज्यको राजासम्म लैजानु दूतको प्रथम कर्तव्य मानिएको छ। आफ्नो स्वामीको प्रताप र प्रभाव स्थापित गर्नु दूतको कर्तव्य मानिएको छ। प्राचीन राजनीतिक चिन्तकहरूले जस्तै कामन्दकले पनि दूत अवध्य मानेका छन्। कामन्दकका अनुसार दूत अनुमति लिएर अर्काको राज्यमा प्रवेश गर्नुपर्दछ। आफ्नो पक्षको दुर्बलता प्रकट नगरी अरूको मनोभावना बुझ्नु दूतको कर्तव्य हो।

गुप्तचर (Spy)

कामन्दकले राज्यका लागि दूतका साथै गुप्तचरको आवश्यकताबारे पनि उल्लेख गरेका छन्। गुप्तचरलाई चर मात्र पनि भनिन्छ। आन्तरिक र बाह्य गरी दुई प्रकारका गुप्तचरको उल्लेख कामन्कले गरेका छन्। राज्यभित्रका सूचना सङ्कलन गर्नु आन्तरिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

चरको कार्यक्षेत्र तोकिएको छ। विदेशमा गई गोप्य सूचना सङ्कलन गर्नु बाह्य चरको कर्तव्य हो। चरलाई राजाका आँखा मानिएको छ। गुप्तचरका माध्यमबाट राजाले सबै किसिमका सूचना प्राप्त गर्नुपर्दछ। कामन्दकका अनुसार तार्किक, मनोभावना बुझ्न सक्ने स्मरणशील, पराक्रमी, मृदुभाषी, परिश्रमी,क्लेश सहन सक्ने, व्यवहारकुशल र प्रत्युत्पन्नमति भएका व्यक्ति चरका लागि योग्य हुन्छन्।

अन्तरराज्य सम्बन्धका सिद्धान्त (Theories of Interstate Relations)

राज्यहरूबीचको सम्बन्ध निर्धारण गर्न प्राचीन हिन्दु राजानीतिक चिन्तनमा उपायको प्रयोग,राज्यमण्डल, षड्गुण सिद्धान्त, युद्धधर्म आदि महत्त्वपूर्ण सिद्धान्त रहेका छन्। कामन्दकीयनीतिसारमा पनि यिनै सिद्धान्तको उल्लेख गरिएको छ।

षाड्गुण्य सिद्धान्त (Six Principles of Foreign Policy)

प्राचीन हिन्दु राजनीतिक विचारधारामा षड्गुण सिद्धान्तको ज्यादै महत्त्व छ। अन्तरराज्य सम्बन्धका छ सिद्धान्तलाई षाड्गुण्य भनिन्छ। सन्धि, विग्रह, यान आसन, द्वैदीभाव र संश्रय अन्तरराज्य सम्बन्धका छ सिद्धान्त हुन्। कस्तो अवस्थामा राजाले कुन सिद्धान्तको आश्रय लिनुपर्छ भन्ने विषयमा कामन्दकनीतिसारमा निर्देश गरिएको छ। आफू कमजोर भएको अवस्थामा राजाले सन्धि गर्नुपर्छ। आफ्नो शक्ति सुदृढ भएको अवस्थामा विग्रह वा युद्ध गर्नुपर्छ। बलवान् शत्रुले सताएको अवस्थामा आफूभन्दा शक्तिशाली राजाको आश्रय लिनुपर्छ भन्ने कामन्दकको विचार रहेको छ।

उपाय (Strategies)

प्राचीन हिन्दु राजनीतिशास्त्रमा चार उपायको ज्यादै महत्त्व छ। साम, दान, भेद र दण्ड चार उपाय हुन्। कामन्दकले यी चार उपायमा माया, उपेक्षा र वध थप गरी सात उपायको उल्लेख गरेका छन्।

राज्यमण्डल सिद्धान्त (Theory of Circles of States)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राज्यमण्डल सिद्धान्त प्रसिद्ध थियो। राज्यको प्रकृतिअनुसार राज्यको वर्गीकरणसँग मण्डल सिद्धान्त सम्बन्धित छ। साम्राज्य निर्माण गर्न चाहने राजालाई विजिगीषु भनिन्थ्यो। विजिगीषुका मित्र, अरि, मध्यम र उदासीन गरी राज्यका चार मूल प्रकृति मानिएको छ। कामन्दकले विभिन्न प्रकारका राज्य मण्डलको वर्णन गरेका छन। द्वादशकमण्डल सबैभन्दा प्रचलित मण्डल सिद्धान्त हो। विजिगीषु, अरि, मित्र, अरिमित्र, मित्रमित्र, अरिमित्रमित्र, मध्यम उदासीन, प्राष्णिग्राह, आक्रान्द, प्राष्णिग्राहसार र आक्रान्दसार गरी बाह्र प्रकारका राज्य राज्यमण्डलमा हुन्छन् भन्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.

CC-0.In Public Domain. Digitization by eGangotri

कामन्दकको विचार छ । अरि, अरिमित्र, अरिमित्रमित्र, प्राष्णिग्राह र प्राष्णिग्राहसार विजिगीषु राज्यका शत्रुराज्य हुन् । मित्र, मित्रमित्र, आक्रान्द र आक्रान्दसार विजिगीषु राज्यका मित्रराज्य हुन् । विजिगीषु र अरि दुबै राजाप्रति विग्रह र अनुग्रह गर्न सक्षम राज्य मध्यमराज्य हो । उदासीन राजा विजिगीषु, अरि र मध्यमलाई विग्रह र अनुग्रह गर्न सक्षम सबैभन्दा शक्तिशाली राज्य हो ।

शक्ति (Power)

कामन्दकका अनुसार बललाई शक्ति भनिन्छ । उनले मन्त्रशक्ति, प्रभावजाशक्ति र उत्साहशक्ति गरी तीन प्रकारका शक्ति मानेका छन् । प्रभुशक्ति, मन्त्रशक्ति र उत्साहशक्ति गरी तीन प्रकारका शक्ति मान्ने कौटिल्यको विचार छ । चण्डेश्वरका अनुसार मन्त्रजा शक्ति, प्रभावजा शक्ति र उत्साहजा शक्ति तीन शक्ति हुन्छन् । कामन्दकले कौटिल्यको प्रभूशक्तिको स्थानमा प्रभावजा शक्ति मानेका छन् । कौटिल्य र कामन्दकको शक्तिसम्बन्धी धारणामा समानता छ ।

युद्धधर्म (Laws of Warfare)

आफू शक्तिशाली भएको अवस्थामा राजाले युद्ध गर्नुपर्छ भन्ने सिद्धान्त प्राचीन हिन्दु राजनीतिक चिन्तनमा स्थापित सिद्धान्त रहेको छ । कामन्दकले पनि यस सिद्धान्तको अनुसरण गरेका छन् । कामन्दकले युद्धको प्रकारका सम्बन्धमा प्रकाशयुद्ध, कूटयुद्ध र तुष्णियुद्ध गरी तीन प्रकारका युद्ध मानेका छन् । युद्ध गर्दा युद्धका नियमको पालना गर्नुपर्छ भन्ने कामन्दकको विचार छ । युद्धका नियम पालन गरिने युद्धलाई धर्मयुद्ध भनिन्छ ।

राजाका कर्तव्य (Duties of the King)

कामन्दकले राजाका कर्तव्यलाई राजवृत्त मानेका छन् । राजा राज्यका प्रमुख अधिकारी हुन् । राजाका कर्तव्य भन्नाले राजाका कार्य हुन् । राजाका कर्तव्यलाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

राजाका परम्परागत कर्तव्य (Traditional Duties of the King)

राजाका आफूप्रतिको कर्तव्य, स्वजनप्रतिको कर्तव्य, प्रजाप्रतिको कर्तव्य र बाह्य राज्यप्रतिको कर्तव्य गरी चार प्रकारका परम्परागत कर्तव्य हुन्छन् । राजा आत्मसंयमी, योग्य, दुर्व्यसनरहित र विनयी हुनुपर्दछ भन्ने कामन्दकको विचार छ । धर्मअनुसर आचरण गर्नु र नीतिशास्त्रका मान्यताअनुसार शासन सञ्चालन गर्नु राजाको कर्तव्य हो । आध्यात्मिकताको विकासका लागि यज्ञको आयोजना गर्नु पनि राजाको कर्तव्य हो । स्वजनलाई कर्तव्यपथमा लगाउनु राजाको कर्तव्य हो । प्रजालाई पनि धर्मको पथमा लगाउनु राजाको प्रजाप्रतिको कर्तव्य हो । प्रजालाई कर्तव्यपथमा लगाउन दुष्टलाई दण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
दिनु र सज्जनको रक्षा गर्नु राजाको कर्तव्य हो। राजाले अमात्य आदि सहयोगीहरूको नियुक्ति योग्यताका आधारमा गर्नुपर्छ। मन्त्रीको परामर्श अनुसार शासन सञ्चालन गर्नुपर्छ। गुरु र अमात्यको वचन मान्नु राजाको कर्तव्य हो। सेवकहरूको निरीक्षण गर्दैगर्नु पनि राजाको कर्तव्य हो। सद्गुणी भई सेवकलाई अनुकूल बनाउनु राजाका लागि आवश्यक मानिएको छ। दुष्टलाई दण्ड दिनका लागि विवादको निर्णय गर्नुपर्दछ। न्याय सत्य र धर्ममा आधारित हुनुपर्नेमा जोड दिइएको छ। प्रजारञ्जन पनि राजाको कर्तव्य हो। प्रजाको हितप्रति राजा विशेष सचेत हुनुपर्छ भन्ने कामन्दकको विचार रहेको छ। आफैले गठन गरेको सभाका सदस्यको सहयोगमा निष्पक्ष न्याय सम्पादन गर्नु राजाको कर्तव्य मानिएको छ। दण्ड प्रयोग शास्त्रको मर्यादाभित्र रही गर्नुपर्छ। राज्य सञ्चालन गर्न धनको आवश्यकता पर्दछ। कोष राज्यको अङ्ग मानिएको छ। राज्यकोषमा करबाट उठेको धन जम्मा गर्नुपर्दछ। शास्त्रको मर्यादाको उलङ्घन नगरी कर उठाउनु राजाको कर्तव्य हो। सबै प्रकारका विपत्तिको निराकरण गर्नु राजाको कर्तव्य मानिएको छ। बाह्य आक्रमणबाट राज्यको रक्षा गर्नु राजाको बाह्य राज्यप्रतिको कर्तव्य मानिएको छ। राजाले शक्तिशाली सेना राख्नु पर्दछ। कुशलतापूर्वक अन्तरराज्य सम्बन्ध स्थापना गरी सम्राट् बन्नु राजाको कर्तव्य मानिएको छ।

अर्थसम्बन्धी कर्तव्य (Economic Duties)

कौटिल्यले जस्तै कामन्दकले पनि राजनीतिमा आर्थिक सुव्यवस्थालाई प्राथमिकतामा राखेका छन। कौटिल्यको अनुसरण गर्दै कामन्दकले योग, क्षम, संवर्द्धन र वितरण गरी चार सूत्रीय अर्थव्यवस्थाको समर्थन गरेका छन। न्यायपूर्वक अर्थोपार्जन योग हो। त्यसको संरक्षण क्षम हो। धनको संवर्द्धन गरेर त्यसको वितरण उचित पात्रमा गर्नु राजाको आर्थिक कर्तव्य हो। आर्थिक समृद्धिका लागि उपाय गर्नु राजाको कर्तव्य हो। कृषि, पशुपालन र उद्योग-व्यापारको विकास समृद्धिका लागि आवश्यक हुन्छ। कामन्दकका अनुसार न्यायपूर्ण वितरणका माध्यले लोककल्याणको अभिवृद्धि गर्नु राजाको आर्थिक कर्तव्य हो। धर्म, अर्थ र कामको सेवन गर्नु राजाको कर्तव्य मानिएको छ।

यसरी कामन्दकले जनमतको कदर गर्दै नीतिशास्त्रअनुसार शासन सञ्चालन गर्नु राजाको कर्तव्य मानेका छन्। नैतिक कर्तव्यका सीमाभित्र बसेर राजाले शासन गर्नुपर्दछ भन्ने उनको विचार रहेको छ। राजा जनताका संरक्षक र सेवक हुन्। राजा स्वेच्छाचारी हुनुहुँदैन भन्ने कामन्दकको विचार रहेको छ।

राजा र प्रजाबीचको सम्बन्ध (Relation Between the King and the people)

राजा स्वेच्छाचारी र मदोन्मत्त हुनुहुँदैन भन्ने कामन्दकको मत छ। प्रजाको हितलाई प्राथमिकतामा राखेर नीतिशास्त्रअनुसार शासन गर्नु राजाको कर्तव्य मानिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राजाद्वारा नीतिशास्त्रअनुसार गरिने शासनमा मात्र प्रजा सुखी हुन्छन् । राजा प्रजाको कल्याणमा लाग्नुपर्दछ । राजाले प्रजालाई पीडा दिनुहुँदैन । राजा धार्मिक र कर्तव्यपरायण भएमा जनता पनि धार्मिक र कर्तव्यपरायण हुन्छन् । प्रजाले राजालाई सहयोग र समर्थन गर्दछन् । प्रजा र राजाबीच सद्भाव वृद्धि भएमा मात्र राज्यको कल्याण हुन्छ भन्ने कामन्दकको विचार रहेको छ ।

निष्कर्ष (Conclusion)

प्राचीन हिन्दु राजनीतिक विचारधारामा कामन्दक महत्त्वपूर्ण विचारक थिए । कौटिल्यको अर्थशास्त्रबाट प्रभावित भएर उनले कामन्दकीयनीतिसारको रचना गरेका थिए । कामन्दकले कौटिल्यको अर्थशास्त्रमा रहेका उपयोगी विचारलाई ग्रहण गरी पद्यमा सङ्क्षेपीकरण गरेका छन् । त्यसैले कामन्दकीयनीतिसारलाई कौटिल्यको अर्थशास्त्रको पद्यात्मक प्रस्तुति पनि भनिन्छ । कामन्दकले राजतन्त्रात्मक शासनव्यवस्थाको समर्थन गरेका छन । उनी लोककल्याणकारी राजतन्त्रका समर्थक रहेका छन् । उनले राजालाई स्वेच्छाचारी हुन नदिन नीतिशास्त्रको अधीनमा राखेका छन् । अन्तरराज्य सम्बन्धका क्षेत्रमा कामन्दकले राजालाई साम्राज्य निर्माण गर्ने सल्लाह दिएका छन् । कौटिल्यको अर्थशास्त्र लामो समयसम्म उपलब्ध नभएको अवस्थामा कौटिल्यका राजनीतिक विचारलाई निरन्तरता दिने काम कामन्दकीयनीतिसारले गरेको थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

एकाइ - तीन

याज्ञवल्क्य
(Yajnavalkya)

वैदिक ऋषिहरूमध्ये याज्ञवल्क्यको स्थान अत्यन्त उच्च र विशिष्ट रहेको छ। उनी वैदिक मन्त्रद्रष्टा ऋषि थिए। महर्षि याज्ञवल्क्य शुक्ल यजुर्वेदको वाजसनेय संहिता, शतपथ ब्राह्मण र वृहदारण्यकोपनिषद्का द्रष्टा थिए। उनी योगशास्त्रका रचयिता पनि मानिन्छन्। वैशम्पायन याज्ञवल्क्यका गुरु थिए। यिनले वैशम्पायनबाट यजुर्वेद अध्ययन गरेका थिए। गुरु र शिष्यबीच मतभेद भएपछि याज्ञवल्क्यले वैशम्पायनबाट पढेको यजुर्वेद वमन गरी फिर्ता गरेका थिए। त्यसपछि उनले सूर्यको तपस्या गरी सूर्यबाट यजुर्वेद प्राप्त गरेका थिए। सूर्यबाट उनले प्राप्त गरेको वेद शुक्ल यजुर्वेदको माध्यन्दिन शाखाको रूपमा प्रसिद्ध छ। महर्षि याज्ञवल्क्यको रचना याज्ञवल्क्यस्मृति राजनीतिक विचारका दृष्टिले उनको महत्त्वपूर्न ग्रन्थ हो।

याज्ञवल्क्यको जन्मस्थानबारे कतै उल्लेख भएको पाइँदैन। जन्मको तिथिमितिबारे पनि कुनै ऐतिहासिक तथ्य नभएको हुँदा उनको समय निर्धारण गर्न कठिन छ। याज्ञवल्क्य त्रेतायुगमा राजा जनकको दरवारमा प्रख्यात दार्शनिक थिए। विदेह राजा जनकको राज्य मिथिला थियो। मिथिलाको राजधानी जनकपुर थियो। वर्तमान नेपालको मधेश प्रदेशको राजधानी जनकपुर नै प्राचीन मिथिला राज्यको राजधानी हो। माता सीताको जन्मभूमि र राजा रामको ससुराली जनकपुर थियो। आधुनिक विद्वानहरूका अनुसार याज्ञवल्क्यस्मृति मोटामोटी इसापूर्व १००० देखि इसापूर्व ५०० बीचको रचना मानिन्छ। याज्ञवल्क्यस्मृति निश्चित रूपमा उत्तर वैदिक कालको रचना हो। यज्ञवल्क्यस्मृतिको प्राचीन विचार परम्पराको पछिल्लो सम्पादन त्यस वेला गरिएको हुन सक्छ।

याज्ञवल्क्यस्मृति (Yajnavalkya Smriti)

वेदमा सूत्रात्मक रूपमा उल्लेख गरिएका आचार, व्यवहार र प्रायश्चित्त स्मृतिशास्त्रका प्रमुख प्रतिपाद्य विषय हुन्। स्मृतिहरूको रचना लौकिक संस्कृत भाषाका पद्यमा गरिएको छ। वैदिक सनातन धर्ममा वेदपछि स्मृतिलाई धर्मशास्त्रका प्रामाणिक धर्मग्रथ मानिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वेदमूलक भएको हुँदा स्मृतिशास्त्रमध्ये मनुस्मृति सबैभन्दा प्रामाणिक स्मृति मानिन्छ। मनुस्मृतिपछि याज्ञवल्क्यस्मृति दोस्रो आधिकारिक स्मृति मानिन्छ। मनुस्मृतिसँग बाझिने स्मृति प्रामाणिक मानिदैन । यज्ञवल्क्यस्मृतिमा मनु, अत्रि, विष्णु, हारीत, याज्ञवल्क्य, उशना, अङ्गिरस, यम, आपस्तम्ब, संवर्त, कात्यायन, बृहस्पति, पराशर, व्यास, शङ्ख, लिखित, दक्ष, गौतम, शातातप र वसिष्ठलाई स्मृतिकारमा गणना गरिएको छ (याज्ञवल्क्य, आ., प्र.१, श्लो४-५)।

याज्ञवल्क्यस्मृति प्रामाणिक धर्मिक ग्रन्थ हो । आचाराध्याय, व्यवहाराध्याय र प्रायश्चित्ताध्याय गरी याज्ञवल्क्यस्मृति तीन भाग विभाजित छ। आचाराध्यायको राजधर्म प्रकरणमा राजाका कर्तव्यबारे प्रकाश पारिएको छ। व्यवहाराध्यायको सम्पूर्ण प्रकरणमा दण्डव्यवस्था र न्यायसम्पादन विषयको उल्लेख गरिएको छ। प्रायश्चित्याध्यायमा पाप र तिनको प्रायश्चित्तबारे प्रकाश पारिएको छ। याज्ञवल्क्यस्मृतिमा प्रस्तुत विचार र मनुस्मृतिका विचारबीच समानता छ । मनुस्मृतिको तुलनामा याज्ञवल्क्यस्मृति सङ्क्षिप्त छ। याज्ञवल्क्यस्मृति मनुस्मृतिभन्दा सुसङ्गठित पनि छ।

विद्या (Education)

स्मृतिलाई धर्मशास्त्र भनिन्छ। स्मृतिशास्त्रमध्ये प्रथम स्थानमा मनुस्मृतिलाई राखिन्छ। मनुस्मृतिपछि दोस्रो आधिकारिक स्मृति याज्ञवल्क्यस्मृति मानिन्छ। याज्ञवल्क्यस्मृतिमा चार वेद (ऋक्, यजु, साम र अथर्व), वेदाङ्ग (शिक्षा, कल्प, व्याकरण, निरुक्त, ज्योतिष र छन्द), धर्मशास्त्र, मीमांसा, न्याय र पुराण गरी चौध धर्म र विद्याका स्थान मानिएको छ (याज्ञवल्क्य, आ. १, प्र१, श्लो. ३)। याज्ञवल्क्यले चार प्रकारका विद्या राजाका लागि आवश्यक मानेका छन्। आन्वीक्षिकी, त्रयी, वार्ता र दण्डनीति चार प्रकारका विद्या हुन्। राजा यी चारै विद्यामा प्रवीण हुनुपर्छ भन्ने उनको विचार छ (याज्ञवल्क्य, आ., राजधर्मप्रकरणम्, श्लो. ३११)। याज्ञवल्क्य समृतिमा राजनीतिसम्बन्धी विद्यालाई राजधर्म र दण्डनीति नाम दिइएको छ।

वर्णव्यवस्था (Varna System)

याज्ञवल्क्य वैदिक सनातन धर्मको वर्णव्यवस्थाका समर्थक रहेका छन्। प्राचीन समयमा मानिसको गुण र कर्म वर्णव्यवस्थाको आधार थियो । व्यक्तिको स्वभाव र सामाजिक दायित्वका आधारमा ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र चार वर्णमा समाज विभाजित थियो। वर्णव्यवस्था प्रारम्भमा कार्य विभाजन थियो। क्रोध र मोहरहित, सत्यवादी, इन्द्रिय दमन गर्न सक्ने र सात्विक स्वभाव भएको व्यक्ति ब्राह्मण हुन्थे। विद्या, धर्म र सदाचारलाई जीवनमा चरितार्थ गर्ने समूह ब्राह्मण मानिन्थे। ब्राह्मणलाई मान्यताक्रममा उच्चस्थानमा राखिएको छ। वर्णव्यवस्थामा ब्राह्मणपछि क्षत्रिय वर्णको उल्लेख गरिएको छ। क्षत्रियको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
स्वभाव क्रोधयुक्त मानिएको छ। स्वभावमा तीक्ष्णता भएको र साहसपूर्ण काम गर्ने क्षमता भएका व्यक्ति क्षत्रिय हुन्थे। सामाजिक, सांस्कृति सुरक्षाको दायित्व क्षत्रिय वर्णको मानिएको छ। त्यसैले राजा क्षत्रिय हुन्थे। सेना पनि क्षत्रिय हुन्थे। आर्थिक क्रियाकलापमा संलग्न व्यक्ति वैश्य हुन्थे। कृषि, पशुपालन र उद्योग-व्यापारमा वैश्य संलग्न हुन्थे। शिल्प र सेवाको क्षेत्रमा काम गर्ने व्यक्तिलाई शूद्र भनिन्थ्यो। प्रारम्भिक अवस्थामा वर्णव्यवस्था श्रम-विभाजन थियो। कालान्तरमा शूद्र वर्णलाई हेय मान्न थालियो। वर्णव्यवस्था जाति प्रथामा बदलिन पुग्यो।

राज्यको उदय (Origin of the State)

राजा र राज्यको उदयका विषयमा याज्ञवल्क्यस्मृतिमा उल्लेख गरिएको छैन। याज्ञवल्क्य स्मृतिमा दण्डको सिर्जना सृष्टिकर्ता ब्रह्माद्वारा भएको उल्लेख छ (याज्ञवल्क्य, आ., राजधर्मप्रकरणम्, श्लो. ३५४)। राजा र राज्यको सृजना ईश्वरबाट भएको मान्ने मनुको परम्पराको याज्ञवल्क्यले अनुसरण गरेको स्पष्ट हुन्छ। उनले राजालाई दैवी मानेका छन्।

राज्यको सप्ताङ्ग सिद्धान्त (Seven Elements of the State)

राज्यका सात अङ्गको आङ्गिक एकताबाट राज्य निर्माण हुन्छ भन्ने सिद्धान्तलाई राज्यको सप्ताङ्ग सिद्धान्त भनिन्छ। मनुले जस्तै याज्ञवल्क्यले पनि राज्यका सात अङ्ग मानेका छन्। स्वामी, अमात्य, जन, दुर्ग, कोष, दण्ड र मित्र राज्यका सात अङ्ग हुन्[१] (याज्ञवल्क्य, आ., राजधर्मप्रकरणम्, श्लो. ३५३)।

स्वामी (The King)

याज्ञवल्क्य स्मृतिमा स्वामी वा शासक राज्यको प्रमुख तत्त्व मानिएको छ। स्वामीको अर्थ राजा हो। देवताहरूले राजा र राज्यविहीन दुर्दशाबाट मुक्तिका लागि राजा चुनेपछि स्वामीत्व वा नृपत्वको उदय भयो भन्ने वैदिक मान्यता रहेको छ। याज्ञवल्क्य मनुजस्तै राजालाई देवांश मान्ने पक्षमा छन्।

राजाका योग्यता (Qualifications for the King)

याज्ञवल्क्यले राजाका विभिन्न गुणको चर्चा गरेका छन्। याज्ञवल्क्यले वर्णव्यवस्थाको समर्थन गरेका छन्। वर्णव्यवस्थाअनुसार राजा क्षेत्रिय हुनुपर्छ भन्ने उनको विचार छ। राजा महान् उत्साही, कृतज्ञ, वृद्धसेवी, विनयी, सत्यसम्पन्न, कुलीन, सत्य बोल्ने, पवित्र, शीघ्र काम गर्ने, स्मृतिवान्, धार्मिक, दुर्व्यसनरहित, ज्ञानी, शूर र गोप्य रहस्य जान्ने हुनुपर्छ

---

१ स्वाम्यमात्या जनो दुर्गं कोशो दण्डस्तथैव च। मित्राण्येता: प्रकृतयो राज्यं सप्ताङ्गमुच्यते.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

भन्ने याज्ञवल्क्यको विचार रहेको छ (याज्ञवल्क्य, आ., राजधर्मप्रकरणम्, श्लो. ३०९-३११)। राजाले आफ्ना कमजोरी प्रकट हुन दिनु हुँदैन। राजा दर्शनशास्त्र, तीन वेद, वार्ताशास्त्र र दण्डनीतिमा प्रवीण हुनुपर्छ भन्ने याज्ञवल्क्यस्मृतिमा उल्लेख गरिएको छ (याज्ञवल्क्य, आ., राजधर्मप्रकरणम्, श्लो. ३११)।

राजाको दिनचर्या (Timetable for the King)

याज्ञवल्क्य स्मृतिमा राजाको दिनचर्या पनि निर्धारण गरिएको छ। राजाले विहान उठेर सर्वप्रथम आय-व्ययको निरीक्षण गर्नुपर्छ, त्यसपछि विवादको निर्णय वा न्यायसम्पादनमा संलग्न हुनुपर्छ। स्नान गरी इच्छा अनुसार भोजन गर्नुपर्छ। त्यसपछि राज्यकोषमा जम्मा गर्न ल्याइएको सुन राजाले राज्यकोषमा जम्मा गर्नुपर्छ र कोषको निरीक्षण पनि गर्नुपर्छ। क्रमश: गुप्तचरको कुरा सुन्नुपर्छ र अन्य राज्यबाट आएका दूतको विचार पनि सुन्नुपर्छ। त्यसपछि एक्लै वा मन्त्रीहरूसहित मनोरञ्जनमा संलग्न हुनुपर्छ। सेनाको निरीक्षण र सेनापतिसँग विचारविमर्श गर्नुपर्छ। त्यसपछि सन्ध्योपासना, गुप्तचरको कुरा सुन्ने, मनोरञ्जन, भोजन र स्वाध्याय गर्नुपर्छ। सङ्गीतका ध्वनीका साथमा सुत्नु र प्रातकालमा जाग्नुपर्दछ। यसरी याज्ञवल्क्य स्मृतिमा राजाको दैनिक कार्यतालिका निर्धारण गरिएको छ तापनि समयको सीमा भने तोकिएको छैन (याज्ञवल्क्य, आ., राजधर्मप्रकरणम्, श्लो. ३२७-३३१)।

राजधर्म (Duties of the King)

राजाका योजनाको सफलता दैव र मानवीय प्रयत्नमा निर्भर हुन्छ भन्ने याज्ञवल्क्यको विचार छ। (याज्ञवल्क्य, आ., राजधर्मप्रकरणम्, श्लो. ३४९-३५०)। राजाका कर्तव्यलाई याज्ञवल्क्यले राजधर्म मानेका छन्। याज्ञवल्क्यस्मृतिमा राजधर्म वा नीतिशास्त्रअनुसार शासन सञ्चालन गर्नु राजाको कर्तव्य मानिएको छ। राजालाई जनताको सेवक मानिएको छ। धर्म, न्याय र नीतिअनुसार शासन गर्नु राजाको कर्तव्य हो। याज्ञवल्क्यका अनुसार राजाका कर्तव्य निम्नबमोजिम रहेका छन्:

प्रजाको रक्षा (Protection of the People)

याज्ञवल्क्यका अनुसार न्यायपूर्वक प्रजाको पालना गर्ने राजाले प्रजाको पुण्यकर्मको छैटौँ भाग प्राप्त गर्दछन्। प्रजाको पालना तथा सुरक्षाको यथोचित व्यवस्था गर्नु राजाको प्रथम कर्तव्य हो। राजाले चाट वा ठग, तस्कर वा चोर, दुर्व्यसनी, डाँका र कायस्थ वा लेखक आदि सरकारी कर्मचारीबाट प्रजाको रक्षा गर्नुपर्छ[२] (याज्ञवल्क्य, आ.,

---

२ पुण्यात्षड्भागमादत्ते न्यायेन परिपालयन्। सर्वदानाधिकं यस्मात्प्रजानां परिपालनम्॥
चाटतस्करदुर्वृत्तमहासाहसिकादिभिः। पीड्यमाना: प्रजा रक्षेत्कायस्थैश्च विशेषत: ॥+

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
राजधर्मप्रकरणम्, श्लो. ३३५-३३६)। याज्ञवल्क्यका अनुसार प्रजालाई धर्मको पालना गर्न लगाउनु राजाको कर्तव्य हो। धर्मको पालना गर्ने व्यक्तिलाई सम्मान र गलत काम गर्ने व्यक्तिलाई दण्डित गर्नु राजाको कर्तव्य मानिएको छ। आफ्नो कर्तव्य पूरा नगर्ने राजाले एकातर्फ प्रजाले गरेका पापको फल भोग्नु पर्ने हुन्छ भने अर्कोतर्फ प्रजामा राजाप्रति नकारात्मक भावना उत्पन्न हुन्छ। दण्डको उचित प्रयोगका माध्यमबाट समाजमा हरेक व्यक्तिलाई आफ्नो कर्तव्य पालना गराउनु राजाको कर्तव्य हो। याज्ञवल्क्यस्मृतिमा वर्णाश्रमधर्मको रक्षा गर्नु राजाको कर्तव्य मानिएको छ। आफूले सनातन धर्मको पालना गर्नु र प्रजालाई पनि धर्मको पालना गर्न लगाउनु राजाको कर्तव्य मानिएको छ।

न्याय प्रशासन (Judicious Administration)

निष्पक्ष न्याय सम्पादन गर्नु राजाको कर्तव्य मानिएको छ। धर्मबाट विचलित राजाका भाइ, पुत्र, आचार्य, ससुरा र मामासमेत कसैलाई पनि उन्मुक्ति दिनुहुँदैन भन्ने याज्ञवल्क्यको विचार छ (याज्ञवल्क्य, आ., राजधर्मप्रकरणम्, श्लो. ३५८)। कुलधर्म, जातिधर्म,श्रेणीधर्म, गणधर्म र जनपदधर्मलाई पनि विचार गरेर धर्मबाट विचलित सबैलाई शास्त्रानुसार दण्डित गर्नु र सन्मार्गमा लगाउनु राजाको कर्तव्य मानिएको छ। धिग्दण्ड, वाग्दण्ड, धनदण्ड र वधदण्ड चार गरी चार प्रकारका दण्डको उल्लेख याज्ञवल्क्य स्मृतिमा गरिएको छ (याज्ञवल्क्य, आ., राजधर्मप्रकरणम्, श्लो.३६७)। सभा तात्कालिक समयको न्यायालय हो। न्याय सम्पादनमा सभाको भूमिका महत्त्वपूर्ण मानिएको छ तापनि प्रमुख दायित्व राजामा निहित गरिएको छ।

प्रजारञ्जन (To Gladden the People)

प्रजारञ्जनको अर्थ प्रजालाई खुसी पार्नु हो। प्रजाको सुखका लागि राज्यमा आर्थिक समृद्धि आवश्यक हुन्छ भन्ने याज्ञवल्क्यको विचार छ। साथै वितरण प्रणाली पनि उचित हुनुपर्छ भन्ने उनको मत रहेको छ। याज्ञवल्क्यका अनुसार प्रजाको भरण-पोषणका लागि प्रयत्नशील रहनु राजाको कर्तव्य हो। राजाले प्राप्त नभएको भूमि, सुवर्ण आदि धर्मपूर्वक प्राप्त गर्न प्रयत्न गर्नुपर्छ। प्राप्त धनको रक्षा गर्नुपर्छ। रक्षित धनको संवर्धन गर्नुपर्छ। अन्त्यमा त्यो धनको उचित वितरण गर्नुपर्छ[३] (याज्ञवल्क्य, आ., राजधर्मप्रकरणम्, श्लो. ३३७)। राजा ब्राह्मणप्रति क्षमाशील, मित्रप्रति सरल, शत्रुप्रति क्रोधी, सेवक र प्रजाप्रति पिताजस्तै दयावान् र हितकारी हुनुपर्छ भन्ने याज्ञवल्क्यको विचार छ (याज्ञवल्क्य, आ., राजधर्मप्रकरणम्, श्लो. ३३४)। शास्त्रअनुसार शासन गर्ने राजाले सबैलाई हर्षित पार्दछन् (याज्ञवल्क्य, आ., राजधर्मप्रकरणम्, श्लो. ३५६)। कमजोर प्रजाको विशेष सुरक्षा गर्नु राजाको कर्तव्य मानिएको छ।

३ अलब्धमीहेद्धर्मेण लब्धं यत्नेन पालयेत्। पालितं वर्धयेन्नीत्या वृद्धं पात्रेषु निक्षिपेत्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मन्त्रको गोपनीयता (Secrecy of Counsel)

प्राचीन हिन्दु राजनीतिक व्यवस्थामा मन्त्रको गोपनीयतामा ज्यादै जोड दिइएको छ। राजाले योग्य व्यक्तिलाई मन्त्रीपदमा नियुक्ति गर्नुपर्छ भन्ने प्राचीन परम्पराको याज्ञवल्क्यले समर्थन गरेका छन् । राजाले मन्त्रीको परामर्शअनुसार शासन सञ्चालन गर्नुपर्छ भन्ने याज्ञवल्क्यको विचार छ । राजाले मन्त्रीसँग गरेको परामर्श मन्त्र हो । परामर्श बमोजिम गरिएको निर्णयलाई पनि मन्त्र भनिन्छ । राजाले मन्त्र कार्यान्वयन नहुँदासम्म प्रकाशमा ल्याउन हुँदैन भन्ने याज्ञवल्क्यको मत छ ।

करग्रहण र आर्थिक प्रशासन (Taxation and Financial Administration)

कोषलाई राज्यको अङ्ग मानिएको छ । कर उठाउनु राजाको कर्तव्य मानिएको छ। याज्ञवल्क्यका अनुसार कर, शुल्क, दण्डबाट प्राप्त धन राज्यको कोषमा जम्मा गर्नुपर्दछ। प्रजालाई पीडा नदिई शास्त्रानुसार कर सङ्कलन गर्नु राजाको कर्तव्य मानिएको छ। राजा, मन्त्री, कर्मचारी, सेना आदिको पारिश्रमिक राज्यकोषबाट दिनुपर्दछ । जनताको कल्याणकारी कार्यमा करबाट सङ्कलित रकमको न्यायपूर्ण वितरणको व्यवस्था मिलाउनु पनि राजाको कर्तव्य मानिएको छ। राजाले यज्ञ गर्ने र उचित पात्रलाई दान दिने व्यवस्था गरिएको छ। दान दिनु पनि न्यायपूर्ण वितरणको एउटा उपाय हो।

नियुक्तिसम्बन्धी कर्तव्य (Recruitment of Amatya and Other Officials)

याज्ञवल्क्यस्मृतिमा मन्त्री, न्यायाधीश, पुरोहित, सेना, कर्मचारी आदिको नियुक्तिको अधिकार राजामा निहित गरिएको छ । नियुक्तिको आधार योग्यता मानिएको छ । योग्य व्यक्तिलाई उचित पदमा नियुक्ति गर्नु राजाको कर्तव्य मानिएको छ ।

बाह्य आक्रमणबाट राज्यको रक्षा (Security of the State From Foreign Aggression)

याज्ञवल्क्यस्मृतिमा बाह्य आक्रमणबाट राज्यको रक्षा गर्नु राजाको कर्तव्य मानिएको छ । राजा अन्तरराज्य सम्बन्धका आधारभूत सिद्धान्तमा प्रवीण हुनुपर्छ भन्ने याज्ञवल्क्यको विचार छ । सम्राट् बन्ने इच्छा राख्ने राजालाई विजिगीषु भनिन्छ । विजिगीषु राज्यसँग सीमा जोडिएको राज्य शत्रुराज्य मानिन्छ । शत्रुको राज्यसँग सिमाना जोडिएको राज्य विजिगीषुको मित्र मानिन्छ । त्यसभन्दा पर अवस्थित राज्यलाई उदासीन भनिन्छ । याज्ञवल्क्यस्मृतिमा विजिगीषु, मित्र, अरि र उदासीन गरी राज्यका प्रमुख चार प्रकृतिको उल्लेख गरिएको छ। राज्यमण्डलका सम्बन्धमा विचार गर्नु राजाको कर्तव्य मानिएको छ (याज्ञवल्क्य, आ., राजधर्मप्रकरणम्, श्लो. ३४५)। साम, दान, भेद र दण्ड चार उपायको उचित प्रयोगको ज्ञान राजाका लागि आवश्यक मानिएको छ र दण्डको प्रयोगलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

निरुत्साहित गरिएको छ[४] (याज्ञवल्क्य, आ., राजधर्मप्रकरणम्, श्लो. ३४६)। कूटनीतिक सम्बन्ध राख्दा उपयुक्त उपायको प्रयोग गर्न सक्नु राजाको गुण मानिएको छ। सन्धि, विग्रह, यान, आसन, संश्रय र द्वैधीभाव अन्तरराज्य सम्बन्धका छ सिद्धान्तको प्रयोगमा पनि राजा प्रवीण हुनुपर्छ[५] (याज्ञवल्क्य, आ., राजधर्मप्रकरणम्, श्लो. ३४७)। याज्ञवल्क्य स्मृतिमा विदेशनीतिका सिद्धान्तहरूको सैद्धान्तिक र व्यावहारिक ज्ञान राजाका लागि आवश्यक मानिएको छ। याज्ञवल्क्यले उक्त सिद्धान्तको उपयुक्त प्रयोगद्वारा बाह्य आक्रमणबाट राज्यको सुरक्षाका साथै साम्राज्य निर्माणका लागि प्रयास गर्न राजालाई सल्लाह दिएका छन्। उनले आफ्नो सेना बलियो र शत्रुको सेना कमजोर भएको अवस्थामा युद्ध गर्ने सल्लाह दिएका छन् (याज्ञवल्क्य, आ., राजधर्मप्रकरणम्, श्लो. ३४८)।

अमात्य (Council of Ministers)

मनुले जस्तै याज्ञवल्क्यले पनि अमात्यलाई राज्य दोस्रो अङ्ग मानेका छन्। अमात्य पदमा ब्राह्मणहरू नियुक्त हुने प्रचलन प्राचीन कालमा थियो तर कुन वर्णको व्यक्ति मन्त्री पदमा नियुक्त गर्ने भने विषयमा याज्ञवल्क्य मौन छन्। प्राचीन कालमा अमात्यलाई मन्त्री तथा सचिव पनि भनिन्थ्यो। अमात्यको सहयोगबिना राजाले राज्य सञ्चालन गर्न सम्भव हुदैन त्यसैले राजाले योग्य व्यक्तिलाई अमात्य पदमा नियुक्त गर्नुपर्छ र अमात्यको सल्लाहमा प्रजापालन गर्नुपर्छ भन्ने याज्ञवल्क्यको विचार छ। उनका अनुसार मन्त्री प्रज्ञावान् (Wise) हुनुपर्छ। हित र अहित छुट्टाउन सक्ने विवेकी र कुशल व्यक्तिलाई प्रज्ञावान् वा ज्ञानी भनिन्छ। बंशपरम्पराबाट आएको कुलीन व्यक्ति मन्त्री बनाउन योग्य मानिएको छ। हर्ष र दु:खको अवस्थामा विकाररहित व्यक्तिलाई स्थिर भनिन्छ। स्थिर गुण मन्त्रीका लागि निर्धारण गरेको तेस्रो योग्यता हो। धर्म, अर्थ र काममा पवित्र तथा दुर्व्यसनरहित हुनु मन्त्रीका लागि निर्धारित चौथो योग्यता हो। राजाले मन्त्रीसँग, पुरोहितसँग वा आफू एक्लै राज्यका गतिविधिबारे चिन्तन गर्नुपर्छ[६] (याज्ञवल्क्य, आ., राजधर्मप्रकरणम्, श्लो. ३१२)। मन्त्रीसँग विचार विमर्श गरेर नीतिनिर्माण गर्नुपर्छ र परामर्श गरेर गरिएको नीतिनिर्णय गोप्य राख्नुपर्छ भन्ने याज्ञवल्क्यको विचार छ। राजाले योग्य व्यक्तिलाई कर्मचारीमा नियुक्ति गर्नुपर्छ भन्ने उनको आशय रहेको छ। प्रशासनिक कार्यका लागि विभिन्न विभाग गठन गरी दक्षता बढाउनुपर्छ। दक्ष मन्त्री र प्रशासकहरूबाट प्रशासनमा सुशासन कायम गर्न सकिन्छ भन्ने याज्ञवल्क्यको विचार रहेको छ।

---

४ उपाया: साम दानं च भेदो दण्डस्तथैव च। सम्यक्प्रयुक्ता: सिद्धेयुर्दण्डस्त्वगतिका गति:।

५ सन्धिं च विग्रहं यानमासनं संश्रयं तथा। द्वैधीभावं गुणानेतान्यथावत्परिकल्पयेत्।

६ स मन्त्रिण: प्रकुर्वीत प्राज्ञान्मौलान्स्थिरान्शुचीन्। तै सार्धं चिन्तयेद्राज्यं विप्रेणाथ तत: स्वयम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पुरोहित (Royal Priest)

ज्योतिषशास्त्रमा प्रवीण, कुलीन, शास्त्रको ज्ञानमा निष्णात तथा दण्डनीति र अर्थशास्त्रमा कुशल व्यक्ति पुरोहित पदमा नियुक्त गर्नुपर्छ भन्ने याज्ञवल्क्यको विचार रहेको छ (याज्ञवल्क्य, आ., राजधर्मप्रकरणम्, श्लो. ३१३)। अग्निहोत्र आदि श्रौत यज्ञ र उपासना आदि स्मार्त क्रिया सम्पन्न गर्न सक्षम ब्राह्मणलाई ऋत्विज पदमा नियुक्ति गर्नुपर्छ भन्ने याज्ञवल्क्यको विचार रहेको छ (याज्ञवल्क्य, आ., राजधर्मप्रकरणम्, श्लो. ३१४)।

युद्धाचार (Laws of Warfare)

याज्ञवल्क्य स्मृतिमा पनि मनुस्मृतिमा जस्तै साम्रज्य निर्माणको बीज पाइन्छ। आफ्ना सैनिक र बाहन हृष्टपुष्ट छन् भने आफूभन्दा कमजोर शत्रुमाथि आक्रमण गर्न सल्लाह दिइएको छ (याज्ञवल्क्य, आ., राजधर्मप्रकरणम्, श्लो. ३४८)। युद्धका नियमको विस्तृत वर्णन भने याज्ञवल्क्यले गरेका छैनन्। आत्मसमर्पण गरेको, नपुंसक, हतियाररहित, अर्कैसँग युद्धमा संलग्न, युद्धबाट थाकेको र युद्धका दर्शकमाथि हतियार चलाउन निषेध गरिएको छ (याज्ञवल्क्य, आ., राजधर्मप्रकरणम्, श्लो. ३२६)। विजित राज्यप्रतिको व्यवहार मनुस्मृतिमा उल्लेख भएभन्दा फरक छैन। विजित राज्यमा जुन आचार र संस्कार छन् र कुलाचार छन् तिनको सम्मान गर्दै त्यस देशको शासन सञ्चालन गर्नुपर्छ भन्ने याज्ञवल्क्यको विचार रहेको छ (याज्ञवल्क्य, आ., राजधर्मप्रकरणम्, श्लो. ३४३)।

राष्ट्र (Territory and People)

राष्ट्र राज्यको तृतीय अङ्ग हो। राष्ट्र शब्दको अर्थ भूमि र जनसङ्ख्या हुन्छ। याज्ञवल्क्यका अनुसार राजा र राज्यको समृद्धि राष्ट्रको माटोको गुणस्तरमा निर्भर हुन्छ। राज्यका लागि गुणस्तरयुक्त माटो भएको, प्रसस्त अन्न उत्पादन हुने, खनिज पदार्थयुक्त, व्यापारका लागि सुगम भूमि उपयुक्त हुन्छ। पशुपालनका लागि उपयुक्त र प्रसस्त जलस्रोत भएको हुनुपर्छ। भूमि सुन्दर, हात्तीका लागि उपयुक्त जङ्गल भएको, स्थल र जलमार्ग भएको र पानीका लागि केवल वर्षाको पानीमा निर्भर हुन नपर्ने भूमि हुनुपर्छ र त्यस्तो भूमिमा बसोबास गर्ने जनता सुसंस्कृत हुनुपर्छ भन्ने याज्ञवल्क्यको विचार रहेको छ (याज्ञवल्क्य, आ., राजधर्मप्रकरणम्, श्लो. ३२१)।

दुर्ग (Fort)

प्राचीन राज्यव्यवस्थामा सुरक्षाका लागि दुर्गलाई विशेष महत्त्व दिइएको छ। याज्ञवल्क्यले दुर्गलाई राज्यको चौथो अङ्ग मानेका छन्। दुर्ग राजा, राज्यकोष र प्रजाको सुरक्षाका लागि आवश्यक मानिएको छ। याज्ञवल्क्यले राजालाई दुर्ग निर्माण गरी धन, अन्न र जीवन उपयोगी वस्तु सुरक्षित राख्न सल्लाह दिएका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कोष (Treasury)

राज्यको पाँचौं अङ्ग कोष हो । राज्यको रक्षाका लागि कोषको महत्त्वपूर्ण भूमिका हुन्छ । कर्मचारीलाई उचित समयमा पारिश्रमिक वितरण, सैन्य व्यवस्था, दुर्ग निर्माण, र सुरक्षाका अन्य साधन जुटाउन धनको आवश्यकता पर्छ । कोष नष्ट भयो भने राजाको बल नष्ट हुन्छ भन्ने याज्ञवल्क्यको विचार छ ।

दण्ड वा सेना (Army)

राज्यको रक्षाका लागि सेनाको आवश्यकता पर्छ । बाह्य आक्रमणबाट राज्यको सुरक्षाका लागि पनि बलियो सेना आवश्यक हुन्छ । त्यसैले सेनालाई राज्यको अङ्ग मानिएको हो । प्राचीन समयमा राजाले विशाल सेना राख्दथे । जुन योद्धा युद्धमा लड्दै विष नभएको (अकूट) हतियारबाट मारिन्छ त्यसले योगीजस्तै स्वर्ग प्राप्त गर्दछ भन्ने सनातन मान्यता रहेको छ ।

मित्र (Ally)

मित्र राज्यको सातौं अङ्ग हो । याज्ञवल्क्यले मित्रलाई राजाको बल मानेका छन् । मित्रमा पवित्रता, विनम्रता, वीरता, सहयोगको भावना, सत्यता र सजगता हुनुपर्छ । यी गुणसम्पन्न मित्र सर्वश्रेष्ठ मित्र मानिन्छ । राजाले मित्रराज्य बढाउने प्रयास गर्नुपर्छ भने याज्ञवल्क्यको विचार रहेको छ । उनले मित्रद्रोहको निन्दा गरेका छन् । सहज, कृत्रिम र प्राकृत तीन प्रकारका मित्र हुन्छन् ।

गुप्तचर र दूत (Spy and Doot)

याज्ञवल्क्यले गुप्तचर व्यवस्थालाई महत्त्व दिएका छन् । गुप्तचरलाई सुरक्षाको अङ्ग मानिएको छ । गुप्तचरले आन्तरिक र बाह्य सूचना सङ्कल गरी राजालाई प्रतिवेदन बुझानु पर्ने व्यवस्था गरिएको छ । सन्देश बाहक दूतका विषयमा पनि याज्ञवल्क्यस्मृतिमा उल्लेख गरिएको छ ।

न्यायव्यवस्था (Judicial System)

संस्कृत भाषामा विवाद वा मुद्दालाई व्यवहार भनिन्छ । याज्ञवल्क्यस्मृतिको आचाराध्यायको राजधर्म प्रकरणमा राजधर्मको सङ्क्षित चर्चा गरिएको छ । सम्पूर्ण व्यवहाराध्यायमा न्याय र दण्ड व्यवस्थाको वर्णन गरिएको छ । न्याय र धर्मलाई एक अर्काका पूरक मानिएको छ । तात्कालिक समाजमा धर्मको आधारमा न्याय दिने गरिन्थ्यो । याज्ञवल्क्यस्मृतिमा राजालाई न्यायपालिकाको पनि प्रमुख मानिएको छ । समाजमा शान्ति एवं सुरक्षा स्थापित गर्न र न्याय र दण्डव्यवस्थाका लागि राजा आवश्यकता परेको हो भनी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

याज्ञवल्क्यले उल्लेख गरेका छन् । पवित्र न्याय राजाका लागि यज्ञ एवं तप समान मानिएको छ। राम्रोसँग विचार गरेर दण्डनीय व्यक्तिलाई दण्डित गर्ने राजाले यज्ञ गरे बराबर फल प्राप्त गर्दछन् । सभासद्हरूका बीचमा वसेर प्रति दिन राजाले व्यवहारको निर्णय गर्नुपर्छ भन्ने याज्ञवल्क्यको मत छ (याज्ञवल्क्य, आ., राजधर्मप्रकरणम्, श्लो. ३६०)।

सभा (Sabha)

राजाले एक्लै व्यवहारको निर्णय गर्न निषेध गरिएको छ। न्याय सम्पादनमा राजालाई सहयोग गर्न सभाको गठन गर्ने व्यवस्था मिलाइएको छ। सभा तात्कालिक न्यायालय हो। सभाका सदस्यलाई सभासद् भनिन्छ। राजाले कार्यव्यस्तताका कारणले आफै व्यवहार सुन्न नभ्याएको अवस्थामा सबै धर्ममा निष्णात ब्राह्मणलाई सभाको अध्यक्ष पदमा नियुक्ति गर्नुपर्छ भन्ने याज्ञवल्क्यको मत छ। राजाले क्रोध र लोभरहित भएर धर्मशास्त्रानुसार ब्राह्मणका साथमा निर्णय गर्नुपर्छ। वेदको अध्ययन गरेका, धर्मशास्त्रका ज्ञाता, सदा सत्यवादी र मित्र एवं शत्रुप्रति समभाव राख्ने योग्यता भएका ब्राह्मणलाई सभासद् पदमा नियुक्त गर्नु राजाको कर्तव्य मानिएको छ। (याज्ञवल्क्य, व्यवहाराध्याय, श्लो. १-३)।

राग, लोभ र भयका वशमा परेर परम्परा विरुद्ध अन्यायपूर्ण निर्णय गर्ने सभासद्लाई राजाले त्यस विवादमा पक्षलाई हुने सजायको दुई गुणा दण्ड दिनुपर्छ भन्ने याज्ञवल्क्यको विचार छ (याज्ञवल्क्य, व्यवहार, श्लो. ४)। व्यवहारको कार्यप्रणालीमा आवेदन पत्रको प्रस्तुति प्रथम पक्ष हो भने आरोपको प्रत्युत्तर विवादको दोस्रो पक्ष मानिन्छ। अभियोगको रहस्य, कारण तथा नियन्त्रणका उपायको खोजि गर्नु तथा विवादको निर्णय पनि व्यवहारको कार्यप्रणालीका पक्ष मानिएका छन्।

विवादको निर्णय शास्त्रअनुसार गर्नुपर्छ भन्ने याज्ञवल्क्यको मत छ। धर्म नै तात्कालिक समाजमा विधि मानिन्थ्यो। वेद, स्मृति, सदाचार र आफ्नो विवेकले सत्य ठानेको निर्णय धर्मका आधार मानिएको छ। वेद र स्मृति शास्त्र हुन्। सदाचार भन्नाले प्रथा बुझिन्छ। वेद, स्मृति र प्रथा विरुद्ध नहुने गरी आफ्नो विवेकले सत्य ठानेको विचार पनि धर्मको प्रमाण हो[७] (याज्ञवल्क्य, आचार., श्लो. ७)। शास्त्रमा परस्पर विरोधी विचारहरू छन् र निश्चित व्यवस्था गरिएको छैन भने त्यस अवस्थामा राजाले गरेको न्यायपूर्ण र निष्पक्ष न्याय वा न्यायिक निर्णय बलियो कानुन मान्नुपर्छ भन्ने याज्ञवल्क्यको मत छ। अर्थशास्त्र र धर्मशास्त्रका बीचमा परस्पर विरोधी विचार भएको अवस्थामा धर्मशास्त्रलाई बलवान् मान्नुपर्छ[८] (याज्ञवल्क्य, व्यवहार, श्लो. २१)। राजाद्वारा निर्मित निर्णय पनि आफ्नो प्रचलित धर्मको विरुद्ध छैन भने पालन गर्नुपर्छ भन्ने याज्ञवल्क्यस्मृतिमा उल्लेख गरिएको छ[९] (याज्ञवल्क्य, व्यवहार, श्लो. १८६)।

---

७ श्रुतिः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः। सम्यक्संकल्पजः कामो धर्ममूलमिदं स्मृतम्।

८ स्मृत्योर्विरोधे न्यायस्तु बलवान्व्यवहारतः। अर्थशास्त्रात्तु बलवद्धर्मशास्त्रमिति स्थितिः।

९ निजधर्माविरोधेन यस्तु सामयिको भवेत्। सोऽपि यत्नेन संरक्ष्यो धर्मो राजकृतश्च यः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

याज्ञवल्क्यले विवादको निर्णयका सन्दर्भमा चार प्रकारका प्रमाणको विस्तृत वर्णन गरेका छन्। लिखत, भोग र साक्षी प्रमुख तीन प्रमाण हुन्। यी प्रमाणको अभावमा दैवी वा दिव्य प्रमाणलाई प्रमाणको रूपमा ग्रहण गरी विवादको निर्णय गर्न सकिन्छ भन्ने याज्ञवल्क्यको विचार छ[१०] (याज्ञवल्क्य, व्यवहार, श्लो. २२) ।

राजनीतिक विचारका विशेषता (Features of Political Thought)

याज्ञवल्क्यस्मृतिमा राजनीति धर्म र नैतिकतासँग जोडडिएको छ । याज्ञवल्क्यको राजनीतिक विचारका प्रमुख विशेषता निम्नानुसार रहेका छन्:

धर्म र न्याय (Dharma and Justice)

राजनीतिक विचारलाई याज्ञवल्क्यले राजधर्म भनेका छन्। राजा र राज्यको उद्देश्य धर्मको स्थापना गर्नु मानिएको छ । धर्म सत्य (Righteousness) मा आधारित हुन्छ । राज्यको शासनलगायत मानव जीवनका सबै पक्षको मार्गनिर्देशन धर्ममा निहित गरिएको छ । शासकका कर्तव्य र उत्तरदायित्वलाई राजधर्म भनिन्छ। धर्मलाई नैतिक कर्तव्यको आधार मानिएको छ । प्रजाको रक्षा, न्याय सम्पादन र प्रजारञ्जन गर्नु राजाका नैतिक कर्तव्य हुन्। राजा र प्रजा सबैका कर्तव्य तोकिएको छ। कर्तव्य पालन गर्नु सबैको नैतिक दायित्व मानिएको छ। सबैलाई कर्तव्यको बन्धनमा बाँधिएको छ। धर्मको माध्यमद्वारा सामाजिक सामञ्जस्य (Harmonious Society) सुनिश्चित गर्नु याज्ञवल्क्यको उद्देश्य रहेको छ।

राजाको भूमिका (Role of the King)

धर्म स्थापना गर्नु राजाको कर्तव्य मानिएको छ। राजालाई जनताका रक्षक मानिएको छ । निष्पक्ष (Fair), न्यायपूर्ण (Just) र लोककल्याणकारी (benevolent) राजाको अपेक्षा यज्ञवल्क्यस्मृतिमा गरिएको छ। धर्म र राज्यको संरक्षकको भूमिकामा राजालाई राखिएको छ । समाजमा शान्ति-सुव्यवस्था र न्यायको प्रतिबद्धता राजाको कर्तव्यभित्र राखिएका छन्।

नैतिक शासन (Ethical Governance)

जीवनका हरेक क्षेत्रमा सदाचारको अपेक्षा याज्ञवल्क्यले गरेका छन्। राज्य सञ्चालनमा पनि नैतिक आचरणको अनुसरण गर्नुपर्छ भन्ने उनको विचार छ । राजालाई जनताका सेवक मानिएको छ । व्यक्तिगत इच्छा पूर्तिमा होइन जनताको कल्याणका लागि राजा समर्पित हुनुपर्छ भन्ने उनको मत छ। जनताको कल्याणका लागि समृद्धि आवश्यक हुन्छ

---

१० प्रमाणं लिखितं भूक्तिः साक्षिणश्चेति कीर्तितम्। एषामन्यतमाभावे दिव्यान्यतममुच्यते।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
भन्ने यज्ञवल्क्यको विचार छ । प्रजाको रक्षा, समृद्धि र सत्यधर्ममा आधारित न्याय सम्पादन राजाका नैतिक कर्तव्य मानिएको छ।

सल्लाहकार र परामर्श (Advisors and Counsel)

शासन सञ्चालनमा बुद्धिमान् व्यक्तिको परामर्शलाई याज्ञवल्क्यले ज्यादै महत्त्व दिएका छन । ज्ञानी र सदाचारी सल्लाहकारले न्यायपूर्ण निर्णय गर्न मार्गदर्शन गर्दछन् । त्यसैले राजाले योग्य व्यक्तिलाई मन्त्रीपदमा नियुक्त गर्नुपर्छ र उनीहरूसँगको परामर्शमा शासन सञ्चालन गर्नुपर्दछ भन्ने याज्ञवल्क्यको विचार रहेको छ । न्याय सम्पादनमा पनि सभासद्हरूको परामर्शलाई महत्त्वपूर्ण मानिएको छ।

अहिंसा र शान्ति (Non-violence and Peace)

याज्ञवल्क्यले अहिंसा र शान्ति स्थापनामा जोड दिएका छन् । राजनीतिमा अनावश्यक युद्ध र हिंसाको प्रयोग निरुत्साहित गरिएको छ । अन्तरराज्य विवादको शान्तिपूर्ण समाधानमा जोड दिइएको छ।

आधुनिक परिवेशमा याज्ञवल्क्यका विचार प्रत्यक्ष राजनीतिक मान्न सकिदैन । उनको सरकारको प्रारूप नैतिक सिद्धान्त, न्यायपूर्ण समाजको सृजनामा आधारित छ । शासकको नैतिक कर्तव्यमा उनले विशेष जोड दिएका छन् । जीवनको हरेक पक्षमा धर्मको पालना गर्नु गराउनु आवश्यक मानिएको छ।

निष्कर्ष (Conclusion)

वैदिक सनातन धर्ममा वेदपछि स्मृतिको विशेष महत्त्व छ । स्मृति सनातन धर्मका धर्मग्रन्थ हुन् । मनुद्वारा रचना गरिएको मनुस्मृति सबैभन्दा प्राचीन र आधिकारिक मानिन्छ । मनुस्मृतिपछि महर्षि याज्ञवल्क्यद्वारा रचना गरिएको याज्ञवल्क्यस्मृति आधिकारिक स्मृति मानिन्छ । याज्ञवल्क्यस्मृतिमा राजधर्मको वर्णन सङ्क्षित छ । याज्ञवल्क्य लोककल्याणकारी राजतन्त्रका समर्थक छन् । उनको राजधर्म र मनुस्मृतिको राजधर्मबीच समानता छ । याज्ञवल्क्यले व्यवहाराध्यायमा विधि र विधिशास्त्रको विस्तृत वर्णन गरेका छन् । मनु कठोर परम्परावादी छन् भने याज्ञवल्क्य लचिलो र व्यावहारिक छन् । आधुनिक राजनीतिको प्रारम्भ हुनुभन्दा पूर्व दक्षिण एसियाका विभिन्न राज्यमा याज्ञवल्क्य स्मृतिको व्यवस्था अनुसार शासन व्यवस्था र न्याय सम्पादन गर्ने गरिन्थ्यो । याज्ञवल्क्यस्मृतिमा वर्णन गरिएका शासकका योग्यता, नैतिक कर्तव्य, शासनकला आदि विषय वर्तमान राजनीतिमा पनि सान्दर्भिक लाग्दछन् । उनका नैतिक आदर्श व्यवहारमा चरितार्थ गर्न सके वर्तमान लोकतन्त्रमा सुशासन कायम गर्न सहज हुन सक्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वेद, उपनिषद्, दर्शनशास्त्र, न्याय र कानुनका क्षेत्रमा याज्ञवल्क्यको विशेष योगदान रहेको छ । राजनीतिक चिन्तनमा याज्ञवल्क्यले मनुस्मृतिका राजनीति विचारलाई नै निरन्तरता दिएका छन् । मनुका राजनीतिक विचारलाई सङ्क्षिप्त र सुव्यवस्थित गरी याज्ञवल्क्य स्मृतिको आचार अध्यायको राजधर्म प्रकरणमा उल्लेख गरिएको छ । न्याय सम्पादनका विषयमा भने मनुस्मृतिमा भन्दा याज्ञवल्क्यस्मृतिको व्यवहार अध्यायमा विस्तृत विवेचना गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गौतम बुद्ध
(Gautam Buddha)

वैदिक सभ्यताको इतिहासमा इसापूर्व छैटौं शताब्दी बौद्धिक र धार्मिक क्षेत्रमा उथलपुथलको शताब्दी थियो । यसै शताब्दीमा दक्षिण एसियामा जैनधर्म र बौद्धधर्मको उदय भएको थियो । यी दुई धर्मको प्रभावका कारण सामाजिक र धार्मिक जीवनमा उथलपुथल प्रारम्भ भएको थियो । त्यस वेला वैदिक सनातन धर्ममा अनेक विकृति देखापरेका थिए । सनातन धर्मप्रति जन-साधारणको विश्वास घट्दै गएको थियो । सनातन धर्मप्रति जनताको विश्वास घटेको अवस्था नयाँ धर्मको उदयका लागि सुन्दर अवसर थियो । यसै अवसरमा महावीरले जैनधर्म र गौतम बुद्धले बौद्धधर्मको प्रतिपादन गरेका थिए । दुबै धर्म सनातन सभ्यताका देन हुन् । बौद्ध साहित्यमा धार्मिकका साथै सामाजिक र राजनीतिक विचार पनि महत्त्वका साथ उल्लेख गरिएको छ । बौद्ध साहित्यमा उल्लेख भएका राजनीतिक विचारका आधारमा यस प्रकरणमा गौतम बुद्धको राजनीतिक चिन्तनको परिचय प्रस्तुत गरिएको छ ।

गौतम बुद्धको जीवनी (Life of Gautam Buddha)

गौतम बुद्धको जन्म इसापूर्व ५६३ मा शाक्यकुलमा भएको थियो । उनका पिता शुद्धोधन शाक्य गणराज्यका राजा थिए । नेपालको कपिलवस्तु जिल्लाको तिलौराकोट शाक्य गणराज्यको राजधानी थियो । उनकी आमाको नाम मायादेवी थियो । मायादेवी आफ्नो माइती कोलिय राज्यको देवदह जाँदैगर्दा बाटोमा पर्ने नेपालको लुम्बिनीमा गौतम बुद्धको जन्म भएको थियो । उनको बाल्यकालको नाम सिद्धार्थ गौतम थियो । उनी जन्मेको सातौं दिनमा उनकी आमाको देहान्त भएको थियो । उनको पालनपोषण सौतेनी आमा महाप्रजावतीले गरेकी थिइन् । मौर्य सम्राट् अशोकले लुम्बिनीमा इसापूर्व २५० मा अशोकस्तम्भको निर्माण गरेका थिए । त्यस स्तम्भमा ब्राह्मी लिपिमा यहाँ बुद्ध जन्मेका थिए (Since the Buddha Shakyamuni was born here.) भन्ने उल्लेख छ । अशोकस्तम्भ सयौं वर्षदेखि अज्ञात अवस्थामा रहेको थियो । पाल्पाका तात्कालिक गभर्नर खड्ग शंशेर राणाले सन् १८९६ मा लुम्बिनीको अशोकस्तम्भ पत्ता लगाएका थिए । त्यसपछि मात्र बुद्धको जन्मस्थल लुम्बिनी प्रकाशमा आएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सिद्धार्थ गौतमको बाल्यावस्था विलासितापूर्ण थियो। उनको दर्शन गर्न आएका ऋषिले राजकुमारले बुद्धत्व प्राप्त गर्ने भविष्यवाणी राजा शुद्धोधनलाई सुनाएका थिए। राजकुमार यदि गृहस्थाश्रममा नै रहे भने अद्वितीय चक्रवर्ती सम्राट हुनेछन् भन्ने अर्को भविष्यवाणी पनि गरेका थिए । तरुण सिद्धार्थ विचारशील र संसारबाट विरक्त भएको देखेर पिता शुद्धोधनले छोरो संन्यासी होला भन्ने डरले छिमेकी कोलिय गणराज्यकी राजकुमारी यशोधरासँग उनको विवाह गरिदिएका थिए। बृद्ध, रोगी, सन्यासी र शव देखेर सिद्धार्थमा विरक्ति बढ्यो । उनी २९ वर्षको उमेरमा सुन्दर पत्नी र छोरो राहुललाई छाडी रातको समयमा दरबार परित्याग गरेर ज्ञानको खोजमा हिडे। उनी दक्षिणतर्फ लागे र मगध राज्यको राजधानी राजगृह पुगे । स्वयं पहँलो वस्त्र धारण गरी सन्यासी बने र आलार कालम भन्ने सन्यासीको आश्रममा पुगे। त्यहाँ उनले आलार कालमबाट केही योग विधि सिके पनि उनी सन्तुष्ट भएनन् र उद्दक रामपुत्तक कहाँ गए । उद्दक रामपुत्तकबाट प्राप्त ज्ञानबाट पनि उनलाई सन्तुष्टि मिलेन। त्यसपछि गयाको नजिकै उरवेला भनिने वनमा अन्न परित्याग गरी छ वर्षसम्म उनले कठोर तपस्या गरे। यसबाट उनको शरीर ज्यादै कमजोर भयो तर कुनै उपलब्धि भएन। त्यसपछि उनलाई शरीरलाई कष्ट दिएर लक्ष्यमा पुग्न सकिदैन भन्ने अनुभव भयो। उनले अन्न ग्रहण गर्न थाले। इसापूर्व ५३१मा एक रात उनी पीपलको रुखमुनि बसेर ध्यान गरेर बसेका थिए, त्यही उनलाई बुद्धत्व प्राप्त भयो । ३५ वर्षको उमेरमा उनी बुद्ध भए। उनले ज्ञान प्राप्त गरेको स्थान बुद्धगयाको हाल महाबोधि मन्दिर रहेको स्थान हो। यो ठाउँ बुद्ध धर्मका अनुयायीको पवित्र तीर्थ स्थल हो।

बुद्धले ज्ञान प्राप्त गरेपछि सर्वप्रथम वाराणसीको सारनाथमा पाँच जना भिक्षुलाई उपदेश दिए। यस घटनालाई 'धर्म चक्र प्रवर्तन' भनिन्छ। त्यसपछि वनारसमा प्रथम बौद्ध सङ्घको स्थापना भयो। राजगृह, कपिलवस्तु र श्रावस्तीमा पनि बौद्ध सङ्घ स्थापित भए । उनका पिता शुद्धोधनको मृत्यु पश्चात् उनी कपिलवस्तु गएका थिए। त्यहाँ उनले शाक्य र कोलिय गणराज्यबीचको रोहिणी नदीको पानीको पुरानो विवाद मिलाए। उनले आफ्नी सौतेनी आमा गौतमी र गौतमीकी छोरी नन्दा, आफ्नी पत्नी यशोधरालाई भिक्षुणी बनाई बौद्ध सङ्घमा प्रवेश गराएका थिए। ज्ञान प्राप्त गरेपछि ४५ वर्षसम्म दक्षिण एसियाका तात्कालिक अवस्थामा कायम रहेका विभिन्न राज्यको भ्रमण गर्ने र धर्मप्रचार गर्ने काम उनले गरेका थिए । अन्त्यमा सन् ४८३ मा ८० वर्षको उमेरमा गोरखपुरको नजिक कुशिनगरमा बुद्धले महापरिनिर्वाण प्राप्त गरेका थिए।

बुद्धका रचना (Works of Buddha)

गौतम बुद्धले आफ्नो जीवन कालमा कुनै पनि ग्रन्थको रचना गरेका थिएनन्। बुद्धका शिष्य भिक्षुहरूले उनका शिक्षा कण्ठस्थ गर्ने गरेका थिए। बुद्धको मृत्यपछि भिक्षुहरूका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विभिन्न सङ्गीति आयोजना गरिए र बुद्धका शिक्षाको सङ्कलन गरियो । बौद्ध धर्मको मूलग्रन्थ त्रिपिटक तयार गरियो। बुद्धले पालि भाषामा उपदेश दिएको थिए। त्यसैले पालि भाषामा नै त्रिपिटक सङ्ग्रह तयार गरियो । यो नै बुद्ध धर्म र दर्शनको मूल ग्रन्थ हो । त्रिपिटक अनेक ग्रन्थको सङ्ग्रह हो। विनय पिटक, सुत्त पिटक र अभिधम्म पिटक गरी त्रिपिटक तीन भागमा विभाजित छ।

विनय पिटक

भिक्षुको जीवन र भिक्षुका सङ्घसम्बन्धी अनुशासनका नियम,दैनिक आचार-विचार र विधिनिषेधको उल्लेख गरिएको ग्रन्थ विनय पिटक हो। पातिमोक्ख, सुत्तविभङ्ग, खन्धक र परिवार गरी विनय पिटकमा चार भाग छन्।

सुत्त पिटक

सुत्त पिटक धर्मका उपदेशको सङ्ग्रह हो । दीघ निकाय, मज्झिम निकाय, संयुक्त निकाय, अङ्गुतर निकाय र खुद्दक निकाय गरी सुत्त पिटक पाँच निकायमा विभाजित छ। जातक कथा र धम्मपद पनि खुद्दक निकाय अन्तर्गत पर्दछन्। धम्मपदलाई बौद्ध धर्मग्रन्थको गीता मानिन्छ।

अभिधम्म पिटक

अभिधम्म पिटकमा उच्च स्तरको दार्शनिक विवेचना गरिएको छ । सम्राट अशोकको शासन कालमा बौद्ध भिक्षुहरूको तृतीय सङ्गीतिद्वारा मुग्गलिपुत्त तिस्सले अभिधम्म पिटकको सङ्कलन गरेका थिए। धम्मसङ्गति, विभङ्ग, धातुकथा, पुग्गल पञ्चति, कथा वत्थु र यमक तथा पत्थान गरी सात ग्रन्थ अभिधम्म पिटक अन्तर्गत पर्दछन्।

बौद्ध धर्मको उदयका कारण (Causes of the Rise of Buddhism)

वैदिक सनातन धर्म सबैभन्दा पुरानो धर्म हो। वैदिक कालमा सनातन धर्म सरल थियो र वेदका मन्त्रको उच्चारण र प्रकृतिको पूजा यस धर्मका उज्वल पक्ष थिए। उत्तरवैदिक कालमा लामो समयसम्म सञ्चालन गरिने अनुष्ठान, महँगो कर्मकाण्डका जटिल प्रक्रिया, पशुबलि प्रथा आदिले गर्दा वैदिक धर्ममा जटिलता सृजना भएको थियो। महँगो र जटिल धार्मिक प्रक्रियाका कारण सर्वसाधारणलाई धर्म पालना गर्न कठिन भएको थियो। धनी व्यक्तिले मात्र कर्मकाण्ड गर्न सक्थे। यज्ञमा पशुबलिको प्रचलन ज्यादै बढेको थियो। ईश्वर खुसी पार्न दिइने बलिको विरोध हुन थालेको थियो।

वैदिक कालमा मानिसको गुण र पेसाका आधारमा मानव समाजलाई चार वर्णमा विभाजन गरिएको थियो। पठनपाठन र कर्मकाण्ड गर्ने व्यक्ति ब्राह्मण, राज्य सञ्चालन र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सुरक्षाको काम गर्ने क्षत्रिय, कृषि, पशुपालन र उद्योग व्यापार गर्ने वैश्य र यी तिन वर्णको सेवा गर्ने व्यक्तिलाई शूद्र भनिन्थ्यो। उत्तरवैदिक कालमा आइपुग्दा ब्राह्मण उच्चवर्ग मानिन थालेका थिए। ब्राह्मणपछि क्षत्रिय, वैश्य र शूद्रको मर्यादाक्रम निर्धारण भएको थियो। बुद्धको समयमा वर्णव्यवस्था जाति प्रथा परिणत भएको थियो। समाजमा विभेद, असमानता र अपृश्यता सृजना भएको थियो। प्रारम्भमा ब्राह्मण उच्च नैतिकताको पालना गर्ने विद्वान् थिए तापनि समयको अन्तरालमा उनीहरूमा नैतिकताको ह्रास हुँदैगएको थियो। फलस्वरूप सर्वसाधारण जनताले समाजमा ब्राह्मणको सर्वोच्चताको विरोध गर्न थालेका थिए।

भाषा पनि सामाजिक उथलपुथलको कारण थियो। वैदिक साहित्यको भाषा संस्कृत थियो। बुद्धको समयमा संस्कृत विद्वान् पण्डितहरूको बौद्धिक विलासको भाषा भइसकेको थियो। यो सर्वसाधारणको भाषा थिएन। फलस्वरूप धार्मिक साहित्य र दर्शनको गहिराइ सर्वसाधारणको पहुँचभन्दा बाहिर हुनगएको थियो। धार्मिक विषयको व्याख्याका लागि उनीहरू ब्राह्मणमा निर्भर थिए। स्वार्थी ब्राह्मणहरू धार्मिक व्याख्याको नाममा मानिसहरूलाई गलत मार्गमा पनि लगाउँथे। आफ्नो धर्म सरल भाषामा होस् भन्ने जनताको इच्छा थियो। बुद्धले धर्मका सन्देश तात्कालिक समयको लोक भाषा पालीमा दिए। त्यसैले उत्पीडित जनताले बुद्धधर्म मन पराए।

बुद्धका मूल सिद्धान्त (Teachings of Buddha)

बुद्धले तात्कालिक समयमा वैदिक सनातन धर्ममा देखिएका विकृतिको विपक्षमा सरल र व्यावहारिक उपदेश पाली भाषाम दिएका थिए। बुद्धधर्मका आधारभूत मान्यता निम्नानुसार रहेका छन्:

नौतिकता र सदाचार (Morality and Virtue)

बुद्धका उपदेश सरल र व्यवहारमा लागु गर्न सकिने छन्। बुद्धको उद्देश्य नैतिकताको सिद्धान्त निर्माण गर्नु थिएन। उनका उपदेशको उद्देश्य व्यक्तिलाई नैतिक र चरित्रवान् बनाउनु थियो। नैतिकता, सदाचार र सद्गुण नै उनका उपदेशका मूल आधार हुन्। उनका नैतिकताका उपदेश व्यवहारिक छन्।

अहिंसा (Nonviolence)

संस्कृत शब्द अहिंसाको शाब्दिक अर्थ हत्या नगर्नु भन्ने हुन्छ। बुद्धले कुनै पनि प्राणीलाई मन, वचन र कर्मले दुःख नदिनु भन्ने अर्थमा अहिंसा शब्दको प्रयोग गरेका छन्। बुद्धको समयमा वैदिक सनातन धर्ममा यज्ञमा पशुबलि प्रथा ज्यादै प्रचलित थियो। बलिप्रथाको विरोधमा बौद्धधर्मको उदय भएको थियो। बुद्धले पशुबलि मात्र होइन खर्चिला यज्ञ र संस्कारको समेत विरोध गरेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वर्णव्यवस्थाप्रति अविश्वास (No Faith in Varna and Caste System)

वर्णव्यवस्था वैदिक सनातन धर्मको आधारभूत विषय हो । वर्णव्यवस्थाका कारणले बुद्धको समयभन्दा पहिलेदेखि नै समाजमा सनातन धर्मप्रति नकारात्मक भावना सृजना भएको थियो । मानिसको कुनै जात हुँदैन भन्ने बुद्धको मान्यता रहेको छ । समाजमा ब्रह्मणको उच्च सम्मान हुनु पर्छ भन्ने वैदिक समाजको मान्यताको विरुद्ध बुद्धले समाजमा सद्गुण र सदाचारका आधारमा हरेक मानिसको सम्मान र इज्जत गरिनुपर्छ भन्ने विचार स्थापित गरेका छन् ।

ईश्वरका विषयमा मौन (Silence Over the Existence of God)

बुद्ध ईश्वरको अस्तित्वका विषयमा मौन छन् । ईश्वर छ वा छैन भन्ने प्रश्न सर्वसाधारणको निम्ति बोधगम्य विषय होइन । यस्तो विवादास्पद विषयमा आफ्नो धारणा राखेर बुद्ध आफ्नो धर्मलाई विवादास्पद बनाउन चाहँदैनथे । त्यसैले उनी ईश्वर छ वा छैन भन्ने विषयमा मौन रहेका हुन् ।

कर्मको सिद्धान्त (Theory of Karma)

मानिसले जस्तो कर्म गर्छ त्यस्तै फल प्राप्त गर्दछ भन्ने मान्यता नै कर्मको सिद्धान्त हो । कर्मको फल यस जन्ममा मात्र होइन अर्को जन्ममा समेत भोग्नु पर्छ । कर्मको फल भोग्नको लागि मानिसको पुनर्जन्म हुन्छ भन्ने बुद्धको विचार छ । तृष्णा समाप्त भएपछि मानिसको पुनर्जन्म हुँदैन । तृष्णाको अन्त्य भएपछि मात्र मानिसले निर्वाण प्राप्त गर्दछ भन्ने बुद्धको मान्यता रहेको छ ।

निर्वाण (Nirvana)

निर्वाण प्राप्त गर्नु मानव जीवनको अन्तिम लक्ष्य हो । निर्वाण बुद्धत्व हो । तृष्णाको अन्त्य भएपछि निर्वाण प्राप्त हुन्छ र मानिस जन्म र मृत्युको चक्रबाट मुक्त हुन्छ । निर्वाण आध्यात्मिकताको उच्चतम विन्दु हो । जीवनमा सदाचार र सद्गुणको अभ्यासबाट निर्वाण प्राप्त गर्न सकिन्छ ।

बुद्धका चार आर्य सत्य (Four Noble Truths)

बुद्धले चार आर्य सत्यको ज्ञान प्राप्त गरेका थिए । उनका चार आर्य सत्य हुन्: १) संसारमा दु:ख छ । (The world is full of sorrow and misery.) २) तृष्णा दु:खको कारण हो । (The main cause of sorrow and misery is desire.) ३) दु:खको निरोध वा विनाश गर्न सकिन्छ । (Sorrow and misery can be averted by controlling *trishna* or desire.) ४) तृष्णाको विनाशको मार्ग छ । (The desire can be suppressed by following the Eight Fold Path.)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अष्टाङ्ग मार्ग (Eight Fold Path)

दुःखको विनाशका उपायलाई अष्टाङ्ग मार्ग भनिन्छ। यिनको अभ्यासबाट दुःखको निवारण गर्न सकिन्छ भन्ने बुद्धको विचार छ। मोह र तृष्णा दुःख कारण हुन्। मोह र तृष्णाबाट मुक्तिका लागि बुद्धले बताएका आठ उपाय अष्टाङ्ग मार्ग हुन्।

सम्यक् दृष्टि (Right understanding or belief)

दुःखको कारण अज्ञानता हो। अज्ञानताको कारण भौतिक वस्तुप्रतिको आसक्ति र तृष्णा हो। सम्यग्दृष्टि भनेको सत्यको ज्ञान हो। सत्यको ज्ञानबाट मोह र तृष्णाको अन्त्य हुन्छ।

सम्यक् सङ्कल्प (Right Thought)

आचार र व्यवहारमा दृढतापूर्वक सत्यको अनुसरण गर्ने सङ्कल्प नै सम्यक् सङ्कल्प हो। सम्यक् सङ्कल्प सदाचारको आधार हो।

सम्यक् वाक् (Right Speech)

असत्य र कटु वचन मनुष्यको दुःखको कारण हो। वाणी संयमित हुनुपर्छ भन्ने बुद्धको विचार रहेको छ। सत्य बोल्नु सम्यक् वाक्को सिद्धान्त हो।

सम्यक् कर्मान्त (Right Action)

सत् कर्म गर्नु सम्यक् कर्मान्त हो। सत्य, अहिंसा, अस्तेय र करुणाको व्यवहारमा अभ्यास गर्नु, अधिक भोजन नगर्नु, इन्द्रियद्वारा गरिने भोगमा लीन नहुनु र अरूको निन्दा नगर्नु सत् कर्म हुन्। बुद्धले सत्कर्मको सिद्धान्तको पालनामा जोड दिएका छन्।

सम्यक् आजीव (Right Livelihood)

जीवनका लागि अर्थोपार्जन अनिवार्य हुन्छ। बुद्धले गलत मार्गबाट अर्थोपार्जन गर्न र अधिक धन सञ्चय गर्न निषेध गरेका छन्। धर्मपूर्वक अर्थोपार्जनको मान्यता सम्यक् आजीव हो।

सम्यक् व्यायाम (Right Effort)

आफ्नो र अरूको भलाइका लागि प्रयत्न गर्नु सम्यग् व्यायाम हो। आत्मानुशासन र करुणा वा दया बौद्ध आचरणका मूल आधार हुन्।

सम्यक् स्मृति (Right Recollection)

सम्यक् स्मृतिको अर्थ सद्बुद्धि वा मति हो। निर्वाण प्राप्त गर्न सद्बुद्धि आवश्यक हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सम्यक् समाधि (Right Re-concentration or Meditation)

उक्त सात मार्गको पालना गर्ने व्यक्तिको मन शान्त र एकाग्र हुन्छ । शान्त र एकाग्र मनबाट समाधि प्राप्त गर्न सकिन्छ । मनलाई सांसारिक वस्तुबाट अलग गर्नु नै बुद्धका अनुसार समाधि हो। सांसारिक सुखदु:खबाट अलग भएपछि मनुष्यले निर्वाण प्राप्त गर्दछ। समाधिको अवस्थामा पूर्वजन्मको स्मृतिका साथै जीवको उत्पत्ति र विनाशको ज्ञान वा प्रज्ञा हुन्छ। चित्तका वाधक विषयको पनि ज्ञान हुन्छ। प्रज्ञाको अर्थ ज्ञान हो। ज्ञान प्राप्तिका आधार तीन छन् । त्यसै आधारमा प्रज्ञा पनि तीन प्रकारका हुन्छन् । १) श्रुतमयी प्रज्ञा: सुनेको आधारमा प्राप्त हुने ज्ञान श्रुतमती प्रज्ञा हो । यसको अर्थ ज्ञानेन्द्रियद्वारा प्राप्त ज्ञान हो। यो प्रत्यक्ष ज्ञान (Perception) हो। २) चिन्तामयी प्रज्ञा: विवेक वा युक्तिबाट (Inference) प्राप्त ज्ञान चिन्तामयी प्रज्ञा हो । ३) भावनामयी प्रज्ञा: समाधिजन्य ज्ञानलाई भावनामयी प्रज्ञा भनिन्छ। सम्यक् समाधिबाट निर्वाण प्राप्त हुन्छ भन्ने बुद्धको विचार छ।

पञ्चशील र त्रिरत्न (Panchashil and Triratna)

अष्टाङ्ग मार्गको अनुसरण गर्न शारीरिक शुद्धि आवश्यक हुन्छ । शारीरिक शुद्धिका लागि शील, समाधि र प्रज्ञा आवश्यक हुन्छन्। शील, समाधि र प्रज्ञालाई त्रिरत्न भनिन्छ। बुद्ध धर्मका साधकले 'बुद्धं शरणं गच्छामि, धर्मं शरणं गच्छामि र सङ्घं शरणं गच्छामि' भनी प्रतिज्ञा गर्दछन्। साधक धर्म र सङ्घको शरणमा जानुपर्छ भन्ने नियम रहेको छ। उपासकले पञ्चशीलको पनि पालन गर्नुपर्छ । पञ्चशील निम्नानुसार रहेका छन्: १) प्राणातिपात विरति प्रथम शील हो । प्राणातिपात विरतिको अर्थ अहिंसा अर्थात् हिंसा नगर्नु हो । २) अदत्तादान विरति दोस्रो शील हो । यसको अर्थ अस्तेय वा चोरि नगर्नु हो । ३) काम मिथ्याचार विरति तेस्रो शील हो। यसको अर्थ व्रह्मचर्यको पालना गर्नु हो। ४) मृषावाद विरति को अर्थ सत्य बोल्नु हो। सत्य बोल्नु चौथो शील हो। ५) सुरा मैरेय प्रमादस्थान विरति अर्थात् नशालु वस्तुको सेवन नगर्नु पाँचौ शील हो।

बौद्ध धर्मका सम्प्रदाय (Sects of Buddhism)

बौद्ध धर्मका थेरवाद, महायान र वज्रयान गरी प्रमुख तीन सम्प्रदायमा विभाजित छ। अनुयायीको सङ्ख्याका आधारमा बौद्ध धर्म संसारको चौथो ठूलो धर्म हो ।१) थेरवाद बुद्धका मौलिक उपदेशलाई जस्ताको तस्तै मान्ने सम्प्रदाय हो। यसलाई हीनयान भनिन्छ । हीनयानमा बुद्धलाई महापुरुष मानिन्छ। उनले साधनाद्वारा निर्वाण प्राप्त गरेका थिए। यो निवृत्तिप्रधान मत हो । अर्हत् हीनयानका आराध्य हुन् । २) महायान बौद्ध धर्मका अनुयायीहरूले इसवी संवत्को पहिलो शताब्दीमा विकास भएको सम्प्रदाय हो। यो भक्ति प्रधान मत हो। महायानमा बुद्धलाई सामान्य महापुरुष होइन अवतार मानिन्छ। महायानको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
विकासले बुद्धका मूर्तिनिर्माण र पूजा प्रारम्भ भएको हो। अश्वघोष, नागार्जुन र असङ्ग महायान मतका प्रमुख विचारक थिए। महायानको साहित्य संस्कृत भाषामा विकास गरिएको छ। महायानमा बोधिसत्त्वलाई आराध्य मानिन्छ। ३) वज्रयानको विकास बौद्ध धर्ममा तन्त्र साधनाको प्रारम्भ भएपछि भएको हो। तन्त्रलाई प्राथमिकता दिने बौद्ध धर्मको शाखा वज्रयान हो।

बुद्धका राजनीतिक विचार (Political Thought of Buddha)

बुद्धको उपदेशको प्रमुख उद्देश्य दुःखबाट व्यक्तिलाई मुक्त गर्नु थियो। बुद्धका प्राचीन साहित्यमा राजनीतिक, आर्थिक र अन्तर्राष्ट्रिय समस्याको सम्बोधन गरिएको छ। उनको चिन्तनमा व्यक्तिको समाज, अर्थ-व्यवस्था र राजनीतिसँगको अन्तर्निर्भरतामा जोड दिइएको छ। बुद्ध सामाजिक, राजनीतिक र आर्थिक विषयका मौलिक र महत्त्वपूर्ण दार्शनिक थिए। उनको विचार बौद्धिक (rationalistic), मानवीय (humanistic) र लोकतान्त्रिक (democratic) छ। बुद्धले मानव इन्द्रियद्वारा प्रत्यक्ष अनुभव गरिएको र बुद्धि, विवेक र तर्कद्वारा प्राप्त ज्ञानलाई सत्य मानेका छन्। उनले राजनीतिलाई साध्य मान्दैनन्। उनको विचारमा राजनीति व्यक्तिको विकासमा सहयोगी वा हानिकारक व्यवधान सृजना गर्न सक्ने साधन मात्र हो। व्यक्तिको विकासमा राज्यको सहयोगी भूमिका हुनुपर्छ भन्ने बुद्धको मत छ। सामाजिक व्यवस्था र जनकल्याणका लागि सरकार आवश्यक भएको हो। राज्य सञ्चालन गर्दा धर्म (पाली भाषामा धम्म) पालना गर्नुपर्छ भन्ने बुद्धको विचार छ। धर्मको अर्थ अन्धविश्वास होइन। मानवको विवेकको कसीमा जाँचेर तर्कपूर्ण र सत्य प्रमाणित भएको प्राकृतिक नियमलाई उनले धर्म मानेका छन्। धर्मका नियम सबै मानव समाजमा लागु हुने विश्वव्यापी (universal) हुनुपर्छ भन्ने बुद्धको विचार छ। मानव समाजमा सद्गुण समान रूपले वितरण गरिनु पर्छ । (Virtues should be distributed equally.) यसको अर्थ धर्म र सदाचारका नियम सबैलाई समान रूपले लागु हुनुपर्छ भन्ने हो। सामाजिक हैसियत, वर्ण र आर्थिक हैसियतका आधारमा भेदभाव गरिनु हुँदैन। शासक र नागरिक पनि धर्मको दृष्टिमा समान हुन्छन्। यही शाश्वत सिद्धान्तका आधारमा बुद्धले वैदिक सनातन समाजको वर्णव्यवस्था अस्वीकार गरेका हुन्। वर्णका आधारमा भेदभाव गर्नुहुँदैन भन्ने बुद्धको मान्यता हो। समानताको शाश्वत नियम राजनीतिक संस्थामा पनि प्रतिबिम्बित हुनुपर्छ भन्ने बुद्धको विचार छ।

बुद्धको राजनीतिक विचारको विकासलाई तीन अलग-अलग चरणमा विभाजन गर्न सकिन्छ। प्रारम्भिक अवस्था राज्यको उत्पत्तिसँग सम्बन्धित चरण हो। दोस्रो अवस्थामा शक्तिशाली निरङ्कुश राजतन्त्रको उदयको सम्भावनासँग सम्बन्धित चरण हो। यो धर्म र राजशक्तिबीचको सहसम्बन्धको अवस्था हो। यस अवस्थामा राजाबाट मठ वा धर्मको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

संरक्षण हुन्छ। धर्मले राजालाई विनय वा अनुशासनमा राख्दछ। धर्मले राजाको शक्तिलाई वैधता पनि प्रदान गर्दछ। तेस्रो चरणमा धर्म राजाका लागि साम्राज्य निर्माणको साधन मानिन्छ।

राज्यको उत्पत्ति (Origin of the State)

बौद्ध साहित्यको 'दीघनिकाय'को अगनसुत्तमा राज्यको उत्पत्तिसम्बन्धी सिद्धान्तको उल्लेख गरेको पाइन्छ। यस धर्तीमा प्रारम्भमा मानव-मानवबीच मेलमिलाप थियो। मानिसको जीवन सुखी र शान्तिपूर्ण थियो। त्यो सुनौलो युग (golden age) थियो। बौद्ध साहित्यमा उल्लेख गरिएको राज्यको उदय हुनुभन्दा पूर्वको अवस्था महाभारत र बृहस्पतिस्मृतिमा वर्णन गरिएको स्वर्णयुगसँग मिल्दोजुल्दो छ। लामो समयको अन्तरालपछि मानिस लोभी र स्वार्थी भए। मानिसमा खराब प्रवृत्तिको जन्म भयो। प्रारम्भमा मानिसमा लोभको उदय भयो। भोजनका कारणले मानिसको शारीरिक सुन्दरतामा अन्तर आयो। व्यक्तिगत श्रेष्ठताको भावना जन्मियो। मानिसमा वासना र निजी सम्पत्तिको कारणले प्रारम्भिक सुन्दर अवस्थाको अन्त्य भयो। खेतीका लागि खेतको विभाजन गरियो। जमीनको सीमा निर्धारण गरियो। सम्पत्तिको विभाजनले समाजमा चोरि प्रारम्भ भयो। प्रारम्भिक दीप्तिमान अवस्था नष्ट भयो। समाजमा विध्वंसात्मक तत्त्वको उदय भयो। त्यसको अन्त्यका लागि महासम्मतको आवश्यकता पर्न गयो। जनताद्वारा चुनिएका राजालाई महासम्मत भनिन्छ।

सामाजिक दुरावस्थाबाट मुक्त हुन मानिसहरू जम्मा भएर सबैभन्दा असल मानिस कहाँ गए। त्यस असल मानिसलाई माहासम्मत निर्वाचित गरे। महासम्मतलाई महानिर्वाचित (great elect) भनियो। महासम्मत (*The choice of the people)* जनताद्वारा निर्वाचित व्यक्तिको उपाधि थियो। खेत वा क्षत्रको मालिक भन्ने अर्थमा महासम्मतलाई क्षत्रिय भनिन्छ भन्ने बुद्धको विचार रहेको छ। अरूलाई खुसी पार्ने हुँदा महासम्मतलाई राजा भनियो भन्ने बुद्ध साहित्यको मत छ तर महासम्मतको निर्वाचनका विषयमा बौद्ध साहित्यमा विस्तृत विवरण पाइँदैन। महासम्मतको काम गलत काम गर्ने व्यक्तिलाई दण्ड दिनु थियो। यसको बदलामा महासम्मतलाई आफ्नो कृषि उत्पादनको एक भाग दिन जनता सहमत भए। बुद्धको उपदेशमा राज्यको उदय हुनुको कारण मानिसको पतन अर्थात् भ्रष्ट आचरण मानिएको छ। भौतिक विकाससँग भ्रष्टाचारको जन्म भयो। भ्रष्टाचारको अन्त्य गरी सामाजिक व्यवस्था र जनकल्याण (social order and welfare) को अभिवृद्धिका लागि राज्य र सरकार आवश्यक भएको हुँदा जनताले महासम्मतको निर्वाचन गरे भन्ने बुद्धको विचार छ। यसरी राजा र राज्यको उत्पत्ति सम्बन्धमा बुद्धले परम्परागत दैवी उत्पत्तिको सिद्धान्तलाई चुनौती दिए र सामाजिक सम्झौताबाट राजा र राज्यको उत्पत्ति भएको हो भन्ने सिद्धान्त प्रतिपादन गरे। बुद्धले राजा र राज्यलाई ईश्वरीय सृजना मान्दैनन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

बुद्ध स्वयं शाक्यवंशी राजपरिवारमा जन्मिएका थिए। शाक्यवंशको राज्य गणतन्त्रात्मक थियो । त्यसैले उनमा गणराज्यको प्रभाव देखिन्छ । महान चुनावबाट राजा चुन्ने उनको सिद्धान्तमा गणराज्यको झलक पाइन्छ । महासम्मतले चुनावको माध्यमबाट राज्य सञ्चालनको शक्ति प्राप्त गरेको स्पष्ट हुन्छ। समाजमा व्याप्त अराजक अवस्थाको अन्त्य गर्न राज्यलाई दण्डात्मक संस्थाका रूपमा मानिएको छ । महासम्मतले धर्मअनुसार शासन गर्नुपर्छ भन्ने बुद्धको विचार रहेको छ।

राजतन्त्र र गणतन्त्रसम्बन्धी विचार (Views on Monarchy and Republic)

बुद्धको समयमा दक्षिण एसियामा राजतन्त्र र गणराज्य दुबै किसिमका शासन व्यवस्था प्रचलित थिए तापनि राजतन्त्र बढी प्रचलित राजनीतिक प्रणाली थियो। बुद्धले राजतन्त्रको विरोध गरेका छैनन् । बौद्ध साहित्यमा राजालाई महासम्मत भनी उल्लेख गरिएको छ । महासम्मत निर्वाचित राजा हुन्थे। यो परिषदबाट राजा निर्वाचित हुने परम्पराको सङ्केत हो। बुद्धका अनुसरा राजा कुनै दैवी सृजना होइनन्। जनताले आफ्नो रक्षा र कल्याणका लागि राजा चुनेका हुन् । जनताले जुनसुकै वर्णको व्यक्तिलाई पनि राजा चुन्न सक्छन् भन्ने बुद्धको विचार छ। ब्राह्मण र शूद्र राजा चुनिएको बौद्ध कथामा उल्लेख छ। रक्षा गर्ने हुनाले महासम्मतलाई क्षत्रिय भनिन्छ । बुद्धका अनुसार क्षत्रियको अर्थ क्षेत्रको मालिक हो । प्रजालाई खुसी (रञ्जन) तुल्याउने हुँदा महासम्मतलाई राजा भनिन्छ । राजतन्त्रमा राजाको ज्येष्ठ पुत्र राज्यको उत्तराधिकारी हुने प्रचलन थियो। यद्यपि उत्तराधिकारी बन्न योग्य व्यक्ति हुनुपर्थ्यो र जनताको सम्मति पनि आवश्यक हुन्थ्यो। तात्कालिक समाजमा प्रचलित राजा चुन्ने प्रणाली भएको व्यवस्थालाई गणराज्य भनिन्थ्यो। गणराज्यलाई उनले उत्तम प्रणाली मानेका छन्।

बुद्धको साहित्यमा सोह्र वटा महाजनपदको उल्लेख भएको पाइन्छ। बुद्धभन्दा पूर्व नै महाजनपदको उदय भइसकेको थियो । आफ्नो वरपरका कमजोर राज्यलाई हराएर विशाल साम्राज्य निर्माण गर्ने प्रवृत्तिको विकास वैदिक कालदेखि नै भएको थियो। कुरू, कोशल, पाञ्चाल आदि जनपदका राजाले राज्य विस्तार गरी एकराट्, सम्राट्, सार्वभौम वा चक्रवर्ती राजाको पद प्राप्त गर्न प्रयत्नशील थिए। बुद्धको समयमा अङ्ग, मगध, काशी, कोशल, बज्जी, मल्ल, वत्स, चेदी, पाञ्चाल, कुरु, मत्स्य, शूरसेन, अस्मक, अवन्ति, गान्धार र कम्बोजसमेत गरी सोह्र महाजनपद थिए। यी महाजनपदमध्ये बज्जि, मल्ल र शूरसेन गणराज्य थिए। यस बाहेक कपिलवस्तुमा शाक्य गणराज्य, रामग्राममा कोलिय, मिथिलामा विदेह, कुशीनगरमा मल्ल, पावामा मल्ल, पिप्पलिवनमा मोरिय, अल्लकप्पमा बुली, सुँसुमार पर्वतमा भग्ग, केसपुत्तमा कालाम र वैशालीमा लिच्छवि गणराज्य थिए। बौद्ध साहित्यअनुसार राजतन्त्र वा गणतन्त्र जुनसुकै प्रणाली भए पनि त्यसको उद्देश्य र चरित्रको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
आधारमा खराब र असल हुन्छ भन्ने उल्लेख गरिएको छ। बुद्धले राजतन्त्रको विरोध गरेका छैनन् तापनि गणराज्यलाई उत्तम प्रणाली मानेका छन्। उनी राजाको दैवी अधिकारको भने विरुद्धमा थिए।

शासनको आधार लोक सम्मति (popular consent) हो। गणराज्यमा लोक सम्मतिमै राजा चुनिने र शासन सञ्चालन हुने हुँदा यसलाई उत्तम प्रणाली मानिएको हो। लोक सम्मति र शासितसँग परामर्श गरेर शासन सञ्चालन गरेको खण्डमा राजतन्त्र पनि खराब शासन मानिँदैन भन्ने बुद्धको विचार छ। अहिंसा र समानता बुद्धको सामाजिक न्यायका आधारशिला थिए। बुद्धले भिक्षु सङ्घमा समानताको अभ्यास गरेका थिए। भिक्षुहरूबीच जात-जाति र लिङ्गको आधारमा भेदभावको अन्त्य गरेका थिए। भिक्षु सङ्घमा भर्ना, सहभागिता, सञ्चालन र विवाद समाधानमा (admission, participation, administration and dispute resolution) समानता र सहभागिताको सिद्धान्त पालन गरिन्थ्यो। राज्यमा पनि वर्ण र लिङ्गको आधारमा कुनै भेदभाव नगरी समानतामा आधारित सामाजिक न्याय स्थापना गरिनु पर्छ भन्ने बुद्धको दृष्टिकोण रहेको छ। बुद्धका अनुसार राजतन्त्र वा गणराज्य दुबैको शासन व्यवस्था धर्मअनुसार सञ्चालन गर्न आवश्यक हुन्छ। यदि शासनको उद्देश्य धर्मको प्रतिकूल छैन भने राजतन्त्र र गणराज्य दुबै शासन प्रणाली वैधानिक हुन्छन्।

अत्याचारी शासनको खतराको विषयमा भने बुद्ध सचेत थिए। बुद्धले शासनमा शक्तिको स्वेच्छाचारी प्रयोग रोक्न र असल शासनको स्थापनाका लागि नैतिक र कानुनी संरक्षण आवश्यक मानेका छन्।

शक्तिशाली राज्यको सिद्धान्त
(Theory of the Development of Powerful State)

परिवार र निजी सम्पत्तिको सुरक्षा राज्यको प्रबल दण्ड व्यवस्थामा मात्र सम्भव हुन सक्थ्यो। महासम्मत क्रमश: शक्तिशाली हुँदैगए। शक्तिशाली दण्डात्मक राज्यसत्ताको उदय भयो। वैदिक वर्णव्यवस्थाको विरोधी बौद्ध साहित्यमा पनि समाजमा चार वर्गको उदयलाई स्वीकार गरिएको छ। पहिलो जमीनको मालिक शासक वर्ग, दोस्रो पुरोहित वर्ग, तेस्रो व्यापारी र चौथो कलाकार वर्ग बुद्धका चार वर्ग हुन्।

प्रारम्भमा बुद्धका लागि राजाको अर्थ सम्राट् थियो। महासम्मत नै सम्राट् थिए। बुद्ध र उनका अनुयायीहरू गणराज्यमा जन्मेका थिए। त्यसैले बौद्ध साहित्यमा गणराज्यलाई विशेष महत्त्वपूर्ण स्थान दिइएको छ। यद्यपि बुद्धले राजतन्त्रको पनि विरोध गरेको पाइदैन। आना, अधिपक्का, इसरिया, वासा आदि शब्द राज्य सत्ताका सम्बन्धमा प्रयोग गरेको पाइन्छ। आनाको अर्थ आदेश दिने शक्ति हो। अधिपक्काको अर्थ आधिपत्य हो। इसरियाको अर्थ ईश्वरीय हो र त्यसलाई वासा पनि भनिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राज्यका तत्त्वसम्बन्धी बुद्धको विचार (Elements of the State)

वैदिक परम्पराको राजनीतिक चिन्तनमा जस्तै बौद्ध चिन्तनमा पनि राज्यका सात तत्त्व मानिएको छ । तर सात तत्त्वमा सामान्य अन्तर पाइन्छ । १) राजा वा महासम्मत राज्यको प्रथम तत्त्व मानिएको छ । २) क्षेत्र भन्नाले भूभाग बुझिन्छ । राष्ट्र, ग्रामीण इलाका, बजार, शहर आदि क्षेत्र हुन् । क्षेत्र राज्यको दोस्रो तत्त्व हो ।३) मन्त्री एवं कर्मचारी राज्यको तेस्रो तत्त्व मानिन्छ । ४) बल राज्य चौथो तत्त्व हो । अहिंसाका समर्थक बुद्धले राज्यमा सशस्त्र बल आवश्यक ठानेका छन् । सङ्घमा सैनिक हस्तक्षेप अस्वीकार गरेका छन् तापनि सामाजिक व्यवस्था कायम गर्न राज्यमा बलको आवश्यकता स्वीकार गरिएको छ । ५) राज्यको पाँचौँ तत्त्व खजाना हो । ६) राज्यको छैटौँ तत्त्व राज्यका सहयोगी राज्य हुन् । ७) राज्यको सातौँ तत्त्व मानिसलाई मानिएको छ । हिन्दु विचारकले राज्यको तत्त्व मानेको दुर्ग वा पुरलाई बौद्ध साहित्यमा राज्यको तत्त्व स्वीकार गरिएको छैन । हिन्दु चिन्तनमा राष्ट्र वा जनपदभित्र भूमि र जनता समावेश गरिएको छ भने बुद्धले भूमि र मनुष्यलाई छुट्टाछुट्टै तत्त्व मानेका छन् ।

राजधर्म (Rajdharma)

राजा दैवी सृजना होइन । जनताले निर्वाचित गरेको व्यक्ति राजा हुन् भन्ने बुद्धको विचार छ । राजा बन्न कुनै निश्चित वर्णको हुनुपर्ने मान्यतालाई बुद्धले स्वीकार गर्दैनन् । जुनसुकै व्यक्ति राजा निर्वाचित हुनसक्ने उनको मान्यता छ । राजाका लागि सत्य र धर्मको बन्धन तोकिएको छ । राजा नैतिकताको विरुद्ध जान सक्दैनन् । राजाले राजधर्म (Righteousness) पालन गर्नुपर्ने मान्यता बुद्धको छ । नैतिकताको पालन गरेर राजा सामाजिक सुव्यवस्था र जनताको कल्याण गर्न सक्षम हुनुपर्छ भन्ने बुद्धको विचार छ । राजामा हुनुपर्ने गुणलाई राजधर्म भनिएको छ । सामाजिक व्यवस्था कायम गर्न राजा र राज्य आवश्यक परेको हो । बुद्धका अनुसार राजाले राजधर्म पालना नगरेको खण्डमा जनतालाई विद्रोहको अधिकार हुन्छ । बौद्ध साहित्यमा राजाका दसवटा गुणको वर्णन गरिएको छ । ती हुन्: १) दान: उदारता, दान दिनु, कल्याण गर्नु, सार्वजनिक हित गर्नु राजाको दान गुण हो । २) शील: शोषण नगर्नु, धोखा नदिनु, चोरि नगर्नु, व्यभिचार नगर्नु, नशालु पदार्थ सेवन नगर्नु आदि राजाका शील हुन् । इन्द्रिय संयमी बन्नु, उच्च नैतिक चरित्र कायम गर्नु र असल उदाहरण बन्नु पनि राजाको लागि तोकिएका शील हुन् । ३) परिकाग: लोकहितमा समर्पित हुनु परिकाग हो । ४) अज्जव: व्यवहारमा हुने सरलता र सोझोपन नै अज्जव हो । इमान्दारिता, सत्यनिष्ठा तथा निष्ठापूर्वक र भयमुक्त भएर कर्तव्य पालन गर्नु पनि अज्जव हो । ५) मदव: सौम्यता, दया, अहङ्काररहित मिलनसार स्वभाव मदव हो । ६) तप: तपस्वी जीवन वा जनताका लागि आफूले पीडा सहन सक्नु राजाको तप हो । ७) अक्कोध:

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

क्रोध, घृणा, दुर्भावना, शत्रुता र आक्रोशमुक्त एवं शान्त स्वभाव राजाको गुण मानिएको छ। ८) अविहिंसा: अहिंसा, जीव हिंसा नगर्नु, शान्ति भङ्ग नगर्नु, प्रतिशोध नलिनु र युद्धबाट अलग हुनु अहिंसा गुण हो। यसको अर्थ राजा दयालु हुनुपर्छ भन्ने हो। ९) खाँटी: सहिष्णुता, जनताको हित र सेवा जस्ता कार्यमा धीरतालाई खाँटी भनिएको छ। ९) अविरोधन: अविरोधनको आशय सुलभ हुनु भन्ने हो। राजासम्म जनताको पहुँच सहज भए मात्र राजाले जनताको दु:ख बुझ्न सक्छन्। लोककल्याणकारी काम गर्न सक्छन्। राजाले पूर्वाग्रह नराखी अरूको विचारको सम्मान गर्नु पनि अविरोधन हो।

राजाको योग्यता (Qualities of the king)

बुद्धले राजाको योग्यता, चरित्र र गुणलाई महत्त्वपूर्ण मानेका छन्। जनताद्वारा छानिएको बुद्धिमान् र सबैभन्दा असल व्यक्ति (noblest of all) राजा हुन् भन्ने उनको मान्यता रहेको छ। राजा ज्ञानको स्रोत हुन्। ज्ञानबाट नैतिकता सबल हुन्छ। ज्ञानको उद्देश्य समाजमा भ्रष्ट आचरण नियन्त्रण गर्नु हो। असल राजाबाट असल शासन प्राप्त हुन्छ। सबैभन्दा असल राजाद्वारा सम्पूर्ण विश्वको हेरचाह हुन्छ भन्ने बुद्धको विचार छ। अग्गन सुत्तमा (Aggana Sutta) लोभ, घमण्ड रिस, असत्य, काम र कठोर दण्ड राजाको विनाशको कारण हुन् भन्ने उल्लेख गरिएको छ। महासुदस्सन सुत्तमा राज्यको उच्च शक्तिको प्रयोग राज्यलाई नैतिक संस्थाको रूपमा विकास गर्न हुनुपर्छ भन्ने उल्लेख छ। भद्र, उदार, कुलिन (no_ble), दयालु र स्वार्थरहित हुनु राजाका महत्त्वपूर्ण गुण हुन्।

राजाले राज्य सञ्चालनमा धर्मको (धम्म) पालना गर्नुपर्छ। धर्मको अर्थ अन्धविश्वास होइन। मानव विवेक र तर्कको कसीमा सत्य प्रमाणित नियम धर्म हो। अत: बुद्धका अनुसार धर्मको अर्थ शाश्वत प्राकृतिक कानुन हो। बुद्ध वैदिक समाजमा प्रचलित वर्णव्यवस्थाका विरोधी थिए। सम्मान (Honour)को वितरण समान रूपले गरिनुपर्छ र सदाचार (Virtue) सबैले समान रूपले पालन गर्नुपर्छ भन्ने उनको विचार छ। वर्ण, वर्ग, सामाजिक र आर्थिक हैसियतका आधारमा कुनै भेदभाव नगरी सबैलाई समान रूपले धर्म लागु हुन्छ। शासक र जनता दुबै समान रूपले धर्मका नियमका अधीनमा हुन्छन्। यही आधारभूत सत्य राजनीतिक संस्थामा प्रतिबिम्बित हुनुपर्छ भन्ने बुद्धको मान्यता छ।

बुद्धको आर्थिक विचार (Economic Views of Buddha)

बुद्धका अनुसार आध्यात्मिक विकास र भौतिक कल्याण परस्पर एक अर्काका पूरक हुन्। राजनीतिको जस्तै आर्थिक क्रियाकलापको पनि मानिसको जीवनमा आवश्यकता पर्दछ। राजनीतिमा जसरी धर्म पालना गर्नुपर्ने हुन्छ त्यस्तै आर्थिक क्रियाकलापमा पनि धर्मको पालन गर्नुपर्छ। आर्थिक क्रियाकलापलाई सद्गुण (virtue) बाट अलग गर्न सकिदैन। व्यक्तिका आर्थिक क्रियाकलाप पारिवारिक, सामाजिक, वातावरणीय र आध्यात्मिक (familial, social,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
environmental and spiritual) पक्षसँग सद्भाव (harmony) कायम गरेर गर्नुपर्छ भन्ने बुद्धको विचार छ ।

आर्थिक विकास आफैमा साध्य होइन बरु व्यक्तिगत र सामाजिक उन्नतिको अङ्ग हो । मानिसलाई सुविधाजनक (comfortable) जीवन यापनका लागि भौतिक सुविधाहरूको आवश्यकता पर्छ । भौतिक सुविधा मानिसको आध्यात्मिक उन्नतिका लागि पनि आवश्यक हुन्छ । भौतिक वस्तुको उत्पादन, उपभोग र वितरणको व्यवस्था समाजका सदस्यहरूको दु:खको न्यूनीकरण र दिगो कल्याणको लागि हुनुपर्छ । साथै समाजका सबै मानिसलाई सम्मानजनक श्रमको अवसर प्राप्त हुनुपर्छ । दुर्लभ प्राकृतिक स्रोतको विवेकपूर्ण प्रयोग गर्न आवश्यक छ ।

बुद्धका अनुसार भौतिक र आध्यात्मिक उन्नति समान र सन्तुलित रूपमा हुनुपर्छ । राज्यले हरेक व्यक्तिलाई चार आधारभूत आवश्यकता खाना, कपडा, आवास र औषधोपचार (food, clothing, shelter and medicine) प्रदान गर्नुपर्छ । व्यक्तिका लागि आधारभूत आवश्यकता नैतिक र बुद्धत्व प्राप्तिको आधार हो । व्यक्तिले पहिले भौतिक सम्पन्नता प्राप्त गर्नुपर्छ । भौतिक वस्तुको उपभोग दु:खको कारण होइन । भौतिक वस्तुको उपभोगको सुख क्षणिक (imperma-nent) हुन्छ भन्ने ज्ञान नभएर त्यही भौतिक वस्तुको उपभोगको सुखलाई नै अन्तिम सुख (true source of lasting happiness) मान्नु गलत हो । सम्पत्ति ज्ञान प्राप्ति (liberation) को बाधक होइन । बुद्ध व्यक्तिगत सम्पत्तिको अधिकारका पक्षमा छन् । व्यक्तिलाई आर्थिक स्वतन्त्रता दिएपछि उत्पादकत्व वृद्धिमा प्रोत्साहन हुन्छ भन्ने बुद्धको विचार छ । व्यक्तिले आफ्नो आर्थिक विकास गर्दा अरूको हित ख्याल गर्नुपर्छ र अरूलाई दु:ख दिनु हुँदैन । व्यक्तिको दानशीलता (generosity) र सम्पत्तिप्रति अनासक्तिलाई आवश्यक गुण मानिएको छ ।

राज्यमा गरिबी व्यक्ति र समाजको विकासको बाधक हो । चार आधारभूत आवश्यकता सबै जनतालाई प्रदान गर्नु हरेक अर्थ-राजनीतिक प्रणालीको प्रथम उद्देश्य हो । हरेक जनताको कल्याण (welfare of all citizens) को संरक्षण र संवर्धन गर्नु हरेक व्यक्ति र राज्यको कर्तव्य मानिएको छ । बुद्धका अनुसार राज्यले आर्थिक दायित्व पूरा गर्न सकेन भने शासनको वैधानिकता समाप्त हुन्छ । समाजमा अशान्ति र असन्तोष बढ्छ । यति मात्र होइन राजाका विरुद्ध विद्रोह हुन्छ ।

आर्थिक अन्याय (economic injustice) हुन नदिनु राज्यको कर्तव्य हो । धर्मअनुसार अरूलाई हानिनोक्सानि नपुग्ने गरी आर्थिक क्रियाकलाप गर्नुपर्छ । व्यक्तिका आर्थिक गतिविधि ज्यादै लोभबाट (excessive greed) मुक्त हुनुपर्छ । धर्मको प्रतिकूल हुनुहुँदैन । इमान्दारिता पालना गर्नुपर्छ । कसैलाई ठग्ने र झुक्याउने काम गर्नुहुँदैन । जीवित वस्तु (दास), हतियार, मासु, सुरा र विषको व्यापार भने निषेध गरिएको छ । बौद्ध दर्शनमा प्रस्ताव गरिएको अर्थनीति र वर्तमान उदारवादी लोककल्याणकारी अर्थ-व्यवस्थाबीच धेरै समानता देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वातावरण मैत्री आर्थिक विकास
(Environmentally Sustainable Economy)

वातावरणसँग आर्थिक क्रियाकलापको सम्बन्ध स्थापित गर्ने प्रथम विचारक बुद्ध थिए। वस्तुको उत्पादन र वातावरणबीच उचित सम्बन्ध स्थापित गर्नुपर्छ भन्ने बुद्धको विचार रहेको छ। मौरीले फूलको सुन्दरता र सुगन्धमा कुनै हानिनोक्सानि नपुग्ने र भविष्यमा फल उत्पादनको सुनिश्चितता हुने गरी फूलबाट मह सङ्कलन गरेजस्तै आर्थिक उत्पादन गर्दा पनि प्राकृतिक वातावरणलाई हानि गर्नुहुँदैन। प्रकृतिको उत्पादन क्षमता र सुन्दरतामा हान गर्नुहुँदैन भन्ने बुद्धको विचार छ। प्राकृतिक वस्तुको उपयोग गर्न पाउने भावी पुस्ताको अधिकारको समेत ख्याल गर्नुपर्छ भन्ने बौद्ध दर्शनको मान्यता बीसौँ शताब्दीको वातावरणको उपयोगसम्बन्धी (conservation of natural resources) वातावरणीय न्यायको सिद्धान्तसँग मिल्दो छ। मानव र प्रकृति एक अर्कामा अन्तर्निर्भर छन् त्यसैले प्रकृतिलाई कुनै किसिमको हानि नहुने गरी प्राकृतिक स्रोतको दिगो उपयोग गर्नुपर्छ भन्ने बुद्धको विचार रहेको छ।

बुद्धको अन्तर्राष्ट्रिय सम्बन्ध (Buddhist Foreign Policy)

बुद्धको सबैको साझा हित गर्ने (serving the common good) राजनीतिक सिद्धान्त विदेशनीति वा अन्तर्राष्ट्रिय सम्बन्धमा समेत लागु हुन्छ। समानता, सद्भाव, सामाजिक कल्याण, अहिंसा, मेलमिलाप र पारस्परिक हितमा आधारित व्यापारका सिद्धान्त अन्तर्राष्ट्रिय सम्बन्धमा समेत लागु हुन्छन्। धर्मअनुसार शासनको सिद्धान्त आन्तरिक राजनीतिको मात्र सिद्धान्त नभई अन्तर्राष्ट्रिय सम्बन्धको पनि सिद्धान्त हो। अन्तर्राष्ट्रिय सम्बन्ध शान्ति र अहिंसामा आधारित छ। राज्य विस्तारको वैदिक कालदेखिको एकराट् बन्ने साम्राज्य निर्माणको सिद्धान्तको बुद्धले समर्थन गरेका छन्। उनले हिंसालाई विजयको साधन मान्दैनन्। चक्रवर्ती सम्राटले अरूमाथि धम्मचक्रद्वारा विजय प्राप्त गर्नुपर्छ भन्ने बुद्धको विचार छ। धर्मचक्रबाट (wheel of Dharma) आध्यात्मिक पथ प्रदर्शन हुन्छ। बुद्धको साम्राज्य केन्द्रीकृत साम्राज्य (Centralized Empire) होइन। साम्राज्य भित्रका सबै राज्य आ-आफ्नो शासन सञ्चालन गर्न स्वतन्त्र हुन्थे। साम्राज्य र अन्य राज्यबीचको सम्बन्ध समानताको सिद्धान्तमा आधारित हुन्थ्यो। यसबाट राजनीति धर्म अनुकूल हुन्छ भन्ने बुद्धको विचार छ। शासितको सहमतिमा आदर्श सरकारको स्थापना गर्नु पनि बुद्धको मान्यता रहेको छ। आधुनिक संवैधानिक र लोकतान्त्रिक शासनसँग मिल्दो शासन स्थापना गर्ने पक्षमा बुद्ध रहेका छन्।

आदर्श राज्यको खुकुलो सम्बन्ध अन्तर्राष्ट्रिय राजनीतिक प्रणाली निर्माण गर्न र विश्वमा शान्ति र सम्पन्नता कायम गर्न सफल हुन्छ भन्ने बुद्धको दृष्टिकोण रहेको छ। एउटा राज्यले अर्को राज्यमाथि आक्रमण गर्न निषेध गरिएको छ। मित्रता, असल छिमेकी र पारस्परिक हितमा आधारित व्यापारको पक्षमा बुद्ध छन्। राज्यले आत्मरक्षाका लागि सेना राख्न सक्छ। बलको प्रयोग र हिंसात्मक युद्धको भने बुद्ध विपक्षमा छन्। उनको साम्राज्यको उद्देश्य भौतिक र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
आध्यात्मिक क्षेत्रमा साझा हित गर्नु हो । अन्तरराष्ट्रिय सम्बन्ध व्यापक सद्भावद्वारा सम्पूर्ण राज्यहरूको साझा हितको सम्वर्द्धनका लागि हुनुपर्छ भन्ने बुद्धको विचार रहेको छ ।

साम्राज्य निर्माण (Empire Building)

धर्मको आधारमा राज्य विस्तार गरी साम्राज्य निर्माण गर्ने उद्देश्य बौद्ध साहित्यमा उल्लेख छ । चक्रवर्ती वा सार्वभौम सम्राट् बन्ने राजाको उद्देश्य हुनुपर्छ भन्ने बुद्धको विचार रहेको छ । चन्द्रगुप्त मौर्यका नाति साम्राट् अशोकले बुद्धधर्म ग्रहण गरेपछि युद्धबाट साम्राज्य निर्माणको अभियान छाडी धर्मविजयको पक्षमा लागेका थिए ।

बुद्धको राजनीतिक देन (Contribution of Buddha on Politics)

बुद्धले तात्कालिक सनातन समाजमा प्रचलित राजनीतिक मान्यताको स्थानमा नयाँ राजनीतिक विचार स्थापित गरेका थिए ।

राज्य र राजनीति साधन मात्र (Politics as a Means)

बुद्धले राज्य र राजनीतिलाई आफैमा साध्य मान्दैनन् । उनले राज्यलाई व्यक्तिको व्यक्तित्व विकासका लागि सकारात्मक वातावरण निर्माण गर्ने साधन मानेका छन् । राज्य व्यक्तिको व्यक्तित्व विकासमा घातक व्यवधान सृजना गर्ने साधन पनि बन्न सक्छ भन्ने बुद्धको विचार छ । बुद्ध मानव कल्याण र सामाजिक सुव्यवस्थाका लागि सरकारको आवश्यकता हुन्छ भन्ने पक्षमा छन् । राजनीतिको वैधानिकताका लागि धर्मको पालना गर्नु आवश्यक हुन्छ भन्ने बुद्धको विचार छ ।

लोकतान्त्रिक विचार (Democratic principles)

लोकतान्त्रिक प्रतिनिधिमूलक शासन प्रणाली बुद्धको प्राथमिकताको विषय हो । उनले शासन सञ्चालनमा जनताको सहभागिता र सम्मति आवश्यक मानेका छन् । जनतालाई अभिव्यक्तिको स्वतन्त्रता, छलफलको (deliberation) र परामर्शको अवसर प्रदान गरेर सहमति निर्माण गर्नुपर्छ भन्ने उनको मान्यता छ । प्रत्यक्ष बैठक आयोजना गरी पारदर्शी सार्वजनिक छलफल आयोजना गर्नुपर्छ । सहमति कायम हुन नसकेको अवस्थामा मतदानबाट निर्णयमा पुग्नुपर्छ । लोकमतको सम्मान हुनुपर्छ भन्ने बुद्धको विचार छ । शासकले धर्मअनुसार शासन सञ्चालन गर्नुपर्छ । बौद्ध साहित्यमा विधिको शासनलाई प्राथमिकता दिइएको छ । साथै बुद्ध सीमित सरकारको पक्षमा छन् । यसरी हेर्दा बुद्धको राज्य सञ्चालनसम्बन्धी सिद्धान्त आधुनिक पाश्चात्य उदार प्रजातान्त्रिक विचारसँग मिल्दोजुल्दो देखिन्छ ।

समानताको सिद्धान्त (Equality)

बुद्ध सनातन धर्मको वर्णव्यवस्था विपक्षमा छन् । हरेक व्यक्तिमा बुद्धत्व (enlightenment) प्राप्त गर्ने क्षमता अन्तर्निहित हुन्छ भन्ने बुद्धको विचार छ । धर्म, वर्ण, सामाजिक हैसियत र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आर्थिक अवस्थाका आधारमा भेदभाव नगरी सबैलाई समान रूपले नियम लागु हुनुपर्छ र शासक र नागरिक सबै समान रूपले धार्मिक कानुनको अधीनमा हुन्छन् । उनको शिक्षामा समानताको सिद्धान्त प्रतिबिम्बित छ । लोकतन्त्रमा समानतालाई उच्च महत्त्व दिइन्छ । बुद्धले भिक्षु र भिक्षुणीका लागि सङ्घमा सम्मिलित हुन , सहभागी हुन, सङ्घ सञ्चालन गर्न र विवादको समाधान गर्न समान अधिकारको सिद्धान्त लागु गरेका थिए । त्यसैले राजनीतिमा पनि बुद्धले समानताको सिद्धान्त लागु गर्ने प्रयास गरेका थिए भन्ने स्पष्ट हुन्छ ।

राज्यको उदयसम्बन्धी सम्झौताको सिद्धान्त (Social Contract Theory)

राजतन्त्र बुद्धको समयमा प्रचलित शासन प्रणाली थियो । हिन्दु राजनीतिक चिन्तनमा राजाको उत्पत्तिसम्बन्धी दैवी सिद्धान्त प्रचलित थियो । बुद्ध राजा र राज्यलाई ईश्वरको सृजना मान्दैनन् । शासनको आधार दैवी अधिकार होइन जनताको सहमतिलाई मान्नुपर्छ बन्ने बुद्धको विचार छ । बुद्ध राज्यको उत्पत्ति सामाजिक सम्झौताबाट भएको हो भन्ने सिद्धान्तका पक्षमा छन् ।

अहिंसा (Non -violence)

बुद्धका अनुसार अहिंसा प्राकृतिक हो । जीवको हिंसा गर्नु हुँदैन भन्ने उनको सिद्धान्त रहेको छ । अहिंसाको सिद्धान्त राजनीतिमा पनि लागु गर्ने बुद्धको विचार रहेको छ ।

बहुलता (Pluralism)

बुद्ध कुनै पनि धर्मलाई राजधर्म मान्ने पक्षमा छैनन् । राज्यले सबै जनतालाई एउटै धर्म मान्न बाध्य पार्न सक्दैन भन्ने उनको विचार छ । उनी समाजमा धार्मिक विविधतालाई स्वीकार गर्ने पक्षमा रहेका छन् ।

विचार र अभिव्यक्तिको स्वतन्त्रता (Freedom of Thought and Expression)

विचारको स्वतन्त्रका पक्षमा बुद्ध रहेका छन् । राजाको आलोचना गर्ने अधिकार जनतामा हुन्छ भन्ने बुद्धको मान्यता रहेको छ । बुद्धले अधार्मिक राजाको राज्य त्याग गर्न जनतालाई सल्लाह पनि दिएका छन् । उनले धर्म अधार्मिक राजालाई नियन्त्रण गर्ने साधन मानेका छन् ।

निष्कर्ष (Conclusion)

बुद्धले राजा र राज्य ईश्वरको सृजना मान्दैनन् । बौद्ध मतमा सामाजिक व्यवस्था पनि दैवी सृजना मानिदैन । राजालाई जनताद्वारा निर्वाचित संस्था मान्नु बौद्ध राजनीतिक चिन्तनको क्रान्तिकारी विचार हो । उनले वर्णव्यवस्था नमान्ने हुँदा जनताले जुनसुकै असल गुण भएको व्यक्तिलाई राजा चुन्न सक्छन् भन्ने विचार स्थापित गरेका छन् । राजाले राजधर्मको पालना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
गरेर सामाजिक व्यवस्था कायम गर्नुका साथै जनताको कल्याणका काम गर्नुपर्छ भन्ने बुद्धको मत छ। राजधर्म पालन नगर्ने राजाका विरुद्ध विद्रोहको अधिकार जनतासँग सुरक्षित छ। बुद्धले समाजमा हरेक मानिस समान हुन् भन्ने समानताको सिद्धान्तसम्बन्धी विचार स्थापित गरेका छन्। समाजमा ब्राह्मणको उच्च सम्मान हुनुपर्छ भन्ने विचारको स्थानमा जनताको कल्याणमा समर्पित राजा सम्मानको पहिलो अधिकारी हुनुपर्छ भन्ने बुद्धको मान्यता छ। निर्वाचन, बहुमतको निर्णय जस्ता लोकतान्त्रिक मान्यताको जग पनि बुद्धले बसालेको पाइन्छ। बुद्धको क्रान्तिकारी मौलिक चिन्तन हुँदाहुँदै पनि कतिपय विचार भने वैदिक चिन्तन परम्पराभन्दा भिन्न छैनन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

चण्डेश्वर
(Chandeshwar)

राजनीतिक विचारकहरूमध्ये चण्डेश्वरको नाम अत्यन्त आदरका साथ लिइन्छ। नेपालको मध्यकालीन इतिहासमा केन्द्रमा मल्लराज्य, पश्चिम कर्णाली प्रदेशमा खसराज्य र तराईको मिथिलामा डोयराज्य गरी तीनवटा शक्तिशाली राज्यको उदय भएको थियो। यी तीन शक्तिशाली राज्यको उदयलाई नेपालको इतिहासमा त्रिशक्तिको उदय भनिन्छ। कर्नाटकवंशी नान्यदेवले सन् १०९७ मा डोयराज्यको स्थापना गरेका थिए। यस राज्यलाई तिरहुत राज्य पनि भनिन्छ। सिम्रौनगढ तिरहुत राज्यको राजधानी थियो। सिम्रौनगढ हाल बारा जिल्लाको सिमरौनगढ नगरपालिकामा पर्दछ। कर्नाटकवंशका छ जना राजाले त्यस राज्यमा शासन गरेका थिए। छैटौँ राजा हरिसिंहदेव थिए। उनको शासनकाल सन् १२९५ देखि १३२४ सम्म मानिन्छ। दिल्लीका सुल्तान गयासुद्दिन तुगलकले बङ्गाल आक्रमण गरी फर्कने क्रममा सन् १३२४ मा सिम्रौनगढमा आक्रमण गरेका थिए। त्यस युद्धमा हरिसिंहदेवले आफ्नो राज्य जोगाउन सकेनन्। उनी भागेर काठमाडौंतर्फ लागेका थिए। गयासुद्दिन तुगलकले सिम्रौनगढको राजसिंहासनमा हरिसिंहदेवका गुरु कामेश्वरलाई राखेका थिए। कामेश्वरपछि उनका भाइ भवेश तिरहुतका राजा भएका थिए। हरिसिंहदेवका अमात्य चण्डेश्वर राजा कामेश्वर र भवेशका समेत अमात्य रहेका थिए। चण्डेश्वरको जन्म र मृत्यको निश्चित मिति थाहा हुन सकेको छैन तापनि उनी चौधौँ शताब्दीका राजनीतिज्ञ एवं राजनीतिक विचारक थिए।

रचना (Writings of Chandeshwar)

निबन्धरत्नाकर चण्डेश्वरद्वारा रचना गरिएको सुप्रसिद्ध ग्रन्थ हो। यस ग्रन्थमा कृत्यरत्नाकर, दानरत्नाकर, व्यवहाररत्नाकर, शुद्धिरत्नाकर, पूजारत्नाकर, विवादरत्नाकर र गृहस्थरत्नाकर गरी सात भाग छन्। यसका अतिरिक्त उनको अर्को महत्त्वपूर्ण रचना राजनीतिरत्नाकर हो। राजनिरूपण, अमात्यनिरूपण, पुरोहितनिरूपण, प्राड्विवाकनिरूपण, सभ्यनिरूपण, दुर्गनिरूपण, मन्त्रिनिरूपण, कोषनिरूपण, बलनिरूपण, सेनानिरूपण, दूतादिनिरूपण, राजकृत्यनिरूपण, दण्डनिरूपण, राजकृतराज्यदान, पुरोहितकृतराज्यदान र अभिषेकनिरूपण गरी राजनीतिरत्नाकर ग्रन्थ १६ तरङ्गमा विभक्त छ। त्यस समयमा उपलब्ध मनु, याज्ञवल्क्य, नारद, व्यास, हारीत, बृहस्पति, विष्णु, कामन्दक, कात्यायन,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
वाल्मीकि आदिका राजनीति र अर्थशास्त्रसम्बन्धी विचार सङ्कलन गरेर चण्डेश्वरले राजनीतिरत्नाकरको रचना गरेका थिए। राजनीतिरत्नाकर राजनीतिक विचारको निबन्ध ग्रन्थ हो। राजनीतिरत्नाकर ग्रन्थमा तत्कालीन राजनीतिक परिस्थितिको पनि व्यापक प्रभाव परेको छ। मुगलको आक्रमणबाट हरिसिंहदेवको पतन र कामेश्वरले राजसिंहासन प्राप्त गरेको घटना उनले प्रत्यक्ष देखेका थिए। तसर्थ तात्कालिक परिस्थितिको प्रभाव उनको राजनीतिक निबन्धमा पर्नु स्वाभाविक मान्नुपर्छ। राजनीतिरत्नाकर पनि कौटिल्यको अर्थशास्त्रजस्तै लुप्त अवस्थामा थियो। सन् १९१८ मा मिथिलामा यस ग्रन्थको खोजी प्रारम्भ गरिएको थियो। काशीप्रसाद जयसवालले सन् १९२४ मा यो ग्रन्थ पत्ता लगाएका थिए। पहिलो पटक सन् १९२४ मा राजनीतिरत्नाकर प्रकाशित गरिएको थियो। त्यसपछि मात्र चण्डेश्वर र उनको निबन्धग्रन्थ राजनीतिरत्नाकर लोकप्रिय भएको हो।

राजनीतिशास्त्र र नीतिशास्त्र (Political Science and Ethics)

चण्डेश्वरले राजनीतिशास्त्रलाई स्वतन्त्र विद्या मानेका छन्। दण्डनीति, राजधर्म, अर्थशास्त्र, नीतिशास्त्र, नयशास्त्र, राजशास्त्र, राजनीतिशास्त्र, राजनीति, राजतन्त्र, राजविद्या, राज्यशास्त्र आदि शब्द राजनीति दर्शनका लागि प्रयोग गरिएका संस्कृत भाषाका पर्यायवाची शब्दहरूमध्ये चण्डेश्वरले राजनीति शब्दको प्रयोग गरेका छन्। उनले आफ्नो निबन्ध ग्रन्थको नाम राजनीतिरत्नाकर राखेका छन्। राजाको अर्थशास्त्रलाई राजनीतिशास्त्र हो भनी उनले राजनीतिशास्त्रको परिभाषा पनि उल्लेख गरेका छन् (चण्डेश्वर, पृ.२)। चण्डेश्वर राजनीतिशास्त्रलाई स्वतन्त्र विद्या मान्ने पक्षमा रहेका छन्। नैतिकतालाई भने राजनीतिबाट अलग गर्न सकिदैन भन्ने उनको विचार छ। राजा सदाचारी हुनुपर्छ। जनताको भरणपोषण र प्रजारञ्जनको कार्य गर्नु राजाको कर्तव्य हो भन्ने चण्डेश्वरको विचार छ। राजनीतिरत्नाकरमा राजा र प्रजा दुबैको नैतिक आचरणमा विशेष जोड दिइएको छ।

राज्य र राज्यको उत्पत्ति (Origin of the State and the King)

राज्यको उत्पत्तिसम्बन्धमा चण्डेश्वरले दैवी सिद्धान्तको समर्थन गरेका छन्। उनले मनुको दैवी सिद्धान्तको अनुकरण गरेका छन्। राजा परम पवित्र र पूजनीय देवता हुन्। स्वयं ईश्वरले इन्द्र आदि देवताको अंशबाट राजाको सृजना गरेका हुन् भन्ने चण्डेश्वरको मत छ। उनका अनुसार अराजक प्रजाको शीघ्र नाश हुन्छ। त्यसैले लोकको रक्षाका लागि ईश्वरले राजाको रचना गरेका हुन्। मेघले वर्षा गराएर जसरी सृष्टिको रक्षा गर्दछ त्यसैगरी राजाले पनि लोकको रक्षा गर्दछन भन्ने चण्डेश्वरको विचार छ। उनले राजा र राज्यको उत्पत्ति एकै पटक भएको मान्दछन्। मात्स्यन्याय र त्यसको अन्त्यका लागि राजा र राज्यको दैवी उत्पत्तिको सिद्धान्तको उनले समर्थन गरेका छन्। यो उनको मौलिक विचार भने होइन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राज्य र यसका तत्त्व (State and Its Elements)

राज्यका सात तत्त्व हुन्छन् भन्ने सिद्धान्त प्राचीन हिन्दु राजनीतिक चिन्तनको सर्वमान्य सिद्धान्त थियो। तर चण्डेश्वरले षडङ्ग राज्य मानेका छन्। मन्त्री, सुहृत्, कोष, दुर्ग, राष्ट्र र बल राज्यका छ अङ्ग हुन्। उनले राजालाई प्रमुख मानेका छन्। राजाबाहेक राज्यका छ अङ्ग हुन्छन् भन्ने चण्डेश्वरको सिद्धान्त हो। यसरी उनी राज्यको सप्ताङ्ग सिद्धान्तकै समर्थक रहेका छन्।

राजा (Monarch)

राजा राज्यको प्रमुख तत्त्व हुन्। चण्डेश्वका अनुसार राजा राज्यका सर्वोच्च प्रशासक हुन्। मनु लगायत प्राचीन आचार्यहरू राजा क्षत्रिय वर्णको पुरुष हुन अनिवार्य मान्ने पक्षमा रहेका छन् तर चण्डेश्वरले राजा क्षत्रिय हुनुपर्छ भन्ने विचार स्वीकार गरेका छैनन्। प्रजाको रक्षा गर्न सक्षम जुनसुकै वर्णको पुरुष राजा बन्न सक्छ भन्ने उनको विचार रहेको छ। चण्डेश्वरका अनुसार राजा शौर्यसम्पन्न हुनुपर्छ। शौर्यको प्रयोग गरी राजा प्रजाको रक्षा गर्न सक्षम हुन्छन् भन्ने उनको विचार छ। विनीत, वृद्धोपसेवी, सत्त्वसम्पन्न, कुलीन, सत्यवादी, उदार, धार्मिक, दुर्व्यसनरहित, प्रज्ञा गुणसम्पन्न हुनु राजाका लागि निर्धारित योग्यता हुन्। राजा लक्ष्यवान्, कृतज्ञ, शुचि, अदीर्घसूत्री, स्मृतिवान्, कठोरतारहित र रहस्यविद हुनुपर्छ। चण्डेश्वरले राजाको गुण वा योग्यतामा विशेष जोड दिएका छन्। राजा निष्पक्ष, विवेकी र प्रजाको हितप्रति समर्पित हुनुपर्छ भन्ने उनको विचार रहेको छ। धर्म र नैतिकताको रक्षा गर्नु राजाको कर्तव्य मानिएको छ। नैतिकताका आधारमा राजाले शासन सञ्चान गर्नुपर्छ भन्ने चण्डेश्वरको विचार छ। योग्यता सम्पन्न र कर्तव्यपरायण राजा यस लोकमा सफल हुन्छन्, परम आनन्द प्राप्त गर्दछन् र मृत्युपछि पनि स्वर्गमा आनन्द भोग गर्दछन्। विपरीत आचरण गर्ने राजाको यस लोकमा राज्य भ्रष्ट हुन्छ र त्यस्तो राजाले मृत्युपछि नरकमा यातना भोग्दछ भन्ने चण्डेश्वरको विचार छ।

उत्तराधिकारका सम्बन्धमा राजाको ज्येष्ठ औरसपुत्र राजाको उत्तराधिकारी हुन्छ भन्ने चण्डेश्वरको विचार छ। उत्तराधिकारको नियमसम्बन्धमा चण्डेश्वरले पूर्ववर्ती मनु, नारद, कात्यायन, वाल्मीकि, वेदव्यास, कामन्दक आदि आचार्यहरूका मतको अनुसरण गरेका छन्। प्राचीन राजनीतिशास्त्रका विभिन्न चिन्तकहरूले राज्याभिषेक राजाका लागि अनिवार्य मानेका छन्। चण्डेश्वरले पनि राज्याभीषेकसम्बन्धी प्राचीन विचार स्वीकार गरेका छन्।

राजाका प्रकार (Types of the King)

चण्डेश्वरले तीन प्रकारका राजा मानेका छन्। चक्रवर्ती राजा, सकर राजा र अकर अधिश्वर महाराजा राजाका तीन श्रेणी हुन्। उनका अनुसार सम्राट् वा चक्रवर्ती पहिलो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
श्रेणीका राजा हुन् । सम्राट्लाई कर तिर्ने राजालाई सकर राजा भनिन्छ । कर तिर्न नपर्ने अकर राजालाई महाराजा भनिन्छ ।

वर्णव्यवस्था (Varna System)

वैदिक सनातन समाज वर्णव्यवस्थामा आधारित थियो । प्राचीन हिन्दु राजनीतिशास्त्रका आचार्यहरूले वर्णव्यवस्थाका आधारमा राज्यव्यवस्थाको चिन्तन गरेका छन् । चण्डेश्वर पनि परम्परागत वर्णव्यवस्थाका पक्षमा छन् । तर उनी वर्णव्यवस्थाअनुसार राजा बन्न क्षत्रिय हुनुपर्ने परम्परागत मान्यताको विपक्षमा छन् । प्रजाको रक्षा गर्न सक्षम जुनसुकै वर्णको पुरुष राजा बन्न सक्छ भन्ने चण्डेश्वरको क्रान्तिकारी विचार छ ।

अमात्य र शासनव्यवस्था (Council of Ministers and Administration)

चण्डेश्वरले मन्त्री र अमात्यको भिन्नता दर्शाएका छैनन् । शासन सञ्चालन गर्न अमात्यको अनिवार्य आवश्यताबारे भने उनी सहमत छन् । उनले शासन सञ्चालनमा सहयोगी अमात्य र अन्य अधिकारीहरूको नियुक्तिको अधिकार राजामा निहित गरेका छन् । मन्त्रीको योग्यताका विषयमा चण्डेश्वरले मनुस्मृति, महाभारत र याज्ञवल्क्यस्मृतिको अनुसरण गरेका छन् । मन्त्रणाको गोपनीयताका विषयमा चण्डेश्वर सचेत छन् र कामन्दकको अनुसरण गर्दै थोरै मन्त्रीसँग मन्त्रणा गर्ने सल्लाह दिएका छन । अमात्य एवं अनुजीवी कर्मचारीको नियुक्ति मात्र नभई सभाको गठनको अधिकार पनि राजनीतिरत्नाकरमा राजालाई दिइएको छ । कर्मचारीको आचरणसम्बन्धमा चण्डेश्वरले कामन्दकको समर्थन गरेका छन् । योग्य व्यक्तिलाई उपयुक्त पदमा नियुक्त गरी प्रभावकारी प्रशासन सञ्चालन गराउनु राजाको कर्तव्य मानिएको छ । आर्थिक स्रोतको उचित व्यवस्थापन गर्नु पनि राजाको कर्तव्य मानिएको छ ।

विधि, सभा र न्याय प्रशासन (Law, Sabha and Judicial Administration)

न्याय सम्पादन निष्पक्ष र पवित्र हुनुपर्छ भन्ने चण्डेश्वरको विचार रहेको छ । शास्त्र र प्रथालाई विधि मानिएको छ र यिनकै आधारमा न्याय सम्पादन गर्ने विषयमा चण्डेश्वरले पूर्ववर्ती आचार्यहरूको विचारको समर्थन गरेका छन् । श्रुति र स्मृति शास्त्र हुन् । प्रथा समाजमा प्रचलित परम्परा हुन् । प्राचीन हिन्दु राज्यव्यवस्थामा न्यायालयलाई सभा भनिन्थ्यो । शास्त्रका ज्ञाता तीन, पाँच वा सात जना सभाका सदस्य राजाले नियुक्त गर्नुपर्छ भन्ने चण्डेश्वरको विचार छ । सभाका सदस्यलाई सभ्य भनिन्थ्यो । सभा प्रशस्त र अप्रशस्त गरी दुई प्रकारका हुन्छन् । मुद्रिता, शासिता, प्रतिष्ठिता र अप्रतिष्ठिता गरी चार प्रकारका सभाको पनि चण्डेश्वरले वर्णन गरेका छन् । न्यायसम्पादनमा राजालाई सहयोग गर्न प्राड्विवाक पनि नियुक्त गर्नुपर्छ भन्ने चण्डेश्वरको विचार छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आर्थिक नीति (Economic Policies)

राजनीतिरत्नाकरमा कृषि, पशुपालन र उद्योग-व्यावसायलाई आर्थिक समृद्धिका आधार मानिएको छ । आर्थिक समृद्धिका लागि यिनको विकासमा राजाले जोड दिनुपर्छ भन्ने चण्डेश्वरको विचार छ । समृद्धि भएमा मात्र प्रजा सुखी र सन्तुष्ट हुन्छन् । प्रजा समृद्ध भए भने राज्यकोष पनि समृद्ध हुन्छ ।

पुरोहित (Purohit)

चण्डेश्वरले राजाले ब्राह्मण राजपुरोहित नियुक्ति गर्नुपर्छ भन्ने विचारको समर्थन गरेका छन् । वेदको अर्थका ज्ञाता र तत्त्वज्ञानी पुरोहित नियुक्ति गर्नुपर्दछ भन्ने उनको विचार छ । पुरोहित यज्ञ गराउन र आशीर्वाद दिन समर्थ हुनुपर्छ भन्ने उनको मान्यता छ । पुरोहितलाई मन्त्री पनि मानिएको छ।

दुर्ग (Forts)

राज्यको सुरक्षाको लागि निर्माण गरिने किल्लालाई दुर्ग भनिन्छ । चण्डेश्वरले प्राचीन आचार्यहरूको अनुसरण गर्दै दुर्गलाई राज्यको अङ्ग मानेका छन् ।

कोष (Treasury)

चण्डेश्वरले कोषलाई राज्यको अङ्ग मानेका छन् । नीतिशास्त्रअनुसार जनताबाट कर उठाएर राजाले कोष बलियो बनाउनुपर्छ भन्ने मान्यताको उनले समर्थन गरेका छन् । राजाले कोषसङ्ग्रह र व्ययको कार्यमा आप्त धार्मिक पुरुष नियुक्त गर्नुपर्छ भन्ने चण्डेश्वरको विचार रहेको छ ।

सेना (Army)

बल राज्यको अङ्ग हो । बलको अर्थ सेना हो । राज्यको सत्ता सेनामा आधारित हुने हुँदा चण्डेश्वरले चतुरङ्गिणी सेनाको उल्लेख गरेका छन् । राजनीतिरत्नाकरमा बलाध्यक्ष वा सेनानीको नियुक्ति राजाबाट हुने उल्लेख गरिएको छ । सेनानीलाई सेनाको प्रमुख अधिकारी मानिएको छ । चण्डेश्वरका अनुसार राजाका लागि सैनिक सङ्गठन र रणनीति महत्त्वपूर्ण विषय हुन् । सबल र अनुशासित सेना बाह्य आक्रमणबाट राज्यको रक्षाका लागि आवश्यक हुन्छ भन्ने चण्डेशवरको विचार रहेको छ ।

मित्र (Ally)

मित्र राज्यको अङ्ग मानिएको छ । चण्डेश्वरले राजाका चार प्रकारका मित्रको वर्णन गरेका छन । औरस, कृतसम्बन्ध, वंशक्रमागत र सङ्कटमोचन चार प्रकारका मित्र हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राजाका कर्तव्य (Duties of the King)

राजनीतिरत्नाकरमा राजाको कर्तव्यको आधार धार्मिकता र नैतिकता मानिएको छ। चण्डेश्वरले राजालाई दैवी अधिकारसम्पन्न मानेका छन् तापनि उनले राजधर्मद्वारा निर्धारित नियमको पालन गर्नु राजाको कर्तव्य मानेका छन्। राजधर्मको पालना गर्ने राजा यस लोक असल राजा मानिन्छन् र त्यस्ता राजाले परलोकमा समेत सुखभोग गर्ने अवसर प्राप्त गर्दछन् भन्ने मान्यता चण्डेश्वरको राजनीतिरत्नाकारमा उल्लेख छ। चण्डेश्वरले राजालाई राजधर्मका स्थापित नियमानुसार शासन सञ्चालन गर्न उत्प्रेरित गरेका छन्। उनको रचनामा पनि धर्मको सर्वोच्चता कायम गरिएको छ। राजधर्मको उल्लङ्घन गर्ने शक्ति राजालाई दिइएको छैन। राजाले मन्त्रीको परामर्शअनुसरण शासन सञ्चालन गर्नुपर्छ भन्ने पनि चण्डेश्वरको विचार रहेको छ।

प्रजाको रक्षा गर्नु राजाको प्रथम कर्तव्य हो। दुष्टहरूलाई दण्ड दिनु र सज्जनको रक्षा गर्नु राजाको कर्तव्य हो। चाट, तस्कर, दुर्वृत्त, कायस्थ, गणक, राजबल्लभ आदि राष्ट्रपीडक हुन्। तिनबाट प्रजाको रक्षा गर्नु राजाको कर्तव्य हो। धर्म स्थापना गर्न राजा र राज्यको उदय भएको हो। समाज शान्ति-सुरक्षाको व्यवस्थासँग सम्बन्धित कार्यलाई नै धर्मस्थापना भनिन्छ।

चण्डेश्वरले प्रजारञ्जन पनि राजाको कर्तव्य मानेका छन्। प्रजारञ्जनको अर्थ प्रजालाई खुसी पार्नु हो। प्रजाको कल्याणका कार्यक्रम सञ्चालन गर्नु राजाको कर्तव्य मानिएको छ। चण्डेश्वरले 'जनता जनार्दन' वाक्यांश प्रयोग गरेका छन्। प्रजालाई सुखी र सन्तुष्ट तुल्याउनु प्रजारञ्जन हो। न्याय सम्पादनको सर्वोच्च शक्ति पनि राजामा निहित गरिएको छ। न्याय सम्पादन राजाको प्रमुख कार्य मानिएको छ। न्याय सम्पादनमा राजालाई सहयोग गर्न सभाको गठन गर्ने परम्पराको पनि चण्डेश्वरले समर्थन गरेका छन्। राजनीतिरत्नाकरमा यज्ञको आयोजना गर्नु र दान दिनु पनि राजाको कर्तव्य मानिएको छ। अन्तरराज्य सम्बन्धका सिद्धान्तको उचित प्रयोग गरी साम्रज्य निर्माण गर्नु राजाको कर्तव्य मानिएको छ तर चण्डेश्वर केवल सीमाविस्तार गर्न युद्धमा संलग्न हुनुपर्ने विषयमा सहमत छैनन्।

अन्तरराज्य सम्बन्ध (Interstate Relations)

चण्डेश्वरले विदेशनीति र कूटनीतिबारेमा विशेष महत्त्वका साथ उल्लेख गरेका छन्। राजालाई आफ्ना छिमेकीसँग कस्तो व्यवहार गर्नुपर्छ भन्ने सल्लाह दिइएको छ। राजाले आफ्नो बल सुदृढ भएको अवस्थामा युद्ध र आफू कमजोर भएको अवस्थामा सन्धि गर्नुपर्छ भन्ने चण्डेश्वरको सल्लाह रहेको छ। अन्तरराज्य सम्बन्धका सिद्धान्तका विषयमा चण्डेश्वरले उनीभन्दा पहिलेका राजनीतिशास्त्रका आचार्यहरूको अनुसरण गरेका छन। अन्तरराज्य सम्बन्धको उचित व्यवस्थाबाट मात्र राजाको चक्रवर्ती बन्ने चाहना पूरा हुन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सक्छ भन्नेमा चण्डेश्वर सहमत छन्। बाह्य आक्रमणबाट राज्यको रक्षा गर्न पनि विदेशनीति र कूटनीतिमा राजा निपुण हुनुपर्छ भन्ने चण्डेश्वरको विचार रहेको छ।

शक्ति (Power)

चण्डेश्वरले राज्यको बललाई शक्ति मानेका छन्। उनको शक्तिको परिभाषा र कौटिल्यको परिभाषाबीच समानता छ। तीन प्रकारका शक्ति मान्ने कौटिल्यको परम्पराको अनुसरण चण्डेश्वरले गरेका छन्। कौटिल्यका अनुसार मन्त्रशक्ति, प्रभुशक्ति र उत्साहशक्ति तीन प्रकारका शक्ति हुन्छन्। चण्डेश्वरले पनि तीन प्रकारका शक्ति मानेका छन् तापनि शक्तिको नामकरणका विषयमा भने कौटिल्यको मतभन्दा उनको विचार भिन्न छ। मन्त्रजाशक्ति, प्रभावजाशक्ति र उत्साहजाशक्ति चण्डेश्वरका अनुसार तीन प्रकारका शक्ति हुन्। मन्त्रशक्तिको स्रोत ज्ञान हो। सैन्यबल र आर्थिक बल प्रभावजाशक्तिका स्रोत हुन्। शरीरिक पराक्रम उत्साहजाशक्तिको स्रोत हो। शक्तिसञ्चय र त्यसको कुशलतापूर्वक प्रयोग राजाका लागि महत्त्वपूर्ण मानिएको छ।

मण्डल सिद्धान्त (Theory of Circle of States)

चण्डेश्वरले राज्यमण्डल सिद्धान्तलाई विदेशनीतिको आधार मानेका छन्। राजाले देश, काल र परिस्थितिअनुसार राज्यमण्डलको रचना गर्नुपर्दछ भन्ने चण्डेश्वरको विचार छ। राज्यमण्डलमा विजिगीषु, अरि, मित्र, अरिमित्र, मित्रमित्र, अरिमित्रमित्र, पार्ष्णिग्राह, आक्रन्द, पार्ष्णिग्राहसार, आक्रन्दसार, मध्यम र उदासीन गरी बाह्र प्रकारका राज्य हुन्छन्। मूल प्रकृति भने विजिगीषु, अरि, मध्यम र उदासीन गरी चार मात्र हुन्।

षाड्गुण्य सिद्धान्त (Six Principles of Foreign Policy)

षड्गुण सिद्धान्त परम्परागत विदेशनीतिको सिद्धान्त हो। सन्धि, विग्रह, यान, आसन, द्वैधीभाव र संश्रय षड्गुण हुन्। राजा विदेशनीतिका छ सिद्धान्तको प्रयोगमा प्रवीण हुनुपर्छ भन्ने चण्डेश्वरको विचार रहेको छ।

उपाय (Diplomatic Strategies)

चण्डेश्वरले साम, दान, भेद र दण्ड चार उपाय मानेका छन्। कामन्दक र बृहस्पतिका माया, उपेक्षा र वध उपायको भने चण्डेश्वरले स्वीकार गरेका छैनन्। साम, दान र भेदनीति असफल भएमा मात्र दण्डनीतिको प्रयोग गर्नुपर्छ भन्ने परम्परागत विचारको पनि चण्डेश्वले समर्थन गरेका छन्। उपायको उचित प्रयोग भने अन्तरराज्य सम्बन्धका साथै आन्तरिक शासनमा पनि महत्त्वपूर्ण मानिएको छ।

राजा अन्तरराज्य सम्बन्धका सिद्धान्तको ज्ञाता हुनुपर्छ भन्ने चण्डेश्वरको विचार रहेको छ। षड्गुण, राज्यमण्डल, चार उपाय र शक्तिको उचित प्रयोगमा उनले जोड दिएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

छन् । राजाले विदेशनीतिका प्रस्तुत सिद्धान्तको प्रयोग बाह्य आक्रमणबाट राज्यको सुरक्षा एवं राज्यविस्तार गर्नका लागि गर्नुपर्छ भन्ने चण्डेश्वरको विचार रहेको छ ।

निष्कर्ष (Conclusion)

चण्डेश्वरद्वारा प्रणीत राजनीतिरत्नाकर ग्रन्थ कुनै मौलिक कृति होइन । यसमा चण्डेश्वरले पूर्ववर्ती आचार्यहरूको राजनीतिशास्त्रसँग सम्बन्धी विचारको सङ्कलन गरेका छन् । राज्यको उत्पत्तिका विषयमा उनले दैवी सिद्धान्तको समर्थन गरेका छन् । उनले राजतन्त्रको समर्थन गरेका छन् तापनि उनी क्षत्रिय पुरुष मात्र राजा बन्न सक्ने पूर्ववर्ती आचार्यहरूको विचारको भने विपक्षमा छन् । राज्यको रक्षा गर्न सक्षम जुनसुकै वर्णको पुरुष राजा बन्न योग्य हुन्छ भन्ने उनको विचार छ । चण्डेश्वरका अनुसार प्रजापालन, प्रजारञ्जन, निष्पक्ष न्यायसम्पादन र बाह्य आक्रमणबाट राज्यको सुरक्षा गर्नु राजधर्मको सार हो । चण्डेश्वरका अधिकांश विचार पूर्ववर्ती विचारबाट प्रभावित छन् तापनि उनको राजनीतिरत्नाकरमा मध्यकालीन नेपालको राजनीतिक विचार र शासनकलाको महत्त्वपूर्ण ज्ञान संरक्षित छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

एकाइ – चार

राज्य
(State)

वैदिक सभ्यताको आरम्भदेखि नै आर्यहरूले राजनीतिक एवं प्रशासनिक सङ्गठनको स्वरूपको चिन्तन प्रारम्भ गरेका थिए। ऋग्वेद र उत्तरवर्ती वैदिक कालको साहित्यमा राजनीतिक एवं प्रशासनिक सङ्गठनको विकास क्रमको उल्लेख गरिएको छ। प्राचीन हिन्दु राज्यव्यवस्थामा राजनीति र धर्मको सम्मिश्रण रहेको छ। यहाँ धर्म भन्नाले आर्यहरूको वैदिक सनातन धर्म हो। वैदिक धर्मको प्राचीनता र विशालताका कारण यसलाई 'सनातन धर्म' भनिन्छ। सनातनको अर्थ शाश्वत अर्थात् सधै रहिरहने भन्ने हुन्छ। प्राचीन कालदेखि चल्दै आएका विभिन्न मतमतान्तर, आस्था र विश्वासहरूको समुच्चय सनातन धर्म हो। वैदिक सनातन धर्मलाई वर्तमान समयमा हिन्दु धर्म र वैदिक परम्पराको राज्यव्यवस्थाको चिन्तनलाई हिन्दु राज्यव्यवस्था (Hindu Polity) भनिन्छ। वैदिक आर्यहरूले राज्यलाई महत्त्वपूर्ण संस्था मान्दथे। प्राचीन हिन्दु राज्यव्यवस्थासम्बन्धी विभिन्न राजनीतिक चिन्तकका विचारका आधारमा राज्यको उत्पत्तिसम्बन्धी सिद्धान्त, राज्यका तत्त्व, राज्यका उद्देश्य र राज्यका कार्यको सारसङ्क्षेप यस एकाइमा प्रस्तुत गरिएको छ।

राज्यविहीन समाज (Stateless Society)

राज्यको उदय हुनुभन्दा पहिले राज्यविहीन समाजको कल्पना हिन्दु चिन्तनमा छ। राजा र राज्यविहीन समाज सामाजिक विकासको प्रारम्भिक अवस्था मानिएको छ। यसलाई प्राकृतिक अवस्था मानिन्छ। वैदिक परम्परामा सत्य वा कृत, त्रेता, द्वापर र कलि गरी चार युग छन्। महाभारका अनुसार सत्य युगमा सबै प्रजा धर्मनिष्ठ तथा परमविवेकी, ज्ञानी र संयमी थिए। सत्ययुगको प्रारम्भमा संसारमा कुनै राज्य थिएन। राजा पनि थिएनन्। न दण्ड व्यवस्था थियो न कुनै दण्डाधिकारी वा दण्डको प्रयोग गर्ने अधिकारी नै थिए। सबै प्रजाहरूले सनातन धर्मद्वारा परस्पर एक अर्काको रक्षा गर्दथे[१] (शान्तिपर्व, अ.

१ न वै राज्यं न राजासीन्न दण्डो न च दाण्डिकः।
धर्मेणैव प्रजाः सर्वा रक्षन्तिस्म परस्परम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
५९, श्लो. १४)। मनुका अनुसार पनि सत्ययुगमा धर्मका चार चरण (तप, ज्ञान, यज्ञ र दान) र सत्यको सत्ता थियो र कुनै पनि व्यक्तिले अन्य व्यक्तिप्रति अधर्म गर्दैनथे (मनु, अ.१, श्लो. ८१)। बृहस्पतिस्मृतिमा पनि राज्यविहीन स्वर्णयुगको उल्लेख गरिएको छ। मनुस्मृति, बृहस्पतस्मृति र वमहाभारतका अनुसार दण्डनीति र राज्यको प्रादुर्भाव हुनुभन्दा पहिले वैदिक सनातन धर्मको शासन थियो। सनातनको अर्थ कहिल्यै नाश नहुने, अविनाशी, शाश्वत र नित्य हो। समाजमा धर्मको प्रमुख भूमिका थियो। वैदिक सनातन धर्म त्यस समाजको जीवन पद्धति थियो। धर्मको ज्ञान सबैलाई थियो। धर्मले मानिसलाई कर्तव्य पालना गर्न प्रेरित गर्दथ्यो। धर्म अर्थात् कर्तव्यको पालना मानिसहरूले स्वाभाविक रूपमा गर्दथे। सबै मानिस पूर्ण स्वतन्त्र र समान थिए। सबैले सनातन धर्मअनुसार आचार र व्यवहार गर्ने हुँदा कसैले पनि अरूको अधिकार माथि हस्तक्षेप गर्दैनथे। धर्मको सत्ता थियो। धर्मको सत्ता भन्नाले धर्मको अनुशासनमा चलेको समाजव्यवस्था हो। धर्मको आधारमा कुनै धर्मगुरु वा संस्थाको शासन थिएन। समाजमा उपभोग्य वस्तुको अभाव थिएन। सबैका आधारभूत आवश्यकता सहजै पूरा हुन्थे। समाजमा शान्ति सद्भाव र पारस्परिक सहयोगको भावना थियो। मानिसहरू सुखी थिए। समाजमा न्याय र भ्रातृत्वको भावना थियो। त्यस समाजमा हुने र नहुनेबीच वर्ग विभाजन थिएन। धर्मको ज्ञान र त्यसको पालनाबाट समाज स्वत: सञ्चालित थियो। समाजमा कुनै अपराध हुँदैनथ्यो। त्यसै हुनाले त्यहाँ दण्ड आवश्यक थिएन। शान्ति सुव्यवस्था कायम गर्न प्रहरी सेना र न्यायालयको पनि आवश्यकता थिएन। राज्य नै नरहेपछि सरकार र राज्यका का अङ्गहरूको अस्तित्व नै थिएन।

जैन साहित्यमा पनि राज्यविहीन समाजको कल्पना गरिएको छ। जैन साहित्यका अनुसार पनि प्राचीन कालमा राज्य संस्था थिएन। त्यस वेला कुनै वस्तुको अभाव थिएन। मानिसले कुनै वस्तुको पनि सङ्ग्रह गर्दैनथे। त्यो स्वर्णयुग थियो। स्वर्णयुग लामो समय चल्न सकेन। वस्तुको कमी हुन थाल्यो। व्यक्तिगत स्वामित्व र सङ्ग्रहको प्रवृति विकास भयो। मनुष्यमा नैतिक पतन भयो र धर्मको ह्रास हुँदैगयो। त्यसपछि सामाजिक व्यवस्था कायम गर्न राज्यको आवश्यकता भयो। राज्यविहीन स्वर्ण युगसम्बन्धी विचार बौद्ध साहित्यमा पनि उल्लेख छ। स्वर्ण युगको अन्त्यपछि अराजक अवस्था सृजना भयो। अराजक अवस्थाबाट मुक्तिका लागि राज्यको निर्माण गरियो भन्ने विषय दिघ निकायको अगन्न सुत्तमा उल्लेख गरिएको छ।

राज्यविहीन स्वर्णयुगको आधार मानिसको स्वभाव मानिएको छ। सत्ययुगमा मानिस सत्त्वगुणसम्पन्न भएका कारणले राज्यविहीन समाजमा स्वर्णयुग सम्भव भएको मानिन्छ। मानिसमा सत्य, सद्भाव, पारस्परिक सहयोग र सहअस्तित्व जस्ता असल गुणको प्रधानता थियो। सामाजिक जीवनका नियमको ज्ञान मानिसमा थियो। सो ज्ञानको आधार सनातन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
धर्मको ज्ञान मानिएको छ। सनातन धर्मद्वारा मानिस शासित थिए। सबै मानिसमा सत्त्वगुणको प्रधानताले गर्दा नै राज्यविहीन अवस्थामा पनि शान्तिपूर्ण र सुखी जीवन सम्भव भएको हो।

पाश्चात्य राजनीतिक चिन्तनमा सम्झौतावादी विचारक हब्स, जोन लक र रूसोले पनि राज्यको उदय हुनुभन्दा पूर्व प्राकृतिक अवस्थाको कल्पना गरेका छन्। हब्सले मानिसको स्वभाव स्वार्थी मानेका छन्। हब्सका अनुसार प्राकृतिक अवस्थामा मानिसको जीवन दु:खदायी थियो। मानिसमा प्रकृति प्रदत्त दैवी गुण (Sparks of Devine Nature) हुन्छन् भन्ने जोन लकको मान्यता छ। मानिसमा अन्तर्निहित दैवी गुणका आधारमा प्राकृतिक अवस्थामा मानिसको जीवन सुखी थियो भन्ने लकको विचार रहेको छ। यसैगरी रुसोले मानव समाजको प्राकृतिक अवस्थालाई स्वर्णयुग मानेका छन्। रुसोका अनुसार प्राकृतिक अवस्थामा मानिस स्वतन्त्र थिए। मानिसमा नैतिकता र अनैतिकताको ज्ञान थिएन। यसैगरी उन्नाईसौं सताब्दीमा अराजकतावादी र साम्यवादीहरूले पनि राज्यविहीन समाजको निर्माण गर्ने कल्पना गरेको पाइन्छ।

प्राचीन हिन्दु राज्यव्यवस्थाको राज्यविहीन स्वर्णयुग सनातन धर्मको मर्यादामा आधारित रहेको छ। हिन्दु राजनीतिक चिन्तनमा रहेको राज्यविहीन समाज हब्स, लक र रुसोले वर्णन गरेको प्राकृति अवस्था नितान्त फरक छ। प्राचीन हिन्दु चिन्तनको राज्यविहीन समाज वैदिक स्वर्णयुग सत्य र धर्मको जगमा अडेको समाज हो।

अराजक वा मात्सन्यायको अवस्था (State of Anarchy or Law of the Fishes)

महाभारतका अनुसार कालक्रमले मानिसमा सत्वगुण र धार्मिक विश्वास क्रमशः ह्रास हुँदैगयो। धर्मका आधारमा स्वयं सञ्चालित सामाजिक व्यवस्था धेरै समयसम्म टिक्न सकेन। धर्ममा ह्रास आएपछि राज्यविहीन स्वर्णयुग समाप्त भयो। समाजमा अधर्म बढ्न गयो। विकृतिको प्रारम्भ भयो। राज्यविहीन समाजमा अराजक अवस्थाको सृजना भयो। ठूलो एवं शक्तिशाली माछाले सानो माछालाई खाने माछाको जस्तो व्यवहार मानव समाजमा व्याप्त भयो। समाजमा शक्तिशालीले कमजोरलाई थिचोमिचो गर्ने प्रवृत्तिको विकास भयो। शान्ति सुव्यवस्था समाप्त भयो। समाजमा सृजना भएको यही अराजक अवस्थालाई प्राचीन हिन्दु राजनीतिक विचारकहरूले मात्स्यन्याय को अवस्था भनी उल्लेख गरेका छन्।

मात्स्यन्यायको स्थिति मानव समाजको प्राकृतिक स्थिति होइन। यो सामाजिक विकृतिको अवस्था हो। महाभारतमा सत्य युगमा रहेको स्वर्ण युगको अन्त्यपछिको अराजक अवस्थाको वर्णन गरिएको छ। महाभारतका अनुसार समाजमा उपभोग्य वस्तुको अभाव हुन थाल्यो। यसबाट कष्ट उत्पन्न भयो। जोसँग जुन वस्तु थियो त्यो वस्तुप्रति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

व्यक्तिमा मोह उत्पन्न भयो। मानिसहरू क्रमश: लोभको वशमा हुन गए। लोभका कारणले मानिसहरूले अप्राप्य वस्तु प्राप्त गर्ने प्रयास गर्न थाले। मानिसमा सङ्ग्रह गर्ने प्रवृतिको प्रारम्भ भयो। लोभपछि मानिसहरू राग अर्थात् विषयभोगको सुखसुविधा र कामको अधीनमा हुन गए। क्रमश: मानिसमा ईर्ष्या र द्वेषको विकास भयो। ज्ञान नाश भयो। ज्ञान नष्ट भएपछि धर्मको पनि विनाश भयो। कर्तव्य वा अकर्तव्य विवेक हरायो। समाजमा अव्यवस्था सिर्जना भयो। जताततै त्रासको वातावरण सिर्जना भयो। मात्स्यन्यायको अराजक अवस्थाबाट मुक्ति पाउन राज्यको आवश्यकता भयो (शान्तिपर्व, अ. ५९, श्लो. १५-२२)।

रामायणमा पनि अराजक अवस्थाको वर्णन गरिएको छ। राज्यविहीन देशमा धन र पत्नीको रक्षा हुँदैन[२] (वाल्मीकि, अयो., स. ६७, श्लो. ११)। अराजक देशमा माछाले जस्तै मानिसहरूले एकअर्कालाई निल्दछन्[३] (वाल्मीकि, अयो., स. ६७, श्लो.३१)। अराजक देशमा न कसैको धनसंपतिको रक्षा हुन्छ न व्यक्तिगत परिवारको सुरक्षा हुन्छ। मनुका अनुसार यस संसारमा राजा नहुनाले डरले हाहाकार मच्चियो[४] (मनु, अ.७, श्लो.३)। बलवानले दुर्बललाई बल्छिमा पारेको माछा भुटेर खाए झैं खाइदिन्छन् भन्ने मनुको विचार छ[५] (मनु, अ.७, श्लो.२०)। यसैगरी नीतिवाक्यामृतका अनुसार जसरी जलमा ठूलो माछाले सानो माछा खान्छ त्यसरी नै दण्डको डर नहुने हो भने मानव समाजमा पनि बलियाले निर्बललाई सताउँने अवस्था सृजना हुन्छ त्यसलाई मात्स्यन्याय भनिन्छ[६] (सोमदेवसूरि, दण्डनीतिसमुद्देश:, सू. ८)। मात्स्यन्यायको अवस्था समाप्त पार्नका लागि राज्य र राजाको उदय भएको हो भन्ने प्राचीन हिन्दु राजनीतिक चिन्तनमा उल्लेख गरिएको छ।

राज्यको उत्पत्तिसम्बन्धी सिद्धान्त (Theories of the Origin of the State)

राज्यको उत्पत्तिसम्बन्धमा विद्वानहरूबीच मतैक्यता छैन। प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राज्यको उत्पत्तिसम्बन्धी विभिन्न सिद्धान्त र मत रहेका छन्। वर्तमान राजनीतिशास्त्रमा प्रचलित राज्यको उत्पत्तिसम्बन्धी सिद्धान्तसँग मिल्लोजुल्दा सिद्धान्त प्राचीन हिन्दु राजनीतिक चिन्तनमा रहेका छन्। दैवी सिद्धान्त, शक्ति सिद्धान्त, सामाजिक सम्झौताको सिद्धान्त र क्रमिक विकासवादी सिद्धान्त राज्यको उत्पत्तिसम्बन्धी प्रचलित सिद्धान्त हुन्।

---

२ अराजके धनं नास्ति नास्ति भार्याप्यराजके।

३ मत्स्या इव जना नित्यं भक्षयन्ति परस्परम्।

४ अराजके हि लोकेऽस्मिन्सर्वतो विद्रुते भयात्।

५ शूले मत्स्यानिवापक्ष्यन् दुर्बलान् बलवत्तरा:।

६ बलियानबलं ग्रसति इति मात्स्यन्याय:।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दैवी उत्पत्तिको सिद्धान्त (Divine Theory)

सत्ययुगको राज्यविहीन स्वर्णयुगको अन्त्यपछि समाजमा विकसित कराजक अवस्थाबाट मानव समाजलाई मुक्त गर्न राजा र राज्यको आवश्यकता परेको हो भन्ने प्राचीन हिन्दु राजनीतिक साहित्यमा उल्लेख गरिएको छ। मनुका अनुसार राजा र राज्यको उत्पत्तिको मूल कारक ईश्वर हुन्। राजा ईश्वरको रूप हो। राजाको पद दैविक हो। राजाले देवताले जस्तै सबैको संरक्षकको रूपमा काम गर्दछन्। मात्स्यन्यायको अराजक अवस्थाबाट मानव समाजलाई मुक्त गर्न राज्य र राजाको सृजना ईश्वरले गरेका हुन् भन्ने सिद्धान्तलाई राज्यको उत्पत्तिसम्बन्धी दैवी सिद्धान्त भनिन्छ। प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राजा र राज्यको उत्पत्ति एकैपटक भएको मानिन्छ। सबै प्रजाको रक्षाका लागि सर्वशक्तिमान् ईश्वरले राजाको सृजना गरे भन्ने मनुस्मृतिमा उल्लेख गरिएको छ[७] (मनु, अ.७, श्लो.३)। ईश्वरले इन्द्र, वायु, यम, सूर्य, अग्नि, वरुण, चन्द्रमा र कुबेर आठ देवताको सारभूत अंशबाट राजाको उत्पत्ति गरेका हुन् (मनु, अ.७, श्लो.४)। कौटिल्यले मनुस्मृतिमा जस्तै मात्स्यन्यायबाट पीडित प्रजाले वैवस्वत मनुलाई राजा बनाए भनी उल्लेख गरेका छन् (कौटिल्य, अधि. १, अ. १३)। कौटिल्यले पनि राजालाई दैवी शक्तिसम्पन्न मानेका छन्। उनका अनुसार इन्द्र र यम जस्तै राजाले पनि प्रजालाई प्रत्यक्ष निग्रह र अनुग्रह गर्दछन्। कसैले राजाको अपहेलना गर्दछ भने उसलाई निश्चय नै दैवी विपत्ति आइपर्छ। यसलाई विचार गरेर राजाको अपमान वा तिरस्कार गर्नु हुँदैन। क्षुद्र अर्थात् निम्न वर्णका व्यक्तिलाई राजाको निन्दा गर्न रोक लगाउनुपर्छ भन्ने कौटिल्यको विचार छ[८] (कौटिल्य, अधि.१, अ. १२)। शुक्रानीतिसारमा पनि राजालाई देवांश मानिएको छ (शुक्राचार्य, अ.१, श्लो.७१)।

सनातन परम्परामा सृष्टि, ज्ञान आदिको उद्गम ईश्वरद्वारा भएको मानिन्छ। राजनीतिशास्त्रको ज्ञान पनि ईश्वरको सृजना मानिएको छ। महाभारतमा सृष्टिकर्ता ब्रह्माले लोककल्याणका लागि सर्वप्रथम नीतिशास्त्र वा दण्डनीतिको सिर्जना गरे भन्ने उल्लेख छ (शान्तिपर्व, अ.५९, श्लो.२९)। दण्डनीतिअनुसार शासन सञ्चालन गर्न राजा र राज्यको सृजना पनि ईश्वरले गरेको मानिएको छ।

युरोपमा पनि राज्यको उत्पत्तिसम्बन्धमा दैवी सिद्धान्त प्रचलित थियो। मध्ययुगमा युरोपमा राज्य र राजनीतिमा इसाई धर्मको प्रभाव थियो। बाइबलको Old Testament मा ईश्वरले राजा छनौट गरेका हुन् र राजा ईश्वरप्रति उत्तरदायी हुन्छन् भन्ने उल्लेख गरिएको छ।

---

७ रक्षार्थमस्य सर्वस्य राजानमसृजत्प्रभुः।

८ इन्द्रयमस्थानमेतद् राजानः प्रत्यक्षहेडप्रसादः। तानवमन्यमानान् दैवोऽपि दण्डः स्पृशति। तस्माद् राजानो नावमन्तव्याः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

युरोपमा राज्यको उत्पत्तिको दैवी सिद्धान्त निरङ्कुश राजतन्त्रको आधार बनेको थियो । प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राजालाई ईश्वर र राज्य ईश्वरको सृजना मानिएको भए तापनि राजालाई कर्तव्यको बन्धनमा बाँधिएको छ । कर्तव्य पालन गर्नु राजाको धर्म मानिएको छ । सिद्धान्ततः राजालाई निरङ्कुश बन्ने छुट दिइएको छैन ।

शक्ति सिद्धान्त (Force Theory)

शक्ति सिद्धान्तअनुसार युद्धको नेतृत्वबाट राजा प्रादुर्भाव भएको मानिन्छ । हिन्दु राजनीतिक साहित्यमा राज्यको उत्पत्तिको आधार युद्धलाई पनि मानिएको छ । ऐतरेय ब्राह्मणका अनुसार बाह्य आक्रमणबाट रक्षाका लागि प्रजाले शक्तिशाली योद्धालाई राजा निर्वाचित गरेका हुन् । देवासुर युद्धमा देवता पराजित भए । देवताहरूले आफ्नो राजा नहुनु पराजयको कारण ठाने र इन्द्रलाई राजा बनाउन सबैले स्वीकार गरे भन्ने ऐतरेय ब्राह्मणमा उल्लेख छ । समाजको विकासको प्रारम्भ जाति र कुलहरूका सङ्गठनबाट भएको मानिन्छ । प्राचीन कालमा जातीय सङ्गठनहरूबीच शान्तिपूर्ण सम्बन्ध थिएन । खेत र वस्तीको रक्षाका लागि युद्धको आवश्यकता थियो । युद्धका लागि योग्य, बलवान् र साहसी तथा कुशलतापूर्वक राज्य सञ्चालन गर्न सक्ने नेताको आवश्यकता भयो । युद्धका नेता चुनिए । युद्धको समयका साथै शान्ति कालमा पनि नेताको आदेश पालन गर्न थालियो । युद्धको नेता राजा बने र उनले संरक्षण गरेको क्षेत्र राज्य भयो भन्ने शक्ति सिद्धान्तको सार हो ।

सामाजिक सम्झौताको सिद्धान्त (Social Contract Theory)

पाश्चात्य राजनीतिक चिन्तनमा सत्रौं सताब्दीमा हब्स र लक एवं अठारौं सताब्दीमा रुसोले सामाजिक सम्झौताबाट राज्यको उत्पत्ति भएको हो भन्ने सिद्धान्त प्रतिपादन गरेका थिए । अराजक अवस्थाबाट मुक्तिका लागि योग्य व्यक्तिलाई जनताले अधिकार सुम्पिए र राजसंस्थाको सृजना भयो भन्ने सिद्धान्त नै सामाजिक सम्झौताको सिद्धान्त हो ।

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा सामाजिक सम्झौताको झलक सर्वप्रथम ऐतरेय ब्राह्मणमा पाइन्छ । ऐतरेय ब्राह्मणका अनुसार इन्द्र देवतामध्ये सबैभन्दा शक्तिशाली छन् । सबैभन्दा पूर्ण र साहसी छन् । अतः इन्द्रलाई आफ्नो राजा स्वीकार्नु गर्न देवताहरू सहमत भए र देवताहरूले इन्द्रलाई राजा स्वीकर गरे । यसरी परस्पर सम्झौताबाट इन्द्र देवताका राजा भएका थिए । सम्झौताको फलस्वरूप राजा र राज्यको उदय भयो भन्ने मान्यता हिन्दु राजनीतिक चिन्तनमा छ ।

महाभारतमा अराजक अवस्थाबाट मुक्तिका लागि सर्वप्रथम मानिसहरूले आपसमा मिलेर नियम बनाए भन्ने उल्लेख छ । महाभारका अनुसार प्राचीन कालमा मानिसहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मिली हामीमध्ये कठोर वचन बोल्ने, अरूलाई दु:ख दिने, परस्त्रीगामी र अर्काको धन बलपूर्वक लिने व्यक्तिलाई समाजबाट वहिष्कार गरौं भन्ने नियम बनाएर लागु गरेका थिए। यो नियमअनुसार समाज केही समय सुखपूर्वक सञ्चालन भयो (शान्तिपर्व, अ.६७, श्लो. १८,१९)। केही समयपछि पुन: दुरावस्था फैलियो। पीडित प्रजा सृष्टिकर्ता ब्रह्मालाई भेट्न गई राजाको लागि निवेदन गरे। प्रजाको निवेदन सुनेर ब्रह्माले मनु लाई राजा बन्न आदेश दिए। मनुले राज्य सञ्चालन कठिन कार्य हो त्यसमा पनि मिथ्याचारमा प्रवृत्त मनुष्य माथि शासन गर्ने कार्य अझ दुष्कर छ भनी राजा बन्न अस्वीकार गरे। त्यसपछि प्रजाहरूले मनुलाई पचास पशुमध्ये एक पशु, सुवर्णको पचास भागको एक भाग, अन्नको दश भागमा एक भाग करको रूपमा प्रदान गर्ने प्रस्ताव गरे। उनीहरूले मनुलाई विवाह योग्य कन्यामध्ये सबैभन्दा सुन्दरी कन्या पनि दिने छौं भन्ने प्रस्ताव गरे। इन्द्रले देवताको रक्षा गरे जस्तै रक्षा गर्न प्रजाले मनुलाई अनुरोध गरे। त्यसपछि मात्र मनुले राजपद स्विकार गरेका थिए भन्ने महाभारतमा उल्लेख छ (शान्तिपर्व, अ.६७, श्लो.२०-३०)।

बौद्ध साहित्यको दिग्ध निकायको अङ्गुत्तर सुत्तका अनुसार प्रारम्भमा पृथ्वीमा स्वर्णयुग थियो। मानिसको जीवन सुखी थियो। क्रमश: स्वर्णयुग पतन हुँदै गयो। समाजमा अव्यवस्था सिर्जना भयो। अराजक अवस्था भयो। त्यसको अन्त्य गर्न आवश्यक हुन गयो। त्यस अवस्थामा मानिसहरू मिलेर आफूमध्ये सबैभन्दा सुन्दर र योग्य व्यक्तिलाई अराजक अवस्थाको अन्त्य गर्न अनुरोध गरे। सो काम गरे बापत त्यस व्यक्तिलाई चामलको एक भाग दिन स्वीकार गरे। यसरी जनताले चुनेको व्यक्ति जसले मानिसहरूको प्रस्ताव स्वीकार गरे ती व्यक्ति महासम्मत भए। महासम्मत र जनताबीचको सम्झौताबाट राजपद सृजना भएको मानिन्छ। महासम्मत राजा भए। दुष्टलाई दमन गर्ने राजपदको सृजना भयो। क्षेत्रको रक्षा गर्ने हुँदा राजालाई क्षत्रिय भनिन्छ। प्रजालाई आनन्द दिने भएकाले महासम्मतलाई राजा भनिन्छ। बौद्ध साहित्यमा राजा र राज्यको उत्पत्ति जनता र महासम्मतबीचको सम्झौताबाट भएको हो भन्ने स्पष्ट गरिएको छ। बुद्धले राजालाई ईश्वरको रचना मान्दैनन्। जैन साहित्यमा पनि अराजक अवस्थाबाट मुक्ति पाउन जनताले राजाको नियुक्ति गरेको उल्लेख छ।

मनुस्मृतिमा राजालाई देवांश र राज्य ईश्वरको सृजना मानिएको छ। मनुले राजा बन्न स्वीकार गरेको र प्रजाले कर तिर्न स्वीकार गरी परस्पर सम्झौता गरेर राजा र राज्यको सृजना भएको हो भन्ने मनुस्मृतिमा पनि उल्लेख छ। अराजक अवस्थाबाट पीडित प्रजाले वैवस्वत मनुलाई आफ्नो राजा बनाए। कृषिजन्य उत्पादनको छैटौँ भाग पण्य र सुवर्णको दसौँ भाग करको रूपमा दिने भागधेयको रूपमा राजालाई प्रदान गर्ने व्यवस्था गरियो भन्ने कौटिल्यको विचार छ[१] (कौटिल्य, अधि१, अ.१२)।

१ मात्स्यन्यायाभिभूता: प्रजा: मनुं वैवस्वतं राजानं चक्रिरे। धान्यषड्भागं पण्यदशभागं हिरण्यं चास्य भागधेयं प्रकल्पयामासु:।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विकासवादी सिद्धान्त (Evolutionary or Historical Theory)

राजनीतिशास्त्रमा राज्य उत्पत्तिसम्बन्धी विकासवादी सिद्धान्त सर्वाधिक महत्त्वपूर्ण मानिन्छ। राजनीतिशास्त्रका पिता मानिने अरस्तुले समाजको क्रमिक विकासबाट राज्यको निर्माण भएको मानेका छन्। मानिस सामाजिक प्राणी हो। एक आपसमा मिलेर बस्ने मानिसको स्वभाव हुन्छ। रक्त सम्बन्धद्वारा स्थापित परिवार मानिसको पहिलो सङ्गठन हो। परिवारपछि मानिसले व्यक्तिगत सम्पत्ति जम्मा गर्न थाले। सम्पत्ति र परिवारको सुरक्षाका लागि राज्यको आवश्यकता परेकाले राज्यको जन्म भयो।

प्राचीन वैदिक समाजमा प्रारम्भमा सनातन धर्मको सत्ता थियो। सबै मानिसहरूले सनातन धर्मको पालना गर्दथे। सबै सदाचारी भएकाले समाज स्वचालित र स्वनियन्त्रित थियो। त्यस अवस्थालाई स्वर्णयुग मानिएको छ। धर्ममा ह्रास आयो र क्रमश: स्वर्णयुगको पतन प्रारम्भ भयो। त्यसपछि अराजक अवस्था सृजना भयो। अराजक अवस्था जनाउन वेदमा विराट शब्दको प्रयोग गरिएको छ। विराटको अर्थ राजा र राज्यविहीन अवस्था हो।

राज्यको उदयको विषयमा अथर्ववेदको मन्त्रमा स्पष्ट उल्लेख गरिएको छ। अथर्ववेदका अनुसार प्रारम्भमा स्थायी बसोबास थिएन। विराट् अवस्थामा क्रान्ति भयो र गार्हपत्य अवस्थाको विकास भयो। गार्हपत्य अवस्थाको अर्थ परिवारको विकासको अवस्था हो। यस अवस्थामा पनि क्रान्ति भयो र आहवनीय अवस्थाको विकास भयो। परिवारका प्रमुखहरू भेलाभई सामाजिक समस्या हल गर्ने अवस्था नै आहवनीय अवस्था थियो। आहवनीय अवस्थामा ग्राम (गाउँ) को विकास भयो। स्थायी बसोबासको प्रारम्भ भएको थियो। गाउँको प्रमुख ग्रामणी भए। त्यसपछि अर्को क्रान्ति भयो र दक्षिणाग्नि अवस्थाको विकास भयो। दक्षिणको अर्थ चतुर र अग्निको अर्थ अग्रणी हो। गाउँहरूको समूहको प्रमुख दक्षिणाग्नि हुन्थे। ग्रामणीहरू मिलेर दक्षिणाग्निको निर्वाचन गर्दथे। दक्षिणाग्निको क्षेत्रलाई जनपद भन्न थालियो। दक्षिणाग्निले जनपदको शासन सञ्चालन गर्न थाले। जनपदलाई राष्ट्र र दक्षिणाग्निलाई राजा भन्न थालियो। जनपदका सम्पूर्ण बासिन्दालाई विश भनिन्थ्यो। दक्षिणाग्नि अवस्थामा पनि क्रान्ति भयो र आमन्त्रण अवस्थाको विकास भयो। आमन्त्रण अवस्थामा सभा र समितिको विकास भएको थियो। आर्यहरू विभिन्न समूह बनाएर बसोबास गर्दथे। एउटा जनमा एउटै वंशका मानिस हुन्थे। त्यसैले जनलाई सजात भनिन्थ्यो। जनको स्थायी बसोबास भएको भूभागलाई राष्ट्र भनिन्थ्यो। जनको प्रमुखलाई राजा भनिन्थ्यो। यसरी जनपद राज्यको उदय भयो। जनपद मध्ये शक्तिशालीले अन्य जनपदमाथि विजय हासिल गरी साम्राज्य निर्माण प्रारम्भ पनि गरेका थिए भन्ने राज्यको उदयसम्बन्धी क्रमिक विकासको सिद्धान्त प्राचीन वैदिक साहित्यमा उल्लेख गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राज्यको सप्ताङ्ग सिद्धान्त (Seven Elements of the State)

भूमि, जनसङ्ख्या, सरकार र सम्प्रभुता राज्यका चार तत्व हुन् । पहिलेदेखि नै अस्तित्वमा रहेका राज्यले नयाँ राज्यलाई राज्यको रूपमा मान्यता दिएपछि मात्र नयाँ राज्य अन्तर्राष्ट्रिय राज्यहरूको समुदायको वैधानिक सदस्य मानिन्छ । त्यसैले मान्यता राज्यको पाँचौँ तत्त्व हो । प्राचीन हिन्दु राजनीतिक चिन्तनमा भने राज्यका सात तत्त्व मानिएको छ। राज्यका अङ्गलाई राज्यका प्रकृति पनि भनिन्छ। सप्तप्रकृति वा सप्ताङ्गको सावयवी एकता राज्य निर्माणका लागि आवश्यक मानिएको छ । मनुस्मृतिका अनुसार स्वामी, अमात्य, पुर, राष्ट्र, कोष, दण्ड र सुहृत् सप्तप्रकृतिलाई राज्यका सप्ताङ्ग भनिन्छ [१०] (मनु, अ. ९, श्लो. २९४) । कौटिल्यका अनुसार स्वामी, अमात्य, जनपद, दुर्ग, कोष, दण्ड र मित्र राज्यका सात प्रकृति हुन्[११] (कौटिल्य, अधि. ६, अ. १) । शुक्रनीतिसारमा स्वामी, अमात्य, सुहृत्, कोष, राष्ट्र, दुर्ग, र बललाई सप्ताङ्ग मानिएको छ[१२] (शुक्राचार्य, अ. १, श्लो. ६१) । बृहस्पतिका अनुसार पृथ्वीपति, अमात्य, राष्ट्र, दुर्ग, कोष, दण्ड र मित्र राज्यका सात अङ्ग हुन्[१३] (बृहस्पति, उद्धरण कामन्दक, अ.८, श्लो. ४ र ५)। कामन्दका अनुसार पनि स्वामी, अमात्य, राष्ट्र, दुर्ग, कोष, बल र सुहृत राज्यका सात अङ्ग हुन्[१४] (कामन्दक, अ.४, अधि. 1, श्लो. १) । महाभारतमा स्वामी, अमात्य, कोष, दण्ड, मित्र, जनपद र पुर राज्यका सात अङ्ग मानिएको छ[१५] (शान्तपर्व, अ. ६९, श्लो. ६४-६५) । याज्ञवल्क्यले पनि स्वामी, अमात्य, जन, दुर्ग, कोष, दण्ड र मित्र राज्यका सात अङ्ग मानेका छन्[१६] (याज्ञवल्क्य, आ. १,श्लो. ३५३) । प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राज्यका सावयवी सात अङ्ग मान्ने बिषयमा प्राचीन आचार्यहरूबीच मतैक्यता रहेको छ ।

१० स्वाम्यमात्यौ पुरं राष्ट्रं कोषदण्डौ सुहृत्तथा ।
सप्त प्रकृतयो ह्येताः सप्ताङ्गं राज्यमुच्यते ।

११ स्वाम्यमात्यजनपददुर्गकोशदण्डमित्राणि प्रकृतयः ।

१२ स्वाम्यमात्य–सुहृत्–कोश–राष्ट्र–दुर्ग–बलानि च ।
सप्ताङ्गमुच्यते राज्यं तत्र मूर्धा नृपः स्मृतः ।

१३ अमात्यराष्ट्रदुर्गाणि कोषो दण्डश्च पञ्चमः ।
एता प्रकृतयस्तज्ज्ञैर्विजिगीषो रुदाहृताः ॥
एताः पञ्च तथा मित्रं सप्तमः पृथिवीपतिः ।
सप्तप्रकृतिकं राज्यमित्युवाच बृहस्पतिः ।

१४ स्वाम्यमात्यश्च राष्ट्रं च दुर्गं कोषो बलं सुहृत् ।
परस्परोपकारीदं सप्ताङ्गं राज्यमुच्यते॥

१५ आत्मामात्याश्च कोशाश्च दण्डो मित्राणि चैव हि ।
तथा जनपदाश्चैव पुरं च कुरुनन्दन ।
एतत् सप्तात्मकं राज्यं परिपाल्यं प्रयत्नतः ।

१६ स्वाम्यामत्या जनो दुर्गं कोशो दण्डस्तथैव च ।
मित्राण्येताः प्रकृतयो राज्यं सप्ताङ्गमुच्यते ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्वामी (King)

राज्यका अङ्गमा स्वामी र पृथ्वीपतिको अर्थ राजा हो । प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राजालाई राज्यका सात अङ्गमध्ये प्रमुख अङ्ग मानिएको छ । राज्य सञ्चालनको प्रमुख जिम्मेवारी राजामा निहित गरिएको छ । राजा क्षत्रिय हुनुपर्ने मनुको विधान छ । बृहस्पतिका अनुसार आत्मवान् वा इन्द्रिय संयमी व्यक्ति राजा बन्न योग्य मानिन्छ । शुक्राचार्यका अनुसार यदि संसारमा उत्तम रीतिले प्रजालाई आ-आफ्नो धर्ममा लगाउने वा राज्य सञ्चालन गर्ने राजा नभएमा माझी विनाको जलयान समुद्रमा नष्ट भएजस्तै प्रजा पनि नष्ट हुन्छन्[१७] (शुक्राचार्य, अ. १, श्लो. ६५) । जबसम्म राजा धर्मशील हुन्छन् र प्रजाप्रति धर्मपूर्वक व्यवहार गर्दछन् तबसम्म मात्र राजा रहन्छन् । राजा धर्मशील नभएमा उनका प्रजा , राजा स्वयं र राज्य पनि शीघ्र विनाश हुन्छ (शुक्राचार्य,अ.४, प्र. १, श्लो. ११४) । शुक्राचार्यले राजालाई राज्य वृक्षको मूल मानेका छन्[१८] (शुक्राचार्य, अ. ५, श्लो. १२) । कौटिल्यका अनुसार राज्यका सात अङ्गमध्ये स्वामी पहिलो र सबै भन्दा महत्त्वपूर्ण अङ्ग हो । राजा राज्यको आत्मा हुन् । राजाको व्यक्तिगत योग्यता, चारित्रिक गुण र नीतिशास्त्रअनुसार शासन सञ्चालन गर्नुपर्नेमा कौटिल्यले जोड दिएका छन् । उनले शक्तिशाली राजतन्त्रको समर्थन गरेका छन् । राजा कार्यपालिका र न्यायपालिकासम्बन्धी शक्तिसम्पन्न छन् । अमात्य र अन्य सहयोगी अधिकारीहरू नियुक्त गर्ने शक्ति राजामा निहित गरिएको छ । कौटिल्यले राजाका आभिगामिक, प्रज्ञा र उत्साह गरी तीन प्रकारका गुण उल्लेख गरेका छन् । राजा र राजाका सहयोगी अधिकारीहरूको सदाचारमा जोड दिइएको छ । कुलीन, दैव बुद्धि भएको, धैर्यवान्, दूरदर्शी, धार्मिक, सत्यवादी, प्रतिज्ञा पालन गर्ने, कृतज्ञ, उच्च अभिलाषा भएको, उत्साही, अदीर्घ सूत्र वा आलस्यरहित, सामन्तलाई वशमा राख्न सक्ने, दृढ बुद्धि गुणसम्पन्न मन्त्री भएको र विनयी राजालाई आभिगामिक गुण सम्पन्न राजा भनिन्छ । शास्त्रको चर्चा, शास्त्रको ज्ञान, ज्ञान ग्रहण गर्ने क्षमता, ज्ञान धारण गर्ने क्षमता, विशेष ज्ञान, तर्कवितर्कद्वारा सत्य पत्तालगाउने क्षमता एवं खराव विषय परित्याग र असल गुण ग्रहण गर्ने क्षमतालाई राजाका प्रज्ञागुण भनिन्छ । शूरता, असहिष्णुता, क्षिप्रकारिता र दक्षता राजाका उत्साह गुण हुन् (कौटिल्य, अधि.६, अ.१) । राजा युद्धकलामा निपुण हुनुका साथै बलवान् र साहसी पनि हुनुपर्दछ । यी तीन गुण भएको राजा मात्र आत्मसम्पत मानिन्छ र त्यस्तो राजा राज्यको आधार हुन्छ ।

राज्य र राजाको उत्पत्ति एकैपटक भएको मानिएको छ । राज्यको लागि राजाको महत्त्व दर्शाउँदै कौटिल्यले राजालाई नै राज्य मानेका छन्[१९] (कौटिल्य, अधि. ८, अ.२) ।

---

१७ यदि न स्यान्नरपतिः सम्यङ् नेता ततः प्रजाः ।
अकर्णधारा जलधौ विप्लवेतेह नौरिव ।

१८ राज्यवृक्षस्य नृपतिर्मूलम् ।

१९ राजा राज्यमिति प्रकृति सङ्क्षेपः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.

CC-0.In Public Domain. Digitization by eGangotri
राज्यको मूल तत्त्व राजा भएकाले राजालाई राज्यका केन्द्र विन्दु मानिएको छ । हिन्दु समाजमा वर्णव्यवस्था भएको हुँदा राजा क्षत्रिय वर्णको हुनुपर्ने व्यवस्था छ तर वर्ण-व्यवस्था नमान्ने बुद्धका अनुसार जुनसुकै वर्णको व्यक्ति पनि सक्षम छ भने राजा बन्न योग्य मानिन्छ ।

अमात्य (Ministers)

अमात्य राज्य दोस्रो अङ्ग हो । अमात्यको अर्थ मन्त्री वा मन्त्रिपरिषद् हो । मन्त्री राज्यका उच्च पदस्थ कर्मचारी मानिएको छ । राज्यको प्रशासन सञ्चाल गर्न आवश्यक कर्मचारीलाई पनि अमात्य भित्र राखिएको छ । राज्यको प्रशासन सञ्चालन गर्न राजालाई सहयोग गर्नु र सल्लाह दिनु अमात्यको काम मानिएको छ । अमात्य पदमा ब्राह्मणलाई नियुक्ति गर्ने व्यवस्था छ । अमात्य शब्दको तात्पर्य प्रधानमन्त्री हो तापनि राज्यका अङ्गका रूपमा अमात्यको अर्थ मन्त्रीपरिषद् समेत हो । राजाद्वारा एक्लै राज्य सञ्चालन गर्न सम्भव हुँदैन । वंशपरम्परादेखि आफ्नो सेवा गर्दै आएका वंशका, शास्त्रज्ञ, शूर, युद्ध विद्यामा कुशल र शुद्ध कुलका राम्रोसँग परीक्षण गरी राजाले सात वा आठ जना मन्त्री नियुक्त गर्नुपर्दछ भन्ने मनुको विचार छ (मनु, अ.७, श्लो.५४) । शुक्राचार्यका अनुसार अमात्यलाई राज्यको अङ्ग मानिन्छ । देश र कालको ज्ञातालाई अमात्य भनिन्छ[२०] (शुक्राचार्य,अ.२, श्लो. ८६) । कुलीन, गुणवान्, शीलमा श्रेष्ठ, शूर वा आँटिलो, विद्वान्, राजभक्त, प्रियभाषी, हितकारी उपदेश दिनसक्ने, क्लेश सहन सक्ने, सधै धर्मअनुसार आचरण गर्ने, कुमार्गगामी राजा भएमा राजालाई आफ्नो बुद्धि बलद्वारा कुमार्गबाट हटाउन समर्थ, पवित्र आचार-विचार भएको, मत्सर, काम, क्रोध,लोभ, र आलस्यहीन मन्त्रिपरिषदका सदस्यको योग्यता शुक्राचार्यले तोकेका छन् (शुक्राचार्य,अ.२, श्लो. ८-९)। राज्यका नगर, ग्राम, जङ्गल, खेती गरिएको भूमि, लगायत विभिन्न क्षेत्रबाट प्राप्त धनको विवरण राजालाई दिनु अमात्यको कर्तव्य मानिएको छ (शुक्राचार्य, अ.२, श्लो. ९७-१००) । नीतिशास्त्रको ज्ञाता एवं तदनुसार व्यवहार गर्न जान्ने व्यक्ति मन्त्री बनाउनु पर्दछ भन्ने उनको विचार छ[२१] (शुक्राचार्य,अ.२, श्लो. ८५) । राजालाई सन्धिविग्रह आदि षड्गुण र साम दान, भेद, र दण्ड जस्ता उपाय चतुष्टयको उपयुक्त प्रयोगका विषयमा परामर्श दिनु मन्त्रीको कर्तव्य मानिएको छ । आफ्नो जनपदमा उच्च कुलमा जन्मेको, विद्वान्, शास्त्रमा पारङ्गत, व्यवहारिक अनुभव भएको, स्वस्थ, मृदुभाषी, प्रभावशाली, राजभक्त, न्यायप्रिय, तीक्ष्ण बुद्धि भएको, सक्षम र दोषरहित व्यक्तिलाई अमात्य पदमा नियुक्ति गर्नुपर्छ भनी कौटिल्यले अमात्यको योग्यता निर्धारण गरेका छन् (कौटिल्य, अधि.१, अ.१४) । अमात्य शब्दको अर्थ मन्त्री हो तापनि कौटिल्यले यो शब्द मन्त्रीका साथसाथै सम्पूर्ण प्रशासनिक कर्मचारीसमेत समेट्ने

२० देशकालप्रविज्ञाता अमात्य इति कथ्यते ।

२१ मन्त्री तु नीतिकुशल: ...।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
अर्थमा प्रयोग गरेका छन् । राज्य सुव्यवस्थित ढङ्गले सञ्चालन गर्नका लागि राजालाई अमात्यको सहयोगको आवश्यकता पर्दछ । राजा र अमात्य एउटा रथका दुईवटा पाङ्ग्राजस्तै हुन् । जसरी एउटा मात्र पाङ्ग्राले गाडी चल्न सक्दैन त्यसै गरी राज्य पनि सहायताबिना सञ्चालन गर्न सकिदैन । त्यसैले राजाले सुयोग्य सचिवहरूको नियुक्ति गरेर तिनको परामर्शलाई हृदयङ्गम गरी राज्य सञ्चालन गर्नु पर्दछ भन्ने कौटिल्यको विचार रहेको छ[२२] (कौटिल्य, अधि.१, अ.६) । उनले सुयोग्य, इमान्दार र कर्तव्यनिष्ठ अमात्यको नियुक्तिमा जोड दिएका छन् । कौटिल्यका अनुसार पुरुषको सामर्थ्य, विद्या, बुद्धि, साहस, गुण, दोष, देश, काल र पात्र विचार गरेर अमात्य नियुक्ति गर्न राजालाई सल्लाह दिएका छन् । आफ्नो जनपदमा जन्मेको, कुलीन, अवगुणशून्य, सवारीमा निपूर्ण एवं ललितकलाको ज्ञाता, अर्थशास्त्रको ज्ञाता, बुद्धिमान्, स्मरण शक्ति सम्पन्न, चतूर, वाकपटु, प्रगल्भ, प्रतिवाद वा प्रतिकार गर्न समर्थ, उत्साही, प्रभावशाली, सहिष्णु,पवित्र, मित्रता गर्न योग्य, दृढ, स्वामिभक्त, सुशील, समर्थ, स्वस्थ, धैर्यवान्, निरभिमानी, स्थिर प्रकृति, प्रियदर्शी र दोषरहित व्यक्ति अमात्य वा प्रधानमन्त्री पदका लागि योग्य हुन्छन् (कौटिल्य, अधि.१, अ.८) । कौटिल्यले मन्त्री नियुक्त गर्नुभन्दा पहिले उसको योग्यता, गुण र आचरणको परीक्षण गर्न राजालाई परामर्श दिएका छन् । उनले मन्त्रीको सङ्ख्या निर्धारण गरेका छैनन् । मन्त्रीको सङ्ख्या सामर्थ्यअनुसार निर्धारण गर्नुपर्छ भन्ने कौटिल्यको मत छ (कौटिल्य, अधि.१, अ.१४) । उनका अनुसार अमात्यको प्रमुख कार्य शासन सञ्चालनमा राजालाई सहयोग गर्नु हो । राज्यमा कृषि उत्पादनको वृद्धि, राज्यको विकास र रक्षाका निम्ति राजालाई आवश्यक परामर्श दिनु अमात्यको मुख्य कार्य हो । कौटिल्यले शासनको जिम्मेवारी राजामा निहित गरेका छन् । मन्त्रीगण राजाका सहायक मात्र हुन् । मन्त्रीलाई सल्लाह प्रदान गर्ने अधिकार हुन्छ तर मन्त्रीको सल्लाह मान्ने नमान्ने राजाको इच्छामा निर्भर हुन्छ भन्ने कौटिल्यको मत छ । मन्त्री नियुक्त गर्न र पदच्युत गर्न सक्ने शक्ति पनि राजामा निहित गरिएको छ । कौटिल्यले पुरोहित तथा अन्य पदाधिकारीको नियुक्तिको अधिकार पनि राजामा निहित रहने व्यवस्था गरेका छन् । उच्च कुलमा जन्मेको, असल शील र गुणले सम्पन्न, वेदवेदाङ्ग, ज्योतिषशास्त्र र शकुनशास्त्रको ज्ञाता, दण्डनीतिमा पारङ्गत, अथर्ववेदमा निर्दिष्ट दैवी एवं मनुष्यद्वारा सिर्जित विपत्तिको प्रतिकार गर्न समर्थ ब्राह्मणलाई पुरोहित पदमा नियुक्तिका लागि योग्य मानिएको छ । राजालाई पुरोहितको अनुगामी बन्ने सल्लाह दिइएको छ । बृहस्पतिले आफ्नो इन्द्रियलाई संयमित राख्न सक्ने व्यक्तिलाई अमात्य पदमा नियुक्त गर्न राजालाई सल्लाह दिएका छन् । मन्त्री बाहेक अन्य पदमा पनि योग्य व्यक्ति नियुक्त गर्न राजालाई सल्लाह दिइएको छ ।

---

२२ सहायसाध्यं राज्यत्वं चक्रमेकं न वर्तते ।
कुर्वीत सचिवांस्तस्मात्तेषां च श्रृणुयान्मतम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दुर्ग (Fort)

राज्यको तेस्रो अङ्गको नाम दुर्ग हो। मनुले राज्यका अङ्गमा दुर्गको सट्टा पुर शब्दको प्रयोग गरेका छन्। कौटिल्यका अनुसार दुर्ग राज्यको अङ्ग हो। दुर्गको अर्थ किल्ला हो। पुरको अर्थ शहर हो तापनि यहाँ यसको प्रयोग राजधानीका लागि गरिएको छ। राज्यको रक्षाका लागि दुर्ग आवश्यक मानिएको छ। राजधानीको मुख्य आधार दुर्ग मानिन्छ। दुर्गको सुरक्षा घेराभित्र राज्यको राजधानी शहर बसाल्नु आवश्यक मानिएको छ। मनुका अनुसार राजधानी रमणीय स्थानमा निर्माण गर्नुपर्दछ। राजधानीको प्राकृतिक अवस्था सुदृढ हुनुका साथै शत्रुबाट सुरक्षित हुनुपर्दछ। राजधानीका निवासी नम्र, धार्मिक र वीर हुनुपर्दछ। राजधानीमा राजा एक श्रेष्ठ दुर्गमा वस्नु पर्दछ। राजधानीको मुख्य आधार दुर्ग हो। दुर्ग धनधान्य, यन्त्र एवं इन्धन आदिद्वारा सुसम्पन्न हुनुपर्दछ। धन्वदुर्ग (मरुभूमि वेष्टित), महीदुर्ग (ढुङ्गाद्वारा निर्मित), जल दुर्ग, वृक्ष दुर्ग, नृदुर्ग र गिरि दुर्ग गरी छ प्रकारका दुर्गको उल्लेख मनुले गरेका छन्[२३] (मनु, ७. ७०)।

शुक्राचार्यका अनुसार दुर्गमा स्थित एउटा सैनिक एक सय सैनिकसँग र एक सय सैनिक दस हजार सैनिकसँग लड्न सक्दछन्। अत: दुर्गमा आश्रय लिनुपर्दछ (शुक्राचार्य,अ.४, प्र. ६, श्लो. १०)। खाडल, काँडा, र ढुङ्गाले मार्ग दुर्गम बनाइएको छ भने त्यसलाई ऐरिणदुर्ग भनिन्छ। चारै तर्फ खाडलले घेरिएको दुर्ग पारिखदुर्ग हो। किल्लाको चारै तर्फ इटा, ढुङ्गा,र माटोबाट निर्मित पर्खालले घेरिएको छ भने त्यसलाई पारिधदुर्ग भनिन्छ। ठूला ठूला काँडेदार वृक्षद्वारा चारैतिर घेरिएको किल्लालाई वनदुर्ग भनिन्छ। चारैतिर पानी नभएको मरुभूमिले घेरिएको किल्ला धन्वदुर्ग हो। चारैतिर जलराशिले घेरिएको किल्ला जलदुर्ग हो। जलराशियुक्त पहाडमा बनाइएको किल्ला गिरिदुर्ग हो। व्यूह रचनामा चतुर वीर सैनिकले व्याप्त भएकाले जुन किल्ला अभेद्य छ त्यसलाई सैन्यदुर्ग भनिन्छ। जुन ठाउँमा शूरा र सदा अनुकूल बान्धव बस्दछन् त्यसलाई सहायदुर्ग भनिन्छ (शुक्राचार्य,अ.४, प्र. ६, श्लो. १-५) शुक्राचार्यले पारिखदुर्ग भन्दा श्रेष्ठ ऐरिणदुर्ग, ऐरिणदुर्ग भन्दा श्रेष्ठ पारिधदुर्ग, पारिधदुर्ग भन्दा श्रेष्ठ वनदुर्ग, वनदुर्ग भन्दा श्रेष्ठ धन्वदुर्ग, धन्वदुर्ग भन्दा श्रेष्ठ जलदुर्ग, र त्यो भन्दा श्रेष्ठ गिरिदुर्ग मानेका छन्। उनका अनुसार सबै दुर्गमध्ये सर्वश्रेष्ठ सैन्यदुर्ग मानिएको छ। सैन्यदुर्गविना अन्य दुर्गहरूको कुनै प्रयोजन छैन। तसर्थ राजाले सैन्य दुर्गको रक्षा गर्नु पर्दछ भन्ने शुक्राचार्यको विचार छ (शुक्राचार्य,अ.४, प्र.६, श्लो. ६-८)। राज्यको चारैतर्फ दुर्ग निर्माण गर्नुपर्दछ भन्ने कौटिल्यको पनि विचार रहेको छ। कौटिल्यका अनुसार दुर्ग चार प्रकारका हुन्छन्। पहिलो औदकदुर्ग हो। संस्कृतमा उदकको अर्थ पानी हुन्छ। चारैतर्फ पानीले घेरिएको टापु जस्तो गहिरो तलाउले घेरेको

२३ धन्वदुर्गं महीदुर्गमब्दुर्गं वार्क्षमेव च।
नृदुर्गं गिरिदुर्गं वा समाश्रित्य वसेत्पुरम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
स्थल प्रदेशमा निर्मित किल्लालाई औदकदुर्ग भनिन्छ। दोस्रो पार्वतदुर्ग हो। ठूलाठूला चट्टान अथवा पर्वतका कन्दराका रूपमा निर्मित दुर्गलाई पार्वतदुर्ग भनिन्छ। तेस्रो धन्वन्दुर्ग हो। संस्कृतमा धन्वन् भन्नाले मरुभूमि भन्ने बुझिन्छ। अत: मरुस्थलमा बनाइएको दुर्गलाई धन्वनदुर्ग भनिन्छ। जल र घास आदि न भएको दुर्ग धन्वदुर्ग हो। चौथो दलदले भूमि र काँडे वनले घेरिएको दुर्गलाई वनदुर्ग भनिन्छ। औदक र पार्वतदुर्ग आपत्ति वा युद्धका समयमा जनपदको रक्षाका लागि आवश्यक हुन्छन् भने धान्वन र वनदुर्ग राजाको सुरक्षाका लागि उपयुक्त हुन्छन् (कौटिल्य, अधि.२, अ.३)। राज्यको सुरक्षाका निम्ति आवश्यक हुने हुँदा दुर्गलाई राज्यको अङ्ग मानिएको हो।

राष्ट्र (Rashtra or Janapada)

मनुका अनुसार राष्ट्र र कौटिल्यका अनुसार जनपद राज्यको तेस्रो अङ्ग हो। मानिसको बसोबास भएको भूमिलाई राष्ट्र वा जनपद भनिन्छ। शुक्राचार्यका अनुसार राष्ट्र शब्दबाट वृक्ष पर्वत आदि स्थावर एवं मनुष्य पशु आदि जङ्गम भन्ने अर्थ बोध हुन्छ[२४] (शुक्राचार्य,अ.४, प्र. ३, श्लो. १)। जुन राजाका अधीनमा जति राष्ट्र हुन्छ त्यती नै उसको राज्य मानिन्छ। स्थावर र जङ्गम अर्थात जमीन, पर्वत वृक्ष आदि स्थावर र मनुष्य आदि हिडडुल गर्ने जीव मिलेर राष्ट्र वन्दछ।

कौटिल्यका अनुसार जनपद राज्यको तेस्रो तत्त्व हो। जनपदलाई राष्ट्र पनि भनिन्छ। जनपद अन्तर्गत जनसङ्ख्या र भूभागलाई समावेश गरिएको छ। राजाले आफ्नो राज्यको आबादी बढाएर वा अर्को राज्यका मानिस बोलाएर नयाँ वा पुरानो जनपद बसाउनुपर्छ भन्ने कौटिल्यको विचार छ (कौटिल्य, अधि.२, अ.१)। जनपदमा गाउँ र शहर दुबै समावेश गरिएको छ। जनपदभित्र गाउँ र शहरमा स्थानीय सरकार गठन गर्ने समेत कौटिल्यको प्रस्ताव छ। जनपदको बीचमा तथा सीमान्तमा दुर्ग एवं विपत्तिको समयमा वन पर्वतहरूमा आत्मरक्षा गर्न सकिने हुनुपर्दछ। जनपद कम परिश्रमबाट धेरै अन्न उब्जने, शत्रु राजाका विरोधीको सङ्ख्या बढी भएको, नदी तलाउ भएको, छिमेकमा दुर्बल राजा भएको, गाईका लागि अनुकूल वातावरण भएको जस्ता गुणले युक्त हुनुपर्दछ (कौटिल्य, अधि.६, अ.१)। प्रत्येक जनपदमा एक सयदेखि पाँच सय घर हुनुका साथै कृषक र शूद्रको सङ्ख्या बढी हुनुपर्दछ। जनपद निवासी परिश्रमी, सम्पन्न र स्वामी भक्त हुनुपर्दछ। उर्वर भूमि, स्वास्थ्यवर्धक जलवायु, घना जंगल, व्यवस्थित यातायात, सिचाइ सुविधा, पर्याप्त खनिज पदार्थ भएको जनपदलाई उत्तम जनपद भनिन्छ भन्ने कौटिल्यको मान्यता छ। यसबाट उनले समृद्ध, सुखी र व्यवस्थित जनपदको कल्पना गरेको स्पष्ट हुन्छ। कौटिल्यको हिमालदेखि दक्षिण समुद्रसम्म पूर्वतर्फ समुद्रदेखि पश्चिम समुद्रसम्मको विशाल भूभागमा

---

२४ स्थावरं जङ्गमं वापि राष्ट्रशब्देन गीयते।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
साम्राज्य निर्माण गर्ने लक्ष्य रहेको छ। साम्रज्यभित्र ससाना धेरै जनपद मिलाएर विशाल साम्राज्य निर्माण हुने हुँदा जनपद राज्यको अङ्ग मानिएको हो।

कोष (Treasury)

राज्यकोष राज्यको अङ्ग मानिएको छ। धनको विशेष महत्त्व उलेख गरिएको छ। राज्य सञ्चालन गर्न धनको आवश्यकता पर्छ। राजाले एउटा समृद्ध राज्यकोषको व्यवस्था गर्नुपर्छ। राज्यकोषलाई राज्यशक्तिको स्रोत मानिएको छ। मनुले राजालाई आफ्नो राज्यकोषमा निरन्तर वृद्धि गर्ने सल्लाह दिएका छन्। बलि, शुल्क, दण्ड, भाग आदिबाट सङ्कलित धन राज्यकोषमा जम्मा गर्नुपर्ने मनुको विचार रहेको छ। मनुका अनुसार राजाले प्रजाबाट करको रूपमा प्राप्त गर्ने धनधान्यलाई बलि भनिन्थ्यो। बजारमा विक्रि गरिने वस्तुमा लगाइने करलाई शुल्क भनिन्थ्यो। दण्डको तात्पर्य न्यायालयद्वारा तोकिएको आर्थिक दण्डका रूपमा प्राप्त हुँने धन हो। भागको अर्थ कृषि, पशुपालन आदि व्यवसायबाट भएको आम्दानीको राजालाई पाउने निश्चित भाग हो। मनुले राजालाई जनताको सामर्थ्य विचार गरेर मात्र कर लिने सल्लाह दिएका छन्। राजाले प्रजाको सामर्थ्य भन्दा बढी कर लिएमा मनुले त्यसलाई शोषण मान्दछन्। राज्यले कर, शुल्क,दण्ड जरिमानाबाट प्राप्त धनलाई राज्यकोषमा जम्मा गर्नु पर्ने व्यवस्थाका पक्षमा सबै प्राचीन हिन्दु राजनीतिक चिन्तक रहेका छन्। राजाले कुनै पनि उपायबाट धन सञ्चय गर्नुपर्दछ। सो धनबाट राजाले राष्ट्र, बल वा सेना र यज्ञ आदि कर्मको रक्षा गर्नुपर्दछ। प्रजा र बलको रक्षा गर्न र यज्ञका लागि सञ्चित कोष राजाका लागि यस लोक र परलोकमा समेत सुख दिने हुन्छ; यस बाहेक अन्य प्रयोजनका लागि गरिएको कोषसङ्ग्रह दुःखप्रद हुन्छ भन्ने शुक्राचार्यको विचार छ (शुक्राचार्य,अ.४, प्र. २, श्लो. २-४)। पूर्वज र आफैले धर्मअनुसार आर्जन गरेको धनको कोषमा सञ्चय गर्नुपर्दछ। कोषमा अन्न, सुन, चाँदी, विभिन्न प्रकारका बहुमुल्य रत्न एवं नगद सिक्का सञ्चित गर्नुपर्दछ भन्ने कौटिल्यको मत छ। विपत्ति वा युद्ध र दुर्भिक्षका समयमा कोषको उपयोग गरी प्रजाको रक्षा गर्न सक्नु पर्दछ। यी गुण भएको कोषलाई सम्पन्न राजकोष भनिन्छ (कौटिल्य, अधि.६, अ.१)। राजकोषको संरक्षणका निम्ति सन्निधाता वा कोषाध्यक्षको नियुक्ति गर्नु पर्ने व्यवस्था कौटिल्यले गरेका छन्। कोषको सुरक्षित सञ्चयको लागि पक्की भवनको आवश्यकताका विषयमा समेत उनले प्रकाश पारेका छन् (कौटिल्य, अधि.२, अ.५)। उनका अनुसार प्रजाबाट करको रूपमा प्राप्त धन राजकोषमा जम्मा गर्नुपर्छ। राजाले धन धर्मपूर्वक सङ्ग्रह गर्नुपर्दछ भन्ने कौटिल्यको राय छ। राज्यकोषको प्रयोग राज्य र जनताको हितका निम्ति गर्नु राजाको कर्तव्य मानिएको छ। धन राज्य सञ्चालनका लागि आवश्यक भएकाले प्राचीन हिन्दु राजनीतिका विचारकले कोषलाई राज्यको अङ्ग मानेका हुन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दण्ड वा बल (Military)

एकातर्फ राजदण्डका रूपमा दण्डलाई लिइएको छ र यसैमा राज्यको व्यवस्था निर्भर मानिन्छ । राज्यको महत्त्वपूर्ण अङ्गको रूपमा मानिएको दण्डको अभिप्राय सेना हो । दण्डको अर्थ राज्यशक्ति भन्ने पनि बुझिन्छ । मनुका अनुसार दण्ड राज्यको महत्त्वपूर्ण अङ्ग हो । सैन्यबिना राज्य, धन, र पराक्रम कुनैको पनि स्थिरता सम्भव हुँदैन । शुक्राचार्यका अनुसार शक्तिशाली पुरुषको वशमा सबै हुन्छन् र दुर्बल व्यक्तिका सबै शत्रु हुन्छन् । सामान्य व्यक्तिमा समेत यो नियम लागु हुन्छ भने राजामा त झन् अवश्य लागु हुन्छ (शुक्राचार्य,अ.४, प्र. ७, श्लो. ४-५) । शुक्राचार्यले छ प्रकारका बलको उल्लेख गरेका छन् । शारीरिकबल, शौर्यबल, सैन्यबल, अस्त्रको बल, बुद्धिको बल र आयुको बल राज्यका बलका श्रोत हुन् (शुक्राचार्य,अ.४, प्र. २, श्लो. ५-६) । आन्तरिक सुव्यवस्था कायम गर्न एवं बाह्य आक्रमणबाट राज्यको सुरक्षा गर्नका लागि राज्यमा सेनाको अनिवार्य आवश्यकता हुन्छ ।

सेना राज्यको सुरक्षाको प्रतीक हो । प्राचीन हिन्दु राज्यव्यवस्थामा राज्यहरूबीच जुनसुकै बेला पनि युद्धको सम्भावना रहन्थ्यो । त्यसैले राज्यको रक्षाका साथै सैन्यबलमा कमजोर राज्यमाथि आक्रमणका लागि शक्तिशाली सेना आवश्यक मानिएको छ । सेनाको महत्त्वलाई दृष्टिगत गरेर हिन्दु राजनीतिक चिन्तनमा सेनालाई राज्यको अङ्ग मानिएको हो । वंशानुगत , स्थायी र राजाका वशमा रहने चारै वर्णका व्यक्ति राजाको सैन्यबलमा भर्ति गर्न योग्य हुन्छन् भन्ने कौटिल्यको विचार छ । सेनाका पत्नी-पुत्र आदि परिवारका आश्रित सदस्यलाई राजवृति प्रदान गरेर पूर्ण सन्तुष्ट पार्नु पर्छ । युद्धका समयमा सेनालाई आवश्यक सम्पूर्ण सामग्री प्रदान गर्न सक्नुपर्दछ । कहिल्यै पनि पराजित नभएको, दुःख सहन सक्ने, युद्ध कलामा कुशल, हरेक प्रकारका युद्धविद्यामा निपुण, राजाको लाभ र हानिमा सहभागी हुने र क्षेत्रीहरूको बाहुल्यता भएको सेनालाई दण्डसम्पन्न सेना भनिन्छ भन्ने कौटिल्यको विचार छ (कौटिल्य, अधि.६, अ.१) ।

मित्र (Ally)

मित्रलाई पनि राज्यको अङ्ग मानिएको छ । यहाँ मित्रको अर्थ राज्यको मित्रराज्य हो । राजाले अन्य राजासँग मैत्रीपूर्ण सम्बन्ध राख्नु पर्दछ भन्ने मनुको मत छ । मित्रका आधारमा राज्यको शक्तिको विकास हुन्छ । मित्र राज्यभन्दा बाहिर रहने तत्त्व हो तापनि कौटिल्यले मित्रलाई राज्यको अङ्ग मानेका छन् । सीमा जोडिएको राज्यलाई शत्रुराज्य मानिएको छ । शत्रुराज्यसँग सिमाना जोडिएको राज्य मित्रराज्य हुन्छ भन्ने हिन्दु राजनीतिक चिन्तनको मान्यता छ । राज्यको सफलता र सम्पन्नताका लागि मित्रराज्य आवश्यक मनिएको छ । त्यस्तो छिमेकी राज्यलाई मित्र भनिन्छ जसले युद्धका बेला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
राजालाई सहायता गर्दछ । वंशानुगत, स्थायी, नित्य वशमा रहन सक्ने, विरोध गर्ने सम्भावना नभएको, मन्त्रशक्ति, प्रभुशक्ति र उत्साहशक्ति सम्पन्न एवं आवश्यकता परेका बेला सहायता गर्न सक्ने मित्र हुनुपर्दछ । मित्रमा यी गुण छन् भने त्यसलाई मित्रसम्पत् भनिन्छ[२५] (कौटिल्य, अधि.६, अ.१)। कौटिल्यले राज्यको शक्तिविस्तार गर्न मित्रराज्यको भूमिका हुने हुँदा राजालाई असल मित्र बनाउने सल्लाह दिएका छन्।

प्राचीन हिन्दु राजनीतिक चिन्तनको सप्ताङ्ग सिद्धान्तमा राजनीतिशास्त्रअनुसारका राज्यका सबै तत्त्व अन्तर्निहित भएको पाइन्छ । राजा र अमात्यमा सरकार र सार्वभौमसत्ताको आभास हुन्छ। राष्ट्र एवं जनपदको अर्थ जनसंख्या र भूभाग भन्ने स्पष्ट नै छ। मित्रराज्यमा आधुनिक मान्यताको आभास हुन्छ।

राज्यका सप्ताङ्गबीच आङ्गिक एकता
(Organic Unity among the Seven Elements of the State)

कौटिल्यका अनुसार राज्य शरीर हो भने सात तत्त्व त्यसका अङ्ग हुन्। राज्यका सप्ताङ्गबीचमा आङ्गिक एकताबाट राज्यको निर्माण हुन्छ। राज्य बन्नका निम्ति स्वामी, अमात्य, जनपद, दुर्ग, कोष, दण्ड र मित्रबीचमा आङ्गिक एकताको आवश्यकता पर्दछ। जसरी शरीरबाट अलग भएपछि अङ्गको महत्व हुँदैन त्यसरी नै राज्यका सात अङ्गको पनि राज्यबाट छुट्टिए पछि महत्त्व हुँदैन। राज्यका सात अङ्गमध्ये राजालाई कौटिल्यले सबैभन्दा महत्त्वपूर्ण अङ्ग मानेका छन् तापनि राज्यका सात अङ्गबीच अन्योन्याश्रित सम्बन्ध रहन्छ भन्ने कौटिल्यको विचार रहेको छ। राज्यका यिनै सात अवयवबाट राज्य निर्माण हुन्छ। शुक्रनीतिसारका अनुसार राजा राज्यरूपी शरीरको शिर, अमात्य आँखा, कोष मुख, दण्ड मुटु, दुर्ग हात र राष्ट्र पाद हुन् (शुक्राचार्य, अ. १, श्लो. ६२)। शुक्राचार्यले राज्यलाई वृक्षसँग तुलना पनि गरेका छन् । राज्यरूपी वृक्षको राजा मूल वा जरा हुन्, अमात्य रुखको काण्ड हुन्, सेना प्रमुख शाखा वा हाँगा हुन्, सेना पति पात र फूल हुन्, जनता फल हुन् र भूभाग बीउ हो भन्ने उनको विचार छ (शुक्राचार्य, अ.५, श्लो. १२-१३) । राज्यका सात अङ्गबीच परस्पर सुदृढ सम्बन्ध आवश्यक हुन्छ भन्ने विचार हिन्दु राज्यव्यवस्थामा रहेको छ। राज्यका सात अङ्गबीच शरीर र यसका अङ्गबीचको जस्तै सम्बन्ध हुनुपर्छ। जसरी शरीरका अङ्गका कामका आधारमा शरीरको विकास र विनाश निर्भर हुन्छ त्यसरी नै राज्यका अङ्गका कार्यमा राज्यको विकास र विनाश निर्भर हुन्छ भन्ने मान्यता रहेको छ।

राज्यमा राजा भएन भने सर्वोच्च शक्ति सार्वभौमसत्ता नै हुँदैन भन्ने मान्यता रहेको छ। अमात्यको सहयोग नभई शासन सञ्चालन सम्भव हुँदैन। भूमि र जनसंख्याबिना

---

२५ पितृपैतामहं नित्यं वश्यमद्वैध्यं महल्लघुसमुत्थमिति मित्रसम्पत्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राज्यको अस्तित्त्व सम्भव हुँदैन । दण्ड वा सेना नभई शान्तिसुरक्षा कायम गर्न सकिदैन । बाह्य आक्रमणबाट राज्यको प्रतिरक्षाका लागि पनि सेना आवश्यक हुन्छ । राज्यको कार्य सञ्चालन गर्न कोष पनि अनिवार्य हुन्छ । राज्यका लागि मित्रराज्य पनि आवश्यक हुन्छन् भन्ने मान्यता रहेको छ । राज्यरूपी शरीरका सात अङ्गबीचको पारस्परिक अन्तर्निर्भरता र एकताको सिद्धान्त नै आङ्गिक एकताको सिद्धान्त हो ।

राज्यको लक्ष्य (Aims of the State)

वैदिक साहित्यमा राज्यका निश्चित उद्देश्य वा लक्ष्य उल्लेख गरिएको छ । शान्ति कायम गर्नु (maintaining peace), सुव्यवस्था कायम गर्नु (maintaining order), सुरक्षा गर्नु (protection from foreign aggression) र न्याय सम्पादन गर्नु (deliver-ing justice) आदर्श राज्यका चार लक्ष्य मानिएको छ । उत्तर वैदिक कालमा आएर प्राचीन हिन्दु राजनीतिक चिन्तनमा धर्म, अर्थ, काम र मोक्षको संवर्धन गर्नु नै राज्यको लक्ष्य मानिएको छ । सनातन धर्ममा धर्म, अर्थ, काम र मोक्ष चार पुरुषार्थ हुन् । चार पुरुषार्थ प्राप्त गर्नु मानव जीवनको लक्ष्य मानिन्छ । मानव जीवनका चार लक्ष्य नै राज्यका पनि लक्ष्य मान्ने विचार स्मृतिकालमा विकसित भएको पाइन्छ ।

धर्म (Dharma)

धर्मको अर्थ सनातन धर्म हो । समाजमा सत्यधर्मको स्थापना गर्नु राज्यको उद्देश्य मानिएको छ । धर्मको अभिप्राय समाजमा सदाचारको स्थापना गर्नु हो । समाजमा आध्यात्मिक भावनाको स्थापना गर्नु पनि धर्म हो । सदाचार र सुनीतिको स्थापना गर्न राज्यले दण्डको उपयोग गर्न आवश्यक मानिएको छ । सदाचारको प्रतिकूल कार्य गर्ने व्यक्तिलाई दण्ड दिनु र सज्जनको रक्षा गर्नु राज्यको लक्ष्य मानिएको छ । स्मृतिकालमा आएर वर्णाश्रम धर्मको पालना गराउनु राज्यको लक्ष्य मान्ने गरेको पाइन्छ ।

अर्थ (Riches)

राज्यको दोस्रो लक्ष्य अर्थ हो । यसको सम्बन्ध अर्थ संवर्धनसँग छ । तात्कालिक राज्यमा अर्थ संवर्धनको अभिप्राय कृषि, पशुपालन, र उद्योग व्यापार आदि भौतिक साधनको विकास गर्नु थियो । भौतक साधनको विकास वा सम्पन्नता सुखी जीवनका लागि आवश्य हुन्छ । त्यसैले भौतक विकास गर्नु राज्यको लक्ष्य मानिएको छ ।

काम (Pleasure)

सामान्य अर्थमा कामको अर्थ यौन सुख हो । यहाँ कामको अर्थ यौन मात्र नभई भौतिक सुख हो । हरेक मानिसमा सुख भोगको इच्छा हुन्छ । जीवनमा सुख भोग गर्नुपर्छ भन्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सनातन धर्मको मान्यता छ। त्यसैले हरेक प्रजाको जीवन सुखी बनाउनु राज्यको उद्देश्य रहेको छ।

मोक्ष (Moksha)

मोक्ष सनातन धर्मले निर्धारण गरेको मानव जीवनको अन्तिम लक्ष्य हो। यदि धर्मपूर्वक आर्थिक संपन्नता प्राप्त गरियो, धर्मपूर्वक नै आनन्दको उपभोग गरियो भने अन्तिम लक्ष्यमा पुग्न सकिन्छ भन्ने मान्यता रहेको छ। धर्म, अर्थ र कामको संवर्धन भएको खण्डमा चौथो लक्ष्य स्वाभाविक रूपले प्राप्त हुन्छ। मोक्ष मृत्यु पछिको जीवनसँग सम्बन्धित छ। जन्म मरणको चक्रबाट मुक्त हुनु मोक्ष हो।

धर्म, अर्थ, काम र मोक्ष मानव जीवनका चार लक्ष्य हुन्। यी चार लक्ष्य प्राप्तिका लागि प्रजालाई सहयोग गर्नु राज्यको लक्ष्य हो। कौटिल्यका अनुसार योग, क्षम, संवर्धन, र वितरण नै राज्यका चार लक्ष्य हुन्। प्राप्त नभएको वस्तु प्राप्त गर्नु योग हो। प्राप्त भएको वस्तुको संरक्षण गर्नु क्षम हो। संरक्षण गरिएको वस्तुको संवर्धन गर्नु र संवर्धित वस्तुको उचित वितरण गर्नु नै राज्यको लक्ष्य हो।

राज्यका कार्य (Functions of the State)

प्राचीन हिन्दु राज्यव्यवस्थामा समाजलाई मात्स्यन्यायको अराजक अवस्थाबाट मुक्त गर्न राजा र राज्य आवश्यकता परेको मानिएको छ। कानुन निर्माण गर्नु, कानुन लागु गर्नु र कानुनको व्याख्या गर्नु राजनीतिक प्रणालीका प्रमुख तीन कार्य हुन्। प्राचीन हिन्दु राज्यसम्बन्धी चिन्तनमा नीति कार्यान्वयन र न्यायसम्पादनसँग सम्बन्धित कार्य मात्र राज्यले गर्ने व्यवस्था मिलाइएको छ। विधिनिर्माण गर्ने अधिकार राजालाई दिइएको छैन। प्रजाको रक्षा गर्नु (Maintaining Peace and Order), प्रजाको अनुरञ्जन गर्नु (Welfare Functions), आर्थिक कार्य गर्नु (Financial functions), बाह्य आक्रमणबाट राज्यको सुरक्षा गर्नु (Protection of the state from foreign aggression) र न्याय सम्पादन गर्नु (Judicial Function) राज्यका प्रमुख कार्य हुन्।

प्रजाको रक्षा (Maintaining Peace and Order)

प्रजाको रक्षा गर्नु राज्यको प्रथम कार्य मानिएको छ। मात्स्यन्यायको अन्त्यका लागि राज्यको उदय भएको हो। दुष्टलाई दण्ड सजाय गर्नु र सज्जनको रक्षा गर्नु राज्यको प्रमुख कार्य हो। स्मृतिकालमा वर्णाश्रमधर्मको पालना गराउनु पनि राज्यको कार्य हो। सबै प्रजालाई आ-आफ्नो कर्तव्य पालना गराएर मात्र समाजमा शान्ति अमन चैन कायम गर्न सकिन्छ भन्ने प्राचीन हिन्दु राजनीतिक चिन्तनको मान्यता रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रजाको अनुरञ्जन गर्नु (Welfare Functions)

प्रजाको खुसीका लागि काम गर्नु प्रजा अनुरञ्जन हो । सामाजिक न्यायका लागि कमजोरलाई सहयोग गर्ने कल्याणकारी कार्य पनि राज्यको कर्तव्य मानिएको छ । प्रजाको हितका लागि कार्य गर्नु राज्यको दायित्व हो ।

आर्थिक कार्य (Financial Functions)

कर उठाउनु राज्यको प्रारम्भिक कार्य अन्तर्गत पर्दछ । राज्यभित्र प्रजाको समृद्धिका लागि सहयोग गर्नु पनि राज्य कार्य हो । अर्थको योग, क्षम, संवर्धन र वितरण राज्यको कार्य क्षेत्र भित्र राखिएको छ । जनतालाई पीडा नदिई कर उठाउने सल्लाह हिन्दु राजनीतिक चिन्तनमा दिइएको छ ।

बाह्य आक्रमणबाट सुरक्षा (Security of the State)

प्राचीन हिन्दु राज्यव्यवस्थामा बाह्य आक्रमणबाट राज्य र जनताको सुरक्षा गर्नु राज्यको प्रमुख कार्य मानिएको छ । शक्तिशाली राज्यले कमजोरमाथि आक्रमण गरिरहने प्रचलन रहेको हुँदा राज्यको सुरक्षाका लागि शक्तिशाली सेना आवश्यक मानिएको छ । राज्यविस्तार र साम्राज्य निर्माण पनि राज्यको कार्यक्षेत्रभित्र राखिएको छ ।

न्यायिक कार्य (Judicial Function)

विवादको समाधान गर्नु राज्यको कार्य मानिएको छ । न्याय सम्पादनमा राजालाई सहयोग गर्ने संस्था सभाको उल्लेख प्राचीन हिन्दु राजनीतिक चिन्तनमा रहेको छ । राजधर्मका नीतिअनुसार विवादको फैसला गर्नु राजाको कर्तव्य मानिएको छ । निर्णयको कार्यान्वयन गर्ने अधिकार पनि राजामा निहित गरिएको छ ।

राज्यको प्रकृति (Nature of the State)

प्राचीन हिन्दु राजनीतिक चिन्तन विभिन्न विचार परम्पराका रूपमा विकास गरिएको पाइन्छ । मनु, बृहस्पति, शुक्राचार्य आदिका राजनीतिक चिन्तन विचार परम्परा (School of Thought) का रूपमा विकासित भएको मानिन्छ । आचार्य बृहस्पति अर्थशास्त्रका प्रवर्तक मानिन्छन् । कौटिल्यले इसापूर्व चौथो शताब्दीमा अर्थराजनीतिको स्वतन्त्र ग्रन्थ अर्थशास्त्र लेखेका थिए । प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राज्यको प्रकृतिसम्बन्धी साझा धारणा निम्नानुसार रहेका छन् :

राज्य साध्य होइन साधन हो (The state is not end but a means.)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राज्यलाई साध्य होइन साधन मानिएको छ । राज्य मानिसको लागि बनाइएको संस्था हो । राज्यले समाजको भौतिक र आध्यात्मिक उन्नतिका लागि काम गर्नुपर्छ भन्ने मान्यता रहेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

लोक कल्याणकारी राज्य (Welfare state)

राज्यको उदय मानव जीवन सहज बनाउनका लागि भएको मानिन्छ। प्राचीन हिन्दु राजनीतिक चिन्तनमा लोक कल्याणकारी राज्यको सिद्धान्त सर्वमान्य सिद्धान्त रहेको छ। राज्यलाई सामाजिक जीवनमा हस्तक्षेप गर्ने अधिकार दिइएको छ। सबै प्रजा सुखी होउन भन्ने राज्यको उद्देश्य रहेको छ। समाजको सर्वाङ्गीण विकासमा राज्यको भूमिका आवश्यक मानिएको छ।

राज्य पितृवत् (The king was like a father.)

जसरी परिवारमा पिताले परिवारका सबै सदस्यको पालनपोषण, संरक्षण, विकास र उन्नतिका लागि निरन्तर लागिरहन्छन् राजाले पनि सम्पूर्ण प्रजाको हितका लागि निरन्तर काम गर्नुपर्छ भन्ने प्राचीन हिन्दु राजनीतिक चिन्तनको मान्यता रहेको छ।

सामाजिक सुव्यवस्थाका लागि राज्य (Maintaining Law and Order)

समाजमा शान्तिसुव्यवस्था कायम गर्नु राज्यको प्राथमिक कार्य हो। दुष्टलाई दमन र सज्जन व्यक्तिलाई संरक्षण प्रदान गर्नु राज्यको आधारभूत कार्य मानिएको छ।

शक्तिशाली राज्य (Powerful State)

हिन्दु राजनीतिक चिन्तनमा राज्यशक्तिलाई दण्ड भनिन्छ। राजालाई दण्डधारी मानिन्छ। समाजमा शान्ति सुव्यवस्था कायम गर्न र दुष्टहरूलाई दण्ड दिन राजाले राज्यशक्तिको प्रयोग गर्दछन्। साम, दान, भेद र दण्ड चार नीति छन्। साम, दान र भेदबाट चाहेको काम हुन सकेन भने मात्र दण्डको प्रयोग गर्ने सल्लाह दिइएको छ।

न्यायपूर्ण राज्य (Just State)

समाजमा उत्पन्न हुने विवादको न्यायिक निर्णय गर्नु राज्यको कार्य मानिएको छ। सामाजिक मर्यादा विपरीत कार्य गर्ने व्यक्तिलाई उचित दण्ड दिनु राज्यको कार्य मानिएको छ। राज्यको प्रारम्भदेखि नै मानिसलाई कुमार्गमा जानबाट रोक्नु र सन्मार्गमा लगाउनु राज्यको कार्य मानिदैआएको छ। निष्पक्ष न्याय सम्पादन गर्नु राजाको कर्तव्य मानिएको छ।

धार्मिक राज्य (Dharmic State)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा सनातन धर्मका आधारभूत मान्यताको समाजमा स्थापना गर्नु राज्यको उद्देश्य मानिएको छ। धर्मको अर्थ सत्कर्म (Righteousness) हो। आ-आफ्नो धर्मको पालना गर्नु सबैको कर्तव्य मानिएको छ। राजालाई राज्यको प्रमुख मानिएको छ। धर्मगुरुहरूको शासनमा हस्तक्षेप परामर्शमा सीमित गरिएको छ। धार्मिक राज्य धर्मसापेक्ष राज्य भने होइन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सांस्कृतिक बहुलवाद (Multi-culturalism)

हिन्दु राजनितिक चिन्तनमा राजालाई शक्तिशाली बनाइएको छ तापनि बहुलतालाई स्वीकार गरिएको छ। शास्त्रका साथै स्थानीय समाजमा प्रचलित परम्परालाई पनि राज्य सञ्चालनमा महत्त्व दिनुपर्छ भन्ने मान्यता छ। राजाले जाति, जनपद, श्रेणी र कुलमा प्रचलित धर्मलाई सम्मान गर्नुपर्ने व्यवस्था छ। राजाज्ञा धर्म, विधि र न्यायको स्रोत मानिएको छ तापनि स्थापित धर्मको विरुद्ध आज्ञा जारी गर्ने अधिकार राजालाई प्रदान गरिएको छैन।

नीतिशास्त्र अनुसार शासन (Rule of Nitishastra)

प्राचीन आचार्यहरूका अनुसार राजधर्म एवं नीतिशास्त्रअनुसार राज्यको शासन व्यवस्था सञ्चालन गर्नु राजाको कर्तव्य हो। शास्त्रलाई नै संविधान तथा कानुनको रूपमा मान्यता दिइएको छ। शासकका कर्तव्यको निर्धारण पनि शास्त्रले निर्देश गरे बमोजिम हुने व्यवस्था गरिएको छ। राजधर्म निर्धारण गर्ने शक्ति राजालाई दिइएको छैन। नीतिशास्त्रको लेखन उपदेशात्मक छ र नीतिशास्त्रले तोकेका उपदेशको पालना गर्नु राजाको कर्तव्य मानिएको छ। चाणक्यसूत्रमा राजतन्त्रको आधार नीतिशास्त्र हो भन्ने उल्लेख गरिएको छ[२६] (कौटिल्य, सू. ४३)। कौटिल्यको अर्थशास्त्रमा राजा त्यसलाई भनिन्छ जसले नीतिशास्त्र अनुसार राज्य सञ्चालन गर्दछ[२७] (कौटिल्य, सू. ४८) भनी उल्लेख गरिएको छ। प्राचीन हिन्दु राजनीतिक चिन्तनमा विधिको मूल धर्मलाई मानिएको छ। यहाँ धर्मको अर्थ न्याय हो। आधुनिक शब्दावलीमा यसलाई समन्याय भनिन्छ। हिन्दुहरूले वेदलाई सम्पूर्ण ज्ञानको स्रोत मान्ने हुँदा धर्म वा न्यायको स्रोत पनि वेदलाई नै मानिएको छ। वेद, वेदको आधारमा निर्माण गरिएका स्मृति वा धर्मशास्त्र, शिष्ट व्यक्तिको आचरण वा सदाचार र आत्मतुष्टिलाई मनुस्मृतिमा धर्मको आधार मानिएको छ (मनु, अध्याय २, श्लोक ६)। प्राचीन राजनीति धर्म र नैतिकताबाट अनुप्राणित छ। धर्मका नैतिक नियमहरूद्वारा प्रत्येक व्यक्तिको व्यक्तिगत र सामाजिक जीवन निर्देशित हुने व्यवस्था मिलाइएको छ। धर्मका विस्तृत नियमलाई नै नैतिक नियम मानिन्छ। नीतिशास्त्रले तोकेबमोजिमका कर्तव्य पालना गर्नु नै राजधर्म मानिएको छ।

राज्यको विजिगीषु प्रवृत्ति (Notion of Empire Building)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राजालाई शक्तिशाली बन्न र अन्य राज्यलाई जित्न निरन्तर प्रयास गर्ने सल्लाह दिइएको छ। अन्य राज्यमाथि विजय हासिल गरी एकराट् एवं सम्राट पद प्राप्त गर्नका लागि निरन्तर सङ्घर्ष गर्न राजालाई प्रेरित गरिएको छ।

---

२६ राज्यतन्त्रायत्तं नीतिशास्त्रम्।

२७ नीतिशास्त्रानुगो राजा।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सम्राट एवं चक्रवर्ती पद प्राप्त गर्न प्रयत्नशील हुनु राजाको धर्म मानिएको छ। राजाहरूले वाजपेय यज्ञ तथा अश्वमेधयज्ञ गर्ने विधान छ। यी यज्ञहरुको अभिप्राय साम्राज्य निर्माण गर्नु हो। मनुका अनुसार राजाले पराजित राजाको वंशको सुयोग्य व्यक्तिलाई शासनको जिम्मा दिई र मित्रता कायम गर्नु पर्छ (मनु, अ. ७, श्लो. २०२)। उनले राज्यविस्तार नभई अधीनता स्वीकार गराउनु साम्राज्य निर्माणको लक्ष्य मानेका छन्। तर कौटिल्यको समयमा साम्राज्य निर्माणको अर्थ भौगोलिक सीमा विस्तारमा केन्द्रित भएको पाइन्छ। अल्तेकरका अनुसार चक्रवर्ती सम्राट् बन्ने हिन्दु राजाको अन्तिम चाहना हुन्थ्यो। अश्वमेध यज्ञ, राजसूय यज्ञ एवं वाजपेय यज्ञ गरेर चक्रवर्ती सम्राट् बन्ने र समुद्रदेखि हिमालसम्म र पूर्वमा समुद्रदेखि पश्चिम समुद्र सम्मको सम्पूर्ण भूभाग एकीकरण गर्ने राजाको उच्चतम आदर्श मानिन्थ्यो। मौर्य साम्राज्यमा सम्भवत विशाल भूभाग एकीकरण गरिएको थियो। यसलाई स्वाभाविक रूपमा विभिन्न प्रान्तमा विभाजन गरिएको हुनु पर्दछ परन्तु दुर्भाग्यवश यसको उल्लेख कौटिल्यको अर्थशास्त्रमा पाइदैन (Altekar, 2001, p. 320)। चन्द्रगुप्त मौर्यले कौटिल्यको परामर्श एवं योजना अनुसार इसापूर्व चौथो शताब्दीको अन्त्यतिर नन्दलाई हराई विशाल साम्राज्यको निर्माण गरेका थिए। मौर्य साम्राज्य भारतवर्षको प्रथम ऐतिहासिक साम्राज्य हो। मौर्य साम्राज्यले उत्तरतर्फ हिमालदेखि दक्षिण समुद्रसम्म पूर्वमा समुद्रदेखि पश्चिम समुद्रसम्मको अधिकांश जनपदलाई पराजित गरी एकीकरण गरेका थिए। कौटिल्यका अनुसार यो भूभाग चक्रवर्तिक्षेत्र हो।

निष्कर्ष (Conclusion)

राज्यसम्बन्धी चिन्तन वैदिक कालदेखि नै प्रारम्भ भएको हो। वेद, वेदाङ्ग, धर्मशास्त्र, नीतिशास्त्र, अर्थशास्त्र, रामायण, महाभारत, पुराण लगायत संस्कृत वाङ्मयका विभिन्न साहित्यमा राज्यसम्बन्धी ज्ञान छरिएको छ। सत्ययुगमा राज्य थिएन। सनातन धर्म थियो। मानव समाज धर्मपरायण थियो। हरेक व्यक्तिलाई धर्मको ज्ञान थियो। सबैले धर्मको पालन गर्दथे। सनातन धर्मले तोकेबमोजिम कर्म गर्नु हरेक व्यक्तिले आफ्नो कर्तव्य ठान्दथे। धर्मका आधारमा समाज सञ्चालित थियो। धर्ममा ह्रास हुँदै गएपछि समाजमा मात्स्यन्यायको अवस्था सृजना भयो। मात्स्यन्याय शक्तिशालीले कमजोरलाई समाप्त पार्ने अराजक अवस्था हो। यही अराजक अवस्थाबाट मुक्तिका लागि राज्यको उदय भएको मानिन्छ। राज्यको उत्पत्तिसम्बन्धमा दैवी सिद्धान्त, शक्ति सिद्धान्त, सामाजिक सम्झौताको सिद्धान्त र विकासवादी सिद्धान्तको उल्लेख प्राचीन हिन्दु राजनीतिक चिन्तनमा गरिएको छ। प्राचीन हिन्दु राज्यव्यवस्थामा राज्यका सात अङ्ग मान्ने सप्ताङ्ग सिद्धान्त सर्वमान्य सिद्धानत रहेको छ। स्वामी, अमात्य, पुर, राष्ट्र, कोष, दण्ड, र मित्र राज्यका सात अङ्ग हुन्। धर्म, अर्थ, काम, र मोक्ष मानव जीवनका चार उद्देश्य हुन्। यी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

उद्देश्य प्राप्त गर्न सहयोग गर्नु राज्यको उद्देश्य हो। शान्ति सुरक्षा कायम गर्नु अर्थात् अपराध गर्ने व्यक्तिलाई दण्डित गर्नु र सज्जनको रक्षा गर्नु राज्यको प्रथम कार्य हो। जनकल्याणका कार्य गर्नु पनि राज्यको कार्य मानिएको छ। राज्यको प्रतिरक्षा वा बाह्य आक्रमणबाट राज्यको रक्षा गर्नु पनि राज्य कार्य मानिएको छ। राज्यको कार्यका लागि कोषको आवश्यकता पर्छ। नीतिअनुसार जनताबाट कर उठाई राज्यले आवश्यक धन सङ्ग्रह गर्नुपर्ने मान्यता छ। प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राजा र प्रजा सबैलाई कर्तव्यको बन्धनमा बाँधेर आदर्श शासन व्यवस्था स्थापना गर्ने प्रयास गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

एकाइ – पाँच

राजतन्त्र
(Monarchy)

प्राचीन हिन्दु राज्यव्यवस्थामा राजतन्त्रात्मक शासन प्रणाली थियो । राजतन्त्रमा राजा सर्वोच्च शासक हुन्थे । नृप, भूपति, राजेन्द्र, पृथिवीपति, स्वामी आदि राजाका लागि प्रयोग गरिएका शब्द हुन् । राज्यका सात अङ्गमध्ये राजालाई सबैभन्दा महत्त्वपूर्ण अङ्ग मानिएको छ । वैदिक साहित्य, मनुस्मृति, याज्ञवल्क्यस्मृति, बृहस्पतिस्मृति, रामायण, महाभारत, पुराण, कौटिल्यको अर्थशास्त्र, कामन्दकनीतिसार, शुक्रनीतिसार आदि प्राचीन ग्रन्थमा राजतन्त्रको समर्थन गरिएको छ । राजतन्त्रात्मक शासन प्रणालीमा राजाको उत्तराधिकार वंशानुगत हुने व्यवस्था थियो । वंशानुगत परम्पराका आधारमा राजाको जेठो छोरा राजा बन्ने सिद्धान्त स्थापित गरिएको छ । प्राचीन ग्रन्थमा गणराज्यको पनि उल्लेख रहेको छ । गणराज्यमा निर्वाचित शासक हुन्थे । निर्वाचित शासकलाई पनि राजा नै भनिन्थ्यो । यस एकाइमा प्राचीन हिन्दु राजनीतिक चिन्तनमा उल्लेख भएका विचारका आधारमा राजतन्त्र, राजाको उत्पत्ति, राजाका कर्तव्य, उत्तराधिकार, राज्याभिषेक, लोककल्याणकारी राजतन्त्र, अमात्य आदि विषयमा प्रकाश पारिएको छ ।

राजा (Monarch)

प्रचीन हिन्दु राज्यव्यवस्थामा राजा राज्यका प्रमुख प्रशासक मानिन्थे । प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राजा र राज्यलाई एकआपसमा अभिन्न मानिएको छ । 'प्रजा रञ्जनात् राजा' अर्थात् प्रजालाई खुसी राख्ने व्यक्ति राजा हन् भन्ने मान्यता रहेको छ । वैदिक परम्पराको यो मान्यता बौद्ध साहित्यमा पनि स्वीकार गरिएको छ । राज्यका सात अङ्गमध्ये राजालाई प्रमुख अङ्ग मानिएको छ । कौटिल्यका अनुसार राजा नै राज्य हो[१] (कौटिल्य,अधि.८, अ.२)। प्रजाको रक्षाका लागि राजाको आवश्यकता परेको हो । राजाविना प्रजाले आआफ्नो धर्म पालन गर्न सम्भव हुँदैन । प्रजाविनाको राजाको पनि पृथ्वीमा कुनै शोभा हुँदैन भन्ने शुक्राचार्यको मत रहेको छ (शुक्र, अ. १, श्लो. ६६)। धर्मशास्त्रअनुसार शासन सञ्चालन गर्नु राजाको कर्तव्य हो ।

---

१ राजा राज्यमिति प्रकृतिसङ्क्षेपः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
राजाले धर्म पालन गर्नुपर्छ। धर्मपालन नगर्ने राजा नष्ट हुन्छ भन्ने शुक्राचार्यको विचार छ (शुक्र, अ. १, श्लो. ६८-६९)।

राजाको उत्पत्ति (Origin of the King)

राजा र राज्यको उत्पत्ति एकैपटक भएको मानिन्छ। राजा र राज्यको प्रादुर्भावसम्बन्धी प्रमुख चार सिद्धान्त प्राचीन हिन्दु राजनीतिक चिन्तनमा छन्। त्यसैले राज्यको उत्पत्तिका सिद्धान्त नै राजाको उत्पत्तिका सिद्धान्त हुन्। देवताले राजा र राज्यको सृजना गरेको मान्ने दैवी सिद्धान्त सबैभन्दा प्रसिद्ध सिद्धान्त रहेको छ। युद्धको नेता राजा भए भन्ने युद्धको सिद्धान्तको पनि वर्णन गरिएको छ। सामाजिक सम्झौताबाट राजाको उदय भयो भन्ने सिद्धान्तको पनि प्राचीन हिन्दु चिन्तनमा उल्लेख गरिएको छ। वैदिक साहित्यमा राजाको सृजना क्रमिक सामाजिक विकासबाट भएको हो भन्ने सबैभन्दा महत्त्वपूर्ण सिद्धान्तको पनि उल्लेख गरिएको छ।

दैवी सिद्धान्तअनुसार ईश्वरले सृष्टिको रक्षाका लागि राजा र राज्यको सृजना गरेका हुन। उत्तरवैदिक कालमा राजालाई देवांश मान्न थालिएको हो। मनुले राजालाई देवता मानेका छन्। रामायण, महाभारत र पुराणमा समेत राजालाई देवांश मानिएको छ। महाभारतमा देवता र भूदेवता वा राजा समान हुन् भन्ने उल्लेख छ[२] (शान्तिपर्व, अ.५९, श्लो.१४४)। युद्धको नेतृत्व गर्ने क्षमता भएको व्यक्तिलाई राजा बनाइएको चर्चा वैदिक साहित्यमा छ। युद्धको नेतृत्व गर्न देवताले इन्द्रलाई राजा बनाए भन्ने ब्राह्मण ग्रन्थमा उल्लेख गरिएको छ।

मानव समाजमा अराजक अवस्थाको अन्त्य गरेर शान्ति सुव्यवस्था कायम गर्ने व्यक्तिलाई राजा बनाउन र राज्य सञ्चालनका लागि कर तिर्न प्रजा सहमत भए। महाभारतमा यस्तो सम्झौताको झलक पाइन्छ। बौद्ध र जैन साहित्यमा पनि जनताले सामाजमा शान्ति सुव्यवस्था कायम गर्न राजा चुनेका हुन् भन्ने ऊल्लेख छ। राजा चुन्दा जनताले कर तिर्ने सहमति पनि गरेका थिए। परिवारको मुख्य हुँदै क्रमशः राजा र राज्यको विकास भएको हो भन्ने सिद्धान्त वैदिक साहित्यमा छ। प्रारम्भमा आर्यहरूको स्थायी बसोबास थिएन। समाजमा विराट् अर्थात् राज्यविहीन अराजक अवस्था सृजना भएको थियो। त्यस अवस्थामा क्रान्ति भयो र गार्हपत्य अवस्थाको विकास भयो। गार्हपत्य अवस्थाको अर्थ परिवारको विकासको अवस्था हो। यस अवस्थामा परिवारको प्रमुखको उदय भयो। परिवारका प्रमुख हुँदै गाउँको प्रमुखको उदय भयो। गाउँका प्रमुखलाई ग्रामणी भनिन्थ्यो। ग्रामणीहरूले दक्षिणाग्निको निर्वाचन गरे। दक्षिणाग्निले जनपदको शासन चलाउन थाले। दक्षिणाग्नि नै कालान्तरमा राजा भए। यसरी क्रमिक विकासको परिणाम स्वरूप राजाको उदय भयो भन्ने राजाको उदयसम्बन्धी विकासवादी सिद्धान्तको उल्लेख वेदमा पाइन्छ।

---

२ ततो जगति राजेन्द्र सततं शब्दितैर्बुधैः।
देवाश्च नरदेवाश्च तुल्या इति विशाम्पते।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राजाको शिक्षा (Education for the King)

मनुस्मृति, कौटिल्य अर्थशास्त्र, शुक्रनीतिसार आदिमा राजाको शिक्षामा जोड दिइएको छ। राजाका लागि आन्वीक्षिकी त्रयी, वार्ता र दण्डनीतिको शिक्षा आवश्यक मानिएको छ। शिक्षा राजालाई विनयी बनाउने उपाय मानिएको छ। मनुष्यको आयु एक सय वर्ष मानेर आयुलाई चार भागमा विभाजन गरिएको छ। बर्ह्मचर्य, गार्हस्थ्य, वानप्रस्थ र सन्यास चार आश्रम हुन्। प्रत्येक आश्रमको अवधि पच्चीस वर्ष कायम गरिएको छ। आयुको पहिलो पच्चीस वर्ष विद्या अध्ययन वा जीवनमा आवश्यक पर्ने ज्ञान र सीप आर्जन गर्ने अवधि हो। यसै अवधिमा मानिसले शिक्षा प्राप्त गर्नुपर्दछ भन्ने प्राचीन कालदेखिको स्थापित मान्यता रहेको छ। गुरुको सेवाशुश्रूषा गरी आश्रममा नियमपूर्वक बसी विद्या आर्जन गर्ने प्राचीन शिक्षा पद्धतिलाई गुरुकुल पद्धति भनिन्छ। गुरुकुलमा त्रयी, दण्डनीति र युद्धकलाको प्रशिक्षण दिने गरिन्थ्यो। पढाउने कार्य ब्राह्मणहरूले मात्र गर्नुपर्दछ भन्ने मनुको विचार छ (मनु, अ. १०, श्लो.४)। ब्राह्मणले सबै वर्णका व्यक्तिहरूको जीविकाको उपाय जान्नुका साथै सबै वर्णका व्यक्तिहरूलाई उनीहरूको जीविकाबारे आवश्यक ज्ञान दिनुपर्दछ र स्वयं आफ्नो जीविकाको व्यवस्था तदनुसार गर्नुपर्दछ भन्ने मनुको उद्घोष छ (मनु, अ.१०, श्लो.२)। सबैको शिक्षाको सम्पूर्ण जिम्मेवारी ब्राह्मणलाई दिइएको हुँदा ब्राह्मणलाई सम्मानित स्थान दिइएको हो। राजाको शिक्षामा मनुले विशेष जोड दिएका छन्। राजाले पनि ब्रह्मचर्याश्रममा बसेर शिक्षा प्राप्त गर्नु पर्दथ्यो। राजाले तीन वेदका ज्ञाताबाट तीन वेद र शाश्वत सनातन दण्डनीति, दार्शनिकहरूबाट दर्शनशास्त्र वा तर्क विद्या, आत्मविद्याका ज्ञाताबाट आत्मविद्या र लोकव्यवहारज्ञहरूबाट वार्ताविद्या वा कृषि, पशुपालन, र वाणिज्य व्यवसायको अध्ययन गर्नुपर्दछ भन्ने मनुको मत छ (मनु, अ.७, श्लो.४३)। बृहस्पतिका अनुसार सबै चीजको मूल विद्या हो (बृहस्पति, अ.६, सू.)।

कौटिल्यले पनि आन्वीक्षिकी, त्रयी, वार्ता, र दण्डनीति चार विद्या मानेका छन्। राजाले चारै विद्या पढ्नुपर्छ भन्ने उनको विचार रहेको छ। धेरै शास्त्रको अध्ययन गरेपछि प्रज्ञा प्राप्त हुन्छ। प्रज्ञाबाट योग प्राप्य हुन्छ। योगको अर्थ प्राप्त नभएको वस्तु प्राप्त गर्ने क्षमता एवं चित्तवृतिको निरोध गर्न सक्ने क्षमताको विकास हो। योगद्वारा मानिसमा आत्मसंयमको विकास हुन्छ (कौटिल्य, अधि.१, अ.४)। आत्मसंयम भन्नाले इन्द्रियलाई संयमित राख्न सक्नु भन्ने बुझिन्छ। विद्याले राजालाई अनुशासित वा विनयी बनाउँदछ। विनयी राजाले प्रजामा पनि अनुशासन कायम गर्न सक्दछन् भन्ने कौटिल्यको विचार छ। शुक्राचार्यका अनुसार पनि असल चरित्रवान् बन्न राजाले आन्वीक्षिकी वा तर्कशास्त्र, तीन वेद, वार्ता र दण्डनीतिसमेत शाश्वत सनातन चार विद्याको अभ्यास गर्नुपर्छ [३] (शुक्र, अ.१, श्लो.१५२)। गुरुको संयोगबाट शास्त्रको ज्ञान हुन्छ। शास्त्रको ज्ञानबाट विनय वा अनुशासनको वृद्धि हुन्छ। विद्याद्वारा उत्पन्न विनययुक्त

---

३ आन्वीक्षिकी त्रयी वार्ता दण्डनीतिश्च शाश्वती। विद्याश्चतस्र एवैता अभ्यसेन्नृपतिः सदा।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
राजा नै लोकसम्मत राजा बन्दछ भन्ने शुक्राचार्यको विचार छ[४] (शुक्र, अ.१, श्लो. १४८)। शिक्षाबाट राजालाई शासनकलाको ज्ञान प्राप्त हुन्छ। शिक्षाले राजालाई विनयी बनाउँछ। विनयी राजामा जनताको सेवक हुँ भन्ने भावना हुन्छ। विनयी राजाबाट सुशासन सम्भव हुन्छ भन्ने प्राचीन हिन्दु राजनीतिक चिन्तनको निष्कर्ष रहेको छ।

राजको चरित्र (Character of the King)

राजा चरित्रलाई विशेष महत्त्व दिइएको छ। राजा नैतिक चरित्रवान् र आत्मसंयमी हुनुपर्छ। राजालाई धर्म र नैतिकताको बन्धनमा बाँधिएको छ। राज्यको दण्ड वा शक्तिको प्रणेता, सत्यवादी, बुद्धिमान् राजालाई महर्षिले धर्म, अर्थ, र कामको ज्ञाता मानेकाका छन् (मनु, अ.७, श्लो.२७)। विनयसम्पन्न राजालाई असल राजा मानिएको छ। राजाले काम- क्रोध आदि छ शत्रुलाई सर्वथा परित्याग गरेर इन्द्रियमाथि विजय प्राप्त गर्नुपर्छ (कौटिल्य, अधि.१, अ.६) अर्थोपार्जन र काम अर्थात् सुखभोग धर्मअनुसार गर्नुपर्छ। प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राजालाई राजर्षि बनाउने प्रयत्न गरिएको छ। राजामा महान् उत्साह, स्थूललक्ष्य, कृतज्ञ, वृद्धको सेवागर्ने, विनीत, सत्त्वसम्पन्न (संपत्ति, विपत्ति, हर्ष र दुःखरहित), कुलीन, सत्यवादी, पवित्र, अदीर्घसूत्र (कार्यको आरम्भ र समापनमा विलम्ब नगर्ने), स्मरण शक्ति राम्रो भएको, सद्गुणको द्वेष नगर्ने, अरूको दोष नदेखाउने, धार्मिक, प्राज्ञ, शूरवीर, गोप्य रहस्य जान्न सक्ने, आफ्ना कमजोरी गोप्य राख्न सक्ने, आन्वीक्षिकी, त्रयी, वार्ता र दण्डनीति विद्यामा प्रवीण र सबै किसिमका दुर्व्यसनबाट मुक्त व्यक्ति राजा हुनुपर्छ भन्ने याज्ञवल्क्यको विचार छ (याज्ञवल्क्य, अ.१, श्लो. ३०९-३११)। कौटिल्यका अनुसार विद्या र विनयको प्रयोजन इन्द्रियमाथि विजय प्राप्त गर्नका लागि हो। अतः काम, क्रोध, लोभ, मान, मद, र हर्ष त्याग गरेर इन्द्रियमाथि विजय प्राप्त गर्नुपर्छ (कौटिल्य, अधि. १, अ.५)। मनुका अनुसार काम र क्रोधबाट उत्पन्न हुने दुर्व्यसन राजाका लागि दुःखदायी हुन्छन्। त्यसैले राजाले व्यसनको परित्याग गर्नुपर्छ (मनु, अ.७, श्लो.४५)। शिकार खेल्नु, जुवा खेल्नु, दिउस सुत्नु, अरूको दोष वर्णन गर्नु, परस्त्रीसँग समागम गर्नु, मदिरापान गर्नु, त्रैयन्त्रिक हुनु (नाच्नु, गाउनु र बजाउनु), र व्यर्थमा घुम्नु यी कामबाट उत्पन्न हुने दस दुर्व्यसन हुन् (मनु, अ.७. श्लो.४७)। कसैको चुक्ली लगाउनु, साहस अर्थात् नराम्रो काममा पराक्रम देखाउनु, द्रोह, ईर्ष्या (अरूको गुण सहन गर्न नसक्नु), असूया (अरूको गुणमा दोष देख्नु), अर्थदोष (आर्थिक भ्रष्टाचार), कठोर वचन बोल्नु र क्रूर दण्द दिनु यी आठ क्रोधबाट उत्पन्न हुने दुर्व्यसन हुन् (मनु, अ.७, श्लो.४८)। बृहस्पतिले आत्मसंयम राजाको योग्यता मानेका छन्[५] (बृहस्पति, अ.१,सू.१)। शुक्राचार्य पनि राजाको व्यक्तिगत चरित्र राम्रो हुनु पर्दछ भन्ने पक्षमा छन्। उनले राजाका गुण र दुर्गुणको राम्रोसँग विवेचना गरेका छन्। राजा जितेन्द्रिय, विनयशील, शास्त्राध्यायी र धार्मिक हुन पर्दछ। राजाले काम, लोभ र क्रोध परित्याग

४ शास्त्राय गुरुसंयोगः शास्त्रं विनयवृद्धये। विद्याविनीतो नृपतिः सतां भवति संमतः।

५ आत्मवान् राजा।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
गर्नु पर्दछ (शुक्र, अ. १, श्लो. ११८)। शुक्राचार्यका अनुसार शिकार खेल्नु, जुवा खेल्नु र मद्यपान गर्नु राजाका लागि निन्दित कर्म हुन्[६] (शुक्र, अ.१, श्लो. १४१)। काम, क्रोध, मोह, लोभ, मान र मद षड्वर्ग हुन्। राजाले यिनको परित्याग गर्नुपर्छ। यिनको परित्याग गर्नाले राजा सुखी हुन्छ भन्ने शुक्राचार्यको विचार छ[७] (शुक्र, अ.१, श्लो.१४३)। राजा विनयसम्पन्न र दुर्व्यसनबाट राजा मुक्त हुनुपर्छ भन्ने हिन्दु राजनीतिक चिन्तनको आधाभूत मान्यता रहेको छ। असल चरित्रवान् राजाले मात्र असल शासन गर्न सम्भव हुन्छ भन्ने प्राचीन मान्यता रहेको पाइन्छ।

राजाको दिनचर्या (Time Table of the King)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राजाको दिनचर्या पनि निर्धारण गरिएको छ। कौटिल्यले राजाको सुविधाका लागि दिन र रातलाई आठ आठ भागमा बाँडेका छन्। हरेक भागका लागि कामको निर्धारण पनि गरिएको छ। कौटिल्यले लेखेका छन्: दिनको पहिलो भागमा राजाले राज्यको रक्षा र आयव्ययसम्बन्धी विचार गर्नू। दोस्रो भागमा नगरवासी तथा जनपदवासीहरूको कार्यको निरीक्षण गर्नू। तेस्रो भागमा स्नान, भोजन र स्वाध्याय गर्नू। चौथो भागमा गत दिनको करसम्बन्धी विचारका साथै विभिन्न विभागका अध्यक्षको नियुक्ति गर्नू। पाँचौँ भागमा मन्त्रिपरिषद्को परामर्शमा पत्र पठाउने तथा गुप्तचरसँग भेटघाट र सल्लाह गर्नू। छैटौँ भागमा आफ्नो इच्छाअनुसार हिडडुल तथा गोप्प मन्त्रणा गर्नू। सातौँ भागमा हात्ती, घोडा, रथ र शस्त्रास्त्रको निरीक्षण गर्नू। आठौँ भागमा सेनापतिसँग युद्धसम्बन्धी विचारगर्नू। रात्रिको प्रथम भागमा गुप्तचरसँग भेटघाट गर्नू। दोस्रो भागमा स्नान, भोजन र स्वाध्याय गर्नू। तेस्रो भागमा सङ्गीत सुन्दै सुत्ने र चौथो र पाँचौँ भागसम्म सुत्नू। छैटौँ भागमा बाजाको मधुर-ध्वनि सुन्दै उठेर शास्त्र र कर्तव्यबारे चिन्तन गर्नू। सातौँ भागमा गुप्तचरसँग गोप्य विचार गर्नू र गुप्तचर खटाउने काम गर्नू। आठौँ भागमा ब्राह्मणबाट स्वस्तिवाचन ग्रहण गर्नू, बैद्य, भान्से र ज्योतिषीसँग तत्सम्बन्धी विषयमा परामर्श गर्नू र बाछोसहित गाई र गोरुको प्रदक्षिणा गरेर राजदरबारमा प्रवेश गर्नू। राजाका लागि काल-विभाजनको कठोर नियमको अन्त्यमा आफ्नो शक्ति र अनुकूल परिस्थितिअनुसार राजाले स्वेच्छाले कार्य-व्यवस्था स्वयं निर्धारण गर्न सक्ने पनि कौटिल्यको विचार छ (कौटिल्य, अधि.१, अ.१८)। शुक्राचार्यले पनि राजाले प्रत्येक दिन पालना गर्नुपर्ने कार्यको समयतालिका बनाएका छन्।

उत्तराधिकार (Succession)

मनु, याज्ञवल्क्य, बृहस्पति, शुक्राचार्य, कौटिल्य आदि विचारकहरूले राजतन्त्रको समर्थन गरेका छन्। रामायण र महाभारतमा पनि राजतन्त्रको वर्णन गरिएको छ। राजतन्त्रमा राजाको जेठो छोरा राजाको उत्तराधिकारी हुन्थे। शुक्राचार्यले राज्यको उत्तराधिकारका सम्बन्धमा

६ मृगयाऽक्षास्तथा पानं गर्हितानि महीभुजाम्।
७ कामक्रोधस्तथा मोहो लोभो मानो मदस्तथा। षड्वर्गमुत्सृजेदेनमस्मिंस्त्यक्ते सुखी नृपः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
वंशपरम्परागत पैत्रिक अधिकार स्थापित गरेका छन् । शुक्राचार्यका अनुसार राजाको जेठो छोरा राजा हुन्छन् र अन्य छोरा सहायक हुन्छन् । राज्यको उत्तराधिकारी जेठो छोरा यदि अन्धा, कुष्ट रोगी र बोल्न असमर्थ मूक भएमा राजा बन्न योग्य हुँदैन । त्यसको छोरो, भाइ वा भाइको छोरा जो योग्य छ त्यो नै उत्तराधिकारी हुन्छ भन्ने शुक्राचार्यको विचार छ । (शुक्र, अ.१, श्लो. ३४२-३४३४४) . राजाका लागि चारित्रिक योग्यता पनि आवश्यक मानिएको छ । राजाको उत्तराधिकारी छनोटमा प्रजाको सहमति पनि शुक्राचार्यले आवश्यक मानेका छन् ।

राजाको उत्तराधिकारसम्बन्धी आनुवंशिक सिद्धान्तमा ज्येष्ठताको सिद्धान्तलाई मान्यता दिइन्थ्यो । राजाको मृत्यु भएमा वा राजाले राज्यत्याग गरेमा राजाको औरस पुत्रमा जो जेठो छ उसैलाई राजाको उत्तराधिकार प्राप्त हुन्थ्यो । औरस पुत्रभन्दा अन्य पुत्र जेठो भए पनि औरस पुत्र नै उत्तराधिकारी हुन्थे । राजाका अनेक रानीमध्ये जुन रानीको पुत्र जेठो हुन्छ उसैलाई उत्तराधिकारी बनाइन्थ्यो ।

उत्तराधिकारको दोस्रो नियम योग्यताको सिद्धान्त थियो । जेठो छोरा अयोग्य भएमा अन्यलाई उत्तराधिकारी बनाइन्थ्यो । जेठो छोरा अविनयी भएमा राजा बन्न अयोग्य मानिन्थ्यो । रामायणमा दशरथका जेठो छोरा राम योग्य भएका हुनाले उनलाई राजाको उत्तराधिकार प्राप्त भएको थियो । तर महाभारतमा जेठा धृतराष्ट्र अन्धा भएकाले अयोग्य भए र पाण्डुलाई राजा बनाइएको थियो ।

प्रजाद्वारा अनुमोदनको सिद्धान्त उत्तराधिकारसम्बन्धी तेस्रो नियम थियो । यसका साथै राजाको उत्तराधिकार प्राप्त गर्न जनताद्वारा अनुमोदन आवश्यक मान्ने गरेको पाइन्छ । वैदिक कालमा राजा पद प्राप्तगर्न जनताको अनुमति आवश्यक मानिन्थ्यो । कालान्तरमा यो प्रथामा परिवर्तन आयो । जनपदको आकार वृद्धि भई विशाल महाजनपदमा परिणत भएका थिए । सबै जनताद्वारा राजाको अनुमोदन सम्भव थिएन । सामन्तहरूको स्वीकृति लिने प्रचलन विकास भयो । रामायण कालसम्म पनि अनुमोदनको प्रथा थियो । रामायणमा राजा दशरथले रामलाई युवराज घोषित गरी त्यसको अनुमोदनका लागि राजा, जनपद र नगरका प्रधान, ब्राह्मणहरूको परिषद् बोलाएका थिए । त्यस परिषद्ले रामलाई युवराज पदमा अभिषेक गर्न अनुमति दिएको थियो (वाल्मीकि, बालकाण्ड, स.२, श्लो.२१) । जनताद्वारा अनुमोदित राजा बन्ने प्रचलनको उल्लेख हिन्दु राज्यव्यवस्थामा छ ।

राज्याभिषेक (Coronation Ceremony)

वैदिक कालमा राजा निर्वाचनद्वारा चुनिन्थे । निर्वाचित भएपछि राजाले धर्मशास्त्रको पालना गर्ने शपथ लिनु पर्थ्यो । यसबाट नै राज्याभिषेकको परम्परा विकास भयो । निर्वाचित राजाप्रति जनताको सम्मति आवश्यक मानिन्थ्यो । राज्याभिषेक जनताको सम्मतिको माध्यम थियो । कालान्तरमा वंशपरम्पराका आधारमा राजा बन्ने उत्तराधिकारको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
परम्पराको विकास भयो । राजाको जेठो छोरा राजा हुन थाले । राजाको प्रतिष्ठाका लागि राज्याभिषेक मुख्य प्रक्रिया मान्न थालियो । विधिवत् राजा बन्नका लागि राज्याभिषेक आवश्यक मानिन्थ्यो । राज्याभिषेक नभएको राजालाई अनभिषिक्त राजा भनिन्थ्यो । अनभिषिक्त राजा निन्दनीय र पतित मानिन्थे । राज्याभिषेकको जिम्मा पुरोहितलाई दिइएको छ । राज्याभिषेक राजामाथि नियन्त्र गर्ने माध्यम पनि थियो । राज्याभिषेकमा अनेक विधि र धार्मिक कृत्य सम्पन्न गर्न आवश्यक मानिन्थ्यो । धार्मिक प्रक्रिया पूरा नगरी राजाले राजत्व प्राप्त गर्न सक्दैन थे । राजाले तीन मुख्य यज्ञ गर्नु पर्दथ्यो ।

राजसूय यज्ञ (Rajasuy Yajna)

राजसूय यज्ञ राजाका लागि अनिवार्य यज्ञ मानिएको छ । राज्यको अधिकार र प्रभाव विस्तारका लागि प्राचीन शास्त्रकारले राजसूय यज्ञको विधान गरेका छन् । महाभारतका अनुसार युधिष्ठिरले राजसिंहासनमा प्रतिष्ठित भएपछि राजसूय यज्ञ सम्पन्न गरेका थिए । राजसूय यज्ञ गरेपछि व्यक्ति राजा बन्दछ । यो यज्ञ गर्ने अधिकार केवल क्षत्रिय राजालाई मात्र दिइएको छ । यस यज्ञका प्रक्रिया सङ्क्षेपमा निम्नानुसार पूरा गरिन्छ: पहिलो प्रक्रिया अग्निष्टोम हो ।

फाल्गुन महिनाको शुक्ल पक्षको प्रतिपदा तिथिमा यजमानले दीक्षा लिएर अग्निष्टोम यज्ञ प्रारम्भ गरिन्थ्यो । यो यज्ञ एक वर्षसम्म निरन्तर चल्दथ्यो । अन्त्यमा १२ रत्निको घरमा गएर हवि दिइन्थ्यो । यजमान, पुरोहित, सेनानी, गोविकर्तृ , महिषी, सूत, ग्रामणी, क्षत्ता, सङ्ग्रहीता, भागधुक्, अक्षावाप र दूत रत्नि हुन् । रत्निहरूलाई हवि दिएपछि देवतालाई आहुति दिनु पर्दथ्यो । यज्ञको दोस्रो प्रक्रियाअभिषेचन हो । जल अभिषेचन राजसूय यज्ञको केन्द्रिय प्रक्रिया हो । यसको प्रक्रिया पाँच दिनसम्म चल्दछ । सविता , अग्नि, सोम, बृहस्पति, इन्द्र, रुद्र, मित्र र वरुण आठ देवतालाई आहुति दिइन्छ । विभिन्न तीर्थको जलले राजालाई अभिषेक गरिन्छ । तेस्रो प्रक्रिया दशपेय हो । अभिषेचनको दश दिनपछि दशपेय कृत्य गरिन्थ्यो । केशवपनीय चौथो प्रक्रिया हो । राजाको कपाल खौरिने प्रक्रिया केशवपन हो । पाँचौँ प्रक्रिया व्युष्टि हो । यजमानको समृद्धिका लागि सम्पन्न गरिने अग्निष्टोम यज्ञ हो ।द्विरात्र छैटौँ प्रक्रिया हो । यो पनि यजमानको समृद्धिको लागि गरिने यज्ञ हो । सातौँ प्रक्रिया क्षत्रधृति हो । क्षत्रधृतिको अर्थ राज्य शक्ति सुदृढ गर्नु हो । यसपछि राजाले विभिन्न राज्यलाई जितेर आफ्नो प्रभुत्व स्थापित गर्दथे ।

यसरी राजाले राज्याभिषेकमा विभिन्न कर्मकाण्ड पूरा गरी एकातर्फ जनताको अनुमोदन प्राप्त गर्दथे भने अर्कोतिर जनताको हितको लागि समर्पित हुने र कर्तव्य पालनको प्रतिज्ञा पनि गर्दथे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वाजपेय यज्ञ (Vajapey Yajna)

यसको शाब्दिक अर्थ शक्तिको यज्ञ हो। यो यज्ञ गर्ने अधिकार शास्त्रमा ब्राह्मण र क्षत्रियमा सीमित गरिएको छ। वाजपेय यज्ञ सम्पन्न गर्ने राजा सम्राट् हुन्थे।

अश्वमेध यज्ञ (Ashwamedh Yajna)

साम्राज्य निर्माण गर्न इच्छा गर्ने राजाले अश्वमेध यज्ञ गर्दथे। रामायणका अनुसार भगवान् रामले अश्वमेध यज्ञ सम्पन्न गरेका थिए।

यसरी राजसूय यज्ञ राज्याभिषेकको अङ्ग हो भने बाजपेय र अश्वमेध यज्ञ साम्राज्य निर्माण गर्न इच्छा गर्ने राजाले गर्ने यज्ञ हुन्।। राजालाई जनताद्वारा अनुमोदन गर्ने प्रक्रिया राज्याभिषेक मानिएको छ। राजपद जनताद्वारा अनुमोदित हुनुपर्दछ भन्ने प्राचीन मान्यताको निरन्तरता राज्यभिषेक हो।

राजाको शक्ति (Powers and Authority of the King)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राजाका अधिकार होइन कर्तव्य पालनमा जोड दिइएको छ। राजाको उद्भव राज्यमा शान्तिसुरक्षा कायम गर्न र प्रजाको कल्याणका लागि भएको थियो। आन्तरिक अराजक मात्स्यन्यायबाट जनतालाई मुक्ति दिन र बाह्य आक्रमणबाट उत्पन्न युद्धजन्य परिस्थितिबाट राज्य र जनताको सुरक्षाका लागि राजाको उदय भएको हो। राजालाई यो दायित्व पुरा गर्न विशेष शक्ति र अधिकार आवश्यक मानिएको छ।

वैदिक युगमा राजा निर्वाचित हुन्थे। राजालाई कर उठाउने अधिकार थियो। राजा जनताका रक्षक थिए, स्वामी थिएनन्। राजाको अधिकार सीमित थियो। राजा स्वेच्छाचारी थिएनन्। करबाट उठेको धन राज्यकोषमा जम्मा गरिन्थ्यो। राज्यकोष राजाको व्यक्तिगत सम्पत्ति मानिदैनथ्यो। स्वेच्छाचारी तरिकाले राजाले राज्यकोषको व्यक्तिगत उपभोग गर्न सक्दैनथे। राज्याभिषेकका अवसरमा राजाले स्वेच्छाचारी नभई जनताको रक्षा गर्ने प्रतिज्ञा गर्नु पर्दथ्यो। राजा र सेवकले राज्यकोषबाट पारिश्रमिक प्राप्त गर्दथे। वैदिक युगमा रत्नी वा प्रजाका प्रतिनिधिले राजाको गतिविधिमाथि नियन्त्रण गर्दथे। जनताको समिति वैदिक कालको महत्त्वपूर्ण संस्था थियो। राजाले समितिको परामर्शमा शासन सञ्चालन गर्नु पर्दथ्यो। 'राजान राजकृत' भन्ने वैदिक साहित्यमा उल्लेख छ। समितिलाई राजकृत भनिन्थ्यो। राजाको सहयोगी रत्नी हुन्थे। समिति र रत्निको परामर्श राजाले मान्नु पर्दथ्यो। सभा अर्को महत्त्वपूर्ण संस्था थियो। सभा न्याय सम्पादनसम्बन्धी कार्य गर्ने संस्था थियो।

उत्तरवैदिक कालमा राजाको शक्तिमा वृद्धि भयो। राजालाई देवांश मान्न थालियो। जनपदराज्यको ठाउँमा ठूला ठूला महजनपदहरू निर्माण भए। राज्यको विस्तारका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
कारणले सैन्य शक्तिमा पनि वृद्धि हुन गयो। राजाले मन्त्रिमण्डलका सदस्य, सेना, कर्मचारी, दूत, चर आदिको नियुक्ति गर्दथे। मन्त्रिमण्डलको कार्य केवल परामर्श दिने कार्यमा सीमित थियो। सम्पूर्ण प्रशासन सञ्चालनसम्बन्धी सर्वोच्च अधिकार राजामा निहित थियो। राजाको अधिकारका विषयमा महाभारतमा राजालाई युगको कारक मानिएको छ। महाभारका अनुसार राजाले दण्डनीति पूर्ण पालना गरेमा सत्ययुग हुन्छ, दण्डनीतिको तीन अंश पालन गरेमा त्रेतायुग, आधा पालन गरेमा द्वापरयुग र दण्डनीति पालन नगरेमा कलियुग हुन्छ (शान्तिपर्व, अ.६९, श्लो। ६-२५)। राजा दैवी अधिकार सम्पन्न हुँदाहुँदै पनि निरङ्कुश हुन नदिनको लागि धर्म र नैतिकताको बन्धन भने कायम थियो। राजनीतिशास्त्रका विचारकहरूले राजालाई स्वेच्छाचारी भई मनोमानी गर्ने अधिकार हुँदैन भन्ने विषयमा स्पष्ट पारेका छन्। राजाले शास्त्रीय मर्यादा उल्लङ्घन गर्न सक्दैनथे। ब्राह्मणहरूले परामर्श दिन्थे। राजाभन्दा ब्राह्मण आदरणीय मानिन्थे। ब्राह्मणको परामर्शअनुसार शासन सञ्चालन गर्नु राजाको कर्तव्य मानिएको छ। क्रमश: नियन्त्रित राजतन्त्रका आदर्श मान्यता सिद्धान्तमा सीमित हुन पुगे। व्यवहारमा राजा सर्वेसर्वा भए। राजा अपरिमित शक्तिका स्वामी मानिन्थे। राजाको शक्तिमाथि कुनै वैधानिक नियन्त्रण थिएन। राजा अनियन्त्रित अधिकारसम्पन्न भएपछि राज्यकोष र सेनामाथि पनि राजाको पूर्ण नियन्त्रण कायम भयो। राजाले स्वेच्छाले कर उठाउन थाले। आन्तरिक शान्ति र सुव्यस्था तथा बाह्य नीति निर्धारणमा पनि राजा स्वेच्छाचारी भए। ब्राह्मणहरूले पनि राजाको असीमित अधिकारको समर्थन गर्न थाले। राजालाई भौतिक बल र ईश्वरीय बलसम्पन्न मान्न थालियो। न्यायको सर्वोच्च अधिकारी राजा हुन्थे। न्याय सम्पादनमा राजालाई सहयोग गर्न सभाको व्यवस्था थियो। न्याय सम्पादनका लागि राज्यको उदय भएको हो भन्ने स्थापित मान्यता रहेको छ। सभाका सदस्यहरू पनि राजाबाट नियुक्त हुन्थे। न्याय प्रशासन राजाको अधीनमा थियो।

राजाका कर्तव्य (Duties of the King)

राज्यको सर्वोच्च शासक राजा थिए। राजा कार्यपालिका र न्यायपालिकाका प्रमुख हुन्थे। वैदिक कालमा राजाले प्रजाबाट करको रूपमा वैभव प्राप्त गर्दथे। राजाले राज्यकोषको न्यायपूर्ण वितरण प्रजामा गर्नुपर्छ भन्ने मान्यता रहेको छ। त्यसैले राजालाई सम्पत्ति विभाजनकर्ता पनि मानिएको छ। प्रजाको रक्षाका लागि राजाको उदय भएको हो। राजाका प्रमुख कर्तव्य निम्नानुसार रहेका छन्:

आन्तरिक शान्ति सुव्यस्था (Maintaining Law and Order)

सज्जनको रक्षा र अपराधीलाई दण्ड दिनु राजाको कर्तव्य मानिएको छ। धर्मको पालना गर्नु गराउनु राजाको कर्तव्य हो। राज्यको निर्माण नै मात्स्यन्यायको अन्त्य गरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

समाजमा धर्मको स्थापनाका लागि गरिएको मानिन्छ। स्मृतिकालमा आएर वर्णाश्रम धर्मको पालना गर्नु गराउनु राजाको कर्तव्य मान्न थालियो । यज्ञ गर्नु र दान दिनु पनि राजाको कर्तव्य मानिन्थ्यो ।

कर उठाउनु (Collecting Taxes)

करसङ्कलन गरी राज्यकोष समृद्ध बनाउनु राजाको कर्तव्य मानिएको छ । कोष राज्यको अङ्ग मानिन्थ्यो । प्रजालाई पीडा नदिई नीतिशास्त्रको मर्यादाअनुसार करसङ्कलन गर्नु राजाको कर्तव्य मानिएको छ। राज्यकोषको रक्षा र संवर्धन गर्नु राजाको कार्य थियो। संपन्नताको वितरण गर्नु पनि राजाको आर्थिक कार्य मानिएको छ।

प्रजाको हितको कार्य गर्नु (Welfare Functions)

'प्रजारञ्जनात् राजा' प्रजालाई खुसी पार्ने हुँनाले राजा भनिएको हो। दीनदुःखीलाई सहयोग गर्नु राजाको कर्तव्य थियो। राज्यमा कोही पनि प्रजा दुःखी हुनु हुँदैन। आधुनिक सामाजिक र आर्थिक न्यायका मान्यता प्राचीन कालमा लोककल्याणकारी राजतन्त्रभित्र समावेश गरिएको देखिन्छ।

न्याय सम्पादन गर्नु (Judicial Administration)

न्याय सम्पादनको काम गर्नु पनि राजाको कर्तव्य थियो। न्याय सम्पादनमा राजालाई सहयोग गर्न सभाको गठन गरिन्थ्यो। न्याय निस्पक्ष र शुद्ध हुनुपर्छ भन्ने मान्यता रहेको छ।

बाह्य आक्रमणबाट राज्यको प्रतिरक्षा गर्नु (Security of the State From Foreign Aggression)

बाह्य आक्रमणबाट राज्य र प्रजाको रक्षा गर्नु र शत्रु विनाश गर्नु, राज्यविस्तार गर्नु राजाको कर्तव्य मानिएको छ । यसका लागि राज्यका लागि शक्तिशाली सेना आवश्यक हुन्थ्यो। सेनाको नेतृत्व राजाले स्वयं गर्दथे। युद्धमा पनि राजाले नेतृत्व गर्दथे। कूटनीतिक सम्बन्ध कायम गर्नु पनि राजाको कर्तव्य मानिएको छ।

राजाको शक्तिमाथि नियन्त्रण (Check Over the Powers of the King)

वैदिक कालदेखि नै राजालाई निरङ्कुश हुन रोक लगाउने प्राब्धानको व्यवस्था प्राचीन हिन्दु राजनीतिक चिन्तनमा रहेको छ । राजालाई देवांश मानिएको छ तापनि राजालाई स्वच्छन्द छाडिएको छैन। राजाको जीवन राजधर्मका नैतिक बन्धनका साथै विभिन्न नियन्त्रणका सीमाभित्र राखिएको छ। राजालाई स्वेच्छाचारी र निरङ्कुश हुन रोक लगाइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

धर्मको सर्वोच्चता (Dharma was supreme.)

प्राचीन हिन्दु राज्यव्यवस्थामा धर्मको सर्वोच्च स्थान मानिएको छ। राजालाई देवांश मानिएको छ तापनि धर्मको उल्लङ्घन गर्ने शक्ति राजालाई दिइएको छैन। जीवनमा धर्म र नैतिकताका नियम पालन गर्नु धर्म हो र ती नियमको पालना नगर्नु पाप हो। धर्मका विस्तृत नियम नै नैतिकताका नियम हुन्। नैतिकताका नियम समस्त सामाजिक जीवनमा लागु गर्नुपर्छ भन्ने मान्यता स्थापित छ। स्थापित नियम र परम्पराअनुसार राजाले राज्य सञ्चालन गर्नुपर्छ भन्ने मान्यता छ। धर्मको आधारमा स्थापित नैतिकताका नियम परिवर्तन गर्ने शक्ति राजालाई दिइएको छैन। राजालाई नियम बनाउने शक्ति पनि दिइएको छैन।

संरक्षकको सिद्धान्त (The king was like a trustee.)

राजा राज्यको स्वामी होइन केवल संरक्ष मात्र हुन् भन्ने प्राचीन हिन्दु राजनीतिक चिन्तनको विशेषता रहेको छ। यो मान्यता राजाको शक्तिमाथि नियन्त्रण गर्ने उपाय मानिएको छ।

जनतामा विद्रोहको अधिकार (Right to Rebel)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा 'जनता जनार्दन:' को मान्यता रहेको छ। यसको अर्थ जनतालाई भगवान् विष्णु मानिएको हो। अन्यायी, अधार्मिक र कर्तव्य पूरा नगर्ने राजाका विरुद्ध विद्रोह गर्ने अधिकार जनतासँग सुरक्षित गरिएको छ।

अमात्यको परामर्श (Advice of the Ministers)

राज्य सञ्चालनमा अमात्यको महत्त्वपूर्ण भूमिका कायम गरिएको छ। ब्राह्मणहरू राजाका मन्त्री नियुक्त हुन्थे। राजाले मन्त्रीको सल्लाह बेवास्ता गर्न सक्दैन थे। राजाले अमात्यको परामर्श मान्नुपर्ने व्यवस्था राजाको शक्ति सीमित गर्ने उपाय मानिएको छ।

शक्तिको विकेन्द्रीकरण (Decentralization in Administration)

राजा प्रजाका स्वामी नभई सेवक मान्ने राजधर्मको मान्यता रहेको छ। प्राचीन राज्यव्यवस्थामा महाजनपदको विकास भएपछि स्थानीय तहको शासन स्थानीय तहबाट नै सञ्चालन गर्ने व्यवस्था मिलाइएको थियो। गाउँ, नगर, प्रादेशिक संरचना तथा सभाद्वारा गरिने कार्यमा राजाले हस्तक्षेप गर्न सक्दैन थे। शक्ति विकेन्द्रीकरण पनि राजाको अधिकार सीमित गर्ने उपाय थियो।

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राजा शक्तिसम्पन्न हुँदाहुँदै पनि धर्म, नैतिकता, जनतामा विद्रोहको अधिकार, स्थानीय शासन आदिका माध्यमबाट राजाको शक्ति सीमित गर्ने प्रयास गरिएको छ। यी राजालाई निरङ्कुश हुन नदिन गरिएका उपाय हुन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अमात्य र प्रशासनिक संगठन
(Ministers and Administrative Organizations)

प्राचीन हिन्दु राजनीतिका विचारकहरू राजाले एक्लै राज्यको प्रशासन सञ्चालन गर्न सक्दैनन् भन्ने विषयमा एक मत छन् । वैदिक साहित्य, मनुस्मृति, रामायण, महाभारत, कौटिल्यको अर्थशास्त्र, कामन्दकीयनीतिसार, शुक्रनीतिसार आदि ग्रन्थमा राजालाई प्रशासनिक कार्यमा सहयोगका लागि अमात्यको व्यवस्था गर्न राजालाई सल्लाह दिइएको छ। राजाले सहयोग र परामर्शका लागि अमात्यको नियुक्ति गर्दथे। मनुस्मृतिका अनुसार सजिलै हुनसक्ने कार्य पनि एक्लै सम्पन्न गर्न कठिन हुन्छ। राज्य सञ्चालन जस्तो महान् कार्य राजाले एक्लै सम्पादन गर्न सक्दैनन् (मनु, अ.७, श्लो.५५)। त्यसैले राजाले राज्य सञ्चालनका लागि सहयोगी नियुक्त गर्नुपर्ने हुन्छ। राजाद्वारा नियुक्त सहयोगीलाई अमात्य भनिन्थ्यो। अमात्य राज्यको अङ्ग मानिएको छ। अमात्यभित्र प्रशासनिक संरचनासमेत समावेश गरेको पाइन्छ। राज्यको सप्ताङ्ग सिद्धान्तको प्रसङ्गमा मन्त्रीदेखि प्रशासनिक संरचनालाई बुझाउन अमात्य शब्दको प्रयोग गरिएको छ।

प्राचीन हिन्दु राजनीतिक चिन्तनको इतिहासमा निङ्कुश राजतन्त्र स्थापित भइसकेको अवस्थामा पनि राजालाई परामर्श दिन र राजाको शक्तिलाई सीमित पार्न परामर्शदाताको महसुस गरिएको पाइन्छ । राजाको लागि मन्त्रणाको आवश्यकताबारे उल्लेख गरिएको छ। राज्यको स्थिरता, प्रगति, र जनताको कल्याणका लागि राजालाई ज्ञानी व्यक्तिहरूको परामर्श आवश्यक मानिएको छ।

मन्त्री-अमात्य – सचिव (Mantri, Amatya, and Sachiv)

प्राचीन हिन्दु राजनीतिक चिन्तनका ग्रन्थहरूमा राजाका सहायक एवं परामर्शदातालाई संस्कृत भाषका मन्त्री, अमात्य र सचिव शब्द प्रयोग गरिएको छ। कतै यी शब्द पर्यायवाची प्रतीत हुन्छन् भने कतै अलग-अलग अधिकारीका द्योतक मानेको पाइन्छ। मनुले मन्त्रीलाई सचिव शब्द पनि प्रयोग गरेका छन् (मनु, अ.७, श्लो.५४)। राज्यको अङ्गमा भने मनुले अमात्य शब्द प्रयोग गरेका छन् (मनु, अ.९, श्लो.२९४)। कौटिल्यले पनि अमात्य र मन्त्री दुबै शब्द प्रयोग गरेका छन्। अमात्य प्रधान मन्त्रीको अर्थमा पनि प्रयोग गरिएको छ। कौटिल्यले अमात्य र मन्त्री भिन्न अर्थमा प्रयोग गरेका छन्। मन्त्री माथिल्लो तहका अधिकारी हुन् भने अमात्य भन्नाले सबै कर्मचारी भन्ने बुझिन्छ (कौटिल्य, अधि.१, अ.८)। माथिल्लो स्तरका अमात्य जोसँग राजाले सल्लाह लिन्थे तिनलाई मन्त्री वा सचिव र सबै कर्मचारीलाई बुझाउन अमात्य शब्द प्रयोग गरेको प्रतीत हुन्छ। शुक्रचार्यले मन्त्री, अमात्य र सचिव अलग-अलग मानेका छन्। उनका अनुसार पुरोहित, प्रतिनिधि, प्रधान, सचिव, मन्त्री, प्राड्विवाक, पण्डित, सुमन्त्र, अमात्य, दूत राजाका प्रमुख दस प्रकृति हुन् (शुक्र, अ.२, श्लो.७३-७४)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मन्त्रिमण्डलको विकास (Development of Council of Ministers)

मन्त्रिमण्डलको विकासको प्रारम्भ वैदिक कालबाट नै भएको पाइन्छ । वैदिक कालमा राज्यसम्बन्धी महत्त्वपूर्ण निर्णय समितिबाट हुने व्यवस्था थियो । समिति जनताको सभा थियो । न्याय सम्पादनमा राजालाई सहयोग गर्न सभा हुन्थ्यो । यस अतिरिक्त रत्नीहरूको उल्लेख वैदिक साहित्यमा पाइन्छ । वैदक कालको रत्नीहरूको संस्था नै कालान्तरमा मन्त्रिपरिषद् बन्न गएको मानिन्छ । वैदक कालमा पुरोहित, राजन्य, महिषी, सेनापति, रथकार, ग्रामणी, राजान, दूत आदि रत्नी मानिन्थे । कालान्तरमा राजनीतिसम्बन्धी छुट्टै साहित्यको विकास भयो । राज्यको सप्ताङ्ग सिद्धान्तमा अमात्य राज्यको दोस्रो महत्त्वपूर्ण अङ्ग मानिएको छ ।

अमात्यको योग्यता र संख्या (Qualifications and Number of Ministers)

मन्त्री र सहयोगी कर्मचारीको नियुक्ति राजाले गर्दथे । सप्ताङ्ग सिद्धान्तअनुसार अमात्य राज्यको दोस्रो अङ्ग हो । राजाले तोकिएको योग्यतासम्पन्न व्यक्तिलाई अमात्य नियुक्ति गर्नुपर्छ भन्ने राजधर्मको स्थापित मान्यता छ । मन्त्री, पुरोहित, कोषाध्यक्ष, दूत, चर, सेना आदिको व्यवस्थाका बारेमा पनि प्राचीन हिन्दु राजनीतिक चिन्तनमा उल्लख गरिएको छ । सबै प्रशासनिक संगठनलाई अमात्यभित्र समावेश गरिएको छ ।

मनुस्मृतिका अनुसार राजाले राम्ररी परीक्षण गरी वंशपरम्परादेखि आफ्नो सेवा गर्दै आएका, शास्त्रज्ञ, शूर वा साहसी, युद्धविद्यामा कुशल र शुद्ध कुलका सात वा आठ मन्त्रीहरू नियुक्त गर्नुपर्छ (मनु, अ.७, श्लो.५४) । राजाले राज्य सञ्चालनका लागि आवश्यक सङ्ख्यामा आलस्यरहित, कार्यदक्ष र प्रवीण व्यक्ति मन्त्री नियुक्त गर्नुपर्छ भन्ने पनि मनुको विचार छ (मनु, अ.७, श्लो.६१) । देवताका गुरू बृहस्पतिले आत्मसंयमी व्यक्तिलाई मन्त्री नियुक्त गर्न सल्लाह दिएका छन् (बृहस्पति, अ.१, सू.२) । अमात्य शब्दको अर्थ मन्त्री हो तापनि कौटिल्यले यो शब्द मन्त्रीका साथसाथै सम्पूर्ण प्रशासनिक कर्मचारीसमेत समेट्ने अर्थमा प्रयोग गरेका छन् । राज्य सुव्यवस्थित ढङ्गले सञ्चालन गर्नका लागि राजालाई अमात्यको सहयोगको आवश्यकता पर्दछ । राजा र अमात्य एउटा रथका दुईवटा पाङ्ग्रा जस्तै हुन् । जसरी एउटा मात्र पाङ्ग्राले गाडी चल्न सक्दैन त्यसै गरी राज्य पनि सहायताबिना सञ्चालन गर्न सकिदैन । त्यसैले राजाले सुयोग्य सचिवहरूको नियुक्ति गरेर तिनको परामर्शलाई हृदयङ्गम गरी राज्य सञ्चालन गर्नु पर्दछ भन्ने कौटिल्यको विचार छ[८] (कौटिल्य, अधि.१, अ.६) । उनले सुयोग्य, इमान्दार र कर्तव्यनिष्ठ अमात्यको नियुक्तिमा जोड दिएका छन् । पुरुषको सामर्थ्य, विद्या, बुद्धि, साहस, गुण, दोष, देश, काल र पात्र विचार गरेर अमात्य नियुक्ति गर्न कौटिल्यले राजालाई सल्लाह दिएका छन् । उनका अनुसार आफ्नो जनपदमा

---

८ सहायसाध्यं राज्यत्वं चक्रमेकं न वर्तते ।
कुर्वीत सचिवांस्तस्मात्तेषां च शृणुयान्मतम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

जन्मेको, कुलीन, अवगुणशून्य, सवारी चलाउन निपुण एवं ललितकलाको ज्ञाता, अर्थशास्त्रको ज्ञाता, बुद्धिमान्, स्मरणशक्ति सम्पन्न, चतुर, वाकपटु, प्रगल्भ, प्रतिवाद वा प्रतिकार गर्न समर्थ, उत्साही, प्रभावशाली, सहिष्णु,पवित्र, मित्रता गर्न योग्य, दृढ, स्वामिभक्त, सुशील, समर्थ, स्वस्थ, धैर्यवान्, निरभिमानी, स्थिर प्रकृति, प्रियदर्शी र दोषरहित व्यक्ति अमात्य वा प्रधानमन्त्री पदका लागि योग्य हुन्छ (कौटिल्य, अधि.१, अ.८)। कौटिल्यले मन्त्री नियुक्त गर्नुभन्दा पहिले उसको योग्यता, गुण र आचरणको परीक्षण गर्न राजालाई परामर्श दिएका छन्। उनले मन्त्रीको सङ्ख्या निर्धारण गरेका छैनन्। मन्त्रीको सङ्ख्या सामर्थ्यअनुसार निर्धारण गर्नुपर्छ भन्ने कौटिल्यको मत छ (कौटिल्य, अधि.१, अ.१४)

अमात्यको प्रमुख कार्य शासन सञ्चालनमा राजालाई सहयोग गर्नु हो। राज्यमा कृषि उत्पादनको वृद्धि, राज्यको विकास र रक्षाका निम्ति राजालाई आवश्यक परामर्श दिनु अमात्यको मुख्य कार्य हो। कौटिल्यले शासनको जिम्मेवारी राजामा निहित गरेका छन्। मन्त्रीगण राजाका सहायक मात्र हुन्। मन्त्रीलाई सल्लाह प्रदान गर्ने अधिकार हुन्छ तर मन्त्रीको सल्लाह मान्ने नमान्ने राजाको इच्छामा निर्भर हुन्छ भन्ने कौटिल्यको मत छ। मन्त्री नियुक्त गर्न र पदच्युत गर्न सक्ने शक्ति राजामा निहित गरिएको छ। कौटिल्यले पुरोहित तथा अन्य पदाधिकारीको नियुक्तिको अधिकार पनि राजामा निहित रहने व्यवस्था गरेका छन्। उच्चकुलमा जन्मेको, असल शील र गुणले सम्पन्न, वेदवेदाङ्ग, ज्योतिषशास्त्र र शकुनशास्त्रको ज्ञाता, दण्डनीतिमा पारङ्गत, अथर्ववेदमा निर्दिष्ट दैवी एवं मनुष्यद्वारा सिर्जित विपत्तिको प्रतिकार गर्न समर्थ ब्राह्मणलाई पुरोहित पदमा नियुक्तिका लागि योग्य मानिएको छ। राजालाई पुरोहितको अनुगामी बन्ने सल्लाह दिइएको छ। पुरोहित पद ज्यादै महत्त्वपूर्ण मानिएको छ। शिष्यले गुरुको, पुत्रले पिताको र नोकरले मालिकको अनुसरण गरे जस्तै राजाले पुरोहितको अनुसरण गर्नु पर्दछ भन्ने कौटिल्यको मत छ (कौटिल्य, अधि.१, अ.८)।

शुक्राचार्यका अनुसार सत्य बोल्ने, गुणसम्पन्न, उच्च वंशमा जन्मेको, धनी, निर्दोष कुलभएको, सुशील, उत्तम कार्य गर्ने, आलस्यरहित, कायिक, वाचिक र मानसिक रूपले आफ्नोभन्दा चारगुणा महत्त्व दिएर स्वामीको कार्य सम्पन्न गर्न प्रयास गर्ने, पारिश्रमिकमा सन्तुष्ट हुने, मधुरभाषी, कार्य गर्न चतुर, पवित्र चित्त भएको, स्थिर, परोपकारमा निपुण, अपकार नगर्ने, स्वामीप्रति अपकारका विरुद्ध आफ्नै पिता-पुत्रमाथि पनि निग्रह राख्ने अमात्यका गुण हुन्। अन्याय-पथमा चल्ने स्वामीलाई सन्मार्गमा लगाउन प्रयत्नशील, स्वामीलाई आक्षेप नलगाउने, स्वामीका त्रुटि अन्य व्यक्ति समक्ष प्रकाशित नगर्ने, राम्रो कार्यमा शीघ्रता र गलत कार्यमा विलम्ब गर्ने, स्वामीका पत्नी, पुत्र, मित्र आदिको दोष प्रकाशमा नल्याउने, स्वामीका पत्नी, पुत्र, बन्धु आदिप्रति स्वामीप्रति जस्तै आदर भाव राख्ने, आफ्नो प्रशंसा नगर्ने, स्वामी र स्वामीका आफन्तसँग प्रतिस्पर्धा नगर्ने वा दोषार्पण नगर्ने, अरूको अधिकार प्राप्त गर्न लालायित नहुने, निस्पृह एवं सदा प्रसन्न रहने, स्वामीले दिएका वस्त्र भूषण धारण गर्ने, आम्दानीअनुसार खर्चगर्ने,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
इन्द्रिय दमन गर्ने,दयालु, शूरवीर र स्वामीका अनुचित कार्य एकान्तमा स्वामीलाई सूचित गर्ने गुण भएको भृत्य (मन्त्रीआदि) श्रेष्ठ हुन्छन् भन्ने शुक्राचार्यको विचार छ (शुक्र, अ.२, श्लो. ५४-६५)।

शास्त्रीय ग्रन्थमा वर्णन गरिएका मन्त्रीका योग्यतालाई दृष्टिगत गर्दा मन्त्री शासनकलामा निपुण हुनुपर्ने मान्यता रहेको पाइन्छ। मन्त्रीमा चार उपाय र षड्गुणको सैद्धान्तिक र व्यावहारिक ज्ञान हुन आवश्यक मानिएको छ। मन्त्री पराक्रमी, शस्त्रास्त्रमा निपुण र स्वामी भक्त हुनुपर्नेमा जोड दिइएको छ। योजना बनाउन पनि मन्त्री निपुण हुन आवश्यक मानिएको छ। मन्त्री राजालाई सत्यबारे परामर्श दिन सक्षम र प्रशासन सञ्चालनमा दक्ष हुनुपर्नेमा विशेष जोड दिइएको छ। राजालाई गलत कार्य गर्नबाट रोक्नु मन्त्रीको दायित्व मानिएको छ।

अमात्यको नियुक्ति, अधिकार र कर्तव्य (Appointment, Powers and Obligations of Amatya)

प्राचीन हिन्दु राज्यव्यवस्थामा अमात्यको नियुक्ति राजाबाट हुने व्यवस्था गरिएको छ। योग्य व्यक्तिलाई अमात्य पदमा नियुक्ति गर्नु राजाको कर्तव्य मानिएको छ। राजाका सल्लाहकार मन्त्री पदमा मूलत: ब्राह्मणहरू नियुक्त गर्ने व्यवस्था छ। तर पछिल्लो कालखण्डमा भृत्य पनि अमात्य अन्तर्गत पर्ने हुँदा अन्य वर्णको पनि सहभागिताको आवश्यकता महसुस गरिएको पाइन्छ। राज्यको प्रशासन अमात्यहरूको सहयोगमा सञ्चालन गर्ने व्यवस्था गरिएको छ। राजा र अमात्य मिलेर प्रशासन चलाउनु पर्दछ भन्ने मान्यता रहेको छ। राजालाई मन्त्रीको सल्लाह उल्लङ्घन गर्न निरुत्साहित गरिएको छ। राजाका सबै कार्य मन्त्रिपरिषदमार्फत सम्पन्न गर्ने व्यवस्था कायम गरिएको छ। राज्यको शान्तिसुरक्षा र जनताको हित हुने कार्य गर्न मन्त्रिपरिषद्लाई जिम्मेवार बनाइएको छ। बाह्य आक्रमणबाट देशको प्रतिरक्षामा पनि मन्त्रिपरिषद्को भूमिका निर्धारण गरिएको छ। शुक्राचार्यले पुरोहित, राजप्रतिनिधि, प्रधान, सचिव, मन्त्री, प्राड्विवाक, पण्डित, सुमन्त्र, अमात्य, र दूतलाई मन्त्रिपरिषद्मा समावेश गरेका छन्।

लोककल्याणकारी राजतन्त्र (Concept of Benevolent Monarchy)

प्राचीन हिन्दु राज्यव्यवस्थामा शासन व्यवस्था मूलत: राजतन्त्रात्मक भएको हुँदा राज्यशक्ति राजामा केन्द्रित गरिएको छ। संस्कृत शब्द राजाको अर्थ 'प्रजारञ्जनात् राजा' मानिएको छ। 'प्रजारञ्जनात् राजा' को अर्थ प्रजालाई प्रसन्न बनाउने व्यक्ति राजा हुन् भन्ने हुन्छ। प्रजालाई प्रसन्न बनाउन असल शासन आवश्यक हुन्छ। लोककल्याणकारी राजतन्त्रमा असल शासन सम्भव हुन्छ भन्ने हिन्दु राजनीतिक चिन्तनको मान्यता छ। राजालाई निरङ्कुश हुनबाट रोक्न र लोककल्याणकारी राजतन्त्रको अभ्यासका लागि प्राचीन हिन्दु राजनीतिक चिन्तनमा उल्लेख गरिएका आधारहरू निम्नबमोजिम रहेका छन्:

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

हिन्दु राजनीतिक चिन्तनमा राजालाई देवांश मानिएको छ। क्षत्रिय वर्णको व्यक्ति राजा हुनुपर्छ भन्ने मनुको मान्यता छ। बुद्धका अनुसार सक्षम व्यक्ति जुन सुकै वर्णको भए पनि राजा हुन योग्य मानिन्छ। चण्डेश्वरले पनि क्षत्रिय वर्णको व्यक्ति मात्र राजा हुन सक्छ भन्ने मान्यता स्वीकार गर्दैनन्। राजाका लागि शिक्षा आवश्यक मानिएको छ। वेद, दर्शन, वार्ता (कृषि, पशुपालन र उद्योग व्यापार) र दण्डनीतिको सैद्धानतिक र व्यावहारिक शिक्षा राजाका लागि अनिवार्य मानिएको छ। शिक्षाबाट नैतिक र अनैतिक कार्यको ज्ञान प्राप्त हुन्छ। दण्डनीतिबाट शासनकलाको ज्ञान हुन्छ। कौटिल्यका अनुसार शिक्षाले राजालाई विनयी वा अनुशासित हुन सिकाउँछ। विनयी राजाले मात्र लोककल्याणकारी राज्य सञ्चालन गर्न सक्छ भन्ने मान्यतामा सबै राजनीतिक विचारकहरूको मतैक्यता छ। काम, क्रोध आदि दुर्व्यसनबाट राजा मुक्त हुनुपर्छ। राजा इन्द्रियसंयमी हुनुपर्छ। चरित्रवान् व्यक्तिमात्र राजा हुनुपर्छ भन्ने सर्वमान्य सिद्धान्त रहेको छ। चरित्रवान्र इमान्दार व्यक्ति व्यक्ति सुशासन कायम हुन्छ। विनयी राजा निरङ्कुश हुन सक्दैन भन्ने मान्यता रहेको छ।

राजतन्त्रमा राजाको मृत्यु भएमा वा राजाले राज्य त्याग गरेमा वंशानुक्रमबाट राजाको जेठो छोरोले उत्तराधिकार प्राप्त गर्ने सामांन्य नियम रहेको छ। तर राजाको जेठो छोरा अयोग्य भएमा त्यसलाई राजा बनाइँदैनथ्यो। रामायणका अनुसार सगर राजाका असमञ्ज नाम गरेका छोरा थिए। नगरवासीले सगर राजासँग असमञ्जले उनीहरूका खेलिरहेका अबोध बालबालिकालाई सरयू नदीमा फालेर परम प्रसन्नता अनुभव गर्ने गरेको गुनासो गरे। जनताको गुनासो सुनेर राजा सगरले प्रजाको प्रिय बनिरहनका लागि आफ्नो छोरोलाई परित्याग गरे र जीवनपर्यन्त देश निकाला गरेका थिए (वाल्मीकि, अयो.,स.२७, श्लो.१५-१९)। प्राचीन हिन्दु राज्यव्यवस्थामा राजाका स्वाभाविक उत्तराधिकारी पनि दुर्व्यसनी र अविनयी भएमा राजा बन्न योग्य मानिदैनथे भन्ने स्पष्ट हुन्छ। राजा बन्न जनताको अनुमोदन पनि आवश्यक हुन्थ्यो। वृद्ध राजा दशरथले रामलाई युवराज घोषणा गर्ने इच्छा गरे। राम योग्य थिए। दशरथले रामलाई युवराज घोषणा गरी त्यसको अनुमोदन गराउन 'राजानो लोकसंमताः' लोकसंमत राजाहरूको परिषद्को वैठक बोलाएका थिए। परिषद्का सदस्यलाई पनि राजा भनिन्थ्यो। परिषद्मा धर्म र अर्थ तथा राजाको अभिप्रायको ज्ञान भएका ब्राह्मण, सेनापति, नगरवासी र जनपदवासीको उपस्थिति थियो (वाल्मीकि, अयो.,स.२, श्लो.१९-२०)। रामयणकालमा जनताद्वारा अनुमोदित व्यक्ति मात्र राजा बन्न सक्छ भन्ने मान्यता रहेको प्रमाणित हुन्छ। साथै राज्याभिषेक पनि जनताद्वारा राजत्वको अनुमोदनको प्रक्रिया थियो। राज्याभिषेकमा राजाले राजधर्मको पालना गर्ने प्रतिज्ञा गर्दथे। कर्तव्यको बन्धनद्वारा राजालाई राजर्षि बनाउने प्रयास हिन्दु राजनीतिक चिन्तनको सार हो।

राजालाई धर्मको अधीनमा राखिएको छ र शास्त्र र प्रथाको उल्लङ्घन गर्न रोक लगाइएको छ। राजनीतिमा पनि धर्म सर्वोच्च मानिएको छ। सनातन धर्मको पालना गर्नु र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

जनतालाई पनि पालना गर्न लगाउनु राजाको कर्तव्य थियो। धर्म स्थापनाको अर्थ सत्य (Righteousness) को स्थापना हो। धर्म उल्लङ्घन गर्ने अधिकार राजालाई दिइएको छैन। सत्ययुगमा धर्मका आधारमा समाज चलेको थियो। सबैलाई सनातन धर्म र आ-आफ्नो कर्तव्यको ज्ञान थियो। सबैले आ-आफ्नो कर्तव्य पालना गर्दथे। राजा र राज्यको आवश्यकता थिएन। जब धर्ममा ह्रास आयो समाजमा मात्स्यन्यायको अवस्था सृजना भयो। मात्स्यन्यायको अवस्थाबाट समाजलाई मुक्त गरी समाजमा धर्मको स्थापनाका लागि राजाको उदय भएको मानिन्छ। समाजमा धर्मको स्थापना गर्नु राजाको कर्तव्य हो। धर्मको स्थापना अर्थ समाजमा शान्तिसुरक्षाको बन्दोवस्त गर्नु हो। अपराधीलाई दण्ड दिनु र सज्जनको रक्षा गर्नु धर्म स्थापना गर्नु हो। शास्त्रअनुसार न्याय सम्पान गर्नु पनि राजाको कर्तव्य मानिएको छ। समाजमा न्यायको स्थापना गर्नु पनि राजाको कर्तव्य मानिएको छ। शास्त्रअनुसार मात्र कर उठाउनु पर्छ भन्ने नियम रहेको छ। आर्थिक पवित्रतालाई परम पवित्रता मानिएको छ। राजाले राज्यकोषको प्रयोग राज्य र जनताको हितका लागि खर्च गर्नुपर्छ भन्ने मान्यता छ। निजी सुखका लागि राज्यकोषको प्रयोग गर्न निषेध गरिएको छ।

प्राचीन हिन्दु राज्यव्यवस्थामा बाह्य आक्रमणबाट राज्यको रक्षा गर्नु राजाको कर्तव्य मानिएको छ। राज्यको रक्षाका लागि बलियो सेनाको सङ्गठन आवश्यक हुन्छ। सेनाको बन्दोबस्त गर्नु राजाको कर्तव्य हो। सेनाको नेतृत्व गरेर राजा स्वयं युद्धमा संलग्न हुनुपर्छ भन्ने मान्यता रहेको छ।

आफ्ना सहयोगी अमात्य आदि अधिकारी नियुक्ति गर्ने अधिकार राजामा निहित गरिएको छ तापनि योग्यताका आधारमा नियुक्ति गर्नुपर्छ भन्ने नियम रहेको छ। मन्त्रीको परामर्श राजाले सुनेर तदनुसार कार्य गर्नुपर्ने व्यवस्था छ। राजाले पुरोहित, मन्त्री आदिको परामर्श उल्लङ्घन गर्नुहुँदैन भन्ने मान्यता रहेको छ।

जनतालाई राजाका विरुद्ध विद्रोहको अधिकार दिइएको छ। धर्मको पालना नगर्ने अविनयी राजाका विरुद्ध विद्रोहको अधिकार जनतासँग सुरक्षित गरिएको छ। राजालाई निरङ्कुश हुनबाट रोक्न जनतामा विद्रोहको अधिकार निहित गरिएको हो। राजाले आलोचना सुन्नुपर्छ भन्ने सिद्धान्त रहेको छ। आलोचना सुन्नका लागि जनतामा विचार र अभिव्यक्तिको स्वतन्त्रता आवश्यक हुन्छ। स्वतन्त्रता नभएको अवस्थामा सत्य बाहिर अभिव्यक्त हुन सक्दैन भन्ने विषयमा प्राचीन हिन्दु राजनीतिक चिन्तकहरू सहमत छन्। रामको राज्यमा धोबीको भनाइ सुनेर रामले धोबीलाई सजाय नगरी पवित्र छिन् भन्ने जान्दाजान्दै पनि पत्नी सीतालाई सजाय गरेका थिए। रामले केवल लोकोपवादबाट बच्नका लागि सीतालाई सजाय दिए। यसरी प्राचीन राज्य व्यवस्थामा राजा जनताको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
आलोचनाप्रति असहिष्णु हुन हुँदैन भन्ने मान्यता रहेको छ। आलोचना सुन्ने व्यवस्था राजालाई निरङ्कुश हुनबाट रोक्ने साधन हो। यसको अन्तिम लक्ष्य लोककल्याण नै हो।

प्रजाको सुख नै राजाको सुख हो। प्रजाको हितमा राजाको हित हुन्छ। राजालाई प्रिय लाग्ने कुरामा होइन जनतालाई प्रिय लाग्ने कुरामा राजाले आफ्नो हित देख्नु पर्छ भन्ने उच्च आदर्श पालना गर्नु पनि राजाको कर्तव्य मानिएको छ। दीन दुःखी, असक्त, बाल, वृद्धलाई सहयोग गर्नु राजाको कर्तव्य हो। सबै प्रजाका लागि भोजन, स्वास्थ्य र सुरक्षाको उचित व्यवस्था गर्नु राजाको कर्तव्य हो। सामाजिक आर्थिक न्याय स्थापनाका लागि काम गर्नु राजाको कर्तव्य मानिएको छ। यसका लागि समृद्धि आवश्यक हुन्छ। समृद्धि ल्याउन सहयोग गरेर राजाले प्रजालाई खुसी बनाउनु पर्छ भन्ने राजनीतिक सिद्धान्त रहेको छ।

मनु, बृहस्पति, शुक्राचार्य, कौटिल्य, वाल्मीकि, व्यास आदि विचारकहरूले लोककल्याणकारी राजतन्त्रको प्रतिपादन गरेका छन्। सदाचारको पालना गर्ने राजर्षि राजा हुनुपर्छ भन्ने मान्यता रहेको छ। लोकको कल्याण गर्नु राजाको उद्देश्य हो। मानिसका जीवनका चार लक्ष्य धर्म, अर्थ, काम र मोक्ष प्राप्त गर्न जनतालाई सहयोग गर्नु राजाको कर्तव्य हो। प्रजाको कल्याणका लागि राजा शक्तिशाली हुन्थे। राजा राज्यका स्वामी होइन सेवक हुन् भन्ने मान्यता रहेको छ। राजा कर्तव्यको सीमाभित्र बाँधिएका छन्। प्राचीन हिन्दु राज्यव्यवस्थाको स्वरूप लोककल्याणकारी राजतन्त्र रहेको छ।

प्रजाको दायित्व (Obligations of the *Prajas*)

राजधर्मको पालना गर्नु र समाजमा सत्यधर्मको स्थापना गर्नु राजाको दायित्व मानिएको छ। प्राचीन हिन्दु राज्यव्यवस्थामा प्रजाका पनि कर्तव्य निर्धारण गरिएको छ। सर्वप्रथम स्वधर्मको पालना गर्नु सबैको कर्तव्य हो। सबैले आ-आफ्नो कर्तव्य पूरा गर्ने हो भने समाजमा शान्तिसुव्यवस्था कायम आफै हुन्छ। स्वधर्म पालन गर्नु र गराउनु राजाको कर्तव्य हो भने र स्वधर्म पालना गर्नु प्रजाको कर्तव्य मानिएको छ। कर तिर्नु र विनयी राजाको उचित आदेश पालन गर्नु प्रजाका कर्तव्य हुन्। राज्यकोषमा कसैले लोभ गर्नु हुँदैन त्यसको रक्षा सबैले गर्नुपर्छ भन्ने मान्यता रहेको छ। जनतालाई विद्रोहको अधिकार दिइएको छ तापनि विनयी राजाका विरुद्ध विद्रोह गर्न निषेध गरिएको छ। राजद्रोह गर्नु पाप हो भन्ने उल्लेख गरिएको छ। विनयी राजालाई सहयोग गर्नु प्रजाको कर्तव्य मानिएको छ।

निष्कर्ष (Conclusion)

प्राचीन हिन्दु राज्यव्यवस्थामा राजनीतिक प्रणाली मूलतः राजतन्त्र रहेको छ। राजा र राज्यको उदय मात्स्यन्यायको अन्त्य गरी समाजमा धर्म स्थापनाका लागि भएको मानिएको छ। राजालाई एकातिर देवांश मानिन्छ भने अर्कोतर्फ जनताद्वारा राजाको अनुमोदनको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.

CC-0.In Public Domain. Digitization by eGangotri
व्यवस्था पनि गरिएको छ । बुद्धले भने राजाको उदय सम्झौताबाट भएको मानेका छन् । प्राचीन हिन्दु राजनीतिक चिन्तकहरूले राजालाई दुर्व्यसनमा संलग्न नभएको सदाचारी राजर्षि बनाउने योजना गरेका छन् । शक्तिसम्पन्न राजाको व्यवस्था छ तापनि राजालाई निरङ्कुश हुन नदिन नियन्त्रणका उपायको पनि व्यवस्था मिलाइएको छ । समाजमा अपराधीलाई दण्ड सजाय गर्नु, सज्जनको रक्षा गर्नु राजाको प्रमुख कर्तव्य मानिएको छ। बाह्य आक्रमणबाट राज्यको प्रतिरक्षा गर्नु पनि राजाको कर्तव्य हो । राजाले प्रजाको कल्याणका लागि काम गर्नुपर्दछ। अमात्य, मन्त्री, सेना आदि सहयोगीको नियुक्ति राजाले योग्यताका आधारमा गर्नु पर्दछ भन्ने प्राचीन राजनीतिशास्त्रकारहरूको विचार रहेको छ। राजधर्मको पालना गर्नु राजाको कर्तव्य हो। जनताको रक्षक र सेवकका रूपमा राजा रहनु पर्छ भन्ने योजना बनाइएको छ। प्रजाले पनि आफ्नो कर्तव्य पालना गर्नु पर्दछ भन्ने प्राचीन हिन्दु राजनीतिक चिन्तनको मान्यता रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

एकाइ – छ

प्राचीन हिन्दु राज्यव्यवस्थामा विधिको स्वरूप र न्याय प्रशासन

(Nature of Law and Judicial Administration in Ancient Hindu Polity)

कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सरकारका तीन अङ्ग हुन् । प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राजतन्त्रात्मक शासन व्यवस्थाको बाहुल्यता रहेको छ । राजतन्त्रमा कार्यपालिका र न्यायपालिकासम्बन्धी सर्वोच्च शक्ति राजामा निहित गरिएको छ । कार्यपालिका र न्याय प्रशासनबीच घनिष्ठ सम्बन्ध कायम गरिएको छ । प्राचीन हिन्दु राज्यव्यवस्थामा वैदिक कालदेखि नै राज्य र शासन व्यवस्थाको विकाससँगसँगै न्यायप्रणालीको पनि विकास भएको मानिन्छ । अराजक अवस्थाबाट समाजलाई मुक्त गर्न र जनताको सुखी जीवनका लागि राज्य र शासन पद्धतिको उदय भएको हो भन्ने हिन्दु चिन्तनको मान्यता रहेको छ । प्राचीन वैदिक समाजमा सनातन धर्म नै विधि मानिएको छ । मानिसले आचार र व्यवहारमा गर्नुपर्ने कार्यलाई धर्म र गर्न नहुने कार्यलाई अधर्म भनिन्छ । धर्म शब्द विभिन्न अर्थमा प्रयोग गरिएको छ । धर्मशास्त्रको दृष्टिमा धर्मको अर्थ अध्यात्म हो । नीतिशास्त्रको दृष्टिमा यसको अर्थ दुर्गुणरहित सदाचार, सद्गुण वा नैतिकता हो । विधिशास्त्रीय दृष्टिमा यसको अर्थ कानुन हो । कार्यको दृष्टिमा यसको अर्थ कर्तव्य हो (Sarkar, 1998, p.19) । शासकदेखि सर्वसाधारण जनता सबैले आ-आफ्नो धर्मको पालन गरेमा न्यायपूर्ण समाजको निर्माण गर्न सकिन्छ भन्ने मान्यतामा प्राचीन हिन्दु राजनीतिक चिन्तन आधारित छ । धर्मशास्त्र र परम्परा नै विधिका मूल आधार हुन् । राजतन्त्रात्मक शासन व्यवस्थामा धर्मका आधारमा न्याय सम्पादन गर्नु राजाको कर्तव्य मानिएको छ । समाजमा धर्म वा सदाचारको प्रचलन गराउनु न्याय प्रशासनको लक्ष्य रहेको छ । समाजमा सृजना भएका विवादको फैसलाका लागि कानुन र न्याय प्रशासनको जन्म भएको मानिएको छ । प्राचीन वैदिक सनातन समाजमा सनातन धर्मका नियम नै मानिसको आचरण नियमित गर्न विकास गरिएका र राज्यको स्वीकृति प्राप्त गरेका कानुन मानिएको छ । त्यसको पालना गराउन राज्य-शक्तिको प्रयोग गर्नुपर्छ भन्ने मान्यता रहेको छ । ती नियम नै शास्त्रीय हिन्दुविधि अन्तर्गत पर्दछन् । वैदिक कालदेखि निरन्तर रूपमा शास्त्रीय विधिका सिद्धान्तअनुसार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.

CC-0.In Public Domain. Digitization by eGangotri
हिन्दु राज्यको प्रशासन र न्याय प्रणाली सञ्चालित हुँदैआएको मानिन्छ । शास्त्रीय विधि कुनै एउटा राज्यको मात्र कानुन होइन । यो सार्वभौम कानुन मानिएको छ । स्थान विशेषका आधारमा स्थापित परम्पराका आधारमा सामान्य भिन्नतालाई देशधर्म भनी मान्यता दिइएको छ । बेलायतले आफ्नो तात्कालिक उपनिवेश भारतका हिन्दुहरूका लागि सन् १७७२ मा एङ्लो हिन्दु ल र त्यसैगरी नेपालमा वि.सं १९१० मा मुलुकी ऐन लागु गर्नुभन्दा पहिले दक्षिण एसियाका हिन्दु राज्यहरूमा शास्त्रीय हिन्दु कानुन प्रचलनमा थियो । यसको प्रभाव दक्षिण पूर्व एसियाका मुलुकसम्म विस्तारित थियो । शास्त्रीय हिन्दु विधि पाश्चात्य मान्यतामा जस्तो राजा वा सम्प्रभुको आदेश होइन ।

तात्कालिक वैदिक सनातन समाजमा लिखित र अलिखित रूपमा प्रचलित नियमलाई शास्त्रीय हिन्दुविधि मानिन्छ । आचार, व्यवहार र दण्डको निर्धारण शास्त्रीय हिन्दु विधिमा प्रस्तुत गरिएका मुख्य विषयवस्तु हुन् । आचार भनेको व्यक्तिले पालन गर्नु पर्ने व्यक्तिगत, पारिवारिक र सामाजिक सदाचारका नियम हुन् । विवादको न्याय निरूपणसम्बन्धी कार्यका लागि शास्त्रीय हिन्दु विधिमा व्यवहार शब्दको प्रयोग गरिएको छ । प्राचीन हिन्दु राजनीतिक चिन्तनमा उल्लेख गरिएका विधिको स्वरूप, विधिद्वारा निर्धारित न्याय सम्पादनको कार्यविधि र प्रमाणसम्बन्धी नियमसमेतको विवेचना यस एकाइमा गरिएको छ ।

शास्त्रीय विधि(Classical Law)

प्राचीन हिन्दु चिन्तनमा विधिलाई धर्म भनिन्छ । वेदले निर्दिष्ट गरेको कर्म गर्नु धर्म हो । सत्य र न्याय धर्मका आधार हुन् । सत्य र न्याय हरेक सभ्य समाजमा आवश्यक पर्छ । सनातन परम्परामा धर्मको मूल आधार वेदलाई मानिएको छ । वेद, स्मृति, सदाचार र आफ्नो प्रिय लाग्ने आचरण धर्मका मूल हुन् भनी मनुले विधिको परिचय दिएका छन्[१] (मनु, अ.२, श्लो.६) । याज्ञवल्क्यले पनि वेद, स्मृति, सदाचार, आफूलाई प्रिय लाग्ने आचरण र असल उद्देश्यले सङ्कल्प गरिएको कार्य धर्मका आधार मानेका छन् (याज्ञवल्क्य, आ., श्लो.७) । वेद, स्मृति, सदाचार, र न्याय सर्वमान्य कानुन मानिएको छ । बृहस्पतिले धर्म, व्यवहार, चरित्र र राजाको आज्ञालाई आधारभूत कानुन स्वीकार गरेका छन् (बृहस्पति, व्य. १, श्लो.१८) । कौटिल्यका अनुसार धर्म, व्यवहार, चरित्र, र राज-शासन कानुनका स्रोत हुन् । यी चारमध्ये पनि धर्मभन्दा व्यवहार, व्यवहारभन्दा चरित्र र चरित्रभन्दा राजाज्ञा शक्तिशाली हुन्छ भन्ने उनको विचार छ ।। धर्म सत्यमा, व्यवहार साक्षीमा, चरित्र सामाजिक जीवन पद्धतिमा आधारित हुन्छ भने राजाको आज्ञालाई शासन भनिन्छ[२] (कौटिल्य, अधि.३, अ.१, श्लो.२-३) । धर्म अन्तर्गत वेद, स्मृति आदि समावेश गरिएका छन् । साक्षी आदि प्रमाणका आधारमा गरिएका निर्णयलाई व्यवहार

१ वेदोऽखिलो धर्ममूलं स्मृतिशीले च तद्विदाम् । आचारश्चैव साधूनामात्मनस्तुष्टिरेव च ।

२ धर्मश्च व्यवहारश्च चरित्रं राजशासनम् । विवादार्थश्चतुष्पादः पश्चिमः पूर्वबाधकः ॥
अत्र सत्ये स्थितो धर्मो व्यवहारस्तु साक्षिषु । चरित्रं सङ्ग्रहे पुंसां राज्ञामाज्ञा तु शासनम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
भनिन्छ । सदाचार वा लामो समयदेखि अभ्यास हुँदै आएका परम्परा वा प्रथा आचार हुन् । पाश्चात्य विधिशास्त्रमा जस्तो राज्यसँग मात्र कानुन निर्माण गर्ने शक्ति निहित हुन्छ भन्ने मान्यता प्राचीन वैदिक सनातन चिन्तनमा छैन। राजालाई विधिनिर्माण गर्ने शक्ति दिइएको छैन। वेद र वैदिक ऋषिहरुद्वारा प्रतिपादन गरिएका सिद्धान्तलाई संविधान र कानुनको रूपमा मान्यता दिइएको छ । मनुका अनुसार राजाले जातिधर्म, देशधर्म, श्रेणीधर्म र कुलधर्मको समीक्षा गरेर विवादको न्यायिक निर्णय गर्नुपर्छ (मनु, अ.८, श्लो.४१)। जाति, प्रदेश, व्यावसायिक सङ्गठन र परिवारमा परम्परादेखि प्रचलनमा रहेका नियमलाई राज्यले मान्यता दिने गरेको पाइन्छ । प्राचीन हिन्दु शासन व्यवस्थामा कानुनको बहुलवादी दृष्टिकोण स्वीकार गरिएको स्पष्ट हुन्छ । आधुनिक विधिशास्त्रमा पनि धर्मशास्त्रलाई कानुनको स्रोत मानिन्छ। वेद, धर्मसूत्र र स्मृति आदि वैदिक सनातन धर्मका आधारभूत ग्रन्थ हुन्। गौतमधर्मसूत्रमा वेद, धर्मसूत्र, स्मृति, वेदाङ्ग, उपवेद र पुराणलाई विधिका आधिकारिक स्रोतग्रन्थ मानिएको छ[३] (गौतम, ११, सू.१९)। हिन्दुविधिका मूल स्रोत निम्नानुसार रहेका छन्:

श्रुति (Veda)

वेदलाई श्रुति भनिन्छ। मनुका अनुसार वेद सम्पूर्ण धर्मको मूल हो[४] (मनु, अ.२, श्लो.६)। श्रुतिपरम्पराबाट इतिहासको लामो कालखण्डसम्म एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको हुनाले वेदलाई श्रुति भनिन्छ। वेद कुनै एउटा लेखकको रचना होइन। त्यस कारण वेद अपौरुषेय मानिन्छ। मन्त्रद्रष्टा ऋषिहरूले तपोबलद्वारा ईश्वरसँग साक्षात्कार गरी सृष्टिको सञ्चालनका लागि आवश्यक ज्ञान वेदका मन्त्रका रूपमा प्राप्त गरेको मानिन्छ। त्यसैले वेदलाई ईश्वरबाट प्राप्त शाश्वत ज्ञान मानिएको हो। ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद चार वेद हुन्। मानव सभ्यताको सबैभन्दा पहिलो ग्रन्थ ऋग्वेद हो । यी चार वेद सनातन धर्मका सबैभन्दा प्रामाणिक ग्रन्थ मानिन्छन्। प्रत्येक वेदका मन्त्र, ब्राह्मण, आरण्यक र उपनिषद् गरी चार भाग छन्। वेदको मूल संहिता खण्डलाई मन्त्र भनिन्छ। ब्राह्मण, आरण्यक र उपनिषद् व्याख्यात्मक ग्रन्थ हुन्। हरेक वेद विभिन्न शाखामा विभाजित छन्। चार वेदका उपवेद क्रमशः आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद र अर्थवेद हुन्। शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष वेदको व्यख्या गर्न विकास गरिएका छ वेदाङ्ग हुन्। त्यसपछि मानवीय कर्तव्यको विवेचना गर्न सूत्र साहित्यको रचना भएको मानिन्छ। श्रौतसूत्र, गृहसूत्र र धर्मसूत्र गरी सूत्र तीन प्रकारका छन्। श्रौतसूत्रमा यज्ञसम्बन्धी नियमको विवेचना गरिएको छ । गृहसूत्रमा लौकिक र पारलौकिक कर्तव्यको विवेचना गरिएको छ। धर्मसूत्रमा धार्मिक, सामाजिक र राजनीतिक कर्तव्यको उल्लेख गरिएको छ। विधिको अध्ययनका दृष्टिले धर्मसूत्र महत्त्वपूर्ण ग्रन्थ हुन्। धर्मसूत्रमा प्राचीन हिन्दु विधि व्यवस्थाको स्पष्ट झलक पाइन्छ। गौतम, बौधायन, आपस्तम्ब र वासिष्ठ धर्मसूत्रका प्रमुख

३ तस्य च व्यवहारो वेदो धर्मशास्त्राण्यङ्गान्युपवेदाः पुराणम्।

४ वेदोऽखिलो धर्ममूलं...।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
रचनाकार मानिन्छन् । धर्मसूत्रलाई वैदिक साहित्यमा समावेश गरिन्छ । व्यावहारिक रूपमा धर्मसूत्र तात्कालिक न्याय व्यवस्था र विधिका प्रमुख आधार ग्रन्थ हुन् ।

कौटल्यका अनुसार वेदबाट धर्म र अधर्मको ज्ञान प्राप्त हुन्छ[५] (कौटिल्य, अ.१, प्र.१) । वेदमा व्यक्तिले जे गर्नुपर्छ भनिएको छ त्यो गर्नु धर्म हो भने गर्नुपर्छ भनेको कार्य नगर्नु अधर्म हो । त्यस्तै गर्न हुँदैन भनिएको कार्य गर्नु पनि अधर्म हो । यदि कुनै विषयमा वेदमा नै दुई थरी मत भएमा भने ती दुवै मतलाई आधिकारिक धर्म मान्ने मनुको मत छ[६] (मनु, अ.२, श्लो.१४) । वेदद्वारा स्थापित धर्म वैदिक सनातन धर्म हो ।

स्मृति (Smriti)

वैदिक साहित्यपछि स्मृतिको विकास भएको हो । स्मृतिको शाब्दिक अर्थ स्मरण गरिएको भन्ने हुन्छ । समयको गतिसँगै समाजमा नयाँ विधिको आवश्यकता पर्न गयो । यो आवश्यकता पूर्ति गर्न योगदान दिने कार्य स्मृतिकारबाट सम्पन्न भएको मानिन्छ । ऋषिहरूद्वारा वेदको आशय स्मरण गरी रचना गरिएका स्मृतिहरू सनातन धर्मका आधिकारिक धर्मग्रन्थ मानिन्छन् । मनुका अनुसार स्मृतिलाई धर्मशास्त्र भनिन्छ[७] (मनु, अ.२, श्लो.१०) । वेद र वेदको सन्देशको प्रतिकूल नहुने गरी विद्वान् ऋषिहरूद्वारा रचना गरिएका स्मृतिग्रन्थ पनि कानुनका आधारभूत सिद्धान्तका दस्तावेज मानिन्छन् । स्मृतिग्रन्थहरूमा वेदका सन्देशका आधारमा मानिसका आचार, व्यवहार र प्रायश्चित्तका नियम प्रतिपादन गरिएका छन् । स्मृति संस्कृत भाषाको पद्यमा रचना गरिएका छन् । मनु, अत्रि, विष्णु, हारीत, याज्ञवल्क्य, उशना, अङ्गिरा, यम, आपस्तम्ब, संवर्त, कात्यायन, बृहस्पति, पराशर, व्यास, शङ्ख, लिखित, दक्ष, गौतम, शातातप र वसिष्ठ प्रमुख स्मृतिकार हुन् (याज्ञवल्क्य, अ१, श्लो.४-५) । स्मृतिमध्ये मनुस्मृति सबैभन्दा पहिलो हो । मनुस्मृति वेदको प्रतिकूल नहुने गरी रचना गरिएको हुँदा यसलाई प्रामाणिक मानिन्छ । मनुस्मृतिपछि अन्य स्मृतिको रचना गरियो । अन्य स्मृतिहरू मनुस्मृतिको प्रतिकूल नभएको अवस्थामा मात्र प्रामाणिक मानिन्छन् । स्मृतिहरू विचार परम्पराका रूपमा विकसित भएका हुन् । राजनीति, विधि वा न्याय व्यवस्थाको विश्लेषणका दृष्टिले मनुस्मृति र याज्ञवल्क्यस्मृति विशेष महत्त्वपूर्ण मानिन्छन् । प्राचीन राजनीतिशास्त्रका विचारकहरूले न्यायव्यवस्थामा धर्मशास्त्रलाई प्रामाणिक विधि वा कानुन मानेका छन् । धर्मशास्त्रको प्रतिकूल भएमा अर्थशास्त्र मान्य हुँदैन भन्ने शुक्राचार्यको विचार छ[८] (शुक्र, अ.४, प्र.५, श्लो.२६०) । कौटिल्यका अनुसार पनि परम्परा धर्मशास्त्रको प्रतिकूल भएको अवस्थामा धर्मशास्त्रलाई प्रामाणिक मान्नुपर्छ (कौटिल्य, अधि.३, अ.१, प्र.५७-५८) ।

---

५ धर्माधर्मौ त्रय्याम्......।

६ श्रुतिर्द्वैधं तु यत्र स्यात्तत्र धर्मावुभौ स्मृतौ।

७ ... धर्मशास्त्रं तु वै स्मृतिः ।

८ धर्मशास्त्राऽविरोधेन ह्यर्थशास्त्रं विचारयेत् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्मृतिमा प्रतिपादन गरिएको पहिलो शिक्षा आचार हो। आचार भनेको सदाचार हो। मनुका अनुसार सदाचार सर्वश्रेष्ठ धर्म हो[९] (मनु, अ१, श्लो.१०८) । आचार वास्तवमा मानिसको व्यक्तिगत, पारिवारिक र सामाजिक जीवनमा पालना गर्नुपर्ने नियम हुन्। मानिसले गर्न हुने र गर्न नहुने कार्यको निर्धारण आचार खण्डमा गरिएको छ। सदाचारका नियमको पालना गर्नु धर्म हो। धर्मको पालना गर्नु कर्तव्य एवं नैतिकता हो । यसैबाट सामाजिक न्याय र लोककल्याणकारी भावनाको विकास हुन्छ। मन, वचन र कर्मले कर्तव्यको पालना गर्नु हरेक व्यक्तिको दायित्व हो। सदाचारका नियम पालना गर्नुको अर्थ मानिसले आफू सुखपूर्वक बाच्ने र अरूलाई पनि सुखपूर्वक बाच्न दिने व्यवस्था हो। वैदिक ऋषिहरूद्वारा प्रतिपादित नैतिकताका सिद्धान्त वा सदाचारका नियम नै तात्कालिक समाजका आधिकारिक सारवान् कानुन थिए । राज्य सञ्चालनका सिद्धान्त पनि राजधर्ममा समावेश गरिएको छ। युद्धका नियम र राज्य-राज्यबीचका सम्बन्धका सिद्धान्त पनि राजधर्म अन्तर्गत राखिएको छ।

स्मृतिमा प्रतिपादन गरिएको दोस्रो महत्त्वपूर्ण विषय व्यवहार हो। संस्कृतको व्यवहार शब्द स्मृतिमा विशिष्ट अर्थमा प्रयोग गरिएको छ । व्यवहारको अर्थ विवाद हो । पारिवारिक तथा सामाजिक सम्बन्धमा सृजना हुने मतभेद वा विवादको न्याय निरूपण गर्ने न्यायिक प्रक्रियालाई पनि व्यवहार भनिन्छ। मतभेदको अन्त्य गर्ने उपाय व्यवहार हो। विवादको सत्य तथ्य पत्ता लगाई निष्पक्ष न्याय दिनु राजाको कर्तव्य मानिएको छ । त्यसको लागि न्याय सम्पादनको कार्यविधि र प्रमाणसम्बन्धी व्यवस्था पनि व्यवहारअन्तर्गत राखिएको छ।

स्मृतिमा प्रतिपादन गरिएको तेस्रो महत्त्वपूर्ण विषय प्रायश्चित्त हो। सदाचारको पालना गर्नु सबैको कर्तव्य मानिएको छ। सदाचारका नियमको पालनाबाट सामाजिक सुव्यवस्था कायम गर्ने विषयमा जोड दिइएको छ। वैदिक सनातन सामाजिक व्यवस्थामा तोकिएका नियमको पालना नगर्नु एवं नियम उल्लङ्घन गर्नु पाप हो। पाप नै अपराध हो। पापबाट मुक्त हुने उपाय प्रायश्चित्त हो । यो आत्मशुद्धिको उपाय हो । पश्चाताप गर्नु, तप अनुष्ठान गर्नु र राज्यबाट दण्डित हुनु प्रायश्चित्तका उपाय मानिएका छन्। सनातन धर्ममा आत्मा अमर मानिन्छ। मृत्युपछि मानिसको पुनर्जन्म हुन्छ भन्ने मान्यता छ। पाप गरेर प्रायश्चित्त नगरी यदि कुनै व्यक्तिको मृत्यु भयो भने उसले मृत्युपछिको जीवनमा समेत त्यसको दण्ड भोग्नु पर्छ भन्ने मान्यता रहेको छ । सोमदेवसूरिका अनुसार मृत्युपछि आत्माको सत्ता स्वीकार गरिएन भने विद्वान् व्यक्तिहरू पनि असल कर्ममा प्रवृत्त हुँदैनन्[१०] (सोमदेवसूरि, ६, सू.५)। यस लोक र परलोकमा समेत शुभ कर्मको फल सुन्दर हुन्छ भन्ने विश्वासले गर्दा मानिसलाई शुभ कर्म गर्ने उत्प्रेरणा प्राप्त हुन्छ। व्यक्तिले सामाजिक मर्यादा उल्लङ्घन नगरोस्, अरूको अधिकार हनन नगरोस् र अरूलाई दुःख कष्ट दिन नसकोस् भन्ने उद्देश्यले दण्डको व्यवस्था गरिएको छ। मनुका अनुसार ज्ञान

९ आचारः परमो धर्मः...।

१० असत्यात्मनि प्रेत्यभावे विदुषां विफलं खलु सर्वमनुष्ठानम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

नभएर गरेको पापबाट मुक्तिको उपाय प्रायश्चित्त हो। जानी बुझी गरेको पापकर्मबाट मुक्ति पनि विशेष प्रायश्चित्तद्वारा हुन्छ (मनु, अ.११, श्लो.४५-४६)। मनुका अनुसार प्रायश्चित्त अपराध निरोधक उपाय हो।

याज्ञवल्क्य-स्मृतिमा पुराण, न्याय र मीमांसा पनि धर्मको ज्ञानका आधारभूत विषयमा समावेश गरिएको छ[११] (याज्ञवल्क्य, अ.१, श्लो.३)। रामायण र महाभारत ऐतिहासिक कथावस्तुमा आधारित महाकाव्य हुन्। महर्षि वाल्मीकिले सर्वप्रथम रामायणको रचना गरेका थिए। महाभारत र १८ पुराण वेदव्यासका रचना हुन्। रामायण, महाभारत र पुराणमा धर्म, दर्शन, अध्यात्म, इतिहास, भूगोल, राजनीति आदि विषयमाथि प्रकाश पारिएको छ। राजनीतिक स्वरूपको पनि सविस्तार वर्णन गरिएको छ। संस्कृत भाषका श्लोकमा लेखिएका यी ग्रन्थमा नैतिक नियमहरूको शिक्षा विभिन्न आख्यायिकाका माध्यमबाट बोध गराइएको छ। त्यसैले रामायण, महाभारत र पुराणहरू हिन्दु कानुनका व्याख्यात्मक ग्रन्थ हुन्।

अर्थशास्त्र र नीतिशास्त्र राजनीतिशास्त्रका ग्रन्थ हुन्। बृहस्पति अर्थशास्त्रको प्रथम आचार्य हुन्। बृहस्पतिको अर्थशास्त्र हाल उपलब्ध छैन। सूत्र शैलीमा लिखित बार्हस्पत्यार्थशास्त्र मात्र हाल उपलब्ध छ। कौटिल्यको अर्थशास्त्र अर्थ-राजनीतिमा लेखिएको महत्त्वपूर्ण उपलब्ध ग्रन्थ हो। शुक्राचार्यको शुक्रनीतिसार नीतिशास्त्रमा लेखिएको महत्त्वपूर्ण ग्रन्थ उपलब्ध छ। कौटिल्यको अर्थशास्त्रलाई आधार मानेर कामन्दकले रचना गरेको कामन्दकनीतिसार ग्रन्थ पनि उपलब्ध छ। यी ग्रन्थमा राजनीतिशास्त्र र कानुन र न्याय प्रशासनका विषयमा विवेचना गरिएको छ।

कौटिल्यपछि राजनीतिशास्त्र, कानुन र न्यायका सम्बन्धमा मौलिक चिन्तनको अभाव देखिन्छ। अधिकांश ग्रन्थमा पूर्ववर्ती आचार्यहरूका विचारको पुनरावृत्ति गरिएको छ। त्यो समय टीका र निबन्ध ग्रन्थको रचना काल मानिन्छ। याज्ञवल्क्यस्मृतिको विज्ञानेश्वरद्वारा रचित मीताक्षरा टीका न्याय प्रशासनमा व्यवहारमा अभ्यासका दृष्टिले महत्त्वपूर्ण मानिन्छ। सोमदेव सुरीको नीतिवाक्यमृत, चण्डेश्वरको व्यवहाररत्नाकर, जीमुतवाहनको दायभाग प्रसिद्ध निबन्ध ग्रन्थ हुन्। निबन्धकार एवं टीकाकारको विश्लेषण आचार, राजधर्म, विवाद निर्णय, न्याय प्रशासन, दण्डव्यवस्था आदि विषयको विश्लेषणमा केन्द्रित छ। संस्कृत साहित्यका काव्य ग्रन्थमा पनि विधि र न्यायपालिकाको झलक पाइन्छ (Dabke, 2013)।

सदाचार (Good Conduct)

कानुनको दोस्रो आधार सदाचार हो। मनुस्मृति र याज्ञवल्क्यस्मृतिमा आचार तथा सदाचार शब्दको प्रयोग गरिएको छ (मनु, अ.४. श्लो. ६-१२; याज्ञवल्क्य, आ., श्लो.७)। कौटिल्य र बृहस्पतिले सदाचारको सट्टा चरित्र शब्दको प्रयोग गरेका छन् (बृहस्पति, व्य., श्लो.१८; कौटिल्य, अधि.३, अ.१)। धर्मसूत्रको रचनाकालदेखि नै हिन्दुहरूले सदाचारलाई कानुनी मान्यता

११ पुराणन्यायमीमांसा...।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दिएको पाइन्छ। श्रुति र स्मृतिपछि सदाचारको कानुनी मान्यता हुने व्यवस्था गरिएको छ। वेद र स्मृतिको प्रतिकूल नभएमा मात्र सदाचार आधिकारिक मानिन्छ। सदाचारको अर्थ प्रथा हो। प्रचलित रीतिरिवाज एवं परम्परालाई प्रथा भनिन्छ। धर्मशास्त्रमा विभिन्न मत भएको अवस्थामा कुन विकल्पको अवलम्बन गर्ने भन्ने सन्देह उत्पन्न भएमा जुन मार्ग आफ्ना बाउ-बाजेले अनुसरण गरेका थिए त्यही सन्मार्गको अनुसरण गर्नु धर्म हो र त्यसो गर्दा कुनै पाप लाग्दैन भन्ने मनुको विचार रहेको छ[१२] (मनु, अ.४, श्लो.१७८)। यसबाट परम्परालाई धर्मको प्रमाण मानेको प्रमाणित हुन्छ तापनि त्यस्तो परम्परा धर्मशास्त्र अनुकूल हुन आवश्यक मानिएको छ। देश, जाति, र कुलमा प्रचलित परम्परा यदि शास्त्रले निर्दिष्ट गरेको मर्यादा विरुद्ध छैनन् भने विधिको रूपमा आधिकारिकता प्राप्त गर्दछन् भन्ने गौतमधर्मसूत्रमा उल्लेख गरिएको छ[१३] (गौतम, ११, सू.२०)। विभिन्न देशमा अभ्यास गरिँदै आएका आचरण देशधर्म हुन्। विभिन्न जात-जातिमा प्रचलित परम्परा जातिधर्म हुन्। त्यस्तै विभिन्न कुल वा परिवारमा परम्परादेखि अभ्यास गरिँदै आएका आचरण कुलधर्म हुन्। मनुस्मृतिका अनुसार राजाले जातिधर्म, देशधर्म, श्रेणीधर्म र कुलधर्मको समीक्षा गरेर विवादको न्यायिक निर्णय गर्नुपर्छ (मनु, अ.८, श्लो.४१)। मनुले गौतमको धर्मसूत्रको व्यवस्थामा श्रेणीधर्म थप गरेको देखिन्छ। व्यावसायिक सङ्गठनका नियमलाई श्रेणीधर्म भनिन्छ। देशधर्म र कुलधर्म वेदमूलक वा वेदको प्रतिकूल पनि हुन सक्छन् भन्ने शुक्राचार्यको मत छ[१४] (शुक्राचार्य, अ.४, प्र.३,श्लो.६४)। वेदको प्रतिकूल परम्परालाई समेत कानुनी मान्यता दिएर शुक्राचार्यले हिन्दुविधिको शास्त्रीय परम्परामा क्रान्तिकारी परिवर्तन ल्याएको स्पष्ट हुन्छ। यसबाट हिन्दुविधि अपरिवर्तनीय थिएन भन्ने स्पष्ट हुन्छ तापनि राजाको स्वैच्छिक आदेश एवं व्यवस्थापिकामा व्यापक वाद-विवाद र छलफलसहितको आधुनिक कानुन निर्माण प्रक्रियाबाट यसमा परिवर्तन गर्ने व्यवस्था छैन। विस्तारै सामाजिक परम्परा र अभ्यासमा आउने क्रमिक परिवर्तनलाई आत्मसाथ गरी शास्त्रीय विधिमा परिवर्तन हुने गरेको पाइन्छ (Alteker,2001, p.261)।

सद्विवेक (Reason)

धर्मशास्त्र र परम्परापछि व्यक्तिको विवेकले सत्य ठानेको कार्य गर्न हुन्छ भन्ने प्राचीन हिन्दु न्यायप्रणालीमा मान्यता दिइएको छ। विवेक सत्यमा आधारित हुन्छ। ब्रह्मले देखेको सत्यको अभिव्यक्ति नै सद्विवेक हो। मनुस्मृतिमा आफूलाई प्रिय लाग्ने सद्विवेकमा आधारित आचरणलाई धर्म वा विधिको रूपमा मान्यता दिइएको छ[१५] (मनु, अ.२, श्लो.१२)। याज्ञवल्क्यस्मृतिमा

---

१२ येनास्य पितरो याता येन याताः पितामहाः।
तेन यायात्सतां मार्गं तेन गच्छन्न रिष्यति।

१३ देशजातिकुलधर्माश्चाम्नायैः अविरुद्धाः प्रमाणम्।

१४ कल्पितश्रुतिमूलो वाऽमूलो लोकैर्धृतः सदा। देशादिधर्मः स ज्ञेयो देशे देशे कुले कुले।

१५ ..स्वस्य च प्रियमात्मनः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
यसका अतिरिक्त सत्य निष्ठा पूर्वक सङ्कल्प गरी गरिएको कार्यसमेतलाई धर्ममा समावेश गरिएको छ (याज्ञवल्क्य, आ., श्लो.७)। धर्मशास्त्र र सदाचारमा विविधता देखिएमा आफूलाई प्रिय लाग्ने आचरणको अनुसरण गर्नु धर्म वा न्यायको मार्ग हो। समाजमा हरेक व्यक्तिले वेद, स्मृति र सदाचारका नियमको पालना विवेक पूर्वक गर्नुपर्छ भन्ने स्थापित मान्यता रहेको छ। हरेक व्यक्तिले आ-आफ्नो तोकिएको कर्तव्य पूरा गर्नु नै सदाचार हो। हरेक व्यक्ति कर्तव्यपरायण भएको समाजमा निष्पक्षता, समानता र न्यायको स्थापना सहज हुन्छ। व्यक्तिले कर्तव्य पूरा गरेन भने विवादको सृजना हुन्छ। विवादमा अर्थी र प्रत्यर्थीले दाबी र प्रतिवाद गर्दा विवेकले सत्य ठानेको विषय मात्र उठाउनु पर्छ भन्ने शास्त्रीय हिन्दु विधिको मान्यता छ। पक्षका बयान एवं साक्षीका वक्तव्य पनि विवेकमा आधारित हुनुपर्छ। न्यायकर्ताले पनि विधि र न्यायको सिद्धान्तको प्रतिकूल नहुने गरी विवेकको प्रयोग गरी विवादको निरूपण गर्ने व्यवस्थालाई मान्यता दिइएको स्पष्ट हुन्छ। वर्तमान न्यायप्रणालीमा समेत कानुनमा स्पष्टता नभएको अवस्थामा न्यायाधीशले स्वविवेकको प्रयोग गरी न्याय दिने अभ्यास छ। यसरी गरिने न्यायालयको फैसलालाई न्यायाधीशद्वारा निर्मित कानुन भनिन्छ।

व्यवहार (Judicial Decision)

हिन्दु विधिमा सामान्यतः व्यवहार शब्दको अर्थ विवाद हो। विवादको निर्णयलाई पनि व्यवहार भनिन्छ। कौटिल्यले व्यवहार शब्दको प्रयोग प्रामाणिक कानुनको एउटा आधारको रूपमा गरेका छन्। उनका अनुसार व्यवहार साक्षी प्रमाणमा आधारित हुन्छ[१६] (कौटिल्य, अधि.३, अ.१)। यसबाट व्यवहार शब्द विवादको निर्णय भन्ने अर्थमा प्रयोग गरेको स्पष्ट हुन्छ। बृहस्पतिस्मृतिमा पनि न्यायशास्त्रीय परम्परा अनुरूप तर्क, न्यायिक प्रक्रिया र साक्षी प्रमाणका आधारमा गरिएको न्यायिक निर्णय वा फैसलाका लागि व्यवहार शब्दको प्रयोग गरिएको छ[१७] (बृहस्पति, व्य.१, श्लो.१९)। शास्त्रीय परम्पराअनुसार युक्ति वा तर्क, न्यायिक प्रक्रिया र साक्षी प्रमाणका आधारमा अदालतद्वारा गरिएको न्यायिक फैसला व्यवहार हो। कौटिल्यले न्यायालयले गरेको विवादको फैसला वा निर्णयलाई व्यवहारका साथै धर्म, धर्मन्याय र न्याय शब्दको पनि प्रयोग गरेका छन् (कौटिल्य, अधि.३, अ.१)। व्यवहारलाई कानुनी मान्यता दिइएको छ। एउटा मुद्दामा गरिएको फैसला वा व्यवहार अर्को त्यस्तै प्रकृतिको मुद्दामा कानुनी सरह मान्य हुने न्यायालयद्वारा निर्मित कानुन वा नजिरको प्रारम्भिक अभ्यास प्राचीन हिन्दु राजनीतिक चिन्तनमा रहेको छ।

शासन (Command of the King)

शासनको अर्थ राजाको आदेश वा आज्ञा हो। मनुले राजाको आज्ञालाई कानुनी मान्यता दिएको पाइदैन। विवादको समाधान गर्न धर्मशास्त्र र सदाचार स्पष्ट नभएको अवस्थामा राजाको

---

१६ ... व्यवहारस्तु साक्षिषु।

१७ शास्त्रं केवलमाश्रित्य क्रियते यत्र निर्णयः। व्यवहारः स विज्ञेयो धर्मस्तेनापि वर्धते॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
सामयिक आज्ञाका आधारमा निर्णय गर्ने प्रथाको विकास याज्ञवल्क्यको समयमा भएको पाइन्छ। याज्ञवल्क्यका अनुसार धर्मको प्रतिकूल छैन भने राजाको सामयिक आदेशको पालना गर्नु पर्छ[१८] (याज्ञवल्क्य, व्य., श्लो.१८६)। बृहस्पतिले पनि नृपाज्ञालाई कानुन मानेका छन् (बृहस्पति, व्य.१, श्लो.२८)। याज्ञवल्क्यस्मृतिमा धर्मशास्त्रको विरुद्ध नहुने गरी राजाले दिएको सामयिक आदेशलाई राजकृत धर्म मानिएको छ । स्मृतिकालमा राजाको आदेशभन्दा धर्मशास्त्रको महत्त्व बढी मानिएको छ। कौटिल्यका अनुसार कुनै विषयमा राजाको निर्णय वा धर्मन्याय धर्मशास्त्रको प्रतिकूल भएमा राजाको आदेश नै प्रामाणिक हुन्छ । यसो गर्दा न्याय मर्न पाउँदैन केवल धर्मशास्त्रको पाठ मात्र नष्ट हुन्छ[१९] (कौटिल्य, अधि.३, अ.१, प्र.५७-५८)। यसबाट अर्थशास्त्र लेखिएको समयमा राजाको आदेशले धर्मशास्त्रका असान्दर्भिक विचारलाई प्रतिस्थापन गरिसकेको स्पष्ट हुन्छ । राजाले कुनै समसामयिक विषयमा दिएका आदेश एवं विवादको निर्णयका सम्बन्धमा दिएका निर्णय शासनभित्र समावेश गरिएको छ । परम्परागत रूपमा राजालाई कानुन निर्माण गर्ने शक्ति दिइएको थिएन तापनि पछिल्लो कालखण्डमा आएर राजाले आदेश जारी गर्दथे र ती आदेश कानुन मानिन्थे। यसरी राजा वा राज्य निर्मित विधिलाई पनि सीमित मान्यता दिएको पाइन्छ । सम्प्रभूको आदेश र नजिरलाई कानुन मान्ने पाश्चात्य विधिशास्त्रको मान्यता हिन्दु राज्यव्यवस्थामा सीमित रूपमा कौटिल्यको समय अर्थात् इसापूर्व चौथो शताब्दीमा नै स्थापित भइसकेको थियो।

शास्त्रीय हिन्दु विधि शास्त्रका उपदेशात्मक नियम हुन्। प्राचीन ऋषि-मुनिहरूले तपोबलद्वारा ईश्वरसँग सिधा सम्पर्क गर्न सक्ने शक्तिको विकास गरेका थिए । तिनीहरूले ईश्वरबाट मानव सभ्यताको विकासका लागि प्राप्त वेद ईश्वरको उपदेश मानिने हुँदा यसमा बताइएका नियमको अवज्ञा ईश्वरको अवहेलना मानिएको छ। वैदिक साहित्यपछि स्मृति, पुराण, नीतिशास्त्र, परम्परा र राजाको आदेशमा पनि वैदिक मान्यता कै निरन्तरता कायम गरिएको छ। शास्त्रीय हिन्दुविधि धार्मिक विधि हो। प्राचीनकालमा समाज, धर्म र दर्शनको सन्दर्भमा यसको व्याख्या गरिएको छ। हिन्दुविधि राज्यको आदेश होइन। राजालाई नीतिशास्त्रको अधीनमा राखिएको छ। ऋषिहरूद्वारा प्रतिपादन गरिएका राजनीतिक र कानुनी सिद्धान्तअनुसार राज्य सञ्चालन गर्नु राजाको कर्तव्य मानिएको छ । कार्यपालिकासम्बन्धी कार्य गर्ने र न्याय सम्पादन गर्ने छुट्टाछुट्टै संरचनाको व्यवस्था गरिएको छ तापनि दुबै अङ्गको सर्वोच्च शक्ति राजामा निहित गरिएको छ।

न्याय प्रशासनका सिद्धान्त (Principles of Judicial Administration)

राज्यमा शान्ति-सुव्यस्था कायम गर्नु र सुख-समृद्धिको प्रसार गर्नु न्याय प्रशासनको मुख्य उद्देश्य रहेको छ। मनुका अनुसार अदण्डनीयलाई दण्ड दिने र दण्डनीयलाई दण्ड नदिने राजाले यस लोकमा अपयश प्राप्त गर्दछन् र मृत्युपछि नरकगामी हुन्छन् (मनु, अ.८, श्लो.१२८)। न्याय

---

१८ निजधर्माविरोधेन यस्तु सामयिको भवेत्। सोऽपि यत्नेन संरक्ष्यो धर्मो राजकृतश्च यः।

१९ शास्त्रं विप्रतिपद्येत धर्मन्यायेन केनचित्। न्यायस्तत्र प्रमाणं स्यात्तत्र पाठो हि नश्यति॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
प्रशासनको लक्ष्य सबल व्यक्तिले दुर्बल व्यक्तिलाई दु:ख दिन नपाउन्, दण्डनीय व्यक्ति दण्डित होउन् र निरपराधी व्यक्ति दण्डित हुन नपरोस् भन्ने मानिएको छ। न्याय सम्पादन गर्नु राजाको जिम्मेवारी मानिएको छ। न्याय सम्पादन गर्न सभाको गठन र योग्य व्यक्तिलाई सभासद् नियुक्ति गर्ने अधिकार पनि राजामा निहित गरिएको छ। प्राचीन हिन्दु न्याय प्रशासनका निम्न लिखित विशेषता रहेका छन्:

सदाचारको स्थापना गर्नु (Maintaining Good Conduct)

सदाचारको नियम न्याय प्रशासनको पहिलो सिद्धान्त हो। सदाचारको आधार धर्म हो। समाजमा धर्म र सदाचारको स्थापना न्याय प्रशासनको उद्देश्य मानिएको छ।

विधिको अधीनमा राजा (The King is Under the Nitishastra)

प्राचीन आचार्यहरूले राजालई धर्मभन्दा माथि राखेका छैनन्। राजा र राजाका आफन्तलाई पनि दण्डबाट उन्मुक्ति दिइएको छैन (मनु, अ. ८, श्लो.३३५-३३६)। राजाको स्वेच्छाचारिता निषेध गरिएको छ। राजालाई नीतिशास्त्रको अधिनमा राखिएको छ।

निष्पक्ष न्याय (Fair Justice)

न्याय पक्षपातरहित हुनुपर्छ भन्ने मान्यता छ। पक्षपातरहित भएर दण्डनीयलाई दण्ड दिनु राजाको कर्तव्य मानिएको छ।

न्यायमा शीघ्रता (Prompt Justice)

न्याय प्रसासनमा शीघ्रता हुनुपर्छ भन्ने सिद्धान्त रहेको छ। प्राचीन हिन्दु न्याय प्रणालीमा न्याय प्रशासनमा ढिलो गर्ने निषेध गरिएको छ। ढिलो न्याय दिनु न्याय दिन अस्वीकार गर्नु हो भन्ने आधुनिक न्यायको सिद्धान्त र प्राचीन हिन्दु न्याय प्रणालीबीच समानता देखिन्छ।

न्यायालयिक सङ्गठन सभा (Sabha as an Organization of Judiciary)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा न्याय सम्पादनसम्बन्धी सर्वोच्च शक्ति राजामा निहित गरिएको छ। विवादको न्यायिक निर्णय दिनु राजाको कर्तव्य मानिएको छ। न्याय सम्पादन गर्न वैदिक कालदेखि नै सभाको व्यवस्था रहेको पाइन्छ। सत्यकेतु विद्यालङ्कारका अनुसार वैदिक कालमा न्याय प्रशासन सभाका अधीनमा थियो (विद्यालंकार, १९९४, पृ.३३१)। अम्बिका प्रसाद बाजपेयीका अनुसार वैदिक युगमा राजा राष्ट्रसभामा बसेर व्यवहार वा विवादको निर्णय गर्दथे (बाजपेयी, २००६, पृ.२३१)। धर्मसूत्रमा दशावरा परिषद्को उल्लेख छ जसमा चार जना वेदका ज्ञाता, एक जना मीमांसक, एक जना वेदाङ्गका ज्ञाता, एक जना धर्मशास्त्रका ज्ञाता र तीन अन्य व्यक्ति हुन्छन् भन्ने उल्लेख गरिएको छ (बौद्धायन, १.१.१.८)। धर्मशास्त्रमा राजालाई नै न्यायको स्रोत मानिएको छ। न्यायपालिका कार्यपालिकाबाट स्वतन्त्र थियो भन्ने जयसवालको विचार छ (Jayaswal, 1978, p.310)। कौटिल्यले राजा प्रतिदिन दोस्रो प्रहरमा न्याय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सम्पादनमा संलग्न हुनुपर्छ भनी उल्लेख गरेका छन् (कौटिल्य, अधि.१, अ.१८)। राजाले सभामा बसेर विवादको निर्णय अर्थात् फैसला गर्नुपर्छ भनी न्याय सम्पादन कार्य राजाको कर्तव्य मानिएको छ। निरपराधीलाई दण्ड दिने र अपराधीलाई दण्ड नदिने राजाले यस लोकमा अपयश प्राप्त गर्दछन् र मृत्युपश्चात् नरकमा जान्छन् भन्ने मनुको विचार रहेको छ (मनु, अ.८, श्लो.१२८)। शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको सभा राजाको न्यायालय थियो (Nath, 1979, p.54)। राजाले रिस र लोभरहित भएर विद्वान् ब्राह्मणका साथमा धर्मशास्त्रानुसार विवादको निर्णय गर्नुपर्छ भन्ने याज्ञवल्क्यको विचार रहेको छ (याज्ञवल्क्य, व्या., श्लो.१)।

सभाको गठनसम्बन्धमा मनुका अनुसार राजाले वेदका ज्ञाता तीन जना ब्राह्मण सभासद् सभामा नियुक्त गर्नुपर्छ र सभामा उपस्थित भएर राजाले सभासद्का साथमा न्याय सम्पादन गर्नुपर्छ (मनु, अ.८, श्लो. १०-११)। सभा न्यायालय हो भने सभासद् न्यायाधीश हुन्। याज्ञवल्क्यस्मृतिका अनुसार राजाले वेदवेदाङ्गको अध्यन गरेका धर्मज्ञ, सत्यवादी, शत्रु र मित्रप्रति समदृष्टि राख्ने सभासद् नियुक्त गर्नुपर्छ। राजाले स्वयं सभामा उपस्थित भएर विवादको निर्णय गर्न असमर्थ भएको अवस्थामा सो कार्य सम्पन्न गर्न सभासद्का साथै एक कानुनका वेत्ता ब्राह्मणको नियुक्ति गर्नुपर्छ (याज्ञवल्क्य, व्य., श्लो.२-३)। बृहस्पतिस्मृतिमा वेदवेदाङ्ग र धर्मको ज्ञानका साथै लोक व्यवहारको ज्ञान पनि सभासद्को योग्यतामा समावेश गरिएको छ। सभासद्को सङ्ख्यामा पनि तीन, पाँच वा सात जना नियुक्त गर्न सकिने वैकल्पिक व्यवस्था गरिएको छ[२०] (बृहस्पति, व्य.१, श्लो.५९)। शुक्रनीतिमा पनि लोक व्यवहार, वेद र धर्मका ज्ञाता तीन, पाँच वा सात जना ब्राह्मणको सभालाई उच्च कोटीको सभा मानिएको छ (शुक्राचार्य, अ.४, प्र.५, श्लो.२५-२६)। कौटिल्यको अर्थशास्त्रमा न्यायालयको गठनसम्बन्धी व्यवस्थाको उल्लेख गरिएको छ। न्याय प्रशासनलाई व्यवहार र कण्टकशोधन गरी दुई भागमा विभाजन गरिएको छ। कौटिल्यका अनुसार व्यवहारसम्बन्धी न्यायालयलाई धर्मस्थ न्यायालय भनिन्छ (कौटिल्य, अधि.३, अ.१)। गम्भीर प्रकृतिका अपराधको सुनुवाइका लागि कण्टकशोधन न्यायालयको व्यवस्था कौटिल्यले गरेका छन् (कौटिल्य, अधि.४, अ.१)। दुष्ट कर्मचारी, व्यवसायी, राजद्रोही आदिको सुनुवाइ कण्टकशोधन न्यायालयमा गर्नुपर्छ भन्ने उनको विचार छ। यसका साथै स्थानीय तहमा समेत न्यायालयका संरचनाको उल्लेख कौटिल्यको अर्थशास्त्रमा गरिएको छ।

न्यायालयको कार्यविधि (Judicial Procedure)

प्राचीन हिन्दु राज्यव्यवस्थामा न्याय प्रणाली सरल एवं सहज रहेको छ। पीडित पक्षले लिखित वा मौखिक रूपमा निवेदन न्यायालयमा प्रस्तुत गरेपछि न्यायिक प्रक्रिया प्रारम्भ हुने व्यवस्था गरिएको छ। अभ्यर्थी र प्रत्यर्थी दुबै पक्षलाई न्यायालयमा बोलाएर उनीहरूको कुरा न्यायाधीशहरूले सुन्दथे। दुबै पक्षका प्रमाण बुझ्ने काम गरिन्थ्यो। बृहस्पतिका अनुसार वाद,

---

२० लोकवेदाङ्गधर्मज्ञा: सप्त पञ्च त्रयोऽपि वा॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
प्रतिवाद, क्रियापाद र निर्णय गरी व्यवहारको कार्यविधिका चार चरण हुन्छन्[२१] (बृहस्पति, व्य. २. श्लो.१)। शुक्राचार्यले पनि व्यवहारका चार अवस्था पूर्वपक्ष, उत्तरात्मक पक्ष, क्रियापाद र निर्णय निर्धारित गरेका छन्[२२] (शुक्राचार्य, अ.४, प्र.५, श्लो.१५३)।

पूर्वपक्ष (Plaintiff)

पूर्वपक्षलाई भाषापाद वा प्रतिज्ञा पनि भनिन्छ। वादीले सर्वप्रथम न्यायाधीश र प्रतिवादी समक्ष आफ्नो भनाइ राख्ने कार्यविधि रहेको छ। यसलाई व्यवहारको पूर्वपक्ष भनी उल्लेख गरिएको छ।

उत्तरात्मक पक्ष (Defendant)

दोस्रो चरणमा प्रतिवादीलाई वादीद्वारा प्रस्तुत अभियोगको प्रतिउत्तर दिने अवसर दिइन्थ्यो। यसलाई उत्तरात्मक पक्ष मानिएको छ।

क्रियापाद (Considering Cases)

वादी र प्रतिवादीका भनाइ सुने पछि न्यायको प्रक्रिया प्रारम्भ हुने व्यवस्था गरिएको छ। कौटिल्यका अनुसार वादी र प्रतिवादीले दुबैले आफ्नो दाबी सिद्ध गर्न युक्ति तथा प्रमाण प्रस्तुत गर्दथे। युक्तिका आधारमा प्रमाणको परीक्षण हुन्थ्यो। न्यायाधीशहरूले विचार विमर्श गर्दथे। धर्मको व्याख्या विश्लेषण गरिन्थ्यो।

निर्णय (Judicial Decision)

न्यायिक प्रक्रियाको साध्य फैसला वा निर्णय चौथो अवस्था हो। शास्त्र, परम्परा र तथ्य प्रमाणको विश्लेषण गरी न्यायालयमा विवादको फैसला गरिन्थ्यो। विधिशास्त्रअनुसार दण्ड सजाय निर्धारण गर्नुपर्ने व्यवस्था समेत प्राचीन हिन्दु राजनीतिक चिन्तनमा रहेको छ।

निर्णय कार्यान्वयन (Execution of Judicial Decision)

निर्णय वा फैसला कार्यान्वयन गर्नु राजाको अर्को महत्त्वपूर्ण कार्य मानिएको छ। निर्णयमा तोकिएको दण्डको कार्यान्वयनमा विलम्ब गरिदैनथ्यो। निर्णय कार्यान्वयनको कार्य प्रशासनबाट हुन्थ्यो। कार्यपालिका र न्यायपालिकासम्बन्धी शक्ति राजामा निहित गरिएको हुँदा फैसला कार्यान्वयन सहज र शीघ्र हुन्थ्यो।

न्याय प्रशासनमा युक्तिको प्रयोग (Use of Reason in Judicial Decision)

युक्तिको अर्थ तर्क हो। न्याय सम्पादनमा सत्यमा पुग्न तर्कको सहयोग लिनुपर्छ भन्ने प्राचीन परम्परा रहेको देखिन्छ। गौतमधर्मसूत्रका अनुसार तर्क न्यायमा पुग्ने उपाय वा माध्यम हो[२३]

---

२१ भाषापादोत्तरपादौ क्रियापादस्तथैव च। प्रत्याकलितपादश्च व्यवहारश्चतुष्पदः।

२२ पूर्वपक्षः स्मृतः पादो द्वितीयश्चोत्तरात्मकः। क्रियापादस्तृतीयस्तु चतुर्थो निर्णयाभिधः॥

२३ न्यायाधिगमे तर्कोऽभ्युपायः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

(गौतम, ११, सू.२३)। शास्त्र र परम्पराको विपरीत नहुने गरी सत्य-तथ्य पत्ता लगाउन प्रयोग गरिने उत्तम उपाय तर्क हो जसलाई युक्ति भनिन्छ भन्ने शुक्राचार्यको विचार छ (शुक्राचार्य, अ.४, प्र.५, श्लो.२२७-२२८)। केवल धर्मशास्त्रका आधारमा मात्र विवादको निरूपण गर्नुहुँदैन किनभने निर्णय तर्कमा आधारित भएन भने न्यायको प्रतिकूल हुनसक्छ। न्यायको आधार सत्य हो। सत्य-तथ्यमा पुग्ने साधन युक्ति हो भन्ने बृहस्पतिको विचार छ[२४] (बृहस्पति, व्य. १, श्लो.११४)। शुक्राचार्यका अनुसार लोभ देखाएर, उपहार दिएर, सम्झाई बुझाई गरेर, र विभाजित गराएर मानिसको विचार परिवर्तन गराएर रहस्य पत्ता लगाउने उपायलाई हेतु भनिन्छ (शुक्राचार्य, अ.४, प्र.५, श्लो.२२८-२२९)। युक्तिको सम्बन्ध दर्शनशास्त्रसँग छ। कौटिल्यले दर्शनलाई वेदको अर्थ प्रकाशन गर्ने विद्या मानेका छन्[२५] (कौटिल्य, अधी१, अ.१)।

वेदलाई प्रमाण मान्ने र नमान्ने गरी प्राच्य दर्शन दुई प्रकारका छन्। साङ्ख्य, योग, वैशेषिक, न्याय , मीमांसा, र वेदान्त दर्शनले वेदलाई प्रमाणको रूपमा ग्रहण गर्दछन्। त्यसैले ती आस्तिक दर्शन हुन्। चार्वाक, जैन र बौद्ध दर्शनमा वेदलाई प्रमाण नमान्ने हुँदा ती नास्तिक दर्शन हुन्। दर्शनशास्त्रमा यथार्थ ज्ञानलाई संस्कृतमा प्रमा भनिन्छ। यथार्थ ज्ञान प्राप्त गर्ने साधनलाई प्रमाण भनिन्छ। प्रमाण ज्ञान मीमांसाका साधन हुन्। ज्ञान प्रमाणमा आधारित हुन्छ। चार्वाक दर्शनमा प्रत्यक्ष एक मात्र प्रमाण मानिन्छ। जैन र बौद्ध दर्शनमा प्रत्यक्ष र अनुमान गरी दुई प्रकारका प्रमाण हुन्छन्। वैशेषिक दर्शनमा पनि प्रत्यक्ष र अनुमानलाई मात्र प्रमाण मानिन्छ। योग दर्शनमा प्रत्यक्ष, अनुमान र शब्द गरी तीन प्रकारका प्रमाण मानिन्छन्। न्याय दर्शनमा प्रत्यक्ष, अनुमान, उपमान र शब्द चार प्रकारका प्रमाण मानिन्छन्। मीमांसा र वेदान्त दर्शनमा प्रत्यक्ष, अनुमान, उपमान, शब्द, अर्थापत्ति र अनुपलब्धि गरी छ प्रकारका प्रमाण मानिएको छ।

प्रत्यक्ष ज्ञान न्यायिक प्रक्रियामा प्रमाणको रूपमा ग्रहण गर्ने व्यवस्था प्राचीन हिन्दु राजनीतिक चिन्तनमा रहेको छ। इन्द्रियको प्रत्यक्ष सम्बन्धद्वारा प्राप्त ज्ञान प्रत्यक्ष हो। आँखाले देखेर, नाकले गन्ध सुँघेर, छालाद्वारा स्पर्श गरेर, कानले सुनेर र जिभ्रोले स्वाद लिएर प्राप्त हुने ज्ञान प्रत्यक्ष हो। दर्शनशास्त्रमा मनले विचार गरेर प्राप्त ज्ञानलाई पनि प्रत्यक्ष ज्ञान मानिन्छ तर आधुनिक विधिशास्त्रमा मनले गुनेर थाहा पाएको ज्ञानलाई प्रमाण मानिदैन।

चार्वाक दर्शनबाहेक सबै प्राच्य दर्शनमा अनुमानलाई प्रमाण स्वीकार गरिन्छ। अनुमान तर्कबाट प्रमाणित हुने विषय हो। हेतु साध्य व्याप्ति मूलक ज्ञानको माध्यम अनुमान हो। यदि धुवाँ देखेर आगोको अनुमान गरिन्छ भने धुवाँ लिङ्ग वा हेतु हो भने साध्य आगो हो।

तुलनाबाट ज्ञान प्राप्त गर्ने साधन उपमान हो। यसलाई सादृश्य बोध भनिन्छ। सादृश्यको अर्थ उस्तै वा समान भन्ने हुन्छ। कुनै एउटा बस्तुको ज्ञान भएपछि समान गुण भएको अर्को बस्तुको ज्ञान हुन्छ भने त्यसलाई उपमान भनिन्छ। व्यक्तिले प्राप्त गरेको पूर्वज्ञान अर्को वस्तुसँग तुलना गरेर अर्को वस्तुको ज्ञान प्राप्त गर्दछ भने त्यसलाई उपमान भनिन्छ।

२४ केवलं शास्त्रमाश्रित्य न कर्तव्यो विनिर्णयः। युक्तिहीने विचारे तु धर्महानिः प्रजायते॥

२५ प्रदीपः सर्वविद्यानाम्...।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

चार्वाक, बैद्ध र वैशेषिकबाहेकका सबै प्राच्य दर्शनमा शब्दलाई प्रमाण मानिन्छ। वेदको सन्देशलाई आधिकारिक प्रमाण मान्नु शब्दप्रमाण हो। महापुरुषका वाणी यदि वेदको प्रतिकूल छैनन् भने तिनलाई आप्तोपदेश भनिन्छ। आप्तोपदेश पनि शब्दप्रमाण मानिन्छ। आप्तोपदेशलाई आगम पनि भनिन्छ।

मीमांसा र अद्वेत वेदान्त दर्शनमा अर्थापत्ति र अनुपलब्धिलाई पनि प्रमाण मानिन्छ। वाक्यको अर्थबाट अदृष्ट अर्थात् वाक्यमा नभएको विषयको कल्पना हुन्छ भने त्यसलाई अर्थापत्ति भनिन्छ। अनुपलब्धिको अर्थ अभाव हो। जब कुनै स्थानमा कुनै वस्तुको अभावको ज्ञान हुन्छ त्यसलाई अनुपलब्धि भनिन्छ।

युक्ति वेद र स्मृतिको व्याख्यामा प्रयोग गरिने सिद्धान्त हो। आधुनिक विधिशास्त्रीय दृष्टिमा विधिको व्याख्याका सिद्धान्तलाई शास्त्रीय हिन्दुविधिमा युक्ति भनिन्छ। मनुले वेद र स्मृतिको तर्कका आधारमा विश्लेषण गर्न आवश्यक ठान्दैनन्। यदि कुनै व्यक्तिले हेतुशास्त्रका आधारमा वेदको निन्दा गर्छ भने त्यस्तो वेद निन्दक नास्तिक व्यक्तिको सज्जनले तिरस्कार गर्नुपर्छ भन्ने मनुको विचार रहेको छ। (मनु, अ.२, श्लो.१०-११) न्याय र मीमांसा वैदिक दर्शन हुन्। न्याय तर्कशास्त्र हो। यस दर्शनमा प्रमाणका आधारमा प्रमा वा सत्य ज्ञान प्राप्त गरिन्छ। वेदवाक्यको अर्थको विवेचना गर्ने दर्शनलाई मीमांसा भनिन्छ। यी दुवै दर्शनका सिद्धान्त वेद र धर्मको विश्लेषणमा उपयोगी हुने हुँदा धर्मसम्बन्धी विद्यामा गणना गरिएका छन्। धर्म नै कानुन भएकाले कानुनको व्याख्याका साथै प्रमाणको परीक्षणमा समेत युक्तिको उपयोग उपयुक्त मानिएको छ। आधुनिक विधिशास्त्रमा पनि प्रमाणित मूल तथ्यका आधारमा यथोचित तर्क लगाई आफ्नो विश्लेषणद्वारा अदालतले अर्को कुनै अस्तित्वको अनुमान गर्ने प्रचलन छ।

त्रैविद्य वृद्धको सम्मति (Opinion of Old Person, Versed in Vedas)

ऋग्वेद, यजुर्वेद, र सामवेद गरी तीन वेदका ज्ञाता विद्वान् पुरुषलाई त्रैविद्य भनिन्छ। गौतमधर्मसूत्रका अनुसार यदि विवादको सत्य-तथ्य पत्ता लगाई न्यायिक निर्णय गर्न असहज परिस्थिति सृर्जना भयो भने त्रैविद्य वृद्धको परामर्श लिएर न्याय निरूपण गर्नुपर्छ[२६] (गौतमधर्मसूत्र, २.२.२५)। वर्तमान न्याय प्रणालीको अदालतका सहयोगीको व्यवस्था र त्रविद्य वृद्धको सम्मतिको व्यवस्थाबीच समानता देखिन्छ।

प्रमाणसम्बन्धी कानुन (Laws of Evidence)

प्रमाण कानुन कार्यविधि कानुनको अवयव हो। विवादित विषयमा सत्य- तथ्य पत्ता लगाई सही निर्णयमा पुग्न प्रमाण साधन हो। सत्य पत्ता लगाउन प्रयोग गरिने साधनलाई संस्कृतमा क्रिया वा प्रमाण भनिन्छ[२७] (शुक्र, अ.४, प्र.५, श्लो.१५३)। शास्त्रीय हिन्दु न्यायप्रणालीमा

२६ विप्रतिपत्तौ त्रैविद्यवृद्धेभ्यः प्रत्यवहृत्य निष्ठां गमयेत्।

२७ कार्यं हि साध्यमित्युक्तं साधनं तु क्रियोच्यते।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मानवीय र दिव्य गरी दुई प्रकारका प्रचलित प्रमाणको उल्लेख पाइन्छ। लिखित, साक्षी र भोग गरी तीन प्रकारका प्रमाणलाई मानवीय प्रमाण भनिन्छ। मानवीय क्रियाकलापमा आधारित हुने हुँदा यी तीन प्रमाणलाई मानवीय प्रमाण मानिएको छ। विवादमा सत्य-धर्मको निरूपण साध्य हो। लिखत प्रमाण, साक्षी, र भोग सत्य-धर्म प्रमाणित गर्न सक्षम हुन्छन्। त्यसैले यी तीन प्रमाण हुन्। दोस्रो प्रमाण दिव्य प्रमाण हो। मानवीय प्रमाणको अभावमा दिव्य परीक्षालाई प्रमाणको रूपमा ग्रहण गरिन्छ भन्ने याज्ञवल्क्यको मत छ[२८] (याज्ञवल्क्य, व्य., श्लो. २२)। लिखित, भुक्ति, र साक्षी मानवीय प्रमाण र दिव्य परीक्षा वा दैविक प्रमाण गरी प्रमाण दुई प्रकारका हुन्छन् भनी शुक्रनीतिसारमा पनि उल्लेख गरिएको छ (शुक्राचार्य, अ.४, प्र.५, श्लो.६१-६२)। यसरी लिखत, साक्षी, र भोग तीन प्रकारका मानुष प्रमाण र एउटा दिव्य गरी चार प्रकारका प्रमाणको धर्मशास्त्र र नीतिशास्त्रमा उल्लेख गरिएको छ। यी प्रमाणका आधारमा प्राचीन हिन्दु राज्य प्रणालीमा न्याय प्रशासन सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ। कौटिल्यको अर्थशास्त्रका अनुसार अपराध प्रमाणित हुने स्पष्ट देखिएको चिह्न वा वस्तु, अपराधको स्वीकृति वा साबिती, जिरह, अपराधको कारण र शपथ गरी पाँच उपाय विवादको विषयमा सत्य सिद्ध गर्न सहायक हुन्छन्। यी उपायको प्रयोगबाट सत्य-तथ्य पत्ता लगाउन सकिएन भने साक्षी र गुप्तचरको माध्यमबाट सत्य पत्ता लगाई विवादको फैसला गर्नुपर्छ[२९] (कौटिल्य, अधि.३, अ.१)। कौटिल्य परम्परागत प्रमाणका अतिरिक्त अपराधका स्पष्ट सङ्केत चिह्न, साबिती, जिरहबाट स्थापित सत्य, हेतु वा तर्कबाट प्रमाणित सत्य, र गुप्तचरको माध्यमबाट प्राप्त सत्य-तथ्यलाई समेत न्याय सम्पादनमा प्रमाणका रूपमा प्रयोग गर्ने पक्षमा रहेका छन्।

लिखित (Written Evidence)

पत्रमा लेखिएको लिखतलाई लिखित प्रमाण भनिन्छ। साक्षी प्रमाणभन्दा लिखित प्रमाण श्रेष्ठ मानिएको छ। लिखित प्रमाण प्रस्तुत गरेपछि साक्षी र दिव्य प्रमाणको आवश्यकता पर्दैनथ्यो। लिखित प्रमाण पनि सरकारी लिखत, व्यक्तिगत लिखत, र कारणी स्वयं आफैले लेखेको लिखत गरी तीन प्रकारका मानिएको छ। बलपूर्वक लेखिएको वा लेखाइएको लिखत प्रमाणमा ग्राह्य हुँदैन भन्ने मनुको विचार रहेको छ (मनु, अ.८, श्लो.१६८)। विज्ञानेश्वरले शासन लिखत र चीरक लिखत गरी दुई प्रकारका लिखित प्रमाण मानेका छन् (याज्ञवल्क्य, व्य., श्लो.२२, मिताक्षरा टीका)। शासन लिखत भनेको सरकारी कार्यालयबाट प्रमाणित लिखत हो। व्यक्तिहरूले आपसमा लेनदेन आदि व्यवहारमा लेखिने लिखतलाई चीरक लिखत भनिन्छ। शुक्राचार्यले राजकीय र लौकिक गरी दुई प्रकारका लिखत उल्लेख गरेका छन्[३०] (शुक्राचार्य,

---

२८ प्रमाणं लिखितं भुक्तिः साक्षिणश्चेति कीर्तितम्। एषामन्यतमाभावे दिव्यान्यतममुच्यते॥

२९ दृष्टदोषः स्वयंवादः स्वपक्षपरपक्षयोः। अनुयोगार्जवं हेतुः शपथश्चार्थसाधकः॥
पूर्वोत्तरार्थव्याघाते साक्षिवक्तव्यकारणे। चारहस्ताश्च निष्पाते प्रदेष्टव्यः पराजयः॥

३० राजकीयं लौकिकञ्च द्विविधं लिखितं स्मृतम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
अ.५, प्र.४, श्लो.१७०)। आफ्नै हातले लेखेको, अन्य व्यक्तिलाई लेखाएको, साक्षी राखिएको, साक्षी नराखिएको गरी चार प्रकारका लेख हुन्छन्। यी लेखको आधिकारिकता देशानुसार हुन्छ। शासन, ज्ञापन र निर्णय गरी राजकीय लेख तीन प्राकारका हुन्छन् भन्ने शुक्राचार्यको विचार छ[३१] (शुक्राचार्य, अ.५, प्र.४, श्लो.१७३)। उनका अनुसार शासनको अर्थ राजाको आदेश हो। राजाको आदेशलाई कानुन मानिन्छ। राजाद्वारा जारी गरिएको सूचनालाई ज्ञापन भनिन्छ। विवादको फैसला निर्णय हो।

भुक्ति प्रमाण (Possession Evidence)

भुक्तिको अर्थ भोग हो। भोग दोस्रो कोटीको प्रमाण मानिएको छ। भोगको अर्थ प्रत्यक्ष रूपले कुनै वस्तुमाथि नियन्त्रण प्राप्त गर्नु हो। प्राची हिन्दु न्यायव्यवस्थामा लिखित प्रमाण नभएमा भोगलाई प्रामाणिक मानेको पाइन्छ। आधुनिक विधिशास्त्रमा भोगलाई भोगाधिकार भनिन्छ। मनुका अनुसार यदि कुनै व्यक्तिले आफ्नो स्वामित्वमा रहेको कुनै वस्तु अन्य व्यक्तिले उपभोग गरेको देखेर पनि विरोध नगरी मौन बस्दछ भने उसले आफ्नो वस्तु फिर्ता लिन सक्दैन भन्ने मनुको विचार छ[३२] (मनु, अ.८, श्लओ.१४७)। तर उनले जड वा पटमूर्ख र नाबालकको हकमा भने यो नियम लागु नहुने व्यवस्था गरेका छन् (मनु, अ.८, श्लो.१४८)। त्यसैगरी बलपूर्वक भोग गरिएको भए त्यस्तो भोगलाई प्रमाणमा लिन नहुने मनुको मत छ (मनु, अ.८, श्लो.१६८)। याज्ञवल्क्यका अनुसार भूमि वा अचल सम्पत्तिको हकमा वास्तविक मालिकले आफ्नो स्वामित्वको जमीन अन्य व्यक्तिले उपभोग गरेको थाहा पाएर पनि कुनै हक-दाबी गर्दैन भने त्यो जमीनमा त्यसको स्वामित्व बीस वर्षमा समाप्त हुन्छ। त्यो जमीनमा उपभोग गर्नेको भोगाधिकार कायम हुन्छ। धन वा चल सम्पत्तिको हकमा दस वर्षसम्म मालिकको बाधा-विरोधबिना यदि कुनै व्यक्तिले सम्पत्ति उपभोग गर्दछ भने त्यस्तो धनमा उपभोग गर्नेको भोगाधिकार कायम हुन्छ (याज्ञवल्क्य, व्य., श्लो.२४)। बन्धकी राखेको, सिमाना, यो यती छ भनी जानकारी दिएर वा नदिएर सुरक्षाका लागि राख्न दिएको नासो, होस ठेगान नभएका व्यक्तिको सम्पत्ति, बालकको सम्पत्ति, राजस्व र श्रोत्रिय ब्राह्मणको सम्पत्तिमा भने सम्पत्तिका मालिकको कुनै बाधा विरोधबिना जमीन बीस वर्ष र चल सम्पत्तिमा दस वर्ष उपभोग गरे तापनि भोग गर्ने व्यक्तिको भोगाधिकार कायम हुँदैन। त्यस्तो सम्पत्तिको स्वामीको स्वामित्व कायम रहन्छ भन्ने याज्ञवल्क्यको विचार छ (याज्ञवल्क्य, व्य., श्लो.२५)। आगम वा लिखतसहितको भोग मात्र प्रामाणिक मान्ने शुक्राचार्यको मत छ[३३] (शुक्राचार्य, अ.४, प्र.५, श्लो.२१६)। कौटिल्यले पनि दस वर्षसम्म अन्य व्यक्तिले भोगचलन गर्दा पनि आफ्नो सम्पत्तिको खोज खबर नगर्ने व्यक्तिको सम्पत्तिमा अधिकार रहँदैन भनेका छन्। घरको हकमा बीस वर्षमा भोगाधिकार सृजना हुन्छ तर बालक, वृद्ध, रोगी,

३१ शासनार्थं ज्ञापनार्थं निर्णयार्थं तृतीयकम्।

३२ यत्किञ्चिद्दश वर्षाणि सन्निधौ प्रेक्ष्यते धनी। भुज्यमानं परैस्तूष्णीं न स तल्लब्धुमर्हति॥

३३ सागमो दीर्घकालश्च निराक्रोशो निरन्तरः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दुर्व्यसनी, विदेश गएका, देश त्याग गरेका, राजकीय कार्यमा बाहिर पठाइएका व्यक्तिको सम्पत्तिमा भने यो नियम लागु हुँदैन (कौटिल्य, अधि.३, अ.१६)। लामो समयसम्म लगातार जसले भोग गरेको छ उसैको भोगाधिकारका आधारमा स्वामित्व कायम हुन्छ भन्ने हिन्दु विधिशास्त्रमा स्थापित सिद्धान्त रहेको छ।

साक्षी (Witness)

मनुका अनुसार लिखित र भोग प्रमाणको अभावमा साक्षी प्रमाणको आधारमा विवादको निर्णय गर्नुपर्छ। आफ्नै आँखाले देखेका वा कानले सुनेका विषयमा बताउने व्यक्ति साक्षी हुन सक्छ भन्ने मनुको मत छ[३४] (मनु, अ.८ श्लो.७४)। विवादका विषयमा प्रत्यक्ष देखेको र सुनेको व्यक्ति साक्षी हुन्छ। साक्षी संस्कृत शब्द हो। मनुका अनुसार सबै वर्णका यथार्थ वक्ता, धर्मको ज्ञान भएका, र लोभरहित व्यक्ति साक्षीका लागि योग्य मानिन्छन् र यी गुण नभएका व्यक्ति साक्षी बन्न योग्य मानिदैनन् (मनु, अ.८, श्लो.६३)। लेनदेन व्यवहार भएको, नाता सम्बन्ध भएको, सहयोगी, शत्रु, झूटो बोल्ने, रोगद्वारा पीडित, पापले दूषित व्यक्ति साक्षी हुन योग्य हुँदैनन्। राजा, कारिगर, नट, वेदाध्यायी ब्राह्मण, ब्रह्मचारी, र सन्यासी साक्षीका लागि अयोग्य मानिन्छन्। दास, डाँका, क्रूर कार्य गर्ने, निषेध गरिएको कर्म गर्ने, वृद्ध, बालक, अन्त्यज, र विकलेन्द्रिय व्यक्तिलाई साक्षी राख्न निषेध गरिएको छ। शोकार्त, मत्त, पागल, भोक-तिर्खाले पीडित, परिश्रम गरेर थाकेको, कामातुर, क्रोधी र तस्कर साक्षी राख्न योग्य हुँदैनन् (मनु, अ.८, श्लो.६४-६७)। स्त्रीका साक्षी स्त्री, ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, र अन्त्यजका सजातीय साक्षी राख्नुपर्छ भन्ने मनुको विचार छ (मनु, अ.८, श्लो.६८)। कुनै घटना घटेको अवस्थामा त्यस ठाउँमा उपस्थित भएको व्यक्तिलाई साक्षी बनाउनुपर्छ। स्त्री, बालक, वृद्ध, शिष्य, बन्धु, नोकर र कर्मचारी पनि साक्षी हुन सक्छन् (मनु, अ.८, श्लो.६९-७०)। साहस वा डाँका, चोरी, परस्त्री संसर्ग, र गाली धम्कीसम्बन्धी विवादमा साक्षीको परीक्षण आवश्यक छैन (मनु, अ.८, श्लो.७२)। यसको अर्थ फौजदारी मुद्दामा जो सुकै व्यक्ति पनि साक्षीको रूपमा ग्राह्य मान्ने सिद्धान्त प्रचलित रहेको बुझिन्छ।

दिव्य प्रमाण (Ordeal)

दिव्य प्रमाण दैवी प्रमाण हो। मनुस्मृतिमा दिव्य प्रमाणको उल्लेख गरिएको छ। शपथ दिव्य प्रमाणको एउटा स्वरूप मानिएको छ। यसलाई दैवी परीक्षा पनि भनिन्छ। विवादका पक्ष र विपक्षले आफ्नो पक्षको विचार प्रस्तुत गर्नुभन्दा पहिले सत्य बोल्ने शपथ लिनुपर्ने मान्यता छ। साक्षी प्रमाण नभएको अवस्थामा पनि शपथको प्रयोगद्वारा सत्य-तथ्य पत्ता लगाएर न्यायिक निर्णय गर्न सकिन्छ भन्ने मनुस्मृतिमा उल्लेख गरिएको छ (मनु, अ.८, श्लो. १०९)। वर्णानुसार शपथ गराउने व्यवस्था मनुस्मृतिमा गरिएको छ। ब्राह्मणलाई सत्यको, क्षत्रियलाई वाहन र

३४ समक्षदर्शनात्साक्ष्यं श्रवणात्चैव सिद्ध्यति।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

शस्त्रको, वैश्यलाई गाई, अन्न, र धनको र शूद्रलाई असत्य बोलेमा सबै पाप लाग्ने छ भनी शपथ गराउनु भन्ने मनुस्मृतिमा उल्लेख छ (मनु, अ.८, श्लो.११३) । लिखत, साक्षी र भोगबाट सकारात्मक विषय प्रमाणित हुन्छ भने दैवी परीक्षाबाट अभियुक्त दोषरहित छ भन्ने नकारात्मक पक्षसमेत प्रमाणित हुन्छ भन्ने याज्ञवल्क्यमृतिका टीकाकार विज्ञानेश्वरको मत छ । अन्य प्रमाणबाट सत्य प्रमाणित गर्न असफल भएमा मात्र दिव्य प्रमाणको प्रयोगको अनुमति दिइएको छ । सन्देह निवारणका लागि विवादका पक्ष एवं विपक्ष दुबैमा तुला, अग्नि, जल, विष आदि दिव्य परीक्षाको प्रयोग गर्ने विधान पनि रहेको छ । दिव्य प्रमाणको व्यवस्था वर्तमान अवस्थामा असान्दर्भिक लाग्दछ ।

अन्य प्रमाण (Miscellaneous Evidences)

कौटिल्य अर्थशास्त्रमा दृष्टदोष, स्वयंवाद, अनुयोगार्जव, हेतु र शपथ गरी पाँच वटा थप प्रमाणको उल्लेख गरिएको छ । तर कौटिल्यले यी प्रमाणको विस्तृत व्याख्या र विश्लेषण गरेका छैनन् ।

दृष्टदोष (Prima Facie Evidence)

दृष्टदोषको अर्थ दोष प्रत्यक्ष देखिएको भन्ने हुन्छ । न्याय सम्पादनमा सत्य पत्ता लगाउन विभिन्न चिह्न सङ्केत, सामग्री आदि प्रमाणको रूपमा प्रयोग गरिन्छ ।

स्वयंवाद (Confession)

संस्कृत शब्द स्वयंवादको अर्थ साबिती हो । प्राचीन हिन्दु न्याय सम्पादन प्रक्रियामा साबितीलाई प्रमाणको रूपमा ग्रहण गर्ने गरेको पाइन्छ । तर यसको व्याख्या विश्लेषण गरेको पाइदैन । पक्ष वा निजको तर्फबाट गरिएको लिखत वा मौखिक रूपमा दोष स्वीकार गर्नु साबिती हो । अन्य प्रमाणको अभावमा साबिती प्रमाण मान्य हुँदैन । स्वयंवादको अर्थ स्वीकृति पनि हो । अन्य प्रमाणबाट स्वीकृति झुट्टा हो भन्ने देखिन आयो भने यो प्रमाणमा ग्राह्य हुँदैन । स्वेच्छा पूर्वक स्वीकार गरेको कथन मात्र प्रमाण हुन्छ ।

अनुयोगार्जव (Cross-Examination)

संस्कृत शब्द अनुयोगार्जवम् अनुयोग र आर्जव दुईवटा शब्द मिलेर बनेको छ । अनुयोगको अर्थ प्रश्न, प्रतिप्रश्न, परीक्षण, टिप्पणी आदि हुन्छ । आर्जव शब्दको अर्थ सत्य वा सरलता हो । जिरहबाट मौखिक प्रमाणको सत्यता पत्तालगाउने विधिलाई अनुयोगार्जव भनिन्छ । आकार, अभिप्राय, गति, चेष्टा, बोलीको स्वर, आँखा र मुखकाकृतिको विकार आदि बाहिरी चिह्नहरूबाट मानिसको मनभित्रका कुरा जान्नुपर्छ भन्ने मनुको मत छ (मनु, अ.८, श्लो.२६) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

हेतु (Reasoning)

हेतुको अर्थ तर्क, कारण, उद्देश्य, मनसायका साथै तर्कशास्त्र पनि हुन्छ। हेतुलाई युक्ति पनि भनिन्छ। न्याययुक्त निर्णयमा पुग्न युक्ति सही उपाय मानिएको छ। प्रमाण परीक्षण गर्न हेतुको प्रयोग प्राची हिन्दु राजनीतिक चिन्तनमा उल्लेख गरिएको छ। हेतुलाइ प्रमाणको रूपमा प्रस्तुत गरेर कौटिल्यले न्यायालयद्वारा गरिने प्रमाणको अनुमानको सङ्केत गरेको हुन सक्छ।

गुप्तचरको भूमिका (Role of Spies)

प्राचीन हिन्दु राज्यव्यवस्थामा गुप्तचर राज्यको अभिन्न अङ्ग मानिएको छ। विवादको निर्णय केवल साक्षी प्रमाणका आधारमा मात्र गर्नु उपयुक्त मानिएको छैन। सत्य तथ्य पत्ता लगाउन राज्यले गुप्तचरको प्रयोग गर्न आवश्यक मानिएको छ। गुप्तचरद्वारा प्राप्त सूचनाका आधारमा विवादको निर्णय गर्न सल्लाह दिइएको छ। कौटिल्यले न्याय प्रशासनमा गुप्तचरको प्रयोगको आवश्यक मानेका छन्। वर्तमान समयमा प्रहरी तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा गरिने अनुसन्धान र प्राचीन कालमा गुप्तचरद्वारा गरिने अनुसन्धानका बीचमा समानता देखिन्छ।

निष्कर्ष (Conclusion)

प्राचीन वैदिक सनातन समाजमा वेद र धर्मशास्त्रमा तोकिएका नैतिकताका नियमलाई धर्म भनिन्छ। धर्म नै कानुन मानिएको छ। विद्वान् ऋषिहरूको मानव कल्याणका लागि प्रतिपादन गरेको सिद्धान्तहरू नै कानुन हुन्। देश, जाति, कुल र श्रेणीमा प्रचलित परम्परागत प्रथालाई पनि कानुनको रूपमा मान्यता दिइएको छ। राजा र राज्यलाई कानुन निर्माण गर्ने अधिकार दिइएको छैन तापनि राजाको आदेशलाई सर्वश्रेष्ठ कानुनका रूपमा मान्यता दिनुपर्छ भनी कौटिल्यले उल्लेख गरेका छन्। विवादको निर्णय वा धर्मन्यायलाई पनि कानुनको रूपमा मान्यता दिइएको छ। यति हुँदाहुँदै पनि राजाको आदेश धर्म अनुकूल हुन आवश्यक मानिएको छ। वर्तमान विधिशास्त्रीय मान्यताअनुसार सारवान् कानुन र कार्यविधि कानुन शास्त्रीय हिन्दुविधिमा छरिएको अवस्थामा नै रहेको देखिन्छ। स्वतन्त्र न्यायालयको रूपमा सभा रहने व्यवस्था गरिएको छ। लिखत, साक्षी, भोग र दिव्य विवादको निर्णयका आधार वा प्रमाणका हुन्। समाजमा धर्म र न्यायको स्थापना गर्नु प्राचीन हिन्दु न्याय प्रशासनको उद्देश्य रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

एकाइ – सात

हिन्दु राज्यव्यवस्थामा अन्तरराज्य सम्बन्धका सिद्धान्त
(Theories of Interstate Relations in Hindu Polity)

दक्षिण एसियाको प्राचीन नाम भारतवर्ष हो । वैदिक कालदेखि इतिहासको लामो कालखण्डसम्म भारतवर्ष स-साना राज्यमा विभाजित अवस्थामा रहेको थियो। स-साना राज्यलाई जनपद राज्य भनिन्थ्यो। जनपद राज्यहरूबीच धार्मिक र सांस्कृतिक एकताको सत्ता भने विद्यमान थियो । प्राचीन हिन्दु राजनीतिक चिन्तकहरूले भारतवर्षको सम्पूर्ण भूभागको एकीकरण गरी विशाल साम्राज्य निर्माणसम्बन्धी विचारको विजारोपण भने वैदिक कालमा नै गरेका थिए । साम्राज्य निर्माण र पतनको श्रृङ्खलाको इतिहास पनि विद्यमान रहेको छ। राज्य एक-अर्काबीच परस्पर सम्बन्ध नराखी एक्लै रहन सक्दैन भन्ने मान्यतामा प्राचीन हिन्दु राजनीतिक विचारकहरूको मतैक्यता रहेको छ । प्राचीन कालदेखि नै एउटा राज्यले अर्को राज्यसँग सम्बन्ध राख्ने प्रचलन रहँदैआएको पाइन्छ। राज्यहरूबीचको पारस्परिक सम्बन्धलाई अन्तरराज्य सम्बन्ध भनिन्छ । अन्तरराज्य सम्बन्ध व्यवस्थित गर्ने विभिन्न सिद्धान्तहरूको विकास पनि प्राचीन हिन्दु राज्यव्यवस्थामा गरिएको छ । मनुस्मृति, याज्ञवल्क्यस्मृति, बृहस्पतिस्मृति, शुक्रनीतिसार, रामायण, महाभारत, कौटिल्यको अर्थशास्त्र आदिमा अन्तरराज्य सम्बन्धका सिद्धान्तको उल्लेख पाइन्छ । इतिहासको विभिन्न कालखण्डमा प्राचीन राजनीतिक चिन्तनमा रहेका अन्तरराज्य सम्बन्धका सिद्धान्तहरूको विवेचना यस एकाइमा प्रस्तुत गरिएको छ।

वैदिक र उत्तर-वैदिक युग (Vedic and Post-Vedic Period)

दक्षिण एसियाको वैदिक सभ्यताको विकासमा वैदिक काल राज्यको उदयको प्रारम्भिक काल मानिन्छ । वैदिक युगमा भारतवर्षमा अनेक जनपद राज्य थिए । वैदिक साहित्यका अनुसार जनमा रहेका व्यक्ति सजात मानिन्थे । जनलाई विश पनि भनिन्थ्यो। प्रारम्भमा जन कुनै एकठाउँमा बसोबास गर्दैनथे । निश्चित भूभागमा सङ्गठित भएर बस्न थालेपछि त्यसलाई ग्राम अर्थात् गाउँ भन्न थालियो । ग्रामको प्रमुख नेतालाई ग्रामणी भनिन्थ्यो। जनलाई नै राष्ट्र भन्न थालियो र जनको नेता वा शासक राजा भए। जनलाई विश पनि भनिन्थ्यो र विशको प्रमुखलाई विशपति वा राजा भनिन्थ्यो । जनपद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राज्यहरूबीच सङ्घर्ष चलिरहन्थ्यो । शक्तिशाली राजाले कमजोर राजामाथि नियन्त्रण कायम गर्ने प्रयत्न गरिरहन्थे । शक्तिशाली राजाहरू कमजोर राजालाई जितेर एकराट्, सम्राट वा अधिराज पद प्राप्त गर्न प्रयत्नशील हुन्थे । एकराट् , सम्राट र अधिराज पद गौरवका प्रतीक थिए । ऋग्वेदको मन्त्रमा इन्द्रको स्तुति गर्दै इन्द्र तिमी सम्पूर्ण भुवनको एकराट् भएर रहेका छौ भन्ने उल्लेख छ[१] (ऋगवेद,६-३७-८) ।

उत्तर-वैदिक कालमा पनि अनेक जनपद राज्यको सत्ता थियो । यस युगमा पनि शक्तिशाली राजाहरू चक्रवर्ती सम्राट वा सार्वभौम पद प्राप्त गर्न आपसी सङ्घर्षमा संलग्न हुने परम्पराको निरन्तरता थियो । रामायण कालसम्म आर्य र आर्येतर जातिबीच युद्ध हुने गरेको पाइन्छ । उत्तर-वैदिक कालमा युद्धमा पराजित राजाहरूको मूलोच्छेदन गरिदैनथ्यो । विजित राज्यलाई अधीनता स्वीकार गराइएर विजयी राजाहरू सन्तुष्ट हुन्थे । यस युगमा विजयी राजाले वाजपेय, अश्वमेध आदि यज्ञको अनुष्ठान गर्दथे ।

प्राग्बौद्ध युग (Pre-Buddhist Period

बौद्ध युगभन्दा पहिले भारतवर्षका राज्यहरूबीचको पारस्परिक सम्बन्धको विस्तृत परिचय धर्मसूत्र, स्मृतिग्रन्थ र महाभारतबाट प्राप्त गर्न सकिन्छ । यस युगमा आर्यहरूको आर्येतर जातिसँग युद्धको आवश्यकता थिएन । आर्यहरूबीच परस्पर युद्ध हुन्थ्यो । महाभारतमा आर्यहरूबीचको युद्धको वर्णन छ । मनुस्मृति र महाभारतमा युद्धका नियम उल्लेख गरेको पाइन्छ । बौद्धायन धर्मसूत्र र मनुस्मृतिमा युद्धमा शत्रुका विरुद्ध विषयुक्त बाण प्रयोग गर्न निषेध गरिएको छ । युद्धमा बालक, वृद्ध, स्त्री र युद्धमा संलग्न नभएका व्यक्तिमाथि प्रहार गर्न निषेध गरिएको छ । युद्धमा संलग्न योद्धाहरूबीच मात्र युद्ध गर्नुपर्ने नियम छ । युद्धलाई खेलको रूपमा मानिएको छ । युद्धमा संलग्न हुनु क्षत्रियको धर्म मानिएको छ । मनुस्मृतिका अनुसार युद्धका शास्त्रीय नियम पालना गर्नु राजाको धर्म वा कर्तव्य हो । समान योद्धाहरूबीच युद्ध गर्नुपर्ने नियम छ । युद्धमा घाइतेको उपचार गरेर निको भएपछि छाड्नु पर्ने नियमको व्यवस्था छ । धर्मयुद्धका लागि प्रोत्साहन गरिएको छ । साम्राज्य निर्माण गर्नु युद्धको उद्देश्य रहेको छ ।

साम्राज्यको विकास काल (Period of Empire Building)

बौद्धकालमा दक्षिण एसियामा महाजनपद वा साम्राज्यको विकास प्रारम्भ भइसकेको थियो । इसापूर्व चौथो शताब्दीमा मगधमा मौर्य साम्राज्यको उदय भएको थियो । चन्द्रगुप्त मौर्यले नन्दवंशलाई हराएर मगध साम्राज्यको स्थापना गरेका थिए । उनले मगध राज्यको सीमाविस्तार गरी विशाल साम्राज्यको निर्माण गरेका थिए । साम्राज्यलाई महाजनपद पनि

---

१ एकराडस्य भुवनस्य राजसि शचीपत इन्द्र विश्वारूतिभिः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
भनिन्थ्यो। महाजनपदहरूबीच परस्पर युद्ध भइरहन्थ्यो। कूटनीतिक सम्बन्ध र युद्धका शास्त्रीय नियमको पालनामा जोड दिइन्थ्यो। युद्धमा शास्त्रीय नियमको अनुसरण गर्नु राजाको कर्तव्य मानिएको छ। कमजोर राजालाई अधीनता स्वीकार गराएर मात्र विजयी राजाहरू सन्तुष्ट हुन्थे। भौगोलिक सीमाविस्तारभन्दा प्रभावक्षेत्र विस्तारमा जोड दिइएको छ। नेपालमा पनि लिच्छवि शासकहरूले विशाल नेपालको निर्माण गरेका थिए। युद्धको अवस्था र शान्ति कालमा अन्तरराज्य सम्बन्ध फरक किसिमको हुने व्यवस्थाको उल्लेख प्राचीन हिन्दु राजनीतिक चिन्तनमा गरिएको छ।

युद्धकालमा अन्तरराज्य सम्बन्ध (Inter-state Relations in War Time)

युद्ध लड्नु क्षत्रिय राजाको धर्म मानिएको छ। प्राचीन दक्षिण एसियाका हिन्दु राजाहरू परस्पर सङ्घर्ष गर्दथे। महाभारतका अनुसार क्षत्रियका लागि युद्ध गौरवको विषय हो। रोगले ग्रसित भई ओछ्यानमा पल्टेर मर्नु क्षत्रियको गौरवको प्रतिकूल मानिएको छ। (शान्तिपर्व., स.९७, श्लो.२३)। विजिगीषु राजालाई आदर्श राजा मानिएको छ। युद्धका माध्यमबाट आफ्नो प्रभाव क्षेत्र विस्तार गर्न चाहने शक्तिशाली राजालाई विजिगीषु भनिन्छ। अन्तरराज्य सम्बन्धका छ सिद्धान्त प्राचीन हिन्दु राजनीतिक चिन्तनका प्रचलित सिद्धान्त थिए। सन्धि, विग्रह, यान, आसन, संश्रय र द्वैधीभाव परराष्ट्र-नीतिका छ सिद्धान्त हुन्। राजाले आफ्नो अवस्थाको मूल्याङ्कन गरी यी नीतिहरूको प्रयोग गर्नुपर्छ भन्ने मान्यता रहेको छ। अर्को राज्यमाथि आक्रमण गर्नु विग्रह हो। युद्धमा युद्धधर्मको पालना गर्नुपर्छ भन्ने मान्यता छ। युद्धका नियम पालना गरिने युद्धलाई धर्मयुद्ध भनिन्छ। युद्धका नियमको पालना नगरिने युद्धलाई कूटयुद्ध भनिन्छ। कूटयुद्ध गर्नु पाप हो तापनि कौटिल्यले आफूभन्दा ज्यादै शक्तिशाली शत्रुमाथि विजय प्राप्त गर्न कूटयुद्धलाई पनि वैध मानेका छन्। युद्ध साम्राज्य निर्माणको माध्यम मानिएको छ। कमजोर र शक्तिहीन राजालाई अधीनता स्वीकार गराउनु युद्धको उद्देश्य रहेको छ। आफ्नो शक्ति पर्याप्त भएको अवस्थामा आफूभन्दा शक्तिहीन राज्यमाथि आक्रमण गर्नु राजाको कर्तव्य मानिएको छ। विजित राजाको मूलोच्छेद भने गर्नुहुँदैन भन्ने मान्यता रहेको छ। पराजित राजाको वंशको शासन समाप्त गर्नुलाई मूलोच्छेद भनिन्छ। मूलोच्छेद धर्म विरुद्ध मानिएको छ। दक्षिण एसियाको इतिहासमा सर्वप्रथम मगध सम्राट् महापद्म नन्दले मूलोच्छेद गरी साम्राज्य विस्तार गरेका थिए। यसैगरी चन्द्रगुप्त मौर्यले पनि युद्धको माध्यमबाट राज्य विस्तार गरी साम्राज्य निर्माण गरेका थिए।

राज्यमण्डल सिद्धान्त शक्तिसन्तुलनको लागि प्रयोग गरिने अन्तरराज्य सम्बन्धको सिद्धान्त हो। सीमा जोडिएको राज्यलाई शत्रुराज्य मानिएको छ। कौटिल्यले अन्तरराज्य सम्बन्धको व्याख्या गर्न मण्डल सिद्धान्तको प्रयोग गरेका छन्। अन्तरराज्य सम्बन्धमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

साम, दान र भेद उपाय असफल भएको अवस्थामा मात्र दण्ड वा युद्धको प्रयोग गर्नुपर्ने विषयमा पनि जोड दिइएको छ। शक्तिशाली राज्यले जुनसुकै बेला पनि कमजोर राज्यमाथि आक्रमण गर्नुपर्ने विषयमा भने हिन्दु राजनीतिक चिन्तकहरूबीच मतैक्यता छ।

शान्तिकालमा अन्तरराज्य सम्बन्ध (Interstate Relations in Peace Time)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राज्यहरूबीचको शान्तिपूर्ण सम्बन्धमा जोड दिइएको छ। राज्यको समृद्धिका लागि शान्ति आवश्यक हुन्छ। कूटनीतिक सम्बन्धका चार उपायको प्राचीन हिन्दु रानीतिक चिन्तनमा महत्त्वपूर्ण स्थान छ। साम, दान, भेद र डण्ड चार उपायमध्ये साम, दान र भेद शान्तिपूर्ण उपाय हुन्। दण्ड मात्र शक्तिको प्रयोग र युद्धसँग सम्बन्धित उपाय हो। राजाले सम्भव भएसम्म साम, दान र भेद उपायको प्रयोगलाई प्राथमिकता दिनुपर्छ भन्ने मान्यता छ। दण्ड वा युद्धबाट दुबै पक्षको नोक्सानि हुने भएकाले यसको प्रयोग गर्न निरुत्साहित गरिएको छ। शान्तिकालमा राज्यहरूले परस्पर दूतहरूको आदान-प्रदान गर्ने नियम रहेको छ। व्यापार, सांस्कृतिक आदान-प्रदान र वैवाहिक सम्बन्धका माध्यमबाट अन्तरराज्य सम्बन्ध सुदृढ गर्नुगर्ने विषयमा पनि प्राचीन हिन्दु राजनीतिक चिन्तनमा उल्लेख गरिएको छ।

निष्कर्ष (Conclusion)

प्राचीन हिन्दु राज्यव्यवस्थामा अन्तरराज्य सम्बन्ध महत्त्वपूर्ण मानिएको छ। अन्तरराज्य सम्बन्ध कूटनीति, शक्तिसन्तुलन र युद्धनीतिमा आधारित मानिएको छ। युद्ध र शान्तिपूर्ण अवस्थामा राज्यहरूबीच परस्पर सम्बन्धका नियमको व्यवस्था प्राचीन हिन्दु राजनीतिक चिन्तनमा गरिएको छ। कूटनीति सम्बन्धमा पनि नैतिक र धार्मिक कर्तव्यको पालनामा विशेष जोड दिइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

साम्राज्य निर्माण
(Empire-Building)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा भारतवर्षको एकीकरण गरी शक्तिशाली साम्राज्य निर्माणसम्बन्धी विचार ज्यादै महत्त्वका साथ उल्लेख गरिएको छ। प्राचीन हिन्दु राजनीतिक विचारकहरू शक्तिशाली राजतन्त्रका पक्षमा रहेका छन्। उनीहरूको राजनीतिक चिन्तनमा शक्तिशाली राजालाई कमजोर राज्यमाथि विजय प्राप्त गरी एकराट्, सम्राट र अधिराज पद प्राप्त गर्न प्रोत्साहन गरिएको छ। यी पदमा प्राप्त गर्नु राजाका लागि गौरवको विषय मानिएको छ। प्राचीन हिन्दु राजनीतिक विचारकहरूका साम्राज्य निर्माणसम्बन्धी मान्यतामा भने समानता छैन। मनुका अनुसार साम्राज्य निर्माण प्रभावक्षेत्रको विस्तारमा सीमित हुनुपर्छ। कौटिल्यका अनुसार उत्तरमा हिमालदेखि दक्षिण समुद्रसम्म र पूर्वी समुद्रदेखि पश्चिमतर्फ समुद्रसम्मको विशाल भूभाग एकीकरण गर्नु साम्राज्य निर्माण मानिएको छ। वैदिक साहित्य, मनुस्मृति, याज्ञवल्क्यस्मृति, रामायण, महाभारत, शुक्रनीतिसार, कौटिल्यार्थशास्त्र, पुराण तथा संस्कृत साहित्यका विभिन्न ग्रन्थमा साम्रज्य निर्माणको भावना स्पष्ट रूपमा उल्लेख गरिएको छ। प्राचीन हिन्दु राज्यव्यवस्थामा रहेको साम्राज्य निर्माणको सिद्धान्तको सङ्क्षिप्त विवेचना यस प्रकरणमा गरिएको छ।

साम्राज्य निर्माणको अवधारणा (Concept of Empire-Building)

कौटिल्यका अनुसार हिमालयदेखि दक्षिण समुद्र पर्यन्त र पूर्व-पश्चिम एक हजार योजन अर्थात् चार हजार कोशबीचको भूभाग चक्रवर्ती क्षेत्र हो[१] (कौटिल्य, अधि.९, अ.१)। यस भूखण्डमा विद्यमान स-साना राज्यहरूको एकीकरणलाई साम्राज्य निर्माण मानिएको छ।

वैदिक कालमा दक्षिण एसियामा स-साना जनपदमा राज्य थिए। शासन पद्धति राजतन्त्रात्मक थियो। शक्ति र सम्मानका आधारमा राजा, महाराजा, सम्राट राजाका उपाधि थिए। कमजोर राज्यलाई पराजित गरी एकीकृत राज्यको निर्माण गर्ने राजाले यी उपाधि प्राप्त गर्दथे। पराजित राजाले पराधीनता स्वीकार गर्नुपर्दथ्यो। वेदमा एकराट् शब्द प्रयोग गरिएको छ। यसको अर्थ सम्राट् हो। अत: वैदिक कालदेखि नै भारतवर्षको एकीकरण गरी विशाल साम्राज्य निर्माणको भावनाको विजारोपण भएको मानिन्छ।

---

१ देश: पृथिवी। तस्यां हिमवत्समुद्रान्तरमुदीचीनं योजनसहस्रपरिमाणं तिर्यक् चक्रवर्तिक्षेत्रम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

उत्तरवैदिक कालमा पनि आर्यहरूका विभिन्न राज्य वा जनपद आपसी सङ्घर्षमा संलग्न हुने गर्दथे। यस युगमा पनि सम्राट् एवं चक्रवर्ती पद प्राप्त गर्न शक्तिशाली राजाहरू प्रयत्नशील हुन्थे। चक्रवर्ती सम्राट् बन्ने हिन्दु राजाहरूको अन्तिम चाहाना हुन्थ्यो। राजाहरूले अश्वमेध यज्ञ, राजसूय यज्ञ एवं वाजपेय यज्ञ गर्दथे जसको अभिप्राय साम्राज्य निर्माण गर्ने र चक्रवर्ती सम्राट् पद प्राप्त गर्ने भन्ने हुन्थ्यो। समुद्रदेखि हिमालसम्म पूर्वमा समुद्रदेखि पश्चिम समुद्र सम्मको सम्पूर्ण भूभागमा एकता कायम गर्ने राजाको उच्चतम आदर्श मानिन्थ्यो। पराजित राजाको मूलोच्छेदन नगर्ने परम्परा रहेको मनुस्मृतिमा उल्लेख गरिएको छ। पराजित राजाको वंशको सुयोग्य व्यक्तिलाई शासनको जिम्मा दिने र मित्रता कायम गर्नुपर्ने उनको निर्देश छ (मनु, अ. ७, श्लो. २०२)। यसबाट के स्पष्ट हुन्छ भने त्यस युगसम्म पनि अधीनता स्वीकार गराउनु साम्राज्य निर्माणको लक्ष्य थियो। उत्तरवैदिक कालमा साम्राज्य निर्माणको आशय प्रभावक्षेत्रको विस्तार मानिएको छ।

महान् राजनीतिज्ञ एवं कूटनीतिज्ञ कौटिल्यको समयमा पनि भारतवर्ष स-साना राज्यहरूमा विभाजित थियो। उनले विश्वविजयका अभियन्ता सिकन्दरले भारतवर्षका राज्यमाथि आक्रमण गरी पञ्जाव लगायत पश्चिमी सीमावर्ती स-साना राज्यहरू पराजित गरेको घटना आफ्नै आँखाले देखेका थिए। सिकन्दरबाट मगध पराजित भएको थिएन। त्यस वेला मगधमा नन्दवंशको साम्राज्य थियो। नन्दवंशको साम्राज्यमा पराजित राजाको मूलोच्छेदन गरी आफ्नै शासन सञ्चालन गर्ने परम्पराको प्रारम्भ गरिएको थियो। समस्त दक्षिण एसियामा रहेका राज्यहरूलाई एक सूत्रमा बाँध्नु र बाह्य आक्रमणबाट भारतवर्षलाई जोगाउनु कौटिल्यको अर्थशास्त्रको उद्देश्य रहेको छ। उनले परम्परागत रूपमा हिन्दु राजनीतिक चिन्तनमा रहेको साम्राज्य निर्माणको अवधारणालाई नयाँ ढङ्गबाट विश्लेषण गरेका छन्। चार उपाय, राज्यमण्डल र षड्गुण सिद्धान्तको व्यावहारिक प्रयोगका निम्ति सशक्त विश्लेषण कौटिल्यले उल्लेख गरेका छन्। कौटिल्यको परामर्श एवं योजनानुसार चन्द्रगुप्त मौर्यले इसापूर्व चौथो शताब्दीको अन्त्यतिर नन्दवंशलाई हराई विशाल मौर्य साम्राज्य निर्माण गर्न सफल भएका थिए। मौर्य साम्राज्य हिमालदेखि दक्षिणतर्फ समुद्रसम्म पूर्वमा समुद्रदेखि पश्चिम समुद्रसम्मको चक्रवर्ती क्षेत्रका अधिकांश जनपदलाई पराजित गरी भारतवर्षको एकीकरण गरेर साम्राज्य निर्माण गर्न सफल भएको थियो। पराजित राज्यका राजाको शासन अन्त्य गरी चन्द्रगुप्त मौर्यले आफूले जितेका राज्यमा आफ्नै शासन सञ्चालनको व्यवस्था गरेका थिए। यसो गर्नु परम्परागत राजधर्म विरुद्ध मानिन्थ्यो। चन्द्रगुप्तका नाति सम्राट अशोकले सैनिकद्वारा गरिने विजयको सट्टा बौद्धधर्मनुसार धर्मविजयको नीति लिएका थिए। यसलाई उनको सांस्कृतिक र धार्मिक एकीकरणको अभ्यास मानिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मनुको मूलोच्छेद नगर्ने नीतिको सट्टा उत्तरवर्ती साम्राज्य निर्माताहरुले मूलोच्छेद गरी आफ्नो प्रान्तीय शासन सञ्चालन गर्ने नीतिको प्रारम्भ गरेको पाइन्छ। मौर्य साम्राज्यमा सम्भवत विशाल भूभाग एकीकरण गर्ने भारतवर्षको प्रथम ऐतिहासिक साम्राज्य थियो।

साम्राज्य निर्माणका प्रमुख तत्त्व (Key Elements of Empire-Building)

प्राचीन हिन्दु राज्यव्यवस्थामा दिग्विजय हासिल गरी चक्रवर्ती साम्राज्य स्थापना गर्ने कार्य राजाको राजधर्म मानिएको छ। साम्राज्यको विस्तार राजाको धार्मिक र राजनीतिक कर्तव्य मानिएको छ। साम्राज्य निर्माणको प्राचीन धारणा राजाको चक्रवर्ती सम्राट् बन्ने इच्छासँग जोडिएको छ। साम्राज्य निर्माणका प्रमुख तत्त्व निम्नानुसार रहेका छन्:

चक्रवर्तित्व राजाको आदर्श (Ideal of Emperorship)

प्राचीन दिन्दु राज्यव्यवस्थामा चक्रवर्ती सम्राट् बन्नु राजाका लागि गौरवको विषय मानिएको छ। युद्धमा स-साना राज्यलाई पराजित गरी साम्राज्य निर्माण गर्ने राजालाई चक्रवर्ती राजा भनिन्छ । चक्रवर्ती राजा बन्नु सम्मानको विषय भएकाले राजाहरूले साम्रज्य निर्माण गर्न प्रयत्न गर्नु स्वाभाविक मानिएको छ। शक्तिशाली राजालाई आफ्नो कीर्तिका लागि साम्राज्य निर्माण गर्न प्रोत्सान गरिएको छ।

धर्म र राजा (Dharma and Kingship)

राजधर्मको अर्थ राजाको कर्तव्य र दायित्व हो। आन्तरिक शान्ति सुव्यवस्था कायम गर्नु र जनताको कल्याण सुनिश्चित गर्नु राजाको कर्तव्य मानिएको छ। राज्यविस्तार गरी राज्यमा समृद्धि ल्याउनु र सम्पन्नताको न्यायपूर्ण वितरणद्वारा प्रजालाई सन्तुष्ट पार्नु पनि राजाको कर्तव्य मानिएको छ। शासन सञ्चालन गर्दा सत्यनिष्ठाको (Righteousness) अनुसरण गर्नु राजधर्म हो। साम्राज्य निर्माण गर्नु पनि राजाको कर्तव्यभित्र समावेश गरिएको छ।

अश्वमेध र राजसूय यज्ञ सम्पादन (Performance of Ashvmedha and Rajasuya Yajna)

अश्वमेध, वाजपेय र राजसूय यज्ञ राजाको प्रतिष्ठाका लागि गरिने यज्ञ थिए। यी यज्ञ धार्मिक मात्र थिएनन्। यिनको प्रत्यक्ष सम्बन्ध साम्राज्य निर्माण र राजाको प्रतिष्ठासँग ज़ोडिएको छ। राजसूय यज्ञ राजाको राज्याभिषेकमा सम्पन्न गरिने यज्ञ हो। विजयको वैधानिकताका लागि अश्वमेध यज्ञ गरिन्थ्यो। आश्वमेध यज्ञमा घोडा छाडिन्थ्यो र घोडासँगै सेना पनि जान्थे। घोडा घुमाउँदा कसैले अवरोध गरेन भने राजाको आधिपत्य स्वीकार गरेको मानिन्थ्यो। कसैले घोडा रोक्यो भने युद्ध हुन्थ्यो। युद्धमा पराजित भएपछि त्यो क्षेत्र पनि साम्राज्यको आधिपत्यमा आउँथ्यो। यज्ञ धार्मिक भए तापनि त्यसको उद्देश्य साम्राज्य निर्माणसँग जोडिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

क्षेत्रीय साम्राज्य (Regional Empire)

साम्राज्य निर्माणको भौगोलिक क्षेत्र दक्षिण एसियामा सीमित गरिएको छ । दक्षिण एसियालाई चक्रवर्ती क्षेत्र मानिएको छ । चक्रवर्ती क्षेत्रका राज्यहरूको एकीकरण गरी साम्राज्य निर्माण गर्ने गरेको पाइन्छ ।

राज्यमण्डल सिद्धान्त (Theory of Circle of States)

प्राचीन हिन्दु राजनीतिशास्त्रका आचार्यहरूले राज्यमण्डल सिद्धान्तको विकास गरेका छन् । बाह्र राजाहरूको राज्यमण्डल सिद्धान्त प्रसिद्ध छ । विजय हासिल गरी साम्राज्य निर्माणको इच्छा गर्ने राजालाई विजिगीषु भनिन्छ । राज्यमण्डल सिद्धान्तमा विजिगीषुसँग सीमा जोडिएको राज्यलाई शत्रुराज्य मानिएको छ । शत्रुसँग सीमा जोडिएको राज्य विजिगीषुको मित्र मानिएको छ । यसबाहेक राज्यका मध्यम र उदासीन प्रवृत्ति हुन्छन् । विजिगीषुले राज्य विस्तार गरी साम्राज्य निर्माण गर्ने हुँदा सीमा जोडिएको राज्यसँग युद्धको सम्भावना हुन्थ्यो । त्यसैले सीमा जोडिएको राज्यलाई शत्रुराज्य मानिएको हो । राज्यमण्डल सिद्धान्त राज्यविस्तार र शक्तिसन्तुलनका लागि विकास गरिएको सिद्धान्त हो ।

सास्कृतिक र धार्मिक एकता (Cultural and Religious Integration)

स-साना राज्यमा विभाजित भए तापनि दक्षिण एसियामा सनातन धर्मको सबै राज्यमा प्रभाव थियो । राजधर्म र नीतिशास्त्रका सिद्धान्त राज्य सञ्चालनका आधारभूत मार्गदर्शक सिद्धान्त सबै राज्यका लागि समान थिए । साम्राज्य निर्माणको क्रममा धार्मिक र सांस्कृतिक एकता कायम गर्न जोड दिने गरेको पाइन्छ । शास्त्रकारहरूका अनुसार राजाले देशधर्म र जातिधर्म तथा स्थानीय परम्पराको सम्मान गर्नुपर्दछ । स्थानीय परम्पराको सम्मान गर्दा एकीकरण सहज हुन्छ भन्ने मान्यता रहेको छ । धर्म र संस्कृतिलाई एकीकरणका माध्यम बनाइएको छ । सम्राट् अशोकको धम्मविजय धार्मिक र सास्कृतिक एकीकरणमा सीमित रहेको छ ।

प्रशासनिक र सैनिक सङ्गठन (Administrative and Military Organization)

राज्य विस्तार गर्न सुसङ्गठित प्रशासनिक र सैनिक सङ्गठनको आवश्यकता पर्दथ्यो । योग्य व्यक्तिलाई अमात्य र कर्मचारीमा नियुक्ति गर्न राजालाई नीतिशास्त्रकारहरूले सल्लाह दिएका छन् । केन्द्रीकृत प्रशासनिक सङ्गठन निर्माणमा जोड दिइएको छ । बलियो सेना राज्यविस्तारका लागि आवश्यक पर्ने हुँदा शक्तिशाली सैनिक सङ्गठन निर्माणमा जोड दिइएको छ । प्रजाको रक्षाका लागि युद्ध लड्नु क्षत्रियको धर्म मानिएको छ । मनुले क्षत्रियलाई सैनिक वर्ग मानेका छन् । कौटिल्यका अनुसार आवश्यकता अनुसार जुनसुकै वर्णको व्यक्तिलाई पनि सेनामा भर्ना गर्न सकिन्छ । युद्धमा मृत्य हुने सैनिकले मृत्युपछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्वर्गको सुख भोग गर्न पाउँछ भन्ने मान्यता रहेको छ । यो सैनिकलाई युद्धका लागि उत्प्रेरित गर्ने उपाय हो । बलियो सेना साम्राज्य निर्माणको आधार मानिएको छ ।

व्यापार र आर्थिक विस्तार (Trade and Economic Expansion)

साम्राज्य निर्माण आर्थिक समृद्धि र व्यापारिक मार्गसँग पनि जोडिएको विचार हो । सम्पन्नताका लागि व्यापारिक मार्गमा नियन्त्रण आवश्यक मानिएको छ । व्यापार विस्तार र समृद्धिका लागि राज्यको सीमा विस्तार गरी साम्राज्य निर्माण गर्ने गरेको पाइन्छ । पराजित राज्यबाट धनधान्य प्राप्त गरी प्रजामा न्यायपूर्ण वितरण गरी प्रजालाई सुखी र सन्तुष्ट पार्नु राजाको राजधर्म हो । यसका लागि राजाले साम्रज्य निर्माण गर्न प्रयत्न गर्नु स्वाभाविक मानिएको छ ।

निष्कर्ष (Conclusion)

प्राचीन दिन्दु राज्यव्यवस्थामा वैदिक कालदेखि नै राज्यविस्तार गरी राजालाई एकराट् बन्न उत्प्रेरित गरिएको छ । शक्तिशाली राजाहरूलाई अन्य राज्यमाथि विजय प्राप्त गरी एकराट्, सम्राट र अधिराज पद प्राप्त गर्नका लागि निरन्तर सङ्घर्ष गर्न उत्प्रेरित गरिएको छ । यी पद प्राप्त गर्नु गौरवको विषय मानिएको छ । मनुस्मृति, रामायण, महाभारत, पुराण, शुक्रनीतिसार, कौटिल्यार्थशास्त्र आदि सम्पूर्ण राजनीतिसम्बन्धी ग्रन्थमा साम्राज्य निर्माणको अभियानमा आवश्यक पर्ने रणनीतिक सिद्धान्तको प्रतिपादन गरिएको छ । प्रारम्भमा साम्राज्य निर्माण प्रभावक्षेत्र विस्तारमा सीमित रहेको पाइन्छ । उत्तरवर्ती साहित्यमा साम्राज्य निर्माण भौगोलिक सीमा विस्तारसँग सम्बन्धित रहेको छ । साम्राज्य निर्माणको भौगोलिक सीमा भने दक्षिण एसियामा सीमित गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राज्यमण्डल सिद्धान्त
(heory of Circle of States)

मनुस्मृति, शुक्रनीतिसार, कौटिलय अर्थशास्त्र, कामन्दकनीतिसार, महाभारत आदि प्राचीन ग्रन्थमा वर्णन गरिएका अन्तरराज्य सम्बन्धका सिद्धान्तहरूमध्ये राज्यमण्डल सिद्धान्त ज्यादै महत्त्वपूर्ण सिद्धान्त हो । एउटा राज्यको चारैतर्फ अवस्थित विभिन्न राज्यहरूको समूहलाई प्राचीन हिन्दु राज्यव्यवस्थामा राज्यमण्डल भनिन्छ । महत्वाकाङ्क्षी तथा शक्तिशाली राजाले छिमेकी राज्यहरूमाथि आक्रमण गर्ने र विजय प्राप्त गरी साम्राज्य विस्तार गर्ने नीति प्राचीन हिन्दु राजनीतिक विचारमा रहेको छ। राजनीतिक चिन्तनमा राजालाई साम्राज्य निर्माण गर्न प्रोत्साहन गरिएको छ । साम्राज्य निर्माण गर्नु वैदिक कालदेखि नै राजाको आदर्श मानिएको छ । कमजोर र शक्तिहीन राज्यहरूलाई पराजित गरी सम्राट् बन्ने इच्छा गर्ने राजा वा राज्यलाई विजिगीषु राज्य भनिन्छ। विजिगीषु राज्यले आफ्ना मित्र, शत्रु, उदासीन र मध्यम राज्यसँगको पारस्परिक सम्बन्धमा प्रयोग गर्नुपर्ने प्राचीन हिन्दु राजनीतिक विचारहरूले प्रतिपादन गरेक अन्तरराज्य सम्बन्धका सिद्धान्तहरूमध्ये एक राज्यमण्डल सिद्धान्त हो । राज्यमण्डल सिद्धान्तमा अन्तरराज्य सम्बन्धलाई यथार्थवादी दृष्टिकोणबाट हेरिएको छ। राज्यको विस्तारवादी नीतिका कारण सीमा जोडिएको छिमेकी राज्यलाई शत्रुराज्य मानिएको छ। शक्तिशाली राज्यले कमजोर राज्यमाथी आक्रमण गर्ने नीति रहेको छ। प्राचीन हिन्दु राजनीतिक साहित्यका शास्त्रीय ग्रन्थमा उल्लेख भएका विचारका आधारमा यस प्रकरणमा राज्यमण्डल सिद्धान्तको आधारभूत मान्यताबारे सङ्क्षेपमा प्रकाश पारिएको छ।

राज्यमण्डल सिद्धान्तको अवधारणा (Concept of Rajyamandal Theory)

मनुस्मृतिमा राज्यमण्डल सिद्धान्तको उल्लेख गरिएको छ। मनुका अनुसार साम्राज्य निर्माण गर्न चाहने शक्तिशाली राजालाई विजिगीषु भनिन्छ। राजाले आफ्ना राज्यको सीमा जोडिएका राजा र उनका सेवकलाई शत्रु प्रकृति मान्नुपर्छ भन्ने राज्यण्डल सिद्धान्तको आधारभूत सिद्धान्त रहेको छ । शत्रुका राज्यसँग सीमा जोडिएका राजा र राज्य मित्र प्रकृतिका हुन्छन् । ती दुबै प्रकृति भन्दा टाढा रहेका राजा उदासीन हुन् (मनु, अ.७, श्लो.१५५ र १५८)। विजिगीषु युद्धमा भएका बेला, पछाडिबाट विजिगीषुमाथि आक्रमण गर्ने राज्यलाई पार्ष्णिग्राह भनिन्छ। त्यस्तै पछाडिबाट विजिगीषुलाई सहयोग गर्ने पार्ष्णिग्राहको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

शत्रु विजिगीषुको मित्रराज्यलाई आक्रन्द भनिन्छ भन्ने मनुको विचार रहेको छ (मनु, अ.७, श्लो.२०७)। वाल्मीकि रामायणमा 'प्रकृतिमण्डलम्' शब्दको प्रयोग गरिएको छ (वाल्मीकि, अयो., स.१००, श्लो.६९)। अन्तरराज्य सम्बन्धको प्रसङ्गमा यो शब्दको प्रयोग भएको हुँदा वाल्मीकिले राज्यमण्डललाई प्रकृतिमण्डल भनी उल्लेख गरेको हुनुपर्छ। राज्यंमण्डल सिद्धान्तको विश्लेषण भने रामायणमा गरिएको छैन। बृहस्पतिले अन्तरराज्य सम्बन्धका निम्ति अठार किसिमका राज्यमण्डलको उल्लेख गरेका छन्। उनका अनुसार विजिगीषु राजा र त्यसको मित्र, शत्रु र उदासीन राज्यका तीन मूल प्रकृति हुन्। राज्यका सात अङ्गमध्ये अमात्य, राष्ट्र, दुर्ग, कोष र दण्ड पाँच प्रकृतिसँग मण्डल सिद्धान्तका तीन प्रमुख प्रकृति मिलाउँदा पन्ध्र र पुनः मूल तीन प्रकृति जोड्दा राज्य मण्डलमा अठार प्रकृति हुन्छन्। प्रकृतिलाई तीर्थ पनि मानिएको छ। राजाले यी अठार तीर्थको राम्रोसँग विचार गर्नुपर्छ भन्ने बृहस्पतिको विचार छ (बृहस्पति, अ.३, सू. २२-२३)।

शुक्राचार्यले विजिगीषु, मित्र, शत्रु, र उदासीन राज्यको नाम उल्लेख गरेका छन् तापनि राज्यमण्डल सिद्धान्तको विश्लेषण गरेका छैनन्। उनका अनुसार राजाको छिमेकका राजा क्रमशः शत्रु, मित्र, र उदासीन हुन्छन् (शुक्राचार्य, अ. ४, प्र. १ श्लो. २१)। राजाले आफू शक्तिशाली भएको अवस्थामा मात्र षडगुणकोको विचार गरेर युद्धको इच्छा गर्नु पर्दछ भन्ने शुक्राचार्यको मत छ (शुक्र,अ.४,प्र.७, श्लो. २१८-२१९)। शुक्राचार्यले प्राचीन साम्राज्य निर्माणको मान्यताका साथै राज्यमण्डल सिद्धान्तको समर्थन गरेका छन्। कौटिल्यले पनि विजिगीषु, उनको मित्र र मित्रको मित्र तीन मूल प्रकृति मानेका छन्। यी तीन प्रकृतिलाई राज्यका सात प्रकृति वा अङ्गमध्ये स्वामी र मित्रलाई छाडी अमात्य, जनपद, दुर्ग, कोष र दण्डसँग एकएक गरी जोड्दा अठार प्रकृतिको एउटा राज्यमण्डल मानेका छन्। अरि, मध्यम र उदासीन राज्यका पनि यस्तै क्रमले राज्य मण्डल हुन्छन् भन्ने कौटिल्यको विचार छ (कौटिल्य, अधि. ६, अ.२)। उनले विभिन्न राज्यबीच पारस्परिक सम्बन्ध स्थापित गर्ने उद्देश्यले मण्डल सिद्धान्तको प्रतिपादन गरेका छन्।

मण्डल सिद्धान्तको चर्चा कौटिल्य भन्दा पहिलेका हिन्दु राजनीतिका चिन्तकहरूले पनि गरेका थिए तापनि मण्डल सिद्धान्तको विस्तृत विवेचना गरी कुन राज्यसँग कस्तो सम्बन्ध स्थापित गर्नुपर्छ भन्ने सम्बन्धमा राजालाई व्यावहारिक निर्देशन दिने विषयमा कौटिल्यको महत्त्वपूर्ण देन छ। मण्डल सिद्धान्त हिन्दु राजनीतिक चिन्तनमा विकास गरिएको कूटनीतिको सिद्धान्त हो। राज्यमण्डलको अर्थ राज्यहरूको वृत्त हो। त्यस वृत्तमा साना ठूला अनेक राज्यहरू हुन्छन्। वृत्तको केन्द्रमा विजिगीषु राज्यलाई राखेर मण्डल सिद्धान्तको प्रतिपादन गरिएको छ। प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राजाहरूमा चक्रवर्ती पद प्राप्त गर्ने चाहनालाई आदर्श मानिएको छ। आफ्नो पराक्रम, वैभव, सैन्यशक्ति र युद्ध कुशलताद्वारा छिमेकी राज्यहरूलाई आफ्नो आधिपत्य स्वीकार गर्न विवश गराउन सक्षम राजालाई चक्रवर्ती राजा मानिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राज्यहरूको परस्पर सम्बन्धका लागि राज्यमण्डल सिद्धान्तको प्रतिपादन गरिएको हो। एउटा राज्यले अर्को राज्यसँग सम्बन्ध राख्दा यी सिद्धान्तहरूको पालना गर्नुपर्दछ भन्ने विषयमा सबै प्राचीन विचारकहरू सहमत छन्। राज्यलाई शक्तिशाली र विजयी बनाउनु परराष्ट्रनीतिको उद्देश्य रहेको छ। मण्डल सिद्धान्तको उद्देश्य पनि दिग्विजयी राजा बनाउनु हो। राज्य मण्डल अन्तर्गत मूलत: पाँच श्रेणीका राज्यहरू हुन्छन्। विजिगीषु, शत्रु, मित्र, मध्यम र उदासीन प्रमुख पाँच श्रेणी हुन्। विभिन्न प्रकारका राज्यमण्डलको उल्लेख गरिएको छ तापनि विजिगीषु, अरि, मित्र, अरिमित्र, मित्रमित्र, अरिमित्रमित्र, पार्ष्णिग्राह, आक्रन्द, पार्ष्णिग्राहसार, आक्रन्दसार, मध्यम र उदासीन गरी बाह्र प्रकृतिका राज्य रहेको द्वादश राज्यमण्डल सबैभन्दा प्रचलित राज्यमण्डल हो। बाह्र प्रकारका राज्यहरूको विशेषता निम्नलिखित रहेको पाइन्छ:

विजिगीषु (Conqueror)

कौटिल्यका अनुसार आत्मसम्पन्न, अमात्य आदि द्रव्यप्रकृतिसम्पन्न नीतिशास्त्रको आश्रय लिएर कार्य गर्ने राजालाई विजिगीषु भनिन्छ (कौटिल्य, अधि.६, अ.२)। विजिगीषु राजालाई केन्द्र विन्दुमा राखेर राज्यमण्डल सिद्धान्तको प्रतिपादन गरिएको छ। पराक्रमी, वैभवशाली र आफ्ना छिमेकी राज्यमाथि विजय प्राप्त गर्ने इच्छा राख्ने राजालाई विजिगीषु भनिन्छ। विजिगीषु बन्नु राजाका लागि गौरवको विषय मानिएको छ। विजिगीषुसँग सीमा जोडिएको राज्य विजिगीषुको शत्रु मानिएको छ। विजिगीषु राजाले शत्रु कमजोर भएको र आफ्नो विजय सुनिश्चित भएको अवस्थामा युद्ध गर्नुपर्छ भन्ने प्राचीन आचार्यहरूको विचार रहेको छ।

अरि (Immediate Enemy of Conqueror)

विजिगीषु राज्यका चारै तर्फ सीमा जोडिएका राज्यहरूलाई अरिराज्य भनिन्छ। अरिराज्य भनेको विजिगीषुको शत्रुराज्य हो। विजिगीषु राज्यको सीमा जोडिएको राज्य स्वाभाविक वा प्रकृति शत्रु हुन्छ। आफ्नो वंशमा जन्मेको अंशियार सहजशत्रु हुन्छ। स्वयं विरोधी भएको वा विजिगीषु राजाद्वारा गरिएको विरोधबाट विरोधी हुन गएको शत्रु कृत्रिमशत्रु हुन्छ भन्ने कौटिल्यको विचार छ (कौटिल्य, अधि.६, अ.२)। कौटिल्यका अनुसार विजिगीषु राजाले दुर्व्यसनी शत्रु राजामाथि आक्रमण गर्नुपर्छ। आश्रयहीन एवं कमजोर राजामाथि पनि आक्रमण गर्नुपर्छ। आश्रययुक्त र सबल शत्रु राजालाई पनि पीडा दिएर क्षतिग्रस्त गर्नुपर्छ भन्ने कौटिल्यको विचार छ (कौटिल्य, अधि.६, अ.२)।

मित्र (Invader's Ally)

अरिराज्यसँग सीमा जोडिएको राज्य विजिगीषु राजाको मित्र हुन्छ। मित्रराज्य विजिगीषुको सहयोगी राज्य हो। कौटिल्यले मित्र राजालाई पनि प्रकृति, सहज र कृत्रिम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गरी तीन श्रेणीमा विभाजन गरेका छन्। शत्रु राज्यसँग सीमा जोडिएको राज्य प्रकृतिमित्र हुन्छ। मावली र फुपूतर्फका सम्बन्धी राजा सहजमित्र हुन्छन्। धन एवं जीविकाका लागि आश्रित राजा कौटिल्यका अनुसार कृत्रिममित्र हुन् (कौटिल्य, अधि.६, अ.२)। विजिगीषुले मित्र बढाउने प्रयास गर्नुपर्छ र मित्रको सहयोग लिएर शत्रुमाथि विजय प्राप्त गर्न सकिन्छ भन्ने कौटिल्यको विचार रहेको छ।

अरिमित्र (Enemy's Ally)

अरिमित्र भनेको शत्रुको मित्र हो। कौटिल्यका अनुसार विजिगीषु राज्यको मित्र राज्यसँग सीमा जोडिएको राज्य अरिमित्र हुन्छ (कौटिल्य, अधि.६, अ.२)। विजिगीषुको शत्रुसँग मित्रता भएका कारणले विजिगीषुसँग शत्रुता राख्ने राज्यलाइ अरिमित्र भनिन्छ। विजिगीषु राजाले अरिमित्रसँग पनि शत्रु राज्यसँग जस्तै व्यवहार गर्नुपर्छ भन्ने कौटिल्यको विचार रहेको छ।

मित्रमित्र (Invader's Ally's Ally)

विजिगीषु राज्यको मित्रराज्यको मित्रराज्यलाई मित्रमित्र भनिन्छ। मित्रमित्र राज्यको विजिगीषु राज्यको शत्रुराज्य र अरिमित्रसँग शत्रुता हुन्छ। यो राज्य विजिगीषु राज्यलाई सहयोग गर्न तत्पर हुन्छ। मित्र र मित्रमित्र विजिगीषु राज्यका मित्रराज्य हुन्। विजिगीषु, मित्र र मित्रमित्र तीन राज्यको मित्रमण्डल हुन्छ।

अरिमित्रमित्र (Enemy's Ally's Ally)

विजिगीषुको शत्रुराज्यको मित्रराज्यको मित्रराज्यलाई अरिमित्रमित्र भनिन्छ। अरिमित्रमित्र राज्य विजिगीषुको शत्रुराज्य हो। विजिगीषुको मित्रसँग यसको शत्रुता हुने हुँदा यो विजिगीषुको शत्रु मानिएको हो। अरि, अरिमित्र र अरिमित्रमित्र विजिगीषु राज्यका शत्रुराज्य हुन्।

पार्ष्णिग्राह (Rear Enemy)

विजिगीषुको पछाडि रहेको राज्य हो। पार्ष्णिग्राह विजिगीषुसँग सीमा जोडिएको तर विजिगीषु युद्धमा अगाडि बढ्दा पछाडि अवस्थित राज्य हो। विजिगीषुसँग यसको शत्रुता हुन्छ। विजयका लागि अँगाडि बढेको विजिगीषुमाथि पछाडिबाट आक्रमण गर्ने राज्य पार्ष्णिग्राह हो।

आक्रन्द (Rear Ally)

पार्ष्णिग्राहको पछाडि अस्थित राज्य आक्रन्द हो। यसको पार्ष्णिग्राहसँग शत्रुता हुन्छ। त्यसैले आक्रन्द विजिगीषुको मित्र हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पार्ष्णिग्राहासार (Ally of Rear Enemy)

पार्ष्णिग्राहासारको पार्ष्णिग्राहसँग मित्रता र आक्रन्दसँग शत्रुता हुन्छ । यो आक्रन्दको पछाडि अवस्थित राज्य हो । यो विजिगीषुको शत्रु राज्य हो ।

आक्रन्दासार (Ally of Rear Ally)

पार्ष्णिग्राहासारको पछाडि अवस्थित राज्य आक्रन्दासार हो । यसको आक्रन्दसँग मित्रता र पार्ष्णिग्राहसँग शत्रुता हुन्छ । यो विजिगीषुको टाढाको मित्रराज्य हो ।

मध्यम (Middle)

अरि र विजिगीषु भन्दा टाढा रहेको राज्य मध्यम हो । मध्यम राज्यको विजिगीषु राज्यसँग न मित्रता हुन्छ न शत्रुता नै हुन्छ । कौटिल्यका अनुसार मध्यम राज्यले अरि र विजिगीषु राजाका बीचमा सन्धि हुँदा सन्धिको समर्थन गर्छ र तिनका बीचमा विग्रह हुँदा विग्रहको समर्थन गर्दछ । मध्यमराज्य युद्धमा संलग्न नहुने राज्य हो ।

उदासीन (Neutral)

उदासीन राज्य अरि र विजिगीषुभन्दा टाढा रहेको राज्य हो । उदासीन राज्य मध्यमभन्दा शक्तिशाली हुन्छ । विजिगीषु, अरि र मध्यम राज्यलाई अलग-अलग वा संयुक्त रूपमा सहयोग गर्न एवं विग्रह गर्न उदासीन राज्य समर्थ हुन्छ भन्ने कौटिल्यको विचार रहेको छ (कौटिल्य, अधि.६, अ.२) । उदासीन राज्य राज्यमण्डलको सबैभन्दा शक्तिशाली राज्य हो तापनि यो साम्राज्य निर्माणको अभियानमा संलग्न हुँदैन ।

निष्कर्ष (Conclusion)

विजिगीषु राज्यका शत्रुराज्य , मित्रराज्य, मध्यमराज्य र उदासीन राज्य गरी राज्यमण्डलमा प्रमुख चार प्रकारका प्रवृत्ति हुन्छन् । विजिगीषु राज्यको राज्यमण्डल जस्तै शत्रु, मध्यम र उदासीन राज्यले पनि क्रमशः शत्रु राज्यमण्डल, मध्यम राज्यमण्डल र उदासीन राज्यमण्डलको निर्माण गर्दछन् । विजिगीषु राज्यले आफ्नो पक्षमा शक्तिसन्तुलन कायम गर्न राज्यमण्डल सिद्धान्तको प्रयोग गर्नुपर्छ भन्ने प्राचीन हिन्दु राजनीतिक विचारको महत्वपूर्ण सिद्धान्त रहेको छ । यो सिद्धान्त राज्यको प्रभावक्षेत्र विस्तार एवं साम्राज्य निर्माणका लागि उपयोगी मानिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कूटनीतिक सम्बन्धका चार उपाय
(Four Strategies of Diplomatic Relations)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा अन्तरराज्य सम्बन्धका सन्दर्भमा कूटनीति महत्त्वपूर्ण विषय मानिएको छ। कूटनीतिमा मुख्य रूपले चार प्रकारका उपायको प्रयोग गरिन्छ। साम,दान, भेद र दण्ड प्राचीन हिन्दु राजनीतिक चिन्तनमा उल्लेख गरिएका चार उपाय हुन्। उपायलाई नीति पनि भनिन्छ। चार उपायको कुशलतापूर्वक प्रयोग व्यक्तिको जीवनका साथै राज्यको आन्तरिक प्रशासन एवं बाह्य मुलुकसँगको कूटनीतिक सम्बन्धमा आवश्यक मानिएको छ । हाम्रो शरीरका लागि हातको उपयोगिता भए जस्तै राजनीतिक कार्यमा उपायको त्यस्तै उपयोगिता मानिएको छ। समृद्धि र ऐस्वर्य प्राप्तिका लागि उपायको समुचित प्रयोग आवश्यक मानिएको छ। उपायको प्रयोग गरेर हात्तीलाई पनि नियन्त्रणमा राख्न सकिन्छ। उपायको प्रयोगद्वारा अभेद्य फलाम पनि काट्न सकिन्छ। उपाय प्रयोगले पानीद्वारा आंगो निभाउन सकिन्छ र पानी सुकाउन पनि सकिन्छ भन्ने कामन्दकको विचार रहेको छ (कामन्दक, स.११, श्लो.४६-४९) । उपायको उपयुक्त प्रयोग कूटनीतिमा सफलताको आधार मानिएको छ । प्राचीन हिन्दु राजनीतिक विचारकहरूद्वारा उल्लेख गरिएका उपाय र तिनको समुचित प्रयोगसम्बन्धी विचारका आधारमा यस प्रकरणमा कूटनीतिक उपयको विवेचना प्रस्तुत गरिएको छ।

उपायका प्रकार (Types of Strategy)

साम, दान, भेद, दण्ड, माया, उपेक्षा,वध र इन्द्रजाल प्राचीन राजनीतिक चिन्तनमा उल्लेख गरिएका उपाय हुन्। सामान्यत: प्राचीन हिन्दु राजनीतिशास्त्रकारहरूले उपायको सङ्ख्या चार मानेका छन्। बृहस्पति र कामन्दकले चार उपायमा तीनवटा उपाय थप गरी जम्मा सात उपाय मानेका छन्। साम, दान, भेद र दण्ड चार उपाय हुन्। विजिगीषु राजाले राज्य मण्डलमा रहेका राजासँग साम, दान, भेद र दण्ड उपायको संयुक्त रूपमा वा अलग-अलग रूपमा प्रयोग गरेर अथवा साम र दण्ड नीतिको प्रयोग गरेर राज्यहरूलाई आफ्ना वशमा गराउनु पर्दछ भन्ने मनुको विचार रहेको छ (मनु, अ.७, श्लो.१५९)। रामायणमा यी नीतिलाई चतुर्वर्ग मानिएको छ (वाल्मीकि, अयो., स.१००, श्लो.६८)। राजामा चतुर्वर्गको उचित प्रयोगको कौशलता आवश्यक मानिएको छ । महाभारतमा पनि चार उपायको विस्तृत वर्णन गरिएको छ । महाभारतका अनुसार साम, दान, भेद र दण्ड चार उपाय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राजाले आन्तरिक प्रशासन एवं अन्तरराज्य सम्बन्ध कायम गर्दासमेत प्रयोग गर्नुपर्छ। साम, दान र भेद उपायको प्रयोगबाट शत्रुलाई वशमा राख्नुपर्छ। देशवासीसँगको व्यवहारमा साम र दान उपायको प्रयोग गर्नुपर्छ। भेद र दण्ड उपायको प्रयोग गरेर शत्रुलाई नियन्त्रण गर्नुपर्छ (शान्तिपर्व., अ.१०३, श्लो.२८)। बृहस्पतिका अनुसार साम, दान, भेद र दण्ड यी चार प्रकारका उपाय वा नीतिका अतिरिक्त माया, उपेक्षा र वध समेत सात उपाय छन् (बृहस्पति,अ.५, सूत्र १-३) शुक्राचार्यले मनुले जस्तै साम, दान, भेद, र दण्ड चार उपाय मानेका छन्। कौटिल्यका अनुसार पनि साम, दान, भेद र दण्ड गरी चार उपाय छन्[१] (कौटिल्य, अधि.२, अ.१०)। यसरी प्राचीन हिन्दु राजनीतिक विचारकमध्ये मनु, कौटिल्य, शुक्राचार्य आदि चार उपाय मान्ने पक्षमा छन् भने बृहस्पति र कामन्दक सात उपायको पक्षमा छन्। माया, उपेक्षा र वध दण्डका भेद मानिन्छन्।

उपायको प्रयोग (Application of Four Strategies)

राजामा साम, दान, भेद र दण्डनीतिको कुशलतापूर्वक प्रयोग गर्ने कला हुनुपर्छ। सामको अर्थ प्रशंसा, संवाद र समानताको व्यवहार हो। दान भनेको केही दिनु हो। शत्रु पक्षका राजा वा मन्त्रीहरूलाई फुटाएर कमजोर बनाई शत्रुलाई आफ्नो वशमा पार्ने नीति भेद हो। शक्तिको प्रयोग गरी शत्रुलाई दण्डित गर्ने नीति दण्ड हो। साम, दान र भेद नीति मध्ये सबै एकै पटक वा पृथक-पृथक रूपमा प्रयोग गरी शत्रुलाई पराजित गर्ने प्रयत्न गर्नुपर्दछ। युद्ध वा दण्डको प्रयोग सामान्य अवस्थामा गर्नुहुँदैन भन्ने मनुको विचार रहेको छ[२] (मनु, अ.७, श्लो.१९८)। उनका अनुसार युद्धमा हारजित निश्चय हुँदैन। त्यस कारण युद्ध गर्नुहुँदैन। पहिला तीनै उपायहरू असफल भएपछि शक्तिसम्पन्न भएर शत्रुमाथि विजय निश्चित हुने अवस्थामा मात्र युद्ध गर्नुपर्दछ (मनु, अ.७, श्लो.१९९-२००)। युद्धमा दुवै पक्षको नाश हुने भएकाले मनु सकभर युद्ध कम गर्ने पक्षमा रहेका छन्।

बृहस्पतिका अनुसार बलवान् व्यक्ति वा राज्यलाई साम उपायको प्रयोग गरी आफ्नो पक्षमा ल्याउनु पर्छ। डराएको व्यक्तिलाई साम र भेद तथा लोभीलाई साम, दान र भेदद्वारा नियन्त्रण गर्नुपर्छ। नियन्त्रणमा ल्याउन कठिन व्यक्तिलाई साम, दान,भेद, माया, उपेक्षा र वध उपायको प्रयोग गरेर आफ्नो वशमा ल्याउनु पर्छ। साम उपायको प्रयोगलाई प्राथमिकता दिनुपर्छ (बृहस्पति, अ. ५, सूत्र १-८)। साम शान्तिपूर्ण उपाय हो। बृहस्पति पनि सम्भव भएसम्म शान्तिपूर्ण उपाय अवलम्बन गरी लक्ष्य प्राप्त गर्नुपर्छ भन्ने पक्षमा छन्। उनी शान्तिपूर्ण उपाय असफल भएपछि मात्र हिंसात्मक उपायको प्रयोगको अनुमति दिने पक्षमा छन्।

---

१ उपायाः सामोपप्रदानभेददण्डाः।

२ साम्ना दानेन भेदेन समस्तैरथवा पृथक्।
विजेतुं प्रयतेतारीन्न युद्धेन कदाचन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

शुक्राचार्यका अनुसार मित्र, सम्बन्धी, पुत्र, प्रजा, र शत्रु सबैसँगको व्यवहारमा साम, दान, भेद, र दण्डको प्रयोग बारे पृथक् पृथक् विचार गर्नुपर्दछ[३] (शुक्राचार्य,अ.४, प्र. १, श्लो. २६)। यी चार उपायको प्रयोग घरेलु दैनिक जीवनदेखि अन्तरराज्य सम्बन्धमा समेत उपयुक्त तरिकाले गर्न शुक्रनीतिमा राजालाई सल्लाह दिइएको छ । राजाले यी चार उपायको प्रयोग गरी शत्रु, मित्र, र उदासीन तीनै प्रकारका राजाहरू आफूभन्दा शक्तिशाली बन्न नसकुन् भन्ने विचार गर्नुपर्छ । शत्रुप्रति पहिले साम, त्यसपछि दान, साम र दान असफल भएमा क्रमश: भेद र दण्ड नीतिको प्रयोग गर्नु पर्दछ । आफ्ना राज्यका प्रजाप्रति भने शुक्राचार्यले राजालाई साम र दान दुईवटा उपायको मात्र प्रयोग गर्ने सल्लाह दिएका छन् । आफ्ना प्रजामाथि दण्ड र भेद उपायको प्रयोग गरेमा राज्यको विनाश हुन्छ । राजाले प्रजाहरूमध्ये कोही सबल र कोही निर्बल हुन नपाउने किसिमले राज्य सञ्चालन गर्नु पर्दछ भन्ने शुक्राचार्यको विचार छ[४] (शुक्राचार्य, अ.४, प्र.१, श्लो. ४१-४२) । उपायहरूको समुचित प्रयोग व्यक्तिको जीवनका साथै राज्यको आन्तरिक प्रशासन र विदेशनीतिमा आवश्यक हुन्छ भन्ने कौटिल्यको मत छ । साम, दान र भेद उपाय असफल भएपछि मात्र शत्रुलाई नियन्त्रण गर्न दण्ड उपायको प्रयोग गर्नुपर्छ भन्नेमा सबै विचारकहरूको मतैक्यता रहेको छ । आवश्यक परेमा एकै पटक चारवटै उपायको प्रयोग गर्ने सल्लाह पनि दिइएको छ । समसामयिक कूटनीतिमा समेत यी उपायहरूको अभ्यास गरिन्छ ।

साम (Strategy of Conciliation or Persuasion)

कौटिल्यका अनुसार उपायहरूमध्ये साम प्रथम उपाय हो । सर्वप्रथम यसको प्रयोग गर्नुपर्छ । मीठो र मधुर वाणीद्वारा विपक्षीलाई आफ्नो अनुकूल बनाउनुपर्छ भन्ने नीति साम हो । सामको अर्थ समानताको व्यवहार हो । गुणको वर्णन, सम्बन्धको व्याख्या, परस्पर उपकारको चर्चा, दुबैलाई हुने फाइदाको वर्णन र आत्मसमर्पणको भावना गरी साम पाँच प्रकारका हुन्छन् । वंश, शरीर, कार्य, स्वभाव, विद्वत्ता र वस्तुका गुण दोषबारे ज्ञान गरेर प्रशंसा गर्नु गुणसङ्कीर्तन हो । समान कुल, विवाह, गुरु-शिष्य, पुरोहित-यजमान, वंशपरम्परा, हार्दिकता र मैत्रीभावको वर्णन गर्नु सम्बन्धोपाख्यान हो । परस्पर गरिएको उपकारबारे बताउनु परस्परोपकार सन्दर्शन हो । कुनै कार्य गर्दा दुबैलाई हुने फाइदाको आशा देखाउनु आमायति प्रदर्शन हो । जो म छु त्यो नै तपाई हुनुहुन्छ र मेरो धन नै तपाईंको

---

३ सुहृत्संबन्धिस्त्रीपुत्रप्रजाशत्रुषु ते पृथक् ।
सामदानभेदण्डाश्चिन्तनीया: स्वयुक्तित: ।

४ स्वप्रजानां न भेदेन नैव दण्डेन पालनम् ।
कुर्वीत सामदानाभ्यां सर्वदा यत्नमास्थित: ।
स्वप्रजादण्डभेदैश्च भवेद्राज्यविनाशनम् ।
हीनाधिका यथा न स्यु: सदा रक्ष्यास्तथा प्रजा: ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

धन हो । मेरो धनको प्रयोग तपाईंले इच्छानुसार आफ्नो कार्यमा लगाउन सक्नुहुन्छ भनी गरिने आत्मसमर्पणको भावनालाई आत्मोपनिधान भनिन्छ (कौटिल्य, अधि.२, अ.१०) । परस्पर गरिएको उपकारको वर्णन गर्नु, एक-अर्काका गुणको प्रशंसा गर्नु, आपसी सम्बन्धको वर्णन गर्नु, भविष्यमा गरिने परस्पर उपकारको कार्यको वर्णन गर्नु र मीठो बोलेर समर्पणको भावना प्रदर्शन गर्नु साम उपाय हो ।

साम शान्तिपूर्ण उपाय हो । शान्तिपूर्ण तरिकाले समस्याको समाधान गर्न सामनीतिको उपयोगिता हुन्छ । सामनीतिको प्रयोगबाट परस्पर समझदारी, संवाद र कूटनीतिक वार्ताका माध्यमबाट समस्याको समाधान खोज्न मदत पुग्दछ । पारिवारिक सम्बन्ध, व्यावसायिक सम्झौता, सामाजिक व्यवहार र शासनकलामा प्रभावकारी नेतृत्वका लागि सामनीतिको अभ्यास उपयोगी हुन्छ । समसामयिक कूटनीतिमा समेत यसको अभ्यास गर्ने प्रचलन रहेको छ ।

दान (Bribery)

कौटिल्यका अनुसार साम उपाय असफल भएपछि दान उपायको प्रयोग गर्नुपर्छ । आर्थिक सहयोग प्रदान गर्नु दान उपाय हो[५] (कौटिल्य, अधि. २, अ. १०) । धन दिएर शत्रुलाई आफ्नो पक्षमा गराउने नीति दाननीति हो । लोभी मनुष्यलाई दान उपायद्वारा वशमा ल्याउन सकिन्छ । शत्रु वा मित्रलाई दिनुपर्ने भूमि र धनधान्य यथावत् फिर्ता दिनु, आफ्नो भूमि र धनधान्य शत्रुको णियन्त्रमा गएको विषय अनुमोदन गर्नु तथा प्रसन्नतापूर्वक ग्रहण गर्न भन्नु, पहिले नदिएको भूमि र धनधान्य प्रदान गर्नु, शत्रुराजाले आफ्नो भूमि र धनधान्य कब्जा गरेको अवस्थामा त्यसलाई सहर्ष स्वीकार गर्नु र शत्रुबाट आफूले लिएको भूमि र धनधान्यको केही अंश छाडिदिनु तथा करमा छुट दिनु दान उपायभित्र पर्दछन् । दान आदरका साथ दिनुपर्छ भन्ने कामन्दकको विचार रहेको छ (कामन्दक, स.१७, श्लो.६-७) ।

व्यापार, समाजिक सम्बन्ध र राजनीतिमा दाननीतिको प्रयोग गरिन्छ । लक्ष्य प्राप्तिका लागि आर्थिक लाभको प्रस्ताव दाननीतिमा गरिन्छ । सार्वजनिक प्रशासन र व्यावसायिक सङ्गठनमा कर्मचारीलाई प्रोत्साहन गर्न पनि दाननीतिको प्रयोग गरिन्छ । समसामयिक कूटनीतिमा दाननीतिको प्रयोग गर्ने प्रचलन छ । एउटा देशले अर्को देशलाई दिने आर्थिक अनुदान दाननीतिभित्र पर्दछ ।

भेद (Dissension)

कौटिल्यका अनुसार साम र दान उपाय असफल भएपछि मात्र भेद उपायको प्रयोग गर्नुपर्छ । शत्रुका मनमा शङ्का पैदा गराउनु भेद नीति हो । विभाजन ल्याउनु पनि भेद हो[६]

५ उपप्रदानमर्थोपकारः ।

६ शङ्काजननं विभर्त्सनं च भेदः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
(कौटिल्य, अधि. २, अ. १०)। कातर विपक्षीलाई डर देखाएर तथा प्रबल शत्रुहरूबीच विभाजन ल्याएर कमजोर तुल्याई जित्न सकिन्छ भन्ने कौटिल्यको विचार छ। शत्रुमाथि विजय हासिल गर्न शत्रुलाई विभाजन गर्ने नीति भेदनीति हो। राजाका योग्य गुप्तचर शत्रुको राज्यमा गएर शत्रुका सम्बन्धी र स्नेही व्यक्तिमा राजाप्रतिको स्नेह हटाइदिने काम गर्न सक्छन्। राजाको स्नेही व्यक्तिहरूसँग द्वेष उत्पन्न भई फूट हुन्छ। शत्रुराज्यका राजा र राजाका अमात्य आदि अधिकारीबीच द्वेष उत्पन्न गराउनु पनि भेद उपाय हो। यसरी शत्रुराजा कमजोर छ र राज्यको रक्षा गर्न सक्षम छैन भनी उसकै देशमा प्रचार गरी प्रजामा भय उत्पन्न गराई राज्यलाई कमजोर बनाउन पनि भेद उपायको प्रयोग गरिन्छ। रणनीतिक रूपमा विभाजन गरी शत्रुपक्षलाई कमजोर पार्ने कार्य भेदनीतिमा गरिन्छ। राजनीति, युद्ध र कूटनीतिमा भेदनीतिको प्रयोग हुन्छ।

दण्ड (Punishment)

शुक्राचार्यका अनुसार राजनीतिमा दण्डको प्रयोग अन्तिम उपाय हो। अपमान गर्नु, भोजन नदिनु, बाँध्नु, हातपात गर्नु, आर्थिक दण्ड दिनु वा सम्पत्ति हरण गर्नु, मृत्यु दण्ड दिनु, युद्ध गर्नु आदि दण्ड उपायका भेद हुन् (शुक्राचार्य, अ.४, प्र.१, श्लो. ४४-४५)। शत्रुको हत्या गर्नु, शत्रुलाई शारीरिक पीडा दिनु र धनको अपहरण गर्नु दण्ड हो भन्ने कौटिल्यको विचार रहेको छ[७] (कौटिल्य, अधि. २, अ. १०)। साम, दान र भेद उपायको प्रयोग सफल नभएमा दण्डको प्रयोग आवश्यक हुन्छ। चार उपायका अतिरिक्त बृहस्पति र कामन्दकले माया, उपेक्षा र वध उपायको समेत उल्लेख गरेका छन्। माया, उपेक्षा र वध पनि दण्डका विभिन्न रूप हुन्। अपराध नियन्त्रण गरी अनुशासन कायम गर्न दण्डनीति प्रभावकारी हुन्छ। दण्डमा शक्तिको प्रयोग हुन्छ। यो युद्धको नीति हो।

माया (Illusion)

छलकपट गर्नु माया हो। माया उपायमा अलौकिक चमत्कारपूर्ण कार्य गरिन्छ। इच्छानुसार रूप धारण गर्नु, अन्धकारमा विलीन हुनु, अदृश्य हुनु, शस्त्रास्त्र-पथ्थर-जल वर्षा गराउनु आदि माया उपायका प्रयोग हुन्। शत्रुको विनाशका लागि माया उपायको प्रयोगको उल्लेख रामायण, महाभारत, पुराण आदि ग्रन्थमा पाइन्छ।

उपेक्षा (Indifference)

बेवास्ता गर्नु उपेक्षा हो। उपकारी व्यक्तिप्रति सामान्यत: उपेक्षा गरिदैन। अन्यायी, दुर्व्यसनीप्रति उपेक्षा नीतिको प्रयोग गर्नुपर्दछ भन्ने मान्यता रहेको छ। आक्रमण गर्ने शत्रुको उपेक्षा गरेर प्रतिकार नगर्नु पनि उपेक्षा हो। शत्रुलाई दण्डित गर्न उपेक्षा उपायको प्रयोग गर्नुपर्छ।

---

७ वध: परिक्लेशोऽर्थहरणं दण्ड इति।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

इन्द्रजाल र वध (Deceiving and Killing)

बृहस्पतिले माया, उपेक्षा र वध तथा कामन्दकले माया, उपेक्षा र इन्द्रजाललाई थप उपायको रूपमा विवेचना गरेका छन् । इन्द्रजालमा शत्रुलाई भयभीत पार्ने दृश्य प्रस्तुत गरिनुका साथै मेघ, अन्धकार, वर्षा, आगो, पर्वत विशाल सेना आदि वस्तुको दृश्य देखाइन्छ । मृत्यु दण्ड दिनु वध हो । इन्द्रजाल र वध उपाय दण्डकै भेद हुन् ।

निष्कर्ष (Conclusion)

साम, दान, भेद र दण्ड गरी चार प्रकारका उपाय वा नीति प्रसिद्ध छन् । यी चार उपायका अतिरिक्त माया, उपेक्षा र इन्दजाल वा वध समेत सात उपायको उल्लेख प्राचीन हिन्दु राजनीतिक चिन्तनमा गरिएको छ । अन्तर्राष्ट्रिय सम्बन्धमा समान वा सम्मानपूर्ण व्यवहार सामनीति हो । प्रशंसा पनि सामनीति हो । दान भनेको आर्थिक सहायता दिएर शत्रुलाई आफ्नो पक्षमा ल्याउने उपाय हो । शत्रुका मित्रहरूबीच मतभेद ल्याउनु भेद उपाय हो । शक्ति प्रयोगको धम्की दिनु वा शक्तिको प्रयोग गरी दण्ड दिनु दण्ड उपाय हो । दण्डको अर्थ युद्ध वा आक्रमण हो । यी प्रमुख चार उपायको दैनिक व्यवहारका साथै अन्तरराज्य सम्बन्ध कायम गर्दा पनि समुचित प्रयोग गर्नुपर्छ भन्ने पक्षमा प्राचीन हिन्दु राजनीतिक विचारकहरूको सहमति छ । यसका अतिरिक्त बृहस्पतिले माया, उपेक्षा र वध गरी थप तीन उपायको समेत उल्लेख गरेका छन् । छलकपट गर्नु माया हो । बेवास्ता गर्नु उपेक्षा हो । मृत्यु दण्ड दिनु वध हो । यसरी हेर्दा माया, उपेक्षा र वध पनि दण्डका विभिन्न रूप हुन् । बलवान् व्यक्ति वा राज्यलाई साम उपायको प्रयोग गरी आफ्नो पक्षमा ल्याउनु पर्छ । डराएको व्यक्तिलाई साम र भेद तथा लोभीलाई साम, दान र भेदद्वारा नियन्त्रण गर्नुपर्छ । नियन्त्रणमा ल्याउन कठिन व्यक्तिलाई साम, दान,भेद, माया, उपेक्षा र वध उपायको प्रयोग गरेर आफ्नो वशमा ल्याउनु पर्छ । साम उपायको प्रयोगलाई प्राथमिकता दिनुपर्छ भन्ने शास्त्रकारहरूको विचार छ । प्राचीन हिन्दु राजनीतिक विचारकहरूका अनुसार साम शान्तिपूर्ण उपाय हो । सम्भव भएसम्म शान्तिपूर्ण उपायको प्रयोगलाई प्राथमिकता दिनुपर्छ । शान्तिपूर्ण उपाय असफल भएपछि मात्र हिंसात्मक उंपायको प्रयोगको अनुमति दिइएको छ । अन्तरराज्य कूटनीतिक सम्बन्धमा उपायको प्रयोग महत्त्वपूर्ण मानिएको छ । प्राचीन हिन्दु राजनीतिक चिन्तकहरू शान्तिपूर्ण उपायको प्रयोगलाई प्राथमिकता दिने र युद्ध वा दण्डको प्रयोग कम गर्ने पक्षमा गरेका छन् । कुनै पनि समस्या समाधानका लागि परिस्थितिअनुसार सही उपायको प्रयोग आवश्यक हुन्छ । जब संवाद प्रभावकारी हुँदैन, तब आर्थिक प्रलोभनको प्रयोग गर्ने सल्लाह दिइएको छ । दुबै उपाय असफल भएपछि कूटनीतिक विभाजनको नीतिको प्रयोग गर्नुपर्छ । कूटनीतिक उपाय पनि असफल भएपछि दण्ड वा युद्धको प्रयोग गर्नुपर्छ भन्ने प्राचीन हिन्दु राजनीतिक चिन्तनको निर्देश छ । सही समयमा सही उपायको प्रयोग गर्न सके सफलता सुनिश्चित हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दूत व्यवस्था
(Diplomatic Envoys)

राज्यहरूबीच उत्पन्न समस्याको शान्तिपूर्ण तरिकाले समाधान गर्न प्रयोग गरिने कार्य पद्धतिलाई कूटनीति भनिन्छ। कूटनीतिक सम्बन्ध समसामयिक अन्तर्राष्ट्रिय राजनीतिमा ज्यादै महत्त्वपूर्ण विषय मानिन्छ। कूटनीतिलाई कुटिल नीति भन्ने अर्थमा पनि बुझ्ने गरिन्छ। तर अन्तर्राष्ट्रिय राजनीतिमा प्रयोग गरिने कूटनीति कुटिल नीति होइन। कूटनीति राज्यहरूबीच पारस्परिक सम्बन्ध कायम गर्ने माध्यम हो। प्राचीन हिन्दु राजनीतिक विचारमा आधुनिक राज्यमा जस्तै कूटनीतिका साथै दूतको आदान-प्रदानको व्यवस्था पनि प्रचलनमा रहेको उल्लेख पाइन्छ। शास्त्रीय ग्रन्थमा एउटा राज्यले अर्को राज्यसँग पारस्परिक वार्ता गर्न दूत नियुक्त गर्ने प्रचलनको उल्लेख पाइन्छ। प्राचीन हिन्दु राजनीतिक चिन्तनमा कूटनीतिक प्रतिनिधिलाई राजदूत वा दूत भनी उल्लेख गरिएको छ। दूत स्थायी प्रतिनिधिको रूपमा अर्को राज्यमा रहने व्यवस्थाको भने उल्लेख भएको पाइदैन। एउटा राज्यको दूत अर्को राज्यमा निश्चित प्रयोजनका लागि जाने र केही समय मात्र त्यहाँ बस्ने व्यवस्थाको मात्र उल्लेख। मनुका अनुसार राजकीय कार्यका लागि राजाबाट दूतको नियुक्ति हुनुपर्छ। राजदूत राजाका अति विश्वास पात्र मानिएको छ। एउटा राज्यले अर्को राज्यसँग सम्बन्ध स्थापित गर्ने, बाह्य देशको अवस्था बुझ्ने र सन्देशको आदान-प्रदान गर्ने प्रयोजनका लागि दूतको नियुक्ति अनिवार्य मानिएको छ। वैदिक साहित्यमा पनि दूतको उल्लेख पाइन्छ। मनुका अनुसार दूत कूटनीतिक अधिकारी हुन्। अन्तरराज्य सम्बन्ध स्थापित गर्नु तथा सन्देशको आदान-प्रदान गर्नु दूतका प्रमुख कार्य हुन्। सन्धि र विग्रहको निर्णयमा दूतको महत्त्वपूर्ण भूमिका हुन्छ। राज्यको सन्धि र विग्रहसम्बन्धी नीति दूतको अधीनमा हुन्छ भन्ने मनुको विचार छ (मनु, अ.७, श्लो.६५)। दूतले नै बिग्रेका अन्तरराज्य सम्बन्धका व्यवहार मिलाउँछन् र मिलेको व्यवहार बिगार्दछन्। दूतले शत्रुपक्षका मनिसहरूलाई छिन्नभिन्न पारिदिन्छन्। दूतले प्रतिपक्षी राजाका विभिन्न कार्यमा नियुक्त सेवकहरूको इशारा र चेष्टा र राजाको तिनीहरूप्रतिको भाव बुझ्नुपर्दछ भन्ने मनुको विचार रहेको छ (मनु, अ.७, श्लो.६७)। दूतबाट प्रतिपक्षी राजाका सम्पूर्ण व्यवहार बुझेर राजाले परराष्ट्र नीति णिर्धारण गर्नुपर्ने हुँदा दूतलाई ज्यादै महत्त्वपूर्ण कूटनीतिक पदाधिकारी मानिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मनुस्मृति, रामायण, महाभारत, कौटिल्यार्थशास्त्र आदि ग्रन्थमा दूतको आवश्यकता, योग्यता र कार्यका विषयमा विस्तृत वर्णन गरिएको छ। प्राचीन हिन्दु राजनीतिक चिन्तकका ग्रन्थमा वर्णन गरिएका दूतका योग्यता, किसिम, कार्य र विशेषाधिकारबारे यस प्रकरणमा प्रकाश पारिएको छ।

दूतका योग्यता (Qualification of Envoys)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राज्यका सार्वजनिक पदमा नियुक्तको अधिकार राजालाई दिइएको छ। दूतको नियुक्तिको अधिकार पनि राजामा निहित गरिएको छ। दूतको नियुक्तिको आधार भने योग्यता मानिएको छ। दूतका लागि आवश्यक पर्ने योग्यता पनि निर्धारण गरिएको छ। मनुस्मृतिका अनुसार सबै शास्त्रमा कुशल, इशारा, आकार वा अनुहार र आँखाको भाव र चेष्टा हेरेर मनको भाव बुझ्न सक्ने, पवित्र चरित्र भएका, दक्ष र कुलीन व्यक्तिलाई राजदूत नियुक्त गर्नुपर्दछ[१] (मनु, अ.७, श्लो.६३)। सबैलाई प्रेम गर्ने, पवित्र चरित्र भएको, दक्ष, मेधावी, देश-काल जान्ने, सुन्दर शरीर भएको, निर्भिक र कुशल वक्ता राजदूतका प्रशंसनीय गुण हुन् भन्ने मनुको विचार रहेको छ (मनु, अ.७, श्लो.६४)।

वाल्मीकि रामायणमा आफ्नो जनपदको निवासी, विद्वान्, कुशल, प्रतिभाशाली, यथार्थवादी अर्थात् भन्न पठाइएको कुरा जस्ताको त्यस्तै अर्कोसँग व्यक्त गर्न सक्षम, सत्य र असत्य छुट्याउन सक्ने विवेकयुक्त पण्डितलाई दूत पदमा नियुक्त गर्नुपर्छ भनी दूतको योग्यता निर्धारण गरिएको छ (वाल्मीकि, अ. का., स.१००, श्लो.३५)। महाभारतमा कुलीन, स्पष्टवक्ता, प्रियवक्ता, दक्ष, सत्यवादी र स्मृतिशील व्यक्तिलाई दूत पदमा नियुक्ति गर्नुपर्छ भनी दूतका योग्यता निर्धारण गरिएको छ[२] (शान्ति., अ.८५ श्लो.२८)।

कौटिल्यार्थशास्त्रमा अमात्यका लागि तोकिएका योग्यता सरह नै दूतका लागि पनि योग्यता निर्धारण गरिएको छ। स्वदेशमा नै जन्मिएको, कुलीन, अवगुणरहित, निर्भिक, स्मरण शक्ति राम्रो भएको, असल वक्ता, मितभाषी, मृदुभाषी, अर्थ-राजनीतिको ज्ञाता, उत्साही, प्रभावशाली, सहिष्णु, पवित्र, मित्रताका लागि योग्य, स्वामीभक्त, सुशील, समर्थ, स्वस्थ, धैर्यवान्, अभिमानरहित, चञ्चलतारहित, सुन्दर र द्वेषको भावना नराख्ने व्यक्ति राजदूतका लागि योग्य मान्ने कौटिल्यको मत छ (कौटिल्य, अधि.१, अ.८)। अन्य योग्यताका साथै असल नैतिक चरित्र दूतका लागि नियुक्तिको आधार मानिएको छ।

दूतको आचरण (Manner of Envoys)

कौटिल्यले अर्थशास्त्रमा दूतको व्यवस्थाबारे विस्तृत विवेचना गरेका छन्। उनका

१ दूतं चैव प्रकुर्वीत सर्वशास्त्रविशारदम्।
इङ्गिताकारचेष्टज्ञं शुचिं दक्षं कुलोद्गतम्।

२ कुलीनः शीलसम्पन्नो वाग्मी दक्षः प्रियंवदः। यथोक्तवादी स्मृतिमान् दूतः स्यात् सप्तभिर्गुणैः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
अनुसार एउटा राजाले अर्को राजासँग राजदूतको माध्यमबाट विचार आदान प्रदान गर्ने हुँदा दूतलाई राजाको मुख मानिएको छ[३] (कौटिल्य, अधि.१, अ.१५)। उनका अनुसार वाहन, नोकर, सुत्ने बिस्तरा आदि सामग्रीसहित दूत शत्रु राज्यतर्फ प्रस्थान गर्नुपर्छ। दूतले शत्रु राज्यका वनरक्षक, सीमारक्षक, नगरवासी तथा जनपदवासीसँग मित्रता कायम गर्नुपर्छ। दूत खटिएको राज्यको राजाको अनुमति लिएर मात्र सम्बद्ध राज्यमा प्रवेश गर्नुपर्छ। राज्य छोड्दा पनि अनुमति लिएर मात्र छोड्नुपर्छ। दूतले आफ्नो राजाको सन्देश जस्ताको त्यस्तै राजा समक्ष प्रस्तुत गर्नुपर्छ। खटिएको राज्यमा सम्मान पाएर पनि दूतले त्यसमा गर्व गर्नुहुँदैन। परदेशमा आफूलाई शक्तिशाली ठान्नुहुँदैन। अनिष्ट वचन पनि सहन गर्नुपर्छ। दूतले परस्त्री गमन र मद्यपान गर्नुहुँदैन। दूत एक्लै सुत्नुपर्छ। आफ्नो राज्यको रहस्य खोल्न हुँदैन र आफ्नो कार्य सिद्धिका निम्ति आवश्यक मात्र बोल्नुपर्छ। सामान्य अवस्थामा दूतले राजाको अनुमति लिएर मात्र फर्कनुपर्छ तर कुनै खतरा महसुस गरेमा त्यहाँबाट भाग्नुपर्छ भन्ने पनि कौटिल्यको विचार रहेको छ (कौटिल्य, अधि.१, अ.१५)।

दूतका प्रकार (Types of Envoys)

आधुनिक कूटनीतिक अभ्यासमा जस्तै प्राचीन हिन्दु राज्यव्यवस्थामा पनि विभिन्न प्रकारका दूत नियुक्ति गर्ने प्रचलन रहेको पाइन्छ। कौटिल्यका अनुसार निःसृष्टार्थ, परिमितार्थ र शासनहार गरी तीन श्रेणीका दूत हुन्छन् (कौटिल्य, अधि.१, अ.१५)। दूतको वर्गीकरणको आधार योग्यता र कार्यक्षमता रहेको कौटिल्यको विचार छ। (१) निसृष्टार्थ : अमात्यका निम्ति आवश्यक पर्ने योग्यता भएको दूतलाई निःसृष्टार्थ दूत भनिन्छ। आफ्नो कार्य गर्ने पूर्ण स्वतन्त्रता निःसृष्टार्थ दूतलाई हुन्छ। (२) परिमितार्थः अमात्यका निम्ति तोकिएका योग्यतामध्ये एक चौथाई योग्यता कम भएको दूतलाई परिमितार्थ दूत भनिन्छ। कुनै सीमित र विशेष कार्यका लागि नियुक्त परिमितार्थ दूत हुन्। (३) शासनहारः अमात्यका निम्ति निर्धारित योग्यतामध्ये आधा योग्यता भएको दूतलाई शासनहार भनिन्छ (कौटिल्य, अधि.१, अ.१५)। शासनहार दूत राजाको सन्देशबाहक अधिकारी मानिएको छ।

दूतका विशेषाधिकार (Privileges of Envoys)

प्राचीन हिन्दु राज्यव्यवस्थामा दूतलाई विशिष्ट स्थान प्रदान गरिएको छ। दूतलाई अवध्य मान्ने विषयमा सबै शास्त्रकार सहमत छन्। रामयणको कथाअनुसार रामको दूत बनी सीताको खोजिगर्न लङ्का पुगेका हनुमानलाई मृत्यदण्ड दिने रावणको घोषणा सुनेपछि विभीषणले रावणलाई दूतको हत्या राजधर्म र लोकाचारका दृष्टिले निन्दित कार्य हो भनी सम्झाएई हत्या गर्न रोकेको प्रसङ्ग वाल्मीकि रामायणमा उल्लेख छ[४] (वाल्मीकि,

३ दूतमुखा वै राजानः ...।

४ वधं न कुर्वन्ति परापरज्ञा दूतस्य सन्तो वसुधाधिपेन्द्राः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सु. स.५२, श्लो.५)। माहाभारतका अनुसार दूतको हत्यागर्ने व्यक्ति पापी मानिन्छ (शान्ति., अ.८५, श्लो.२७)। राजधर्मको मान्यताअनुसार दूत जुनसुकै जातिको व्यक्ति भएपनि अवध्य मानिन्छ भन्ने कौटिल्यको विचार छ (कौटिल्य, अधि.१, अ.१५)। यसका साथै दूतलाई घुमफिरको विशेष अधिकार प्रदान गर्ने परम्परा हिन्दु राजनीतिक चिन्तनमा छ। वर्तमान कूटनीतिमा राजदूतका लागि दिइने कूटनीति बिशेषाधिकारसँग मिल्दा मान्यता प्राचीन कालमा नै हिन्दु राज्यव्यवस्थामा अभ्यास गर्ने गरेको पाइन्छ। कूटनीतिक मर्यादा उल्लङ्घन गर्नु अनैतिक मान्ने परम्परागत मान्यता रहेको छ।

दूतका कार्य (Functions of Envoys)

प्राचीन हिन्दु राजनीतिक विचारमा दूतलाई राजाका मुख मानिएको छ। कौटिल्यका अनुसार राज्यहरूबीचको पारस्परिक सम्बन्ध दूतको निपुणता तथा कार्यशैलीमा निर्भर हुन्छ। राज्यहरूबीच सन्धि वा विग्रहको निर्णय दूतले निर्धारण गर्दछन्। कूटनीति दूतको कार्य हो। कूटनीतिमा शान्तिपूर्ण उपायको प्रयोगलाई प्राथमिकता दिइएको छ। युद्ध प्रारम्भ गर्नुभन्दा पहिले दूत पठाएर सन्धिको अन्तिम प्रयास गर्ने मान्यता रहेको छ। रामायणमा युद्ध प्रारम्भ हुनुभन्दा पहिले रामले अङ्गदलाई दूतको रूपमा रावणको दरवारमा पठाई सन्धिको प्रस्ताव गरेका थिए। महाभारतमा पनि युद्ध प्रारम्भ हुनुभन्दा पूर्व श्रीकृष्ण पाण्डवहरूको तर्फबाट दूत बनी धृतराष्ट्रको दराबारमा सन्धिको प्रस्ताव लिएर गएका थिए। सन्धिको प्रस्ताव असफल भएपछि युद्ध प्रारम्भ भएको हो। कौटिल्यका अनुसार दूतका प्रमुख कार्य निम्न अनुसार रहेका छन्: १) आफ्नो राजाको सन्देश अर्को राजासम्म पुराउनु, २) आफ्नो राज्यको कार्यसिद्धिका लागि आवश्यक वार्ता गर्नु, ३) सन्धिका नियम पालना गराउनु, ४. अर्को राज्यको पदाधिकारी एवं गुप्तचरसँग मिली राजाको गोप्य रहस्य पत्ता लगाउनु अर्थात गुप्तचरको काम गरेर सूचना जम्मा गर्नु, ५. आफ्नो राज्यका मित्र बढाउनु, ६. शत्रुका मित्रबीच विभाजन वा भेद सृजना गराउनु, ७. शत्रुका आफन्त एवं निकटतम व्यक्तिका बारेमा पूर्ण जानकारी प्राप्त गर्नु, ८. सूचना गोप्य राखेर शत्रुलाई दण्ड दिने व्यवस्था मिलाउनु, ९. बन्दीको रूपमा रहेका राजकुमारलाई मुक्त गराउनु, १०. शत्रुका बान्धव एवं रत्न आदि र धन अपहरण गर्नु, ११. शत्रुका देशमा बसेर गुप्तचरका कार्यको निरीक्षण गर्नु, १२. उपयुक्त समयमा पराक्रम देखाउनु र १३. मारण, मोहन, उच्चाटन आदिको प्रयोग गर्नु (कौटिल्य, अधि.१, अ.१५)।

निष्कर्ष (Conclusion)

प्राचीन हिन्दु राज्यव्यवस्थामा दूतलाई राज्यको अन्तरराज्य सम्बन्ध वा कूटनीतिको क्षेत्रमा काम गर्ने महत्त्वपूर्ण अधिकारी मानिएको छ। राजाले योग्य र इमान्दार व्यक्तिलाई दूत पदमा नियुक्ति गर्नुपर्छ भन्ने मान्यता रहेको छ। कौटिल्यका अनुसार निःसृष्टार्थ, परिमितार्थ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

र शासनहार गरी तीन श्रेणीका दूत मानिएको छ । सन्देश आदान-प्रदानगर्नु राजदूतको मुख्य कार्य मानिएको छ। दूतले शत्रुराज्यका योग्य व्यक्तिहरूबीच विभाजन ल्याई आफ्नो पक्षमा मिलाउने काम गर्नुपर्छ भन्ने कौटिल्यको विचार छ । विभाजन ल्याउन नसक्ने स्थितिमा तिनीमाथि सूक्ष्म दृष्टि दिएर जानकारी प्राप्त गर्नुपर्छ। दूतले शत्रुराज्यका कमजोरी पत्ता लगाउनु पर्छ। शत्रुराज्यका महत्त्वपूर्ण स्थानका विषयमा सूचना प्राप्त गर्नुपर्छ। दूतले यी कामका लागि आफ्नो राज्यका गुप्तचरको सहयोग पनि लिनसक्छ भन्ने कौटिल्यको विचार छ। दूतलाई विशेषाधिकार सम्पन्न र अवध्य मानिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गुप्तचर व्यवस्था
(Espionage System)

गुप्तचर र चर संस्कृत भाषाका पर्यायवाची शब्द हुन्। शुक्रनीतिसारमा गुप्तचरका लागि गूढचार शब्दको प्रयोग गरिएको छ भने कौटिल्यले गूढपुरुष शब्दको प्रयोग गरेका छन्। गुप्तचर सेवामा महिला पनि नियुक्त गरिने हुँदा महिला गुप्तचरका लागि चर शब्दको स्त्रीलिङ्गमा चरा पनि प्रयोग गरिएको छ। प्राचीन हिन्दु राजनीतिक चिन्तनमा गुप्तचर व्यवस्था राज्यव्यवस्थाको अभिन्न अङ्ग मानिएको छ। गुप्तचर राज्यबाट नियमित पारिश्रमिक प्राप्त गर्ने राजाका सेवक वा कर्मचारी हुने व्यवस्था छ। गोप्य रूपमा राजालाई सूचना दिनु गुप्तचरको निर्धारित काम मानिएको छ। राजाले गुप्तचरको आँखाले देख्दछन् भन्ने प्राचीन हिन्दु राजनीतिशास्त्रको सर्वमान्य सिद्धान्त छ। गुप्तचरलाई राजाका आँखा मानिएको छ। प्राचीन राजनीतिक साहित्यमा प्रजाको विचार बुझेर उनीहरूको चाहनाअनुसार शासन सञ्चालन गर्नु राजाको कर्तव्य मानिएको छ। कर्मचारीहरूबाट प्रजा पीडित भए नभएको एवं प्रजाका हरेक कष्टबारे सम्पूर्ण विवरण प्राप्त गर्न राजाहरूका लागि सुसङ्गठित गुप्तचर व्यवस्था आवश्यक मानिएको छ। बाह्य राज्यमा गोप्य रूपमा प्रवेश गरी त्यसको सैन्यशक्ति वा अन्य गोप्य रहस्य पत्ता लगाई राजालाई सूचना दिनु पनि गुप्तचरको काम तोकिएको छ। कुनै खास कामका निम्ति अस्थायी वा अल्पकालिक रूपमा गुप्तचरको नियुक्ति गर्ने व्यवस्था पनि छ। प्राचीन हिन्दु राजनीतिक चिन्तनका अनुसार राजाले केवल एउटा गुप्तचरको सूचनामा विश्वास गर्नुहुँदैन। कुनै पनि विषयमा कम्तिमा तीन जना गुप्तचरबाट पुष्टि भएपछि मात्र विश्वास गर्नुपर्छ। गलत सूचना दिने गुप्तचरलाई दण्ड दिनुपर्छ। मनुस्मृति, रामायण, महाभारत, शुक्रनीतिसार, कौटिल्यको अर्थशास्त्र आदि ग्रन्थहरूमा वर्णन गरिएको गुप्तचरसम्बन्धी व्यवस्थाबारे सङ्क्षित रूपमा यस प्रकरणमा प्रकाश पारिएको छ।

गुप्तचरको योग्यता र नियुक्ति (Qualifications and Recruitment of Spy)

प्राचीन हिन्दु राज्यव्यवस्थामा गुप्तचर ज्यादै महत्त्वपूर्ण मानिएको छ। गुप्तचरको नियुक्तिको अधिकार राजामा निहित गरिएको छ। शास्त्रीय ग्रन्थमा गुप्तचरका योग्यताको पनि उल्लेख गरिएको छ। निर्धारित योग्यता विचार गरेर राजाले गुप्तचरको नियुक्ति गर्नुपर्छ भन्ने मान्यता रहेको छ। महाभारतका अनुसार राम्रोसँग परीक्षण गरेर, बुद्धिमान् भएर पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

जड, अन्धा र बहिरो जस्तो देखिने, भोक , प्यास र परिश्रम सहन सक्ने शक्ति भएका व्यक्तिलाई गुप्तचरमा नियुक्त गर्नुपर्छ (शान्ति., अ.६९, श्लो.८) । शुक्राचार्यका अनुसार शत्रुराज्य, प्रजा र राजाका अधिकारीहरूका व्यवहारबारे यथार्थ सुनेर जस्ताको तस्तै भन्न सक्ने व्यक्तिलाई गुप्तचरमा नियुक्ति गर्नुपर्छ[१] (शुक्राचार्य, अ.२, श्लो.१८९)। ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, किरात आदि सबै वर्ण, जाति, पेशा र लिङ्गका व्यक्तिलाई गुप्तचरका रूपमा नियुक्त गर्नु पर्छ भन्ने कौटिल्यको विचार छ । उनले गुप्तचर सेवा कुनै एक वर्ण वा वर्गमा सीमित गरेका छैनन्। कौटिल्यले राज्य सञ्चालनका सन्दर्भमा गुप्तचर व्यवस्थालाई विशेष महत्त्व दिएका छन् । गुप्तचरद्वारा राजाले टाढाको वस्तु देख्दछन् भन्ने चाणक्यसूत्रमा उल्लेख गरिएको छ[२] (चाणक्यसूत्र, ४७२) । कामन्दकले राज्यका लागि दूतका साथै गुप्तचरको आवश्यकताबारे उल्लेख गरेका छन्।

गुप्तचरका प्रकार (Types of Spy)

कौटिल्यको अर्थशास्त्रमा विभिन्न प्रकारका गुप्तचरको उल्लेख छ। कौटिल्यले स्थायी र भ्रमणशील गरी दुई प्रकारका गुप्तचरको उल्लेख गरेका छन्। उनका अनुसार एक ठाउँमा बस्ने गुप्तचरलाई स्थायी भनिन्छ भने विभिन्न ठाउँमा भ्रमण गरिरहने गुप्तचरलाई भ्रमणशील भनिन्छ। कापटिक, उदास्थित, गृहपतिक, वैदेह, तापस, आदि स्थायी गुप्तचर हुन्। १) कापटिक : अर्काको मर्म जान्न सक्ने, विद्यार्थीका भेषमा रहने बुद्धिमान् गुप्तचरलाई कापटिक भनिन्छ । २) उदास्थित : सन्यासीका भेषमा रहने बुद्धिमान् एवं सदाचारी गुप्तचरलाई उदास्थित भनिन्छ । ३) गृहपतिक : बुद्धिमान् एवं पवित्र हृदय भएको गरिब किसानको भेषमा रहने गुप्तचरलाई गृहपतिक भनिन्छ । ४) वैदेहक : बुद्धिमान् एवं पवित्र हृदय भएको गरिब व्यापारीको भेषमा रहने गुप्तचरलाई वैदेहक भनिन्छ । ५) तापस : शिर मुण्डन गरी जटा धारण गरेको र सन्यासीको भेष धारण गरेको व्यक्ति जसले राजाको निम्ति गोप्य सूचना दिने काम गर्दछ त्यसलाई तापस भनिन्छ (कौटिल्य, अधि.१, अ.१०)। सत्री, तीक्ष्ण, रसद र परिब्राजिका भ्रमणशील गुप्तचरका भेद हुन् । १) सत्री : राजासँग नाता सम्बन्ध नभएको तर राजाले पालनपोषण गर्नुपर्ने, वशीकरण, इन्द्रजाल, ज्योतिष, व्याकरण, सामुद्रिक विद्या, शुभाशुभ फल बताउने शकुनशास्त्र तथा धर्मशास्त्रमा निपुण गुप्तचरमा नियुक्त व्यक्तिलाई सत्री गुप्तचर भनिन्छ । सत्री गुप्तचर कामशास्त्र, सङ्गीत र नृत्यकलामा पनि निपुण हुनुपर्दछ। २) तीक्ष्ण : धनका निम्ति आफ्नो प्राणको पनि प्रवाह नगर्ने गुप्तचरमा नियुक्त व्यक्तिलाई तीक्ष्ण गुप्तचर भनिन्छ। ३) रसद : विष दिने गुप्तचरलाई रसद भनिन्छ। आफ्ना बन्धुमा पनि स्नेह नगर्ने, अल्छी र क्रूर प्रकृतिको व्यक्तिलाई रसद गुप्तचरमा नियुक्त गर्नुपर्छ भन्ने कौटिल्यको विचार छ । ४) परिब्राजिका : संस्कृतमा

१ शत्रुप्रजाभृत्यवृत्तं विज्ञातुं कुशलाश्च ये। ते गूढचाराः कर्तव्या यथार्थश्रुतबोधकाः।

२ दूरस्थमपि चारचक्षुः पश्यति राजा।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

परिब्राजिकाको अर्थ भिक्षुणी हो। होशियार, जीविका चाहने, दरिद्र, प्रौढ, विधवा स्त्रीलाई भिक्षुणीको वेशमा गुप्तचर खटाउनुपर्छ। त्यस्तो गुप्तचरलाई परिब्राजिका भनिन्छ (कौटिल्य, अधि.१, अ.११)। नागरिक र सैनिक गुप्तचर गरी दुई प्रकारका गुप्तचरको पनि उल्लेख पाइन्छ।

गुप्तचरका कार्य (Functions of Spies)

प्राचीन हिन्दु राज्यव्यवस्थामा गुप्तचर व्यवस्थाको प्रमुख उद्देश्य राजालई सही सूचना प्रदान गर्नु रहेको छ। राजाले गुप्तचरको माध्यमबाट आफ्ना मन्त्री एवं राजकीय कर्मचारीको योग्यता परीक्षण गर्ने व्यवस्था गरिएको छ। अमात्य राज्य एवं जनहित विरोधी काममा संलग्न छन् वा छैनन् भनी पत्ता लगाउन पनि राजाले गुप्तचरको प्रयोग गर्नुपर्छ भन्ने मान्यता रहेको छ। मुद्दाको विषयमा तथ्य पत्ता लगाउन पनि गुप्तचरको प्रयोग गरिने व्यवस्था छ। जनताको अभिमतको जानकारीका निम्ति पनि गुप्तचरको प्रयोग गरिनुपर्छ भन्ने शास्त्रीय मान्यता रहेको छ। जनतामा विद्रोह अथवा असन्तोषको भावना छ छैन पत्ता लगाउन पनि गुप्तचर राजाका लागि उपयोगी मानिएको छ। शत्रुराज्यको गतिविधि पत्ता लगाउन पनि गुप्तचरको उपयोगको व्यवस्था गरिएको छ। महाभारतका अनुसार राजाले गाउँ एवं नगरका आन्तरिक र बाह्य सूचना गुप्तचरका माध्यमबाट राम्रोसँग थाहा पाएर कार्यको निर्णय गर्नुपर्छ (शान्तिपर्व, अ.८६, श्लो.१९)। प्राचीन राज्यव्यवस्थामा गुप्तचरलाई विभिन्न कार्य सम्पादनको जिम्मा दिने गरेको पाइन्छ। गुप्तचरका प्रमुख कार्य निम्नानुसार रहेका छन्:

जनताका विचार राजासम्म पुराउने कार्य (Inform the King About Public Opinion)

राज्यभित्र भइरहेका र भविष्यमा हुनसक्ने सबै गतिविधिको सूचना राजालाई दिनु गुप्तचरको महत्त्वपूर्ण काम मानिएको छ। प्राचीन हिन्दु राजनीतिक विचारमा राज्यमा प्रजाको अभिमत राजासम्म पुराउने अन्य कुनै आमसञ्चारका माध्यमको विकास नभएको र राज्य सञ्चालनमा जनता र जनताका प्रतिनिधिको सहभागिताको व्यवस्था पनि नभएको अवस्थामा जनतामा रहेको राजाप्रतिको अनुराग तथा द्वेष वा विद्रोहको भावनाको सूचना राजासम्म पुराउने माध्यम गुप्तचर मानिएको छ। राजालाई सुशासन सञ्चालन गर्न जनताको अभिमत थाहा पाउन आवश्यक हुन्छ भन्ने विषयमा प्राचीन मनिषिहरू सचेत रहेका हुँदा उनीहरूले जनताको चाहनाअनुसार शासन सञ्चालन गरी राजाप्रति जनतामा द्वेषको भावना उत्पन्न हुन नदिन गुप्तचरको माध्यमबाट जनताको अभिमतको यथार्थ सूचना राजाका लागि आवश्यक मानेका छन्। प्राचीन हिन्दु राज्यव्यवस्थामा आधुनिक लोकतन्त्रमा जनप्रतिनिधिद्वारा सम्पादन गरिने कार्य सम्पादन गर्न गुप्तचरको व्यवस्था मिलाइएको पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राजकीय अधिकारीहरूको आचरणसम्बन्धी सूचना
(Inform the King About the Character of Officials)

राजकीय अधिकारी एवं कर्मचारीका आचरण र व्यवहारको सूचना राजालाई दिने काम पनि गुप्तचरको मानिएको छ। कुनै व्यक्तिलाई राज्यको महत्त्वपूर्ण पदमा नियुक्ति गर्नुभन्दा पहिले ती व्यक्तिको योग्यता र चरित्रको परीक्षणका लागि पनि राजाले गुप्तचरको प्रयोग गर्नुपर्ने कौटिल्यको विचार रहेको छ। राज्यका सबै तहका कर्मचारी दुर्व्यसनबाट मुक्त हुँदैनन्। खराब आचरण भएका अधिकारीहरूबाट जनता पीडित हुने सम्भावना रहन्छ। साथै राज्यका लागि पनि उनीहरूबाट खतरा हुन सक्छ। कर्मचारीद्वारा गरिने भ्रष्टाचार र राजाप्रति उनीहरूमा रहेको निष्ठासम्बन्धमा राजाले सही सूचना प्राप्त गर्न पनि गुप्तचरको प्रयोग गर्नुपर्छ भन्ने कौटिल्यको विचार छ। त्यसैले गोप्य रूपमा अधिकारीहरूको आचरणको सूचना प्राप्त गरी राज्यमा भ्रष्टाचारको नियन्त्रणका लागि पनि राजाले गुप्तचरको उपयोग गर्ने व्यवस्था मिलाइएको छ।

न्याय सम्पादनमा सत्य पत्ता लगाउने कार्य
(Report the Information About Crimes)

न्याय सम्पादनमा सत्यतथ्य पत्ता लगाउन पनि प्राचीन राज्यव्यवस्थामा गुप्तचरको प्रयोगको उल्लेख गरिएको छ। कौटिल्यका अनुसार गुप्तचरले राज्यभित्रका चोर, व्यभिचारी तथा अन्य अपराधीका सम्बन्धमा राजालाई सत्य सूचना दिने काम गर्नुपर्छ। प्राचीन हिन्दु राजनीतिक चिन्तनमा अपराधको तथ्य पत्ता लगाई न्याय सम्पादनमा सत्यको स्थापना गर्न सहज बनाउन पनि राजालाई गुप्तचरको उपयोग गर्न सल्लाह दिइएको छ।

शत्रुका गतिविधिको सूचना राजालाई दिने कार्य
(Report About the Activities of the Enemy States)

बाह्य आक्रमणबाट राज्यको सुरक्षा गर्नु राजाको महत्त्व कर्तव्य हो। शक्तिशाली राज्य राज्यविस्तार गरी साम्राज्य निर्माणमा पनि संलग्न हुने हुँदा राजालाई अन्य राज्यहरूका गतिविधिको सूचना आवश्यक पर्दथ्यो। हिन्दु राजनीतिक चिन्तनमा गोप्य रूपमा विदेशमा गएर सूचना सङ्कलन गर्ने काममा गुप्तचर नियुक्त गर्ने व्यवस्थाको उल्लेख पाइन्छ। युद्धका समयमा शत्रु पक्षका गोप्य सूचना प्राप्त गर्नु राज्यका लागि ज्यादै महत्त्वपूर्ण हुन्छ।

खुफिया सेवा (Intelligence Service)

प्राचीन राज्यव्यवस्थामा जस्तै आधुनिक राज्यमा पनि गुप्तचर सेवा राष्ट्रको सुरक्षा र स्थायित्वका लागि अत्यन्त महत्त्वपूर्ण सेवा मानिन्छ। यसलाई खुफिया सेवा (Intelligence Service) भनिन्छ। खुफिया सेवा भनेको देशको आन्तरिक र बाह्य सुरक्षा, कूटनीति र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सैन्य सुरक्षासँग सम्बन्धित सम्पूर्ण सूचना गोप्य रूपमा सङ्कलन र विश्लेषण गरी सरकारलाई उपलब्ध गराउने सरकारी सङ्गठन हो । यसको मुख्य उद्देश्य राष्ट्रिय सुरक्षाका लागि आन्तरिक र बाह्य खतराको विश्लेषण गर्नु हो । नेपालको संविधानमा व्यवस्था भएबमोजिम गठन गरिएको राष्ट्रिय अनुसन्धान विभाग नेपालको गुप्तचर वा खुफिया संस्था हो । राष्ट्रिय हित र सुरक्षाकाबारेमा आवश्यक सूचना सङ्कलन गर्ने र सङ्कलित सूचनाको अध्ययन, मूल्याङ्कन, विश्लेषण र सम्पादन गरी सरकारलाई पूर्व जानकारी दिने काम यस विभागले गर्छ। आन्तरिक शान्तिसुरक्षा, राष्ट्रिय सुरक्षा र हितको संवर्द्धन गर्नका लागि सरकारलाई आवश्यक पर्ने सबै प्रकारका सूचना उपलब्ध गराउनु यसको जिम्मेवारी हो। संयुक्त राज्य अमेरिकाको CIA, FBI, भारतको RAW, इजराइलको Mossad, पाकिस्तानको ISI खुफिया संस्था हुन्। प्राचीन हिन्दु राज्यव्यवस्थाको गुप्तचर-व्यवस्था जस्तै आधुनिक खुफिया संस्था पनि गोप्य रूपमा सञ्चालन गरिने संस्था हुन्। प्राचीन हिन्दु राज्यव्यवस्थाको गुप्तचर प्रणाली र आधुनिक खुफिया सेवा समान प्रकृतिका सेवा हुन्।

निष्कर्ष (Conclusion)

संस्कृतमा गुप्तचरलाई चर भनिन्छ । चरलाई राजाका आँखा मान्ने हुँदा राजालाई चारचक्षु भनिन्छ । चारचक्षुको अर्थ जसका आँखा गुप्तचर हुन् भन्ने हुन्छ । तार्किक, मनोभावना बुझ्न सक्ने स्मरणशील, पराक्रमी, मृदुभाषी, परिश्रमी,क्लेश सहन सक्ने, व्यवहारमा कुशल र प्रत्युत्पन्नमति भएका व्यक्ति चरका लागि योग्य मानिएको छ । प्राचीनकालमा गुप्तचर-व्यवस्था राज्य सञ्चालनका लागि ज्यादै उपयोगी संगठन मानिएको छ । आन्तरिक र बाह्य गरी दुई प्रकारका गुप्तचरको उल्लेख प्राचीन मनिषिहरूले गरेका छन् । राज्यभित्रका सूचना सङ्कलन गर्नु आन्तरिक चरको कार्यक्षेत्र मानिएको छ भने विदेशमा गई गोप्य सूचना सङ्कलन गर्नु बाह्य चरको कर्तव्य मानिएको छ । गुप्तचरका माध्यमबाट राजाले सबै किसिमका सूचना प्राप्त गरी आफ्नो कार्यनीति बनाउनुपर्छ भन्ने प्राचीन हिन्दु राजनीतिक चिन्तनमा उल्लेख गरिएको छ। समसामयिक राजनीतिमा पनि राष्ट्रिय सुरक्षामा गुप्तचर सेवा महत्त्वपूर्ण मानिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

शक्ति सिद्धान्त
(Theory of Power)

राजनीतिशास्त्र शक्ति र यसको प्रयोगको अध्ययन गर्ने विद्या हो। राजनीतिशास्त्रमा शक्ति एक प्रमुख अवधारणा हो जसले राजनीति, सरकार, नीतिनिर्माण र सामाजिक सम्बन्धलाई प्रभावित गर्दछ। राजनीतिक सन्दर्भमा शक्ति भन्नाले एक व्यक्ति वा समूहले अरू व्यक्तिलाई आफ्नो इच्छाअनुसार नियन्त्रण गर्ने क्षमता हो। राज्यसँग शक्तिको प्रयोग गर्ने एकाधिकार हुन्छ। डेभिड इष्टन, हेराल्ड लास्वेल आदि आधुनिक विद्वानहरूले राजनीतिशास्त्रलाई 'शक्तिको विद्या' को रूपमा परिभाषित गरेका छन्। प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राजनीतिशास्त्रसम्बन्धी विद्यालाई दण्डनीति भनिन्छ। दण्डको अर्थ नै राज्यशक्ति हो। राज्यको शासन सञ्चालन गर्न दण्ड वा शक्तिको आवश्यकता भएको हुँदा दण्डको सृष्टि भएको हो भन्ने विचार प्राचीन हिन्दु राजनीतिक चिन्तनमा पाइन्छ। हिन्दु राजनीतिक चिन्तनमा दण्ड वा शक्तिको प्रयोगसम्बन्धी कला नै दण्डनीति हो भनी दण्डनीतिको परिभाषा गरिएको छ। वैदिक कालदेखि नै राज्यव्यवस्थासँग शक्ति जोडिएको पाइन्छ। कौटिल्यको अर्थशास्त्रमा सिद्धि प्राप्त गर्ने माध्यमको रूपमा शक्तिको व्याख्या गरिएको छ। कौटिल्य राजनीतिक चिन्तनको इतिहासमा शक्ति सिद्धान्तका प्रथम प्रवर्तक हुन्। राजा आफ्नो शक्ति बढाउन निरन्तर प्रयत्नशील रहनुपर्छ भन्ने कौटिल्यको विचार छ। कामन्दक, सोमदेवसूरि, चण्डेश्वर आदिले पनि कौटिल्यको अनुसरण गर्दै शक्ति, यसका स्रोत, प्रकार र प्रयोगसम्बन्धी विचार उल्लेख गरेका छन्। शास्त्रीय ग्रन्थमा उल्लेख गरिएका विचारको समीक्षा गरी प्राचीन हिन्दु राज्यव्यवस्थाको राज्यशक्तिको सिद्धान्तबारे यस प्रकरणमा प्रकाश पारिएको छ।

शक्तिका स्रोत (Sources of Power)

कौटिल्यका अनुसार राज्यको बललाई शक्ति भनिन्छ[१] (कौटिल्य, अधि.६, अ.२)। शक्ति भन्नाले राज्यको वैधानिक शक्ति भन्ने बुझिन्छ। आधुनिक अन्तर्राष्ट्रिय राजनीतिमा राज्यको भूगोल, प्राकृतिक सम्पदा, आर्थिक विकास, नेतृत्व, मनोबल, प्राविधिको ज्ञान, कूटनीतिक क्षमता, सूचना, सैनिक शक्ति आदि राष्ट्रिय शक्तिका स्रोत मानिन्छन्। प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राज्यको शक्तिका तीन प्रकारका स्रोत उल्लेख गरिएको छ।

१ बलं शक्तिः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

बललाई शक्ति भनिन्छ। बल तीन प्रकारका हुन्छन्। बल शक्तिको आधार हो। कौटिल्यले ज्ञानबल, कोषदण्डबल र विक्रकबलका आधारमा तीन प्रकारका शक्ति मानेका छन्। मन्त्रशक्तिको स्रोत ज्ञानको बल हो। सैन्य बल र आर्थिक बल प्रभुशक्तिका स्रोत हुन्। शरीरिक पराक्रम उत्साह शक्तिको स्रोत हो।

शक्तिका प्रकार (Types of Power)

स्रोतका आधारमा मन्त्रशक्ति, प्रभुशक्ति र उत्साहशक्ति गरी राज्यशक्ति तीन प्रकारका हुन्छन् भन्ने कौटिल्यको विचार रहेको छ (कौटिल्य, अधि.६, अ.२)। कौटिल्यको अनुसरण गर्दै कामन्दक, सोमदेवसूरि, चन्डेश्वर आदिले पनि तीन प्रकारका शक्ति मानेका छन्। कामन्दकले मन्त्रशक्ति, प्रभावजाशक्ति र उत्साहशक्ति गरी तीन प्रकारका शक्तिको उल्लेख गरेका छन्। नीतिवाक्यामृतका अनुसार बुद्धिशक्ति, प्रभुशक्ति र उत्साहशक्ति गरी राज्यशक्ति तीन प्रकारका हुन्छन्। (सोमदेवसूरि, षाड्गुण्यसमुद्देश, सू ३६-४०)। चण्डेश्वरले पनि मन्त्रजा, प्रभावजा र उत्साहजा गरी तीन प्रकारका शक्ति मानेका छन्। कामन्दकले कौटिल्यको प्रभुशक्तिको सट्टा प्रभावजाशक्ति शब्दको प्रयोग गरेका छन् तापनि कौटिल्य र कामन्दकको शक्तिसम्बन्धी धारणामा समानता रहेको छ। चण्डेश्वरले राज्यको बललाई शक्ति मानेका छन्। चण्डेश्वरले पनि तीन प्रकारका शक्ति उल्लेख गरेका छन् तापनि उनको शक्तिको नामकरणमा भन्ने भिन्नता छ। चण्डेश्वरका अनुसार मन्त्रजाशक्ति, प्रभावजाशक्ति र उत्साहजाशक्ति गरी शक्ति तीन प्रकारका हुन्छन्।

मन्त्रशक्ति (Power of Consultation)

कौटिल्यका अनुसार ज्ञानको बल नै मन्त्रशक्ति हो[२] (कौटिल्य, अधि.६, अ.२)। बुद्धिशक्ति आत्मबलभन्दा श्रेष्ठ हुन्छ[३] (सोमदेवसूरि, षाड्गुण्यसमुद्देश, सू. ३६)। वाणमा त्यस्तो शक्ति हुँदैन जुन शक्ति व्यक्तिको बुद्धिमा हुन्छ भनी सोमदेवसूरिले बुद्धिशक्तिको प्रशंसा गरेका छन् (सोमदेव, युद्धसमुद्देश, सू.५)। मन्त्रशक्ति वा बुद्धिशक्तिको आधार ज्ञान हो। ज्ञान परामर्शको स्रोत हो। ज्ञानमा कूटनीतिक क्षमता निर्भर हुन्छ। ज्ञानवान् व्यक्तिसँग परामर्श गरेर गरिने निर्णयलाई मन्त्र भनिन्छ। मन्त्रको अर्थ निर्णय पनि हो। ज्ञानी व्यक्तिसँगको परामर्शबाट उचित मार्गदर्शन प्राप्त हुन्छ। दण्डनीतिको वास्तविक ज्ञान भएको व्यक्तिसँगको परामर्शबाट उपयुक्त निर्णयमा पुग्न सकिन्छ। उपयुक्त निर्णयका लागि ज्ञान आवश्यक हुन्छ। अन्तर्राष्ट्रिय राजनीतिमा रणनीति निर्माण गर्न मन्त्रशक्ति ज्यादै महत्त्वपूर्ण हुन्छ। निर्णय क्षमता र प्रविधिको ज्ञान वर्तमान सन्दर्भमा पनि राष्ट्रिय शक्तिका स्रोत मानिन्छन्। राज्यको कूटनीतिक क्षमाता पनि राष्ट्रिय शक्तिको स्रोत मानिन्छ।

२ ज्ञानबलं मन्त्रशक्तिः।

३ बुद्धिशक्तिरात्मशक्तेरपि गरीयसी।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रभुशक्ति (Sovereign Power)

कौटिल्यका अनुसार राज्यको शक्ति धन र सेनामा निर्भर हुन्छ । आर्थिक सम्पन्नता र सैनिक क्षमतालाई कोष र दण्डको बल भनिन्छ । कोश र दण्डको बल नै प्रभुशक्ति हो[४] (कौटिल्य, अधि.६, अ.२) । कोषको अर्थ आर्थिक स्रोत हो । आर्थिक सम्पन्नता राज्यको शक्तिको स्रोत हो । आर्थिक दृष्टिले समृद्ध राज्य शक्तिशाली हुन्छ । दण्डको अर्थात् सैनिक क्षमताको आधारमा राज्य कति शक्तिशाली छ वा कमजोर छ भन्ने निर्धारण हुन्छ । आर्थिक सम्पन्नता भएपछि मात्र राज्यको सैनिक क्षमता सबल र सुदृढ हुन्छ भन्ने पक्षमा कौटिल्य रहेका छन् । कोष र दण्ड राज्यका अङ्ग पनि हुन् । कोष र दण्ड राज्यमा दुई अङ्ग सुदृढ भएको अवस्थामा राज्य सबल हुन्छ । कामन्दकले प्रभुशक्तिको सट्टा प्रभावशक्ति (Power of Influence) शब्दको प्रयोग गरेका छन् । प्रभुशक्ति र प्रभावशक्ति समान अर्थमा प्रयोग गरिएको छ । अन्तर्राष्ट्रिय राजनीतिमा पनि राज्यको आर्थिक सम्पन्नता र सेनाको क्षमता राष्ट्रिय शक्तिका स्रोत मानिन्छन् । समसामयिक अन्तर्राष्ट्रिय राजनीतिमा सैनिक शक्ति र आर्थिक शक्तिको प्रयोग गरेर राज्यहरूले आफ्नो प्रभावक्षेत्र विस्तार गर्ने प्रयास गर्दछन् ।

उत्साहशक्ति (Power of Energy)

विक्रमबल वा शारीरिक पराक्रम नै उत्साहशक्ति हो भन्ने कौटिल्यको विचार छ[५] (कौटिल्य, अधि.६, अ.२) । नीतिवाक्यामृतमा पनि पराक्रमको बललाई उत्साहशक्ति भनिन्छ भनी उत्साहशक्तिको परिभाषा उल्लेख गरिएको छ साथै रामलाई उत्साहशक्तिको दृष्टान्तको रूपमा प्रस्तुत गरिएको छ[६] (सोमदेवसूरि, षाड्गुण्यसमुपदेश, सू.४०) । विक्रमबलको अर्थ मानिसको शारीरिक तन्दुरुस्ती र उच्चमनोबल हो । शासक र सेनाको स्वास्थ्यसँग विक्रमबलको सम्बन्ध हुन्छ । शासक र सेना निरोगी र बलशाली भएमा मात्र उनीहरूमा उच्चमनोबल हुन्छ । मनोबल उच्च भएको सेना युद्धमा विजयी हुन्छ । त्यस्तो सेना राज्यको शक्तिको प्रतीक हो । यो मान्यता वर्तमान समयमा समेत सान्दर्भिक छ ।

शक्ति र सिद्धि (Power and Success)

शक्तिको प्रयोजन सिद्धि प्राप्त गर्नु हो भन्ने कौटिल्यको मत छ । आँटेको काममा सफलता प्राप्त गर्नुलाई सिद्धि भनिन्छ । प्रजाको सुख नै राजाको सुख हो भन्ने कौटिल्यको मान्यता रहेकाले यहाँ सुख भन्नाले राजा र प्रजाको सुख भन्ने बुझिन्छ । कौटिल्यका अनुसार तीन प्रकारका शक्तिमध्ये जुन शक्तिको प्रयोग गरेर सिद्धि प्राप्त गरिएको हो सोही अनुसार सिद्धि पनि तीन प्रकारका हुन्छन् । मन्त्रशक्तिको प्रयोगबाट प्राप्त सिद्धिलाई

---

४ कोशदण्डबलं प्रभुशक्तिः ।

५ विक्रमबलमुत्साहशक्तिः ।

६ विक्रमबलं चोत्साहशक्तिस्तत्र रामो दृष्टान्तः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
मन्त्रसिद्धि, प्रभुशक्तिको प्रयोगबाट प्राप्त सिद्धिलाई प्रभुसिद्धि र उत्साहशक्तिको प्रयोगबाट प्राप्त सिद्धिलाई उत्साहसिद्धि भनिन्छ (कौटिल्य, अधि.६, अ.२)। शक्ति अन्तरराज्य सम्बन्धको साधन हो। यसको प्रयोगबाट प्राप्त गरिने लक्ष्य सुख हो। कौटिल्यले सुखलाई सिद्धि मानेका छन्[७] (कौटिल्य, अधि.६, अ.२)। शक्तिको प्रयोग देश र काल विचार गरेर गर्नुपर्छ भन्ने कौटिल्यको विचार छ (कौटिल्य, अधी.९, अ.१)। तीन प्रकारका शक्तिसम्पन्न राज्य सुदृढ, सुव्यवस्थित, सुखी, समृद्ध र अजेय हुन्छ। यी शक्तिसम्पन्न राजा श्रेष्ठ, शक्तिरहित राजा अधम र समान शक्ति भएको राजा मध्यम हुन्छन् भन्ने कौटिल्यको विचार रहेको छ (कौटिल्य, अधि.६, अ.२)।

निष्कर्ष (Conclusion)

राजनीतिक चिन्तनको इतिहासमा कौटिल्यलाई शक्ति सिद्धान्तका प्रथम प्रवर्तक मानिन्छ। उनका अनुसार बल राज्यशक्तिको स्रोत हो। मन्त्रशक्ति, प्रभुशक्ति र उत्साहशक्ति गरी शक्ति तीन प्रकारका हुन्छन्। मन्त्रशक्तिको आधार ज्ञान हो। ज्ञानी व्यक्तिसँगको परामर्शबाट ठीक निर्णयमा पुग्न सकिन्छ। मन्त्रशक्ति कूटनीतिक क्षमता हो। धन र सेनाको बल प्रभुशक्तिको स्रोत हो। राजा र सेनाको शारीरिक तन्दुरुस्ती र मनोबल उत्साहशक्तिका स्रोत हुन्। राज्यको उन्नतिका लागि तीनवटै शक्ति महत्त्वपूर्ण मानिएको छ। कूटनीति वा अन्तरराज्य सम्बन्धमा शक्तिको प्रयोग हुन्छ। तीनै प्रकारका शक्तिसम्पन्न राजालाई श्रेष्ठ राजा मानिएको छ। तीनवटै शक्ति बराबर भएको राजालाई सम र तीनै शक्तिमा कमजोर भएको राजालाई हीन मानिएको छ। प्राचीन हिन्दु राजनीतिक चिन्तनका अनुसार तीन प्रकारका शक्तिमा श्रेष्ठता कायम गर्न प्रयास गर्नु राजाको कर्तव्य हो। शक्तिसम्पन्न राजा विजय प्राप्त गर्न समर्थ हुन्छन् भन्ने विषयमा प्राचीन हिन्दु राजनीतिक विचारकहरूको मतैक्यता छ।

---

७ सुखं सिद्धिः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अन्तरराज्य सम्बन्धका षड्गुण सिद्धान्त
(Six Principles of Foreign Policy)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा अन्तरराज्य सम्बन्धका छ प्रकारका सिद्धान्तको उल्लेख छ। परराष्ट्रनीतिका छ प्रकारका सिद्धान्तलाई संस्कृतमा षाड्गुण्यम् भनिन्छ। प्राचीन हिन्दु राज्यव्यवस्थामा परराष्ट्रनीतिका यी छ सिद्धान्तको आधारमा अन्तरराज्य सम्बन्ध कायम गर्ने व्यवस्था गरिएको छ। अन्तरराज्य सम्बन्धका छ सिद्धान्तलाई षड्यन्त्र वा षड्गुण भनिन्छ। राज्यहरूबीचमा परस्पर सहयोग वा द्वन्द नै अन्तर्राष्ट्रिय राजनीतिको मूल स्वभाव हो। परराष्ट्रनीतिका दुईवटा मात्र पक्ष सन्धि र विग्रह हुन्। षड्गुण यिनै दुई सिद्धान्तका भेद मात्र हुन् भन्ने वातव्याधिको विचार कौटिल्यले आफ्नो अर्थशास्त्रमा उल्लेख गरेका छन्। विग्रहको अर्थ द्वन्द र सन्धिको अर्थ परस्पर सहयोग हो। सन्धि र विग्रहका विस्तारित रूप सन्धि, विग्रह, यान,आसन, संश्रय र द्वैधीभाव छ सिद्धान्त हुन् (कौटिल्य, अधि.७, अ.१)। राज्यहरूबीच पारस्परिक सम्बन्धका लागि हिन्दु राजनीतिक चिन्तनका मनुस्मृति, याज्ञवल्क्यस्मृति, रामायण, महाभारत, शुक्रनीतिसार, कौटिल्यको अर्थशास्त्र आदि ग्रन्थमा उल्लेख गरिएका परराष्ट्रनीतिका छ सिद्धान्त र तिनको प्रयोगसम्बन्धी सिद्धान्तको विवेचना यस प्रकरणमा गरिएको छ।

षड्गुण सिद्धान्तको परिचय
(Introduction to Six Principles of Foreign Policy)

षड्गुणको अभ्यासद्वारा अन्तरराज्य सम्बन्धमा निर्धारित लक्ष्य प्राप्त गर्न सकिन्छ भन्ने विषयमा प्राचीन हिन्दु राजनीतिक विचारकहरूको मतैक्यता रहेको छ। कौटिल्यका अनुसार राज्यका सात अङ्ग र राज्यमण्डलका बाह्र राज्य षड्गुण सिद्धान्तका आधार हुन्[१] (कौटिल्य, अधि.७, अ.१)। षड्गुण सिद्धान्त पूर्वाचार्यहरूको मत भनी कौटिल्यले उल्लेख गरेका छन् (कौटिल्य, अधि.७, अ.१)। राजामा मात्र होइन मन्त्रीमा समेत अन्तरराज्य सम्बन्धका छ सिद्धान्तको सैद्धान्तिक र व्यावहारिक अभ्यासको ज्ञान आवश्यक मानिएको छ। मनुका अनुसार सन्धि, विग्रह, यान, आसन, द्वैधीभाव र संश्रय छ गुण हुन्। राजाले छ गुणका विषयमा निरन्तर विचार गरिरहनु पर्दछ[२] (मनु, अ.७,

१ षाड्गुणस्य प्रकृतिमण्डलं योनिः।

२ संधिं च विग्रहं चैव यानमासनमेव च। द्वैधीभावं संश्रयं च षड्गुणांश्चिन्तयेत्सदा।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

श्लो.१६०)। वाल्मीकि रामायणमा पनि छ गुणको उल्लेख छ[३] (वाल्मीकि, अयो., स.१००, श्लो.६९)। महाभारत कालमा अन्तरराज्य सम्बन्ध विकसित अवस्थामा रहेको पाइन्छ। महाभारतमा षड्गुण सिद्धान्त , चार उपाय, राज्यमण्डल र युद्धसम्बन्धी नियमको विस्तृत व्याख्या गरिएको छ। महाभारतका अनुसार अन्तरराज्य सम्बन्धका छ प्रकारका सिद्धान्त सन्धि, विग्रह, यान, आसन, द्वैधीभाव र संश्रय हुन्। बृहस्पतिको अन्तरराज्य सम्बन्धको प्राचीन परम्परा विदेशनीतिका छ सिद्धान्तमा आधारित छ। उनले पनि सन्धि, विग्रह, यान, आसन, द्वैधीभाव र संश्रय अन्तरराज्य सम्बन्धका छ सिद्धान्त मानेका छन्। शुक्राचार्य पनि परराष्ट्रनीतिका छ सिद्धान्तका पक्षमा छन्। उनका अनुसार सन्धि, विग्रह, यान, आसन, समाश्रय र द्वैधीभाव छ गुण हुन्[४] (शुक्राचार्य, अ.४, प्र.७, श्लो.२३२)। कौटिल्य पनि मनु जस्तै षड्गुण सिद्धान्तका पक्षमा छन्। उनका अनुसार पनि सन्धि, विग्रह, यान, आसन, संश्रय र द्वैधीभाव षड्गुण हुन्। राज्यहरूबीच कुनै शर्तमा मेलमिलाप हुनु सन्धि हो भने शत्रुको अपकार गर्नु विग्रह हो। शत्रुको उपेक्षा गरेर बस्नु आसन हो भने युद्धका लागि प्रस्थान गर्नु यान हो। यसैगरी आत्मसमर्पण गर्नु संश्रय हो। एउटासँग सन्धि र अर्कोसँग विग्रहको नीति अँगाल्नु द्वैधीभाव हो[५] (कौटिल्य, अधि.७, अ.१)।

यी गुणहरूको उचित प्रयोगमा नै राज्यको विजय र पराजय निर्भर हुन्छ भन्ने विषयमा प्राचीन हिन्दु राजनीतिक चिन्तनका आचार्यहरूबीच मतैक्यता छ। प्राचीन आचार्यहरूले राजाले कस्तो अवस्थामा कुन नीति अवलम्बन गर्नुपर्छ भन्ने विषयमा व्यावहारिक परामर्श दिएका छन्। देश, काल र परिस्थितिअनुसार षड्गुणको प्रयोगमा सामान्य परिवर्तन गर्न सकिन्छ भन्नेमा पनि सबै विचारकको सहमति छ। षड्गुणनीतिको उद्देश्य राज्यलाई शक्तिशाली बनाउनु र शत्रुमाथि विजय प्राप्त गर्नुका साथै राज्यको विस्तार गर्नु हो। यी सिद्धान्तमध्ये राज्यको हितका लागि उपयुक्त नीतिको अवलम्बन गर्नु राजाको कर्तव्य मानिएको छ।

सन्धि (Treaty)

कौटिल्यका अनुसार राजाहरूका बीचमा कुनै शर्तमा मेलमिलाप हुनु सन्धि हो (कौटिल्य, अधि.७, अ.१)। सन्धिको अर्थ शत्रुसँग सहमति गरी शान्तिपूर्वक बस्नु हो। विजिगीषु राजाले आफ्नो शक्ति वृद्धिका लागि अपनाउने शान्तिको नीति सन्धि हो। राजाले समान शक्तिशाली एवं आफूभन्दा बलशाली राजासँग सन्धि गर्नुपर्छ भन्ने कौटिल्यको

---

३ ....षाड्गुण्यं...

४ सन्धिं च विग्रहं यानमासनं च समाश्रयम्। द्वैधीभावं च संविद्यान्मन्त्रयैतांस्तु षड्गुणान्।

५ तत्र पणबन्धः सन्धिः, अपकारो विग्रहः, उपेक्षणमासनम्, अभ्युच्चयो यानं, परार्पणं संश्रयः, सन्धिविग्रहोपादानं द्वैधीभाव इति षड्गुणाः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विचार छ (कौटिल्य, अधि.७, अ.३) । सन्धि राज्यहरूबीच मेलमिलापको सिद्धान्त हो। वर्तमान वा भविष्यमा हुने लाभको आशाले अन्य राजासित मेलमिलाप गरिन्छ भने त्यो सन्धि हो। मनुस्मृतिका अनुसार दुई राजा मिलेर तेस्रो राज्यमाथि आक्रमण गर्दछन् भने त्यस्तो सन्धिलाई समान यानसन्धि र दुबै आपसमा मिलेर तर पृथक रूपमा तेस्रो राजामाथि आक्रमण गर्दछन् भने त्यसलाई असमान यानसन्धि भनिन्छ (मनु, अ.७, श्लो.१६३)।मेलमिलाप गर्दा आफ्नो फाइदा हुने बुझेमा अलिकति कष्ट सहेर भए पनि सन्धि गर्नुपर्दछ भन्ने मनुको विचार रहेको छ (मनु, अ.७, श्लो.१६९)। राजाले आफूभन्दा शक्तिशाली राजासँग मित्रता गर्नु सन्धि हो । अत्यन्त शक्तिशाली राजाद्वारा आक्रमण गरिएको र त्यसको प्रतिकारको कुनै उपाय नभएर आपत्तिमा परेका राजाले उपयुक्त समयको प्रतीक्षा गरी शक्तिशाली राजासँग सन्धि गर्नुपर्दछ। त्यस अवस्थामा केवल उपहार दिएर सन्धि गर्नु हितकर हुन्छ । मित्रताका लागि गरिने सन्धि बाहेक अन्य सबै सन्धि उपहार सन्धिका भेद हुन् भन्ने शुक्राचार्यको मत कौटिल्यले उद्धरण गरेका छन्। बलवान् शत्रु समक्ष शिर झुकाएर उपहार दिएर सन्धि गरे तापनि राजाले आफ्नो अनुकूल समय भएका वेला फेरि त्यसैसँग युद्ध गर्ने राजालाई सम्पत्तिले छोड्दैन। बद्धिमान् राजाले सन्धि गरेका शत्रुको विश्वास गर्नुहुँदैन। शत्रुलाई जित्नका लागि आफ्नै सामन्त र अनार्यसँग पनि सन्धि गर्नुपर्छ भन्ने शुक्राचार्यको विचार छ (शुक्राचार्य, अ. ४, प्र. ७, श्लो. २४१)। कौटिल्यका अनुसार राजाले शत्रुको तुलनामा आफू कमजोर वा निर्बल भएको अवस्थामा सन्धि गर्नुपर्छ[६] (कौटिल्य, अधि.७, अ.१)। आफ्नो कार्य सिद्धि हुने र शत्रुको हानि हुने अवस्थामा पनि सन्धि गर्नुपर्छ । शत्रु राजाको अवस्था समान वा उदयोन्मुख छ भन्ने लागेमा सन्धि गर्नुपर्छ भन्ने पूर्वाचार्यहरूको मतप्रति विमति राख्दै कौटिल्यले शत्रुको क्षति र आफ्नो उन्नतिको अवस्था देखेमा सन्धि गर्नुपर्ने विचार प्रस्तुत गरेका छन्। उनका अनुसार सन्धिलाई पहिलो प्राथमिकतामा दिनुपर्छ। सन्धि र विग्रहबाट समान लाभ हुने देखिएमा आफ्नो उन्नतिका निम्ति विजिगीषु राजाले सन्धि गुणको अवलम्बन गर्नुपर्छ किन भने विग्रहबाट आफ्नो पनि क्षति हुन सक्छ (कौटिल्य, अधि.७, अ.२)। शत्रुको क्षति, शत्रुको कार्यबाट आफ्नो लाभको सम्भावना र शत्रुको विश्वास प्राप्त गरी शत्रुको राज्यमण्डलमा फुट ल्याउनका लागि सन्धि गुणको प्रयोग गर्नुपर्छ भन्ने कौटिल्यको विचार छ। कामन्दकले प्राचीन आचार्यहरूद्वारा प्रतिपादित बीस प्रकारका सन्धिको वर्णन गरेका छन् (कामन्दक, स.९, श्लो.२-३५)।

कामन्दकका अनुसार सत्यवादी, धार्मिक, आर्य- अनार्य, बन्धुसम्पन्न, विजयी र बलवान् व्यक्ति सन्धि गर्न योग्य हुन्छन् (कामन्दक, स.९, श्लो.४२)। बालक, वृद्ध, दीर्घरोगी, जातिबहिस्कृत, कायर, अरूलाई डरपोक भन्ने, लोभी, लोभी व्यक्तिद्वारा घेरिएको, अमात्य

---

६ . परस्माद्धीयमान: सन्दधीत।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
आदि प्रकृति विरक्त भएको, व्यसनमा आसक्त, मनमा द्विविधा भएको व्यक्तिसँग परामर्श लिने, देवता र ब्राह्मणको निन्दा गर्ने, दैवबाट पीडित, प्रारब्धमा विश्वास गर्ने, दुर्भिक्षग्रस्त, व्यसनमा आसक्त सेना भएको, देशहीन, शत्रुग्रस्त, प्रतिज्ञा भङ्ग गर्ने स्वभाव भएको, सत्य र धर्मरहित राजा सन्धिका लागि अयोग्य हुन्छन् (कामन्दक, स.९, श्लो.२३-४१)। सन्धि शान्तिको नीति हो। अन्तरराज्य सम्बन्धमा शान्तिलाई प्राथमिकता दिनुपर्छ भन्ने विषयमा प्राचीन आचार्यहरू सहमत छन्। पूर्वाचार्यहरूको उदयोन्मुख शत्रुराजासँग सन्धि गर्नुपर्छ भन्ने मतको कौटिल्यले कडा विरोध गरेका छन् (कौटिल्य, अधि७, अ.१)।

विग्रह (War)

शत्रुमाथि आक्रमण गर्नु वा युद्ध गर्नु विग्रह हो। कार्य सिद्धिका निम्ति उपयुक्त समय वा असमयमा नै शत्रुलाई जित्ने इच्छाले युद्ध गरिन्छ भने त्यसलाई विग्रह भनिन्छ। विग्रह आफ्नै लागि र मित्रको सहयोगका लागि गरिने गरी दुई प्रकारका हुन्छन् भन्ने मनुको विचार छ (मनु, अ.७, श्लो.१६४)। मनुका अनुसार आफ्ना सम्पूर्ण प्रकृति पूर्णरूपले सन्तुष्ट छन् र आफ्नो बल शत्रुको भन्दा सबै प्रकारले बढी छ भने राजाले विग्रह गर्नुपर्दछ (मनु, अ.७, श्लो.१७०)। राजा विग्रहबाट पछि हट्नु हुँदैन। शत्रुलाई पीडा दिनु वा आफ्नो अधीनमा ल्याउनु विग्रह हो। समान बलशाली राजासँग विग्रह गर्नु पर्दछ। देश, काल र शक्तिको विचार गरेर आपत्तिग्रस्त, अलोकप्रिय, विषयासक्त कमजोर शत्रुप्रति विग्रह गर्नु पर्दछ भन्ने उनको मत छ। शक्तिशाली राजासँग विग्रह गर्नुहुँदैन। शुक्राचार्यले अन्य उपाय असफल भएपछि मात्र विग्रह गर्ने राय दिएका छन्[७] (शुक्राचार्य,अ. ४, प्र. ७, श्लो. २५३)। यदि विजिगीषु राजाले आफूलाई शत्रुभन्दा शक्तिशाली वा शत्रुलाई आफू भन्दा कमजोर छ भन्ने ठानेमा युद्ध वा विग्रहको नीति लिनुपर्छ[८] (कौटिल्य, अधि.७, अ.१)। आफ्नो देशमा क्षत्रिय र कृषकको सङ्ख्यामा अधिकता छ, पहाड, जङ्गल, नदी र किल्ला समेत सुदृढ छन्, राज्यमा आउन जानका लागि एउटा मात्र मार्ग छ, शत्रुको कुनै पनि आक्रमणको प्रतिकार गर्न राज्य समर्थ छ भने विग्रहको गर्नुपर्छ भन्ने कौटिल्यको मत छ (कौटिल्य, अधि. ७, अ.१)। आचार्यहरूले विग्रह गुणको आश्रय लिन सामान्यतः निषेध गरेका छन्। कामन्दकका अनुसार अन्य उपाय असफल भएको अवस्थामा मात्र विग्रह गर्नुपर्छ। भूमि, मित्र र सुवर्णको प्राप्ति सुनिश्चित भएको अवस्थामा विग्रह गर्न उचित हुन्छ (कामन्दक, स.१०, श्लो.२८-२९)। आफूभन्दा कम बलशाली राजासँग विग्रह गर्नुपर्छ भन्ने कौटिल्यको निष्कर्ष छ[९] (कौटिल्य, अधि.७, अ.३)। कमजोर भएको अवस्थामा आश्रयबाट समेत आफ्नो रक्षा असम्भव देखिएमा पनि युद्ध नै गर्नुपर्दछ भन्ने मनुको विचार रहेको छ (मनु, अ.७, श्लो.१७६)।

---

७ उपायान्तरनाशे तु ततो विग्रहमाचरेत्।

८ अभ्युच्चीयमानो विगृह्णीयात्।

९ हीनेन विगृह्णीयात्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यान (Marching of Army)

यानको शाब्दिक अर्थ हिड्नु हो। शत्रुलाई डराउन दिन आक्रमणको प्रदर्शन गर्नु यान हो। अन्तर्राष्ट्रिय सम्बन्धका सन्दर्भमा यानको अर्थ युद्धका निम्ति सैनिक परिचालन वा अभ्यास हो। शत्रुका विरुद्ध एक्लै सैनिक प्रस्थान गराउने र एक्लै समर्थ हुँदाहुँदै पनि मित्रसँग मिलेर आक्रमणका लागि सेना हिडाउने गरी यान पनि दुई प्रकारका हुन्छन् भन्ने मनुको विचार छ (मनु, अ.७, श्लो.१६५)। आफ्नो सेना हृष्ट-पुष्ट अवस्थामा छ र शत्रुको सेनाको अवस्था विपरीत छ भने युद्धका निम्ति प्रस्थान गर्नुपर्दछ भन्ने मनुको सल्लाह रहेको छ (मनु, अ.७, श्लो.१७१)। शुक्राचार्यले विभिन्न पाँच प्रकारका यानको वर्णन गरेका छन्। शुक्रनीतिमा विग्रह गरेर शत्रुमाथि आक्रमण गर्नु विगृह्ययान हो। एउटासँग सन्धि गरेर अर्को राजामाथि जाइलाग्नु सन्धाययान हो। राजाले सामन्तहरूसँग मिली आफ्नै शक्ति, शौर्य र युद्ध कुशलताको प्रयोग गरी अर्को राजाप्रति जाइलाग्नु सम्भूययान हो। अन्य कुनै राजाप्रति जाइलाग्न प्रस्थान गरेको सेना प्रसङ्वश बीचमा अन्यत्र जाइलाग्न प्रस्थान गरेमा त्यसलाई प्रसङ्गयान भनिन्छ। शक्तिशाली शत्रुसँगको युद्धबाट पीडित भएको शत्रुको अवस्थाको उपेक्षा गरी जाइलाग्नु उपेक्षायान हो (शुक्राचार्य,अ. ४, प्र. ७, श्लो. २५४-२५९)। विजयको अभिलाषा राख्ने राजाले शत्रु दुर्व्यसनमा संलग्न भएको र सबै दृष्टिबाट कमजोर भएको अवस्थामा यानगुणको प्रयोग गर्नुपर्छ भन्ने मान्यता रहेको छ। विजयको कामना गरेर शत्रुको विनाशका लागि प्रस्थान गर्नु नै यान हो। विजयको आकाङ्क्षा राख्ने राजाले एक्लै आक्रमण गरेर शत्रु र शत्रुका मित्रलाई नष्ट गर्न आफू सक्षम महसुस गरेमा एक्लै विग्रह गरेर दुबै माथि आक्रमण गर्नुपर्छ। यदि विजिगीषु एक्लै सक्षम नभएमा कमजोर, समान र शक्तिशाली राजासँग सन्धि गरेर शत्रु माथि जाइ लाग्नुपर्छ भन्ने कौटिल्यको विचार छ (कौटिल्य, अधि.७, अ.४)।

आसन (Staying Quiet)

शक्तिसञ्चयका लागि सैनिकलाई स्थिर राख्नु आसन हो। आसनमा शत्रुको उपेक्षा गरिन्छ। आफ्नो इच्छाले गरिने उपेक्षा र समृद्धशाली भएर पनि मित्रको अनुरोधमा गरिने उपेक्षा गरी आसन पनि दुई प्रकारका हुन्छन् भन्ने मनुको विचार छ (मनु, अ.७, श्लो.१६६)। उनका अनुसार आफ्नो सैन्यबल क्षीण भएको अवस्थामा सेनालाई एक स्थानमा राख्ने र शत्रुलाई शान्त पार्ने गर्नुपर्दछ (मनु, अ.७, श्लो.१७२)। कौटिल्यका अनुसार जुन स्थानबाट शत्रुका सेनामाथि अस्त्रद्वारा प्रहार गर्न सकिन्छ त्यस्तो स्थानमा राजासहित सेनालाई बसाल्नुपर्छ। तृण, जल, अन्न आदि सामग्री शत्रु पक्षका सेनासम्म पुग्न नदिने गरी शत्रुका सेनालाई धेरै दिनसम्म घेरेर बस्नु पनि आसन हो (कौटिल्य,अ. ४, प्र. ७, श्लो. २८५)। शत्रु र विजिगीषु युद्ध लड्दा लड्दा बल क्षीण भएको अवस्थआमा सन्धि गरी दुबै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
आ-आफ्नो स्थानमा स्थित हुन्छन् भने शुक्राचार्यले त्यसलाई सन्धाय आसन मानेका छन् (शुक्रचार्य, अ. ४, प्र. ७, श्लो. २८७)। शत्रुसँग युद्धको घोषणा गरेर सैनिकहरूलाई उपयुक्त ठाउँमा प्रतीक्षा गराउने नीतिलाई पनि आसनगुण भनिन्छ। कौटिल्यका अनुसार विजिगीषु राजाले आफू शत्रुलाई नष्ट गर्न सक्षम नभएको तथा शत्रु पनि आक्रमण गरी आफूलाई नष्ट गर्न सक्षम नभएको अवस्थामा आसन गुणको प्रयोग गर्नुपर्छ (कौटिल्य, अधि.७, अ.१)। शत्रु राजासँग सन्धि गरेर पनि आसन गुणको अवलम्बन गर्न सकिन्छ। यस्तो आसनलाई सन्धाय आसन भनिन्छ। कौटिल्यले स्थान, आसन र उपेक्षालाई पर्याय बाची शब्द मानेका छन् (कौटिल्य, अधि.७, अ.४) । यसबाट आसन गुणको अभिप्राय शत्रुको उपेक्षा भन्ने बुझिन्छ।

द्वैधीभाव (Dual Policy)

शत्रुहरूबीच भेद सिर्जना गर्नु द्वैदीभाव हो । देखाउने र गर्ने कार्य फरक फरक हुनु द्वैधीभाव हो। मनुका अनुसार दोहोरो नीतिलाई द्वैधीभाव भनिन्छ। बाहिर एउटा र भित्र अर्कै भाव राख्ने नीति द्वैधीभाव हो । राजा कमजोर भएको अवस्थामा दोहोरो नीति लिएर आफ्नो लक्ष्य पूरा गर्नुपर्छ भन्ने मनुको विचार रहेको छ (मनु, अ.७, श्लो.१७३)। आफ्नो सैन्य बललाई दुई भागमा विभाजन गर्नु पनि द्वैधीभाव हो । समय अनुसार व्यवहार गर्न जान्ने राजाले जब शत्रुद्वारा उत्पन्न सङ्कटबाट बच्ने कुनै उपाय निश्चित गर्न सक्दैन त्यस अवस्थामा कागको आँखा जस्तो दुबैतिर व्यवहार गर्ने द्वैधीभावको नीति लिनु पर्दछ भन्ने कौटिल्यको विचार छ (कौटिल्य,अ. ४, प्र. ७)।

द्वैधीभाव भनेको एउटा राजासँग सन्धि र अर्को राजासँग विग्रहको नीति पनि हो। एउटा राजासँग सन्धि गरेर आफ्नो निर्धारित कार्यक्रमको निरन्तरता दिने र अर्को राजासँग विग्रह गरेर त्यसको कार्य नष्ट गर्ने उद्देश्य राख्ने विजिगीषु राजाले द्वैधीभावको नीति अवलम्बन गरेर आफ्नो उन्नतिको आकाङ्क्षा राख्नुपर्छ भन्ने कौटिल्यको विचार रहेको छ (कौटिल्य, अधि.७, अ.१) । उनका अनुसार द्वैधीभाव र संश्रयबाट समान लाभ हुने अवस्थामा द्वैधीभाव ग्रहण गर्नुपर्छ । द्वैधीभावको नीतिबाट राजाले आफ्नो कार्य गर्न र उन्नति गर्न सक्छ। आश्रय ग्रहण गर्ने राजाले आफ्नो भन्दा आश्रयदाताको उपकार गर्दछ (कौटिल्य, अधि.७, अ.२) । शक्तिशाली विजिगीषु राजाले एउटासँग सन्धि र अर्कोसँग विग्रहद्वारा आफ्नो कार्य सिद्धि हुने देखेमा द्वैधीभाव गुण अवलम्बन गर्नुपर्छ भन्ने कौटिल्यको मत छ (कौटिल्य, अधि.७, अ.३)।

संश्रय (Seeking Shelter or Policy of Alliance)

महाभारतका अनुसार पराजित गर्न नसकिने शक्तिशाली राजाको आश्रय लिनु संश्रय नीति हो (अग्नि., ६३ अ., श्लो.६७-६८) । संश्रय सुरक्षाका लागि शक्तिशाली राजाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आश्रय लिने नीति हो । वर्तमानमा शत्रुद्वारा पीडित भएको अवस्थामा कार्य र अर्थको सिद्धिका लागि बलवान् राजाको आश्रय लिनु र भविष्यमा कुनै शत्रुद्वारा पीडा हुने आशङ्काले कुनै बलवान् राजाको आश्रय लिनु गरी आश्रय दुई प्रकारका हुन्छन् भन्ने मनुको विचार छ (मनु, अ.७, श्लो.१६८)। राजालाई आफू शत्रुसेनाद्वारा पराजित हुने भय भयो भने छिटो नै धार्मिक र शक्तिशाली राजाको आश्रयमा जानु पर्दछ भन्ने मनुको भनाइ रहेको छ (मनु, अ.७, श्लो.१७४)। शक्तिशाली राजाद्वारा आक्रमण गरी राज्य विनाश हुँने अवस्थामा प्रतिकारको अन्य कुनै उपाय नदेखेमा राजाले अत्यन्त बलवान्, कुलीन, सत्यप्रतिज्ञा भएको एवं श्रेष्ठ आचरण भएको राजाको आश्रय लिएर शत्रुलाई परास्त गर्नु पर्दछ भन्ने शुक्रचार्यको विचार छ (शुक्राचार्य,अ. ४, प्र. ७, श्लो. २८८)। कौटिल्यका अनुसार विजिगीषु राजाले बलवान् राजाको आश्रय लिएर शत्रु परास्त गर्नु पर्दछ। शत्रुको नाश गर्न र आफ्नो रक्षा गर्न नसक्ने अवस्थामा कुनै शक्तिशाली राजाको शरणमा जानु आश्रय हो। आश्रयबाट आफ्नो उन्नतिका लागि प्रयत्न गर्नुपर्छ (कौटिल्य, अधि.७, अ.१)। कमजोर राजाले आफ्नो शत्रुभन्दा बलवान् राजाको आश्रयमा जानुपर्छ। यदि शक्तिशाली राजा उपलब्ध नभएमा शत्रुको आश्रयमा जान सकिन्छ। कोष, सेना र भूमि दिएर आफूले आश्रय लिएको शत्रु राजालाई सन्तुष्ट पार्नुपर्छ तर आफू स्वयं शत्रुराजाका सम्मुखमा उपस्थित हुनुहुँदैन। कुनै वेला बलवान् राजाको आश्रय अनर्थकारी सिद्ध हुन्छ। शत्रुसँग विग्रहको अवस्थामा भएको बलवान् राजाको आश्रय हानिकारक हुँदैन भन्ने कौटिल्यको मत छ (कौटिल्य, अधि.७, अ.२)।

निष्कर्ष (Conclusion)

बलवान् शत्रुसमेतलाई मित्र बनाउने मेलमिलापको नीति सन्धि हो। शत्रुलाई पीडा दिने र आफ्नो अधीनमा ल्याउने कार्य विग्रह हो। विग्रह भनेको युद्ध हो। शत्रुको विनाशका लागि सेना प्रस्थान गर्ने कार्य यान हो। आक्रमणको लागि सेना प्रस्थान गर्ने नीति पनि यान हो। आफ्नो रक्षा र शत्रुको विनाशका निम्ति सैन्य बललाई स्थिर गर्नु आसन हो। यो अवसरको प्रतीक्षामा बस्ने नीति हो। शक्तिशाली राजाको आश्रय वा संरक्षणमा बस्ने नीति आश्रय हो। शक्तिशाली राजाद्वारा रक्षित भएर कमजोर राजा पनि शक्तिशाली बन्दछ। आफ्नो सैन्य शक्ति विभाजन गरी विभिन्न ठाउँमा राख्ने नीति द्वैधीभाव हो। द्वैधीभाव दोहोरो नीति हो। राजामा षड्गुणको सैद्धान्तिक र व्यावहारिक ज्ञान आवश्यक मानिएको छ। कौटिल्यका अनुसार षाड्गुण्य सिद्धान्त विदेश नीतिका आधार हुन्। उनले विजिगीषु राजालाई समय र परिस्थिति अनुसार आफ्नो राज्यको हितलाई प्राथमिकता दिएर यी छ सिद्धान्तको प्रयोग गरी उपयुक्त विदेशनीति अवलम्बन गर्न सल्लाह दिएका छन्। मनुका अनुसार राजाले जुन नीति पालन गर्नाले मित्र, शत्रु र उदासीन राज्यहरूले कहिल्यै पनि आफूलाई कष्ट दिन सक्दैनन् त्यही नीति पालन गर्नुपर्दछ। सङ्क्षेपमा यही नै षड्गुण सिद्धान्तको सार हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्राचीन हिन्दु राजनीतिक विचारधारामा युद्धधर्म
(Laws of Warfare in Ancient Hindu Political Thought)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा सबै शान्तिपूर्ण उपाय असफल भएपछि युद्धको अपरिहार्यता स्वीकार गरिएको छ। साम्राज्यको स्थापना गर्न र शत्रुसँग बदला लिन युद्ध अनिवार्य मानिएको छ। शक्तिशाली राज्यले कमजोर राज्यलाई आफ्नो अधीनमा ल्याउनका लागि युद्ध गर्न प्रोत्साहन गरिएको छ। वैदिक सनातन धर्ममा युद्धमा सहभागी हुनु क्षत्रियको धर्म मानिएको छ। क्षत्रियवर्णका पुरुषहरू सैनिक सेवामा नियुक्त गर्ने परम्परा रहेको छ। कौटिल्य भने राज्यको आवश्यकताअनुसार जुनसुकै वर्णको व्यक्ति सेनामा भर्ना गर्न सकिन्छ भन्ने पक्षमा रहेका छन्। राज्यसँग शक्तिशाली सेना हुनु राजा र राज्यको गौरवको विषय मानिएको छ। शक्तिशाली राजाले कमजोर राज्यमाथि विजय प्राप्त गरी एकराट् बन्ने भावनाको विकास वैदिककालमा नै प्रारम्भ भएको पाइन्छ। उत्तरवैदिक कालमा राज्य विस्तारलाई विशेष महत्त्व दिन थालेपछि साम्राज्य निर्माण गर्ने उद्देश्यले युद्ध हुनु स्वाभाविक मानिएको छ। प्राचीन हिन्दु राजनीतिक चिन्तनका सबै आचार्यहरूले राज्यमा युद्धको अनिवार्यतालाई स्वीकार गरेका छन् तापनि शान्तिको आशा त्याग पनि गरेका छैनन्। युद्ध सकेसम्म कम गर्ने र युद्ध गर्नु नै परे पनि त्यसबाट हुने क्षति कम गर्ने पक्षमा सबै आचार्यको प्रयास केन्द्रित छ। अन्य सबै शान्तिपूर्ण उपायहरू असफल भएपछि मात्र युद्धको प्रयोग गर्नुपर्छ भन्नेमा सबै आचार्यको मतैक्यता रहेको छ। युद्धबाट हुने क्षति कम गर्न मनुस्मृति, रामायण, महाभारत, कौटिल्यको अर्थशास्त्र आदि ग्रन्थमा युद्धका विशिष्ट नियम र मर्यादा निर्धारण गरिएका छन्। युद्धका नियमको पालना गर्नु धर्म र तिनको पालना नगर्नु अधर्म वा पाप मानिएको छ। प्राचीन दण्डनीतिसम्बन्धी विभिन्न ग्रन्थमा उल्लेख गरिएका युद्धका शास्त्रीय नियमलाई धर्मयुद्धका सिद्धान्त भनिन्छ। यस प्रकरणमा प्राचीन हिन्दु राजनीतिक विचारमा रहेका युद्ध र शान्तिसम्बन्धी नीति र धर्मयुद्धका सिद्धान्तको सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको छ।

युद्ध र शान्तिसम्बन्धी नीति (Policies of War and Peace)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राज्यहरूबीच युद्धको स्थिति सिर्जना हुनु स्वाभाविक मानिएको छ। विभन्न परिस्थितिमा युद्ध अनिवार्य हुने भए तापनि युद्धबाट जोगिनका लागि विभिन्न उपाय पनि प्राचीन आचार्यहरूले बताएका छन्। कूटनीतिका चार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

उपायमध्ये साम, दान र भेद उपायको प्रयोग गरी आफ्नो अभिष्ट सिद्ध गर्न र दण्डको प्रयोगबाट जोगिन प्राचीन आचार्यहरूले राजालाई सल्लाह दिएका छन्। अन्तरराज्य सम्बन्धका छ सिद्धान्तमा पनि पहिलो सिद्धान्त सन्धि हो। सन्धि शान्तिपूर्ण उपाय हो। युद्ध अनिवार्य भएको अवस्थामा पनि शान्ति स्थापना गर्ने प्रयास गर्नुपर्छ भन्ने शास्त्रीय मर्यादा रहेको छ। रामायण र महाभारत भयानक युद्धको स्थितिको चित्रण गरिएका महाकाव्य हुन्। दुबै महाकाव्यमा युद्ध प्रारम्भ हुनुभन्दा पहिले शान्ति स्थापनाको प्रयास गरेको पाइन्छ। रामायणमा युद्धको विनाशक स्थिति निम्तन नदिन रामले रावणको दरवारमा अङ्गदलाई दूत बनाई पठाएका थिए। यो रामको शान्तिको अन्तिम प्रयास थियो। अन्तिम प्रयास असफल भएपछि राम र रावणका बीचमा युद्ध प्रारम्भ भएको थियो। महाभारतमा पनि युद्ध प्रारम्भ हुनुभन्दा पहिले श्रीकृष्ण पाण्डवको पक्षबाट शान्ति-दूत बनी धृतराष्ट्रको दरवारमा गई शान्तिको लागि प्रयत्न गरेका थिए। त्यो प्रयास असफल भएपछि महाभारतको युद्ध प्रारम्भ भएको थियो। युद्धमा दुबै पक्षको विनाश हुन्छ, अतः अनिवार्य परिस्थिति परेको अवस्थामा मात्र युद्ध गर्नुपर्छ भन्ने मान्यता रहेको छ। मनुका अनुसार साम, दान र भेद नीतिद्वारा शत्रुलाई जित्ने प्रयत्न गर्नुपर्छ तर युद्धद्वारा होइन[१] (मनु, अ.७, श्लो.१९८)। यहाँ मनुले युद्धलाई निरुत्साहित गर्ने प्रयास गरेका छन्। शान्तिपूर्ण उपायको प्रयोगद्वारा परिस्थिति अनुकूल नभएमा युद्ध अनिवार्य मानिएको छ। मनुका अनुसार राजा विविध शस्त्रास्त्रको प्रयोगमा कुशल एवं सेना सञ्चालनमा प्रवीण हुनुपर्दछ। प्रजाको पालना गर्दै क्षत्रियको धर्मानुसार कुनै राजाले युद्धका लागि आह्वान गरेमा युद्ध लड्न तत्पर रहनु राजाको कर्तव्य हो (मनु, अ.७, श्लो. ८७)। मनुस्मृतिमा साम्राज्य निर्माण गर्नु राजाका लागि आदर्श मानिएको छ। जब आफ्नो सेना शक्तिशाली हुन्छ र शत्रुको शक्ति कमजोर हुन्छ तब शत्रुमाथि आक्रमण गर्नुपर्दछ भन्ने मनुको विचार छ (मनु, अ.७, श्लो. १७१)। मनुका अनुसार युद्धमा मर्ने क्षत्रिय मरेपछि स्वर्ग जान्छ (मनु, अ.७, श्लो. ८९)। युद्ध गर्नु क्षत्रियको धर्म हो। मनुको धार्मिक नियममा राज्यको प्रतिरक्षाका साथै साम्राज्य निर्माणको आदर्श प्राप्त गर्न युद्ध गर्न राजालाई उत्प्रेरणा प्रदान गर्ने उद्देश्य रहेको देखिन्छ। जसरी किसानले खेतमा घाँस उखेलेर फाल्दछ र धान आदि अन्नको रक्षा गर्दछ, त्यसैगरी राजाले शत्रुहरूको नाश गरी राष्ट्रको रक्षा गर्नुपर्दछ भन्ने मनुको विचार छ (मनु, अ.७, श्लो.११०)। महाभारतमा पनि शान्तिपूर्ण उपायद्वारा आफ्नो उद्देश्य पूरा गर्ने प्रयास गर्नु राजधर्म मानिएको छ। साम, दान र भेद उपाय असफल भएपछि मात्र दण्डनीति अर्थात् युद्ध गर्नुपर्छ भन्ने विचार रहेको छ (महाभारत, शान्ति., अ.९४, श्लो.१)। प्राचीन हिन्दु राज्यव्यवस्थामा शान्तिपूर्ण उपायको प्रयोगलाई प्राथमिकता दिइएको छ तापनि युद्धको सम्भावनालाई अस्वीकार गरिएको छैन।

---

१ साम्ना दानेन भेदेन समस्तैरथवा पृथक्। विजेतुं प्रयतेतारीन् न युद्धेन कदाचन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

युद्धको परिभाषा (Definition of War)

षाड्गुण्य सिद्धान्तमा सन्धिपछि दोस्रो प्राथमिकतामा विग्रहलाई राखिएको छ । विग्रहको अर्थ युद्ध हो । कौटिल्यका अनुसार राज्यहरूबीच एक अर्कालाई हानि गर्नु विग्रह हो[२] (कौटिल्य, अधि. ७, अ.१) । शुक्रनीतिसारमा दुई पक्षबीच एक-आपसमा शत्रुभाव राखेर आफ्नो स्वार्थ सिद्धिका लागि एक-अर्काका विरुद्ध हातहतियारको प्रयोग गर्नु युद्ध हो भनी युद्धको परिभाषा गरिएको छ[३] (शुक्राचार्य, अ.४, स.७, श्लो.२१९) । शुक्रचार्यले अभिमन्त्रित अस्त्रको प्रयोग गरिने युद्ध दैविक युद्ध, तोप, बन्दुक आदि अस्त्रको प्रयोग गरिने युद्ध आसुर एवं खड्गादि शस्त्र तथा बाहुद्वारा गरिने युद्ध मानव युद्ध हुन् भनी युद्धका प्रकारबारे पनि उल्लेख गरेका छन् (शुक्र, अ.४, स.७, श्लो.२२०-२२१) । यसैगरी कौटिल्यको पनि शत्रुको तुलनामा आफू शक्तिशाली भएको अवस्थामा युद्ध गर्नुपर्छ भन्ने विचार रहेको छ[४] (कौटिल्य, अधि. ७, अ.१) । युद्ध शत्रुमाथि विजय हासिल गर्ने अन्तिम उपाय मानिएको छ ।

युद्धका प्रकार (Kinds of War)

मनुस्मृतिमा धर्मयुद्धको मात्र उल्लेख गरिएको छ । कौटिल्यका अनुसार प्रकाशयुद्ध, कूटयुद्ध र तूष्णीयुद्ध गरी युद्ध तीन प्रकारका हुन्छन्[५] (कौटिल्य, अधि.७, अ.६) । १) प्रकाशयुद्ध : स्थान र समय निश्चित गरी पूर्व घोषणा गरेर गरिने युद्ध प्रकाशयुद्ध हो । युद्धका नियमको पालना गरिने हुँदा प्रकाशयुद्धलाई धर्मयुद्ध पनि भनिन्छ । शत्रुभन्दा हरेक किसिमले बलवान् र शत्रुलाई पराजित गर्न सक्षम राजाले प्रकाशयुद्ध गर्नुपर्छ भन्ने कौटिल्यको विचार छ । धर्मयुद्धका नियमलाई नै युद्धसम्बन्धी सिद्धान्त भनिन्छ । २) कूटयुद्ध : थोरै सेनालाई धेरै देखाएर शत्रु पक्षमा भय पैदा गर्नु, दुर्गमा आगो लगाउनु एवं लुटपाट गर्नु, शत्रुपक्ष दुर्व्यसनमा परेको र तयारी नभएको अवस्थामा आक्रमण गर्नु तथा एक ठाउँमा युद्ध भइरहेको अवस्थामा अर्को ठाउँमा आक्रमण गर्नु कूटयुद्ध हो । यस युद्धमा युद्धका शास्त्रीय नियमको पालना गरिँदैन । ३) तूष्णीयुद्धः विष, औषधिको प्रयोग एवं गुप्तचरद्वारा धोखा दिएर शत्रुको विनाश गर्नु तूष्णीयुद्ध हो भन्ने कौटिल्यको विचार छ (कौटिल्य, अधि.७, अ.६) । तूष्णीयुद्धमा युद्धका नियमको पालना गर्नु पर्दैन भन्ने कौटिल्यको विचार रहेको छ । त्यसैले कूटयुद्ध र तूष्णीयुद्ध दुवै अधार्मिक युद्ध हुन् । धर्मयुद्धमा युद्धका लागि निर्धारित आचार संहिता पालना गर्नुपर्छ । धर्मयुद्धमा भाग लिनु क्षत्रियको धर्म मानिएको छ ।

---

२ अपकारो विग्रहः ।

३ अमित्रयोः शत्रुत्वानुगतयोः स्वार्थसम्पत्त्यै । अस्त्राद्यैः स्वार्थसिद्ध्यर्थं व्यापारो युद्धमुच्यते ।

४ अभ्युच्चीयमानो विगृह्णीयात् ।

५ त्रिविधं प्रकाशयुद्धं, कूटयुद्धं, तूष्णीयुद्धम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

युद्ध आचार (Laws of Warfare)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा युद्धका विशेष नियम, आचरण र व्यवहारको पालनामा जोड दिइएको छ । युद्धरत दुबै पक्षबाट युद्धका नियमको पालनाको आशा गरिएको छ । युद्धका नियमको पालना गर्नु क्षत्रियको धर्म मानिएको छ । स्मृतिकालमा युद्धलाई मर्यादित बनाउने प्रयास गरिएको छ । मनुले धर्मयुद्धका नियम उल्लेख गर्नुका साथै ती नियमको पालनामा जोड दिएका छन् । कौटिल्यका अनुसार बलशाली र विशाल सैन्य सङ्गठन भएको तथा शत्रुलाई फुटाउन सक्षम विजिगीषु राजाले उचित समय र युद्धका निम्ति अनुकूल आफ्नो भूमिमा छ भने मात्र प्रकाशयुद्ध गर्नुपर्छ । यसको विपरीत अवस्थामा कूटयुद्ध गर्नुपर्छ[६] (कौटिल्य, अधि. १०, अ. ३) । यद्यपि कौटिल्यले कूटयुद्धमा नैतिक एवं अनैतिक सबै उपाय र साधनको प्रयोग गर्ने छुट राजालाई दिएका छन् तापनि उनी धर्मयुद्धलाई नै प्राथमिकता दिने पक्षमा छन् । प्राचीन हिन्दु राज्यव्यवस्थामा प्रचलित धर्मयुद्धका नियम निम्नबमोजिम रहेका छन्:

युद्धका कारण (Causes of War)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा युद्ध राज्यको जीवनमा अपरिहार्य मानिएको छ । युद्धको उचित कारण भएको अवस्थामा मात्र युद्धको औचित्य पुष्टि हुने व्यवस्था गरिएको छ । धर्मयुद्धका प्रमुख कारण निम्नानुसार रहेका छन्:

धर्म र न्यायको रक्षा (Maintaining Dharma)

साधुको रक्षा गर्नु र दुष्टको संहार गर्नु युद्धको प्रथम कारण मानिएको छ । प्राचीन हिन्दु राजनीतिक विचारमा धर्म स्थापनाका लागि युद्धमा संलग्न हुनु क्षत्रियको धर्म मानिएको छ । अधर्म, अन्याय र अत्याचार समाप्त पार्न युद्ध गर्नु आवश्यक हुन्छ । धर्म विरुद्ध आचरण गर्ने राजालाई सत्य र धर्मको मार्गमा ल्याउन पनि युद्ध आवश्यक मानिएको छ ।

राज्यको सुरक्षा (Security of the State)

बाह्य आक्रमणबाट राज्यको सुरक्षाका लागि युद्ध अनिवार्य मानिएको छ । प्राचीन हिन्दु राजनीतिक चिन्तनमा शक्तिशाली राज्यलाई जुनसुकै वेला पनि कमजोर राज्यमाथि आक्रमणको गर्ने छुट दिइएको छ । छिमेकी राज्यबाट हुने आक्रमणबाट राज्यको प्रतिरक्षा गर्नु राजाको कर्तव्य मानिएको छ । आत्मरक्षा राज्यको अधिकार हो । अत: राज्यको प्रतिरक्षा युद्धको वैधानिक कारण मानिएको छ ।

प्रतिशोध र यश (Revenge and Popularity)

राजाहरूबीच अपमानको प्रतिशोध एवं व्यक्तिगत शत्रुता पनि युद्धको कारण मानिएको छ । क्षत्रियका लागि युद्धमा वीरता र शौर्य प्रदर्शन गर्नु यश प्राप्तिको अवसर भनी प्राचीन

६ बलविशिष्टः कृतोपजापः प्रतिविहितर्तुः स्वभूम्यां प्रकाशयुद्धम् उपेयात् विपर्यये कूटयुद्धम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
हिन्दु राजनीतिक चिन्तनमा उल्लेख गरिएको छ । शक्तिशाली बन्नु र विजयी हुनु यश र प्रतिष्ठाको विषय मानिएको हुँदा राजाहरूबीच युद्ध स्वाभाविक मानिएको छ। युद्धमा वीरता प्रदर्शन र यश प्राप्ति युद्धको कारण मानिएको छ।

साम्राज्य निर्माण (Empire Building)

राज्यविस्तार युद्धको कारण मानिन्छ। राज्यको आन्तरिक शान्तिसुरक्षा सुदृढ बनाई छिमेकी राज्यमाथि आक्रमण गरी राज्यविस्तारमा लाग्नु राजाको कर्तव्य मानिएको छ। स-साना राज्यको एकीकरण गरी विशाल साम्राज्य निर्माण गर्नु राज्यको उद्देश्य निर्धारण गरिएको छ । आर्यहरूले वैदिककालदेखि नै साम्राज्य निर्माणको भावनालाई राजाको धार्मिक र राजनीतिक कर्तव्यका रूपमा लिने गरेको पाइन्छ। त्यसैले साम्राज्य निर्माण गर्न चाहने राजालाई विजिगीषु भनिन्छ। विजिगीषुको अर्थ विजयको कामना गर्ने भन्ने हुन्छ। कौटिल्यले राजालाई शक्तिशाली बन्न र युद्धका माध्यमबाट साम्राज्य निर्माणको लागि प्रयत्न गर्न सल्लाह दिएका छन्। सम्राट् पद प्रतिष्ठाको विषय भएकाले साम्राज्य निर्माण गरी चक्रवर्ती सम्राट् पद प्राप्ति युद्धको वैधानिक कारण मानिएको छ।

अश्वमेध यज्ञ (Ashwamedh Yajna)

वैदिक परम्परामा शक्तिशाली राजाले अश्वमेध यज्ञ गर्ने व्यवस्था गरिएको छ। यो यज्ञ सार्वभौमिक शासनको स्थापनाका लागि गरिने यज्ञ हो। अश्वमेध यज्ञमा घोडा यात्रामा छाडिन्थ्यो। घोडाको यात्रामा कुनै राजाबाट अवरोध गरिएन भने त्यसलाई अधीनता स्वीकार गरेको मानिन्थ्यो। कसैले घोडाको यात्रामा अवरोध गरेमा युद्ध हुन्थ्यो। अश्वमेध यज्ञ युद्धको कारण मानिएको छ। यो पनि साम्राज्य निर्माणको अभियानको अङ्ग हो।

महिलाका लागि युद्ध (War for women)

स्त्रीको सम्मानको रक्षा तथा सुन्दरी स्त्री प्राप्तिको अभिलाषा पनि युद्धको कारण रहेको पाइन्छ। राजाहरू महिलाको सुरक्षाका लागि युद्धमा संलग्न हुन्थे। कन्याको स्वयंवर एक प्रकारको उत्सव हुन्थ्यो। स्वयंवरमा कन्यालाई आफ्नो पति छान्ने अवसर दिइन्थ्यो। राजाहरू छानिनका लागि प्रतिस्पर्धा गर्दथे। त्यस अवसरमा युद्धको अवस्था पनि सृजना हुन्थ्यो। महिलालाई पनि प्राचीन समयमा युद्धका कारण मानिएको छ।

प्राकृतिक स्रोत र सम्पत्तिका (Natural Resources and Riches)

धनधान्य र भूभागको प्राप्ति पनि युद्धको कारण मानिएको छ। जलस्रोत, उब्जाउ भूमि, व्यापारिक मार्ग आदि प्राप्त गर्न युद्ध गर्नु स्वाभाविक मानिएको छ।

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राज्यको सीमा जोडिएको छिमेकी राज्यलाई शत्रुराज्य मानिएको छ। छिमेकी शत्रुराज्यसँग युद्ध स्वाभाविक मानिएको छ। युद्धका लागि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
उचित कारण हुनुपर्नेमा जोड दिइएको छ । युद्धमा हजारौ प्राणीको हत्या हुने हुँदा उचित कारणविना केवल शत्रुको दमनका लागि युद्ध गर्नु न्यायसङ्गत मानिएको छैन । उचित कारणसहितको धर्मयुद्ध गर्न राजालाई प्रोत्साहन गरिएको छ । युद्धका शास्त्रीय मर्यादा र प्रथाको पालना गरी गरिने युद्धलाई धर्मयुद्ध भनिन्छ । न्यायपूर्ण कारण हुनु यद्धको पहिलो नियम हो ।

युद्धको अनिवार्यता (Compulsion of War)

राज्यका लागि युद्ध अनिवार्य हुन्छ र युद्धबाट जोगिन सम्भव छैन भन्ने युद्धको दोस्रो नियम हो । शान्तिपूर्ण उपाय असफल भएपछि युद्ध गर्नुपर्छ । युद्ध अन्तिम विकल्प मान्नु प्राचीन राजनीतिक चिन्तनको विशेषता हो ।

युद्धको धोषणा (Declaration of War)

धर्मयुद्ध घोषणा गरेर मात्र प्रारम्भ गर्नुपर्छ भन्ने मान्यता रहेको छ । युद्ध प्रारम्भ गर्नुभन्दा पहिला दुबै पक्षबीच युद्धका नियम निश्चित गर्नु आवश्यक मानिएको छ ।

युद्धको समय (Time of War)

युद्ध दिनको प्रकाशमा गर्नुपर्छ भन्ने आर्यहरूको परम्परा रहेको छ । सूर्यास्त भएपछि विश्राम लिनुपर्छ भन्ने मान्यता रहेको छ । रातीमा युद्ध गर्न वर्जित गरिएको छ ।

आक्रमणका लागि अयोग्य र व्यक्ति (Unattackable Persons)

मनुका अनुसार नपुंसक, हात जोडेर उभिएको, कपाल खुला राखेको, बसेको र म तिम्रै हुँ भन्ने शत्रुलाई आक्रमण गर्नुहुँदैन । सुतेको, युद्धोपयोगी कवच धारण नगरेको, नाङ्गो, निशस्त्र, युद्धमा संलग्न नभएको, दर्शक र अर्कैसँग युद्धरत व्यक्तिलाई आक्रमण गर्नु र मार्नुहुँदैन । हतियार भाँचिएको, शोकाकूल, घाइते, भयभीत वा अत्यन्तै डराएको र युद्धबाट भागेको शत्रु योद्धालाई क्षत्रियले मार्नु वा आक्रमण गर्नुहुँदैन (मनु, अ.७, श्लो.९०-९३) । छलकपट गरेर शत्रुलाई मार्नु उचित हुँदैन । स्त्री,बालक, वृद्ध र नपुंसकमाथि प्रहार गर्नुहुँदैन । युद्धमा संलग्न नभएका व्यक्तिमाथि आक्रमण गर्नुहुँदैन । पछाडिबाट शत्रुलाई आक्रमण गर्नुहुँदैन । समान योद्धाबीच युद्ध हुनुपर्दछ भन्ने मनुको विचार छ । महाभारतमा घाइते भई प्राणत्याग गर्ने अवस्थामा पुगेको, सन्तानहीन, हतियार भाँचिएको, विपदग्रस्त, धनुषको डोरी छिनेको, वाहनको मृत्यु भएको शत्रुलाई मार्न निषेध गरिएको छ । यस्तो शत्रुलाई उसको घर पठाउनुपर्छ अथवा त्यसको उपचार गरी स्वस्थ भएपछि मुक्त गरिदिनुपर्छ । शुक्रनीतिसारमा होचो भूमिमा रहेको, नपुंसक, हात जोडेर नमस्कार गरेको, कपाल खुला राखेको, बसेको, तपाईको हुँ भनिरहेको, सुतेको, युद्धको पोषाक नलगाएको, नाङ्गो,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
शस्त्ररहित, युद्धमा संलग्न नभएको, युद्धको दर्शक, अर्कैसँग लडिरहेको, जलपान गरिरहेको, भोजन गरिरहेको, युद्धका अतिरिक्त अन्य कार्यमा व्यस्त, डराएको र युद्धबाट भागेको सैनिकमाथि आक्रमण गर्न निषेध गरिएको छ (शुक्र, अ.४, स.७, श्लो.३५८-३६१)। महाभारतमा पनि समान बल र साधन भएका योद्धाबीच युद्ध गर्नुपर्दछ भन्ने उल्लेख गरिएको छ। धोखा दिएर कसैको पनि हत्या गर्नुहुँदैन भन्ने नियम छ। कौटिल्यका अनुसार युद्धमा संलग्न नभएको, हतियार त्याग गरेको, शरणमा आएको, घाइते, स्त्री, बालक, वृद्ध, ब्राह्मण आदिमाथि हतियार उठाउनु र आक्रमण गर्नु अधर्म मानिएको छ। रणभूमिमा ढलेको, घाइते, युद्ध छाडेर फर्केको, हतियार बिसाएको, डराएको र युद्ध गर्न नचाहने सैनिकसँग युद्ध गर्नुहुँदैन (कौटिल्य, अधि.१३, अ.४)।

निषेध गरिएका हतियार (Prohibited Arms)

युद्धमा भिड्दै गरेका शत्रुलाई कूटशस्त्रद्वारा, कर्णिद्वारा, विषयुक्त र अग्नि ज्वलित वाणहरूद्वारा मार्न निषेध गरिएको छ। आफू वाहनमाथि र शत्रु जमीनमा छ भने त्यसलाई मार्नुहुँदैन। युद्ध समान योद्धाका बीचमा हुनुपर्दछ। यसका साथै युद्धमा चारैतिर घेरा हालेर शत्रु राज्यको घाँस, अन्न, जल र इन्धन लगातार नष्ट गर्दै पीडा दिनुपर्दछ। शत्रुका तलाउ आदि जलाशय समेत नाश गर्नु पर्ने मनुको मत छ (मनु, अ.७, श्लो.१९५-१९६)। यो नियम सायद धर्मयुद्धबाट शत्रु पराजित गर्न असम्भव भएको अवस्थाका लागि प्रस्ताव गरेको हुनुपर्छ।

शरणागतको रक्षा (Protection of Surrendered)

शरणमा परेको व्यक्तिको रक्षा गर्नु धर्म मानिएको छ। आफ्नो शरणमा आएको शत्रुको वध गर्नु वा अन्य प्रकारले दण्डित गर्नु पनि महापाप मानिएको छ। शरणमा पर्न आएको व्यक्तिको रक्षा गर्ने सम्बन्धमा बृहस्पति भन्छन् दुष्ट नै भए पनि शरणमा पर्न आएको व्यक्तिको रक्षा गर्नुपर्छ (बृहस्पति,अ. ३, सू. ५१)। कौटिल्यका अनुसार आफ्नो शरणमा आएका शत्रुका सेनासँग युद्ध गर्नुहुँदैन (कौटिल्य, अधि.१३, अ.४)। युद्धवन्दीलाई मानवतापूर्ण व्यवहार गर्नुपर्छ। घाइते र बिरामी परेका शत्रुपक्षका सेनाप्रति पनि सहानुभूतिपूर्वक व्यवहार गर्नुपर्छ।

दूतको वध निषेध (Diplomatic Privileges)

दूत अवध्य मानिएको छ। दूतले अप्रिय वचन बोले पनि वध गर्न निषेध गरिएको छ। उद्दण्डता देखाएमा फिर्ता पठाउने व्यवस्था छ। यो नियम रामायण र महाभारतमा पालना गरेको पाइन्छ।

मार्गमा स्थित जनताको रक्षा (Protection of Non-combatants)

कौटिल्यका अनुसार आगोले असङ्ख्य प्राणी, पशु, धनधान्य, द्रव्य आदिको नाश गर्ने भएकाले युद्ध प्रारम्भ भएपछि आगो लगाउनु हुँदैन। मन्दिर, उद्यान र फलफूलका वृक्ष नष्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
गर्नु हुँदैन । युद्धमा संलग्न नभएका कृषक, व्यापारी आदिमाथि आक्रमण गर्न निषेध गरिएको छ।

समान योद्धाबीच युद्ध (War Between Equal)

बृहस्पतिका अनुसार सैनिक बल समान भएको शत्रुलाई युद्ध गरेर परास्त गर्नुपर्छ (बृहस्पति,अ. १, सू. ३०) । शुक्राचार्यका अनुसार रथीसँग रथी, गजारोहीसँग गजारोही, अश्वारोहीसँग अश्वारोही र पैदल सेनासँग पैदलसेना लड्नुपर्छ । एक जनासँग एक जना, सशस्त्रसँग सशस्त्र र शस्त्रहीनसँग शस्त्रहीन लड्नुपर्छ (शुक्र, अ.४, स.७, श्लो.३५७-३५८)।

पराजित शत्रुप्रति उदार व्यवहार (Liberal Treatment to the Defeated Enemy)

मनुका अनुसार युद्धमा शत्रुलाई जितेर राजाले देवता र धार्मिक ब्राह्मणको पूजा गरी भेटी दिएर सर्वत्र अभयको स्थापना गर्नुपर्दछ । युद्धमा शत्रुराजाको मृत्यु भएमा विजित राज्यका मन्त्री आदिको अभिप्राय बुझेर त्यस राज्यको राजाका कुनै वंशजलाई राजगद्दीमा बसालेर समय अनुकूल कार्य गर्नुपर्दछ (मनु, अ.७, श्लो.२०१-२०२)। यसरी मनु युद्ध गरेर कमजोर राज्यको भूमि शक्तिशाली राज्यमा गाभ्ने र साम्राज्य निर्माण गर्ने पक्षमा नभएको देखिन्छ। रामायणमा रामले लङ्कामाथि विजय हासिल गरेपछि रावणको भाइ विभीषणलाई लङ्काको राजा बनाएको उदाहरण छ । त्यस वेला विजित राज्यलाई विजेताले आफ्नो प्रभाव क्षेत्रमा राख्ने मात्र उद्देश्य रहेको स्पष्ट हुन्छ। विजित राजाको वंश मात्र होइन विजित राज्यका प्रजाको समेत सम्मान गर्नुपर्दछ भन्ने मनुको मत छ। विजित राज्यका प्रजाहरूका यथोचित परम्परालाई प्रमाणको रूपमा मान्यता दिनुपर्दछ भन्ने मनुको विचार छ। (मनु, अ.७, श्लो.२०३) सुवर्ण र भूमि प्राप्त गर्नु भन्दा असल मित्र राजाका लागि लाभदायक हुन्छ भन्ने मनुको विचार छ (मनु, अ.७, श्लो.२०८) । युद्धमा विजित शत्रुको धनमाल लुट्ने कार्यमा मनुको समर्थन छ। रथ, घोडा, हात्ती, छत्र, धन, धान्य, पशु, स्त्री, गुड, नुन आदि द्रव्य र ताँमा, पित्तल आदिका भाँडा जसले जित्छ उसैका हुन्छन् (मनु, अ.७, श्लो.९६)। युद्धमा जितिएका हात्ती, घोडा, रथ आदि सबै वस्तु राजालाई अर्पण गर्ने र जितिएको धन राजाले सैनिकहरूलाई बाँड्ने मनुको विधान छ (मनु, अ.७, श्लो.९४) । कौटिल्यका अनुसार युद्धको प्रमुख उद्देश्य साम्राज्य निर्माण गर्नु थियो । विजयी राजाले पराजित राज्यलाई उदारतापूर्वक सधै आफ्नो अधीनमा राख्न सक्नु पर्दछ भन्ने कौटिल्यको विचार छ । विजिगीषु राजाले शत्रुका दोषलाई आफ्ना असल गुणले ढाकिदिनु पर्दछ र शत्रुका गुणलाई आफ्ना गुण दोबर पारेर पराजित गर्नुपर्छ भन्ने उनको विचार छ[७] (कौटिल्य, अधि.१३, अ.५) । कौटिल्यका अनुसार शक्तिशाली राजा धर्मविजयी, लोभविजयी र

७ ... परदोषान् स्वगुणैश्छादयेत् गुणान् गुणद्वैगुण्येन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
असुरविजयी गरी तीन प्रकारका हुन्छन्। पराजित राजाले आत्मसमर्पण गरेपछि सन्तुष्ट हुने राजालाई धर्मविजयी भनिन्छ। भूमि र धन लिएर सन्तुष्ट हुने राजालाई लोभविजयी भनिन्छ भने पराजित राजाको भूमि, धन, स्त्री, पुत्र र प्राण लिएर सन्तुष्ट हुने राजालाई असुरविजयी भनिन्छ (कौटिल्य, अधि.१२, अ.१)। विजिगीषु राजाले धर्म, कर्म, कृपा, करछुट, दान, सम्मान आदि असल कार्यद्वारा पराजित राज्यका प्रजाको कल्याणकारी कार्यमा लागिरहनु पर्छ। जितिएका राज्यका प्रजाको जस्तै शील, वेषभूषा, भाषा, आचार र व्यवहार गर्नुपर्छ। विजय प्राप्त गरेपछि राजाले पराजित राज्यका जनताको विश्वासअनुसार मन्दिरमा पूजाआजा र उत्सवमा भक्तिभाव देखाउनु पर्छ। दीन दुखी, अनाथ तथा रोगी व्यक्तिलाई आवश्यक सहयोग गर्नुपर्छ भन्ने कौटिल्यको मत छ (कौटिल्य, अधि.१३, अ. ५)।

युद्धको उपलब्धि (Achievement of War)

विजयी राजाले युद्धबाट तीन प्रकारका लाभ प्राप्त गर्दछ भन्ने कौटिल्यको विचार छ। युद्धको उपलब्धिलाई लाभ भनिन्छ। कौटिल्यका अनुसार युद्ध जित्ने राजाले गाउँ र जङ्गल आदि गरी दुई किसिमका उपलब्धि प्राप्त गर्दछन्। नव, भूतपूर्व र पित्र्य लाभ गरी तीन प्रकारका लाभ हुन्छन्[८] (कौटिल्य, अधि.१३, अ.५)। नयाँ राज्यको प्राप्ति नवलाभ हो। पहिले आफ्नो अधीनमा रहेको तर हाल शत्रुको नियन्त्रणमा गएको राज्य पुन: फिर्ता ल्याउनु भूतपूर्व लाभ हो। पिताका कारण शत्रुको नियन्त्रणमा गएको राज्य पुन: प्राप्त गर्नु पित्र्यलाभ हो। कौटिल्यका अनुसार विजिगीषु राजाले यी तीनै किसिमका लाभ प्राप्त गरेर आफ्नो असल गुण र शासनद्वारा विजित राज्यका प्रजालाई खुसी बनाउनु पर्दछ। भारतीय उपमहाद्वीपको सम्पूर्ण भूभागमा साम्राज्य निर्माण गर्नु विजिगीषु राजाको विदेशनीतिको लक्ष्य मानिएको छ। साम्राज्य निर्माण गरिसकेपछि सम्राट्ले वर्णाश्रम धर्मको पालना गराएर धर्मअनुसार राज्यको उपभोग गर्नुपर्छ भन्ने कौटिल्यको निष्कर्ष छ[९] (कौटिल्य, अधि.१३, अ.४)।

निष्कर्ष (Conclusion)

प्राचीन हिन्दु राज्यव्यवस्थामा शान्तिपूर्ण उपायबाट लक्ष्य प्राप्त नहुने निश्चित भएको अवस्थामा मात्र युद्धको प्रयोग गर्नुपर्छ भन्ने नियम छ। बाह्य आक्रमणबाट राज्यको रक्षा गर्नु तथा राज्य विस्तार गरी साम्राज्य निर्माण गर्नु राजाको प्राथमिक कर्तव्य मानिन्छ। युद्ध लड्नु क्षत्रियको धर्म मानिएको छ। युद्धमा मृत्यु वरण गर्ने योद्धाले मृत्यपछि स्वर्गमा सुखभोग प्राप्त गर्दछ भन्ने मान्यता रहेको छ। योद्धाहरूलाई युद्धका लागि उत्प्रेरित गर्नका लागि यस्तो व्यवस्था मिलाइएको हो। स्वर्गको भोगको आशामा वीरहरू आफ्नो प्राणको मोह त्याग गरेर युद्धका लागि तयार हुने व्यवस्था छ। शक्तिशाली राजालाई छिमेकी

---

८ त्रिविधश्चास्य लाभ: , नवो, भूतपूर्व:, पित्र्य इति।

९ जित्वा च पृथिवीं विभक्तवर्णाश्रमां स्वधर्मेण भुञ्जीत।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राज्यमाथि आधिपत्य कायम गरी एकराट्, सम्राट र अधिराजको पद प्राप्त गर्न उत्प्रेरित गरिएको छ। तात्कालिक राज्यव्यवस्थामा युद्ध अनिवार्य मानिएको हुँदा युद्धका नियम निर्माण गरी युद्धलाई नियमित गर्ने प्रयत्न गरिएको छ। उत्तर वैदिक कालमा युद्धबाट हुने विनाश रोक्न नरम खालका युद्धका नियमको विकास गरेको पाइन्छ। युद्धमा असंलग्नलाई आक्रमण नगर्ने, समान योद्धाबीच युद्ध गर्ने जस्ता नियमको विकास गरिएको छ। पराजित राजाको मूलोच्छेदन नगर्ने र अधीनता स्वीकार गराउने प्रचनको विकास गरिएको छ। नीतिशास्त्रमा निर्दिष्ट युद्धका नियमको पालना गरिने युद्धलाई धर्मयुद्ध नाम दिइएको छ। त्यसको विपरीत युद्धधर्म पालन नगरी गरिने युद्धलाई कूटयुद्ध भनिन्छ। विजय सुनिश्चित भएको अवस्थामा धर्मयुद्ध गर्नुपर्छ भने कमजोर भएको अवस्थामा कूटयुद्धको आश्रय लिन सक्ने युद्धनीति रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

एकाइ – आठ

धर्म र राजनीतिबीच सामञ्जस्य
(Harmony between Dharma and Politics)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा धर्मलाई विशेष महत्त्व दिइएको छ। समाज र राज्यव्यवस्थामा धर्मको स्थान सर्वोच्च छ। राज्यलाई धर्मको संरक्षक मानिएको छ। धर्म भन्नाले वैदिक सनातन धर्म हो। प्राचीन कालमा वैदिक सनातन समाजमा राज्यव्यवस्था, अर्थव्यवस्था, नीतिशास्त्र, संस्कृति आदि सबै पक्ष धर्मबाट प्रभावित थिए। धर्म शब्द व्यापक अर्थमा प्रयोग गरिएको छ। मनुस्मृतिका अनुसार सत्ययुगमा तप, त्रेतायुगमा ज्ञान, द्वापरयुगमा यज्ञ र कलियुगमा दान मुख्य धर्म हुन् (मनु, अ.१, श्लो.१००)। ऐतिहासिक कालक्रमअनुसार वैदिक र उत्तरवैदिक कालका विभिन्न शास्त्रीय ग्रन्थमा धर्म र राजनीतिको सम्बन्धका विषयमा प्रस्तुत विचारका आधारमा यस प्रकरणमा धर्म र राजनीतिको सामञ्जस्यताबारे प्रकाश पारिएको छ।

धर्मको अर्थ (Meaning of Dharma)

संस्कृतमा 'धर्म' शब्द 'धृञ् धारणे' धातुमा 'मन्' प्रत्यय लगाएर बन्दछ। धर्मको शाब्दिक अर्थ धारण, पोषण र रक्षण हुन्छ। यहाँ धर्मको तात्पर्य वैदिक सनातन धर्म हो। 'धारणाद् धर्मः ' अर्थात् जसलाई धारण गरिन्छ त्यो धर्म हो। वैशेषिक दर्शनका प्रणेता कणादका अनुसार 'यतोऽभ्युदयनिःश्रेयससिद्धिः स धर्मः' अर्थात् जसको अनुष्ठानबाट मनिसको जीवनमा अभ्युदय र अन्त्यमा निःश्रेयस प्राप्त हुन्छ त्यो धर्म हो। अभ्युदयको तात्पर्य लौकिक जीवनमा सर्वाङ्गीण विकास, उत्थान र उन्नति हो। लौकिकका साथै आध्यात्मिक विकास पनि अभ्युदय हो। निःश्रेयसको अभिप्राय कैवल्य वा मोक्ष प्राप्ति हो। व्यक्ति, समाज तथा राज्यलाई धारण, रक्षण, तथा कल्याणको मार्गमा लैजाने काम धर्मले गर्दछ। वेदमा जुन आचरण गर्न भनिएको छ त्यस्तो आचरण गर्नु धर्म हो। जुन आचरण वेदले निषेध गरेको छ त्यो अधर्म हो।

मनुस्मृतिमा धर्मका दस लक्षण बताइएको छ। धृति (सन्तोष), क्षमा, दम, अस्तेय, शौच, इन्द्रियनिग्रह, बुद्धि, विद्या, सत्य र अक्रोध धर्मका दस लक्षण हुन् (मनु, अ.६,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

श्लो.९२)। दसवटा धर्मका लक्षण भन्नाले सदाचारका नियम बुझिन्छ। यु. सि. सरकारका अनुसार धर्म शब्द मुख्य चार अर्थमा प्रयोग गरिएको छ। १) धर्म शब्दको धर्मशास्त्रीय अर्थ अनुष्ठान हो। २) नीतिशास्त्रीय अर्थमा धर्मको अर्थ पापकर्मको विपरीत सदाचार वा पुण्य कर्म (virtue) हो। ३) विधिशास्त्रीय दृष्टिमा धर्मको अर्थ कानुन हो। ४) कर्मको सिद्धान्तको दृष्टिमा धर्मको अर्थ कर्तव्य हो। राजनीतिक सन्दर्भमा धर्मको अर्थ सदाचार, कानुन र कर्तव्यको रूपमा प्रयोग गरिन्छ।

धर्मका स्रोत (Sources of Dharma)

प्राचीन हिन्दु दर्शनमा वेदलाई सम्पूर्ण ज्ञानको स्रोत मान्ने हुँदा धर्म वा न्यायको स्रोत पनि वेदलाई नै मानिन्छ। मनुस्मृतिमा वेद, वेदको आधारमा निर्माण गरिएका स्मृति वा धर्मशास्त्र, शिष्ट व्यक्तिको आचरण वा सदाचार र आत्मतुष्टिलाई धर्मको आधार मानिएको छ (मनु, अध्याय २, श्लोक ६)। वैदिक मान्यतालाई मूल धर्म र कानुन मानिन्छ। वैदिक मान्यतामा आधारित भएका हुनाले स्मृतिलाई पनि धर्मको प्रमाणका रूपमा मान्यता दिइन्छ। वैदिक सिद्धान्त विपरीत स्मृति मान्य हुँदैन। वेद र स्मृतिमा फरक मत भएमा वेदलाई प्रामाणिक मान्नुपर्छ। वेद र स्मृतिअनुकूल विद्वान् व्यक्तिहरूका सदाचार वा परम्परालाई पनि धर्मको प्रमाणका रूपमा लिइन्छ। वेद, स्मृति र सदाचारका मान्यताहरूमा एकरूपता नभएमा आफ्नो अन्तरमनले जुन मतलाई सही ठान्छ त्यसैअनुसार गर्नु पनि धर्म हो भन्ने मनुको मत छ।

धर्म नै विधि थियो। प्राचीन कालमा राजधर्म संवैधानिक कानुनको रूपमा मान्य हुन्थ्यो र त्यसैअनुसार शासन सञ्चालन गर्नु राजाको कर्तव्य मानिएको छ। प्राचीन हिन्दु राजनीतिक विचार धर्म र नैतिकताबाट अनुप्राणित छ। धर्मका नैतिक नियमहरूद्वारा प्रत्येक व्यक्तिको व्यक्तिगत र सामाजिक जीवन निर्देशित गरिएको छ। धर्मका विस्तृत नियमलाई नै नैतिक नियम मानिएको छ। नीतिशास्त्रअनुसारका कर्तव्य पालना गर्नु नै राजधर्म मानिएको छ। हिन्दु राजनितिक चिन्तनमा शास्त्रका साथै स्थानीय समाजमा प्रचलित परम्परालाई पनि राज्य सञ्चालनमा महत्त्व दिनुपर्छ भन्ने विषयमा जोड दिइएको छ। राजाले जाति, जनपद, श्रेणी र कुलमा प्रचलित धर्मको समीक्षा गरेर स्वधर्मको आदेश गर्नु पर्दछ भन्ने मनुको विचार छ (मनु, अ. ८, श्लो. ४१) धर्मसूत्रमा पनि विधिको मुख्य आधार वेद र वैदिक साहित्यलाई मानिएको छ। गौतम धर्मसूत्रका अनुसार धर्मको मूल स्रोत वेद हो। स्मृति र वेदविदहरूको सदाचारलाई पनि प्रमाण मानिन्छ (Gautam, b.1, su.1-4)। न्याय प्रशासन वा विवादको निर्णयको प्रसङ्गमा भने सोही सूत्रमा वेद, स्मृति वा धर्मशास्त्र, वेदाङ्ग (शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष), उपवेद र पुराणबाट धर्मको ज्ञान हुन्छ भन्ने उल्लेख गरिएको छ। वैदिक सिद्धान्त विपरीत छैनन् भने देशधर्म, जातिधर्म र कुलधर्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
आधिकारिक मानिन्छन् । कृषक, व्यापारी, पशुपालक र कलाकारका व्यवहारहरू तत्तत् समुदायमा आधिकारिक मानिन्छन् । धर्म के हो भन्ने विवाद भएमा तीन वेदका ज्ञाताहरूको राय नै आधिकारिक मानिन्छ (Gautam, b. 11, su. 19-26) ।

यसैगरी बौधायन धर्मसूत्रमा वेद, स्मृति र शिष्ट व्यक्तिहरूका सदाचारलाई धर्मको आधार स्वीकार गरिएको छ (Baudhayan, b.1, su. 1-4) । आपस्तम्ब धर्मसूत्रमा वेद, स्मृति र सदाचारबाट धर्मको ज्ञान हुन्छ भन्ने उल्लेख छ (Apastamba, b.1, su. 1-3) । वसिष्ठधर्मसूत्रका अनुसार पनि वेद र स्मृतिबाट धर्मको निश्चय हुन्छ । वेद र स्मृतिबाट निश्चय हुन नसकेमा शिष्ट व्यक्तिहरूको सदाचारलाई धर्मको आधिकारिक प्रमाण मान्नुपर्छ (Vasistha, b.1, su.4-5) । यसरी धर्मसूत्रहरू र मनुस्मृतिमा व्यक्त धर्म वा विधिसम्बन्धी विचारमा मूलभूत रूपमा समानता रहेको देखिन्छ । वेद, स्मृति, सदाचार, आफूलाई प्रिय लागेको अर्थात् धर्म विरुद्ध नभएको कर्मलाई धर्मको आधार सम्झनुपर्छ भन्ने याज्ञवल्क्यको विचार छ (याज्ञवल्क्य, अ.१, श्लो.७) । याज्ञवल्क्यको विचार पनि मनु र धर्मसूत्रका मतसँग मेल खान्छ । चारवेद, छ वेदांग, पुराण, न्याय वा तर्कविद्या र मीमांसा (वेदवाक्यविचार) गरी चौध विद्यालाई धर्मको आधार हुन् भन्ने याज्ञवल्क्यको मत छ (याज्ञवल्क्य, अ.१, श्लो.३) । शुक्रनीतिसारमा देश, जाति, जनपद, कुल र श्रेणीमा प्रचलित परंपरालाई देशदृष्ट धर्म र वेदादि शास्त्रद्वारा प्रतिपादित धर्मलाई शास्त्रदृष्ट धर्म भनिएको छ । देशदृष्ट र शास्त्रदृष्ट धर्मको समीक्षा गरेर मात्र राजाले स्वधर्म प्रतिपादन गर्नुपर्दछ । देश, जाति र कुलमा प्रचलित परंपरालाई राजाले मान्यता दिनु पर्दछ अन्यथा प्रजामा क्षोभ उत्पन्न हुन्छ (शुक्राचार्य, अ.४, श्लो.४७-४८) । प्रजामा क्षोभ उत्पन्न हुनु राजाको राज्य विनाशको कारक मानिने विषयको पनि राजधर्म वा नीतिशास्त्रमा उल्लेख गरिएको छ । स्थानीय परम्परालाई मान्यता दिनु स्थानीय वा प्रादेशिक शासनको पूर्वाधार मान्न सकिन्छ ।

सामान्यतः राजालाई कानुन बनाउने अधिकार दिइएको छैन तर धार्मिक मान्यताको विरुद्ध नहुने गरी राजाले बनाएको सामयिक धर्म पनि पालना गर्न याज्ञवल्क्यले सल्लाह दिएका छन्[१] (याज्ञवल्क्य, अ.२, श्लो.१८६) । यसबाट स्थापित विधिको विरुद्ध नहुने गरी राजाले विधि निर्माणसमेत गर्ने गरेको स्पष्ट हुन्छ ।

विभिन्न समयमा धर्म र राजनीति (Dharma in Different Periods)

हिन्दु राजनीतिक चिन्तनको प्रारम्भ वेदबाट भएको मानिन्छ । सनातन धर्मका धर्मग्रन्थ वेदमा राजनीतिक विचार छरिएका छन् । वैदिक युगमा ऋतद्वारा धर्मको धारणा स्पष्ट पारिएको छ । वेदमा ऋतको ज्यादै महत्त्व छ । ऋतको अर्थ जगतको व्यवस्था हो । ऋतको

---

१ निजधर्माविरोधेन यस्तु सामयिको भवेत् ।
सोऽपि यत्नेन संरक्ष्यो धर्मो राजकृतश्च यः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
अर्थ सत्य र सुव्यवस्थित भन्ने हुन्छ । यसलाई प्रकृतिको नियम पनि भनिन्छ । सूर्य, चन्द्रमा, तारा, ग्रह, दिन, रात आदि यसै नियमद्वारा सञ्चालित भएको मानिन्छ । वैदिक सनातन धर्ममा प्राकृतिक व्यवस्था र त्यसको सन्तुलनको व्यवस्था ऋत हो । सृष्टिको निर्णयकर्ता शक्ति ऋत हो । यो सर्वोच्च कानुन हो । सम्पूर्ण देवता र मनुष्य यसबाट प्रभावित हुन्छन् भन्ने सिद्धान्त छ । मनुस्मृतिका अनुसार सत्ययुगमा सत्य नै धर्म हो । (मनु, अ.१, श्लो.८१) । उपनिषद् कालमा सत्य र आत्मालाई धर्मको स्वरूप मानिएको छ । आचरणमा ज्ञान र कर्मको समन्वय गर्नु धर्म मानिएको छ ।

व्यवस्थित राजनीतिक चिन्तन धर्मसूत्र हुँदै स्मृतिबाट प्रारम्भ भएको मानिन्छ । स्मृतिको प्रतिपाद्य विषय नै धर्म हो । मनुस्मृतिमा राजनीतिसम्बन्धी विचारलाई राजधर्म नाम दिइएको छ । राजनीतिक चिन्तन धर्मशास्त्रमा मिसिएको छ । स्मृति र महाकाव्य कालमा धर्म अत्यन्त लोकप्रिय भएको पाइन्छ । इसापूर्व छैटौँ शताब्दीमा बौद्धधर्मको उदय भयो । बुद्धले सदाचारमा महत्त्व दिएका छन् । धर्मको तात्पर्य सदाचार र कर्तव्य मानेका छन् । वर्णव्यवस्था र वैदिक कर्मकाण्ड भने उनले अस्वीकार गरेका छन् ।

धर्म र राजनीतिको सामञ्जस्य (Harmony of Dharma and Politics)

स्मृतिको प्रतिपाद्य विषय नै धर्म हो । स्मृतिलाई धर्मशास्त्र भनिन्छ । स्मृतिहरू मध्ये मनुस्मृति सबै भन्दा पुरानो मानिन्छ । मनुस्मृतिमा राजनीतिसम्बन्धी विचारलाई राजधर्म मानिएको छ । राजधर्मको अर्थ राजाका कर्तव्य हो । राजाका कर्तव्य र नैतिकता धर्मद्वारा स्थापित मान्यता हुन् । व्यक्ति र समाजको उन्नतिका निम्ति स्वधर्म पालनमा जोड दिइएको छ । धर्म राज्यको शासन सञ्चालनका लागि मूल कानुन मानिएको छ । धर्मशास्त्रीय विधि उल्लङ्घन गर्ने अधिकार राजालाई छैन । स्वयं धर्मपालन गर्नु र प्रजालाई आआफ्नो धर्मपालना गराउनु राजाको कर्तव्य मानिएको छ । राजालाई विधिको स्रोत भने मानिएको छैन ।

मनु, बृहस्पति, शुक्र आदि विचारकहरूले राजनीतिशास्त्रलाई धर्मशास्त्र अन्तर्गत सन्निहित गरेका छन् । जीवनका हरेक क्षेत्रमा धर्मलाई महत्त्व दिइएको छ । राजनीतिक चिन्तन पनि धर्मबाट अलग गरिएको छैन । राजाले धर्मअनुसार आचरण गर्नुपर्ने विषयमा जोड दिइएको छ । हिन्दु राजनीतिक चिन्तक कौटिल्यले राजनीतिलाई धर्मबाट अलग्याउने प्रयत्न गरेका छन् । उनले दण्डनीति र वार्ताशास्त्रको मिश्रण गरी अर्थशास्त्र लेखेका छन् । राजनीतिक विचारलाई धर्मशास्त्रबाट अलग गर्ने काम गरेका छन् तर उनले राजनीतिलाई पूर्ण रूपले नैतिकताबाट पृथक गर्न सकेका छैनन् । उनले पनि राजाले नीतिशास्त्रअनुसार शासन सञ्चालन गर्नुपर्ने विषयमा जोड दिएका छन् । राजाको धर्म र सत्यमा (Righteousness) आधारित नेतृत्वमा जोड दिइएको छ । नैतिक नेतृत्वलाई आदर्श नेतृत्व मानिएको छ । धार्मिक, नैतिकता र आध्यात्मिक नेतृत्व जनकल्याण सुनिश्चित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गर्नका लागि आवश्यक मानिएको छ । धर्म र राजनीतिको सम्मिश्रणका प्रमुख पक्ष निम्नानुसार रहेका छन् :

धर्म शासनको आधार (Dharma as the Foundation of Governance)

वैदिक सनातन परम्परामा धर्म केवल धार्मिक अनुष्ठानमा सीमित गरिएको छैन। धर्ममा नैतिक, सामाजिक र कानुनी मान्यता समावेश गरिएको छ । सामाजिक सन्तुलन र सुव्यवस्थालाई धर्म मानिएको छ। त्यसैले धर्मस्थापना गर्नु राजाको कर्तव्य मानिएको छ। राजाको कर्तव्य धर्मसँग जोडिएको छ।

नेतृत्वको आध्यात्मिक आयाम (Spiritual Dimension of Leadership)

प्राचीन हिन्दु राज्यव्यवस्थामा राजालाई राज्यको नेता मानिएको छ। राजाका लागि निर्धारण गरिएका व्यक्तिगत चरित्र, सदाचारका नियम धर्ममा आधारित छन्। राजालाई राजर्षि बनाउने प्रयास गरिएको छ। नैतिक कर्तव्य र दायित्व पूरा गर्ने राजालाई राजर्षि मानिएको छ । प्रजाको भौतिकका साथै आध्यात्मिक उन्नतिमा सहयोग गर्नु राजर्षि राजाको शासनको उद्देश्य मानिएको छ।

राजा संरक्षका रूपमा (The King's Role as a Guardian)

राजधर्मअनुसार राजा क्षत्रिय हुनुपर्ने व्यवस्था छ। राज्यको शासन सञ्चालन गर्नु र सैनिक सेवामा संलग्न हुनु क्षत्रियको धर्म मानिएको छ। राज्यको प्रतिरक्षा क्षत्रियको धार्मिक कर्तव्य हो। धर्मअनुसार शासन सञ्चालन गर्नु राजाको कर्तव्य हो। धर्मअनुसार शासन सञ्चालन गर्न राजालाई सहयोग गर्ने काम ब्राह्मणहरूले गर्ने व्यवस्था गरिएको छ। राजालाई धर्म, राज्य र प्रजाका संरक्षक मानिएको छ।

राजनीतिमा सन्तुलनका लागि धर्म (Dharma as a Balancing Force)

राज्यको सम्पूर्ण शक्ति राजामा निहित गरिएको छ। राजालाई निरङ्कुश र स्वेच्छाचारी हुन नदिन नियन्त्रण र सन्तुलनको व्यवस्था गरिएको छ। राजालाई राजधर्म उल्लङ्घन गर्ने शक्ति दिइएको छैन। धर्मलाई सर्वोच्च मानिएको छ। सदाचार र नैतिकताको बन्धनबाट राजालाई नियन्त्रित गरिएको छ । प्राचीन हिन्दु राजनितिक चिन्तनमा शास्त्रका साथै स्थानीय समाजमा प्रचलित परम्परालाई पनि राज्य सञ्चालनमा महत्त्व दिनुपर्ने विषयमा जोड दिइएको छ। धर्मलाई राजाको शक्ति नियन्त्रण गर्ने माध्यम मानिएको छ।

आदर्श शासन र राजधर्म (Rajadharma and Ideal Ruler)

राजधर्म राजाका लागि निर्धारण गरिएका आदर्श नियम मानिएको छ । रामायणमा रामलाई आदर्श राजाको रूपमा चित्रण गरिएको छ । राजधर्मको पालना राजाका लागि निर्धारित कर्तव्य हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राजाको अर्थशास्त्रीय दृष्टिकोण
(Arthashastra's perspective of the king)

राज्यको शासन सञ्चालनसम्बन्धी व्यावहारिक दृष्टिकोण कौटिल्यको अर्थशास्त्रमा पाइन्छ। कोषलाई राज्यको अङ्ग मानिएको छ। राजाले प्रजालाई पीडा नदिई शास्त्रअनुसार करग्रहण गर्नुपर्छ भन्ने मान्यता छ । कोषको रक्षाका लागि विशेष महत्त्व दिइएको छ । राज्यकोषको पुन: वितरण न्यायपूर्ण बनाउन सल्लाह पनि दिइएको छ । राज्यमा समृद्धि ल्याई प्रजालाई सन्तुष्ट पार्नु राजाको कर्तव्य हो ।

धर्म र न्याय (Dharma and Justice)

धर्मसँग न्याय पनि आवद्ध गरिएको छ । निष्पक्ष न्याय सम्पादन गर्नु राजाको धर्म हो । न्याय सम्पादनमा राजाले विद्वान् ब्राह्मणको सहयोग लिने व्यवस्था गरिएको छ ।

निष्कर्ष (Conclusion)

प्राचीन हिन्दु राज्यव्यवस्थामा ऋषिमुनिहरूद्वारा रचना गरिएका राजधर्म एवं नीतिशास्त्रअनुसार राज्यको शासन सञ्चालन गर्नु राजाको कर्तव्य मानिएकोछ । शास्त्रलाई नै संविधान तथा कानुनको रूपमा मान्यता दिइएको छ । शासकका कर्तव्यको निर्धारण पनि शास्त्रले निर्देश गरेबमोजिम हुने व्यवस्था मिलाइएको छ । नीतिशास्त्रअनुसार राज्य सञ्चालन गर्नु राजाको कर्तव्य मानिएको छ। प्राचीन हिन्दु राजनीतिक चिन्तनमा विधिको मूल धर्मलाई मानिएको छ। राजालाई धर्मको रक्षक मानिएको छ। प्रजाको हितका लागि काम गर्नु राजाको राजधर्म हो। राजनीतिक चिन्तन र सनातन धर्मबीच सामञ्जस्य कायम गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

समाज र राज्यव्यवस्थाको देवत्वकरण
(Deification of Society and Polity)

अध्यात्मविनाको विज्ञान अन्धो हुन्छ र विज्ञानविनाको अध्यात्म लङ्गडो हुन्छ।

–आइन्सटाइन

मनु, बृहस्पति, शुक्राचार्य आदिले राजा र राज्यको उत्पत्ति दैवी मानेका छन्। राज्यको उत्पत्तिसम्बन्धी दैवी सिद्धान्त प्राचीन हिन्दु राज्यव्यवस्थामा ज्यादै प्रसिद्ध सिद्धान्त रहेको छ। राजा र राज्यको उत्पत्ति ईश्वरीय मान्ने सिद्धान्तलाई दैवी सिद्धान्त भनिन्छ। राजा र राज्य मात्र होइन राज्यको शासनकलाका मार्गदर्शक सिद्धान्तको रचना पनि ईश्वरीय मानिन्छ। वैदिक सनातन परम्परामा वेद ईश्वरको वाणी मानिन्छ र सबै शास्त्रको चिन्तनको प्रारम्भ यसैबाट भएको मानिन्छ। राजनीतिक सिद्धान्तको प्रारम्भिक स्रोत पनि वेदलाई मानिन्छ। वेद दैवी सृजना भएकोले राजनीतिक सिद्धान्तहरूको सृजना पनि दैवी मानिन्छ। महाभारतमा सृष्टिकर्ता ब्रह्मालाई नीतिशास्त्रका प्रथम प्रणेता मानिएको छ। अतः ब्रह्माबाट सर्वप्रथम सृष्टि गरिएको हुँदा नीतिशास्त्र दैवी सृजना हो। राजालाई भगवान् विष्णुको अवतार मानिन्छ। जनतालाई पनि 'जनताजनार्दन' भनिन्छ। समाजमा मात्स्यन्यायको अन्त्यका लागि राजा ईश्वरद्वारा सृजना गरिएको संस्था मानिन्छ। समाज र राज्य पनि देवताद्वारा निर्मित संस्था हुन्। प्राचीन हिन्दु राज्यव्यवस्थामा राजा, राज्य र समाजको समेत देवत्वकरण गरिएको छ। समाज र राज्यको अध्ययन गर्दा यिनको आध्यात्मिक पक्षको पनि अध्ययन नगरी समाज र राज्यव्यवस्थाको अध्ययन पूर्ण हुन सक्दैन। अतः यस प्रकरणमा राजा, राज्य र राजनीतिक सिद्धान्तको आध्यात्मिक र दैवी पक्षबारे प्रकाश पारिएको छ।

समाज र अध्यात्म (Metaphysical Aspects of Society)

प्राचीन राजनीतिक विचारधारामा समाजको भौतिक पक्षका साथै आध्यात्मिक पक्षको अध्ययनमा पनि जोड दिइएको छ। मानिस , समाज र राज्यको भौतिकता एउटा पक्ष हो भने अर्को पक्ष आध्यात्मिकता हो। भौतिक जगत् वा अपरा प्रकृतिको अध्यन गर्ने शास्त्रलाई अपरा विद्या भनिन्छ। अपरा प्रकृतिमा चेतना हुँदैन। भौतिकशास्त्र, रसायनशास्त्र,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

जीवविज्ञान, इञ्जिनियरिङ आदि प्राकृतिक विज्ञान तथा समाजशास्त्र, मानवशास्त्र, राजनीतिशास्त्र, कानुन, भूगोल इतिहास आदि सामाजिक विज्ञानमा भौतिक जगत्को अध्ययन गरिन्छ। भौतिक जगत्भन्दा पर आध्यात्मिक जगत्को अध्ययन गर्ने शास्त्रलाई आध्यात्मिक विज्ञान भनिन्छ। अध्यात्मविद्या पराप्रकृतिको विज्ञान हो। पराप्रकृतिमा चेतना हुन्छ। अध्यात्म विज्ञानमा चेतनाको अध्यन गरिन्छ। वैदिक सनातन दर्शनमा समाजको भौतिक पक्षका साथै आध्यात्मिक पक्षसमेत समावेश गरिएको छ। भौतिक र आध्यात्मिक दुबै पक्षको अध्ययनमा जोड दिइएको छ। मानव समाज दैवी व्यवस्था मानिएको छ। धर्म,कर्म, वर्णाश्रम व्यवस्था र पुनर्जन्मका सिद्धान्तमा समाजिक व्यवस्था आधारित छ। समाजको अध्यात्मसँग अभिन्न सम्बन्ध छ। मानिसको भौतिक विकास र आध्यात्मिक भावनाबीच सामञ्जस्य कायम गर्ने विषयमा जोड दिइएको छ। ब्रह्माण्ड र मानवबीचको सम्बन्धमा सामञ्जस्य कायम गर्ने प्रयास गरिएको छ।

धर्म (Dharma)

प्राचीन हिन्दु राज्यव्यस्थामा समाजको संरचना धर्ममा आधारित मानिएको छ। धर्म कर्तव्य हो। अधर्म अकर्तव्य हो। नैतिक आचरण, व्यवहार, मूल्य र मान्यता पनि धर्मभित्र पर्छन्। दैवी शक्ति, परमात्मा अथवा अदृश्य शक्तिमा गरिने विश्वास पनि धर्म हो। धर्मशास्त्रमा हरेक व्यक्तिको सामजिक हैसियतअनुसार कर्तव्य निर्धारण गरिएको छ। निर्धारित कर्तव्य पूरा गर्नु हरेक व्यक्तिको दायित्व मानिएको छ। कर्तव्य देवताको सन्देश हो। कर्तव्य पूरा नगर्नु भनेको पाप हो। पाप दण्डनीय हुन्छ। प्राचीन राज्यव्यवस्थामा राजनीति धर्म र अध्यात्मसँग जोडिएको छ। राज्यको शासनकलाको आधार धर्म मानिएको छ।

वर्णव्यवस्था (Varna System)

वैदिक सनातन धर्ममा गुण र कर्मका आधारमा समाजलाई चार वर्णमा विभाजन गरिएको छ। ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र चार वर्ण हुन्। वर्णको विभाजन दैवी मानिएको छ। ब्राह्मण पौरोहित्य, ज्ञान र विद्याका लागि जिम्मेवार मानिएको छ। युद्धमा भागलिने र शासन सञ्चालन गर्ने जिम्मेवारी क्षत्रियको हो। कृषि, पशुपालन, व्यापार आदि आर्थिक समृद्धिका लागि वैश्यको जिम्मेवारी तोकिएको छ। सेवा शूद्रको धर्म हो। वर्णधर्मको पालना पनि धर्म र अध्यात्मसँग जोडिएको छ। स्वधर्म पालना हरेक व्यक्तिका लागि आफ्नो जीवनको उच्चतम लक्ष्य प्राप्त गर्ने साधन मानिएको छ।

आश्रम व्यवस्था (Ashram System)

मानिसको आयु १०० वर्ष मानी त्यसलाई चार भागमा विभाजन गरिएको छ। ब्रह्मचर्याश्रम, गृहस्थाश्रम, वानप्रस्थाश्रम र सन्यासाश्रम जीवनका चार अवस्था हुन्। हरेक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
आश्रमका लागि निर्धारित कर्तव्यलाई आश्रमधर्म भनिन्छ। ब्रह्मचर्याश्रम विद्या अध्ययनका लागि गरिएको व्यवस्था हो । दोस्रो गृहस्थाश्रममा विवाह र सन्तान उत्पादनका लागि निर्धारित समय हो। तेस्रो वानप्रस्थाश्रम समाजसेवामा लाग्ने अवधि हो। अन्त्यमा सन्यास ग्रहण गरी मोक्षका लागि अध्यात्म चिन्तनमा संलग्नु हुनुपर्छ भन्ने वैदिक सनातन मान्यता रहेको छ ।

पुरुषार्थ (Goals of Life)

मानिसको जीवनका चार लक्ष्य मानिएका छन्। धर्म, अर्थ, काम र मोक्ष जीवनका चार लक्ष्य हुन्। यिनलाई चार पुरुषार्थ पनि भनिन्छ। धर्म, अर्थ र काम सांसारिक विषय हुन्। मानिसले जीवनमा धर्म पालन गर्नु पहिलो लक्ष्य हो। धर्मका प्रतिकूल नहुने गरी अर्थोपार्जन गर्दै समृद्धि प्राप्त गर्नु जीवनको दोस्रो लक्ष्य हो। आनन्दको भोग गर्नु काम हो। जीवनमा धर्म, अर्थ र काम यी तीन लक्ष्य प्राप्त भएपछि मोक्ष प्राप्तिका लागि काम गर्नुपर्छ। अध्यात्मको साधनाबाट आत्मसाक्षात्कार गर्नु मोक्षको साधन मानिएको छ। वैदिक समाजव्यवस्थामा भौतिकता र आध्यात्मिकताको सम्मिश्रण गरिएको छ।

संस्कार र यज्ञ (Rituals and Sacrifices)

संस्कार वैदिक सनातन धर्ममा मानिसको जीवनमा गरिने धार्मिक कृत्य हुन् । गर्भाधानदेखि अन्त्यष्टिसम्म जम्मा प्रमुख सोह्र संस्कार हुन्छन् । सोह्र संस्कारमध्ये कतिपयको विधिपूर्वक गर्ने प्रचलन हराइसकेको छ । गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, निष्कर्मण, अन्नप्राशन, चूडाकर्म, अक्षरारम्भ, विद्यारम्भ, उपनयन, वेदारम्भ, केशान्त,समावर्तन, विवाह र अन्त्यष्टि सोह्र संस्कार हुन् । संस्कारले मानव जीवनको शुद्धीकरण र परिष्कार गर्न सहयोग गर्दछ। संस्कारबाट शारीरिक, मानसिक र आध्यामिक उन्नतिमा सहयोग पुग्छ। अन्त्यतोगत्वा मोक्ष पथमा अघि बढ्न मद्दत पुग्छ। त्यसैगरी यज्ञ गर्नु र दान दिनु पनि धर्मको अङ्ग बनाइएको छ। जिवनलाई अध्यात्मसँग जोडिएको छ।

कर्म र पुनर्जन्म (Karma and Rebirth)

वैदिक सनातन धर्ममा कर्मको सिद्धान्त छ । जीवनमा कर्म नगरी रहन सकिंदैन । व्यक्तिले आफ्नो कर्मको फल प्राप्त गर्छ। कर्म, विकर्म र अकर्म गरी कर्मयोगमा तीन प्रकारका कर्म हुन्छन् । धर्मको प्रतिकूल नभएको कार्यलाई कर्म भनिन्छ । धर्ममा निषेध गरिएको कार्यलाई विकर्म भनिन्छ। विकर्म गर्नु पाप हो। धर्मको प्रतिकूल नभएको कर्म जब फलको आसक्तिविना गरिन्छ भने त्यसलाई अकर्म भनिन्छ। अकर्म नै कर्मयोग हो। कर्मको फल मृत्युपछिको जीवनमा समेत भोग्नुपर्छ भन्ने मान्यता छ। आत्मा अमर छ र आफ्नो कर्मको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

फल भोग गर्न मृत्युपछि आत्मा अर्को शरीरमा प्रवेश गर्छ भन्ने सिद्धान्तलाई पुनर्जन्मको सिद्धान्त भनिन्छ। बौद्धधर्ममा पनि पुनर्जन्मको सिद्धान्त स्वीकार गरिएको छ। असल कर्मको फल राम्रो हुने हुँदा जीवनमा असल कर्म गर्न प्रेरित गरिएको छ। त्यसभन्दा माथि मृत्यु र पुनर्जन्मको चक्रबाट मुक्त हुनु मोक्ष हो। मोक्ष जीवनको उच्चतम आदर्श हो। आत्मसाक्षात्कार गरेपछि मात्र मोक्ष प्राप्त हुन्छ। भौतिक सुखमा मात्र नरमाई मोक्षको लागि साधना गर्नु जीवनको लक्ष्य मानिएको छ।

राजनीतिमा दैवी सिद्धान्त (Divinity in Politics)

प्राचीन हिन्दु राज्यव्यवस्थामा अध्यात्मलाई राजनीतिसँग जोडिएको छ। राजालाई देवांश मानिएको छ। राजाका लागि नैतिक र धार्मिक कर्तव्य निर्धारण गरिएको छ। धर्मको रक्षा गर्नु राजाको कर्तव्य मानिएको छ। यज्ञ गर्नु पनि राजाको कार्य हो। राजनीतिलाई देवत्वसँग जोड्ने प्रमुख आधार निम्नबमोजिम रहेका छन् :

राजा ईश्वरीय सृजना (Divine Origin of the Kingship)

संसारको रक्षाका लागि ईश्वरले राजा र राज्यको सृर्जना गरे भन्ने मनुको विचार छ[१] (मनु, अ.७, श्लो.४)। साथै उनले राजालाई मनुष्य रूपमा रहेका विशेष देवता मान्दछन्[२] (मनु, अ.७, श्लो.८)। मनुस्मृतिका अनुसार इन्द्र, वायु, यम, सूर्य, अग्नि, वरुण, चन्द्रमा र कुबेर यी आठ देवताको सारभूत अंशबाट ईश्वरले राजाको उत्पत्ति गरेकाहुन् (मनु, अ.७, श्लो.४)। मनुले जस्तै शुक्रचार्यले पनि राजाले इन्द्र, वायु, यम, सूर्य, अग्नि, वरुण, चन्द्रमा र कुबेर आठ लोकपालको अंश धारण गर्दछन् भन्ने उल्लेख गरेका छन्। आफ्नो तपस्याका प्रभावले राजा स्थावर-जङ्गमात्मक जगत्का स्वामी मानिन्छन् भन्ने शुक्राचार्यको मत छ (शुक्राचार्य, अ.१, श्लो.७१-७२)। याज्ञवल्क्य स्मृति र महाभारतमा पनि राजालाई देवांश मानिएको छ। कौटिल्यले पनि राजाको उत्पत्तिसम्बन्धमा मनुको विचारको समर्थन गरेका छन्। पुराणमा राजालाई भगवान् विष्णुको अवतार मानिएको छ। प्राचीन हिन्दु राजनीतिक विचारमा राजा र राज्यको उत्पत्तिको मूल कारण ईश्वर मानिएको छ। राजपद दैवी हो र राजा सबैका संरक्ष हुन्। अराजकताको अन्त्य गर्न ईश्वरले राजाको सृर्जना गरेका हुन् भन्ने मान्यता रहेको छ।

राजधर्म (Duty of the King)

राजधर्मको अर्थ राजाका कर्तव्य हो। शासन पद्धति राजतन्त्रात्मक भएकाले शासनकलासम्बन्धी नियमलाई राजाका कर्तव्य मानिएको छ। शास्त्रले निर्धारण गरेका

१ रक्षार्थमस्य सर्वस्य राजानमसृजत्प्रभुः।

२ महती देवता ह्येषा नररूपेण तिष्ठति।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
कर्तव्यको पालन गर्नु राजाको धर्म हो । प्राचीन हिन्दु राजनीतिक व्यवस्थामा राजाका व्यक्तिगत आचरणका पनि निर्धारित नियम छन्। राजा दुर्व्यसनमा संलग्न हुनुहुँदैन र संयमी र विनयी हुनुपर्छ । राजाका लागि निर्धारित सदाचारका नियमद्वारा राजालाई राजर्षि र आदर्श राजा बनाउने प्रयास गरिएको छ । शुक्रचार्यका अनुसार राजधर्मको पालना गर्ने राजालाई देवांश र अधर्ममा संलग्न प्रजापीडक राजालाई राक्षसांश भनिन्छ (शुक्राचार्य, अ.१, श्लो.७०)। आठवटा देवांशबाट निर्मित हुनाले राजाले ती सबै देवताको धर्म पालना गर्नुपर्छ। करग्रहण गर्ने र प्रजाको रक्षा गर्ने कार्यमा राजा इन्द्र समान निपुण हुन्छन्। वायु जसरी सुगन्ध र दुर्गन्ध वाहक हुन्छ त्यसरी नै राजा पनि असल कर्म र दुष्कर्मका प्रेरक हुनसक्छन् तापनि सदाचारमा सबैलाई प्रेरित गर्नु राजाको वायु अंशको धर्म हो । सूर्यले अन्धकार नाश गरी जगत्मा प्रकाश फैलाए जस्तै राजाले पनि अधर्म नाश गरी धर्म स्थापना गर्दछन्। दण्डका देवता यमले दुष्कर्म गर्नेलाई विनाभेदभाव दण्डित गर्दछन्। राजाले पनि यमले जस्तै दुष्कर्म गर्नेलाई दण्डित गर्दछन्। राजा अग्नि समान शुद्ध हुन्छन्। लोकको रक्षाका लागि राजाले सबैबाट करग्रहण गरी त्यसको भोग गर्दछन् । त्यसबाट राजामा अशुद्धि आउँदैन। जलका देवता वरुणले जलको रसद्वारा सम्पूर्ण जगतलाई परिपुष्ट गर्दछन् त्यसरी नै राजाले धनको न्यायपूर्ण वितरणद्वारा सबै प्रजाको पालन-पोषण गर्दछन्। जसरी धनका देवता कुबेर आफ्नो धन-सम्पत्तिको रक्षा गर्न निपुण हुन्छन् त्यसैगरी राजा पनि आफ्नो राज्यकोषको रक्षा गर्न निपुण हुन्छन् । राजामा चन्द्रांश भएन भने अन्य सात लोकपालको अंशले मात्र शोभा दिदैन। चन्द्रमामा जस्तो सबैलाई समान रूपले आह्लादित पार्ने गुण राजामा हुनुपर्छ भन्ने शुक्राचार्यको विचार छ (शुक्राचार्य, अ.१, श्लो.७१-७६)।

क्षत्रियवर्णको व्यक्ति राजा हुनुपर्छ भन्ने परम्परागत मान्यता रहेको छ। दुष्टलाई दण्ड दिनु र सज्जनको रक्षा गर्नु राजाको राजधर्म हो । निष्पक्ष न्यायसम्पादन गर्नु राजाको कर्तव्य हो । समाजमा धार्मिकता र सत्यताको स्थापना गर्नु राजाको कर्तव्यमा समावेश गरिएको छ। प्रजालाई पीडा नहुने गरी करग्रहण गर्नु पनि राजाको कर्तव्य हो। प्रजारञ्जन पनि राजाको कर्तव्य हो। बाह्य आक्रमणबाट राज्यको रक्षा गर्नु पनि क्षत्रियको कर्तव्य हो। जनताको नैतिक, भौतिक र आध्यात्मिक विकासमा प्रोत्साहन दिनु राजाको कर्तव्य हो।

धर्म र राजनीतिको सम्मिश्रण (Blending of Dharma and Politics)

प्राचीन कालमा ऋषिमुनिहरूद्वारा रचना गरिएका राजधर्म एवं नीतिशास्त्रअनुसार राज्यको शासन व्यवस्था सञ्चालन गर्नुपर्छ भन्ने विषयमा विशेष जोड दिइएको छ। धर्मलाई ईश्वरीय रचना मानिन्छ। धर्मको अङ्ग भएको हुनाले राजधर्म पनि ईश्वरीय रचना मानिन्छ । नीतिशास्त्रलाई नै संविधान तथा कानुनको रूपमा मान्यता दिइएको छ । नीतिशास्त्रको उल्लङ्घन गर्न राजालाई निषेध गरिएको छ। शासकका कर्तव्यको निर्धारण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
पनि शास्त्रले निर्देश गरेबमोजिम हुने व्यवस्था छ। राजधर्म निर्धारण गर्ने शक्ति राजालाई दिइएको छैन। नीतिशास्त्रले तोकेका उपदेशको पालना गर्नु राजाको कर्तव्य हो। राजतन्त्रको आधार नीतिशास्त्र मानिएको छ। कौटिल्यका अनुसार राजा त्यसलाई भनिन्छ जसले नीतिशास्त्रअनुसार राज्य सञ्चालन गर्दछ[३] (कौटिल्य, सू. ४३-४८)। प्राचीन हिन्दु राजनीतिक चिन्तनमा विधिको मूल धर्मलाई मानिएको छ। यहाँ धर्मको अर्थ न्याय हो। आधुनिक शब्दावलीमा यसलाई समन्याय भनिन्छ। हिन्दुहरूले वेदलाई सम्पूर्ण ज्ञानको स्रोत मान्ने हुँदा धर्म वा न्यायको स्रोत पनि वेदलाई नै मानिन्छ। मनुस्मृतिमा वेद, वेदको आधारमा निर्माण गरिएका स्मृति वा धर्मशास्त्र, शिष्ट व्यक्तिको आचरण वा सदाचार र आत्मतुष्टिलाई धर्मको आधार मानिएको छ (मनु, अ. २, श्लो. ६)। वैदिक मान्यतालाई मूल कानुन मानिन्छ। वेद ईश्वरीय सन्देश मानिन्छ। वैदिक मान्यतामा आधारित भएका हुनाले स्मृतिहरूलाई पनि धर्मको प्रमाणका रूपमा मान्यता दिइन्छ। वैदिक सिद्धान्त विपरीत स्मृतिहरू मान्य हुँदैनन्। वेद र स्मृतिमा फरक मत भएमा वेदलाई प्रामाणिक मान्नुपर्छ। वेद र स्मृति अनुकूल विद्वान् व्यक्तिहरूका सदाचार वा परम्परालाई पनि धर्मको प्रमाणका रूपमा लिइन्छ। वेद, स्मृति र सदाचारका मान्यताहरूमा एकरूपता नभएमा आफ्नो अन्तरमनले जुन मतलाई सही ठान्छ त्यसैअनुसार आचरण गर्नु धर्म हो भन्ने मनुको मत रहेको छ।

धर्म नै विधि हो। राजधर्म संवैधानिक कानुनको रूपमा मान्य हुने गरेको पाइन्छ र त्यसैअनुसार शासन सञ्चालन गर्नु राजाको कर्तव्य मानिएको छ। प्राचीन राजनीति धर्म र नैतिकताबाट अनुप्राणित छ। धर्मका नैतिक नियमहरूद्वारा प्रत्येक व्यक्तिको व्यक्तिगत र सामाजिक जीवन निर्देशित हुने व्यवस्था मिलाइएको छ। धर्मका विस्तृत नियमलाई नै नैतिक नियम मानिएको छ। नीतिशास्त्रद्वारा निर्धारित कर्तव्य पालना गर्नु नै राजधर्म मानिन्छ। राजालाई दैवी शक्ति सम्पन्न मानिएको छ। स्वेच्छाचारी र निरङ्कुश हुनबाट रोक्नका लागि राजालाई राजधर्मले निर्धारण गरेको कर्तव्यको सीमामा राखिएको छ।

वैदिक यज्ञ (Vedic Rituals and Sacrifices)

प्राचीन हिन्दु राज्यव्यवस्थामा राजाको कर्तव्य भौतिक विषयमा मात्र सीमित थिएन। चतुर्वर्ग प्राप्ति मानव जीवनको लक्ष्य हो। धर्म, अर्थ, काम र मोक्षलाई चतुर्वर्ग भनिन्छ। चतुर्वर्ग प्राप्तिका लागि प्रवन्ध गर्नु राजाको कर्तव्य मानिएको छ। धर्मको रक्षा गर्नु राजाको कर्तव्य हो। सामाजिक सुव्यवस्थाका लागि धर्मको आवश्यकता पर्छ। अर्थ र काम भौतिक वस्तु हुन्। अर्थको सम्बन्ध आर्थिक समृद्धिसँग हुन्छ भने कामको सम्बन्ध भोगसँग हुन्छ। मोक्ष अध्यात्मको विषय हो। मृत्युपछि आत्माको मुक्ति नै मोक्ष हो। समाजमा धर्मको स्थापना र अध्यात्मको विकास गर्नु पनि राजाको कर्तव्य मानिएको छ। वैदिक यज्ञ गर्नु र

---

३ नीतिशास्त्रानुगो राजा।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
दान दिनु पनि राजाको कर्तव्य हो। यज्ञ समाजमा आध्यात्मिक प्रभाव बढाउन सहायक मानिन्छ। अध्यात्मबाट समाजमा धार्मिक र नैतिक कर्तव्यप्रति सचेतना जागृत गराउन सहयोग पुग्छ। दान यज्ञको अङ्ग हो र यो समृद्धिको वितरणको नीति हो। प्राचीन हिन्दु राज्यव्यवस्थामा दानको माध्यमबाट राजाले उपयुक्त पात्रमा धनको वितरण गर्नुपर्ने नीति रहेको छ। राज्यमा कोही गरिब र माग्ने नहोऊन् आधारभुत आवश्यकताबाट कोही पनि वञ्चित हुन नपरोस् भन्ने राजाको लक्ष्य हुनुपर्छ। दया र दानका माध्यमबाट गरिब र असहायलाई सहयोग गरी समाजमा सामाजिक र आर्थिक न्याय स्थापना गर्ने व्यवस्था मिलाइएको छ।

ब्राह्मणको भूमिका (Role of Brahmins)

प्राचीन हिन्दु राज्यव्यवस्थामा राजाका मन्त्री र पुरोहित ब्राह्मण हुने व्यवस्था गरिएको छ। राजालाई धार्मिक अनुष्ठान र शासनकलासम्बन्धी परामर्श दिनु ब्राह्मणको कर्तव्य मानिएको छ। ब्राह्मणको परामर्शको अनुसरण गर्नु राजाको कर्तव्य मानिएको छ। मनुका अनुसार सजिलै हुनसक्ने कार्य पनि एक्लै सम्पन्न गर्न कठिन हुन्छ। राज्यसञ्चालन जस्तो महान् कार्य राजाले एक्लै सम्पादन गर्न सक्दैनन् (मनु, अ.७, श्लो.५५)। त्यसैले राजाले राम्ररी परीक्षण गरी वंशपरम्परादेखि आफ्नो सेवा गर्दै आएका, शास्त्रज्ञ, शूर वा साहसी, युद्धविद्यामा कुशल र शुद्ध कुलमा जन्मेका सात वा आठ मन्त्रीहरू नियुक्त गर्नुपर्छ भन्ने मनुको विचार रहेको छ (मनु, अ.७, श्लो.५४)। राजाले राज्य सञ्चालनका लागि आवश्यक सङ्ख्यामा आलस्यरहित, कार्यदक्ष र प्रवीण मानिसहरू नियुक्त गर्नुपर्छ (मनु, अ.७, श्लो.६१)। दुई वा सो भन्दा बढी व्यक्तिबीच हुने विचार विमर्श एवं सल्लाह र त्यसबाट निकालिएको निष्कर्षलाई मन्त्रणा भनिन्छ। राज्य सञ्चालनका क्रममा मन्त्रणा भन्नाले निर्णय हो। महत्त्वपूर्ण निर्णय गर्दा राजालाई परामर्शको आवश्यकता पर्दछ। मन्त्रीहरूमध्ये विशिष्ट विद्वान् ब्राह्मण मन्त्रीसँग राजाले सन्धि विग्रह आदि परराष्ट्रनीतिका छ सिद्धान्तको प्रयोगका विषयमा मन्त्रणा गर्नुपर्छ (मनु, अ.७, श्लो.५८)। मन्त्रणा गरिएको विषय गोप्य राख्नुपर्छ भन्ने हिन्दु राजनीतिक चिन्तनको मान्यता रहेको छ। वाल्मीकि रामायणमा राजा दशरथका मन्त्रीहरूको गुणको वर्णन गर्ने क्रममा ती मन्त्रीमा राजकीय मन्त्रणा गोप्य राख्न सक्ने पूर्ण शक्ति थियो भनी उल्लेख गरिएको छ (वाल्मीकि, बाल., स. ७, श्लो. १९)। मनुका अनुसार पवित्र, सत्यनिष्ठ, शास्त्रानुसार काम गर्ने, बुद्धिमान् र असल सहायक भएका राजा राज्यको दण्ड वा शक्ति सञ्चालन गर्न सक्षम हुन्छन् (मनु, अ.७, श्लो.३१)। ब्राह्मणको परामर्श मान्नु राजाको कर्तव्य मानिएको छ।

साम्राज्य निर्माण (Empire Building)

प्राचीन हिन्दु राज्यव्यवस्थामा अन्तरराज्य सम्बन्ध कायम गर्नु पनि राजधर्मको अङ्ग मानिएको छ। राज्यमण्डल सिद्धान्त, कूटनीतिका उपाय, षड्गुण सिद्धान्त र युद्धधर्मको
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वर्णन मनुस्मृति, कौटिल्यार्थशास्त्र आदि ग्रन्थमा गरिएको छ। युद्धमा संलग्न हुनु क्षत्रियको धर्म हो। राज्यको बाह्य सम्बन्धका नीति पनि धर्मसँग आबद्ध गरिएको छ। चक्रवर्ती सम्राट बन्नु हिन्दु राजाका लागि गौरवको विषय मानिएको छ। राजाका लागि अश्वमेध यज्ञ, राजसूय यज्ञ एवं वाजपेय यज्ञको विधान गरिएको छ। यी राज्य विस्तारसँग सम्बन्धित यज्ञ हुन्। साम्राज्य निर्माण गर्नु पनि राजाको राजधर्म मानिएको छ।

निष्कर्ष (Conclusion)

प्राचीन हिन्दु राज्यव्यवस्थामा समाज र शासनकलामा देवत्वको सम्मिश्रण गरिएको छ। राजा र राज्यको सृजना ईश्वरद्वारा भएको मानिन्छ। राजालाई देवांश मानिएको छ। राजा नैतिकता र धार्मिक सत्यताका संरक्षक हुन्। धर्मको रक्षा गर्नु राजाको कर्तव्य हो। राजालाई दैवी शक्ति सम्पन्न मानिएको छ। मानव कल्याणका लागि नीतिशास्त्रको रचना पनि ईश्वरद्वारा भएको हुँदा नीतिशास्त्र पनि दैवी मानिन्छ। राजाले शास्त्रअनुसार शासन सञ्चालन गर्नुपर्छ भन्ने स्थापित सिद्धान्त छ। यो सिद्धान्त राजाको दैवी शक्तिलाई निरङ्कुश र स्वेच्छाचारी हुनबाट रोक्नका लागि गरिएको विशेष व्यवस्था हो। जनताको महत्त्व दर्शाउन जनतालाई पनि 'जनताजनार्दन:' मानिएको छ। शास्त्रमा राजा र प्रजाका कर्तव्य र दायित्व निर्धारण गरिएको छ। राजालाई प्रजाको भौतिकका साथै आध्यात्मिक उन्नतिका लागि पनि जिम्मेवार बनाइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राज्यको शासनकलामा सदाचार
(Ethics in Statecraft)

हरेक मानिसले व्यवहारमा पालना गर्नुपर्ने असल आचरणलाई सदाचार भनिन्छ। सामाजिक मान्यता र मूल्यद्वारा सदाचार निर्धारित हुन्छ। प्राचीन राज्यव्यवस्थामा राजधर्म एवं नीतिशास्त्रद्वारा के गर्न हुने र के गर्न नहुने विषय निर्धारण गरिएको छ। नीतिशास्त्रमा तोकिए बमोजिम गरिने आचार व्यवहारलाई नैतिक आचरण भनिन्छ। नैतिकता धर्मशास्त्रसँग सम्बन्धित हुन्छ भने सदाचार सामाजिक परिवेशसँग सम्बन्धित हुन्छ। प्राचीन ग्रीसमा राजनीतिक चिन्तन प्रारम्भ हुनुभन्दा हजारौं वर्ष पहिले नै प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राजनीतिमा सदाचारको महत्त्वबारे उल्लेख गरेको पाइन्छ। वैदिक साहित्य, रामायण, महाभारत, पुराण, स्मृतिशास्त्र, नीतिशास्त्र, बौद्ध साहित्य,जैन साहित्य, कौटिल्यको अर्थशास्त्र, कामन्दकीय नीतिसार जस्ता ग्रन्थमा राजा, मन्त्री, प्रशासक, सैनिक अधिकारी र सम्पूर्ण प्रजाका कर्तव्य र सदाचारको महत्त्वमाथि प्रकाश पारिएको छ। राजनीतिमा के गर्न हुने र के गर्न नहुने भनी तोकिएको छ। दण्डनीतिका प्राचीन शास्त्रीय ग्रन्थहरूमा नैतिकता र सदाचारलाई सुशासनको आधार मानिएको छ। प्राचीन हिन्दु राजनीतिक विचारको समीक्षाका आधारमा राजनीतिमा सदाचारकको महत्त्वका विषयमा यस प्रकरणमा प्रकाश पारिएको छ।

राजनीति र नीतिशास्त्र (Political Science and Ethics)

राजनीतिशास्त्र र नीतिशास्त्र दुई स्वतन्त्र विषय (Separate Discipline) हुन्। व्यक्तिगत नैतिक आचरणसँग सम्बन्धित विषयमा नीतिशास्त्र हो। राजनीतिशास्त्र सामाजिक र सरकारी व्यवस्थापन र राज्यको आचरणसँग सम्बन्धित हुन्छ। राजनीतिक कार्यको औचित्य नैतिक मान्यता र मूल्यका आधारमा पुष्टि गर्ने प्रयास गरिन्छ। नैतिककताको निर्धारण पनि राजनीतिले गर्दछ। राजनीतिशास्त्र र नीतिशास्त्रबीच घनिष्ट सम्बन्ध छ। समाजमा न्याय, स्वतन्त्रता, समानता र लोककल्याण सुनिश्चित गर्न राजनीति र नैतिकताको भूमिका हुन्छ। निम्नलिखित तीन आधारमा राजनीतिशास्त्र र नीतिशास्त्रबीचको सम्बन्ध स्पष्ट हुन्छ:

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राजनीतिशास्त्र र नीतिशास्त्रबीच परस्पर निर्भरता
(Interdependence of Political Science and Ethics)

सुशासन स्थापित गर्नु राजनीतिको उद्देश्य हो। समाजमा नैतिक जीवन स्थापित गर्न राजनीतिको भूमिका हुन्छ। अनैतिक व्यक्तिलाई दण्ड दिन र नैतिक व्यक्तिको रक्षा गर्न राज्यको उदय भएको हो। राज्यले अनैतिक कर्म गर्ने व्यक्तिलाई दण्ड दिने र सज्जनको रक्षाको वातावरण सृजना नगरेमा समाजमा नैतिक जीवन सम्भव हुँदैन। राजनीतिमा नैतिक मूल्य समावेश गरेर मात्र सुशासन सम्भव हुन्छ। अहिंसा, सत्य, इमान्दरी, न्याय आदि नैतिक सिद्धान्त राजनीतिमा लागु गर्न नीतिशास्त्रले मार्गदर्शन गर्दछ। राजनीतिमा नैतिकता पालना गर्नु आवश्यक हुन्छ। राजनीतिले शक्तिको प्रयोग गरी नैतिकताको निर्धारण गर्दछ।

राजनीतिक नेताका लागि नैतिकता आवश्यक
(Need of Ethics for Leaders)

नैतिक र सदाचारी व्यक्ति मात्र असल नेता बन्न सक्छ। अनैतिक नेता भएमा देशमा भ्रष्टाचार र अन्याय बढ्दछ। लोकतन्त्र मर्दछ। सदाचारी र जिम्मेवार नेताले मात्र समाजलाई सदाचारी बनाउन सक्छ। त्यसैले वर्तमान राजनीतिक र प्रशासनिक क्षेत्रमा सुशासन कायम गर्न सदाचार महत्त्वपूर्ण आधार मानिन्छ। सदाचारविना सुशासन सम्भव हुँदैन।

राजनीति र नीतिशास्त्रमा न्यायको भूमिका
(Role of Justice in Political Science and Ethics)

न्याय नैतिक मूल्य हो। समाजमा सामाजिक भेदभावको अन्त्य र आर्थिक दृष्टिले हरेक व्यक्तिका लागि न्यूनतम आधारभूत आवश्यकता प्रदान गर्ने उचित व्यवस्था मिलाउनु न्यायको सिद्धान्त हो। वस्तु र सेवाको वितरणसँग आधुनिक न्यायको सिद्धान्त सम्बन्धित छ। न्यायको सिद्धान्त राजनीतिमा कानुन र नीति-निर्माणको मार्गदर्शक सिद्धान्त हो। राजनीति र सार्वजनिक प्रशासनमा नीति-निर्माण र कार्यान्वयनमा न्यायका आधारभूत मान्यतालाई महत्त्व दिइन्छ।

राजनीतिमा सदाचार (Ethics in Politics)

राजनीति र सदाचारको सम्बन्ध प्राचीन कालदेखि नै रहँदैआएको छ। राजनीतिमा सदाचार विभिन्न विद्वान्, दार्शनिक र विचारकहरूको चिन्तनको महत्त्वपूर्ण विषय रहेको छ। प्राचीन हिन्दु राजनीतिक चिन्तनमा धर्म, नीति, न्याय र नैतिकताका आधारमा शासक र प्रजाका कर्तव्य निर्धारण गरिएको छ। सदाचार भनेको उच्च नैतिक आचरण, सत्यता, धर्मपरायणता र न्यायसङ्गत कार्य गर्ने गुण मानिएको छ। वेदमा सत्य, अहिंसा, न्याय र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

धर्मको अनुसरण गर्नु सदाचार मानिएको छ । मनुस्मृति, बृहस्पतिस्मृति, शुक्रनीति, रामायण, महाभारत, कौटिल्यको अर्थशास्स्त्र आदि सम्पूर्ण प्राचीन हिन्दु राजनीतिक चिन्तनका ग्रन्थमा सदाचार शासन सञ्चालनको आधार मानिएको छ । राजा दुर्व्यसनी हुनुहुँदैन र राजामा असल चरित्र हुनुपर्छ भन्ने विषयमा जोड दिइएको छ। हिन्दु राजनीतिक चिन्तनका जनक मनुले सदाचारलाई उच्च महत्त्व दिएका छन् र दुराचारको निन्दा गरेका छन् (मनु,४, १५७-१५८)। उनका अनुसार आचार सबैभन्दा ठूलो धर्म हो[१] (मनु, अ.१, श्लो.१०८)। रामायणमा रामले सदाचारको पालना गरी राज्य सञ्चालन गरेका हुँदा आदर्श रामराज्यको स्थापना भएको मानिन्छ । कौटिल्यका अनुसार राजनीति र नैतिकताबीच गहिरो सम्बन्ध छ। राजा सदाचारी, न्यायप्रिय, कर्तव्यनिष्ठ र नैतिक सिद्धान्त पालना गर्ने हुनुपर्छ भन्ने उनको विचार छ । उनले लोकहितलाई राजाको सर्वोपरि कर्तव्य मानेका छन् । अन्तरराज्य सम्बन्धको क्षेत्रमा साम्राज्य निर्माण गर्ने पक्षमा कौटिल्य रहेका छन् । साम्राज्य निर्माणका सन्दर्भमा भने कूटनीति र युद्धमा राज्यको हितका लागि कठोर र व्यावहारिक नीति अपनाउन सकिन्छ भन्ने उनको विचार छ। त्यसैले उनको यही विचारका आधारमा अन्तरराष्ट्रिय सम्बन्धको सिद्धान्तको क्षेत्रमा उनलाई यथार्थवादका समर्थक भनिन्छ ।

प्राचीन ग्रीसमा सुकरात, प्लेटो र अरस्तुका अनुसार सदाचारबिना असल शासन कायम गर्न सकिदैन । सद्गुण नै ज्ञान हो (Virtue is Knowledge) भन्ने सुकरातको विचार रहेको छ। गुणको अर्थ सदाचार हो। जुन ज्ञान व्यवहारमा लागु हुँदैन त्यसलाई ज्ञान नमान्ने उनको विचार हो। यो विचार उनीपछि युनानी परम्परा हुन पुग्यो। प्लेटोले उनको रिपब्लिकमा आदर्श राज्यको कल्पना गरेका छन्। उनको आदर्श राज्य दार्शनिक शासक (Philosopher King) भए मात्र सम्भव हुन्छ। उनका अनुसार दार्शनिक शासक व्यक्तिगत स्वार्थबाट मुक्त जनहितको कार्यमा समर्पित हुनुपर्छ । दार्शनिक शासकले नैतिकता र सदाचारको पूर्ण पालना गर्नुपर्छ भन्ने प्लेटोको विचार रहेको छ । अरस्तुले पनि राजनीतिलाई नैतिकतासँग जोडेका छन्। राजनीतिको मुख्य उद्देश्य सर्वोच्च भलाइ (Supreme good) प्राप्त गर्नु हो। उनका अनुसार न्याय, सदाचार र नैतिक मूल्यमा आधारित शासन नै असल शासन हो । पास्चात्य राजनीतिक चिन्तन परम्परामा मैकियावेलीले आफ्नो पुस्तक 'द प्रिन्स'मा राजनीतिलाई नैतिकताबाट अलग गर्ने विचार प्रस्तुत गरेका छन्। उनका अनुसार राजनीतिको मुख्य उद्देश्य सत्ता प्राप्त गर्नु र त्यसलाई निरन्तरता दिनु हो। उनले राजनीतिमा सत्ता प्राप्त गर्न साधनको पवित्रता आवश्यक मान्दैनन्। राजनीतिक सफलताका लागि नैतिकता परित्याग गर्न सकिन्छ भन्ने उनको विचार छ। मेकियावेलीको राजनीतिमा असल लक्ष्य प्राप्त गर्न जस्तोसुकै साधनको प्रयोग उचित हुन्छ भन्ने विचार

---

१ आचार: परमोधर्म: ....।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

रहेको छ। हब्सले मेकियावेलीको अनुसरण गर्दै राजनीतिमा नैतिकताको महत्त्व स्वीकार गर्दैनन्। जोन लकका अनुसार जीवन, स्वतन्त्रता र सम्पत्तिको हक नागरिकका नैसर्गिक हक हुन्। तिनको रक्षा गर्नु शासकको नैतिक कर्तव्य हो। राजनीतिमा नैतिकता र सदाचारको पालना गर्नुपर्छ। जे. एस. मिलका स्वतन्त्रता, नैतिकता र लोकतन्त्रका विषयमा प्रस्तुत विचार महत्त्वपूर्ण छन्। उनले नैतिक समाजमा मात्र असल लोकतान्त्रिक सरकार सम्भव मान्दछन्। उनका अनुसार राजनीतिको उद्देश्य व्यक्तिको नैतिक र बौद्धिक विकास गर्नु हो। राजनीतिक व्यवस्था नैतिक र न्यायसङ्गत हुनुपर्छ भन्ने कार्ल मार्क्सको विचार रहेको छ। उनका अनुसार समाजमा समानता र न्याय स्थापित गर्नु राजनीतिको उद्देश्य हो। वर्ग सङ्घर्षद्वारा पूँजीवादी शोषण समाप्त गरी नैतिक र न्यायपूर्ण समाजको स्थापना गर्नु नै मार्क्सवादी राजनीतिक चिन्तनको सार हो। इमानुयल कान्ट राजनीतिमा नैतिक मूल्यको आवश्यता हुन्छ भन्ने पक्षमा छन्। महात्मा गान्धीले राजनीतिमा नैतिकतालाई अत्यन्त उच्च स्थान दिएका छन्। सत्य र अहिंसा उनको राजनीतिक विचारका आधार हुन्। गान्धीका अनुसार धर्म र नैतिक अनुशासन राजनीतिका अभिन्न अङ्ग हुन्। उनले धर्म र राजनीतिलाई एकअर्काका पूरक मानेका छन्। उनका अनुसार धर्मको अर्थ नैतिकता र सत्यको प्रयोग हो। राजनीतिज्ञले व्यक्तिगत जीवनमा नैतिक आदर्श अपनाउनुपर्छ र भ्रष्टाचार, लोभ, कपट जस्ता विकृतिहरू राजनीतिबाट टाढा राख्नुपर्छ भन्ने गान्धीको विचार रहेको छ। उनका अनुसार नैतिकताविनाको राजनीति विनाशकारी हुन्छ। सत्य र अहिंसा रानीतिका आधार हुन् भन्ने उनको विचार छ। राजनीतिको उद्देश्य केवल सत्ता प्राप्ति नभई लोककल्याणको अभिवृद्धि गर्नु हो। उनले साधन र साध्य दुबैको पवित्रतामा जोड दिएका छन्।

सदाचार के हो ? (What is Morality in Ancient Hindu Views?)

प्राचीन हिन्दु राजनीतिक विचारकहरूले वैदिक सनातन धर्मलाई नैतिकता र सदाचारको स्रोत मानेका छन्। धर्मको अर्थ सत्यता, नैतिकता, न्याय र सामाजिक कर्तव्य हो। हिन्दु राजनीतिक चिन्तनमा राजा, राजाका मन्त्री र अन्य अधिकारी एवं सम्पूर्ण प्रजाका लागि नैतिक कर्तव्य निर्धारण गरिएको छ। राजधर्म र नीतिशास्त्रद्वारा नैतिकताको निर्धारण गरिएको छ। प्रचीन हिन्दु राजनीतिक विचारमा नीतिको पालनाबाट समाजमा न्याय कायम गर्न सकिन्छ भन्ने मान्यता रहेको छ। समाजमा सदाचार कायम गर्न वैदिक दर्शनमा यम र नियमको व्यवस्था गरिएको छ। राजादेखि प्रजासम्म सबैले यम र नियम पालना गर्नुपर्ने मान्यता छ। अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह पाँच यम हुन्[२] (पातञ्जलयोगदर्शन, सा., सू.३०)। सबै ठाउँमा, सबै समायमा र सबैले जीवनलाई

---

२ अहिंसासत्यास्तेयब्रह्मचर्यापरिग्रहा यमाः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
संयमित बनाउन पालना गर्नु पर्ने हुँदा यमलाई महाव्रत भनिन्छ। मन, वचन र शरीरले कुनै पनि प्राणीलाई दु:ख नदिनु अहिंसा हो। सत्य बोल्नु, आचार-व्यवहारमा सत्यको पालना गर्नु र छलकपट नगर्नु सत्य हो। सत्य नै धर्म हो। कसैको स्वामित्वमा रहेको वस्तु अन्यायपूर्वक नलिनु अस्तेय हो। आर्थिक भ्रष्टाचार नगर्नु पनि अस्तेय हो। यौन वा काममा आसक्त नहुनु ब्रह्मचर्य हो। यसको अर्थ यौनका विषयमा संयमी हुनु हो। धन, सम्पत्ति र भोगका सामग्रीको सञ्चयमा आसक्त नहुनु अपरिग्रह हो। शौच, सन्तोष, तप, स्वाध्याय र ईश्वरप्रणिधान सदाचारका सार्वभौम नियम हुन्[३] (पातञ्जलयोगदर्शन, सा., सू.३२) । शारीरिक पवित्रता, आयआर्जनमा पवित्रता, व्यवहारमा पवित्रता आदिलाई शौच भनिन्छ। कर्तव्य पूरा गर्ने र त्यसको परिणाममा सन्तुष्ट रहनु एवं तृष्णाबाट मुक्त हुनु सन्तोष हो। स्वधर्म पालनका सन्दर्भमा आइपर्ने शारीरिक र मानसिक कष्ट सहर्ष स्वीकार गर्नु तप हो। के कर्तव्य हो, के अकर्तव्य हो, के नैतिक हो र के अनैतिक हो त्यसको बोधका लागि आध्यात्मिक साहित्यको अध्ययन गर्नु स्वाध्याय हो। समस्त कर्म भगवानमा समर्पण गर्नु ईश्वर-प्रणिधान हो। यी सार्वभौम नैतक नियम हुन्। यसका साथै सनातन धर्ममा मानिसका लागि आहार, विहार, व्यवहार र कर्तव्यसम्बन्धी विस्तृत नैतक नियमको व्यवस्था गरिएको छ। सदाचार धर्म हो भने दुष्कर्म पाप हो। मनुका अनुसार धैर्यता, क्षमा, आत्म-संयम, अस्तेय, शारीरिक पवित्रता, इन्द्रिय निग्रह, बुद्धि, विद्या, सत्य र अक्रोध धर्मका दस लक्षण हुन्[४] (मनु, अ.६, श्लो.९२)। धर्मबाट सदाचारको निर्धारण हुन्छ।

बुद्धका दु:खको विनाशका उपायलाई अष्टाङ्ग मार्ग भनिन्छ। यिनको अभ्यासबाट दु:खको निवारण गर्न सकिन्छ भन्ने बुद्धको विचार छ। मोह र तृष्णा दु:ख कारण हुन्। मोह र तृष्णाबाट मुक्तिका लागि बुद्धले बताएका आठ उपाय अष्टाङ्ग मार्ग हुन्। यी व्यक्तिको जीवनमा सदाचारका व्यावहारिक नियम हुन्। बुद्धको उद्देश्य नैतिकताको सिद्धान्त निर्माण गर्नु थिएन। अष्टाङ्ग मार्गको पहिलो मार्ग सम्यक् दृष्टि हो। दु:खको कारण अज्ञानता हो। अज्ञानताको कारण भौतिक वस्तुप्रतिको आसक्ति र तृष्णा हो। सम्यक दृष्टि भनेको सत्यको ज्ञान हो। सत्यको ज्ञानबाट मोह र तृष्णाको अन्त्य हुन्छ भन्ने बुद्धको विचार रहेको छ। दोस्रो मार्ग सम्यक् सङ्कल्प हो। सत्यको आधारमा आचरण गर्ने दृढ निश्चय नै सम्यक् सङ्कल्प हो। तेस्रो मार्ग सम्यक् वाक् हो। असत्य र कटु वचन मनुष्यको दु:खको कारण हो। बुद्धका अनुसार वाणी संयमित हुनुपर्छ । सत्य बोल्नु पर्छ। चौथो मार्ग सम्यक् कर्मान्त हो। सत् कर्म गर्नुपर्छ। सत्य, अहिंसा, अस्तेय र करुणाको व्यवहारमा अभ्यास गर्नु, अधिक भोजन नगर्नु, इन्द्रियद्वारा गरिने भोगमा लिप्त नहुनु र अरूको निन्दा नगर्नु सत् कर्म हुन्। पाँचौँ मार्ग सम्यक् आजीव हो। जीवनका लागि अर्थोपार्जन गर्नुपर्छ। बुद्धले गलत मार्गबाट

---

३ शौचसंतोषतप:स्वाध्यायेश्वरप्रणिधानानि नियमा:।

४ धृति: क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रह:। धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अर्थोपार्जन गर्न र अधिक सञ्चय गर्न निषेध गरेका छन् । यो आर्थिक पवित्रता नियम हो। छैटौँ मार्ग सम्यक् व्यायाम हो । आफ्नो र अरूको भलाइका लागि प्रयत्न गर्नु सम्यक् व्यायाम हो । आत्मानुशासन र करुणा वा दया बौद्ध आचरणका मूल आधार सम्यक् व्यायाममा पर्दछन् । सातौँ मार्ग सम्यक् स्मृति हो । सम्यक् स्मृतिको अर्थ सद्बुद्धि वा मति हो । जीवनको अन्तिम लक्ष्य निर्वाण प्राप्त गर्न सद्बुद्धि आवश्यक हुन्छ । आठौँ मार्ग सम्यक् समाधि हो । उक्त सात मार्गको पालना गर्ने व्यक्तिको मन शान्त हुन्छ । मन एकाग्र हुन्छ । शान्त र एकाग्र मनबाट समाधि प्राप्त गर्न सकिन्छ । मनलाई सांसारिक वस्तुबाट अलग गर्नु नै बुद्धका अनुसार समाधि हो । अष्टाङ्ग मार्गको पालना सबैले गर्नुपर्छ भन्ने बुद्धको विचार छ । यी सदाचारका सामान्य नियम हुन् । सबैले स्वधर्मको पालना गरेमा समाजमा सदाचारको स्थापना हुन्छ । राजनीतिमा समेत यी सार्वभौम नियमको पालना गर्नुपर्छ भन्ने सनातन मान्यता रहेको छ ।

दुर्व्यसनको त्याग राजाको नैतिक कर्तव्य
(Renouncement of Vices and Morality for the King)

प्राचीन हिन्दु राज्यव्यवस्थामा राजतन्त्रत्मक शासन प्रणालीको बाहुल्यता थियो । 'यथा राजा तथा प्रजा' भन्ने भनाइ समाजमा प्रचलित थियो । यसको अर्थ जस्तो राजा हुन्छन् प्रजा पनि त्यस्तै हुन्छन् भन्ने हो । तसर्थ प्रजाको चरित्र असल बनाउन राजा आफै चरित्रवान् हुनुपर्छ भन्ने मान्यता हिन्दु राजनीतिक चिन्तनमा रहेको छ । राजा दुर्व्यसनरहित सदाचारी हुनुपर्छ भन्ने विषयमा प्राचीन हिन्दु राजनीतिक विचारकहरूको मतैक्यता छ । राजाका लागि गर्न नहुने भनी निर्धारण गरिएका काम दुर्व्यसन निम्नानुसार रहेका छन् :

मनुका अनुसार शिकार खेल्नु, जूवा खेल्नु, दिउसो सुत्नु, अरुको दोष वर्णन गर्नु, महिलाप्रति आसक्त हुनु, मदिरा पान गर्नु, नाच्नु, गाउनु, बाजा बजाउनु र व्यार्थमा घुम्नु कामबाट उत्पन्न हुने दस व्यसन हुन् । कसैको दोष प्रकट गर्नु, नराम्रो कार्यमा पराक्रम देखाउनु, द्रोह गर्नु, अरूको गुण सहन नसकेर ईर्ष्या गर्नु, अरूको गुणमा दोष देख्नु, आर्थिक अपवित्रता, कठोर भाषण र क्रूर दण्ड दिनु क्रोधबाट उत्पन्न हुने आठ व्यसन हुन् । काम र क्रोधको कारक लोभलाई मानिएको छ त्यसैले लोभलाई नियन्त्रण गर्नुपर्छ (मनु, ७, ४७-४९) । यी १८ प्रकारका दोषबाट मुक्त हुनुपर्छ भन्ने मनुको विचार छ । रामायण एवं महाभारतमा पनि राजाको चरित्रमा जोड दिइएको छ । शुक्राचार्यले पनि राजाका गुण र दुर्गुणको राम्रोसँग विवेचना गरेका छन् । राजा जितेन्द्रिय, विनयशील, शास्त्राध्यायी र धार्मिक हुन पर्दछ । राजाले काम, लोभ र क्रोध परित्याग गर्नु पर्दछ भन्ने उनको विचार छ (शुक्राचार्य, अ. १, श्लो. ११८) । उनका अनुसार शिकार खेल्नु, जुवा खेल्नु र मद्यपान गर्नु राजाका लागि निन्दित कर्म हुन्[५] (शुक्राचार्य, अ.१, श्लो. १४१) । काम, क्रोध, मोह, लोभ,

५ मृगयाऽक्षास्तथा पानं गर्हितानि महीभुजाम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
मान र मद षड्वर्ग हुन्। राजाले यिनको परित्याग गर्नुपर्छ। यिनको परित्याग गर्नाले राजा सुखी हुन्छन्[६] (शुक्राचार्य, अ.१, श्लो.१४३)। यसरी राजालाई सदाचारी बनाउन दुर्व्यसनको त्याग गर्नुपर्ने विषयमा जोड दिइएको छ।

राजाका नैतिक चरित्र (Moral Character of the King)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राजा आत्मसंयमी र विनयी हुनुपर्छ भन्ने विषयमा जोड दिइएको छ। बृहस्पतिका अनुसार आत्मसंयमी व्यक्ति राजा हुन योग्य हुन्छ[७] (बृहस्पति, अ.१, सू.१)। याज्ञवल्क्यले राजाका लागि सद्गुण निर्धारण गरेका छन्। राजा महान उत्साही, कृतज्ञ, वृद्धसेवी, विनयी, सत्यसम्पन्न, कुलीन, सत्य बोल्ने, पवित्र, शीघ्र काम गर्ने, स्मृतिवान्, धार्मिक, दुर्व्यसनरहित, ज्ञानी, शूर र गोप्य रहस्य जान्ने हुनुपर्छ। राजाले आफ्ना कमजोरी प्रकट हुन दिनु हुँदैन। राजा दर्शनशास्त्र, तीन वेद, वार्ताशास्त्र र दण्डनीतिमा प्रवीण हुनुपर्छ भन्ने याज्ञवल्क्यको विचार छ (याज्ञवल्क्य, आ., राज., श्लो. ३०९-३११)। शुक्राचार्यका अनुसार असल चरित्रवान् बन्न राजाले आन्वीक्षिकी वा तर्कशास्त्र, तीन वेद, वार्ता र दण्डनीतिसमेत शाश्वत सनातन चार विद्याको अभ्यास गर्नुपर्छ[८] (शुक्राचार्य, अ.१, श्लो.१५२)। गुरूको सान्निध्यबाट शास्त्रको ज्ञान हुन्छ। शास्त्रको ज्ञानबाट विनय वा अनुशासनको वृद्धि हुन्छ। विद्याद्वारा उत्पन्न विनययुक्त राजा नै लोकसम्मत राजा बन्दछ भन्ने शुक्राचार्यको मत छ[९] (शुक्र, अ.१, श्लो. १४८)। कौटिल्यले राजाका आभिगामिक, प्रज्ञा र उत्साह गरी तीन प्रकारका गुणको चर्चा गरेका छन्। कुलीन, दैवबुद्धि भएको, धैर्यवान्, दूरदर्शी, धार्मिक, सत्यवादी, प्रतिज्ञा पालन गर्ने, कृतज्ञ, उच्चअभिलाषा भएको, उत्साही, अदीर्घ सूत्र वा आलस्यरहित, सामन्तलाई वशमा राख्न सक्ने, दृढबुद्धि गुणसम्पन्न मन्त्री भएको, विनयी राजाका आभिगामिक गुण हुन्। शास्त्रको चर्चा, शास्त्रको ज्ञान, ग्रहण गर्ने क्षमता, धारण गर्ने क्षमता, विशेष ज्ञान, तर्कवितर्कद्वारा सत्य पत्तालगाउने क्षमता एवं खराव विषय परित्याग र असल गुण ग्रहण गर्ने क्षमतालाई राजाका प्रज्ञागुण भनिन्छ। शूरता, असहिष्णुता, क्षिप्रकारिता र दक्षता राजाका उत्साह गुण हुन् (कौटिल्य. अधि.६, प्र.९६, अ.१)। कौटिल्यले राजालाई राज्यको आत्मा मान्दछन्। राजाको व्यक्तिगत योग्यता, चारित्रिक गुण र नीतिशास्त्रअनुसार शासन सञ्चालनमा शासनको सफलता निर्भर हुन्छ भन्ने उनको मत छ। बौद्ध साहित्यमा पनि असल राजाबाट असल शासन प्राप्त हुन्छ भन्ने विचार रहेको पाइन्छ। सबैभन्दा असल राजाद्वारा सम्पूर्ण विश्वको हेरचाह राम्रोसँग हुन्छ। अगन सुत्तमा (Aggana Sutta) लोभ, घमण्ड रिस,

६ कामक्रोधस्तथा मोहो लोभो मानो मदस्तथा। षड्वर्गमुत्सृजेदेनमस्मिंस्त्यक्ते सुखी नृपः।

७ आत्मवान् राजा।

८ आन्वीक्षिकी त्रयी वार्ता दणडनीतिश्च शाश्वती। विद्याश्चतस्त्र एवैता अभ्यसेन्नृपतिः सदा।

९ शास्त्राय गुरुसंयोगः शास्त्रं विनयवृद्धये। विद्याविनीतो नृपतिः सतां भवति संमतः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
असत्य, काम र कठोर दण्ड राजाको विनाशको कारण हुन् भन्ने उल्लेख छ। महासुदस्सन सुत्तका अनुसार राज्यको उच्च शक्तिको प्रयोग राज्यलाई नैतिक संस्थाको रूपमा विकास गर्न हुनुपर्छ। भद्र, उदार, कुलिन (noble), दयालु र स्वार्थरहित हुनु राजाका महत्त्वपूर्ण गुण हुन्। राजाले राज्य सञ्चालनमा धर्मको (धम्म) पालना गर्नुपर्छ। धर्मको अर्थ अन्धविश्वास होइन। मानव विवेक र तर्कको कसीमा सत्य प्रमाणित नियम बुद्धका अनुसार धर्म हो। अत: बुद्धका अनुसार धर्मको अर्थ शाश्वत प्राकृतिक कानुन हो। आचार-व्यवहारमा यी नियमको अभ्यास गर्नु धर्म हो, सदाचार हो र राजनीतिक नैतिकता हो।

स्वधर्म पालन (Maintaining Dharma)

प्राचीन हिन्दु राजनीतिक चिन्तन व्यवस्थित रूपमा धर्मसूत्र हुँदै स्मृतिबाट प्रारम्भ भएको मानिन्छ। स्मृतिको प्रतिपाद्य विषय नै धर्म हो। धर्मले मानव समाजलाई सन्मार्गमा लगाई आ-आफ्नो कर्तव्यपालन गर्न प्रेरित गर्दछ। स्मृतिलाई धर्मशास्त्र भनिन्छ। धर्मशास्त्रको क्षेत्र व्यापक छ। राजनीतिशास्त्र पनि धर्मशास्त्रअन्तर्गत पर्दछ। मनुस्मृतिमा राजनीतिसम्बन्धी विचारलाई राजधर्म नाम दिइएको छ। कर्तव्य र नैतिकता धर्मद्वारा स्थापित मान्यता हुन्। व्यक्ति र समाजको उन्नतिका लागि हरेक व्यक्तिले स्वधर्मपालन गर्नुपर्छ। प्राचीनकालमा धर्म राज्यको शासन सञ्चालनका लागि मूल कानुन मानिन्थ्यो। धर्मशास्त्रीय विधि उल्लङ्घन गर्ने अधिकार राजालाई थिएन। राजालाई प्रजाको रक्षाका लागि दण्ड वा बल प्रयोग गर्ने अधिकार दिइएको छ। दण्ड राज्यशक्तिको प्रतीक हो। लोभ, मोह, क्रोध, अहंकार आदिका कारण मानिसहरू धर्मको मार्गबाट विचलित हुन्छन्। सन्मार्गबाट विचलित मनुष्यलाई धर्म र सत्यको मार्गमा लगाउन दण्डको प्रयोग आवश्यक हुन्छ। दण्डको उचित प्रयोगको कलालाई दण्डनीति वा राजधर्म भनिन्छ। दण्डनीतिको प्रयोगका माध्यमबाट धर्म पालन गर्नु र प्रजालाई आ-आफ्नो धर्मपालन गर्न लगाउनु राजाको कर्तव्य मानिएको छ। धर्मशास्त्रमा निर्देशन गरेका आचरण पालना गर्नु सदाचार हो। राजाका लागि निर्धारित प्रमुख नैतिक गुण निम्नानुसार रहेका छन्:

विनय (Humility)

विनय राजामा हुनुपर्ने महत्वपूर्ण गुण मानिएको छ। कौटिल्यका अनुसार राजा बुहुश्रुत हुनुपर्छ। धेरै शास्त्रको अध्ययन गरेको व्यक्तिलाई बहुश्रुत भनिन्छ। विद्याको अध्ययनबाट मानिसमा विनय गुण प्राप्त हुन्छ। विद्याको माध्यमबाट विनीत व्यक्ति राजा बन्न योग्य हुन्छ[१०] (कौटिल्य, अधि.१, अ.४)। विनयको अर्थ अनुशासन हो। अहङ्काररहित नम्रता र गुणी व्यक्तिप्रति अनुराग विनय हो। विनयबाट व्यक्तिमा सत्पात्रता आउँछ। विनयी राजा सबैको हितप्रति समर्पित हुन्छ। अविनयी राजा राज्यसहित नष्ट हुन्छ (मनु, अ.७, श्लो.४१)।

---

१० विद्याविनीतो राजा....।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सत्य र इमान्दारिता (Righteousness and Honest)

राजा नैतिक र इमान्दार हुनुपर्छ । राजाको उदय नै सत्य र धर्मको पालनाका लागि भएको हो । शासन सञ्चालन एवं नीति-निर्माणमा सत्यको पालना गर्नु राजाको कर्तव्य मानिएको छ। सत्यनिष्ठ र न्यायप्रिय राजा जनताको प्रिय हुन्छ। मनुका अनुसार सबैभन्दा ठूलो पवित्रता आर्थिक पवित्रता हो। आर्थिक गतिविधिमा जो व्यक्ति शुद्ध हुन्छ त्यो नै साँचो अर्थमा पवित्र मानिन्छ (मनु, ५, १०६)।[११]

साहस (Courage)

कठीन अवस्थामा पनि सत्य र न्यायको पक्षमा उभिन सक्ने गुण राजामा हुनुपर्छ । राजाले भ्रष्टाचार, उत्पीडन र अनैतिक आचरणको प्रतिरोध गर्न सक्नुपर्छ । शत्रुको आक्रमणबाट प्रजा र राज्यको रक्षा गर्न राजा साहसी हुनुपर्छ भन्ने प्राचीन हिन्दु राजनीतिक विचारकहरूको मत रहेको छ। शत्रुदमनमा राजाले वीरता देखाउनु पर्छ भन्ने प्राचीन हिन्दु राजनीतिक विचारको सार रहेको छ।

न्याय (Justice)

प्राचीन हिन्दु राजनीतिक विचारमा समतामूलक समाजको निर्माणमा जोड दिइएको छ। जाति, देश, कुल र श्रेणीमा प्रचलित परम्परालाई पनि सम्मान गर्नुपर्छ भन्ने मान्यता छ । न्याय सम्पादनमा पवित्रता र निष्पक्षता हुनुपर्छ भन्ने विषयमा पनि प्राचीन हिन्दु राजनीतिक विचारकहरूले जोड दिएका छन् । राजाले आलोचना सुन्नुपर्छ भन्ने बृहस्पतिको विचार छ[१२] (बृहस्पति,अ १, सूत्र ४९)। आधुनिक लोकतन्त्रमा पनि विपक्षी दलले सत्तापक्षको आलोचना गर्ने व्यवस्था हुन्छ। आधुनिक लोकतान्त्रिक शासनका मान्यता प्राचीन कालदेखि नै हिन्दु राज्यव्यवस्थामा प्रचलनमा रहेको स्पष्ट हुन्छ । शासकलाई उत्तरदायी बनाउने र निरङ्कुशता स्वीकार नगर्ने पक्षमा अभिव्यक्तिको स्वतन्त्रता महत्त्वपूर्ण मानिन्छ।

प्रजाको कल्याण (Public Service Oriented)

राज्यको उद्देश्य प्रजाको सेवा गर्नु हो । शासकलाई व्यक्तिगत स्वार्थका लागि राज्यशक्तिको प्रयोग गर्न निषेध गरिएको छ। प्रजारञ्जन राजाको कर्तव्य मानिएको छ। प्रजाको हितमा नै राजाको हित हुन्छ भन्ने नीति रहेको छ। नीतिअनुसार राजा प्रजाको सुखका लागि समर्पित हुनुपर्छ भन्ने मान्यता छ। यो नै राजाको नैतिक कर्तव्य मानिएको छ।

---

११ योऽर्थे शुचिर्हि स शुचिः ....।

१२ अप्रियमपि वचनं श्रृणयात्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

करुणा (Compassion)

कमजोर, पछाडि पारिएका र उत्पीडित जनताको उत्थानमा सहयोग गर्नु राजाको कर्तव्य मानिएको छ । राजामा प्रजाप्रति करुणा र दयाको भावना हुनुपर्छ भन्ने मान्यता रहेको छ ।

उत्तरदायित्व (Accountability)

प्राचीन हिन्दु राजनीतिक विचारमा राजालाई जिम्मेवार बनाइएको छ । राज्यको नीति र कार्यक्रम लागु गर्ने जिम्मेवारी राजामा निहित गरिएको छ । राज्यकोषको उचित प्रयोगका लागि राजालाई जिम्मेवार बनाइएको छ ।

देशभक्ति (Patriotism)

व्यक्तिगत हितभन्दा वृहत्तर राष्ट्रिय हितको लागि काम गर्नु राजाको जिम्मेवारी मानिएको छ । राष्ट्रिय एकता, विकास र निष्ठा (integrity) को संवर्द्धन गर्नु राजाको कर्तव्य हो । राज्य र प्रजाको रक्षाका लागि राजा आफै युद्धमा संलग्न हुनुपर्ने व्यवस्था छ । राजाले राज्यको सुरक्षाका लागि बलियो सेनाको व्यवस्था गर्नु पनि राजाको कर्तव्य मानिएको छ ।

राजाका लागि निर्धारित चारित्रिक गुणको मूल्याङ्कन गर्दा प्राचीन हिन्दु राजनीतिक विचारकहरूको राज्यको नेतृत्व सदाचारी र योग्यतासहितको व्यतिलाई दिनुपर्ने विषयमा मतैक्यता छ ।

नीतिशास्त्रअनुसार शासन (Rule in Accordance With Nitishastra)

देश, काल र परिस्थितिअनुसार नीतिशास्त्रले बताएबमोजिमका राज्य प्रशासन सञ्चालन गर्नु गराउनु राजाको कर्तव्य हो । राजाले ज्ञान र पराक्रमको अहङ्कारले नीतिशास्त्र विपरीत आचरण गर्नुहुँदैन भन्ने बृहस्तिको विचार रहेको छ (बृहस्पति, अ. ६, सूत्र १-२) । प्राचीन हिन्दु राजनीतिक विचारमा नीतिशास्त्रलाई राज्यको संविधान तथा कानुन मानिएको छ । राजासहित सम्पूर्ण प्रजाले नीतिशास्त्रअनुसार आचरण गर्नु राज्य र सामाजिक व्यवस्थाका निम्ति आवश्यक मानिएको छ । राजाले नीतिशास्त्रअनुसार राज्य सञ्चालन गर्नुपर्छ भन्ने मान्यता रहेको छ । शासन व्यक्तिको आदेशबाट होइन नीतिशास्त्रको निर्देशनअनुसार हुनुपर्छ भन्ने विषयमा प्राचीन हिन्दु राजनीतिक विचारकहरूको मतैक्यता रहेको छ । त्यसैले बृहस्पतिले ज्ञान र पराक्रमको अहङ्कार गरेर नीतिशास्त्र विपरीत आचरण नगर्न राजालाई सचेत गराएका छन् । नियम पालनामा आलस्य गर्नुहुँदैन भन्ने पनि उनको विचार छ (बृहस्पति, अ. १, सूत्र ६७) । राजधर्म र नीतिशास्त्रका अधीनमा राजा र राजाका अधिकारीहरूलाई राखिएको छ । नीतिशास्त्रका अधीनमा रहेर गरिने राज्य सञ्चालनको प्राचीन हिन्दु राज्यव्यवस्थामा विधिको शासनको झलक पाइन्छ । नीतिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
पालना गर्नु धर्म मानिएको छ भने त्यसको विपरित कार्य गर्नु दुष्कर्म वा पाप मानिएको छ। राजा स्वेच्छाचारी नबनी सदाचारपूर्वक दण्डनीति लागु गर्न सक्षम हुनुपर्छ। धर्म, अर्थ, काम र मोक्ष यी चार जीवनका लक्ष्य प्राप्तिका लागि समर्पित हुनु राजाको नैतिक कर्तव्य हो। ज्ञानलाई ब्रह्म वा ईश्वरीय तत्त्व मानिएको छ। सृष्टिका हरेक तत्त्वले सृष्टिका प्राकृतिक नियमको पालना गर्नुपर्छ भन्ने मान्यता रहेको छ। मानिस पनि सृष्टिको एउटा अङ्ग हो। त्यसैले मानिसले पनि नीतिशास्त्रले तोकेको आ-आफ्नो कर्तव्य पूरा गर्नुपर्छ। कर्तव्य पालना नगर्नु पाप हो। पापको दण्ड यस लोकमा मात्र होइन मृत्युपछि पनि भोग्नुपर्छ भन्ने आध्यात्मिक चिन्तन मानिसलाई नीतिको पालना गर्न र सदाचारी बन्न प्रेरित गर्ने उपाय मानिएको छ। हिन्दु राज्यव्यवस्थामा राजनीति र प्रशासनमा सदाचार कायम गर्न जोड दिइएको छ।

राज्यको प्रशासनमा सदाचार (Ethics in Governance)

प्राचीन राज्यव्यवस्थामा पनि राजा एक्लैले राज्य सञ्चालन गर्न सम्भव नहुने हुँदा राज्य सञ्चालमा सहयोगी अमात्य र अन्य अधिकारी नियुक्ति गर्ने अधिकार राजालाई दिइएको छ। योग्य र सदाचारी व्यक्तिलाई राजाले आफ्ना सहयोगी नियुक्त गर्नु राजधर्मको नियम मानिएको छ। मन्त्री र अन्य अधिकारीका पनि योग्यता तोकिएको छ। योग्यतामा नैतिक सदाचारलाई विशेष महत्त्व दिइएको छ। व्यक्तिको योग्यताअनुसार नियुक्तिको अवसर दिनुपर्छ भन्ने मान्यता रहेको छ। योग्य व्यक्तिलाई उचित पदमा नियुक्ति गर्ने सम्बन्धमा रामायणमा एउटा प्रसङ्ग उल्लेख छ। मर्यादापुरुष रामले भरतलाई अयोध्याको शासन व्यवस्थाका विषयमा 'के योग्य व्यक्तिलाई उपयुक्त पदमा नियुक्ति गरेका त छौ' भनी प्रश्न गरेको वाल्मीकि रामायणमा उल्लेख छ'[१३] (वाल्मीकि, अयो..,श्लो.२६)। राजा र राजाका सहयोगी अधिकारीहरू सदाचारी र योग्य भएमा मात्र समाजमा सदाचार कायम गर्न सकिन्छ। त्यसैले राज्यको प्रशासनमा सदाचार आवश्यक हुन्छ भन्ने मान्यता प्राचीन हिन्दु राज्यव्यवस्थामा रहेको पाइन्छ।

नेपालमा प्राचीन हिन्दु राज्यव्यवस्थाका सदाचारको सान्दर्भिकता (Relevance of Ethics of Ancient Hindu Polity in Contemporary Nepal)

सदाचार राज्यव्यवस्थामा प्राचीन कालदेखि हालसम्म उत्तिकै महत्त्वपूर्ण विषय रहेको छ। प्राचीन हिन्दु राज्यव्यवस्थामा राजधर्म र नीतिशास्त्रद्वारा के नैतिक र के अनैतिक भनी स्पष्ट निर्धारण गरिएको छ। नीतिले गर्नु भनी तोकेको कार्य गर्नु र निषेध गरिएको कार्य नगर्नु नै नैतिकता र सदाचार हो। समसामयिक राजनीतिमा गर्नुपर्ने र गर्न नहुने कार्य राज्यको कानुन र नीतिद्वारा निर्धारण गरिएको हुन्छ। कतिपय सदाचारका नियम सामाजिक

१३ श्रेष्ठान् श्रेष्ठेषु कच्चित् त्वं नियोजयसि कर्मसु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
मान्यता र मूल्यका रूपमा रहेका हुन्छन्। प्राचीन हिन्दु राज्यव्यवस्थामा सदाचारका नियम धर्मसँग जोडिएको छन्।

राजनीति र प्रशासनमा सदाचार अपरिहार्य हुन्छ। राजनीतिमा अन्य प्रणालीमा रहेको अनैतिक आचरण नियन्त्र गर्ने नीति निर्माण गर्ने शक्ति निहित हुन्छ। त्यसैले राजनीति र सार्वजनिक प्रशासनमा सदाचारको बढी महत्त्व हुन्छ। राजनीतिमा सदाचार कायम गर्न सके मात्र समाजका अन्य क्षेत्रमा पनि सदाचार कायम गर्न सम्भव हुन्छ। नेपालमा सुशासन कायम होस् भन्ने सबै नेपालीको चाहना छ। राजानीतिक नेता र सार्वजनिक पदमा काम गर्ने प्रशासनिक अधिकारीहरूमा सदाचार भएन भने सुशासन सम्भव हुन सक्दैन। नेता र प्रशासकले नैतिकता र सदाचारको पालना गरेमा मात्र शासनमा पारदर्शिता र न्याय सम्भव हुन्छ र राज्यमा सुशासन कायम हुन्छ।

नेपालको समसामयिक राजनीतिमा राजनीतिक नेतृत्वको चरित्र, नैतिकता र सदाचारितामा प्रश्न उठ्ने गरेको छ। राजनीतिमा इमान र निष्ठाका साथ काम गर्ने सदाचारी व्यक्तिभन्दा चुनावमा कार्यकर्तालाई पैसा बाँड्न सक्ने धनाढ्य व्यक्तिलाई अवसर दिने प्रवृत्ति बढेको छ। राजनीति र सार्वजिक सेवामा काम गर्ने व्यक्तिमा पद पुगेपछि अनैतिक र भ्रष्टाचारबाट पैसा कमाउने प्रवृत्ति बढेको छ। निर्वाचित नेताद्वारा राज्यशक्तिको दुरुपयोगको भय बढेको छ। जनतामा राजनीतिक नेता र सार्वजनिक प्रशासनमा काम गर्ने कर्मचारीप्रति सम्मानको भावना खस्किएको छ। जनता र नेताबीच परस्पर विश्वासको वातावरण कमजोर हुँदै गएको छ।

नेपालको राज्यव्यवस्थामा सुशासन कायम गर्न राजनीतिक नेता र प्रशासनिक कर्मचारीहरू सदाचारी हुनुपर्दछ। नेता र प्रशासकमा सदाचार भएन भने सुशासन कायम गर्न सम्भव हुँदैन। सुशासन नभई लोकतन्त्रको सुदृढीकरण सम्भव हुँदैन। चरित्रवान्, इमान्दार र नैतिक र नेता र कर्मचारी भएमा मात्र राजनीतिप्रति जनताको आस्था र विश्वास बढाउन सकिन्छ। नेता सत्य, न्याय र पारदर्शिताको पक्षमा भए मात्र लोकतन्त्र सशक्त हुन्छ। लोकतन्त्र बलियो भए मात्र जाति, धर्म, वर्ग आदिका आधारमा गरिने भेदभावभन्दा माथि उठेर समाजमा सामाजिक , आर्थिक, राजनीतिक र कानुनी न्याय स्थापना गर्न सम्भव हुन्छ। सदाचार न्यायपूर्ण र समतामूलक समाजको निर्माणका लागि अपरिहार्य हुन्छ। सामाजिक न्यायका माध्यबाट समाजिक सामञ्जस्य कायम गर्न पनि राजनीतिमा सदाचार आवश्यक छ।

आर्थिक अनियमितता र भ्रष्टाचार नेपालको अर्को समस्या हो। सदाचार भ्रष्टाचार नियन्त्र गर्ने महत्वपूर्ण आधार हो। आर्थिक अनियमिततालाई पाप मान्ने हिन्दु राज्यव्यवस्थाको राजनीतिक नैतिकताको मान्यता भ्रष्टाचार न्यूनीकरण गर्न उपयोगी हुन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
सक्छ। सरकारले नैतिकता र सदाचार कायम गर्न सकेमा आर्थिक र सामाजिक विकास सम्भव हुन्छ । आर्थिक समृद्धिविना लोककल्याण संम्भव हुँदैन । लोककल्याणविना न्यायपूर्ण समाज निर्माण गर्न सकिदैन।

सदाचार कायम गर्न सजिलो छैन। समसामयिक नेपाली समाजमा आधुनिकताको प्रवेशसँगै पुराना मूल्य, मान्यतालाई मूल्यहीन मान्ने प्रवृत्ति बढेको छ । राजनीति, सार्वजनिक प्रशासन, शिक्षा, स्वास्थ्य,उद्योग, व्यापारलगायत समाजका हरेक क्षेत्रमा नैतिकता खस्केको छ। समाजमा नैतिकता कायम गर्नु वर्तमान नेपालको प्रमुख समस्या भएको छ। सदाचार कायम गर्न कानुनी व्यवस्था गरिएको छ। यति हुँदाहुँदै पनि सदाचार कायम गर्न सकिएको छैन। मानिसमा व्यक्तिगत लोभ र स्वार्थका कारण अनैतिक आचरण गर्ने प्रवृति व्याप्त छ। सत्ता र शक्तिको दुरुपयोग गरी व्यक्तिगत लाभ लिने प्रवृत्ति राजनीति र प्रशासनमा व्याप्त छ। राजनीति र प्रशासनमा रहेको अनैतिकताको दीर्घ रोगको अन्त्य गर्न प्राचीन हिन्दु राज्यव्वस्थामा राजा र राजाका सहयोगी अधिकारीहरूका लागि तोकिएको दुर्व्यसन त्याग गर्नु र सदाचारका नियम पालना गर्नुपर्ने नैतिकताका नियम नेपालको राजनीतिमा देखिएको रोगको उपचारका लागि उपयुक्त औषधी हुन सक्छ। नेता र सार्वजनिक सेवामा संलग्न सबै अधिकारी आत्मसंयमी हुनुपर्ने प्राचीन नियम समासामयिक राज्यव्यवस्थामा पनि उत्तिकै सान्दर्भिक छ । निजी स्वार्थको परित्याग, जनताको सेवाको भावना, जनकल्याणलाई प्राथमिकता, योग्य व्यक्तिलाई उपयुक्त पदमा नियुक्ति गर्ने व्यवस्था, कर्तव्यलाई प्राथमिकता, आर्थिक पवित्रता आदि सदाचारका नियम पनि उत्तिकै सान्दर्भिक छन्।

प्राचीन हिन्दु राज्यव्यवस्थाका सदाचारका नियमहरू समसामयिक नेपाली राजनीतिमा देखिएका नैतिकतासम्बन्धी समस्याको अन्त्य गर्ने भरपर्दो उपाय हुन सक्छन् । प्राचीन नैतिकता र सदाचारका नियम पालना गरिएमा मात्र सदाचार र सुशासन सम्भव हुन्छ। नैतिकता र सदाचारको पुनर्जागरण अहिलेको आवश्यकता हो।

निष्कर्ष (Conclusion)

राजनीति र सदाचारका विषयमा विभिन्न विद्वानहरूको मत अलग-अलग रहेको पाइन्छ। पाश्चात्य विद्वान् प्लेटो, अरस्तु, जोन लक, जे. एस्. मिल, इमानुयल कान्ट आदि विद्वानहरू नैतिकतालाई राजनीतिको अनिवार्य हिस्सा मान्दछन् । मेकियावेली, हब्स जस्ता विचारक राजनीतिबाट नैतिकता अलग गर्ने पक्षमा छन्। प्राचीन हिन्दु राजनीतिक विचारमा भने नैतिकतालाई राजनीतिको अभिन्न अङ्ग मानिएको छ। मनु, बृहस्पति, शुक्राचार्य र कौटिल्यले राजनीतिमा नैतिकता अपरिहार्य मानेका छन् । रामायण र महाभारतमा पनि राजनीतिमा नैतिकतालाई महत्त्वपूर्ण स्थान दिइएको छ । महात्मा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गान्धीले राजनीतिमा सत्य, अहिंसा र नैतिकता अपरिहार्य मान्दछन् । नैतिकताबिनाको राजनीति घातक हुने उनको विचार रहेको छ । समसामयिक राजनीतिमा पनि समाजमा न्याय, समानता र जनकल्याणको अभिवृद्धिका लागि राजनीतिमा नैतिकता र सदाचार अपरिहार्य मानिन्छ । नैतिक सिद्धान्तमा आधारित राजनीतिबाट मात्र न्यायपूर्ण समाजको स्थापना हुन सक्छ । नैतिक मूल्य र सदाचाररहित राजनीति भयो भने त्यसले समाजमा भ्रष्टाचार, अन्याय र असमानता निम्त्याउँछ । राजनीति र प्रशासनमा सदाचार कायम गर्न सके मात्र समाजका अन्य क्षेत्रमा पनि सदाचार कायम गर्न सम्भव हुन्छ । राजानीतिले सदाचारका नीति-नियम निर्माण गर्छ । सदाचारी नेता र प्रशासकबाट मात्र सदाचारसम्बन्धी सही नीति-निर्माण सम्भव हुन्छ । नीति-नियमको कार्यान्वयनको जिम्मा पनि राजनीति र प्रशासन कै हो । सदाचारी नेताबाट मात्र सही रूपले नीतिको कार्यान्वय हुन सक्छ । समाजमा सदाचार कायम गर्न सम्भव हुन्छ । राजनीति शुद्ध भएमा समाज शुद्ध बनाउन सकिन्छ । सदाचार र राजनीतिक नैतिकताका मूल्य र मान्यताहरू राजनीतिमा प्राचीन कालदेखि वर्तमानसम्म उत्तिकै सान्दर्भिक छन् । सदाचारी, इमान्दार र नैतिक व्यक्ति नेता नभएसम्म सुशासन सम्भव हुँदैन ।

प्राचीन कालमा सुशासन र भ्रष्टाचारमुक्त राज्यव्यवस्थाका लागि राजनीतिक नैतिकता जति आवश्यक थियो वर्तमान राजनीतिमा पनि उत्तिकै आवश्यक छ । नैतिकता र सदाचारबिना सुशासन सम्भव हुँदैन । हिन्दु राजनीतिक चिन्तनका सदाचारसम्बन्धी विचारबाट वर्तमान सन्दर्भमा लोकतन्त्र, सुशासन, भ्रष्टाचार नियन्त्रण र सामाजिक आर्थिक न्याय कायम गर्न प्रेरणा प्राप्त गर्न सकिन्छ । राजनीतिमा सदाचार र सुशासन कायम गर्नु समृद्ध र न्यायपूर्ण राष्ट्र निर्माणको आधार हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राज्यको आयव्यय
(Income and Expenditure of State)

प्राचीन मनिषिहरूद्वारा प्रतिपादित हिन्दु राज्यव्यवस्थामा कोष राज्यका सात अङ्गमध्ये महत्त्वपूर्ण अङ्ग मानिएको छ। राज्य सञ्चालकका लागि धनको आवश्यकता पर्ने विषयलाई महत्त्व दिएर नै हिन्दु राजनीतिक चिन्तनमा कोषलाई राज्यको अङ्ग मानिएको हो । राज्यको शासन सञ्चालनका लागि सङ्कलन गरिएको धनलाई कोष भनिन्छ । राज्यको आधार कोष हो। राज्यको उत्पत्तिसँगै कोषको पनि उत्पत्ति भएको मानिएको छ । कोषविना राज्यको प्रशासन सञ्चालन गर्न सम्भव हुँदैन। त्यसैले राज्यका सबै कार्यको मूल कोष मानिएको हो । सबै उपायको प्रयोग गरेर राजाले कोष जम्मा गर्नुपर्छ भन्ने शुक्राचार्यको विचार छ[१] (शुक्राचार्य, अ.४, प्र.२, श्लो.१)। बृहस्पतिले सम्पूर्ण जगत्को मूल नै धनलाई मानेका छन्[२] (बृहस्पति, अ.६, सू.१०)। शुक्राचार्यका अनुसार कोषको मूल बल वा सेना हो भने सेनाको मूल कोष हो[३] (शुक्राचार्य, अ.४, प्र.२, श्लो.१४)। कोष र सेना परस्पर अन्तर्निर्भर हुन्छन्। कोष समृद्ध भए मात्र बलियो सेना सङ्गठित गर्न सम्भव हुन्छ । समृद्ध कोषका लागि बलियो सेना आवश्यक हुन्छ । कौटिल्यको अर्थशास्त्रमा राज्य सञ्चालनका नियमका साथै समाजमा आर्थिक न्याय स्थापनाका लागि अर्थ-व्यवस्थाबारे पनि विस्तृत विवेचना गरिएको छ। राज्यको आयव्ययसम्बन्धमा प्रसङ्गवश यस पुस्तकको विभिन्न अध्यायमा सङ्क्षिप्त चर्चा गरिएको भए तापनि मनुस्मृति, बृहस्पतिको अर्थशास्त्र, शुक्राचार्यको नीतिसार, महाभारत, कौटिल्यको अर्थशास्त्र आदि विभिन्न प्राचीन ग्रन्थमा प्रतिपादित राज्यकोषको आयव्ययसम्बन्धी सिद्धान्तको विवेचना यस प्रकरणमा प्रस्तुत गरिएको छ।

कोषको उद्देश्य र महत्त्व (Objectives and Importance of Treasury)

राजनीति र अर्थव्यवस्थाबीच घनिष्ट सम्बन्ध हुन्छ। राज्य सञ्चालन धनविना सम्भव हुँदैन। त्यसैले प्राचीन हिन्दु रानीतिक विचारकहरूका अनुसार राज्यका आवश्यक सात अङ्गमध्ये कोष महत्त्वपूर्ण अङ्ग मानिएको छ । राज्यको सबै कार्यको मूल कोषलाई

१ येन केन प्रकारेण धनं सञ्चिनुयान्नृपः।

२ धनमूलं जगत्।

३ बलमूलो भवेत् कोशः कोशमूलं बलं स्मृतम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मानिन्छ । कौटिल्यले धर्मको मूल अर्थ र अर्थको मूल राज्य मान्दछन्[४] (कौटिल्य, चाणक्यसूत्र २-३)। त्यसैले उनका अनुसार राजाले कोष वृद्धिका लागि प्रयत्न गर्नुपर्दछ। दुर्भिक्ष एवं आपत्ति आइपरेका समयमा सारा प्रजाको रक्षा गर्न सक्नुपर्दछ (कौटिल्य, अधि. ६. अ. १)। राज्यलाई प्रजाको रक्षा, प्रजाका लागि लोककल्याणकारी कार्य सम्पादन, राज्यका कर्मचारीको पारिश्रमिक, सेनाको व्यवस्था, दान र धार्मिक कार्यका लागि राजकीय कोषको आवश्यकता पर्छ भन्ने कौटिल्यको विचार छ। प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राज्य सञ्चालनको उद्देश्य शासकको हित होइन जनताको हितको निम्ति हुनुपर्ने स्थापित मान्यता छ। के गर्दा समाजमा सामाजिक र आर्थिक न्याय हुन्छ र सबै जनताले सुख शान्ति प्राप्त गर्दछन् भन्ने बिषयमा राजनितिक चिन्तन केन्द्रित छ। प्राचीन हिन्दु राज्यव्यवस्थामा आधुनिक प्रजातन्त्र र लोककल्याणकारी शासन व्यवस्थाको जस्तै राज्यको समृद्धि र न्यायपूर्ण वितरणमा जोड दिने गरेको पाइन्छ।

अर्थव्यवस्था (Economic System)

प्राचीन हिन्दु राजनीतिशास्त्रका लेखकहरू वर्णव्यवस्थाका समर्थक छन्। समाज ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र गरी चार वर्णमा विभाजित छ। अध्ययन-अध्यापन, यज्ञगर्नु र गराउनु ब्राह्मणका कार्य मानिएको छ। राज्य सञ्चालन र यसको रक्षा गर्नु क्षत्रियका लागि निर्धारित कर्म हो। कृषि, पशुपालन र उद्योग व्यापार गर्नु वैश्यको धर्म मानिएको छ। शूद्रका लागि तीन वर्णका व्यक्तिलाई उनीहरूको कार्यमा सहयोग गर्ने कार्य निर्धारित छ। साथै शूद्रले कृषि, पशुपालन र व्यापार एवं शिल्पकारको कार्य गर्न सक्ने कौटिल्यको मत छ (कौटिल्य, अधि. १. अ. २)। ब्राह्मण र क्षत्रिय वर्णलाई राज्यको आर्थिक अधिकारबाट वञ्चित गरिएको छ। उनीहरूको जीविकाको बन्दोबस्त राज्यले गर्नुपर्ने व्यवस्था छ। परम्परागत रूपमा शूद्रको कार्यक्षेत्र सेवामा सीमित गरिएको छ तर कौटिल्य शूद्रलाई राज्यको सैनिकमा समेत भर्ना गर्ने पक्षमा छन्। परम्परागत मान्यताका विपरीत शूद्रलाई सैनिक सेवामा भर्ना तथा कृषि, पशुपालन र शिल्पकारिताका क्षेत्रमा समेत अवसर दिइएकाले कौटिल्यकालिक समाजमा शूद्रको अवस्था समेत आर्थिक दृष्टिले राम्रो रहेको अनुमान गर्न सकिन्छ। वैश्य र शूद्रलाई आर्थिक गतिविधिमा संलग्न गरिएको हुँदा करको बढी दायित्व पनि यिनीहरूमा नै सीमित गरिएको छ।

कौटिल्यका अनुसार भूमि उत्पादनको प्रमुख साधन थियो। यही भूमिमा अन्न फलाउनु प्रमुख जीविका थियो तर कृषि योग्य जमीनको स्वामित्व राज्यको हुन्थ्यो। राज्यलाई निश्चित कर तिर्ने शर्तमा जमीन कृषकलाई उपलब्ध गराइन्थ्यो। यदि कुनै व्यक्तिले आफ्नो परिश्रमबाट बाँझो जमीनलाई कृषियोग्य बनाएको छ भने त्यो जमीनमा

४ धर्मस्य मूलमर्थः। अर्थस्य मूलं राज्यम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
त्यसैको पूर्ण स्वामित्व हुन्थ्यो। राज्यले कृषि गर्ने गरेको शङ्केत पनि कौटिल्य अर्थशास्त्रमा उल्लेख छ। कौटिल्यका अनुसार राज्यको कृषि विभागको प्रमुखलाई सीताध्यक्ष भनिन्छ। राज्यको सम्पूर्ण कृषि योग्य भूमिमा कृषिकार्य गर्नु सीताध्यक्षको कर्तव्य हो (कौटिल्य. अधि. २. आ २४. प्र. ४०.)। कौटिल्यले राज्यमा एउटा पशुविभाग स्थापना गर्नुपर्ने सल्लाह दिएका छन्। राज्यले पशुपालन पनि गर्नुपर्ने कौटिल्यको विचार छ। पशुपालन राज्यको नियन्त्रणमा राख्नु नै सर्वोत्तम र समीचीन व्यवस्था हो भन्ने कौटिल्यको मान्यता रहेको छ। कृषि जस्तै पशुपालनमा पनि निजी क्षेत्रको संलग्नता स्वीकार गरिएको छ। कौटिल्यले कृषि, पशुपालनका साथै उद्योग एवं व्यापारको विस्तार राज्यको समृद्धिका लागि आवश्यक छ भन्ने उल्लेख गरेका छन्। प्रमुख उद्योग राज्यको नियन्त्रणमा रहनु पर्ने कौटिल्यको मान्यता छ। साना उद्योग मात्र निजीक्षेत्र र व्यक्तिको स्वामित्वमा रहने व्यवस्था गरिएको छ।

मानिसले मानिसको श्रमको शोषण गर्न रोक्नका लागि पनि उद्योगमा राज्यको नियन्त्रण आवश्यक हुन्छ। श्रमिकको ज्याला निर्धारण गर्ने जिम्मेवारी राज्यको हो भन्ने कौटिल्यको मत छ। व्यापारमा पनि कौटिल्य पूर्ण राजकीय नियन्त्रणका पक्षमा छन्। कौटिल्यका अनुसार व्यापारीहरूका गतिविधिमा राज्यले नियन्त्रण गर्नुपर्छ। उनले राज्यको समृद्धि र प्रजाको हितलाई ध्यानमा राखेर नै उद्योग एवं व्यापारमाथि राज्यको नियन्त्रण कायम राख्ने प्रयास गरेको पाइन्छ। उनले कृषि, पशुपालन, उद्योग र व्यापार राज्यको राजस्वका प्रमुख स्रोत मानेका छन्। राजस्वमा कमी हुन नदिनका लागि उनले कृषि र उद्योगमा राज्यको नियन्त्रण आवश्यक ठानेका हुन्। कौटिल्यको आर्थिक गतिविधिमाथि राज्यको नियन्त्रणको उद्देश्य राज्य नियन्त्रित समाजवाद वा राज्यको एकाधिकार स्थापित गर्नु थिएन। उनको एक मात्र उद्देश्य प्रजाको हितको पक्षमा कृषि, उद्योग र व्यापारका क्षेत्रमा रहेका अनियमितता नियन्त्रण गर्नु थियो। राज्य र निजी क्षेत्रको आर्थिक क्रियाकलापमा संलग्नता हेर्दा कौटिल्य मिश्रित अर्थ-व्यवस्थाका पक्षमा रहेको देखिन्छ। आधुनिक उदारवादी प्रजातन्त्रमा पनि अर्थ-व्यवस्था एवं आर्थिक गतिविधिलाई पूर्ण रूपले अनियन्त्रित छोड्नु उचित मानिदैन र कुनै न कुनै तरिकाले राज्यको नियन्त्रण आवश्यक मानिन्छ। कौटिल्य सन्तुलित विकासका लागि आर्थिक क्रियाकलापमा राज्यको नियन्त्रण आवश्यक हुन्छ भन्ने पक्षमा छन्। साथै उनी मानिसका आर्थिक गतिविधिमा कुनै न कुनै रूपमा राज्यको नियन्त्रण आवश्यक हुन्छ भन्ने मान्यता राख्दछन्। कौटिल्यको यो विचारको आधुनिक उदारवाद एवं समतावादसँग नजिकको सम्बन्ध रहेको स्पष्ट हुन्छ।

करसम्बन्धी सिद्धान्त (Theories of Taxation)

वैदिक कालमा समाज धर्म प्रधान थियो। राजाको शक्ति पूर्ण रूपले स्थापित भइसकेको थिएन। राजाले निजी कृषि र पशुपालनबाट आफू र आफ्ना सहयोगीको जीविकाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
व्यवस्था गर्दथे । राजा करमा मात्र निर्भर हुँदैनथे । राजालाई दिइने करलाई पनि बलि भनिन्थ्यो । यज्ञमा देवतालाई खुसी पार्न चढाइने वस्तुलाई पनि बलि भनिन्छ । यसबाट तात्कालिक राज्यव्यवस्थामा कर नियमित नभई ऐच्छिक थियो भन्ने बुझिन्छ । वैदिक कालमा अनुत्पादक पौरोहित्य ब्राह्मणको व्यवसाय थियो । क्षत्रिय युद्ध र राज्यको भूभाग विस्तारमा संलग्न हुन्थे । शूद्रको कुनै निजी सम्पत्ति हुँदैनथ्यो । वैश्य मात्र आर्थिक क्रियाकलापमा संलग्न हुन्थे । त्यसैले करको दायित्व पनि वैश्यमा सीमित थियो ।

उत्तरवैदिक कालमा कर नियमित भएको पाइन्छ । स्मृति र महाकाव्यमा करसम्बन्धी सिद्धान्तको विकसित अवस्थाको उल्लेख गरिएको छ । राजालाई 'विशामत्ता समजनि' भनी उल्लेख गरिएको छ । विशामत्ताको अर्थ प्रजालाई खाने भन्ने हुन्छ । प्रजाले तिरेको करबाट जीविका चलाउने भएका हुँदा राजालाई 'विशामत्ता समजनि' मानिएको हो । यस कालमा प्रजाले नियमित रूपमा कर तिर्न थालेका थिए र यसबाट राजा र राजाका सहयोगीहरूको जीवन निर्वाह हुन थालेलेको थियो ।

वार्ता र दण्ड राज्यका आयका प्रमुख दुई क्षेत्र हुन् । कृषि, पशुपालन र उद्योग व्यवसाय करको प्रमुख क्षेत्र मानिएको छ । आर्थिक दण्डसजाय पनि राज्यकोषको स्रोत मानिएको छ । मात्स्यन्यायको अन्यायपूर्ण अवस्थाबाट मुक्त हुनका लागि प्रजाले वैवस्वत मनुलाई आफ्नो राजा नियुक्त गरेर खेतीको उब्जनीको छैटौँ भाग, व्यापार आदिबाट भएको आम्दानीको दसौँ भाग तथा सुवर्णको थोरै भाग राजाका लागि करको रूपमा दिने निर्धारण गरेका थिए भनी कौटिल्यले उल्लेख गरेका छन्[५] (कौटिल्य, अधि.१, अ.१२) । करसम्बन्धी सिद्धान्त मनुस्मृति, शुक्रनीतिसार, महाभारत र कौटिल्यको अर्थशास्त्रमा विस्तृत विवेचना गरिएको छ । करका मुख्य सिद्धान्त निम्नानुसार रहेका छन्:

न्यायोचित र युक्तियुक्त कर (Reasonable and Equitable Taxation)

राजाले स्वेच्छापूर्वक कर निर्धारण गर्न पाउँदैनथे । कर न्यायोचित र युक्तियुक्त हुनुपर्छ भन्ने मान्यता राजकीय कर निर्धारणसम्बन्धी पहिलो सिद्धान्त हो । शासन सञ्चालनमा जसरी राजालाई दण्डनीतिका अधीनमा राखिएको छ त्यसरी नै कर निर्धारणमा पनि दण्डनीतिका अधीनमा राखिएको छ । प्राचीन करव्यवस्था वैज्ञानिक एवं नीतिमा आधारित छ । मनुस्मृतिका अनुसार जसरी जुका, बाछो र भँवरोले अलि-अलि गरेर आफ्नो भोजन लिन्छन्, त्यसैगरी राजाले पनि प्रजालाई पीडा नदिई थोरै-थोरै वार्षिक कर लिनुपर्छ (मनु, अ.७, श्लो.१२९) । जुकाले थाहा नहुने गरी रगत चुस्छ । बाछोले गाईलाई पीडा नहुने गरी दुध चुस्छ । भँवरोले फूललाई पीडा नदिई रस चुस्छ । जुका, बाछो र भँवरो जस्तै जनतालाई मर्का नपर्ने गरी वार्षिक कर उठाउन मनुले राजालाई सल्लाह दिएका छन् ।

---

५ मात्स्यन्यायाभिबूता: प्रजा मनुं वैवस्वतं राजानं चक्रिरे । धान्यषड्भागं पण्यदशभागं हिरण्यं चास्य भागधेयं प्रकल्पयामासु: ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यसका साथै उनले करका दर समेत प्रस्ताव गरेका छन् । पशु र सुनका नाफाको पचासौँ भाग र कृषकहरूबाट अन्नको छैटौँ, आठौँ वा बाहौँ भाग कर लिनुपर्छ । वृक्ष, मासु, मह, घिउ, सुगन्ध, औषधि, रस, फूल, फल, कन्दमूल, पात, साग, घाँस, छाला, बाँस, माटो र ढुङ्गाका भाँडाकुँडा सबैको नाफाको छैटौँ भाग राजाले करको रूपमा लिनुपर्छ । डुङ्गा तारेको शुल्क समेत तोकिएको छ (मनु, अ.८, श्लो.४०४-४०५)।

सुन, चाँदी आदिका खानी, नून, अन्न, नदी तराउने डुङ्गा, हात्ती, पशुपालन आदि करका क्षेत्र हुन् । ती स्थानको निरीक्षण गर्न राजाले योग्य व्यक्तिलाई नियुक्त गर्नुपर्छ भन्ने महाभारतमा उल्लेख गरिएको छ (महाभारत, शान्ति., अ.६९, श्लो.२९) । अन्नको छैटौँ भाग बलि कर उठाएर त्यो जनताको रक्षाका लागि खर्च गर्नुपर्छ भन्ने महाभारतमा उल्लेख छ (महाभारत, शान्ति., अ.६९, श्लो.२५) । करनीतिका सम्बन्धमा महाभारतमा जसरी बुद्धिमान् मनुष्यले गाईको रक्षा गर्दै दुध दुहुन्छ त्यसैगरी राजाले पृथ्वी पालन गर्दै धन लिनुपर्छ । जसरी मौरीले नानाप्रकारका फूलबाट रस जम्मा गरेर मह तयार गर्छ त्यसरी नै राजाले समस्त प्रजाबाट थोरै-थोरै धन लिएर बलियो कोष बनाउनुपर्छ[६] (महाभारत, शान्ति., अ.१२०, श्लो.३३-३४)। प्रजालाई पीडा नदिई थोरै-थोरै कर उठाउने सल्लाह राजालाई दिइएको छ।

कर राजाको भृति (Taxation as Livelihood of the King)

करका सम्बन्धमा दोस्रो सिद्धान्तअनुसार कर पारिश्रमिक हो । राजाले आफ्नो पारिश्रमिक , कर्मचारी र सेनाको पारिश्रमिकको व्यवस्था राज्यकोषबाट गर्दथे । प्रजाबाट निर्धारित कर प्राप्त गरेर राजाले प्रजाको योगक्षेमको सम्पूर्ण दायित्व लिने व्यवस्था गरिएको छ । प्रजाले तिरेको कर र दण्ड प्रजाको उत्पीडन अन्त्य गर्न सहायक हुन्छ साथै यसबाट प्रजाको भलाइ एवं कल्याण हुनुपर्छ भन्ने कौटिल्यको विचार रहेको छ (कौटिल्य, अधि.१, अ.१२) । जनकल्याणकारी कार्य पनि राज्यकोषको व्ययको क्षेत्र मनिएको छ । धार्मिक कार्यमा पनि राज्यकोषबाट खर्च गर्ने व्यवस्था गरिएको छ ।

मूलधनमा होइन शुद्ध आम्दानीमा मात्र कर (Taxation on Net Profits not on Gross Earnings)

उद्योग व्यापारका सम्बन्धमा शुद्ध आम्दानी (net profit) मा मात्र कर लगाउनु पर्छ । मूलधनमा कर लगाउन निषेध गरिएको छ । उद्योग व्यवसायलाई प्रोत्साहन गर्नका लागि यस्तो व्यवस्था गरिएको स्पष्ट हुन्छ ।

---

६ यथा क्रमेण पुष्पेभ्यश्चिनोति मधु षट्पदः । तथा द्रव्यमुपादाय राजा कुर्वीत सञ्चयम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

एक पटक मात्र कर (Taxation Only Once)

कौटिल्यका अनुसार कुनै वस्तुमा एक पटक मात्र कर लगाउनु पर्छ[७] (कौटिल्य, अधि. ५, अ.२)। एउटै वस्तु र सेवामा पटक-पटक कर लगाउनु हुँदैन भन्ने कौटिल्यको मत छ।

करको वृद्धि (Gradual Increase in Taxation)

करमा कुनै किसिमबाट वृद्धि गर्नुपर्ने भएमा एकै पटक वृद्धि गर्नुहुँदैन। थोरै-थोरै क्रमशः वृद्धि गर्नुपर्छ भन्ने कौटिल्यको विचार छ। कौटिल्यका अनुसार जसरी बगैँचामा फलको वृक्षबाट पाकेको फल मात्र टिपिन्छ र काँचो फल छाडिन्छ त्यसै गरी प्रजाबाट कर असुल गर्दा पनि काँचो फल छाडे जस्तै धन छोड्नुपर्छ। काँचो फल पनि टिपे जस्तै गरी प्रजाबाट कर असुल गरेमा प्रजा रुष्ट हुन्छन् (कौटिल्य, अधि.५, अ.२)।

सङ्कटकालीन स्थितिमा करमा वृद्धि (Extra Taxation in National Calamity)

आपत्ति परेका समयमा अतिरिक्त कर लगाउन सकिने व्यवस्था छ। आपत्ति कालमा राजाले तोकिएको भन्दा बढी कर लिएर भए पनि प्रजाको रक्षा गर्नुपर्छ। मनुका अनुसार आपत्ति कालमा राजाले कृषि उब्जनीको चौथो भागसम्म कर लिन सक्छन् (मनु, अ.१०, श्लो.११८)। राज्यलाई धन आवश्यक परेका बखत छलकपट गरेर समेत कोष बढाउने सल्लाह कौटिल्यले दिएका छन्। कौटिल्यले नृत्य, गायन, वेश्यावृति आदिबाट गरिने पारिश्रमिक आम्दानीको पचास प्रतिशतसम्म कर उठाउने नियम बनाएका छन् (कौटिल्य, अधि.५, अ.१२) । यसरी आपत्तिको समयमा करका दर उच्च गर्न राजा सक्षम हुन्छन्।

करमा छुटसम्बन्धी व्यवस्था (Exemption From Taxation)

मनुले कर छुट दिनेसमेत प्रस्ताव गरेका छन्। उनका अनुसार अन्धो, बहिरो, लँगडो, सत्तरी वर्षभन्दा माथिको वृद्ध र वेदपाठी ब्राह्मणको सेवामा संलग्न व्यक्तिबाट राजाले कर लिनुहुँदैन। वेदपाठी ब्राह्मणसितसमेत कर लिनु हुँदैन (मनु, अ.७, श्लो.१३३,३९४)। दुई महिनामाथिकी गर्भिणी स्त्री, संन्यासी, ब्राह्मण र ब्रह्मचारीसित डुङ्गाबाट नदी तर्दा कुनै शुल्क लिनु हुँदैन भन्ने मनुको मत छ (मनु, अ.८, श्लो.४०७) । सैनिकको गाउँ, विकलाङ्ग व्यक्ति, श्रोत्रिय ब्राह्मणलाई करमुक्त गर्ने व्यवस्था कौटिल्यले पनि गरेका छन्। तर राजकीय कोषबाट पारिश्रमिक प्राप्त गर्ने ब्राह्मणलाई भने करमुक्त मानिएको छैन। विद्यार्थीलाई पनि करमुक्त गर्ने प्रावधानको व्यवस्था कौटिल्यले गरेका छन्। नयाँ भूमिमा खेती गर्ने किसानबाट कर लिनु हुँदैन। सरकारले उनीहरूलाई सहयोग गर्नु पर्छ। राज्यको सीमा, र व्यापारिक मार्गमा बसोबास गर्नेहरूसँग पनि कर उठाउनु हुँदैन। पैठारी करका (Import tax) सम्बन्धमा यदि राज्यका जनताको उपकार हुने दुर्लभ वस्तु छ भने करमा छुट दिएर त्यस्तो

७ सकृदेव न द्विः प्रयोज्यः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
वस्तु आफ्नो देशमा धेरै आयात गर्नुपर्छ भन्ने कौटिल्यको मत छ (कौटिल्य, अधि.२, अ. २१)। उनको यस नीतिमा अन्तर्राष्ट्रिय खुला व्यापार पद्धतिको आभास हुन्छ।

राज्यको कार्य सम्पन्न गर्न धनको आवश्यकता पर्छ । त्यसैले हिन्दु राजनीतिक चिन्तकहरू धन वा कोषलाई राज्यको अङ्ग मान्छन् । शान्ति सुरक्षाका लागि सेनाको आवश्यकता हुन्छ। सेनाको लागि धन आवश्यकता पर्छ। जनताको कल्याणका लागि पनि धन आवश्यक हुन्छ । प्रजाको रक्षा नगर्ने तर उनीहरूसित कर मात्र असुल्ने राजालाई मनुले सबै प्रजाले गरेका पापको भागी हुनुपर्ने बताएका छन् । निर्दिष्ट मर्यादाको पालना नगर्ने, नास्तिक, व्यर्थमा दण्ड दिएर धन लिने, प्रजाको रक्षा नगर्ने तर कर उठाउने राजा अधोगतिमा प्राप्त हुन्छ भन्ने मनुको विचार छ (मनु, अ.८, श्लो.३०८-३०९)। राजकीय कोषको धन प्रजाको रक्षाका निम्ति खर्च गर्नुपर्छ। कौटिल्यको कर सिद्धान्त प्रगतिशील छ। विभिन्न विषयमा उनले प्रस्ताव गरेका करका दर अन्यायपूर्ण छन् र जनतालाई पीडा दिने खालका छन्। उनका करका दर वर्तमान सन्दर्भमा लागू गर्न सम्भव हुँदैन।

राजकीय आयका स्रोत (Sources of National Income)

करका राज्यकोषको आम्दानीको प्रमुख स्रोत मानिएको छ। कृषि, पशुपालन, व्यापार, उद्योग, खानी आदि राज्यको आम्दानीका प्रमुख स्रोत हुन् । भूमि कर, शुल्क र अर्थ दण्डबाट प्राप्त धन राजकीय आयका स्रोतहरू हुन्। प्राचीन शास्त्रमा राज्यका आम्दानीका स्रोतबारे विस्तृत विवरण पाइन्छ। त्यसको सङ्क्षिप्त चर्चा निम्नानुसार रहेको छः

बलि (Taxes on Agricultural Products)

कृषिको आम्दानीमा लगाइने करलाई बलि भनिन्छ। प्राचीन हिन्दु राज्यव्यवस्थामा कृषिको आम्दानीबाट प्राप्त कर राज्यको आम्दानीको मुख्य स्रोत थियो । प्राचीन राजनीतिशास्त्रका सबै लेखकको कृषिबाट हुने आम्दानीलाई राज्यको आम्दानीको मुख्य स्रोत मान्ने विषयमा मतैक्यता देखिन्छ । सामान्यतः कृषिको आम्दानीको छैठौँ भाग करको रूपमा राज्यलाई दिने व्यवस्थाका रहेको छ। फलफूल, साग, माछा, मासुको पनि छैठौँ भाग कर निर्धारण गरिएको छ। मनुले जमीनको गुणका आधारमा कृषि उत्पादनको छैटौँ, आठौँ र बाह्रौँ भाग कर लिने व्यवस्था गरेका छन् (मनु, अ.७, श्लो.१३०) । शुक्राचार्यको पनि कृषि भूमिको अवस्थाका आधारमा कर निर्धारण गर्नु पर्ने विचार छ। उनका अनुसार ताल, नहर, इनार आदिको जलबाट सिचाइ हुने भूमिको उत्पादनको तेस्रो भाग, वर्षाबाट सिचाइ हुने भूमिको उत्पादनको आधा भाग बाँझो र चट्टान भएको भूमिको उत्पादनको छैटौँ भाग करको रूपमा लिनुपर्छ (शुक्राचार्य, अ.४, प्र.२, श्लो.११३-११५)। कौटिल्य पनि कृषि उत्पादनको छैटौँ अंश बलिको रूपमा कर लिनुपर्ने पक्षमा रहेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

शुल्क (Taxation on Trade)

राज्यको आम्दानीको दोस्रो स्रोत शुल्क मानिएको छ । व्यापारिक वस्तुमा लिइने करलाई शुल्क भनिन्छ । व्यापारी र व्याजमा धन लगानी गर्ने व्यक्तिबाट आम्दानीको बत्तीसौँ भाग करको रूपमा लिनुपर्छ भन्ने शुक्राचार्यको विचार छ (शुकर्चार्य, अ.४, प्र.२, श्लो.१२७-१२८)। व्यापारमा लगाइने कर सीमा शुल्क, आयशुल्क आदि हुन्। राज्य भित्र उत्पादित वस्तुमा उत्पादन कर उठाउने पक्षमा कौटिल्य छन्। स्वदेशमा उत्पादित वस्तु बाहिर पठाउँदा निकासी कर उठाउनु पर्छ । कौटिल्यले निकासी करलाई निष्क्राम्य र पैठारी करलाई प्रवेश्य भनी उल्लेख गरेका छन्। मनुका अनुसार व्यापारको नाफाको बीसौँ भाग शुल्क लिनुपर्छ (मनु, अ.८, श्लो.३९८)।

अर्थदण्ड (Economic Punishment)

दण्ड जरिमानाबाट उठेको रकम राज्यको आयको महत्त्वपूर्ण स्रोत मानिएको छ । मनुस्मृति, शुक्रनीतिसार, कौटिल्यार्थशास्त्र आदि ग्रन्थमा विभिन्न अपराधमा विभिन्न मात्रामा अर्थदण्डको व्यवस्था गरिएको छ। दण्डबाट प्राप्त धन पनि राज्य कोषमा जम्मा गर्ने व्यवस्था गरिएको छ।

अतिरिक्त कर (Additional Taxes)

अकल्पनीय आपत्तिको अवस्थामा जनताको हितका लागि सामान्य करका अतिरिक्त प्रजाबाट थप करग्रहण गर्न सक्ने व्यवस्था प्राचीन शास्त्रकारहरूले गरेका छन् । कृषि उत्पादनको चौथो भाग र व्यापारको आम्दानीको पाँचदेखि पचास प्रतिशतसम्म कर उठाउन सकिने व्यस्था गरिएको छ।

उपहार (Gift)

युद्धमा पराजित राज्यबाट कर वा उपहार लिने प्राब्धान शास्त्रमा उल्लेख छ। सामन्त र अधीनस्थ राजाबाट प्राप्त उपहार राज्यको आम्दानीको स्रोत मानिएको छ।

विविध आय (Miscellaneous Income)

बलि, शुल्क र उपहारका अतिरिक्त अन्य प्रकारका करको उल्लेख पनि प्राचीन ग्रन्थमा गरिएको छ। पशुकर आयको महत्त्वपूर्ण स्रोत मानिएको छ। मनुका अनुसार पशु र सुनको व्यापारको नाफाबाट पचासौँ भाग कर लिनुपर्छ (मनु, अ.७, श्लो.१३०)। श्रमिकबाट एक पक्षमा एक दिन करको रूपमा श्रम लिनुपर्छ भन्ने शुक्रचार्यको मत छ (शुक्रचार्य, अ.४, प्र.२, श्लो.११९)। शुक्राचार्यका अनुसार व्याय घटाएर राज्यमा रहेका खानीमध्ये सुनको पचास प्रतिशत, चाँदीको तेस्रो भाग, तामाको चतुर्थांश, फलाम, सीसा आदिको छैटौँ भाग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
र रत्न, नून आदिको आधा भाग कर लिनुपर्छ (शुक्रचार्य, अ.४, प्र.२, श्लो.११५-११६)। गाडेको धन प्राप्त भएमा त्यो पनि राज्यको हुने व्यवस्था छ।

राजकीय व्यय (National Expenditures)

मनुका अनुसार राजाले अप्राप्त धन दण्डको माध्यमबाट प्राप्त गर्ने इच्छा गर्नुपर्छ। प्राप्त सम्पत्तिको रक्षा गर्नुपर्छ । रक्षित धनलाई व्यवसायद्वारा बढाउनु पर्छ । बढाइएको धन सत्पात्रमा वितरण गर्नुपर्छ (मनु, अ.७, श्लो.१०१)। कौटिल्यका अनुसार अप्राप्त वस्तु प्राप्त गर्ने, प्राप्त वस्तुको रक्षा गर्ने, रक्षित वस्तु वृद्धि गर्ने र संवर्द्धित वस्तु समुचित कार्यमा लगाउने नीति दण्डनीति हो (कौटिल्य, अधि.१, अ.२) । यसरी अर्थनीति नै राजनीति मानिएको छ। राज्यकोषको पुन: वितरणलाई न्यायपूर्ण बनाउन विशेष जोड दिइएको छ। मनुस्मृति, महाभारत आदि ग्रन्थमा राज्यकोषको व्ययसम्बन्धी विशेष निर्देशन छैन । शुक्रनीतिसारमा व्ययसम्बन्धमा विशेष व्यवस्था गरिएको छ । उनले व्ययका छ स्थान उल्लेख गरेका छन्। बल, धर्म, प्रकृति, अधिकारी, आत्मभोग र कोष राज्यकोषका व्ययका स्थान हुन्। शुक्राचार्यका अनुसार कुल आयको बाह्र भाग गरी त्यसको एक भाग ग्रामरक्षकको लागि खर्च गर्नुपर्छ। तीन भाग सैनिकका लागि खर्च गर्नुपर्छ। एक भागको आधा (४.१६%) धार्मिक कार्य वा दानमा खर्च गर्नुपर्छ । एक भागको आधा प्रकृति अर्थात् जनताको कल्याणकारी कार्यमा खर्च गर्नुपर्छ। एक भागको आधा राज्यका कर्मचारीको पारिश्रमिकमा खर्च गर्नुपर्छ । एक भागको आधा राजाले आफ्नो लागि खर्च गर्नुपर्छ । शेष एक भाग राज्यकोषमा वचत गर्नुपर्छ (शुक्राचार्य, अ.१, श्लो.१३६-१३७) । कौटिल्यले राजा, अमात्य आदिको पारिश्रिक तोकेका छन् तापनि राज्यकोषको कति प्रतिशत कुन शीर्षकमा खर्च गर्नुपर्छ भन्ने विषयमा उनी मौन छन् । कौटिल्यका अनुसार राजाको निजी खर्च, परराष्ट्र विभाग, राजकीय भण्डार, सेना विभाग, पशुशाला, वनविभाग, आदि व्ययका शिर्षक हुन्। प्राचीन साहित्यमा राज्यकोषको खर्चका सम्बन्धमा विस्तृत विवरण पाइदैन तापनि केही निर्देश पाइन्छ। व्ययको सङ्क्षिप्त विवरण निम्नानुसार रहेको छ:

राजाको व्यक्तिगत आवश्यकता (Individual Need of the King)

राजाको व्यक्तिगत व्ययका लागि निश्चित नियमको व्यवस्था गरिएको छ । राजाले राज्यकोषबाट पारिश्रमिक पाउँथे। राजाले राज्यकोषबाट स्वेच्छाले खर्च गर्न पाउँदैनथे। रानी, राजकुमार आदिको लागि पनि निश्चित धन निर्धारित गरिएको छ । शुक्राचार्यले राज्यको कुल आम्दानीको बाह्र भागको एक भाग राजाको व्यक्तिगत व्ययका लागि निर्धारित गरेका छन्।

सेना र युद्ध (Army and War)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राज्यको सबैभन्दा धेरै धन सेना र युद्धमा खर्च गरिने व्यवस्थाको उल्लेख छ। साम्राज्य निर्माण, आत्मरक्षा तथा अन्य कारणले प्राय: युद्ध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

भइरन्थ्यो। शक्तिशाली सेना राज्यको गौरवको विषय मानिन्थ्यो। शुक्राचार्यले राज्यको कुल आम्दानीको २५% सैनिक सङ्गठनमा खर्च गर्ने सल्लाह दिएका छन्।

दान (Sacrifice)

धार्मिक यज्ञ र दानमा राज्यकोषको धन खर्च गरिन्थ्यो। ब्राह्मणहरूलाई दान दिइन्थ्यो। यसबाट ब्राह्मणहरूले आफ्नो जीवन निर्वाह गर्नुका साथै गुरुकुल विद्यालय सञ्चालन गर्दथे। कूटनीतिका चार उपायमध्ये एउटा उपाय दान हो। यज्ञमा दिइने दानभन्दा यो दान फरक हो। धन दिएर राज्यलाई आफ्नों पक्षमा ल्याउने नीति दाननीति हो। दाननीतिको प्रयोग गर्दा राज्यकोषबाट खर्च गरिन्थ्यो। त्यसैले दानलाई राज्यको व्ययको क्षेत्र। मानिएको छ।

प्रशासनिक खर्च (Expenditure on Administration)

राज्यको प्रशासन सञ्चालन गर्नका लागि मन्त्री, अधिकारी र कर्मचारीको नियुक्ति गरिन्थ्यो। शुक्रचार्यका अनुसार कुल आम्दानीको बाह्र भागको एक भागको आधा (८.१६%) राज्यका कर्मचारीको पारिश्रमिकमा खर्च गर्नुपर्छ। मन्त्री, अमात्य, अधिकारी र कर्मचारीको पारिश्रमिकमा राज्यकोषबाट व्यय हुने व्यवस्था छ।

प्रजाको कल्याण (Welfare of the People)

राज्यको प्रशासन प्रजाको हित, सुख र समृद्धिका लागि हुनुपर्छ भन्ने सिद्धान्त प्राचीन मनिषिहरूले प्रतिपादन गरेका छन्। राज्यकोषबाट प्रजाको हितका लागि धन खर्च गर्नु राजाको धर्म मानिएको छ। महाभारतका अनुसार प्रजाको कल्याणका लागि राजाले राजमार्ग, पिउने पानीको व्यवस्था, बजारको व्यस्था, धर्मशाला, चिकित्सालय आदिको निर्माणमा गराउनुपर्छ। त्यसैगरी दीनहीन यात्रीका लागि भोजन र वस्त्रको व्यवस्था गर्नुपर्छ भन्ने उल्लेख छ। मनु, बृहस्पति, शुक्राचार्य र कौटिल्यले सविस्तार प्रजाको हितकारी कार्यको वर्णन गरेका छन्।

कोष (Treasury)

राज्यको सुरक्षा र स्थिरताका लागि कोष ज्यादै महत्त्वपूर्ण मानिएको छ। कोषमा वृद्धि गर्दै जानुपर्छ भन्ने मान्यता रहेको छ। राज्यको वार्षिक कुल आम्दानीको बाह्र भागको एक भाग (८.३३%) राजकीय कोषमा राख्नुपर्छ भन्ने शुक्राचार्यको विचार छ। सार्वजनिक र गुप्त गरी दुई प्रकारका कोषको व्यवस्था गरिएको छ। दैनिक खर्च सार्वजनिक कोषबाट गर्नुपर्छ र आपत्ति कालमा आपत्तिको निराकरणका लागि गुप्त कोषबाट खर्च गर्नुपर्छ भन्ने उल्लेख गरिएको छ। कोषको वृद्धि र सुरक्षाको विशेष व्यवस्था गर्न शास्त्रकारहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

निर्देशन गरेका छन् । राज्यकोषको वृद्धि राज्यको आर्थिक समृद्धिमा निर्भर हुन्छ । प्रजा सुखी, समृद्ध र सम्पन्न भएमा उनीहरू कर तिर्न सक्षम हुन्छन् । अधिक करग्रहणबाट राज्यकोष समृद्ध हुन्छ । राज्यकोषमा क्षय नहुने उपाय गर्नु आवश्यक छ । सामर्थ्यभन्दा बढी खर्च गर्नु, अधिक भोग गर्नु, धन चोरी हुनु, आगोलाग्नु, धन एताउता फिजिनु, ठीकसँग सञ्चय नगर्नु, धन छाडेर स्वामी टाढा वस्नु आदि कोष क्षय हुने कारण हुन् ।

निष्कर्ष (Conclusion)

कोष राज्यको महत्त्वपूर्ण अङ्ग हो । प्राचीन दण्डनीतिमा राज्यकोष समृद्ध वा बलियो बनाउनेसम्बन्धी आर्थिक प्रणालीको उल्लेख गरिएको छ । नीतिशास्त्रअनुसार कर सङ्कल गर्नु राजाको कर्तव्य मानिएको छ । करसङ्कलन गर्दा प्रजालाई पीडा दिन भने निषेध गरिएको छ । कतिपय करका दर ज्यादै उच्च छन् । यस प्रकारको कर हाल लागु गर्न सम्भव छैन । कौटिल्यको पैठारी कर छुट गर्ने नीति भने वर्तमान विश्वमा प्रचलित उदार बजार अर्थव्यवस्थासँग मेल खाने देखिन्छ । राज्यकोषबाट खर्च गर्न प्रस्ताव गरिएका व्ययका शीर्षकमा दान र जनकल्याणको क्षेत्रमा छुट्टाइएको अंश वास्तवमा समाजमा सामाजिक र आर्थिक न्याय स्थापनाको प्राचीन प्रयास मान्न सकिन्छ । नीतिशास्त्रमा प्रस्ताव गरिएको लोककल्याणकारी व्यवस्थाको सामाजिक र आर्थिक न्यायसम्बन्धी विचारमा आधुनिक सामाजिक प्रजातन्त्रको झलक पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गणराज्य
(Republics)

प्राचीन हिन्दु राजनीतिक विचारमा मूलत: राजतन्त्रात्मक शासन प्रणालीको उल्लेख छ। राजा र राज्यको उदयसम्बन्धी विचार भने विभिन्न कालखण्डमा फरक-फरक रहेको पाइन्छ। वैदिक साहित्यमा जनताबाट राजा निर्वाचित हुने प्रणालीको उल्लेख छ। उत्तरवैदिक कालमा राजाको उत्ताधिकारसम्बन्धी वंशानुगत परम्पराको विकास भएको पाइन्छ। वंशानुगत राजतन्त्र र निर्वाचित राजा हुने गरी दुई प्रकारका शासन व्यवस्थाको प्राचीन हिन्दु राजनीतिक साहित्यमा उल्लेख पाइन्छ। वंशानुगत राजा हुने प्रणाली राजतन्त्र हो भने राजा निर्वाचित हुने शासन प्रणाली गणराज्य हो। गणराज्यलाई प्राचीन गणतन्त्र मान्ने पक्षमा केही विद्वानहरू रहेका छन्। गणराज्यको विकास पनि उत्तरवैदिक कालको उपज मानिन्छ। यसबाट गणतन्त्रात्मक शासन व्यवस्थाबारे पनि प्राचीन हिन्दु राजनीतिक चिन्तक अनभिज्ञ थिएनन् भन्ने स्पष्ट हुन्छ। महाभारत, बौद्ध साहित्य, पाणिनिको अष्टाध्यायी, कौटिल्यको अर्थशास्त्र आदि ग्रन्थमा गणराज्यको उल्लेख भएको पाइन्छ। प्राचीन हिन्दु राजनीतिक चिन्तनको साहित्यका आधारमा यस प्रकरणमा प्राचीन सङ्घराज्य वा गणराज्यको स्वरूपबारे प्रकाश पारिएको छ।

गणराज्यको अर्थ (Meaning of Ganarajya)

प्राचीन हिन्दु राजनीतिक विचारसम्बन्धी ग्रन्थमा गणतन्त्रात्मक राज्यलाई गणराज्य, सङ्घराज्य र श्रेणी भनी उल्लेख गरिएको छ। अत: सर्वप्रथम यी शब्दहरूको अर्थबारे स्पष्ट हुन आवश्यक हुन्छ। संस्कृत भाषामा 'गण' शब्दको अर्थ सङ्ख्या हुन्छ। वीरमित्रोदयका अनुसार कुलहरूको समूहलाई गण भनिन्छ[१] (वीरमित्रोदय, पृ.४२६)। कात्यायनका अनुसार जैन र बौद्धको समूहलाई सङ्घ भनिन्छ[२] (विवादरत्नाकर, पृ.६९६)। एकै प्रकारका वस्तु उत्पादन र व्यापारमा संलग्न व्यवसायीहरूको समूहलाई 'श्रेणी' भनिन्छ। कौटिल्यले काम्बोज-सुराष्ट्रलाई वार्ता र शस्त्रद्वारा जीवन निर्वाह गर्ने क्षत्रियहरूका श्रेणी भनी उल्लेख गरेका छन्[३] (कौटिल्य, अधि.११, अ.१)। महाभारतमा

---

१ कुलानां हि समूहस्तु गण: सम्प्रकीर्तित:।

२ आर्हतसौगतानां तु समूह: सङ्घ उच्यते।

३ काम्बोजसुराष्ट्रक्षत्रियश्रेण्यादयो वार्ताशस्त्रोपजीविन:।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
सभाको शासनलाई गणराज्य मानिएको छ। अमरकोशमा एकै ठाउँमा बसोबास भएका व्यक्तिहरूको सभालाई गण मानिएको छ। पाणिनिले सङ्घको अर्थ गण मानेका छन्।

हिन्दु राजनीतिक विचारकहरूका अनुसार वंशानुगत राजा हुने व्यवस्था नभएको राज्यलाई सङ्घराज्य भनिन्छ। कुलसङ्घ र गणसङ्घ गरी सङ्घ दुई प्रकारका मानिएको छ। एउटै कुलका व्यक्तिहरूको समूहलाई कुलसङ्घ भनिन्थ्यो भने अनेक कुलको समूहलाई गणसङ्घ भनिन्थ्यो। कुलसङ्घमा कुलवृद्ध त्यहाँको राजा हुन्थे। वैदेह, ऐक्ष्वाकु, पाञ्चाल आदि कुलराज्य थिए। प्रारम्भमा कुलहरूको समूहलाई गण भनिन्थ्यो। कालान्तरमा राजाविहीन राज्यलाई गण शब्द प्रयोग गर्न थालियो। गण र सङ्घ पर्यायवाची शब्दको रूपमा प्रयोग गर्ने गरेको पाइन्छ। गणराज्यमा स्वकुलका अतिरिक्त अन्य कुलका व्यक्ति पनि राजा बन्न थाले। क्रमश: समूहद्वारा राजा निर्वाचित हुने गणराज्यहरूको उदय हुन पुग्यो। गणराज्यमा जनताको सभा हुन्थ्यो। सभाले महत्त्वपूर्ण निर्णय गर्दथ्यो। शासन सञ्चालन गर्ने गणप्रमुखको निर्वाचन पनि सभाले नै गर्दथ्यो। त्यसैले गणराज्यलाई सभाको शासन भनी उल्लेख गरेको पाइन्छ। गणराज्य धेरैको शासन (The rule of numbers or rule of many) हो। अल्टेकरले गणराज्यलाई प्राचीन गणतन्त्र (Republic Form of Government) मानेका छन्। प्राचीन हिन्दु राजनीतिक चिन्तनमा गणराज्य वा सङ्घराज्य भन्नाले लोकतन्त्र, कुलीनतन्त्र, तथा अभिजात वर्गको शासन भन्ने बुझिन्छ। राजतन्त्रभन्दा भिन्न सबै शासन व्यवस्थालाई गणराज्य मानिएको छ।

वैदिक कालमा गणराज्य (Republics in the Vedic Period)

वैदिक युगमा राजाको निर्वाचनको व्यवस्था प्रचलित थियो तापनि शासन व्यवस्था प्रजातान्त्रिक थियो वा थिएन निश्चित रूपमा निर्धारित गर्न कठिन छ। सम्पूर्ण जनतालाई बालिग मताधिकारका आधारमा शासकको निर्वाचन गर्ने, शासन सञ्चालन गर्ने तथा शासन व्यवस्थाको स्वरूप निर्धारण गर्ने अधिकार सम्भवत: थिएन। ऐतरेय ब्राह्मणमा हिमाली क्षेत्रमा उत्तरकुरु र उत्तरमद्र नाम गरेका दुई राज्यको उल्लेख छ। ती दुबै राज्य विराट् थिए। विराट्को अर्थ राजाविहीन भन्ने हुन्छ। ती राज्यमा सम्भवत: कुलज्येष्ठ वा प्रजाका प्रतिनिधिद्वारा शासन सञ्चालन गरिन्थ्यो। त्यस युगमा सम्भवत: दुई प्रकारका गणराज्य रहेको हुनुपर्छ। शक्तिशाली कुलका व्यक्तिद्वारा शासन सञ्चालन हुने प्रथम प्रकारको गणराज्य थियो। यसलाई अभिजाततन्त्र (Aristocracy) मान्न सकिन्छ। सबै प्रजामा शासनसम्बन्धी निर्धारण गर्ने अधिकारको व्यवस्था भएका दोस्रो प्रकारका गणराज्य थिए। यस्ता गणराज्य वास्तवमा गणतन्त्रात्मक गणराज्य हुन्।

महाभारतमा गणराज्य (Ganarajya in the Mahabharat)

महाभारतकालिक शासन व्यवस्था मूलत: राजतन्त्रात्मक थियो। त्यस समयमा गणराज्य पनि अवश्य विद्यमान थिए। गणराज्यमा कुलको शासन हुन्थ्यो। महाभारतमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
तात्कालिक गणराज्यको सविस्तार वर्णन गरिएको छ। गणराज्यमा राजाविहीन सभाको शासन थियो। महाभारतका अनुसार गणराज्यमा आ-आफ्नो जातिको विशेष अभिमान हुन्थ्यो। गणराज्यको शासन सञ्चालन गण-प्रधानले गर्दथे। गण-प्रधान जनताको सभाबाट निर्वाचित हुन्थे। गणराज्यमा राजाको स्थान हुँदैनथ्यो तापनि गण-प्रधानलाई राजा भनिन्थ्यो। राजाका रूपमा रहेका गण-प्रधान वंशपरम्परागत अधिकारी भने हुँदैनथे। महाभारतमा मन्त्रणा गोप्य राख्न नसक्नु गणराज्यको प्रमुख समस्या मानिएको छ। महाभारतका अनुसार पदका लागि व्यक्तिहरूबीच सङ्घर्ष चलिरहनु गणराज्यको कमजोरी हो। मानिसहरू लोभ र क्रोधका कारण एक-अर्काको हानि गर्न उद्धत हुन्छन्। यी दुई कारणले गण, कुल र राजामा विनाशको आगो प्रज्वलित हुन्छ भन्ने महाभारतमा उल्लेख छ। (शान्ति., अ.१०७, श्लो.१०-११)। महाभारतमा अनेक गणराज्यको उल्लेख पाइन्छ। यौधेय, मालव, शिवि, औदुम्बर, अन्धक-वृष्णि, त्रिगर्त, माध्यमकेय, अम्बष्ठ, वातधान, यादव, कुकुर, भोज आदि तात्कालिक प्रमुख गणराज्य थिए। जनसङ्ख्या र भूभागका दृष्टिले गणराज्य साना हुन्थे। गणराज्यको सुरक्षाका लागि गणराज्यहरू मिलेर सङ्घ बनाउँथे। महाभारतका अनुसार यादव, कुकुर, भोज, अन्धक र वृष्णि वंशका सबै मिलेर सङ्घ निर्माण गरेका थिए (शान्ति, अ.८१, श्लो.२८)। गणराज्यको सुरक्षाका लागि सङ्घमा आबद्ध हुनु गणराज्यका नागरिकको महान् आश्रय मानिएको छ (शान्ति., अ.१०७, श्लो.३२)। गणराज्यमा राज्यको सम्प्रभुता सभामा निहित हुन्थ्यो। सबै गणराज्यमा जनप्रतिनिधिको सभा हुन्थ्यो। सभामा बहुमतका आधारमा निर्णय गर्ने प्रचलन थियो।

महाभारतमा गणराज्यको सुरक्षा र उन्नतिका लागि भीष्मद्वारा प्रस्तुत गरिएका महत्त्वपूर्ण सुझाव निम्नानुसार रहेका छन्: १) गणमा प्रचलित शास्त्रअनुकूल धर्म वा व्यवहार यथावत् रीतिले पालन गर्नुपर्छ र तिनलाई स्थापित गर्नुपर्छ। २) पक्षपात र लोभबाट मुक्त हुनुपर्छ। ३) गणराज्यका विभिन्न कुलहरूमा आफ्नो कुलको गौरवको भावना हुन्छ। कुलवृद्धले आ-आफ्नो कुलका व्यक्तिलाई नियन्त्रणमा राख्नुपर्छ र आवश्यकता परेको वेलामा गणको रक्षाका लागि प्रयोग गर्न सक्नुपर्छ। ४) गणमुख्यलाई सम्मान गर्नुपर्छ। गणको उन्नति गणमुख्यमा निर्भर हुन्छ। ५) मन्त्र गोप्य राख्नुपर्छ। मन्त्रको गोपनीयता कायम गर्न नसक्नु गणराज्यको प्रमुख समस्या हो। ६) गणमा फूट आउन दिनुहुँदैन। गणलाई फूटबाट बचाउनु पर्छ। ७) आभ्यान्तरिक भय गणराज्यको प्रमुख समस्या हो। त्यस्तो भयबाट गणराज्यको रक्षा गर्नुपर्छ।

बौद्ध साहित्यमा गणराज्य (Republics in Buddhist Literature)

बुद्धको समयमा दक्षिण एसियामा राजतन्त्र र गणराज्य दुबै किसिमका शासन व्यवस्था प्रचलित थिए तापनि राजतन्त्र बढी प्रचलित व्यवस्था थियो। बौद्ध कालिक समाजमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
प्रचलित राजा चुन्ने प्रणाली भएको व्यवस्थालाई गणराज्य भनिन्थ्यो। गणराज्यलाई उनले उत्तम प्रणाली मानेका छन्। उनले राजतन्त्रको पनि विरोध गरेका छैनन्। बुद्धको साहित्यमा सोह्र वटा महाजनपदको उल्लेख भएको पाइन्छ। बुद्धभन्दा पूर्व नै महाजनपदको उदय भइसकेको थियो। आफ्नो वरपरका कमजोर राज्यलाई हराएर विशाल साम्राज्य निर्माण गर्ने प्रवृत्तिको विकास वैदिक कालदेखि नै भएको थियो। कुरू, कोशल, पाञ्चाल आदि जनपदका राजाले राज्यविस्तार गरी एकराट्, सम्राट, सार्वभौम वा चक्रवर्ती राजाको पद प्राप्त गर्न प्रयत्नशील हुन्थे। बुद्धको समयमा अङ्ग, मगध, काशी, कोशल, बज्जी, मल्ल, वत्स, चेदी, पाञ्चाल, कुरु, मत्स्य, शूरसेन, अस्मक, अवन्ति, गान्धार र कम्बोजसमेत गरी सोह्र महाजनपद थिए। यी महाजनपद मध्ये बज्जि, मल्ल र शूरसेन गणराज्य थिए। यस बाहेक कपिलवस्तुमा शाक्य गणराज्य, रामग्राममा कोलिय, मिथिलामा विदेह, कुशीनगरमा मल्ल, पावामा मल्ल, पिप्पलिवनमा मोरिय, अल्लकप्पमा बुली, सुँसुमार पर्वतमा भग, केसपुत्तमा कालाम र वैशालीमा लिच्छवि गणराज्य थिए।

बौद्ध साहित्यमा राजतन्त्र वा गणतन्त्र जुनसुकै प्रणाली भए तापनि त्यसको उद्देश्य र चरित्रको आधारमा खराब र असल मानिएको छ। बुद्धले राजतन्त्रको विरोध गरेका छैनन् तापनि गणराज्यलाई उत्तम प्रणाली मानेका छन्। उनले राजाको दैवी अधिकारको मात्र विरोध गरेका हुन्। उनका अनुसार शासनको आधार लोकसम्मति (popular consent) हो। गणराज्यमा लोकसम्मतिमै राजा चुनिने र शासन सञ्चालन हुने हुँदा यसलाई उत्तम प्रणाली मानिएको हो।

बुद्धको जन्म कपिलवस्तुको शाक्यगण वा सङ्घराज्यमा भएको थियो। सङ्घको वातावरणमा उनले जीवन व्यतीत गरेका थिए। गणराज्यप्रति उनको लगाव थियो। त्यसैले उनले आफ्नो धार्मिक सम्प्रदायको नाम 'भिक्षु-सङ्घ' राखेका थिए। बुद्धको समयमा गणराज्यको शासन व्यवस्थामा प्रजातान्त्रिक कार्य पद्धतिको विकास भएको थियो तापनि वर्तमान लोकतान्त्रिक व्यवस्थामा जस्तो समान रूपले प्रत्येक नागरिकलाई मताधिकार भने थिएन। शासन सञ्चालन विशिष्ट व्यक्तिद्वारा हुन्थ्यो। प्राय: क्षत्रियवर्गमा शासनको अधिकार हुन्थ्यो। कुनै गणराज्यमा क्षत्रियका साथै ब्राह्मणलाई पनि समान अधिकार दिने गरिन्थ्यो। कुनै गणराज्यमा वैश्यको शासन पनि थियो। बौद्ध साहित्यका अनुसार गणराज्यमा शासन सञ्चालनका लागि केन्द्रीय परिषद् हुन्थ्यो। केन्द्रीय परिषद्मा सदस्य सङ्ख्या विशाल हुन्थ्यो। यौधेय परिषद्मा ५०००, लिच्छविहरूको केन्द्रीय परिषद्मा ७७०७ सदस्य थिए। शाक्य गणराज्यको केन्द्रीय परिषद्को सदस्य सङ्ख्या ५०० थियो। परिषद्को अधिवेशन नियमित रूपले हुन्थ्यो। कुनै पनि विषयमा निर्णय गर्दा वाद-विवाद हुन्थ्यो। निर्णय सर्वसम्मत गर्ने प्रयास गरिन्थ्यो। सर्वसम्मत हुन नसकेको विषयमा बहुमतको निर्णय मान्य हुन्थ्यो। निर्णयमा वृद्ध र विशेषज्ञको अधिक महत्त्व हुन्थ्यो। स्वतन्त्रतापूर्वक मतदान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
गरिन्थ्यो । मतगणना निष्पक्ष हुन्थ्यो । मतदानमा शलाकाको प्रयोग गरिन्थ्यो । मतदानमा गूढक (गोप्य), विवृतक (खुला) र सकर्णजल्पक (शलाकाग्राहक वा गणको कानमा भनेर) मत व्यक्त गर्ने विधिको प्रयोग हुन्थ्यो । परिषद्को अध्यक्षलाई शाक्य गणराज्यमा राजा भनिन्थ्यो । प्रशासन सञ्चालनका लागि अन्तरङ्ग परिषद् वा समिति गठन गरिन्थ्यो । त्यस्तो समितिलाई 'बग' भनिन्थ्यो । केन्द्रीय परिषद्ले समितिको निर्वाचन गर्ने व्यवस्था थियो । केन्द्रीय परिषद्का अध्यक्षले समितिको पनि अध्यक्षता गर्दथे ।

पाणिनिको अष्टाध्यायीमा गणराज्य
(Republics in the Ashtadhyayi of Panini)

पाणिनिको अष्टाध्यायी संस्कृत व्याकरणको सुप्रसिद्ध ग्रन्थ हो । लगभग इसापूर्व छैटौं शताब्दीमा पाणिनिले संस्कृत व्याकरणको रचना गरेका थिए । पाणिनिको समय लगभग बौद्धयुगको प्रारम्भिक काल थियो । अष्टाध्यायी संस्कृतको व्याकरणसम्बन्धी ग्रन्थ हो तापनि यसमा प्रसङ्गवश तात्कालिक समयको परिस्थितिका बारेमा प्रकाश पारिएको छ । पाणिनिको अष्टाध्यायीमा गणतन्त्र जनपदका लागि 'सङ्घ' शब्दको प्रयोग गरिएको छ । कोटिल्यले पनि सङ्घ शब्द प्रयोग गरेका छन् । अष्टाध्यायीमा अनेक सङ्घराज्यको परिचय पाइन्छ । अष्टाध्यायीको सूत्रको व्याख्या गर्दै काशिकामा उल्लेख गरिएका सङ्घराज्य निम्नानुसार रहेका छन्: आयुधजीविसंघाञ्ञ्याड्वाहीकेष्वब्राह्मणराजन्यात् (पाणिनि, ५.३.११४) क्षुद्रक, मालव र कौण्डिवृस वाहीक देशका आयुधजीवी सङ्घ मानिएको छ । वृकाट्टेण्यण् (पाणिनि, ५.३.११५) सूत्रमा उल्लेख भएको वृक अर्को सङ्घ थियो । दामन्यादित्रिगर्तषष्ठाच्छः (पाणिनि, ५.३.११६) सूत्रमा सत्रवटा आयुधजीवी सङ्घको उल्लेख छ । कौण्डोपरथ, दाण्डकी, कौष्ठिकी, जालमानी, ब्रह्मगुप्त, जानकी, दामन्य, उलपय, आम्दिन्ती, काकदन्ती, शत्रुन्तपि, सार्वसेनि, विन्द्र, मौजायन, उलभ रसावित्रीपुत्र सत्रवटा सङ्घराज्य थिए । पर्श्वादियौधेयादिभ्यामणञौ (पाणिनि, ५.३.११७) सूत्रमा पर्श्व, यौधेय आदि २३ सङ्घराज्यको उल्लेख छ । आयुधजीविभ्यश्छः पर्वते (पाणिनि, ४.३.९१) । यस सूत्रमा अन्धकवर्तीय, साङ्काश्यक, हृद्गोलीय र रोहितगिरीय आयुधजीवी सङ्घ उल्लेख गरिएको छ । ऋषि, अन्धक, वृष्णि र कुरुराज्यको सङ्घराज्यका रूपमा उल्लेख गरिएको छ । मद्रवृज्योः कन् (पाणिनि, ४.२.१३१) मा मद्र र वृजी सङ्घको उल्लेख छ । यसरी पाणिनिको अष्टाध्यायीमा अनेक सङ्घराज्यको उल्लेख गरिएको छ ।

कौटिल्यको अर्थशास्त्रमा गणराज्य
(Republics in the Arthashastra of Kautilya)

कौटिल्यको अर्थशास्त्रमा पनि गणराज्यलाई सङ्घराज्य भन्ने शब्दावली प्रयोग गरिएको छ । उनले सङ्घराज्यको शासन व्यवस्थाबारे राम्रोसँग प्रकाश पारेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
कौटिल्यका अनुसार कम्बोज र सौराष्ट्र क्षत्रिय र वैश्य आदि वर्गका सङ्घ हुन्, जसले कृषि, पशुपालन र व्यापारद्वारा जीविका (वार्ताशास्त्रोपजीविन:) चलाउँछन्। लिच्छविक, व्रजिक, मल्लक, मद्रक, कुकुर, कुरु र पाञ्चाल देशका राजाका नाम मात्रका सङ्घ छन् (कौटिल्य, अधि.११, अ.१)। कौटिल्य राजतन्त्रका समर्थक थिए तापनि उनले कुलसङ्घको शासन उत्तम भनी उल्लेख गरेका छन्। उनका अनुसार कुलसङ्घमा सबै मिलेर राज्य सञ्चालन गरिन्छ। राज्य सञ्चालन सामुदायिक ढङ्गबाट गरिन्छ भने राज्य निश्चय नै दुर्जय हुन्छ। एउटा व्यक्ति दुर्व्यसनी भएमा पनि अराजक अवस्था आउन पाउँदैन। त्यस्तो अवस्थामा अर्को व्यक्तिले राज्य सञ्चालन गर्न सक्छन् यो सामुदायिक राज्यव्यवस्थाको फाइदा हो। यस प्रकार कुलसङ्घमा प्रजाको सुखमय अवस्था पृथ्वीमा सदैव कायम रहन्छ[४] (कौटिल्य, अधि.१, अ.१६)।

सङ्घजनपदमा सङ्घप्रमुखको शासन हुन्थ्यो। सङ्घभित्र व्यक्तिहरू एक-अर्काका प्रतिद्वन्द्वी हुन्थे। परस्पर ईर्ष्या, वैर, द्वेष र कलह भइरहन्थ्यो। त्यसैले सङ्घजनपदमा फूट उत्पन्न गर्न सहज हुन्छ भन्ने कौटिल्यको विचार छ। साम्रज्य निर्माणको क्रममा विजिगीषु राजाले गुप्तचर पठाएर सङ्घका व्यक्तिहरूबीचको दोषं, द्वेष, वैर र कलहको कारण पत्तालगाएर तिनीहरूलाई परास्त गर्नुपर्छ भन्ने कौटिल्यको विचार छ (कौटिल्य, अधि.११, अ.१)।

सङ्घजनपदमा धेरै कुल-मुखिया हुन्थे। मुखियाहरूको सभा हुन्थ्यो। मुखियामध्ये एक जना सङ्घमुखिया चुनिन्थे। सङ्घमुखियाले शासन सञ्चालन गर्दथे। सङ्घको हितका लागि सङ्घमुखियाले अन्य मुखियाहरूप्रति न्यायपूर्ण, हितकारी र प्रिय व्यवहार गर्नुपर्छ। सङ्घप्रमुखमा इन्द्रिय संयमी तथा आफ्नो अनुकूल व्यक्तिलाई नजिकमा राख्ने गुण हुनुपर्छ र सबैको रायअनुसार राज्य सञ्चालन गर्नुपर्छ भन्ने कौटिल्यको विचार रहेको छ[५] ((कौटिल्य, अधि.११, अ.१)। सङ्घमा एउटा न्याय सम्पादन गर्ने सभा पनि हुन्थ्यो। न्याय सम्पादन पनि सामुहिक रूपले गरिन्थ्यो।

मौर्य साम्राज्यको विस्तारका कारण कौटिल्यको समयमा विभिन्न सङ्घजनपदको स्वतन्त्र सत्ता समाप्त भएको थियो। आन्तरिक स्वतन्त्रता र पृथक् सत्ता पूर्णतया अन्त्य गर्न सम्भव थिएन। त्यसैले कौटिल्यले सङ्घजनपदलाई साम्राज्यमा कायम राख्न छुट्टै नीति बनाएका थिए। विजिगीषुले विजित जनपद प्राप्त गरेपछि उदारता, प्रेम र सत्कारको भावना खुला राख्नुपर्छ। सङ्घमुखिया, जातिमुख्य र ग्राममुख्यलाई आफ्नो अनुकूल बनाउने प्रयत्न गर्नुपर्छ। सबै धर्मका देवता तथा आश्रमको पूजा गराउनुपर्छ। विद्वान्, वक्ता एवं धार्मिक व्यक्तिलाई भूमि र धन दिएर करमुक्त गर्नुपर्छ। सङ्घजनपदको धर्म, चरित्र र व्यवहार कायम राख्नुपर्छ। सङ्घका देवता, समाज, उत्सव र विहारप्रति आदर प्रदर्शित

४ कुलस्य वा भवेद्राज्यं कुलसङ्घो हि दुर्जय:। अराजव्यसनाबाध: शश्वदावसति क्षितिम्।

५ सङ्घमुख्यश्च सङ्घेषु न्यायवृत्तिहित: प्रिय:। दान्तो युक्तजनस्तिष्ठेत्सर्वचित्तानुवर्तक:।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
गर्नुपर्छ । साथै त्यहाँको शील, भेष, भाषा र आचारको पनि आदर गर्नुपर्छ । समुचित करमाफ गरेर वा परिहार र सुखसुविधा दिएर प्रजाको रक्षा गर्नुपर्छ। विभिन्न प्रकारका दीन-दुखी, अनाथ तथा व्याधिपीडित व्यक्तिलाई सहायता दिएर जनताको सहानुभूति प्राप्त गर्नुपर्छ। प्रजाको अनुकूल कल्याणकारी कार्य गरिरहनु पर्छ। कैदीहरूलाई मुक्त गर्नुपर्छ। सङ्घजनपदका परम्परागत कानुनको प्रतिकूल कुनै पनि कार्य गर्नुहुँदैन भन्ने कौटिल्यको विचार छ (कौटिल्य, अधि.१३, अ.५)।

कौटिल्यले कुलसङ्घको प्रशंसा गरेका छन् तर उनले सङ्घ राज्यको प्रशासनको स्वरूप र यसलाई सबल बनाउनेसम्बन्धी कुनै उपायको चर्चा गरेका छैनन्। उनको उद्देश्य नै राजतन्त्रको नेतृत्वमा साम्राज्य निर्माण गर्नु थियो । उनले सङ्घजनपदको चर्चा प्रसङ्गवश मात्र गरेका हुन्।

युनानी लेखकका विवरण (Description of Greek Writers)

ग्रीसको मेसेडोनिया राज्यका अलेक्जेण्डर वा सिकन्दरले साम्राज्य निर्माणको क्रममा मिश्र, एसिया माइनर, इरान, इराकमाथि विजय प्राप्त गरेका थिए। उनले इसापूर्व ३२६ मा दक्षिण एसियामा आक्रमण गरेका थिए। उनले भारतवर्षको सिन्ध र पञ्जावसम्म आक्रमण गरेका थिए। उनको विजयको विवरण ग्रीकहरूले उल्लेख गरेका छन्। उनीहरूले लेखेको विवरणका आधारमा भारतवर्षमा त्यस वेला राजतन्त्रका साथै गणतन्त्रात्मक शासन व्यवस्था पनि विद्यमान रहेको स्पष्ट हुन्छ। सिकन्दरले आक्रमण गरेका केकय, गान्धार र अभिसारमा राजतन्त्र थियो। ग्लचुकायन, कठ, अरिष्ठ, सोफिति, सिबोई, मल्लोई (मालव), अम्बष्ठ, आग्रेय, क्षुद्रक, क्षत्रिय, वसति, मुचुकर्ण, ब्राह्मणक, पातानप्रस्थ गणराज्यसँग सिकन्दरको युद्ध भएको थियो। व्यास नदीको तटमा अवस्थित शक्तिशाली गणराज्यको पनि ग्रीक विवरणमा उल्लेख छ तर नाम उल्लेख गरिएको छैन। त्यो शक्तिशाली राज्य यौधेयगण हुनुपर्छ। यौधेय गणराज्यको केन्द्रीय सभामा ५००० सदस्य हुन्थे। कठ र सौभूति जनपदको शासन व्यवस्थाको प्रशंसा गरिएको छ। त्यहाँ बालबालिकाहरूको पालन-पोषण राज्यद्वारा हुन्थ्यो। राजाद्वारा शासन सञ्चालन हुन्थ्यो। वंशाक्रमानुगत नभई राजा निर्वाचित हुन्थे। कुनै गणराज्यमा ज्येष्ठ र वृद्धको शासन पनि थियो। पातानप्रस्थ गणराज्यमा कुलज्येष्ठको शासन थियो। क्षुद्रक, मालव र अम्बष्ठमा लोकतान्त्रिक शासन थियो। क्षुद्रक र मालव गणराज्यका तर्फबाट सिकन्दरसँग सन्धि गर्न १०० जना उपस्थित भएका थिए। ती गणराज्यमा कुनै एक राजाको शासन नभई गणको शासन थियो।

गणराज्यका विशेषता (Characteristics of Republic)

वैदिक कालदेखि नै राजतन्त्रत्मक शासन व्यवस्थामा पनि लोकतन्त्रको झलक पाईन्छ । जनताद्वारा निर्वाचित व्यक्ति राजा बन्ने व्यवस्था थियो। राजतन्त्रभन्दा भिन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
गणराज्य वा सङ्घराज्यको पनि प्राचीन राज्यव्यवस्थामा उल्लेख गरिएको छ। विभिन्न शास्त्रीय ग्रन्थमा वर्णन गरिएको गणराज्यका मुख्य विशेषताहरू निम्नानुसार रहेका छन:

राजतन्त्रभन्दा भिन्न शासन व्यवस्था (Different From Monarchy)

गणराज्यको शासन व्यवस्था राजतन्त्रभन्दा भिन्न थियो। राजतन्त्रमा राजाको उत्तराधिकारी वंशानुगत हुन्थे भने गणराज्यमा निर्वाचित गणमुख्यको शासन हुन्थ्यो। निर्वाचित गणमुख्यलाई पनि राजा भनिन्थ्यो। गणराज्य पनि विभिन्न प्रकारका थिए।

गणराज्यमा मन्त्रको गोपनीयताको समस्या (Problem of Maintaining Secrecy)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राज्यको निर्णयको गोपनीयतालाई ज्यादै महत्त्व दिइएको छ। गणराज्यमा बहुजनको शासन हुने हुँदा मन्त्र गोप्य राख्न समस्या हुन्छ भन्ने महाभारतमा उल्लेख गरिएको छ।

मतभेतको सम्भावना (Likelihood of Division)

गणराज्यमा राज्यको शक्ति एक जनाको हातमा हुँदैनथ्यो। विभिन्न कुलमुख्यहरू केन्द्रीय सभामा हुन्थे। गणराज्यमा कुलको शासन हुन्थ्यो। कुलहरूबीच शक्तिका लागि द्वन्द्व हुने सम्भावना हुन्थ्यो। गणराज्यमा एकता कायम गर्न कठिन हुन्थ्यो। शक्तिशाली राज्यबाट आक्रमणको भय रहन्थ्यो।

केन्द्रीय सभामा शक्ति (Board-Based Power)

गणराज्यमा वास्तविक शक्ति गणमुख्यामा होइन केन्द्रीय सभामा रहन्थ्यो। गणमुख्यको निर्वाचन सभाले गर्दथ्यो। सभामा धेरै व्यक्ति सदस्य हुन्थे। महत्त्वपूर्ण निर्णय पनि सभाबाट हुन्थ्यो। गणराज्यको शासनमा जनताको सहभागिता हुने भएकाले यसको प्रकृति लोकतान्त्रिक मानिन्छ। सहमतिमा शासन सञ्चालन हुने हुँदा राष्ट्रिय एकता सुदृढ बनाउन उपयुक्त मानिएको छ।

असल न्यायप्रशासन (Good Judicial System)

गणराज्यमा केन्द्रीय सभाले निर्वाचित गरेका व्यक्ति न्यायिक सभा हुन्थ्यो। कुल, जाति , जनपद, श्रेणीका परम्परा विचार गरेर न्याय सम्पादन गरिन्थ्यो। निष्पक्ष र सुदृढ न्याय प्रणाली हुन्थ्यो।

पारस्परिक सद्भाव (Mutual Service)

गणराज्यका सबै सदस्यहरू समान मानिन्थे। कुलहरूबीच पारस्परिक सद्भाव हुन्थ्यो। एक-अर्काबीच सहयोगको भावनाको विकास गर्न सहज हुन्थ्यो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

निष्कर्ष (Conclusion)

प्राचीन हिन्दु राज्यव्यवस्थामा राजतन्त्रको बाहुल्यता थियो तापनि गणतन्त्रात्मक शासन व्यवस्थाबारे पनि हिन्दु राजनीतिक चिन्तकहरू अनभिज्ञ थिएनन्। राजतन्त्रात्मक व्यवस्थाका साथै गणराज्यको पनि विकास भएको थियो । महाभारत, पाणिनिको अष्टाध्यायी, बौद्ध साहित्य, कौटिल्यको अर्थशास्त्र, ग्रीकहरुद्वारा लेखिएका विवरण आदिमा गणतन्त्रात्मक शासन व्यवस्थाको विवरण पाइन्छ। गणराज्य र सङ्घराज्य पर्यायवाची रूपमा प्रयोग गरिएको छ। बहुजनको शासन गणराज्य हो। राजतन्त्रमा राजाको उत्ताधिकार वंशक्रमानुगत हुन्थ्यो भने गणतन्त्रमा राजा निर्वाचित हुन्थे। गणराज्यको शासन व्यवस्था कुलीनतन्त्रसँग मिल्दो थियो। सबैको रायको सम्मान गर्दै शासन सञ्चालन गर्नु पर्ने हुन्थ्यो । त्यसैले एक प्रकारको लोकतन्त्रिक पद्धतिको अभ्यास गणराज्यमा हुन्थ्यो । केन्द्रीय सभामा सभासद् कसरी नियुक्त हुन्थे त्यसको विवरण भने स्पष्ट छैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सभा र समिति
(Council and Assembly)

वर्तमान नेपालमा संसदीय लोकतान्त्रिक शासन व्यवस्था छ। संसदीय लोकतन्त्रमा राज्यको सार्वभौमसत्ता जनतामा निहित हुन्छ जसको प्रयोग संसदले गर्दछ। प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी नेपालको सङ्घीय संसदमा दुई सदन छन्। त्यसैले नेपालको व्यवस्थापिकालाई दुई सदनात्मक भनिन्छ। संसद जनताका प्रतिनिधिहरूको सभा हो। नेपालका राष्ट्रपतिलाई पनि संसदको अङ्ग मानिन्छ। व्यवस्थापिकाको सम्पूर्ण अधिकार राष्ट्रपति र संसदमा निहित हुन्छ। प्रधानमन्त्री र मन्त्रिपरिषद् पनि संसदको अङ्ग मानिन्छ। प्रधानमन्त्रीको नियुक्ति र मन्त्रिपरिषदको गठनमा संसदको विशेष भूमिका रहन्छ। नेपालका प्रदेशहरूमा प्रदेश सभा छन् भने नगरपालिका र गाउँपलिकामा पनि क्रमश: नगरसभा र गाउँसभाको व्यवस्था गरिएको छ। प्राचीन हिन्दु राज्यव्यवस्थामा राज्य सञ्चालनका लागि समिति, परिषद्, ग्रामसभा आदि विद्यमान थिए। प्राचीनकालको राजतन्त्रमा पनि कुनै न कुनै रूपमा जनप्रतिनिधिहरू शासनमा सहभागी हुन्थे। नेपालको पञ्चायत कालमा पनि गाउँमा गाउँसभा, नगरमा नगरसभा, जिल्लामा जिल्लासभा र केद्रमा राष्ट्रिय पञ्चायत थिए। वैदिककालदेखि नै गाउँमा ग्रामसभा र केद्रमा समिति, सभा जस्ता संस्था हुन्थे। बौद्धकाल र कौटिल्यको समयमा नेपालमा गण वा सङ्घराज्यको समेत अभ्यास भएको थियो। बुद्धको जन्म भएको कपिलवस्तुको शाक्यराज्य तथा जनकपुरको विदेह राज्य तात्कालिक गणराज्य थिए। गणराज्यको सत्ता केन्द्रीय जनपरिषदमा निहित हुन्थ्यो। राजा जनपरिषदद्वारा निर्वाचित हुन्थे। यसरी प्राचीन कालदेखि नै कुनै न कुनै रूपमा शासनमा जनताको सहभागिताका लागि समिति, सभा र परिषद्को व्यवस्था गरिएको थियो। वैदिक साहित्य, स्मृति, रामायण, महाभारत, कौटिल्यको अर्थशास्त्र आदि प्राचीन ग्रन्थमा प्राप्त विवरणका आधारमा प्राचीन समयमा सभा र समितिको व्यवस्थाबारे यस प्रकरणमा प्रकाश पारिएको छ।

वैदिककालमा सभा र समिति (Assembly and Council in the Vedic Period)

सभा र समिति वैदिक कालमा विकास भएका दुई प्रकारका संस्था थिए। समिति जनताका प्रतिनिधिको संस्था थियो भने सभा न्याय सम्पादन गर्ने संस्था थियो। ग्रामसभा र न्यायसम्पादन गर्ने सभा गरी दुई प्रकारका सभा विद्यमान थिए। गाउँमा ग्रामसभा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
हुन्थ्यो। यो कुलमुखिया वा कुलवृद्धहरूको सभा थियो। अथर्ववेदमा सभा व्यक्तिहरूबीच परस्पर वादविवाद गर्ने संस्था 'नरिष्ठा' वा सभा हो भनी उल्लेख गरिएको छ[१] (अथर्ववेद,७.१२.२)।

सभा र समितिको विकास क्रमका बारेमा पनि अथर्ववेदमा उल्लेख गरिएको छ। अथर्ववेदका अनुसार सर्वप्रथम सभा विकास गरियो त्यसपछि सभा समितिमा परिवर्तन भयो र अन्त्यमा त्यो नै मन्त्रणामण्डलमा परिवर्तन भयो (अथर्ववेद, १३.१.८)। यसको अर्थ सर्वप्रथम ग्रामसभाको विकास भएको हुनुपर्छ। विभिन्न ग्रामसभा मिलेर राज्यको समितिको बन्यो। समिति क्रमश: मन्त्रणामण्डलमा परिवर्तन भएको हुन सक्छ।

सभा र समितिबारे वेदका विभिन्न मन्त्रमा विशेष महत्त्वका साथ उल्लेख गरिएको छ तापनि तिनका कार्यका विषयमा स्पष्ट निर्देश कतै उपलब्ध छैन। अथर्ववेदमा सभा र समितिलाई प्रजापतिका दुई पुत्री मानिएको छ। वैदिक साहित्यको अनुशीलनबाट प्राप्त अल्प सूचनाका आधारमा समिति र सभाको सङ्गठनको स्वरूप र तिनको शक्ति र कार्य निम्नानुसार रहेको छ:

समिति (Assembly)

वैदिककालमा सभाको तुलनामा समिति विशाल संस्था थियो। समितिमा सम्पूर्ण विश: वा प्रजाको प्रतिनिधित्व हुन्थ्यो। सम्भवत: राष्ट्रभित्र पर्ने सबै ग्रामका ग्रामणीका साथै विशभित्र रहेका सूत, रथकार तथा शिल्पकार आदि प्रमुख व्यक्तिहरू समितिमा उपस्थित हुन्थे। समितिमा राजा पनि उपस्थित हुन्थे। समितिका सदस्यहरू एक मत भएर काम गर्नुपर्छ भन्ने विषयलाई विशेष महत्त्व दिइएको छ। ऋग्वेदमा समितिका सदस्यहरू परस्पर मिलेर काम गर्नु पर्ने सन्दर्भ ज्यादै महत्त्वका साथ प्रस्तुत गरिएको छ। तिमीहरू मिलेर एकत्र होऊ, मिलेर एउटै वचन बोल, तिमीहरूको मन एक समान होस्। पहिले जसरी देवताले समान चिन्तनको व्यवहार गरेका थिए। तिमीहरूको मन्त्रमा (निर्णय) सहमति होस्, समिति समान होस् र तिमीहरूको मन र चित्तमा समानता होस्। तिमीहरूको मन्त्र वा निर्णय समान होस्, मन समान होस्, हृदय समान होस् र तिमीहरू एकमत भएर प्रसन्नतापूर्वक बस्न समर्थ होऊ भन्ने ऋग्वेदको मन्त्रमा उल्लेख छ[२] (ऋग्वेद,१०. १९१.२-४)।

---

१ विद्यते सभे नाम नरिष्ठा नाम वा असि।

२ संगच्छध्वं संवदध्वं सं वो मनांसि जानताम्।
देवा भागं यथा पूर्वे सञ्जानाना उपासते॥
समानो मन्त्रो समिति: समानी समानं मन: सह चित्तमेषाम्।
समानं मन्त्रमभिमन्त्रये व: समानेन हविषा जुहोमि॥
समानो व आकुति: समाना हृदयानि व:।
समानमस्तु वो मनो यथा व: सुसहासति॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वैदिककालमा सम्पूर्ण देशवासीको जनसभालाई समिति भनिन्थ्यो। समिति शक्तिशाली संस्था थियो। समितिको अध्यक्षता गर्ने व्यक्तिलाई 'ईशान' भनिन्थ्यो। राजा स्वयंले समितिको वैठकमा भाग लिन्थे। ईशानले समितिको वैठक सञ्चालन गर्दथे। समितिमा व्यापक छलफल हुन्थ्यो। निर्णयमा सहमति कायम गराउन र समितिमा मतैक्यता कायम गराउने प्रयास हुन्थ्यो। समिति राजनीतिक कार्य सम्पादन गर्ने संस्था थियो। यसमा ठूलो जनसमुदायको प्रतिनिधित्व हुन्थ्यो। यो सम्पूर्ण गण, जाति, तथा विशको संस्था थियो। राजाको निर्वाचन गर्नु समितिको मुख्य कार्य थियो। राज्यका महत्त्वपूर्ण निर्णय समितिले गर्दथ्यो। समितिमा विचार-विमर्श, वाद-विवाद र छलफल हुन्थ्यो। विचार-विमर्शद्वारा एकमत बनाउने प्रयत्न गरिन्थ्यो। समिति राजाका लागि अनुकूल हुनु आवश्यक मानिन्थ्यो। राजाले समितिका निर्णयको अनुसरण गर्नुपर्दथ्यो।

सभा (Assembly)

वैदिक साहित्यमा राज्यको केन्द्रमा न्यायसम्पादनसम्बन्धी कार्य गर्ने सभा विद्यमान रहेको उल्लेख पाइन्छ। न्यायसभामा चुनिएका वृद्ध र सम्मानित व्यक्ति सदस्य हुन्थे। ऋग्वेदमा सभालाई 'किल्विष-स्पृत्' (ऋग्वेद, १०.७१.१०) भनी उल्लेख गरिएको छ। यसको अर्थ पाप वा अपराधको परिमार्जन गर्ने भन्ने हुन्छ। यसबाट सभा विवादको निर्णय गर्ने न्यायपालिका भएको स्पष्ट हुन्छ। वैदिककालको सभाको निरन्तरता उत्तर वैदिक कालमा पनि विवादको निर्णय गर्ने न्यायिक सभाको रूपमा रहेको पाइन्छ। सभाको आकार सानो हुन्थ्यो र यसको अध्यक्षता राजाले गर्दथे। विवादको निर्णय र न्याय सम्पादन गर्ने संस्था सभा थियो।

ग्रामसभा (Village Assembly)

न्यायसम्पादन गर्ने सभाका साथै वैदिककालमा ग्रामसभा विद्यमान थियो। ग्रामसभा कुलवृद्ध वा कुलमुखियाहरूको सभा थियो। राजनीतिक सङ्गठनको विकास क्रममा सबैभन्दा पहिले मानिसले निर्माण गरेको संस्था ग्रामसभा थियो। वैदिककालमा राष्ट्रको आधार जन थियो। राष्ट्रलाई जनपद पनि भनिन्थ्यो। जनमा सबै व्यक्ति सजात वा सनाभि हुन्थे। यसको अर्थ एउटै वंश भन्ने हो। ग्राउँमा कुलवृद्ध वा परिवारका प्रमुखको सङ्गठन ग्रामसभा थियो। गाउँको सुरक्षा र आपसी विवादहरूको निर्णय ग्रामसभाले गर्दथ्यो। ग्रामसभाका प्रमुख ग्रामणी हुन्थे। ग्रामसभाको राष्ट्रको समितिमा प्रतिनिधित्व हुन्थ्यो।

उत्तरवैदिक कालमा समिति र सभा
(Assembly and Council in Post-Vedic Period)

ऋग्वेद कालको तुलनामा उत्तरवैदिक कालमा समिति र सभाको महत्त्व कम हुँदै आएको थियो तापनि राजनीतिक संस्थाका रूपमा तिनीहरू विद्यमान थिए। समितिमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri
राजनीतिक, दार्शनिक र धार्मिक विषयमा समेत विचारविमर्श हुन्थ्यो । उत्तरवैदिक कालमा पनि सभा न्याय सम्पादन गर्ने संस्था थियो ।

महाकाव्य कालमा परिषद् (Assembly in Epic Period)

रामायण र महाभारत कालमा प्राचीन सभा र समितिमा व्यापक परिवर्तन आइसकेको थियो । रामायणमा समिति सट्टामा परिषद्को उल्लेख छ । रामायणका अनुसार राजा दशरथले रामलाई उत्तराधिकार दिने इच्छा गरेर त्यसको अनुमोदनका लागि परिषद्को वैठक बोलाएका थिए । कोशल राज्यमा जनताको सभाको सत्ता थियो । जनताको सभालाई वैदिक कालको समिति शब्दको सट्टा परिषद् भनी उल्लेख गरिएको छ । पौर, जानपद, प्रमुख सेना नायक, ब्राह्मणहरू आदि राज्यका प्रमुख व्यक्ति परिषद्का सदस्य हुन्थे । यिनीहरूले जनताको प्रतिनिधित्व गर्दथे । त्यसैले यिनीहरूलाई वाल्मीकि रामायणमा 'लोकसम्मता राजान:' भनी उल्लेख गरिएको छ । यसको अर्थ परिषद्का सदस्यलाई जनताको स्वीकृति प्राप्त राजा भन्ने हुन्छ । सम्भवत: जनपदअन्तर्गतका विविध गाउँमा ग्रामसभा र नगरमा पुरसभा थिए र तिनका सदस्यहरूलाई क्रमश: जानपद र पौर भनिन्थ्यो । जानपद र पौर राज्यको केन्द्रीय परिषद्का सदस्य हुन्थे । परिषद्का सदस्यको नियुक्ति निर्वाचनबाट हुन्थ्यो भन्न कठिन छ । विभिन्न नगरमा बसोबास गर्ने प्रमुख व्यक्तिहरू र अन्य जनपदका सामन्त राजाहरू दशरथको परिषदमा आमन्त्रित थिए (वाल्मीकि, अ., स.१, श्लो.४६) । परिषद्का सदस्यलाई 'राजकर्तार:' पनि मानिएको छ । यसबाट राजा चुन्ने वा वरण गर्ने परिषद्को अधिकारक्षेत्र अन्तर्गत रहेको स्पष्ट हुन्छ । परिषदमा निर्णायक अधिकार थिएन । रामायण कालमा राजाले जनसभाको अनुकूलताको अपेक्षा त गर्दथे तर जनसभा स्वयं राजाको इच्छा विरुद्ध कुनै कार्य गर्न सक्षम थिएन ।

महाभारतमा वैदिक कालको समिति र सभा जस्ता संस्थाका विषयमा विशेष विवरण छैन । महाभारतको सभापर्वमा कुरु जनपदको राजसभाको वर्णन गरिएको छ । सभाका सदस्य मुख्य रूपले ब्राह्मण र क्षत्रिय थिए । महाभारतका अनुसार सभाका सदस्य शास्त्रवेत्ता, क्रियाशील र इन्द्र समान तेजस्वी हुनुपर्छ[३] (महाभारत, सभा., स.८९, श्लो.४८) । शान्तिपर्वमा 'जनसंसद' शब्द पनि उल्लेख छ[४] (शान्तिपर्व, स.११४, श्लो.५) । यसैगरी शान्तिपर्वमा राजामा हुनुपर्ने सबै गुण एउटा व्यक्तिमा सम्भव हुँदैन । अत: राजाले आफ्नो सहायताका लागि अमात्यको नियुक्ति गर्नुपर्छ भन्ने उल्लेख गरिएको छ । महाभारत कालमा सभासद्लाई पनि अमात्य भनिन्थ्यो । चिकित्सामा निपुण, स्नातक, विद्वान् र सदाचारी चार ब्राह्मण, शक्तिशाली र शस्त्र धारण गर्ने १८ क्षत्रिय, धनधान्य सम्पन्न २१

३ इमे सभायामुपनीतशास्त्रा: क्रियावन्त: सर्व एवेन्द्रकल्पा: ।

४ ....सर्वतो जनसंसदि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
वैश्य, विनीत र सत्कर्म गर्ने तीन शूद्र नियुक्त गर्नुपर्छ। साथै पौराणिक अनुश्रुतिका ज्ञाता, उमेरमा ५० वर्ष माथिको, निन्दा नगर्ने, विद्वान्, समदर्शी र श्रुतिस्मृतिको ज्ञाता एक जना सूत पनि नियुक्ति गर्नुपर्छ भनी महाभारतमा उल्लेख गरिएको छ (शान्ति., प.८५, श्लो.७-१०)। त्यसैगरी लज्जाशील, जितेन्द्रिय वा इन्द्रिय संयमी, सत्यवादी, सरल र कुनै पनि विषयमा राम्रो प्रवचन गर्न समर्थ सभासद् हुनुपर्छ भनी महाभारमा सभासद्को योग्यता निर्धारण गरिएको छ[५] (शान्ति., स.८३, श्लो.३)।

महाभारतको कथाअनुसार कौरवको राजसभामा दु:शासनले द्रौपदीसँग अमर्यादित व्यवहार गर्दा कुनै सभासद्ले विरोध गर्न सकेको देखिदैन।। अर्को प्रसङ्गमा श्रीकृष्ण कौरवको सभामा सन्धिको प्रस्ताव लिएर गएका थिए। उनले त्यहाँ महत्त्वपूर्ण व्याख्यान दिएका थिए। त्यस सभामा सन्धिसम्बन्धी विचारविमर्श भएको भए तापनि महाभारतमा सभाको कुनै निर्णायक भूमिका रहेको पाइदैन। महाभारत कालमा सभा नाम मात्रको सभा रहेको थियो। राजसभा वा जनसंसद् विद्यमान थियो तर राजाहरूले त्यसलाई धेरै महत्त्व दिँदैनथे। राजतन्त्रमा सभा केवल राज्यको आभूषण हुन गएको थियो। महाभारत कालमा गणराज्य पनि विद्यमान थिए गणराज्यमा केन्द्रीय गणसभाको सत्ता कायम थियो। गणराज्यका जनसंसद् शाक्तिशाली मानिन्थ्यो। जनसंसद् राजाको निर्वाचन गर्ने संस्था थियो। वैदिक कालमा जस्तै ग्रामसभा र न्यायसम्पादन गर्ने सभाको सत्ता पनि विद्यमान थियो। शुक्रानीतिसारमा राज्यको सभा भवनको उल्लेख गरिएको छ तर राजसभाको गठन प्रक्रिया र कार्यबारे कुनै विवरण दिइएको छैन।

गणराज्यमा जनपरिषद् (Assembly in the Republics)

पाणिनिको अष्टाध्यायीमा वार्ताशास्त्रोपजीवी र आयुधजीवी सङ्घराज्यको उल्लेख पाइन्छ। बौद्ध साहित्यमा सङ्घराज्यको विस्तृत विवरण पाइन्छ। सङ्घ वा गणराज्यमा सम्पूर्ण कार्य केन्द्रीय जनसभाद्वारा सम्पादन गरिन्थ्यो तापनि सभाका अधिकारका विषयमा विशेष वर्णन उपलब्ध छैन। बुद्धको समयमा शाक्य,लिच्छिवि, मल्ल, शक आदि गणराज्य थिए। गणराज्यमा केन्दीय जनप्रतिनिधि सभा (सान्थागार) हुन्थे। कपिलवस्तुको शाक्य गणराज्यमा शाक्य परिषद्मा ५०० सदस्य थिए। लिच्छवि गणराज्यको राजसभामा ७७०० सदस्य थिए। सङ्घराज्यमा मुखिया सभाद्वारा चुनिन्थे। निर्वाचित मुखियालाई राजा भनिन्थ्यो। शासनसम्बन्धी सम्पूर्ण अधिकार सभामा हुन्थ्यो। बौद्ध ग्रन्थ परिनिर्वान सुत्तका अनुसार मगध नरेश अजातशत्रुले बज्जीसङ्घलाई कसरी जिती आफ्नो अधीनमा ल्याउन सकिन्छ भनी बुद्धलाई प्रश्न शोधेका थिए। यसको जवाफमा बुद्धले जबसम्म बज्जी समय समयमा सभा सम्पन्न गर्दछन्, मिलेर निर्णय गर्दछन्, मिलेर उत्तरदायित्व निर्वाह

---

५ ह्रीनिषेवास्तथा दान्ता: सत्यार्जवसमन्विता:। शक्ता कथयितुं सम्यक् ते तवस्यु: सभाषद:।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri
गरिरहन्छन्, परम्परादेखि चल्दै आएका प्रथा विरुद्ध कार्य गर्दैनन्, जबसम्म वृद्ध बज्जीहरूको प्रतिष्ठा र आदर गरिरहन्छन् तबसम्म बज्जीहरूको अवनति होइन उन्नतिको नै आशा छ भनी जवाफ दिएका थिए। यसबाट गणराज्यका परिषद् शक्तिसम्पन्न भएको स्पष्ट हुन्छ।

स्मृतिकालमा सभा (Council in Smriti Period)

समिति, परिषद्, राज्यसभा र ग्रामसभा, पौरसभाका अतिरिक्त राज्यको न्यायसम्पादन गर्ने महत्त्वपूर्ण संस्था पनि विद्यमान थियो। न्याय सम्पादन गर्ने संस्थालाई सभा भनिन्थ्यो। स्मृतिकालमा सभा न्यायलय थियो। मुद्दा वा विवादलाई व्यवहार भनिन्थ्यो। प्राचीन राज्यव्यवस्थामा न्याय सम्पादन गर्नु राजाको परम कर्तव्य मानिन्थ्यो। न्यायपालिकासम्बन्धी सर्वोच्च शक्ति राजामा निहित गरिएको थियो। मुद्दाको अन्तिम निर्णय राजाबाट हुने व्यवस्था गरिएको थियो तापनि राजालाई न्यायसम्पादनमा सहयोग गर्ने संस्था सभा थियो। वैदिक साहित्यमा पनि सभा न्यायसम्पादन गर्ने संस्था थियो। स्मृतिकालमा सभाको ज्यादै महत्त्वका साथ वर्णन गरिएको छ।

वेद जान्ने तीन जना ब्राह्मण रहेको सभा गठनको व्यवस्था मनुले गरेका छन् (अ.८, श्लो.१०-११)। राजाबाट अधिकार पाएका वेद जान्ने तीन विद्वान् रहेको सभा हुन्छ। सभामा बस्ने व्यक्तिहरूले अधर्मबाट धर्मको रक्षा गर्नुपर्छ। असत्य वचन बोल्नु हुँदैन। पक्षपाती भएर सत्य छाड्नु हुँदैन। झुटो बोल्ने व्यक्तिलाई दण्ड दिनुपर्छ (मनु, अ.८, श्लो.२०)। राजाले सभाको अध्यक्षता आफै गर्नुपर्ने मनुको मत छ। यदि राजाले आफै अध्यक्षता गर्न असमर्थ भएमा विद्वान् ब्राह्मणलाई अध्यक्ष नियुक्त गर्नुपर्छ (मनु, अ.८, श्लो.९)।

बृहस्पति स्मृतिमा पनि सभाको वर्णन गरिएको छ। सभा न्याय सम्पादनमा राजालाई सहयोग गर्ने संस्था थियो। सात्त्विक आचरण भएका, सत्यधर्मपरायण, लोभरहित, क्रोधरहित शास्त्रको मर्मको ज्ञानभएका व्यक्तिलाई राजाले सभाका सदस्य पदमा नियुक्त गर्नुपर्छ। तिन, पाँच वा सात जना सभासद् नियुक्त गर्नुपर्छ। अयोग्य व्यक्ति नियुक्ति गर्नुहुँदैन भन्ने बृहस्पतिको विचार छ (बृहस्पति, व्य., श्लो.६२-६४)। बृहस्पतिका अनुसार प्रतिष्ठिता, अप्रतिष्ठिता, मुद्रिता र शासिता गरी चार प्रकारका सभा हुन्छन्। नगरमा प्रतिष्ठिता, गाउँमा अप्रतिष्ठिता वा चला, राजाले अध्यक्ष नियुक्त गरेको सभालाई मुद्रिता र स्वयं राजाले अध्यक्षता गर्ने सभालाई शासिता भनिन्छ (बृहस्पति, व्य., श्लो.५८)। लिखित, साक्षी, भोग प्रमाणको अभावमा राजालाई एक मात्र प्रमाण मानिन्छ भन्ने बृहस्पतिको विचार छ (बृहस्पति, व्य. श्लो. १०४)। राजाले सभासदका साथमा बसेर व्यवहार स्वयं हेर्नुपर्छ (बृहस्पति, व्य., श्लो.१०६)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

याज्ञवल्क्य स्मृतिमा पनि राजालाई एक्लै व्यवहारको निर्णय गर्न निषेध गरिएको छ। न्यायसम्पादनमा राजालाई सहयोग गर्न सभाको गठन गर्ने व्यवस्था मिलाइएको छ। राजाले कार्यव्यस्तताका कारणले आफै व्यवहार सुन्न नभ्याएको अवस्थामा सबै धर्ममा निष्णात ब्राह्मणलाई सभाको अध्यक्ष पदमा नियुक्ति गर्नुपर्छ। राजाले क्रोध र लोभरहित भएर धर्मशास्त्रअनुसार ब्राह्मणका साथमा निर्णय गर्नुपर्छ। राजाले वेदको अध्ययन गरेका, धर्मशास्त्रका ज्ञाता, सदा सत्यवादी र मित्र एवं शत्रुप्रति समभाव राख्ने योग्यता भएका ब्राह्मणलाई सभासद् पदमा नियुक्त गर्नुपर्छ भन्ने याज्ञवल्क्यको विचार छ। (याज्ञवल्क्य, व्य., श्लो. १-३)। यदि सभासद्ले राग, लोभ र भयका वशमा परेर परम्परा विरुद्ध अन्यायपूर्ण निर्णय गरेमा सभासद्लाई सो विवादमा पक्षलाई हुने सजायको दुई गुणा दण्ड दिनुपर्छ भन्ने याज्ञवल्क्यको मत छ (याज्ञवल्क्य, व्य., श्लो. ४)। यसरी स्मृतिहरूमा सभालाई न्यायसम्पादन गर्ने महत्त्वपूर्ण संस्था मानिएको छ।

शुक्रनीति सारमा लोकव्यवहार जान्ने, विद्वान्, सदाचार र दया, उदारता आदि सद्गुणयुक्त, शत्रु र मित्रप्रति समभाव राख्न सक्षम, धर्मज्ञ, सत्यवादी, आलस्यरहित, काम, क्रोध र लोभमाथि विजय प्राप्त गरेका, सबै जातिका वृद्धहरूलाई सभासद् बनाउनु पर्छ भनी सभासद्को योग्यता निर्धारण गरिएको छ (शुक्राचार्य, अ.२, श्लो.१६७-१६८)।

निष्कर्ष (Conclusion)

वैदिककालमा ग्रामसभा, समिति र सभाको विकास भएको थियो। ग्रामसभा जनताको आधारभूत सभा थियो। गाउँको सुरक्षा र विवादको निर्णय ग्रामसभाबाट हुन्थ्यो। समिति राज्यको जनप्रतिनिधि सभा थियो। समितिले राजाको निर्वाचन गर्ने प्रचलन थियो। समिति महत्त्वपूर्ण राजनीतिक निर्णय गर्ने संस्था थियो। उत्तरवैदिक कालमा समितिमा गैरराजनीतिक अध्यात्म जस्ता विषयमा पनि गहन छलफल हुन्थ्यो। कालान्तरमा समितिको ठाउँमा परिषद्को विकास भएको पाइन्छ। रामायण र महाभारत कालमा जनपरिषद् शक्तिविहीन भइसकेका थिए। गाउँमा ग्रामसभा विद्यमान थिए। ग्रामणी गाउँका प्रमुख हुन्थे। ग्रामसभाको अध्यक्षता ग्रामणीले गर्दथे। गाउँमा बसोबास गर्ने कुलप्रमुख ग्रामसभाका सदस्य हुन्थे। गाउँ र नगरका प्रमुखले केन्द्रीय जनपरिषद् वा राजसभामा भाग लिन्थे। महाभारत र बौद्ध साहित्यमा गणराज्यको विवरण पाइन्छ। गणराज्यका केन्द्रीय जनपरिषद् शक्तिशाली हुन्थे। राजाको निर्वाचन जनपरिषद्बाट हुन्थ्यो। वैदिककालमा सभा न्याय सम्पादन गर्ने संस्था थियो। स्मृतिहरूमा न्याय सम्पादन गर्ने संस्थाका रूपमा सभाको गठन र कार्यबारे विस्तृत विवरण उपलब्ध छ। समिति र परिषद् जस्ता जनताको प्रतिनिधित्व हुने संस्थाको विकास वैदिककालमा नै प्रारम्भ भएको थियो। लोकतन्त्रको प्रारम्भिक अभ्यासको रूपमा ग्रामसभा पनि प्राचीन कालदेखि नै विद्यमान थियो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्थानीय सरकार
(Local Government)

वैदिक सभ्यता ग्रामीण संस्कृतिमा आधारित छ। गाउँलाई राज्यव्यवस्थाको आधार मानिएको छ। मानव सभ्यताको प्रारम्भ गाउँबाट भएको मानिन्छ। मानिसहरू सङ्गठित भई एक निश्चित भौगोलिक सीमामा बसोबास गर्न थालेपछि उनीहरूमा सामुदायिकता वा एकताको भावना पैदा भयो। मानिसहरूको सामुदायिक जीवनमा सामूहिक समस्या सृजना भए। स्थानीय स्तरका मानिसहरूका समस्या स्थानीय तहबाट नै समाधान गर्न स्थानीय शासनको आवश्यकता भयो। स्थानीय सरकारका संरचना सृजना गरियो। मुख्यत: स्थानीय विषयसँग सम्बन्धित समस्याको स्थानीय स्तरबाट समाधान गर्नका लागि स्थानीय स्तरमा गठित संस्थालाई स्थानीय सरकार भनिन्छ। स्थानीय समस्याको सम्बन्ध नागरिक जीवनका सुविधासँग हुन्छ। स्थानीय व्यक्तिहरूद्वारा आफ्ना समस्या समाधान आफैं गर्ने संस्था स्थानीय सरकार हो। स्थानीय सरकारबाट स्थानीय समस्याको समाधान राम्रोसँग हुन्छ भन्ने ज्ञान प्राचीन हिन्दु राजनीतिक चिन्तनमा पाइन्छ। प्राचीन हिन्दु राज्यव्यवस्थासम्बन्धी ग्रन्थहरूमा गाउँ र नगरको स्थानीय शासनको स्वरूपबारे उल्लेख गरिएको पाइन्छ। यस प्रकरणमा विभिन्न शास्त्रीय ग्रन्थमा प्राप्त विवरणका आधारमा वैदिक कालदेखि कौटिल्यको समयसम्मको कालखण्डको स्थानीय सरकारको स्वरूपबारे सङ्क्षेप प्रकाश पारिएको छ।

स्थानीय शासनको महत्त्व (Importance of Local Government)

वैदिक साहित्यमा स्थानीय शासनको महत्त्व स्वीकार गरिएको छ। लोककल्याणको अभिवृद्धि गर्नु प्रारम्भदेखि नै राज्यव्यवस्थाको उद्देश्य मानिएको छ। वैदिक कालदेखि समसामयिक राजनीतिमा समेत स्थानीय सरकार उत्तिकै महत्त्वपूर्ण मानिन्छ। स्थानीय सरकारको महत्त्व निम्नानुसर रहेको छ:

स्थानीय सरकार प्रजातन्त्रको आधार हो। स्थानीय शासनमा स्थानीय जनताको सहभागिता सुनिश्चित हुन्छ। शासनमा जनताको सहभागिता भए मात्र लोकतन्त्र सुदृढ हुन्छ। निर्णय प्रक्रियामा जनताको सहभागिताबिना जनताको हित संरक्षित हुन सक्दैन। स्थानीय सरकारले प्रजातन्त्रका लागि प्रशिक्षण स्थल वा पाठशालाको काम गर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri
स्थानीय सरकारको अभ्यासबाट जनतालाई लोकतन्त्रको व्यावहारिक प्रशिक्षणको अवसर प्राप्त हुन्छ।

लोकतन्त्रलाई व्यवहारमा उतार्न राज्यशक्तिको विकेन्द्रीकरण आवश्यक हुन्छ। स्थानीय सरकार विकेन्द्रीकरणको माध्यम हो। स्थानीय शासनका संस्थाको समुचित विकासद्वारा शासनको सम्पूर्ण भार केन्द्रीकरण हुन नपाओस् भन्ने उद्देश्यले स्थानीय सरकारको व्यवस्था गरिएको हुन्छ। राजनीतिक, प्रशासनिक र आर्थिक विकेन्द्रीकरणका लागि स्थानीय सरकारको महत्त्वपूर्ण भूमिका हुन्छ।

स्थानीय सरकारले लोककल्याकारी राज्यको आदर्शलाई मूर्तरूप दिन प्रयत्न गर्दछ। स्थानीय सरकारले सेवा र सुविधाको न्यायपूर्ण वितरण गर्ने हुँदा समतामूलक समाजको निर्माणमा यसको महत्त्वपूर्ण भूमिका हुन्छ। स्थानीय सरकारको व्यवस्थाबाट केन्द्र तथा प्रान्तको कार्यभार कम गर्न सहयोग पुग्दछ। स्थानीय समस्या समाधान गर्न स्थानीय परिस्थितिको ज्ञान आवश्यक हुन्छ। स्थानीय परिस्थितिअनुसार स्थानीय स्रोत र साधनको उपयोग गरी स्थानीय समस्याको समाधान गर्न स्थानीय सरकारको महत्त्वपूर्ण भूमिका हुन्छ। स्थानीय सरकारको कुशलतामा राज्यको सफलता निर्भर हुन्छ। त्यसैले स्थानीय सरकारलाई राष्ट्रिय शक्तिको आधार मानिन्छ।

सरकार र प्रशासन जनसेवामुखी हुनुपर्छ। जनतालाई सेवा र सुविधा वितरण गर्न स्थानीय सरकार प्रभावकारी भूमिका हुन्छ। स्थानीय सरकार स्थानीय वासिन्दाको कल्याण र सेवाप्रति समर्पित हुन्छ। स्थानीय परम्परा, संस्कृति र सभ्यताको रक्षाका लागि स्थानीय सरकार आवश्यक हुन्छ। स्थानीय सरकारले स्थानीय संस्कृतिको संरक्षण गर्दछ। स्थानीय सरकारलाई स्थानीय सूचना प्राप्त गर्न सहज हुन्छ। स्थानीय सरकारमा निर्वाचित प्रतिनिधि स्थानीय हुन्छन्। स्थानीय प्रतिनिधिले स्थानीय सूचना सजिलैसँग प्राप्त गर्न सक्छन्। स्थानीय तहबाट प्राप्त सूचनाका आधारमा केद्र र प्रान्तका योजना बन्दछन्। योजना निर्माण र कार्यान्वयनमा समेत स्थानीय सरकारको योगदान महत्त्वपूर्ण हुन्छ। स्थानीय समस्याअनुसार योजना बनाइने हुँदा स्थानीय विकासका लागि अनुकूल हुन्छ।

स्थानीय सरकारले स्वतन्त्र रूपले काम गर्दछ। केन्द्र र प्रान्तको कर्मचारीतन्त्रको समस्याबाट स्थानीय सरकार मुक्त हुन्छ। आधुनिक राज्यमा सामुदायिक आवश्यकताको पूर्तिका लागि स्थानीय सरकारको आवश्यकता स्वयंसिद्ध छ।

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा स्थानीय सरकारको महत्त्व बुझेर शासनमा जनताको सहभागिताको व्यवस्था गरिएको थियो। केन्द्रमा राजाको सत्ता हुन्थ्यो भने गाउँमा ग्रामसभा र नगरमा पौरसभाको पृथक् स्वतन्त्र सत्ता थियो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्राचीन हिन्दु राज्यव्यवस्थामा स्थानीय सरकारको विकास
(Development of Local Government in Hindu Polity)

ऋग्वेदकालमा राजतन्त्रात्मक शासन व्यवस्थाको उल्लेख छ। वैदिक आर्यहरूमा संयुक्त परिवारको प्रचलन थियो। परिवारलाई कुल भनिन्थ्यो। कुलको प्रमुख कुलप हुन्थे। कुलहरू मिली एक ठाउँमा बसोबास गर्दथे र त्यस स्थानलाई ग्राम भनिन्थ्यो। ग्रामको मुखियालाई ग्रामणी भनिन्थ्यो। वाह्य शत्रुबाट आफ्नो रक्षाका लागि ग्रामणीहरू मिलेर एउटा सङ्घ बनाउँथे। त्यस सङ्घलाई विश र विशको प्रमुखलाई विशपति भनिन्थ्यो। विशहरू मिली जनको निर्माण हुन्थ्यो। जनको नेता जनपति, राजन वा राजा हुन्थे। जनलाई जनपद वा राष्ट्र भनिन्थ्यो।

वैदिक युगमा गाउँको ज्यादै महत्त्व थियो। गाउँहरू सामाजिक जीवनको केन्द्र तथा प्रशासनको आधारभूत एकाइ थिए। गाउँको मुख्य अधिकारी मुखिया हुन्थे। मुखियाद्वारा गाउँको शासन सञ्चालन हुन्थ्यो। मुखियालाई ग्रामणी भनिन्थ्यो। एउटा गाउँमा एउटा ग्रामणी हुन्थे। ग्रामणीको नियुक्ति राजाबाट हुन्थ्यो। सामान्यत: ग्रामणी आनुवांशिक हुने प्रचन थियो। त्यस वेला यातायातका साधनको विकास भएको थिएन। स्थानीय तहको शासन स्थानीय तहबाट नै सञ्चालन गर्नुपर्छ भन्ने मान्यता विकास भएको थियो। वैदिक मन्त्रमा गाउँको समृद्धिका लागि अनेक प्रार्थना गरिएको छ। सभ्यताको प्रारम्भिक अवस्था भएकाले वैदिककालमा राज्यको कार्यक्षेत्र ज्यादै सीमित थियो। आन्तरिक शान्ति सुव्यवस्था कायम गर्नु, बाह्य आक्रमणबाट राज्यको रक्षा गर्नु, न्याय सम्पादन गर्नु र कर उठाउनु राज्यका कार्य थिए। गाउँको रक्षागर्नु ग्रामणीको मुख्य कर्तव्य मानिन्थ्यो। सरकारद्वारा गाउँमा कुनै सहायता पुराउन सम्भव थिएन। गाउँको करग्रहण पनि ग्रामणीले गर्दथे। गाउँमा ग्रामसभा हुन्थ्यो। गाउँका सम्पूर्ण गृहस्थहरू ग्रामसभाका सदस्य हुन्थे। ग्रामणीले ग्रामसभाको अध्यक्षता गर्दथे। ग्रामसभाका सम्पूर्ण कार्य ग्रामणीको निर्देशनमा सम्पन्न हुन्थे।

मनुस्मृतिमा स्थानीय शासन सञ्चालन गर्न प्रत्येक गाउँमा ग्रामाधिपति, दस गाउँमा दसग्रामाधिपति, बीस गाउँमा विंशतीश, सय गाउँमा शतेश, र हजार गाउँमा सहस्रपतिको नियुक्त गर्नु पर्ने उल्लेख गरिएको छ [१] (मनु, अ. ७, श्लो. ११५-११९)। साथै नगरहरूमा सर्वाथचिन्तकको नियुक्ति गर्नुपर्दछ भन्ने मनुको विचार रहेको छ [२] (मनु, अ. ७, श्लो. १२१)। स्थानीय स्तरको दोष निवारण अर्थात् विवादको न्यायिक निर्णय गर्नु ग्रामाधिपतिको कर्तव्य हुन्थ्यो। निर्णय गर्न असमर्थ भएमा माथिल्लो तहमा पठाउनु पर्दथ्यो। कर उठाउने काम पनि स्थानीय तहको थियो। करबाट सबै तहका स्थानीय

---

१ ग्रामस्याधिपतिं कुर्याद्दशग्रामपतिं तथा। विंशतीशं शतेशं च सहस्रपतिमेव च।

२ नगरे नगरे चैकं कुर्यात्सर्वार्थचिन्तक:।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
अधिकारीले निश्चित अंश आफ्नो जीविकाका लागि प्राप्त गर्दथे । स्थानीय अधिकारीका गतिविधिको राजाले नियमित निरीक्षण गर्नुपर्छ भन्ने मनुको विचार छ ।

रामायणमा पौर र जानपदको उल्लेख छ । स्थानीय सामन्तलाई पनि राजा भनी उल्लेख गरिएको छ । तर स्थानीय स्तरमा प्रशासनिक संरचनाको कुनै विशेष विवरण त्यहाँ पाइदैन । महाभारतमा स्थानीय शासनको प्रबन्धका विषयमा महत्त्वपूर्ण विवरणहरू उपलब्ध छन् । महाभारतका अनुसार प्रत्येक गाउँमा एक जना अधिपति नियुक्त हुन्थे । त्यसभन्दा माथि क्रमश: दस, बीस, सय र हजार गाउँमा एक-एक जना अधिपति नियुक्त गर्नुपर्छ[३] (शान्ति, स.८७, श्लो.३) । गाउँको अधिपतिले त्यहाँ हुने सबै प्रकारका विवाद र अपराधको यथार्थ विवरण पत्ता लगाई दस गाउँको अधिपतिलाई प्रतिवेदन दिनुपर्थ्यो । त्यसभन्दा माथि क्रमश: बीस, सय र हजार गाउँको अधिपतिलाई विवरण बुझाउनु पर्दथ्यो । हजार गाउँको अधिपतिले राजालाई प्रतिवेदन बुझाउथे । त्यसैगरी गाउँको कर उठाउने जिम्मा पनि गाउँका अधिपतिको हुन्थ्यो । करको निश्चित अंश स्थानीय अधिकारीहरूले प्राप्त गर्दथे । स्थानीय तहको सुरक्षाको जिम्मा पनि स्थानीय तहमा हुन्थ्यो (शान्ति, स.८७, श्लो.४-९) । प्रत्येक नगरमा एक सर्वार्थसाधक हुन्थे[४] (शान्ति, स.८७, श्लो.१०) । सर्वार्थसाधक उच्च अधिकारी थिए र सबै सभाषद्हरूले उनको परिक्रमा गरिरहने व्यवस्था मिलाउनु पर्छ भन्ने महाभारतमा उल्लेख गरिएको छ (शान्ति., स.८७, श्लो.११) ।

बौद्धकालमा पौर र जनपद गरी स्थानीय शासन दुई भागमा विभाजन गरिएको थियो । राजधानीलाई पुर भनिन्थ्यो र बाँकी सम्पूर्ण भूभागलाई जनपद भनिन्थ्यो । जनपदका गाउँमा कस्तो शासन व्यवस्था थियो यससम्बन्धमा विशेष विवरण बौद्ध साहित्यमा उपलब्ध छैन । गाउँको शासकलाई ग्रामभोजक भनिन्थ्यो । ग्रामभोजक पद ज्यादै महत्त्वपूर्ण पद मानिन्थ्यो । त्यसैले ग्रामभोजकलाई अमात्य भनी सम्बोधन गर्ने गरेको पाइन्छ । ग्रामभोजकले गाउँसम्बन्धी सबै काम गर्दथे । गाउँको सुरक्षाका लागि ग्रामभोजक जिम्मेवार हुन्थे । मद्यपान नियन्त्रण गर्नुका साथै मदिरा पसलका लागि लाइसेन्स दिने कार्य ग्रामभोजकले गर्दथे । गाउँमा अनिकाल परेको अवस्थामा गरिब जनतालाई सहायता गर्नु ग्रामभोजकको कार्य थियो । ग्रामभोजकको शासनमाथि राजाको नियन्त्रण हुन्थ्यो ।

शुक्राचार्यका अनुसार राजाको अधीनमा रहेको भूभाग राष्ट्र हो[५] (शुक्राचार्य, अ.४,प्३, श्लो.१) । राष्ट्र ग्राम र पुर गरी दुई भागमा विभाजित गरिएको छ । ग्राम (गाउँ) लाई तीन भागमा विभाजित गरिएको छ । ग्रामबाट १००० कर्ष कर उठ्नुपर्थ्यो । गाउँको एक चौथाई भागलाई पल्ली र पल्लीको आधा भागलाई कुम्भ भनिन्थ्यो । राजधानीलाई पुर भनिन्थ्यो ।

---

३ ग्रामस्याधिपतिः कार्यो दशग्राम्यास्तथा परः । द्विगुणायाः शतस्यैवं सहस्रस्य च कारयेत् ।

४ नगरे नगरे वा स्यादेकः सर्वार्थसाधकः ।

५ स्थावरं जङ्गमंवापि राष्ट्रशब्देण गीयते ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.

CC-0.In Public Domain. Digitization by eGangotri
ग्राम र पुरको शासन् सञ्चालन गर्ने शुक्राचार्यले छ जना अधिकारीको व्यवस्था गरेका छन् । साहसाध्यक्ष (गाउँको सुरक्षा अधिकारी), गाउँको नेता, भागहार (कृषिको कर उठाउने अधिकारी), लेखक, शुल्कग्राह (व्यावसायको कर उठाउने अधिकारी) र प्रतिहार (द्वारपाल) छ जना गाउँ र नगरमा नियुक्त हुने स्थानीय अधिकारी थिए (शुक्राचार्य, अ.१,श्लो. १२१-१२३)। स्थानीय अधिकारीले कर उठाउने र गाउँ वा नगरको सुरक्षाको काम गर्नुपर्छ भन्ने शुक्राचार्यको मत छ (शुक्राचार्य, अ.२, श्लो. १७१-१७२)। स्थानीय विवदको निर्णय पनि स्थानीय तहबाट गर्दा न्यायपूर्ण निर्णय हुन्छ भन्ने शुक्राचार्यको विचार छ । देश, जाति र कुलमा प्रचलित धर्म र प्रथा पहिलेदेखि जसरी चल्दै आएका छन तिनलाई त्यसरी नै चल्न दिनुपर्छ । यदि त्यसो गरिएन भने प्रजामा राजाप्रति नकारात्मक भावना उत्पन्न हुन्छ (शुक्राचार्य, अ.५, प्र.५, श्लो.४५-४७)।

चन्द्रगुप्त मौर्यले कौटिल्यको परामर्श एवं योजना अनुसार इसापूर्व चौथो शताब्दिको अन्त्यतिर नन्दवंशलाई हराई विशाल मौर्य साम्राज्यको निर्माण गरेका थिए। मौर्य साम्राज्य प्रथम ऐतिहासिक साम्राज्य हो (Dikshitar, 1993, p. 71) । मौर्य साम्राज्यले उत्तरमा हिमालदेखि दक्षिणमा समुद्रसम्म र पूर्वमा समुद्रदेखि पश्चिममा पनि समुद्रसम्मको विशाल क्षेत्र ओगटेको थियो । कौटिल्यका अनुसार यस क्षेत्रलाई चक्रवर्तिक्षेत्र भनिन्छ । चन्द्रगुप्त मौर्यले त्यस क्षेत्रका अधिकांश जनपदलाई पराजित गरी एकीकरण गरेका थिए । मगध सम्राटले साम्राज्य विस्तार गर्ने क्रममा पराजित गरेका विभिन्न जनपदमा गणतन्त्रात्मक शासन स्थापित थियो । वज्जिसंघ, मल्ल, शाक्य, भग्ग, मोरिय आदि जनपद गणराज्य थिए (विद्यालंकार, १९९४, पृ. १०२)। शासनको सुविधाका लागि मौर्य साम्राज्य मगध, उत्तर-पश्चिम प्रान्त, पश्चिम प्रान्त र दक्षिणापथ, गरी चार प्रान्तमा विभाजित थियो। प्रान्तमा शासन गर्नका लागि राजवंशका व्यक्ति नियुक्त गर्ने व्यवस्था थियो ।

एउटा जनपदमा आठ सयसम्म गाउँ हुन्थे। एक सयदेखि पाँच सय कुल वा परिवार भएको एउटा ग्राम हुन्थ्यो । ग्रामको प्रमुखलाई ग्रामिक भनिन्थ्यो । दस गाउँको बीचमा सङ्ग्रहण, दुई सय गाउँको समूहमा खार्वटिक, चार सय गाउँको समूहमा द्रोणमुख र आठ सय गाउँको समूहमा स्थानीय स्थापना गर्नुपर्छ भन्ने कौटिल्यको विचार छ[६] (कौटिल्य, अधि.२, अ.१)। ती स्थानीय संरचनाका अधिकारीलाई क्रमश: ग्रामिक, गोप र स्थानिक भनिन्थ्यो । जनपदको शासक समहर्ता हुन्थे । ग्राम र जनपदमा आन्तरिक स्वशासन हुन्थ्यो। सम्राटका अधिकारीहरूले स्थानीय शासनमा हस्तक्षेप गर्दैनथे।

नगरको प्रशासनका लागि कौटिल्यले विशेष अधिकारीको व्यवस्था गरेका छन् । नगरको प्रमुख प्रशासकलाई नागरिक भनिन्थ्यो । समहर्ता र नागरिकले नगरको प्रबन्धका

६ अष्टशतग्राम्या मध्ये स्थानीयं, चतुश्शतग्राम्या द्रोणमुखं, द्वीशतग्राम्या: खार्वटिकं, दशग्रामीसङ्ग्रहणं सङ्ग्रहणं स्थापयेत्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
बारेमा चिन्तन गर्नुपर्छ । दस, बीस वा चालीस कुलको प्रबन्ध गोपले गर्नुपर्छ भन्ने कौटिल्यले उल्लेख गरेका छन् । (कौटिल्य, अधि.२, अ.३६) ।

स्थानीय शासनको सङ्गठन र कार्य (Organization and Functions of Local Government)

प्राचीन हिन्दु राज्यव्यवस्थामा गाउँलाई शासनको आधार मानिएको छ । राजतन्त्रात्मक तथा गणतन्त्रात्मक दुबै प्रकारका शासन प्रणालीमा स्थानीय शासन व्यवस्थाको प्रचलन थियो । गाउँको मुखियालाई ग्रामणी भनिन्थ्यो । ग्रामणी गाउँको प्रमुख प्रशासक हुन्थे । गाउँका प्रमुख व्यक्तिहरूको ग्रामसभा हुन्थ्यो । गाउँका समस्याबारे छलफल गर्ने र निर्णय लिने काम ग्रामसभाले गर्दथ्यो । गाउँमा कार्यकारी समिति पनि हुन्थ्यो । सम्भवत ग्रामसभाले कार्यकारी समितिको निर्माण गर्दथ्यो । गाउँसभामा कुलमुख्यहरू उपस्थित हुन्थे । ग्रामसभाको गठन प्रक्रियाका विषयमा विस्तृत विवरण उपलब्ध छैन ।

ग्रामणी गाउँको प्रमुख प्रशासक हुन्थे । गाउँ सभाको वैठकको अध्यक्षता गर्ने र सभा सञ्चालन गर्ने कार्य पनि ग्रामणीको हुन्थ्यो । गाउँको सुरक्षाको व्यवस्था मिलाउनु ग्रामणीको प्रमुख कार्य थियो । गाउँमा कर उठाउने जिम्मा पनि गाउँ प्रमुखको थियो । दीन-दुखी र व्याधिपीडितलाई सहयोग गर्नु पनि ग्रामणीको कार्य थियो । स्थानीय विवादको निर्णय गर्न पाँच जनाको समिति गठन गरिन्थ्यो । यो नै स्थानीय न्यायपालिका थियो ।

नगरको प्रशासनका लागि कौटिल्यले विशेष अधिकारीको व्यवस्था गरेका छन् । नगरको प्रमुख प्रशासकलाई नागरिक भनिन्थ्यो । समहर्ता र नागरिकले नगरको प्रबन्धको चिन्ता गर्नुपर्छ भन्ने कौटिल्यको विचार छ । ग्रिक राजदूत मेगस्थनिजको यात्रा विवरणमा मौर्यकालको नगरको प्रशासनको विस्तृत विवरण उल्लेख गरिएको छ । नगरमा नगरसभा हुन्थ्यो । नगरमा पाँच पाँच जना सदस्य रहेका छ उपसमिति हुन्थे । नगरसभामा ३० जना प्रतिनिधि हुन्थे । औद्योगिक र शिल्पसम्बन्धी कार्यको निरीक्षण गर्ने पहिलो उपसमिति थियो । दोस्रो उपसमितिले विदेशीको सत्कार गर्ने काम गर्दथ्यो । नगरमा जन्म मृत्युसम्बन्धी अभिलेख राख्ने कार्य गर्ने तेस्रो उपसमिति थियो । चौथो उपसमितिले क्रय-विक्रयको नियम बनाउने कार्य गर्दथ्यो । व्यापारीका गतिविधिको निरीक्षण गर्ने कार्य पाँचौँ उपसमितिले गर्दथ्यो भने क्रय-विक्रयको करसङ्कलन गर्ने कार्य छैटौँ उपसमितिले गर्दथ्यो ।

गाउँ र नगरको शासनमा केन्द्रीय सरकारको नियन्त्रण हुन्थ्यो तर केन्द्रीय सरकारले स्थानीय प्रथाको भने सम्मान गर्नुपर्थ्यो ।

निष्कर्ष (Conclusion)

प्राचीन हिन्दु राज्यव्यवस्थामा गाउँ र नगरको शासन व्यवस्थाको महत्त्व वैदिक कालदेखि नै स्वीकार गरिएको पाइन्छ । कुनै राज्यमा राजतन्त्रत्मक शासन प्रणाली थियो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
भने कुनैमा गणतन्त्रात्मक प्रणाली थियो। कतिपय राज्य विशाल भूभागमा फैलिएका थिए भने कतिपय साना नगरराज्य जस्ता पनि थिए। ठूला राज्यमा स्थानीय शासनको महत्त्व हुन्थ्यो। गणराज्यमा केन्द्रमा राजा केन्द्रीय सभाबाट निर्वाचित हुन्थे। जानपद र पौर केन्द्रीय जनसभाका सदस्य हुन्थे। गाउँका प्रतिनिधि वा मुखियालाई जानपद र नगरका प्रमुख व्यक्तिलाई पौर भनिन्थ्यो। गाउँका मुखियाको नियुक्ति राजाबाट हुन्थ्यो। त्यस्तो नियुक्ति वंशानुगत हुने गर्दथ्यो। स्थानीय सरकारका एकै प्रकारका संरचना थिएनन्। राज्य र समयक्रमअनुसार त्यस्ता संरचनाहरू फरकफरक हुन्थे। स्थानीय सुरक्षा, सेवा र सुविधाको वितरण, न्याय सम्पादन, करग्रहण, स्थानीय विकास र दीन-दुखीलाई सहयोग गर्ने कार्य स्थानीय सरकारको थियो। पाश्चात्य चिन्तनभन्दा पहिलेदेखि नै प्राचीन हिन्दु राज्यव्यवस्थामा विकेन्द्रीकरणको अभ्यास गर्ने गरेको पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्राचीन हिन्दु राज्यव्यवस्थामा लोककल्याणकारी राज्य
(Welfare State in Hindu Polity)

वर्तमान विश्वमा लोककल्याणकारी राज्यव्यवस्था ज्यादै लोकप्रिय भएको छ । लोककल्याणकारी राज्य आफ्ना नागरिकको सामाजिक, आर्थिक र सांस्कृतिक कल्याण सुनिश्चित गर्ने राज्यव्यवस्था हो। जनताको हित गर्नु लोककल्याणकारी सरकारको पहिलो प्राथमिकता हुन्छ । नागरिकका लागि व्यापक सामाजिक सेवा र सुविधाको व्यवस्था गरिन्छ। राज्य कानुनी र प्रशासनिक संस्था मात्र नभई नागरिकको जीवनस्तर सुधार गर्ने दायित्व बोकेको संस्था पनि मानिन्छ। सामाजिक र आर्थिक क्षेत्रमा हरेक व्यक्तिलाई उचित अवसर प्रदान गर्ने राज्यव्यवस्थालाई लोककल्याणकारी राज्य भनिन्छ। लोककल्याणकारी राज्यले हरेक व्यक्तिका आधारभूत आवश्यकता सुनिश्चित गर्दछ। कुनै विशेष समुदाय वा वर्ग विशेषको हितमा मात्र नभई समाजका सबै व्यक्तिको हितमा ध्यान दिइन्छ।

लोककल्याणकारी राज्यको धारणा नवीन विचार भने होइन। प्राचीन हिन्दु राजनीतिक चिन्तनमा वैदिक साहित्य, स्मृतिशास्त्र, रामयण, महाभारत, पुराण, नीतिशास्त्र, कौटिल्यको अर्थशास्त्र जस्ता प्राचीन ग्रन्थहरूमा लोककल्याणकारी राज्यबारे उच्च महत्त्वका साथ वर्णन गरिएको छ । निरन्तर सत्यको रक्षा गर्नु र हरेक व्यक्तिको नैतिक जीवनका लागि पथप्रदर्शन गर्नु राज्यको कार्य मानिएको छ । राज्यले 'सर्वजनहिताय र सर्वजनसुखाय' काम गर्नुपर्छ भन्ने विषयमा जोड दिइएको छ। पृथ्वीलाई मनुष्यका लागि बसोबास योग्य बनाउनु राज्यको उद्देश्य मानिएको छ। यसैगरी पाश्चात्य राजनीतिक चिन्तनमा पनि प्राचीन ग्रीसमा नै लोककल्याणकारी राज्यलाई महत्त्व दिएको पाइन्छ । मानव जीवनका लागि राज्यको उदय भएको र असल जीवनका लागि यो निरन्तर रहन्छ भन्ने अरस्तुको विचार रहेको छ । मध्ययुगको अन्त्यपछि युरोपमा शक्तिशाली राजतन्त्रको उदय भयो । त्यस समयका राजाले आफ्नो शक्तिको औचित्य लोककल्याणका दृष्टिले सिद्ध गर्ने प्रयास गर्दथे। प्राचीन समयदेखि महत्त्व दिइएको भए तापनि राजनीतिशास्त्रमा लोककल्याणकारी राज्यको विकास बीसौं शताब्दीमा भएको मानिन्छ। आधुनिक लोककल्याकारी राज्यको अवधारणामा पाश्चात्य प्राचीन राजनीतिक चिन्तनको प्रभाव प्रत्यक्ष रूपमा छैन । दक्षिण एसियामा भने रामराज्य अद्यापि लोकल्याणकारी एवं सुशासनको आदर्श नमुना मानिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अत: लोककल्याणकारी राज्यको प्राचीन हिन्दु अवधारणाको स्पष्टताका लागि पाश्चात्य आधुनिक लोककल्याणकारी राज्यको अवधारणाका साथै प्राचीन हिन्दु राजनीतिक चिन्तनमा रहेका लोककल्याणकारी राज्यसम्बन्धी विचारको विवेचना यस प्रकरणमा प्रस्तुत गरिएको छ ।

पाश्चात्य लोककल्याणकारी राज्यको धारणा (Western Concept of Welfare State)

लोकल्याणकारी राज्यको मूल उद्देश्य सामाजिक र आर्थिक न्याय सुनिश्चित गर्नु हो । लोककल्याकारी राज्यको सङ्क्षेपमा परिभाषा गर्न कठीन छ । व्यापक अर्थमा लोककल्याणकारी राज्य जनताको कल्याण र सुखको संवर्द्धन गर्ने सिद्धान्त हो । कल्याणकारी राज्यको सिद्धान्तका अनुसार राज्यको शक्ति जनताको सेवाको साधन हो । व्यक्तिलाई राज्यको आधार मानिन्छ । व्यक्तिको सामञ्जस्यपूर्ण विकास राज्यको उद्देश्य हो । लोककल्याणकारी राज्यमा सबै जनता आफ्नो क्षमताको विकास गर्न स्वतन्त्र हुन्छन् । वस्तु, सेवा र अवसरको न्यायपूर्ण वितरण हुन्छ । सुखी जीवन प्राप्त गर्न सबै स्वतन्त्र हुन्छन् । खाना, आवास, शिक्षा र स्वास्थ्यसम्बन्धी आधारभूत सुविधाबाट कुनै पनि व्यक्ति वञ्चित हुन नपर्ने राज्यलाई लोककल्याणकारी राज्य भनिन्छ । जात-जाति, लिङ्ग, वर्ण, धर्म आदि कुनै पनि आधारमा भेदभाव गरिदैन । कल्याणकारी राज्य यस्तो समाज हो जहाँ प्रत्येक व्यक्तिका लागि न्यूनतम जीवनस्तर सुनिश्चित हुन्छ एवं समान अवसर प्राप्त हुन्छ । लोककल्याणकारी राज्यका अवधारणाका विविध पक्ष निम्नानुसार रहेका छन्:

नागरिकको कल्याण (Welfare of the People)

लोककल्याणकारी राज्यको उद्देश्य आफ्ना नागरिकको कल्याण गर्नु हो । राज्यको कार्य शास्त्रीय उदारवादमा जस्तो शान्ति सुरक्षामा मात्र सीमित हुँदैन । न्यायपूर्ण समाजको निर्माणका लागि राज्यले नागरिकको जीवनमा हस्तक्षेप गर्दछ । कमजोर वर्गको उत्थानका लागि राज्यले आरक्षणको व्यवस्था गर्दछ ।

मानवअधिकारको सुनिश्चितता (Guarantee of Human Rights)

लोकल्याणकारी राज्यमा लोकतान्त्रिक शासन व्यवस्था हुन्छ । लोकतन्त्रमा मानवअधिकार सुनिश्चित गर्नु राज्यको दायित्व हुन्छ । जनतालाई कानुनी न्याय प्रदान गरिन्छ । स्वतन्त्रता, समानता, शोषणबाट मुक्ति आदि आधारभूत मानव अधिकार हुन् ।

आर्थिक सुरक्षा (Economic Security)

नागरिकको आर्थिक सुरक्षाको व्यवस्था गर्नु लोककल्याणकारी राज्यको दायित्व हो । हरेक नागरिकलाई आधारभूत आवश्यकताको परिपूर्ति गर्ने कार्य राज्यको कार्यक्षेत्रमा पर्दछ । आर्थिक स्रोत र साधनको न्यायपूर्ण वा समतामूलक पुनर्वितरणको व्यवस्था

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri
गरिन्छ। राज्यले हरेक नागरिकको रोजगारी, न्यूनतम पारिश्रमिक, समान कामका लागि समान पारिश्रमिक, बिमा सुविधा, निवृत्तिभरण र सामाजिक सुरक्षा सुनिश्चित गर्दछ। रोग, वृद्धावस्था, अयोग्यता, अभाव, दुर्घटना आदिमा सुरक्षा प्रदान गरिन्छ।

सामाजिक सुरक्षा (Social Security)

मानव भएका नाताले समाजका सबै सदस्य समान व्यवहारको हकदार हुन्छन्। सबै नागरिकलाई बेरोजगारी भत्ता, स्वास्थ्यसेवा, वृद्धभत्ता, तथा शिक्षाको अवसर जस्ता सुविधा उपलब्ध गराउनु राज्यको दायित्व हुन्छ। जात-जाति, लिङ्ग, वर्ण, धर्म आदि कुनै पनि आधारमा नागरिकहरूबीच भेदभावको अन्त्य गरिनुपर्छ। शोषण र सामाजिक कुरीतिको अन्त्य गर्नुपर्छ। सामाजिक न्यायको स्थापना गर्नु राज्यको दायित्व हो।

व्यक्ति र राज्यबीच घनिष्ठता
(Harmonious Relation Between Individual and State)

लोकल्याणकारी राज्यमा व्यक्तिको महत्वपूर्ण स्थान हुन्छ। राज्य व्यक्तिका लागि निर्मित संस्था मानिन्छ। व्यक्तिको जीवनमा हरेक प्रकारका सहयोग प्रदान गर्नु राज्यको दायित्व मानिन्छ। व्यक्ति र राज्यबीच परस्पर घनिष्ठ सम्बन्ध हुन्छ।

राज्यको कार्यक्षेत्रमा विस्तार (Increasing Functions of the State)

मनुष्यको जीवनका प्रत्येक क्षेत्रमा सहयोग गर्नु राज्यको जिम्मेवारी मानिन्छ। नागरिकको जीवनमा जन्मदेखि मृत्युसम्मका (Security from the cradle to the grave.) हरेक गतिविधिमा सुरक्षा र सहयोग गर्नु राज्यको कार्यक्षेत्र हो। व्यक्तिका हरेक समस्या राज्यका समस्या मानिन्छन्। यसरी कल्याणकारी राज्यको मान्यताले आधुनिक राज्यको कार्यक्षेत्र निरन्तर विस्तार भएको छ।

राजनीतिक न्याय (Political Justice)

व्यक्तिलाई राजनीतिक सुरक्षा प्रदान गर्नु पनि राज्यको दायित्व मानिन्छ। हरेक नागरिकलाई राजनीतिक स्वतन्त्रता र कानुनको दृष्टिमा समानता प्रदान गरिन्छ। नागरिकलाई कानुनी र राजनीतिक न्याय प्रदान गर्नु कल्याणकारी राज्यको जिम्मेवारी हो। राजनीतिमा सहभागी हुने अवसर हरेक व्यक्तिलाई प्रदान गरिन्छ। राजनीतिले नीति निर्माण गर्दछ। राजनीतिक सहभागिताको अर्थ राज्यको नीति निर्माणमा सहभागिता हो। नीतिनिर्माणमा सहभागिताबिना न्यायपूर्ण नीतिनिर्माण हुन सक्दैन।

अन्तर्राष्ट्रियता र विश्वशान्तिमा विश्वास (Internationalism and World Peace)

अन्तर्राष्ट्रिय स्तरमा शान्ति, सह-अस्तित्व र पारस्परिक सहयोगमा विश्वास गर्नु लोककल्याणकारी राज्यको उद्देश्य हो। प्राकृतिक विपत्तिका वेला संसारका सबै देश आ-आफ्नो मतभेद विर्सेर परस्पर सहयोगका लागि तत्पर हुनुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

लोककल्याणकारी राज्यको विकास (Development of Welfare State)

युरोपमा अठारौं शताब्दीमा शास्त्रीय उदारवाद (Classical Liberalism) को उदय भयो । शास्त्रीय उदारवादले स्वेच्छातन्त्र (Laissez faire) को आर्थिक दर्शनको पक्ष लियो । राज्यको कार्यक्षेत्र शान्तिसुरक्षामा मात्र सीमित गर्नुपर्छ भन्ने उदारवादको सिद्धान्त हो । अठारौं र उन्नाईसौं शताब्दीमा युरोपमा औद्योगिक क्रान्ति भयो । पूँजीवादको विकास भयो । यसको परिणाम स्वरूप सामाजिक असमानता, गरिबी, श्रमिकको शोषण, बालश्रम र बेरोजगारी जस्ता समस्या बढ्दै गए । जोन स्टुआर्ट मिलको शास्त्रीय उदारवादमा परिवर्तन गर्नुपर्छ भन्ने विचारबाट आधुनिक उदारवादको प्रारम्भ भयो । कार्ल मार्क्सले साम्यवादी सिद्धान्त प्रतिपादन गरे । आधुनिक उदारवादको उदयसँगै उन्नाईसौं शताब्दीमा राज्यले श्रमिक तथा कमजोर वर्गको संरक्षण गर्नुपर्छ भन्ने विचारको विकास भयो । शास्त्रीय उदारवादबाट सिर्जना भएको व्यक्तिवादी विचार र समाजवादका विरुद्ध लोककल्याणकारी राज्यको विकास भएको हो ।

उदारवादमा परिमार्जन गरी आधुनिक उदारवादको उदयसँगै राज्यले नागरिकलाई सामाजिक सुरक्षा प्रदान गर्नुपर्छ भन्ने विचार प्रबल हुँदै गयो । जर्मनीमा १९१९ मा वाइमर संविधान लागु गरियो । यस संविधानमा नागरिकलाई सामाजिक सुरक्षा प्रदान गर्ने व्यवस्था प्रारम्भ गरियो । बेलायतमा १९४२ मा विलियम हेनरि बिबरिज (William Henry Beveridge,1879-1963) को बेभरिज रिपोर्टमा सामाजिक सुरक्षाका लागि सुझाब दिइयो । दोस्रो विश्वयुद्धको अन्त्यपछि लोकल्याणकारी राज्यको अवधारणा अझ बलियो हुँदै गयो । त्यसपछि बेलायत, अमेरिका, क्यानडा र स्क्यान्डिनेभियन देशहरूमा लोककल्याणकारी कार्यक्रमहरू कार्यान्वयन गरिए ।

एक्काईसौं शताब्दीमा निजीकरण, नवउदारवाद र विश्वव्यापीकरणका कारण लोककल्याणकारी राज्यको भूमिका केही घटेको देखिन्छ । सामाजिक सुरक्षाका कार्यक्रमहरू सीमित हुन थालेका छन् तापनि स्वीडेन, नर्वे, डेनमार्क जस्ता मुलुक प्रभावकारी लोककल्याणकारी राज्यका उदाहरण हुन् । नेपाल जस्ता मुलुकका लागि लोककल्याकारी राज्यव्यवस्था अपरिहार्य मानिन्छ ।

व्यक्तिवादको विरुद्धको प्रतिक्रिया (Reaction Against Individualism)

अठारौं शताब्दीमा युरोपमा उदाएको उदारवादबाट व्यक्तिवादको सृजना भयो । स्वेच्छातन्त्र 'Laissez –faire' नीति शास्त्रीय उदारवादको आधार हो । यसमा व्यक्तिको स्वतन्त्रतालाई महत्त्व दिइयो । राज्यको कार्यक्षेत्र शान्ति-सुरक्षामा मात्र सीमित गरियो । खुला अर्थव्यवस्था लागु गरियो । आर्थिक विकास व्यक्तिको अधिकार मानियो । खुला व्यापारको नीति विकास भयो । उत्पादनको साधन र श्रोतको स्वामित्व पूँजीपतिका हातमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

सीमित भयो । पूँजीपतिहरूले नाफाको भावनाले काम गर्दथे । श्रमिकबाट कम ज्यालामा धेरै श्रम लिने काम भयो । श्रमिकको व्यापक शोषण भयो । पूँजीवादको चरम विकास भयो । यसको फलस्वरूप सर्वसाधारणको हित प्रतिकूल स्थिति सृजना भयो । यसका विरूद्धमा समाजवादी विचारको उदय भयो । उदारवादमा सुधारको आवश्यकता देखियो । उदारवादमा परिवर्तन गरी आधुनिक उदारवादको प्रादुर्भाव भयो । आधुनिक उदारवादले राज्यको कार्यक्षेत्रमा लोककल्याणकारी कार्य पनि समावेश गर्न आवश्यक मानियो । समतामूलक समाजको निर्माण गर्न कमजोर वर्गका लागि आरक्षणको व्यवस्था गर्नु राज्यको दायित्व मान्न थालियो । आधुनिक उदारवादीहरूले राज्यले सामाजिक र आर्थिक न्यायका लागि काम गर्नुपर्छ भन्ने सिद्धान्त स्थापित गरेपछि शास्त्रीय उदारवादको अहस्तक्षेपको नीति कमजोर हुँदैगयो । दोस्रो विश्वयुद्धको अन्त्यपछि वेलायतमा कल्याकारी राज्यसम्बन्धी विचारको उदय भयो । वेलायत र संयुक्त राज्य अमेरिकामा समेत लोककल्याकारी राज्यको अभ्यास प्रारम्भ भयो ।

मार्क्सवादको व्यावहारिक स्वरूप (Practical Form of Marxism)

कार्ल मार्क्सको कम्युनिष्ट मेनिफेष्टो १८४८ मा प्रकाशित भएको थियो । उनले पूँजीवादका कारण सृजना भएको शोषणबाट मुक्तिका लागि सर्वहारा वर्गको अधिनाकवादी व्यवस्थाको स्थापना गर्न श्रमिक वर्गलाई प्रोत्साहन गरे । उनको साम्यवादी विचारको समाजमा व्यापक प्रभाव पर्न गयो । मार्क्सको सिद्धान्तमा लेलिनले सामान्य परिवर्तन गरे र रुसमा साम्यवादी क्रान्ति सफल भयो । त्यहाँ साम्यवादी दलको अधिनायकवाद स्थापित भयो । पूँजीवादी लोकतन्त्रका विरुद्ध साम्यवादी विचारधाराको अभ्यास प्रारम्भ भयो । साम्यवादी सरकारले आर्थिक, औद्योगिक, सांस्कृतिक आदि क्षेत्रमा काम गर्न थाले । यसको उद्देश्य जनहितको संवर्द्धन गर्नु र जनतालाई आधारभूत आवश्यकताको चिन्ताबाट मुक्त गर्नु थियो । यसबाट साम्यवादको विस्तार रोक्न लोतान्त्रिक सरकारलाई पनि आफ्नो कार्यक्षेत्र विस्तार गर्न र लोककल्याणकारी कार्य गर्न दवाव सृजना भयो । साम्यवादका लोकल्याणकारी मान्यता लोकतान्त्रिक मुलुकमा स्वीकार गर्न थालियो । यसबाट राजनीतिमा लोकतन्त्र कायम राखी लोकतान्त्रिक मुलुकमा लोककल्याणकारी कार्यक्रम लागु गर्न थालियो । लोकतार्न्त्रिक समाजवादी कार्यक्रम व्यवहारमा लागु गर्न थालियो ।

समाजवाद र लोकतन्त्रको विकास (Development of Socialism and Democracy)

मार्क्सवादी विचारधाराको प्रभावबाट विकासवादी समाजवादको उदय भयो । यसको उद्देश्य हिंसा र क्रान्तिका विरुद्ध अहिंसा र शान्तिपूर्ण माध्यमबाट समाजवादी विचारद्वारा राज्यमा समाजवादी अर्थव्यवस्था स्थापित गर्नु थियो । यसको प्रभाव लोकतान्त्रिक

CC-0. In Public Domain. Digitization by eGangotri
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
राज्यमा पर्न गयो। फलस्वरूप लोकतान्त्रिक समाजवादको विकास भयो। लोककल्याणकारी राज्यको स्थापना गर्न प्रेरित गर्नु लोकतान्त्रिक समाजवादको कार्यक्षेत्रभित्र पर्न गयो। यसरी लोकतान्त्रिक समाजवाद र सामाजिक लोकतन्त्रको प्रभाव लोककल्याणकारी राज्यको विकासमा पर्न गयो।

अन्तर्राष्ट्रवादको विकास (Development of Internationalism)

दोस्रो विश्वयुद्धको अन्त्यपछि संयुक्त राष्ट्र संघको स्थापना भयो। राज्यहरूबीच युद्ध रोक्ने, मानव अधिकारको रक्षा गर्ने र आर्थिक सामाजिक क्षेत्रमा मानवकल्याण गर्ने उद्देश्यले यसको स्थापना गरिएको हो। यसको प्रभाव विश्वका सबै मुलुकमा पर्न गयो। मानवअधिकार र लोकतन्त्रको विस्तार भयो। यसबाट सबै सरकारलाई आफ्नो कार्यक्षेत्र लोककल्याणकारी बनाउन दवाव सृजना भयो।

लोककल्याणकारी राज्यको अवधारणा समाजमा सामाजिक सुरक्षा, न्याय र आर्थिक समानताका लागि ज्यादै महत्त्वपूर्ण मानिन्छ। औद्योगिक क्रान्तपछि यसको विकास तीव्र रूपमा भएको हो। समसामयिक विश्वमा यसले विभिन्न चुनौतीहरूको सामना गरिरहेको छ। नेपालमा पनि लोककल्याणकारी राज्यको सीमित अभ्यास गरिएको छ। सही नीति र योजनाका माध्यमबाट लोककल्याणकारी राज्यका सिद्धान्तलाई अझ प्रभावकारी बनाउन आवश्यक छ।

कल्याणकारी राज्यका कार्य (Functions of Welfare States)

आधुनिक राज्यहरूले रक्षात्मक र जनसेवामूलक गरी दुई प्रकारका कार्य गर्दछन्। राज्य र जनताको रक्षाका लागि गरिने कार्य रक्षात्मक कार्य हुन् भने जनताको हित संवर्द्धन गर्न गरिने कार्य कल्याणकारी कार्य हुन्।

रक्षात्मक कार्य (Protective Functions of the State)

आन्तरिक शान्ति-सुरक्षा कायम गर्नु, वाह्य आक्रमणबाट राज्यको सुरक्षा गर्नु, व्यक्ति र व्यक्तिगत सम्पत्तिको सुरक्षा गर्नु, कर उठाउनु, न्याय सम्पादन गर्नु राज्यका अनिवार्य कार्य हुन्। व्यक्ति, उसको परिवार र सम्पत्तिको सुरक्षा गर्नु राज्यको कर्तव्य हो। आफ्नो सार्वभौमसत्ताको रक्षा गर्नु राज्यको प्रमुख कार्य मानिन्छ। अन्य राज्यसँग कूटनीतिक सम्बन्ध कायम गर्नु पनि राज्यको दायित्व हो। राज्यले कानुन निर्माण गर्ने काम गर्दछ। न्यायसम्पादनको काम पनि राज्यको रक्षात्मक कार्यभित्र पर्दछ। यी सबै काम गर्न राज्यलाई आर्थिक स्रोतको आवश्यकता पर्छ। त्यसैले राज्यले जनताबाट कर सङ्कलन गर्दछ।

कल्याणकारी कार्य (Welfare Functions)

राज्यमा सामाजिक न्यायको स्थापना होस भन्ने उद्देश्यले राज्यले सम्पादन गर्ने कार्यलाई राज्यका कल्याणकारी कार्य भनिन्छ। राज्यले सर्वप्रथम सम्पूर्ण नागरिकलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

स्वतन्त्रता प्रदान गरेको हुन्छ । व्यक्ति आफ्नो विकास गर्न स्वतन्त्र हुन्छ । स्वतन्त्रताबाट सिर्जना हुने सामाजिक विभेदको अन्त्य गरी समाजमा न्याय सुनिश्चित गर्नु राज्यको कल्याणकारी कार्य हो । मानिसका हरेक आवश्यकता पूरा गर्न सहयोग गर्नु राज्यको कार्य मानिन्छ । यसले गर्दा राज्यको कार्य ज्यादै विस्तार भएको छ । प्रमुख कल्याणकारी कार्य निम्नानुसार रहेका छन्:

सामाजिक सुरक्षासम्बन्धी कार्य (Social Security)

कल्याणकारी राज्यले सामाजमा विद्यमान जातजाति, धर्म, वर्ग, र लिङ्ग आदि कुनै पनि आधारमा गरिने भेदभाव अन्त्य गरी सामाजिक न्याय सुनिश्चित गर्दछ । सामाजिक विभेद हटाई नागरिकहरूलाई समान अवसर उपलब्ध गराइन्छ । विभेद विरुद्ध कानुनी व्यवस्था मिलाई समावेशिता प्रवर्द्धन गरिन्छ । बेरोजगारी, वृद्धावस्था, अशक्तता जस्ता अवस्थाबाट नागरिकलाई सामाजिक सुरक्षा प्रदान गर्दछ । बेरोजगार भत्ता, वृद्धावस्थामा सुविधा, निवृत्तिभरण, बिमा सुविधा आदिको व्यवस्था राज्यले गर्दछ । बालबालिकाको हक र विकास सुनिश्चित गरिन्छ । मातृत्व भत्ता, बाल हेरचाह सेवा आदिको प्रबन्ध पनि राज्यले गर्दछ । कमजोरलाई न्याय दिनका लागि आरक्षण लागु गर्दछ । सबै नागरिकलाई नि:शुल्क वा सहुलियतपूर्ण शिक्षाको समान अवसर प्रदान गर्दछ । आधारभूत शिक्षा नि:शुल्क र अनिवार्य गर्नु कल्याणकारी राज्यको दायित्व हो । यसैगरी सबै नागरिकलाई सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्दछ । कल्याणकारी राज्यले सामाजिक न्यायका लागि काम गर्दछ ।

आर्थिक सुरक्षा (Economic Security)

प्रगतिशील कर प्रणाली र सामाजिक सहायता कार्यक्रमका माध्यबाट नागरिकहरूको आयबीचको असमानता घटाउनु कल्याणकारी राज्यको कार्यक्षेत्रभित्र पर्दछ । सबै नागरिकका लागि खाद्यान्न, आवास, कपडा र उर्जा जस्ता आधारभूत आवश्यकता पूरा गर्ने कार्यक्रम सञ्चालन गर्नु कल्याणकारी राज्यको दायित्व हो । गरिबी घटाउन आधारभूत आवश्यकता पूरा गर्ने कार्यक्रम पनि राज्यले गर्दछ । जनतालाइ आर्थिक न्याय प्रदान गर्नु राज्यको दायित्व हो ।

सामाजिक पूर्वाधारको विकास (Development of Infrastructures)

सबै जनताका लागि यातायात र सञ्चारका सुविधाका लागि पूर्वाधारको विकास गर्ने कार्य कल्याणकारी राज्यको दायित्व हो । राज्यमा सुरक्षित र दिगो विकासका लागि काम गर्नु पनि कल्याणकारी राज्यको दायित्वभित्र पर्दछ ।

विपद व्यवस्थापन (Rescue in Calamities)

प्राकृतिक प्रकोप र आर्थिक सङ्कट जस्ता आपतकालीन अवस्थामा जनतालाई राहत र सहयोग उपलब्ध गराउने काम कल्याणकारी राज्यले गर्दछ । अनिकालमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
भोजनको अभाव, महामारी रोगको प्रकोप र प्राकृतिक विपत्तिको समयमा आफ्ना नागरिकको रक्षा र पालन-पोषण गर्नु राज्यको कर्तव्य मानिन्छ।

यसरी लोककल्याणकारी राज्यले मानिसको जीवनमा सबै किसिमका आवश्यकता र समस्या समाधान गर्दछ। त्यसैले राज्यको कार्यक्षेत्रमा विस्तार हुनु स्वाभाविक मानिन्छ।

प्राचीन हिन्दु राजनीतिक व्यवस्थामा कल्याणकारी राज्य (Concept of Welfare State in Ancient Hindu Polity)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा लोककल्याणकारी राज्यव्यवस्थाको आदर्श स्थापित गरेको पाइन्छ। राज्यको उदय नै मानव जीवनका लागि भएको मानिन्छ। राज्य केवल शासनको साधन नभई न्याय, धर्म, अर्थ र लोकहित प्रवर्द्धन गर्ने संस्था मानिएको छ। सर्वप्रथम मात्स्यन्यायबाट मुक्ति प्रदान गरी पृथ्वीलाई मनुष्यका लागि बसोबास योग्य बनाउनका लागि राज्यको उत्पत्ति भएको मानिन्छ। प्राचीन राजनीतिक विचारमा राज्यलाई सामाजिक जीवनमा अत्यन्त आवश्यक र उपयोगी संस्था मानिएको छ। जीवनका तीन लक्ष्य धर्म, अर्थ र कामको प्राप्ति राज्यबिना पूर्णत: असम्भव हुन्छ। राज्य सर्वोच्च संस्था हो। राज्य भएन भने समाज तहसनहस हुन्छ। शक्तिशाली व्यक्तिबाट कमजोर व्यक्तिको शोषण प्रारम्भ हुन्छ। राज्यले समाजलाई व्यवस्थित गराउँछ। त्यसैले धर्मशास्त्रमा राजधर्मलाई महत्त्व दिएर वर्णन गरिएको छ। राज्यसम्बन्धी प्राचीन हिन्दु चिन्तनमा व्यक्तिवाद र अराजकतावादको पक्षमा विचार गरिएको पाइदैन। अराजकतावादीले राज्यलाई अनावश्यक र अनुपयोगी संस्था मान्दछन्। राज्यलाई लोककल्याणकारी संस्था मान्ने विषयमा सबै प्राचीन हिन्दु राजनीतिक विचारकहरूको मतैक्यता छ।

सांसारिक जीवन र पारलौकिक आध्यात्मिक विचारलाई सामाजिक एवं राजनीतिक दुबै व्यवस्थालाई समान मान्यता दिइएको छ। राज्यसम्बन्धी विचारमा समन्यात्मकता प्रदर्शित गरिएको छ। पाश्चात्य राजनीतिक विचारमा जस्तो मतभेद प्राचीन हिन्दु राजनीतिक विचारमा छैन।

प्राचीन हिन्दु राजनीतिक चिन्तनलाई राजधर्म, दण्डनीति, अर्थशास्त्र, नीतिशास्त्र आदि नामले सम्बोधन गरिएको छ। हिन्दु राजनीतिक विचारकहरूको राज्यसम्बन्धी विचारमा मतैक्यता रहेको छ। उनीहरू राजनीतिक विचारको आदर्शको कल्पनामा रमाएका छैन। उनीहरूका विचार व्यावहारिक छन्।

प्राचीन हिन्दु राज्यव्यवस्थामा लोककल्याणकारी राज्यको अवधारणालाई महत्त्वपूर्ण स्थान दिइएको छ। राज्यव्यवस्था सत्य, धर्म, नीति र न्यायमा आधारित छ। धर्म, अर्थ, काम र मोक्षको संवर्द्धन गर्नु जीवनको लक्ष्य हो। राज्यको लक्ष्य पनि व्यक्तिगत जीवनका लक्ष्यभन्दा फरक मानिदैनथ्यो। समाजमा शान्ति सुव्यवस्था कायम गर्नु वा धर्मको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थापना गर्नु, कर उठाउनु, न्याय सम्पादन गर्नु, बाह्य आक्रमणबाट देशको सुरक्षा गर्नु एवं लोककल्याणको काम गर्नु राज्यका कार्य मानिएको छ । प्रजाको कल्याण नै शासनको उद्देश्य कायम गरिएको छ। मनु, याज्ञवल्क्य, बृहस्पति, शुक्राचार्य, कौटिल्य तथा रामायण र महाभारतका लोककल्याणकारी राज्यसम्बन्धी विचार उल्लेखनीय छन्। राज्य व्यक्तिको हितको रक्षा गर्ने साधन मानिएको छ।

मनुको लोककल्याणकारी राज्य (Welfare State of Manu)

धर्म, नीति र न्यायमा आधारित शासन गर्ने राजा हुनुपर्छ भन्ने मनुको विचार रहेको छ । राजाले प्रजाको रक्षा र पालन-पोषण गर्नुपर्छ भन्ने मनुको विचार रहेको छ। धर्मको मर्यादा कायम गरी लोकको रक्षाका लागि राज्यको उदय भएको हो भन्ने मनुको सिद्धान्त रहेको छ । राजाको प्रमुख कार्य जनताको नैतिक, भौतिक र आध्यात्मिक विकासमा प्रोत्साहन दिनु मानिएको छ। राजाले जनताको हित र सुविधाका लागि कार्य गर्नुपर्छ भन्ने मनुको विचार रहेको छ । राजाले आफ्ना प्रजालाई जसरी पिताले आफ्ना औरस पुत्रको रक्षा र पालन गर्दछन् त्यसैगरी सबै प्रकारले रक्षा गर्नुपर्छ[१] (मनु, अ.७, श्लो.१३५)। यसरी प्रजाको यस लोकमा रक्षा र कल्याण मात्र होइन मृत्यु पछि समेत उनीहरूको कल्याणका लागि सहयोग गर्नु राजाको कर्तव्य मान्ने मनुको राजनीतिक विचारको विशेषता रहेको छ।

मनुका अनुसार राजाको वायुव्रतबाट राजाले आफ्नो राज्यको अवस्थाको ज्ञान गर्नुपर्छ । इन्द्रले जल वर्षा गराए जस्तै राजाले सेवा र सुविधाको वितरण गरेर प्रजालाई सन्तुष्ट पार्नुपर्छ। राजाले सबै प्राणीहरूलाई पृथ्वीले जस्तै समान भावले भरण-पोषण गर्दै धारण गर्नुपर्छ भन्ने मनुको विचारमा समानताको मान्यता अन्तर्निहित छ। राजालाई देखेर चन्द्रमालाई देख्दा जस्तै सबै प्रसन्न हुनुपर्छ । प्रजाको हित गर्ने राजा सुखी र सफल हुन्छन्। लोककल्याण राजाको महत्त्वपूर्ण कर्तव्य हो।

याज्ञवल्क्यको लोकहितसम्बन्धी विचार (Yajnavalkya's Views on Welfare State)

राजा प्रजाको भरण-पोषणका लागि प्रयत्नशील रहनुपर्छ भन्ने यज्ञवल्क्यको विचार रहेको छ । राजाले अप्राप्त भूमि, सुवर्ण आदि धर्मपूर्वक प्राप्त गर्ने इच्छा राख्नुपर्छ । प्राप्त वस्तुको यत्नपूर्वक रक्षा गर्नुपर्छ। रक्षित वस्तु नित्य बढाउने काम गर्नुपर्छ। बढेको धन, भूमि आदि सत्पात्रमा वितरण गर्नुपर्छ[२] (याज्ञवल्क्य, अ.१, श्लो. ३१७)। यसरी दान वितरणको प्राचीन व्यवस्था थियो। जो आर्थिक दृष्टिले कमजोर छ उसलाई धन दिएर आर्थिक न्याय स्थापना गर्ने पक्षमा याज्ञवल्क्य रहेका छन्। राजा ब्राह्मणप्रति क्षमाशील, मित्रप्रति सरल,

---

१ ....पितापुत्रमिवौरसम्।

२ अलब्धमीहेद्धर्मेण लब्धं यत्नेन पालयत्। पालितं वर्धयेन्नीत्या वृद्धं पात्रेषु निक्षिपेत्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

शत्रुप्रति क्रोधी तथा सेवक र प्रजाप्रति पिता जस्तै दयावान् र हितकारी हुनुपर्छ भन्ने याज्ञवल्क्यको विचार छ[३] (याज्ञवल्क्य, अ.१, श्लो.३३४)। याज्ञवल्क्यले निष्पक्ष न्याय प्रणालीमा जोड दिएका छन्। उनका अनुसार राजाले निष्पक्ष न्याय प्रदान गर्नुपर्छ। न्याय भएन भने अराजकता फैलिन्छ। राजाले सामाजिक समानता र न्याय प्रदान गर्ने कामलाई विशेष महत्त्व दिनुपर्छ। दण्डव्यवस्था न्यायपूर्ण हुनुपर्दछ। महिला र कमजोर वर्गको सुरक्षाको समुचित व्यवस्था गर्नुपर्छ।

बृहस्पतिको लोकहितसम्बन्धी विचार (Brihaspati's Views on Welfare State)

मात्स्यन्यायको अनाचार र अव्यवस्थाको अन्त्य गरी शान्ति र सुव्यस्था कायम गर्न र त्यसको रक्षाका लागि राजा र राज्यको उदय भएको हो भन्ने बृहस्पतिको मत छ। उनले राजतन्त्रको समर्थन गरेका छन्। राजा शासन गर्ने व्यक्ति मात्र होइन। प्रजारञ्जन गर्ने हुँदा उनलाई राजा भनिन्छ भन्ने बृहस्पतिको विचार छ (बृहस्पतिस्मृति, व्या. श्लो.६६)। बृहस्पतिले राजाको उदय कर्तव्य पालनका लागि भएको मानेका छन्। उनले राजाको कर्तव्यका सन्दर्भमा प्रजापालन र प्रजारञ्जन शब्दको प्रयोग गरेका छन्। प्रजापालनको अर्थ प्रजाको रक्षा गर्नु भन्ने हुन्छ। प्रजारञ्जनको अर्थ प्रजालाई खुसी वा प्रसन्न बनाउनु भन्ने हुन्छ। प्रजापालन राजाका प्रजाको रक्षासम्बन्धी कर्तव्य समावेश गर्न सकिन्छ। प्रजारञ्जन राजाको लोककल्याणकारी प्रशासकीय कर्तव्यसँग सम्बन्धित कार्य हुन्। प्रजारञ्जनका लागि सुशासन आवश्यक हुन्छ। सुशासनद्वारा प्रजालाई प्रसन्न बनाउनु राजाको कर्तव्य मानिएको छ।

बृहस्पतिका अनुसार राजाको प्राथमिक कार्य प्रजापालन थियो। आन्तरिक शान्ति सुव्यवस्था कायम गर्नु, अपराधीलाई दण्ड दिनु, सज्जनको रक्षा गर्नु, वाह्य आक्रमणबाट राज्य एवं जनताको रक्षा गर्नु र नीतिअनुसार कर सङ्कलन गर्नु राज्यका प्राथमिक कार्य मानिएको छ। धर्म पालना गराउनु राजाको कर्तव्य हो। कृषि, पशुपालन, उद्योग र व्यापारको विकास गरी राज्यमा समृद्धि ल्याउनुपर्छ। समृद्धिबिना प्रजारञ्जन हुन सक्दैन भन्ने विषयमा बृहस्पति सचेत छन्। उनले संसारमा धन मूल तत्त्व मानेका छन्[४] (बृहस्पति, अ.६, सू.१०)। यसका अतिरिक्त सामाजिक र नैतिक कर्तव्य पालन गर्दै धर्मको संरक्षण गर्नु पनि राजाको कर्तव्य मानिएको छ। उनले राजालाई जनताका विचारको कदर गर्न सल्लाह दिएका छन् (बृहस्पति, अ.१, सू.४)। बृहस्पतिले राजालाई प्रजाको सेवक मानेका छन्।

---

३ स्याद्राजा भृतवर्गेषु प्रजाषु च यथा पिता।

४ धनमूलं जगत्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

शुक्राचार्यको समाजवादी राज्य (Shukracharya's Socialist State)

शुक्राचार्यले प्रजाको हित नै सर्वोपरि मान्ने आदर्श राज्यको प्रस्ताव गरेका छन् । प्रजालाई प्रथमिकता दिने नीति छ। राजाको मुख्य कर्तव्य प्रजा-पालन र दुष्ट-दमन गर्नु हो (शुक्रचार्य, अ.१, श्लो.१४)। प्रजाको अनुरञ्जन पनि राजाको कर्तव्यभित्र पर्दछ। यसका अतिरिक्त राजसूय यज्ञ गर्नु, न्यायपूर्वक कोषको सम्बर्धन गर्नु, शत्रुलाई दमन गर्नु र भूमि आर्जन गर्नु पनि राजाको कर्तव्य मानिएको छ। राजाले आफ्ना प्रजाप्रति भेद र दण्ड नीतिको प्रयोग गर्न हुँदैन। यत्नपूर्वक साम र दान नीतिको प्रयोग गरी आफ्ना प्रजाको पालना गर्नुपर्छ भन्ने शुक्राचार्यको विचार छ (शुक्राचार्य, अ.४, प्र.१, श्लो.४१)। उनका अनुसार प्रजा कोही कमजोर र कोही ज्यादै सबल हुन नपाउने गरी सबै प्रजामा समानता ल्याउने किसिमको नीति लिई प्रजा-पालन गर्नुपर्छ[५] (शुक्राचार्य, अ.५, प्र.१, श्लो.४२)। राज्यले समाजका सबै वर्गलाई विकासको उचित अवसर प्रदान गर्नुपर्छ। सबै प्राणीप्रति क्रूरता नदेखाउनु परम धर्म हो। त्यसैले राजाले क्रूरता नदेखाई सबै दीन-निःसहाय व्यक्तिको पालन-पोषण गर्नुपर्छ (शुक्रचार्य, अ.१, श्लो.१५९)।

कर सङ्कलन गरी बलियो राज्यकोषको निर्माण गर्नुपर्छ। वर्षाको जलबाट जसरी सम्पूर्ण पृथ्वीका जीवजन्तु, वृक्ष, अन्न आदिले पुष्टि प्राप्त गर्दछन् त्यसैगरी राज्यको कोषबाट सम्पूर्ण प्रजाले पुष्टि वा कल्याण प्राप्त गर्दछन्[६] (शुक्राचार्य, अ.५, श्लो.८)। शिक्षा, स्वास्थ्य र आर्थिक विकासलाई प्राथमिकता दिनुपर्छ। गरिब र धनीबीचको असमानता हटाउने नीति राज्यले लिनुपर्छ। साथै उनले व्यक्तिगत स्वतन्त्रतालाई पनि महत्व दिएका छन्। परतन्त्रता सबैभन्दा ठूलो दुःख हो भने स्वतन्त्रताभन्दा परम सुख केही छैन भनी उनले स्वतन्त्रलाई महत्त्व दिएका छन्[७] (शुक्राचार्य, अ.३, श्लो.३२३)।

रामायणमा लोककल्याणकारी राज्य (Welfare State in the Ramayan)

रामायणमा वर्णन गरिएको राज्यव्यवस्थालाई रामराज्य भनिन्छ । रामराज्य सुशासनको आदर्श हो। रामायणमा प्रजाको रक्षाका साथै प्रजारञ्जन राजाका कर्तव्य मानिएको छ। दीनदुःखीलाई सहयोग गर्नु राजाको कर्तव्य मानिएको छ। राज्यमा समृद्धि ल्याउनु पनि प्रजारञ्जनका लागि आवश्यक मानिएको छ। सम्पन्ता भए मात्र सबै प्रजा खुसी हुन्छन्। वृद्ध व्यक्ति, बालक र प्रधान वैद्यहरूप्रति आन्तरिक अनुराग, मधुर वचन र धनद्वारा सम्मान गर्नुपर्छ भन्ने वाल्मीकिको विचार रहेको छ (वाल्मीकि, अयो., स.१००, श्लो.६०)। प्रजाको हितको रक्षा र संवर्धन गरी प्रजालाई सुखी तुल्याउनुमा नै राजाको

---

५ हीनाधिका यथा न स्युः सदा रक्ष्यास्तथा प्रजाः।

६ प्रजापुष्टिर्नृपद्रव्यैस्तथा किं धनिनां धनात्त्।

७ पारतन्त्र्यात्परन्दुःखं न स्वतन्त्र्यात्परं सुखम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
कल्याण हुन्छ भन्ने रामायणमा स्थापित मान्यता छ। विवादको न्यायिक निरुपण गर्नु पनि राजाको कर्तव्य मानिएको छ। न्याय निष्पक्ष र सबैका लागि समान हुनुपर्छ भन्ने मान्यता रामयणमा रहेको छ। रामराज्य लोककल्याणकारी राज्यको नमुना मानिन्छ।

महाभारतमा लोककल्याणकारी राज्य (Welfare State in the Mahabharat)

महाभारत कालमा मूलत: राजतन्त्रत्मक शासन व्यवस्था थियो । राजालाई देवांश मानिएको छ। राजाको आज्ञा सबैले पालना गरुन् भनेर नै राजालाई देवांश मानिएको हो। महाभारतमा राजाको निरङ्कुश शक्तिको समर्थन गरिएको छैन । राजा जनताको हितका लागि काम गर्न मात्र शक्तिशाली मानिएको छ तर स्वेच्छाचारी शासन सञ्चालन गर्न राजालाई शक्तिशाली बनाइएको छैन । जनताविना राजाको अस्तित्व हुँदैन। जनताले न्याय पाएनन् भने राज्य नाश हुन्छ। राजा निष्पक्ष र सत्यनिष्ठ हुनुपर्छ । प्रजाको हितका लागि कृषि, पशुपालन, उद्योग तथा व्यापारको विकासलाई ध्यान दिनुपर्छ। प्रजा र राज्यको सुरक्षाका लागि बलियो सेनाको व्यवस्था गर्नुपर्छ भन्ने महाभारतको सन्देश रहेको छ।

कौटिल्यको लोककल्याणकारी राज्य (Kautilya's Views on Welfare State)

राज्यका कार्यको उल्लेख गर्ने सन्दर्भमा कौटिल्य प्रजाको हितलाई राज्यले प्राथमिकता दिनुपर्छ भन्ने पक्षमा छन्। प्रजाको सुखमा नै राजाको सुख हुन्छ। प्रजाको हितमा उसको हित हुन्छ। राजाको आफ्नो प्रिय वा स्वार्थ केही हुँदैन। प्रजाको प्रिय वा स्वार्थ नै राजाको प्रिय हुन्छ[८] (कौटिल्य, अधि. १, अ. १९)। अग्नि, जल, दुर्भिक्ष, सर्प, बाघ, राक्सस एवं रोगव्याधि आदि महाविपदबाट प्रजाको रक्षा गर्नु राजाको कर्तव्य हो भन्ने कौटिल्यको मत छ (कौटिल्य, अधि.४, अ.३) । प्रजाको चिकित्साको उचित प्रबन्ध मिलाउनु एवं शिक्षाको व्यवस्था मिलाउनु पनि राज्यको दायित्व मानिएको छ। कौटिल्यका अनुसार वृद्ध, अपाङ्ग, असहाय, महिला, अनाथ, रोगी आदिको पालनपोषण गर्नु राज्यको दायित्व हो। दुर्भिक्षका समयमा जनतालाई सहायता गर्नुपर्छ भन्ने पनि कौटिल्यको विचार छ। यसरी राज्यले लोककल्याणकारी कार्य सम्पादन गर्ने व्यवस्था गरिएको पाइन्छ। राज्यमा समृद्धि ल्याउन कृषि, पशुपालन, व्यापार र उद्योग प्रवर्द्धन गर्नुपर्छ। सबैको सुखका लागि समृद्धि आवश्यक मानिएको छ । नीतिअनुसार न्यायोचित कर उठाउनुपर्छ । प्रजालाई पीडा दिएर कर उठाउनु हुँदैन। शिक्षा र स्वास्थ्यको सुविधा जनतालाई प्रदान गर्न उचित प्रबन्ध गर्नु राज्यको कार्य मानिएको छ । समाजका कमजोर वर्गको राज्यले संरक्षण गर्नुपर्दछ। वृद्ध, महिला, बालबालिका, असहाय आदिको विशेष संरक्षण राज्यले गर्नुपर्दछ। प्राकृतिक विपत्तिका समयमा जनतालाई राज्यले संरक्षण गर्नुपर्छ।

---

८ प्रजासुखे सुखं राज्ञ: प्रजानां च हिते हितम्।
नात्मप्रियहितं राज्ञ: प्रजानां तु प्रियं हितम्॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

कल्याणकारी राज्यसम्बन्धी बुद्धका विचार
(Buddha's Views on Welfare State)

बौद्ध साहित्यमा राज्यको उदय सम्झौताबाट भएको मानिएको छ । बुद्धका अनुसार जनताद्वारा निर्वाचित व्यक्ति राजा भएका हुन् । शान्ति सुव्यवस्थाका साथै प्रजारञ्जन गर्ने हुँदा राजा भनिन्छ भन्ने प्राचीन मान्यतालाई भने उनले स्वीकार गरेका छन् । बुद्धका राज्यसम्बन्धी विचार आधुनिक लोककल्याणकारी राज्यको मान्यतासँग मिल्दाजुल्दा छन् ।

बुद्धका अनुसार आध्यात्मिक विकास र भौतिक कल्याण परस्पर एक अर्काका पूरक मानिन्छन् । राजनीति जस्तै आर्थिक क्रियाकलाप पनि मानिसको जीवनमा आवश्यक हुन्छ । राजनीतिमा जसरी धर्म पालना गर्नुपर्ने हुन्छ त्यस्तै आर्थिक क्रियाकलाप पनि धर्मसँग मेल खाने हुनुपर्छ । आर्थिक क्रियाकलापलाई सद्गुण (virtue) बाट अलग गर्न सकिदैन । व्यक्तिका आर्थिक क्रियाकलाप पारिवारिक, सामाजिक, वातावरणीय र आध्यात्मिक (familial, social, environmental and spiritual) पक्षसँग सद्भाव (harmony) कायम गरेर गर्नुपर्छ भन्ने बुद्धको विचार छ । सम्पत्ति ज्ञान प्राप्ति (liberation) को बाधक होइन भन्ने उनको मान्यता छ । उनी व्यक्तिगत सम्पत्तिको अधिकारका पक्षमा छन् । व्यक्तिलाई आर्थिक स्वतन्त्रता दिएपछि उत्पादकत्व वृद्धिमा प्रोत्साहन हुन्छ भन्ने पक्षमा बुद्धको विचार छ । व्यक्तिले आफ्नो आर्थिक विकास गर्दा अरूको हित ख्याल गर्नुपर्छ र अरूलाई दुःख दिनुहुँदैन । व्यक्तिको दानशीलता (generosity) र सम्पत्तिप्रति अनासक्तिलाई आवश्यक गुण मानिएको छ ।

राज्यमा गरिबी व्यक्ति र समाजको विकासको बाधक हो । चार आधारभूत आवश्यकता सबैलाई प्रदान गर्नु उनको अर्थ-राजनीतिक प्रणालीको प्रथम उद्देश्य हो । हरेक जनताको कल्याण (welfare of all citizens) को संरक्षण र संवर्धन गर्नु हरेक व्यक्ति र राज्यको कर्तव्य मानिएको छ । बुद्धका अनुसार राज्यले आर्थिक दायित्व पूरा गर्न सकेन भने शासनको वैधानिकता समाप्त हुन्छ । समाजमा अशान्ति र असन्तोष बढ्छ । यति मात्र होइन राजाका विरुद्ध विद्रोह हुन सक्छ भन्ने उनको विचार छ ।

बुद्धका अनुसार आर्थिक अन्याय (economic injustice) हुन नदिनु पनि राज्यको कर्तव्य हो । धर्मअनुसार अरूलाई हानिनोक्सानी नपुग्ने गरी आर्थिक क्रियाकलाप गर्नुपर्छ । व्यक्तिका आर्थिक गतिविधि ज्यादै लोभबाट (excessive greed) मुक्त हुनुपर्छ । धर्मको प्रतिकूल हुनुहुँदैन । इमान्दारिता पालना गर्नुपर्छ । कसैलाई ठग्ने र झुक्याउने काम गर्नुहुँदैन । जीवित वस्तु (दास), हतियार, मांस, मदिरा र विषको व्यापार भने निषेध गरिएको छ । बौद्ध दर्शनमा प्रस्ताव गरिएको अर्थनीति वर्तमान उदारवादी कल्याणकारी अर्थ-व्यवस्थाभन्दा धेरै फरक देखिँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्राचीन हिन्दु लोककल्याणकारी राज्यका विशेषता (Nature of Welfare State in Ancient Hindu Polity)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राज्यको उद्देश्य केवल आन्तरिक शान्ति-सुरक्षा कायम गर्नु, कर उठाउनु र युद्ध जित्नु मात्र थिएन । प्रजाको हित गर्नु राज्यको कर्तव्य थियो । धर्म, अर्थ, काम र मोक्ष प्राप्त गर्न प्रजालाई सहयोग गर्नु राजाको दायित्व मानिएको छ । राजा धर्मपरायण, सत्यनिष्ठ र न्यायप्रिय हुनुपर्छ भन्ने मान्यता रहेको छ । राजालाई स्वयं राजधर्मका मान्यता पालन गर्न बाध्य बनाइएको छ ।

धर्मपरायण राज्यव्यवस्था (Supremacy of Dharma)

राजधर्मको स्थान सर्वोच्च छ । राजधर्म र नीतिका स्थापित मान्यताअनुसार शासन सञ्चालन गर्नु राजाको कर्तव्य मानिएको छ । राजालाई राजधर्मको अधीनमा राखिएको छ । राजधर्ममा राजाका कर्तव्य निर्धारित छन् । तोकिएका कर्तव्य पालन गर्नु राजाको दायित्व मानिएको छ । प्रजाको हितलाई सर्वोपरि मान्नु पर्ने राजाको निर्धारित कर्तव्य हो । राजालाई जनताको सेवक बनाइएको छ । राजधर्ममा राजाको निरङ्कुशतामा नियन्त्रणको व्यवस्था मिलाइएको पाइन्छ ।

न्यायव्यवस्था (Fairness in Judicial Function)

राजा सर्वोच्च न्यायाधीश थिए । नीतिअनुसार निष्पक्ष न्याय-निसाफ गर्नु राजाको कर्तव्य थियो । अपराधीलाई उचित दण्ड दिनु र निर्दोषलाई संरक्षण गर्नु राजाको कर्तव्य मानिएको छ ।

आर्थिक समृद्धि र कर प्रणाली (Taxation and Economic Prosperity)

कृषि, पशुपालन, यापार र उद्योगको प्रवर्द्धन गर्नु राजाको कर्तव्य मानिन्थ्यो । आर्थिक विकास गरी राज्यमा समृद्धि ल्याउन राजाले नित्य प्रयत्न गर्नुपर्छ भन्ने स्थापित मान्यता छ । प्राचीन हिन्दु राजनीतिक विचारकहरूले प्रजालाई पीडा नदिई कर सङ्कलन गर्न राजालाई सल्लाह दिएका छन् ।

समाजवादी सोच र लोकहित (Socialism and Public Welfare)

प्राचीन हिन्दु राजनीतिक विचारमा सामाजिक सन्तुलनलाई महत्त्व दिइएको छ । राजाको कर्तव्य नै लोकहित हो । राज्यले स्वास्थ्य र शिक्षाको अवसर जनतालाई दिनुपर्छ भन्ने मान्यता रहेको छ । सिचाई र सडक निर्माण जस्ता पूर्वाधारको विकासका काम पनि राज्यको कार्यक्षेत्रभित्र राखिएको छ । महिला, वृद्ध, असहाय, बालक, गरिब आदिलाई राज्यले सहयोग गर्नुपर्छ भन्ने मान्यता थियो । अनिकाल, महामारी र प्राकृतिक विपत्तिमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri
राज्यले सहयोग गर्नुपर्छ भन्ने मान्यता रहेको छ। सामाजिक जीवन र व्यक्तिगत जीवनमा एकरूपता कायम गर्ने पक्षमा प्राचीन हिन्दु राजनीतिक विचारकहरू रहेका छन्।

शिक्षा र संस्कृतिको उन्नति (Development of Education and Culture)

प्राचीन राज्यव्यवस्थामा सनातन धर्म, संस्कृति र नैतिक शिक्षालाई प्रोत्साहन गरिन्थ्यो। गुरुकुलमा नि:शुल्क शिक्षा दिइन्थ्यो। ब्राह्मणले गुरुकुल सञ्चालन गर्दथे। सबै वर्णको वृत्तिका लागि आवश्यक ज्ञान र सीप ब्राह्मणले जान्नुपर्छ र सबैलाई शिक्षा दिनुपर्छ भन्ने मनुको विचार रहेको छ। यसरी प्राचीन हिन्दु राज्यव्यवस्थामा राज्यले गुरुकुललाई सहयोग गरी शिक्षाको प्रबन्ध मिलाउनुपर्ने विषयमा जोड दिइएको छ ।

सबै सुखी होऊन्, सबै निरोगी होऊन्, सबैले राम्रो उन्नति देख्न पाऊन्, कसैले पनि दु:ख पीडा भोग्न नपरोस् भन्ने उपनिषद्को प्रसिद्ध उक्ति नै प्राचीन हिन्दु राज्यव्यवस्थाको उद्देश्य मानिएको छ[९] (बृहदारण्यक उपनिषद्, १।४।१४)। लोककल्याणका लागि राजालाई प्रजाको रक्षक र सेवक बनाइएको छ। राजाको लोककल्याणकारी नेतृत्वमा सर्वजनहिताय सर्वजनसुखायको उद्देश्यप्रति राज्यव्यवस्था समर्पित हुनुपर्ने व्यवस्था गरिएको छ। प्राचीन लोककल्याणकारी राज्यका आदर्श मान्यताको अभ्यास नै रामराज्य मानिन्छ।

लोककल्याणकारी राज्यका कार्य (Functions of Welfare State)

आधुनिक राजनीतिशास्त्रीहरूले कानुन निर्माण गर्ने, कानुन लागु गर्ने र कानुनको व्याख्या गर्ने तीनवटा राजनीतिक प्रणालीका कार्य मान्दछन्। तथापि कामको प्रकृतिका आधारमा मूल वा अनिवार्य र लोकल्याणकारी गरी राज्यका कार्य दुई प्रकारका हुन्छन्। प्राचीन हिन्दु राज्यहरूले उक्त दुबै प्रकारका कार्य गर्दथे। आन्तरिक शान्तिसुरक्षा गर्नु, वाह्य आक्रमणबाट राज्यको प्रतिरक्षा गर्नु, कर सङ्कलन गर्नु र न्याय निसाफ गर्नु राज्यका अवयवीय वा अनिवार्य कार्य हुन्। जनताको हित प्रवर्द्धन गर्नका लागि गरिने कार्य कल्याणकारी एवं प्रजारञ्जनसम्बन्धी कार्य हुन्।

राज्यका मूल कार्य (Constituent Functions of the State)

राज्यका प्राथमिक कार्यलाई मूल कार्य भनिन्छ। आन्तरिक शान्ति र सुव्यवस्था कायम गर्नु, वाह्य आक्रमणबाट राज्यको प्रतिरक्षा गर्नु, कर सङ्कलन गर्नु र न्याय निसाफ गर्नु राज्यका प्रशासनिक कार्य हुन्। यी कार्यलाई वैदिक कालदेखि नै हिन्दु राज्यव्यवस्थामा राज्यका मूल कार्य मान्दै आएको पाइन्छ। राज्यको उदय सबै प्रजाको रक्षाका लागि भएको हो भन्ने मान्यता रहेको छ। ।

---

९ सर्वे भवन्तु सुखिन: सर्वे सन्तु निरामया: । सर्वे भद्राणि पश्यन्तु मा कश्चित् दु:खभाग् भवेत्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राज्यका सेवामूलक कार्य (Ministrant Functions of the State)

प्रजाको रक्षा गरेर मात्र राज्यको दायित्व पूरा हुँदैन । प्रजारञ्जनको कार्य गर्नु पनि राज्यको कर्तव्य हो । प्रजारञ्जनको अर्थ प्रजालाई खुसी बनाउनु हो । प्रजारञ्जनका लागि राज्यले सम्पूर्ण नागरिकको सामाजिक, आर्थिक र सांस्कृतिक कल्याण सुनिश्चित गर्नुपर्छ । प्राचीन हिन्दु राजनीतिक विचारमा राज्यका सेवामूलक कार्यलाई प्रजारञ्जनसम्बन्धी कार्य मानिएको छ । राज्यका प्रजारञ्जनसम्बन्धी मुख्य कार्य निम्नानुसार रहेका छन्:

सामाजिक सुरक्षाको व्यवस्था (Provision of Social Security)

आधुनिक लोककल्याणकारी राज्यमा रोग, बेरोजगारी, वृद्धावस्था, अशक्तता जस्ता अवस्थाबाट नागरिकलाई सुरक्षा प्रदान गर्न स्वास्थ्योपचारको सुविधा, बेरोजगारी भत्ता, बिमा सुविधा र निवृतिभरणको व्यवस्था गरिन्छ । प्राचीन हिन्दु राज्यव्यवस्थामा समाजमा राज्यले कुनै मानिस ज्यादै सबल र कुनै ज्यादै निर्बल हुने अवस्था आउन दिनुहुँदैन भन्ने मान्यता रहेको छ । सबैको समानता र हितको रक्षा गर्नु राज्यको कर्तव्य मानिएको छ । सामाजिक विभेदको अन्त्य गर्नु पनि राज्यको कर्तव्य मानिएको छ । बृद्ध, अशक्त, महिला, बालबालिका तथा गरिबहरूलाई राज्यले विशेष संरक्षण गर्नुपर्छ भन्ने मान्यता रहेको छ ।

सामाजिक असमानता हटाई समान अवसर उपलब्ध गराउनु र सबै खाले भेदभाव अन्त्य गरी समावेशिता प्रवर्द्धन गर्नु सामाजिक न्याय हो । प्राचीन हिन्दु राज्यव्यवस्थामा सामाजिक न्याय स्थापना गर्नु राज्यको महत्त्वपूर्ण कार्य मातिएको छ ।

स्वास्थ्य सेवा (Healthcare Services)

सम्पूर्ण नागरिकलाई नि:शुल्क वा सहुलियतपूर्ण औषधोपचारको प्रबन्ध राज्यले गर्नुपर्छ भन्ने कौटिल्यको विचार रहेको पाइन्छ । प्राचीन हिन्दु राज्यव्यवस्थामा बिरामी भएको अवस्थामा उपचारको सुविधा सबै नागरिकलाई प्रदान गर्नुपर्छ भन्ने लोककल्याणकारी मान्यता रहेको छ ।

शिक्षा प्रवर्द्धन (Promotion of Education)

सबै नागरिकका लागि नि:शुल्क वा सहुलियपूर्ण शिक्षाको व्यवस्था गरी समान अवसर सुनिश्चित गर्नु लोकल्याणकारी राज्यको कर्तव्य हो । प्राचीन हिन्दु समाजमा गुरुकुल शिक्षा प्रणाली थियो । गुरुकुलमा शिक्षा नि:शुल्क थियो । ब्राह्मणहरूले गुरुकुल सञ्चालन गर्दथे । गुरुकुलमा सबै वर्णको वृत्तिका लागि आवश्यक पर्ने सीप ब्राह्मणले जान्नु पर्छ र सबै शिक्षा पनि दिनुपर्छ भन्ने मनुको विचार रहेको छ[१०] (मनु, अ.१०, श्लो.२) । गुरुकुललाई सहयोग गर्नु राज्यको कर्तव्य मानिएको छ ।

---

१० सर्वेषां ब्राह्मणो विद्याद्वृत्त्युपायान् यथाविधि: । प्रब्रुयादितरेभ्यश्च स्वयं चैव तथा भवेत् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

आर्थिक न्याय (Economic Justice)

हिन्दु राज्यव्यवस्थामा आर्थिक समृद्धिलाई ज्यादै महत्त्व दिइएको छ। संसारको मूल नै अर्थ हो भन्ने बृहस्पतिको विचार छ। अप्राप्त सम्पन्नता प्राप्त गर्नु, प्राप्त सम्पन्नताको संरक्षण गर्नु, संरक्षित धन बढाउनु र सत्पात्रमा वितरण गर्नु नै राजनीतिको आधारभूत विषय मानिएको छ। राज्यको समृद्धिका लागि कृषि, पशुपालन, उद्योग र व्यापरको विकास गर्नुपर्छ। जनता समृद्ध भए मात्र राज्यको कोष समृद्ध हुन्छ। समृद्ध कोष भएमा मात्र कमजोरलाई आर्थिक सहायता दिन सकिन्छ भन्ने मान्यता रहेको छ।

सार्वजनिक पूर्वाधार विकास र विपद् व्यवस्थापन (Public Infrastructure Development and Disaster Relief)

जनताको जीवनस्तर सुधार गर्न सार्वजनिक आवास, यातायात, सिचाईका लागि नहर आदि पूर्वाधार निर्माण गर्नु राज्यको जिम्मेवारी मानिएको छ। अनिकाल, प्राकृतिक प्रकोप, आर्थिक सङ्कट र अन्य आपतकालीन अवस्थामा राज्यले जनतालाई सहयोग गर्नुपर्छ भन्ने मान्यता रहेको छ।

प्राकृतिक स्रोतको प्रयोग र पर्यावरण संरक्षण (Conservation of Natural Resources and Environmental Protection)

प्राकृतिक स्रोतको दिगो उपयोग र पर्यावरण संरक्षणका विषयमा प्राचीन हिन्दुहरू सचेत थिए। रामायणमा भगवान् रामले भरतलाई अयोध्याका प्रजाको साथै वन सुरक्षित छ भनी प्रश्न गरेको पाइन्छ। यसबाट वनलाई महत्त्व दिएको स्पष्ट हुन्छ। बुद्धको प्राकृतिक स्रोतको उपयोगसम्बन्धी विचारमा पनि प्राकृतिक स्रोतको दिगो उपयोग प्राचीन लोककल्याणकारी राज्यको कार्यक्षेत्रभित्र रहेको स्पष्ट हुन्छ।

निष्कर्ष (Conclusion)

जनसेवामुखी र मानिसका हरेक आवश्यता र समस्यामा सहयोग गर्ने शासन प्रणालीलाई लोककल्याणकारी राज्य भनिन्छ। आधुनिक लोककल्याकारी राज्यसँग मिल्दो शासन व्यवस्था प्राचीन हिन्दु राजनीतिक चिन्तनमा पनि रहेको पाइन्छ। प्राचीन हिन्दु राज्यव्यवस्था पूर्णतः लोककल्याणकारी थियो। राजतन्त्रात्मक शासन व्यवस्था थियो। प्रजापालन र प्रजारञ्जन गर्नु राजाको कर्तव्य थियो। राजा रक्षक, न्यायाधीश र मार्गदर्शक मानिन्थे। प्रजाको हित नै राजाको हित मानिन्थ्यो। प्रजाको सुख, शान्ति र समृद्धि राज्यको उद्देश्य थियो। स्मृति, नीतिशास्त्र, अर्थशास्त्रजस्ता ग्रन्थहरूमा राज्य सञ्चालनका आदर्श सिद्धान्त उल्लेख गरिएको छ। लोककल्याण नै राज्यको मुख्य उद्देश्य रहेको छ। नागरिकका आधारभूत आवश्यकता सुनिश्चित गर्ने प्रयास गर्नु राजाको कर्तव्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.

CC-0.In Public Domain. Digitization by eGangotri
मानिएको छ । नागरिकको स्वतन्त्रता र समानताको हक र न्याय प्रबर्द्धनमा जोड पनि दिएको पाइन्छ । मनु, याज्ञवल्क्य, बृहस्पति, शुक्राचार्य, बुद्ध र कौटिल्यका साथै रामायण, महाभारतको विचारहरूको अध्ययन गर्दा प्राचीन हिन्दु राज्यव्यवस्था पूर्णत: नैतिकतामा आधारित जनहितमुखी शासन प्रणाली रहेको पाइन्छ । प्राचीन हिन्दु राज्यव्यवस्थामा न्यायपूर्ण, समृद्ध र लोककल्याणकारी आदर्श शासन प्रणाली सुनिश्चित गर्नु राजाको कर्तव्य मानिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

नेपालमा रामराज्यको सान्दर्भिकता
(Relevance of Ramrajya in Nepal)

संस्कृत वाङ्मयको प्रथम महाकाव्य वाल्मीकि रामायणमा वर्णित आदर्श राज्यको प्रतीक रामराज्य हो। त्रेतायुगमा अयोध्याका राजा मर्यादापुरुष रामले राज्य सञ्चालन गर्दा गरिएको सुशासनको अभ्यासलाई रामराज्य भनिन्छ। रामराज्यको शासन व्यवस्था न्याय, समानता, धर्म र सदाचारमा आधारित थियो। समाजमा शान्ति, परस्पर सद्भाव र सन्तोष थियो। रामराज्यमा समृद्धि र निष्पक्ष न्यायव्यवस्था थियो। समृद्ध रामराज्यमा सबै जनता सुखी र सन्तुष्ट थिए। वैदिक सनातन परम्परामा रामराज्यलाई सुशासनको प्रतीक मानिन्छ। प्राचीन हिन्दु राजनीतिक विचारको व्यावहारिक अभ्यासद्वारा नै आदर्श रामराज्य स्थापना सम्भव भएको थियो।

समसामयिक नेपालमा उदार लोकतन्त्र छ। लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना गरिएको छ। लोकतन्त्रमा विधिको शासन, लोकतान्त्रिक मूल्य र मानवअधिकारलाई प्राथमिकता दिइन्छ। लोकतन्त्र संसारको सबैभन्दा उत्कृष्ट शासन व्यवस्था हो तापनि नेपालमा लोकतन्त्रको अभ्यासप्रति जनतामा असन्तुष्टि देखा परेका छन्। राजनीतिक अस्थिरता, राजनीतिक दलका नेता र प्रशासनिक अधिकारीहरूमा सदाचारको कमी तथा उनीहरूको भ्रष्टाचार र अनियमिततामा देखिएको संलग्नता हाम्रा समसामयिक समस्या हुन्। नेपालको राजनीतिमा व्याप्त अलोकतान्त्रिक र अनैतिक व्यवहारका कारण सुशासन कायम गर्न बाधा पुगेकोछ। लोकतन्त्रको अपेक्षित प्रतिफल आमजनताले प्राप्तगर्न सकेका छैनन्। नेपालको मात्र होइन अमेरिका, भारत जस्ता लोकतान्त्रिक मुलुकको राजनीतिमा पनि नेताका कारण लोकतन्त्र कमजोर हुँदै जानु चिन्ताको विषय भएको छ। राजनीतिमा दुर्व्यसन, भ्रष्टाचार, बेइमानी आदिका कारण लोकतन्त्रमा नै खतरा उत्पन्न हुन थालेको छ।

रामराज्य एउटा आदर्श शासन व्यवस्था हो भन्ने विश्वास नेपाली समाजमा स्थापित छ। नेपालका लागि मात्र नभई संसारका हरेक मुलुकको राजनीतिमा देखिएको अस्थिरता, भ्रष्टाचार र अनियमितताको अन्त्य गर्न र लोकतन्त्रको सफलता एवं सुशासन लागि रामराज्यका राजनीतिक सदाचारका मान्यता प्रेरणाका स्रोत हुन सक्छन्। यस प्रकरणमा वाल्मीकि रामायणका आधारमा रामराज्यका आधारभूत पक्ष र तिनको समसामयिक नेपालमा सान्दर्भिकताबारे वर्णन गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

धर्म र संस्कृति (Dharma and Culture)

रामायणको प्रभाव नेपाली समाजमा व्याप्त छ। बहुसङ्ख्यक नेपालीले वैदिक सनातन धर्म मान्दछन्। रामायणमा वर्णन गरिएअनुसार मर्यादापुरुषोत्तम रामको विवाह मिथिलाका राजा जनककी पुत्री सीतासँग भएको थियो । माता सीताको जन्मस्थल नेपालको जनकपुरमा पर्दछ। सीता माताको जन्मस्थल जनकपुर भएका कारणले पनि रामायणसँग नेपाल र नेपालीको विशेष सम्बन्ध छ। नेपालको पारिवारिक मर्यादा र सामाजिक जीवनमा रामायणका आदर्श जोडिएका छन् । रामायणका मूल्यहरू हाम्रो धर्म र संस्कृतिसँग जोडिएका हुँदा राजनीतिक दृष्टिले पनि आदर्श शासनको रूपमा नेपालमा रामराज्यको अपेक्षा गरिन्छ। नेपाली समाजमा हिन्दु धर्म र संस्कारको प्रभाव व्यापक छ। रामायण र रामराज्यको नेपालमा धर्म र सांस्कृतिका दृष्टिले विशेष महत्त्व छ। संविधानले नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गरेको छ तापनि हिन्दु राज्यको पुन:स्थापनाको माग पनि उठ्ने गरेको छ । धर्म र संस्कृतिका दृष्टिले नेपालको समसामयिक राजनीतिमा प्राचीन रामराज्यका मान्यता सान्दर्भिक छन् । परम्परागत मान्यतासहितको राजनीतिक आधुनिकीकरण नेपालको आवश्यकता हो।

राजनीतिक प्रणाली (Political System)

रामराज्यको शासन प्रणाली, नेतृत्त्व, सरकारको स्वरूप, राज्य सञ्चालन नीति आदि राजनीतिक दृष्टिले महत्त्वपूर्ण विषय मानिन्छन्। रामराज्य त्रेतायुगको शासन व्यवस्था हो। त्यस वेला कोशल राज्य भारतवर्षको सानो राज्यका रूपमा रहेको थियो । त्यहाँ राजतन्त्रात्मक शासन प्रणाली विद्यमान थियो । मर्यादापुरुषोत्तम राम कोशल राज्यका वंशानुगत राजा थिए। वंशानुगत राजतन्त्रमा राज्यशक्तिको वैधानिकताको आधार परम्परा हुन्छ। अत: रामराज्यमा राज्यशक्तिको वैधानिकताको आधार परम्परा थियो।

राजनीतिक पद्धतिका दृष्टिले वर्तमान नेपालमा लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली छ । आवधिक निर्वाचनमा जनताले दिने बहुमत नेपालमा राज्यशक्तिको वैधानिकताको आधार हो। यो रामराज्यकोभन्दा नितान्त भिन्न राजनीतिक प्रणाली हो। राजनीतिक प्रणालीका दृष्टिले रामराज्यको राजतन्त्र र नेपालको गणतन्त्रबीच समानता छैन। अत: राजनीतिक प्रणालीका आधारमा रामराज्यको नेपालमा प्रासङ्गिकता पुष्टि गर्न कठिन छ । रामराज्यको जस्तो राजाको एकल शासनको सम्भावना पनि नेपालमा हुन सक्दैन।

राजाको नैतिक र सदाचारी चरित्र (Moral Character of the King)

रामायणअनुसार राम सदाचारी, नैतिक, सद्गुणसम्पन्न र धर्मपरायण राजर्षि थिए । त्यसैले उनलाई मर्यादापुरुषोत्तम भनिन्छ। राममा नैतिकता, सत्यनिष्ठा, कर्तव्यपरायणता,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

करुणा र उच्च नेतृत्व क्षमता थियो। राम काम, क्रोध, लोभ, मोह आदिबाट सृजना हुने दुर्व्यसनबाट मुक्त थिए। राजनीतिमा मात्र होइन पारिवारिक जीवनमा पनि रामको चरित्र समसामयिक समाजमा समेत अनुकरणीय मानिन्छ। राम आदर्श पुत्र र आदर्श पति थिए। उनको भ्रातृप्रेम पनि अनुकरणीय रहेको छ। सीताले आफ्नो घरको कार्य आफै गर्दथिन्। रामका भाइहरू उनको सहयोगका लागि सदा तत्पर रहन्थे।

सत्यप्रति निष्ठा र धर्मपरायणता रामको प्रथम चारित्रिक विशेषता रहेको छ। त्यसैले पिता दशरथको आज्ञाअनुसार उनले १४ वर्षको वनवास स्वीकार गरी सत्य र धर्मको पालना गरेका थिए। उनले परम्परागत मान्यताका आधारमा कर्तव्यपरायण भई प्रजापालन र प्रजारञ्जनको कर्तव्य पूरा गरेका थिए। अन्याय र अधर्मको अन्त्य गर्नु र सत्यको स्थापना गर्नु रामको जीवनको लक्ष्य थियो। उनले लोककल्याणका लागि आदर्श नेतृत्व प्रदान गरेका थिए। रामराज्यमा सत्य, न्याय र समृद्धि थियो।

राजा बहुश्रुत अर्थात् धेरै शास्त्र पढेको हुनुपर्छ भन्ने प्राचीन मान्यता छ। शास्त्रमा अध्यात्मविद्या र अर्थ-राजनीतिशास्त्रको ज्ञान राजाका लागि आवश्यक मानिएको छ। राम बहुश्रुत भएका हुँदा उनी विनय गुणसम्पन्न राजा थिए। उनी धैर्यवान् र सहनशील थिए। जीवनमा धेरै कष्ट र पीडाको सामना उनले गरेका छन्। उनी करुणासम्पन्न थिए। उनमा सबैप्रति दयाको भावना थियो र उनी शूरवीर थिए। धर्मको स्थापनाका लागि विभिन्न युद्धमा आफै संलग्न भएका थिए। मित्रताको कदर गर्ने उनको चरित्र रहेको थियो। राम आफ्नो निजी स्वार्थ परित्याग गरी प्रजाको कल्याणका लागि समर्पित जिम्मेवार राजा थिए। निषिद्ध कर्ममा रामको प्रवृत्ति हुँदैनथ्यो। शास्त्रको विरुद्ध वचन सुन्ने रुचि उनमा थिएन र न्याययुक्त वचन बोल्नमा बृहस्पति समान थिए (वाल्मीकि, अ.का., स.१, श्लो.१७)। राम बल-पराक्रममा इन्द्र समान, बुद्धिमा बृहस्पति समान र धैर्यमा पर्वत समान गुणसम्पन्न राजा थिए भनी वाल्मीकि रामायणमा वर्णन गरिएको छ (वाल्मीकि, अ.का., स.१, श्लो.३९)। प्रजालाई सुख दिनेमा चन्द्रमा समान र पृथिवी जस्तै क्षमा गुणसम्पन्न राम थिए (वाल्मीकि, अ.का., स.२, श्लो.३०)। राम सदाचारी राजा भएका हुँदा उनको नेतृत्वमा आदर्श रामराज्य स्थापना भएको थियो।

समसामयिक राजनीति र प्रशासनमा सुशासन कायम गर्न नेता र प्रशासनिक नेतृत्वमा चार प्रकारका विशेष गुणको अपेक्षा गरिन्छ। पहिलो व्यक्तिगत प्रवृत्ति (Personality Traits) हो। यसमा नेताका आचरण, विचार र व्यवहार पर्दछन्। आकर्षक व्यक्तित्व र सदाचारयुक्त व्यक्तिलाई जनताले मनपराउँछन्। चमत्कारी व्यक्तित्वसम्पन्न व्यक्तिले सजिलै जनताको मन जित्नसक्छ। सुशासन कायम गर्न सदाचारी नेता आवश्यक मानिन्छ। दोस्रो नेतृत्वशैली (Leadership Style) हो। लोकतान्त्रिक शासन प्रणालीमा नेता लोकतान्त्रिक चरित्रयुक्त हुनुपर्छ। लोकतान्त्रिक तरिकाले द्वन्द्वको समाधान गर्न सक्नु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

नेताको क्षमता हो । नेताको तेस्रो विशेषता राजनीतिक प्रेरणा (Political Motivation) हो । राजनीतिक नेताको राजनीतिक प्रेरणाले नीति निर्माणमा प्रभाव पार्दछ । लोकप्रियताका लागि नीतिनिर्माण गर्ने नेता र नीतिको सफलता र लोकहितका लागि नीतिनिर्माण गर्ने नेता गरी दुई प्रकारका प्रवृत्ति नेतामा हुन्छन् । पहिलो प्रवृत्ति देश र जनताका लागि घातक हुन्छ भने दोस्रो प्रवृत्तिका नेता भएमा देशको विकासले गति लिन्छ । नेतामा आत्मसंयम,उदारता र सहानुभूतिपूर्ण सोच हुनुपर्छ । दया, उदारता र सहयोगको भावना व्यक्तिका सद्गुण हुन् । विनम्रता महान् मानिसको पहिचान हो । नेताको चौथो गुण तनाव सहनशीलता (Stress Tolerance) हो । नेता सहनशील र धैर्यावान् हुनुपर्छ । नेतामा जिम्मेवारी वहन गर्ने क्षमता पनि हुनुपर्छ । सही निर्णय गर्ने र आफ्नो विचार राम्रोसँग सम्प्रेषण गर्न सक्ने क्षमता नेतामा हुनुपर्छ । नेता दूरदर्शी, आत्मविश्वाससम्पन्न, इमान्दार र साहसी हुनुपर्छ ।

यसरी रामायणमा वर्णित राजाका चारित्रिक गुणहरू समसामयिक राजनीतिमा अपेक्षा गरिने नेताका गुण वा सदाचारका मान्यताबीच समानता देखिन्छ । रामको निष्पक्ष, नि:स्वार्थी, लोभरहित, उत्तरदायी, नैतिक, इमान्दार, न्यायपूर्ण र जनताको सेवामा समर्पित नेतृत्वका चारित्रिक गुणहरू नेपालका लागि प्रेरणाका स्रोत बन्न सक्छन् । वर्तमान नेपालको राजनीतिक नेतृत्वमा नैतिकता खस्किएको छ । रामराज्यको नेतृत्वका सिद्धान्तलाई आत्मसात गर्ने हो भने राजनीतिक स्थिरता र उत्तरदायी नेतृत्व स्थापित हुन सक्छ । रामको चरित्रको अनुसरण हाम्रा नेताहरूले गर्न सके नेपालमा अनियमितताको अन्त्य, लोकतन्त्रको सफलता र कल्याणकारी राज्यव्यवस्था कायम गर्न सहज हुन सक्छ । अत: रामराज्यका सदाचारका मान्यता वर्तमान नेपालका लागि पनि मार्गदर्शक हुन सक्छन् ।

रामायणको शासन प्रणाली (Governance System of the Ramayan)

रामराज्यको शासनको आधार दण्डनीति थियो । दण्डनीतिका प्रथम प्रवर्तक मनु थिए । रामायणका अनुसार मनु रामका पूर्खा थिए । कश्यपबाट विवस्वान् वा सूर्यको जन्म भयो । सूर्यका पुत्र वैवस्वत मनु थिए । मनु प्रजापति थिए र उनका पुत्र इक्ष्वाकु थिए । मनुले इक्ष्वाकुलाई अयोध्याको समृद्ध राज्य दिएका थिए । इक्ष्वाकु अयोध्याका प्रथम राजा थिए (वाल्मीकि, अ.का., स.११०, श्लो.६-७) । त्रेतायुगमा यसै इक्ष्वाकुवंशका वंशानुगत राजा राम थिए । मनुको राजधर्मको परम्परा रामायणभन्दा पहिला नै विकास भएको थियो । परम्परागत राजधर्मअनुसार रामले शासन सञ्चालन गरेका थिए । रामराज्यमा राजाले मन्त्री र अन्य अधिकारीको नियुक्ति गर्दथे । जनताद्वारा निर्वाचित जनप्रतिनिधिको व्यवस्था थिएन । योग्यताका आधारमा नियुक्ति गर्ने व्यवस्था थियो । श्रेष्ठ व्यक्तिलाई उपयुक्त पदमा नियुक्ति गर्नुपर्छ भन्ने रामको मान्यता थियो (वाल्मीकि, अ.का., स.१००, श्लो.२६) । सहस्र मूर्खभन्दा एक विद्वान् व्यक्तिले सङ्कटको समयमा कल्याण गर्न सक्छ भन्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri
रामायणमा उल्लेख छ (वाल्मीकि, अ.का., स.१००, श्लो.२२)। सार्वजनिक पदमा नियुक्त व्यक्ति इमान्दार, सत्यप्रति निष्ठावान् र सक्षम हुनुपर्छ भन्ने मान्यता छ। शिक्षा, बुद्धि, अनुभव आदि विशिष्ट गुण भएका व्यक्ति योग्य मान्ने सम्भ्रान्तवादी (Aristocratic) विचार रामायणमा छ। रामराज्यमा सम्पूर्ण कर्मचारीको नियुक्ति गर्ने अधिकार पनि राजामा निहित थियो। राजाले कुलीन व्यक्तिलाई नियुक्ति गर्दथे। रामराज्यमा कुलीनतन्त्र वा सम्भ्रान्तवादी शासन थियो। राज्य सञ्चालनमा क्षत्रियको एकाधिकार कायम गरिएको थियो। पुरोहित, न्यायाधीश र सल्लाहकार ब्राह्मण हुन्थे। वैश्य र शूद्र वर्णको राजनीति र प्रशासनमा सहभागिता थिएन। नीतिअनुसार शासन सञ्चालन गर्नु मन्त्री र अधिकारीको दायित्व थियो। राजा रामले मन्त्रीको परामर्शअनुसार शासन गरेका थिए। कर्मचारीहरूको पारिश्रमिक समयमा दिनुपर्छ, विलम्ब गर्नुहुँदैन भन्ने रामायणमा उल्लेख गरिएको छ। समयमा पारिश्रमिक दिइएन भने कर्मचारीहरू रिसाउछन् (वाल्मीकि, अ.का., स.१००, श्लो.२२)। रिसाएका कर्मचारीबाट जनताले अपेक्षित सेवा प्राप्त गर्न सम्भव हुँदैन भन्ने वाल्मीकिको विचार छ।

रामराज्यमा राज्यको कुनै पदमा नियुक्तको अर्थ सेवा र सुविधाको अवसरभन्दा पनि जनताको सेवामा समर्पित हुने अवसर मानिन्थ्यो। श्रमविभाजनअनुसार आ-आफ्नो स्वधर्म पालना गर्नु सबैको कर्तव्य थियो। स्वधर्म पालन गर्दा सबै प्रजा खुसी थिए। शासनको अर्थ प्रजाको सेवामा समर्पित हुनु थियो। राज्यको काममा नियुक्त व्यक्ति निजी स्वार्थरहित हुन्थे। त्यसैले रामराज्यमा सबैको कल्याण सम्भव भएको थियो।

नेपालमा उदार लोकतान्त्रिक शासन व्यवस्था छ। शासन सञ्चालनको जिम्मेवारी जनताद्वारा निर्वाचित व्यक्तिमा निहित छ। योग्य व्यक्तिलाई नेता छान्ने अधिकार जनतामा निहित छ। योग्य व्यक्तिलाई निर्वाचित गरेर शासन व्यवस्थामा सुधार गर्न आफ्नो मताधिकर प्रयोग गर्नु जनताको कर्तव्य हो। लोकतन्त्रमा सार्वजनिक सेवामा पनि सम्भ्रान्तवाद स्वीकार्य हुँदैन। योग्यताका आधारमा नियुक्ति पाउने सबैको समान अधिकार छ। प्रतिस्पर्धाको आधारमा योग्य व्यक्तिलाई सार्वजनिक सेवामा अवसर दिने व्यवस्थाले मात्र पनि सबै समुदायको सहभागिता हुन सक्ने सम्भावना कम हुन्छ। अत: सबैको उचित सहभागिताका लागि नेपालमा राजनीति र सार्वजनिक सेवामा समावेशी नीति अपनाइएको छ। वर्तमान नेपालको शासन व्यवस्था रामराज्यभन्दा नितान्त भिन्न छ। राजनीतिक व्यवस्थामा भिन्नता भए तापनि रामराज्यको सदाचारी व्यक्तिलाई सार्वजनिक पदमा नियुक्ति गर्ने र प्रशासनको अर्थ जनसेवा हो भन्ने मान्यता समसामयिक राजनीतिमा समेत सान्दर्भिक छन्। रामराज्यका शासन प्रणालीका मान्यता नेपालमा सुशासनका लागि प्रेरणाका स्रोत हुन सक्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

धर्म र नीतिअनुसार शासन (Rule in Accordance With Nitishastra)

वैदिक युगबाट प्रारम्भ भएका विभिन्न विद्यामध्ये दण्डनीति महत्वपूर्ण विद्या थियो। मानिसलाई सत्य र न्यायको मार्गमा लाग्न धर्मले प्रेरित गर्दछ भन्ने सनातन मान्यता रहेको छ। मनुष्य लोभ, मोह र अहङ्कारका कारण धर्मको मार्गबाट विचलित हुन सक्छ। त्यसैले मानिसलाई सत्य र धर्मको पालना गराउन दण्डको आवश्यकता परेको हो। राज्य र राजाको उदयसँगै दण्डको पनि उदय भएको मानिन्छ। दण्ड राज्यशक्ति वा बलको प्रतीक हो। प्राचीनकालमा दण्डको प्रयोगको कलालाई दण्डनीति भनिन्थ्यो। दण्डनीति, राजधर्म, अर्थशास्त्र एवं नीतिशास्त्र पर्यायवाची शब्द हुन्। प्राचीन संविधान र कानुन दण्डनीति थियो। दण्डनीतिमा शासकका साथै प्रजाका पनि कर्तव्यको निर्धारण गरिएको छ। दण्डनीतिअनुसार शासन सञ्चालन गर्नु राजाको कर्तव्य मानिएको छ। दण्डनीतिमा परिवर्तन गर्ने शक्ति राजालाईदिइएको छैन। नीतिशास्त्रले तोकेका उपदेशको पालना गर्नु राजाको कर्तव्य मानिएको छ। राजा त्यसलाई भनिन्छ जसले नीतिशास्त्रअनुसार राज्य सञ्चालन गर्दछ भन्ने अर्थशास्त्रमा उल्लेख गरिएको छ[१] (कौटिल्य, २००, सूत्र ४३, ४८)। नीतिअनुसार दण्डको प्रयोग गरी दुष्टलाई दण्ड दिनु र सज्जनको रक्षा गर्नु राजाको कर्तव्य हो। श्रुति, स्मृति र प्रथाअनुसार शासन सञ्चालन गर्नु राजाको कर्तव्य मानिएको छ। यो राजाको स्वेच्छाचारी शक्तिमाथि नियन्त्रणकको प्राचीन उपाय हो। हिन्दु राजनीतिक चिन्तनमा रहेको नीतिशास्त्रअनुसार गरिने शासनमा विधिको शासनको झलक पाइन्छ। रामले दण्डनीतिको प्रयोग शास्त्रको मर्यादाअनुसार गरेका हुँदा आदर्श शासनको नमुना रामराज्य भएको हो। विधिको शासन वर्तमान उदार लोकतन्त्रको आधारभूत तत्त्व हो। रामराज्यमा नीतिशास्त्रको सर्वोच्चतामा जोड दिइएको छ। रामराज्यको नीतिअनुसार शासन सञ्चालन गर्ने मान्यता आधुनिक विधिको शासनका लागि पनि मार्गदर्शक हुन सक्छ।

सन्तुलित शासन (Check and Balance)

रामराज्य राजतन्त्रात्मक शासन व्यवस्था थियो। राज्यशक्तिको स्रोत राजा थिए। उनले राज्यशक्तिको प्रयोग स्वेच्छाचारी तरिकाले गर्न सक्दैनथे। अमात्यको परामर्शमा शासन सञ्चालन गर्नुपर्थ्यो। स्थानीय शासनको पनि व्यवस्था थियो। स्थानीय तहको शासन सञ्चालनमा स्थानीय अधिकारीको भूमिका हुन्थ्यो। न्याय सम्पादनमा राजालाई सहयोग गर्न सभाको व्यवस्था थियो। सभा न्यायालयका रूपमा रहेको थियो। सभाका सदस्यहरूको सल्लाह बमोजिम विवादको फैसला राजाले गर्दथे। दण्डको प्रयोग नीतिशास्त्रअनुसार नगर्ने स्वेच्छाचारी राजाका विरुद्ध विद्रोह गर्न सक्ने अधिकार प्रजालाई

१ नीतिशास्त्रानुगो राजा।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri
प्रदान गरिएको थियो। यसरी प्राचीन रामराज्यमा शक्ति सन्तुलनको व्यवस्था मिलाई राजालाई स्वेच्छाचारी हुन नदिने व्यवस्था मिलाइएको छ।

वर्तमान लोकतन्त्रमा पनि शासनमा शक्ति सन्तुलनको अभ्यास शासकलाई स्वेच्छाचारी हुनबाट रोक्न महत्वपूर्ण मानिन्छ। नेपालको संविधानमा पनि कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीच शक्ति सन्तुलनको व्यवस्था गरिएको छ। कार्यपालिकाको निर्माण संसद्ले गर्दछ। संसद्ले कानुन निर्माण गर्दछ। कानुनको कार्यान्वयन कार्यपालिकाले गर्दछ। संसद्ले संविधानको भावना विपरित कानुन निर्माण गरेमा न्यायपालिकासँग त्यस्तो कानुन खारेज गर्ने अधिकार छ। न्यायपालिकालाई संसद्ले बजेट र महाभियोगका माध्यमबाट नियन्त्रण गर्ने व्यवस्था छ। यसरी सरकारको कुनै पनि अङ्ग स्वेच्छाचारी हुन पाउँदैन। जसरी रामराज्यमा नीतिद्वारा राज्यशक्तिको नियन्त्रण र सन्तुलनको व्यवस्था मिलाइएको थियो त्यसरी नै नेपालको संविधानमा पनि राज्यशक्तिको नियन्त्रण र सन्तुलनको व्यवस्था मिलाइएको छ। लोकतन्त्रमा राज्यशक्तिको दुरुपयोग नहोस् भनेर नै नियन्त्रण र सन्तुलनको व्यवस्था मिलाइएको हुन्छ।

रामराज्यमा जनमतको कदर (Respect of Public Opinion)

रामराज्यमा जनमतको कदर हुन्थ्यो। प्रजा स्वतन्त्र थिए। पराधीनता नै दुःख हो र स्वाधीनता नै सुख हो भन्ने मनुस्मृतिको परम्परा रहेको छ[२] (मनु, अ.४, श्लो.१६०)। कोशलका प्रजाले विचार र अभिव्यक्तिको स्वतन्त्रता उपभोग गर्न पाएका थिए। प्रजाको आलोचना राजाले सुन्दथे। राजाले आलोचना सुन्नु पर्छ भन्ने राजधर्मको मान्यता रामराज्यमा अभ्यासमा थियो। जनप्रतिनिधिले जनताको प्रतिनिधित्व गर्ने र जनताको विचार सरकारसम्म पुराउने आधुनिक लोकतान्त्रिक पद्धति रामराज्यमा थिएन। राजा स्वयं प्रजासँग भेट गरी जनताका विचार बुझ्दथे। गुप्तचरको व्यवस्था जनताका अभिमत राजासम्म पुराउने माध्यम थियो। रामराज्यमा धोबीको विचार रामसम्म गुप्तचरले पुराएका थिए। रामले आफ्नो आलोचना गर्ने धोबीलाई कुनै सजाय दिएनन्। यसबाट रामराज्यमा जनमतको कदर गरिन्थ्यो भन्ने प्रमाणित हुन्छ।

लोकतान्त्रिक नेपालमा पनि सरकारले जनताको अभिमतको कदर गरोस् भन्ने अपेक्षा गरिन्छ। रामराज्यमा जनताको आलोचना सुन्ने व्यवस्था र लोकतन्त्रमा विपक्षको आलोचना सुन्ने व्यवस्थाबीच समानता देखिन्छ।

सामाजिक न्याय र समानता (Social and Ethical Dimension)

रामायण कालमा समाज वर्णव्यवस्थामा आधारित थियो। ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र गरी चार वर्णमा समाज विभाजित थियो। तात्कालिक वर्णव्यवस्था पेसामा आधारित

---

२ सर्वं परवशं दुःखं सर्वमात्मवशं सुखम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

श्रमविभाजन थियो । जातीय व्यवस्था थिएन । रामराज्यमा सबै वर्णको उचित सम्मान हुन्थ्यो । सबै वर्णले आ-आफ्नो धर्म वा कर्तव्यको पालना गर्दथे । न्याय सबैका लागि सुनिश्चित थियो। समाजमा विविधताको सम्मान गरिन्थ्यो। राजाले जाति, जनपद, श्रेणी र कुलमा प्रचलित धर्मको सम्मान गर्दथे। प्राचीन हिन्दु राजनीतिक चिन्तनको यो सिद्धान्त आधुनिक राजनीतिशास्त्रको बहुलवादी सिद्धान्तबीच (Theory of Pluralism) समानता देखिन्छ । नेपाल बहुजातीय, बहुभाषिक र बहुसंस्कृतिक मुलुक हो। धार्मिक आधारमा पनि नेपालमा विविधता छ। जातीय विभेद, लैङ्गिक असमानता र क्षेत्रीय असन्तुलन हटाएर समावेशी र न्यायपूर्ण समाज निर्माण गर्न रामराज्यको सामाजिक न्याय र समानताको सिद्धान्त मार्गदर्शक हुन सक्छ। रामराज्यबाट नेपालमा सामाजिक सद्भाव र समुदायबीच मेलमिलाप कायम राख्ने शिक्षा प्राप्त गर्न सकिन्छ।

स्वास्थ्य (Education)

रामराज्यमा शिक्षा निशुल्क थियो। सबै वर्णका व्यक्तिलाई शिक्षा दिनु ब्राह्मणको कर्तव्य थियो। नैतिक शिक्षामा विशेष जोड दिइन्थ्यो। ब्राह्मणले सबै वर्णका व्यक्तिको जीविकाका लागि आवश्यक पर्ने ज्ञान र सीप जान्नुपर्ने र त्यस्तो ज्ञान र सीप सबैलाई सिकाउनु ब्राह्मणको कर्तव्य थियो । यसैअनुसार ब्राह्मणले आफ्नो पनि जीविकाको गर्नुपर्दछ भन्ने मनुको विचार रहेको छ। (मनु, अ.१०, श्लो. २)। ब्राह्मण शिक्षाका लागि जिम्मेवार हुन्थे। शिक्षा गुरुकुलमा दिइन्थ्यो। गुरुकुललाई सहयोग गर्नु राजाको कर्तव्य थियो। रामराज्यको सबैका लागि शिक्षाको अवसरको मान्यता समसामयिक नेपालमा पनि सान्दर्भिक लाग्दछ।

समानता र न्याय (Equality and Justice)

रामराज्यमा न्यायपालिकाको पनि प्रमुख राजा हुन्थे । न्याय सम्पादन गर्नु राजाको कर्तव्य थियो। न्याय सबैका लागि समान र निष्पक्ष हुनुपर्छ भन्ने रामायणको अभिमत छ। निर्दोष मनुष्य दण्डित हुनुहुँदैन। चोर प्रमाणित भएको व्यक्ति दण्डित हुनुपर्छ। लोभमा परेर धानाढ्य व्यक्ति र दुर्बल व्यक्तिबीचको मुद्दामा धनीका पक्षमा निर्णय गर्नुहुँदैन । न्याय पक्षपातरहित हुनुपर्छ भन्ने वाल्मीकिको विचार छ (वाल्मीकि, अयो., स.१००, श्लो.५६-५९) । न्यायमा पहुच सहज हुनुपर्छ र न्याय शीघ्र दिइनुपर्छ भन्ने मान्यता पनि रामायणमा छ। लोकतान्त्रिक नेपालमा पनि समान र निष्पक्ष न्याय होस् भन्ने जनताको अपेक्षा रहेको छ।

शान्ति-सुरक्षाको प्रत्याभूति (Maintaining Law and Order)

रामराज्यमा सबैले स्वधर्मको पालना गर्दथे। कुनै प्रकारको अपराध, हिंसा वा अन्याय थिएन। प्रजा सुरक्षित थिए। अयोध्या बाह्य आक्रमणबाट सुरक्षित थियो। रामराज्यमा युद्ध हुँदैनथ्यो। प्रजामा युद्धको भय थिएन। रामराज्यको जस्तो शान्ति-सुरक्षा वर्तमान नेपालको मात्र होइन हरेक राज्यको पहिलो प्राथमिकता हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रजाको हितको संरक्षण (Welfare State)

प्रजारञ्जनको अर्थ प्रजालाई खुसी बनाउनु भन्ने हुन्छ। 'प्रजारञ्जनात् राजा' को अर्थ प्रजा खुसी बनाउने व्यक्तिलाई राजा भनिन्छ भन्ने हुन्छ। प्रजाको खुसीका लागि काम गर्नु राजाको कर्तव्य मानिएको छ। रामराज्य लोककल्याणकारी राज्य थियो। गरिब र दीनदु:खीको संरक्षण गर्नु राजाको कर्तव्य थियो। वृद्ध, बालक, मुख्य वैद्यहरूलाई अनुराग, मधुर वचन र धनद्वारा सम्मान गर्न रामायणमा राजालाई सल्लाह दिइएको छ। कमजोरलाई विशेष सहयोग गर्नु र प्रजालाई रोग, भोक र आवास आदिबाट वञ्चित हुन नपर्ने अवस्था सृजना गर्नु राजाको कर्तव्य मानिएको छ। रामराज्यमा सामाजिक र आर्थिक न्याय थियो। सामाजिक-आर्थिक न्याय कायम गर्न नेपालको संविधानमा कल्याणकारी राज्यव्यस्था कायम गर्ने लक्ष्य लिइएको छ। नेपालको संविधानमा उल्लेख गरिएको समाजवाद उन्मुख अर्थतन्त्रको अर्थ पनि नेपाली समाजमा सामाजिक र आर्थिक न्यायको स्थापना गर्नु नै हो।

प्रजाको सुख-समृद्धि (Prosperity and Happiness of the People)

रामराज्यलाई समृद्ध राज्यको रूपमा चित्रण गरिएको छ। कृषि, पशुपालन र उद्योग-व्यापारको विकासबाट समृद्धि आउँछ। समृद्धिबाट प्रजा खुसी र उन्नतिशील हुन्छन् भन्ने रामराज्यको मान्यता रहेको छ (वाल्मीकि, अयो., स.१००, श्लो.४७)। कृषिको उत्पादनका लागि कोशल राज्यमा वर्षाको जलमा निर्भर हुनु पर्दैनथ्यो। रामले भरतलाई विपुल आय गर्न र कम व्यय गर्न सल्लाह दिएका छन्। राज्यकोषको वितरणबाट अपात्रको हातमा धन पुग्नु हुँदैन भन्ने पनि रामायणको सन्देश छ (वाल्मीकि, अयो., स.१००, श्लो.५४)। कर उठाउनु राज्यको कर्तव्य थियो। करलाई बलि भनिन्थ्यो। कृषिउपजको छैटौं भाग बलि हुन्थ्यो[३] (वाल्मीकि, अयो. स.७५, श्लो.२५)। रामराज्यमा प्रजालाई पीडा हुने गरी करसङ्कल गर्न निषेध गरिएको छ। आर्थिक विकास र समृद्धि जनताको प्रसन्नताको आधार थियो। कोही पनि व्यक्ति आधारभूत आवश्यकताबाट वञ्चित थिनन्।

रामायणमा अयोध्याको वर्णन गर्ने क्रममा आ-आफ्नो कर्ममा निरन्तर लागिरहने हजारौ ब्राह्मण, क्षत्रिय र वैश्य अयोध्यामा निवास गर्दछन् भन्ने उल्लेख छ। अयोध्याका सबै प्रजा महान् उत्साही, जितेन्द्रिय, र श्रेष्ठ थिए (वाल्मीकि, अयो., स.१००, श्लो.४१)। अनेक प्रकारका राजदरवार र मन्दिरले नगरको शोभा बढाएको थियो। बहुसंख्यक विद्वान् त्यहाँ बस्दथे। अयोध्या नगर अभ्युदयशील र समृद्धिले पूर्ण थियो (वाल्मीकि, अयो., स.१००, श्लो.४२)। स्त्री पुरुष सदा प्रसन्न थिए। सामाजिक उत्सवका कारणले अयोध्याको शोभा वृद्धि भएको थियो। खेत जोत्न प्रशस्त पशु थिए। खेतीका लागि वर्षाको जलमा भर पर्नु पर्दैनथ्यो। कुनै प्रकारको हिंसा थिएन। हिंसक पशुरहित अयोध्या अति

---

३ ...बलिषड्भागमुद्धृत्य....।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सुन्दर थियो । अयोध्यामा कुनै प्रकारको भय थिएन । राज्य विभिन्न प्रकारका खानीले भरिएको थियो । त्यहाँ पापी मानिस थिएनन् । कोशलवासी सबै धनधान्यले सम्पन्न थिए । सबै सुखी थिए (वाल्मीकि, अयो., स.१००, श्लो.४३-४६) । रामराज्यमा सबै प्रजा प्रसन्न, सुखी,संतुष्ट, पुष्ट, धार्मिक, रोगव्याधिबाट मुक्त र दुर्भिक्षको भयबाट मुक्त थिए । प्रजाको सुख नै राजाको सुख मानिन्थ्यो । कसैले पनि पुत्रको मृत्यु देख्नु पर्दैनथ्यो । अग्निको भय थिएन । कुनै जन्तुको जलमा डुबेर मृत्यु हुँदैनथ्यो ।। वात र ज्वरो जस्ता रोगको भय थिएन (वाल्मीकि, बा., स.१, श्लो.९०-९२) । सबै जनता प्रसन्न, सुखी, संतुष्ट र स्वस्थ थिए । राज्यमा रोगव्याधि थिएन । मानिसको मनमा कुनै किसिमको विकार थिएन[४] (वाल्मीकि, यु., स.१२८, श्लो.१०१) । सबैको आयु पूर्ण हुन्थ्यो । रोगव्याधिको डर थिएन । प्रजा युद्धबाट पनि मुक्त थिए । सर्प आदि दुष्ट जनावरको भय पनि थिएन । रामराज्यमा स्त्रीहरू विधवा हुँदैनथे त्यसैले त्यहाँ विधवाको विलाप सुन्न पर्दैनथ्यो । वृद्ध व्यक्तिले बालकको अन्त्यष्टि संस्कार गर्नु पर्दैनथ्यो (वाल्मीकि, यु., स.१२८, श्लो.९८-९९) । स्त्रीहरू पतिव्रता थिए र पुरुषहरू पनि एक पत्नीव्रती थिए । पति-पत्नीबीच परस्पर प्रेम र विश्वासको वातावरण थियो । राम र उनका भाइहरू एकपत्नीव्रती थिए । प्रजाले राजाको अनुकरण गर्दथे । प्रजा आध्यात्मिक वा दैहिक, आदिभौतिक र आदिदैविक दुःखबाट मुक्त थिए ।

रामराज्यको जस्तो समृद्धि, भयबाट मुक्ति र सुख वर्तमान विश्वमा पनि होस् भन्ने सबैको अपेक्षा हुन्छ । नेपालमा पनि विकास र समृद्धि चाहिएको छ । गरिबी र बेरोजगारी नेपालका ठूला समस्या हुन् । कमजोर आर्थिक विकास समस्याको कारक हो । रामराज्यको आर्थिक आदर्शलाई अनुसरण गर्दै कृषिमा आत्मनिर्भरता, नवीन प्रविधिको प्रयोग र समतामूलक आर्थिक नीतिहरूको अवलम्वन गरी समृद्ध नेपाल निर्माण गर्नु आजको आवश्यकता हो । विकासबिना समृद्धि सम्भव हुँदैन । समृद्धिबिना नागरिकलाई सुखी तुल्याउन सकिदैन । रामराज्यको आर्थिक समृद्धि र सुखी जनताको सिद्धान्त वर्तमान नेपालका लागि प्रासङ्गिक छ ।

रामराज्यमा प्रजाका गुण (Character of the People in Ramrajya)

वैदिक सनातन हिन्दु समाजमा "यथा राजा तथा प्रजा' भन्ने उक्ति प्रचलित छ । यसको अर्थ राजा जस्ता हुन्छन् प्रजा पनि त्यस्तै हुन्छन् भन्ने हो । राम सदाचारी र कर्तव्यपरायण राजा थिए । त्यसैले उनको शासनकालमा प्रजा पनि सदाचारी र कर्तव्यनिष्ठ थिए । समाजमा चोर र लुटेरा हुँदैनथे[५] (वाल्मीकि, यु., स.१२८, श्लो.९९) । सबैले सनातन धर्म

---

४ निरामया विशोकाश्च रामे राज्यं प्रशासति ।

५ निर्दस्युरभवल्लोको नानर्थं कश्चिद्स्पृशत् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
पालन गर्दथे। कसैले पनि झुटो बोल्दैनथे। प्रजा उत्तम गुणसम्पन्न थिए[६] (वाल्मीकि, यु., स.१२८, श्लो.१०५)। रामराज्यमा ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र चारै वर्णका प्रजा लोभरहित थिए। सबै आ-आफ्नो वर्णाश्रम धर्मअनुसारको कर्ममा सन्तुष्ट थिए र सबैले त्यसको पालना गर्दथे[७] (वाल्मीकि, यु., स.१२८, श्लो.१०४)। सबै प्रजा नैतिक र कर्तव्यपरायण थिए। त्यसैले विभिन्न वर्ण एवं सामाजिक समूहबीच साम्प्रदायिक सद्भाव, शान्ति र सहिष्णुता थियो। मानिसहरूबीच सौहार्दता थियो। सबैले सहअस्तित्वमा विश्वास गर्दथे। परिश्रमी र कर्तव्यपरायण प्रजा रामराज्य आधार हुन्। इमान्दार र परिश्रमी प्रजा भएकाले रामराज्यमा सुशासन र समृद्धि प्राप्त भएको मानिन्छ।

सदाचारी र कर्तव्यपरायण नागरिक भए मात्र नेपालमा सुशासन कायम गर्न सम्भव हुन्छ। आवधिक निर्वाचनका माध्यमबाट आफ्नो शासक चुन्न पाउने नेपाली जनताको मौलिक हक छ। सबैलाई आआफ्नो उन्नति गर्ने स्वतन्त्रता छ। यसको उचित तरिकाले प्रयोग गर्नु हाम्रो कर्तव्य हो। जनताले निर्वाचनमा इमान्दारिता देखाउनुपर्छ। सदाचारी र लोकतान्त्रिक चरित्र भएको व्यक्तिलाई चुनावमा जिताए मात्र त्यस्तो नेताबाट नेपाल र नेपालीको कल्याण सम्भव हुन्छ। नेपालको संविधानले तोकेका नागरिकका कर्तव्य पालना गर्नु हामी सबैको दायित्व हो।

रामराज्य र वातावरण (Ramrajya and Environment)

रामराज्यमा प्रकृति अनुकूल थियो। समयमा वर्षा हुन्थ्यो। जल उत्पन्न प्रकोप हुँदैनथ्यो। वायुको प्रकोप पनि हुँदैनथ्यो। रामले भरतलाई अयोध्याको वन र वातावरण सुरक्षित त छ भनी प्रश्न गरेको प्रसङ्ग रामायणमा आउँछ (वाल्मीकि, अयो.,स.१००, श्लो.५०)। वन र वन्यजन्तुको सुरक्षा पनि राज्यको महत्त्वपूर्ण कार्यक्षेत्रभित्र थियो। वातावरणको संरक्षण र दिगो उपभोगको चेतना रामायणमा पाइन्छ। रामराज्यमा वृक्षका जरा बलिया हुन्थे। वृक्षमा फल-फूल प्रचुर मात्रामा हुन्थे। मेघले जनताले चाहेको वेलामा वर्षा गराउँथ्यो। वायुको गति मन्द र स्पर्श आनन्ददायक हुन्थ्यो[८] (वाल्मीकि, यु., स.१२८, श्लो.१०३)। रामराज्यमा प्राकृतिक प्रकोप हुँदैनथ्यो। वातावरण अनुकूल हुनु पनि रामराज्यमा प्रजाको सुखको कारण थियो। वातावरणको सुरक्षा र प्राकृतिक स्रोतको दिगो उपयोग पनि वर्तमान नेपालको समस्या हुन्। यी समस्याको समाधान गर्न हाम्रा लागि रामराज्यको वातावरणसम्बन्धी नीति मार्गदर्शक हुन सक्छ।

---

६ आसन् प्रजा धर्मपरा रामे शासति नानृताः। सर्वे लक्ष्यणसम्पन्नाः सर्वे धर्मपरायणाः।

७ ब्राह्मणाः क्षत्रिया वैश्याः शूद्रा लोभविवर्जिताः। स्वकर्मसु प्रवर्तन्ते तुष्टाः स्वैरेव कर्मभिः।

८ नित्यमूला नित्यफलास्तरवस्तत्र पुष्पिताः। कामवर्षी च पर्जन्यः सुखस्पर्शश्च मारुतः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

निष्कर्ष (Conclusion)

रामराज्य लोकहितको प्रवर्द्धनमा समर्पित राजतन्त्रात्मक शासन प्रणाली थियो। राजा रामको सदाचारी, इमान्दार र नैतिक नेतृत्वका कारण रामराज्य आदर्श शासनको नमुना हुन सम्भव भएको हो। रामराज्यमा राजाको व्यक्तिगत हितभन्दा सम्पूर्ण प्रजाको हितलाई प्राथमिकता दिइन्थ्यो । लोकरञ्जनको नीतिका माध्यमबाट समाजमा सामाजिक र आर्थिक न्याय स्थापना गर्नु शासन व्यवस्थाको उद्देश्य थियो। दण्डनीतिका मर्यादाअनुसार शासन सञ्चालन गरिन्थ्यो। सबैले स्वधर्मको पालना गर्दथे। वितरण प्रणाली न्यायपूर्ण थियो। सदाचार र नैतिकतामा आधारित सुशासन थियो। प्राकृतिक स्रोतको दिगो उपयोग गरिन्थ्यो। रामराज्यमा समृद्धि थियो र सबै प्रजा सुखी थिए।

संविधानले नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गरे पनि नेपाली समाजमा वैदिक सनातन धर्मको प्रभाव व्याप्त छ। हाम्रा पारिवारिक मर्यादा र सामाजिक नैतिकतामा समेत रामायणको प्रभाव छ। राजनीतिमा पनि रामराज्यमा जस्तै सुशासन, न्याय र समृद्धि होस् भन्ने हाम्रो चाहना छ। जनतामा सुशासनको पर्याय रामराज्य हो भन्ने विश्वास रहेको छ। तथापि नेपलको राजनीति र सार्वजनिक प्रशासनमा मात्र होइन समाजका हरेक क्षेत्रमा भ्रष्टाचार र अनियमितता बढ्दै जानु चिन्ताको विषय भएको छ। राजनीतिमा व्याप्त अनियमितता कम गर्न रामायणका सदाचारका मान्यता नेपाली समाजमा पुनःस्थापना गर्न आवश्यक छ। अनियमितता कम नगरी सुशासन कायम गर्न सम्भव हुँदैन। सदाचारी, न्यायप्रिय;कानुनको पालना गर्ने र जनहितलाई सर्वोपरि ठान्ने व्यक्तिको नेतृत्व सुशासनका लागि अपरिहार्य हुन्छ।

राजनीतिक नैतिकता प्राचीनकालमा सुशासन र भ्रष्टाचारमुक्त राज्यव्यवस्थाका लागि जति आवश्यक थियो वर्तमान राजनीतिमा पनि उत्तिकै आवश्यक छ। वर्तमान सन्दर्भमा अपेक्षा गरिने पारदर्शिता र जवाफदेहिताका आदर्श रामराज्यमा अन्तर्निहित छन्। रामराज्यका नैतिक आदर्श वर्तमान लोकतन्त्रमा चारित्रिक र व्यावहारिक मार्गदर्शनका लागि उपयोगी छन्। रामराज्यको सदाचारको अनुकरण गर्न सकियो भने समसामयिक नेपालको राजनीतिमा उत्तरदायित्व र पारदर्शितासहित सुशासन कायम गर्न सकिन्छ। नेपालमा लोकतन्त्रको सफलता र आर्थिक अनियमितताको अन्त्य गर्न रामराज्यका नैतिक मान्यता मार्गदर्शक हुन सक्छन्।

रामराज्य श्रुति, स्मृति र लौकिक प्रथाद्वारा निर्धारित नीतिअनुसार सञ्चालित शासन व्यवस्था थियो। नीतिमा परिवर्तन गर्ने अधिकार राजालाई थिएन। नीतिअनुसार शासन सञ्चालन गर्नु राजाको कर्तव्य थियो। राजा राजधर्मका नीतिको बन्धनद्वारा बाँधिएका थिए। राजालाई स्वेच्छाचारी हुन नदिन यस्तो व्यवस्था गरिएको थियो। नीतिअनुसार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
गरिने शासनमा विधिको शासनको झलक पाइन्छ । नीतिको शासनको सट्टा वर्तमान लोकतन्त्रमा विधिको शासनका लागि संविधान र कानुनअनुसार शासन सञ्चालन गर्न आवश्यक हुन्छ । रामराज्यमा न्यायव्यवस्था निष्पक्ष थियो । राजाले सभाको सहयोगमा न्याय सम्पादन गर्दथे । वर्तमान लोकतान्त्रिक शासनमा सुशासनका लागि स्वतन्त्र र निष्पक्ष न्याय आवश्यक हुन्छ ।

राज्य सञ्चालनको अर्थ जनताको सेवामा समर्पित हुनु हो सुखसयल गर्नु होइन भन्ने रामराज्यको मान्यता वर्तमान लोकतन्त्रमा समेत उपयोगी छ । जनहितको सर्वोच्चता आधुनिक लोकतन्त्रको विशेषता हो । रामराज्यको जस्तो जनमतको कदर पनि अहिलेको आवश्यकता हो । रामराज्यको प्रजाको सुखमा राजाको सुख हुन्छ भन्ने सिद्धान्त लोकतन्त्रमा नेताहरूका लागि मार्गदर्शक हुन सक्छ ।

रामराज्यमा समृद्ध र भ्रष्टाचारमुक्त समाज थियो । गरिबी र अभाव थिएन र सबै प्रजा सुखी र सन्तुष्ट थिए । वितरण प्रणाली न्यायपूर्ण थियो । रामराज्यको जस्तै आर्थिक दृष्टिले समृद्ध, न्यापूर्ण र सुखी समाज नेपालको आवश्यकता हो । नेपालको संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यव्यवस्था र रामराज्यको सिद्धान्तबीच समनता छ ।

रामराज्यको जस्तो राजाको एकल नेतृत्व भएको शासन व्यवस्थाको सान्दर्भिकता भने वर्तमान नेपालमा हुन सक्दैन । नैतिक र सदाचारी नेतृत्व, नीतिअनुसार सुशासन, न्याय, समानता, लोककल्याणकारी राज्यव्यवस्था र समृद्धिको प्रतीकका रूपमा रामराज्यको अवधारणा समसामयिक नेपालमा सुशासन कायम गर्न मार्गदर्शक हुन सक्छ । लोकतान्त्रिक मूल्यहरूको संरक्षण गर्दै रामराज्यको आदर्शलाई आधुनिक शासन प्रणालीमा लागु गर्न सके नेपाली समाजलाई न्यायपूर्ण, समृद्ध र सुखी बनाउन सम्भव हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सन्दर्भसामग्री
(References)

कामन्दक, (संवत् १९६१), कामन्दकीयनीतिसारः, (दिनेशकुमारगर्गः सं.), सम्पूर्णानन्द-संस्कृत-विश्वविद्यालयः वाराणसी।

कौटिल्य, (ca 300 इ.पू.,२००० सन्), कौटिलीयम्अर्थशास्त्रम्, (चतुर्थ सं.), (वाचस्पति गैरोला सं.), चौखम्बा विद्याभवन।

चण्डेश्वर, (ca 1325, 1970), राजनीतिरत्नाकरः, चौखम्बा विद्याभवन।

पाण्डेय, लालामणि (वि.सं.२०७६), हिन्दु राजनीतिक विचारधारा, राजनीतिशास्त्र शिक्षण विभाग, नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठ।

बाजपेयी, अम्बिका प्रसाद, (२००६), हिन्दू राज्यशास्त्र (तृतीय सं.), हिन्दी साहित्य सम्मेलन।

बृहदारण्यक उपनिषद्, (२०५८ वि.सं), गीताप्रेस।

बृहस्पतिः (संवत् १९९८), बृहस्पतिस्मृतिः, के. भि. रङ्गस्वामी अइयङ्गार (सं. सङ्कलन), बरोरा राजकीय प्राच्य विद्या विमर्शालय।

बृहस्पतिः (संवत् २०७५), बार्हस्पत्यम् अर्थशास्त्रम् (लालमणि पाण्डेय सं.), काष्ठमण्डप पुस्तक घर।

मनु, (१९८३) मनुस्मृतिः, जगदीश लाल शास्त्री (सं), मोतीलाल बनारसीदास।

मित्रमित्र, (१९३७), वीरमित्रोदय, पद्मप्रसाद भट्टराई (सं.), चौखम्बा संस्कृत सेरिज।

मिश्र, जयकृष्ण (वि.सं. २०७०), राजधर्मविमर्शः, चौखम्बा संस्कृत सीरीज आफिस।

याज्ञवल्क्य, (२०११), याज्ञवल्क्यस्मृति (एम्. एन्. दत्त अंग्रजी अनु., आर्. के. पण्डा सं.), भारतीय कला प्रकाशन।

वाल्मीकि (२०७३), वाल्मीकीय रामायण, (खण्ड प्रथम, द्वितीय), गीताप्रेस।

विद्यालंकार, सत्यकेतु (१९९४), प्राचीन भारत की शासन-संस्थाएँ और राजनीतिक विचार, श्री सरस्वती सदन।

वेदव्यास (वि. सं. २०५८), महाभारत, शान्तिपर्व (नवाँ सं), गीताप्रेस।

श्रीस्वामीकरपात्रीजी महाराज (वि.सं.२०६२), मार्क्सवाद और रामराज्य, गीताप्रेस।

शर्मा, विष्णु (२०१५ वि. सं.), पञ्चतन्त्रम्, (गोकुलदास गुप्ताः टीकाकार, रामचन्द्रझा सं), चौखम्बा विद्याभवन।

शुक्राचार्य (१९९९), शुक्रनीतिः (चतर्थ सं.), (ब्रह्मशंकरमिश्रः सं.), चौखम्भा विद्याभवन।

सोमदेवसूरि (१९७२), नीतिवाक्यमृत, रामचन्द्र मालवीय (हिन्दी व्या.), चौखम्बा विद्याभवन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

- शिक्षाध्यक्ष: नेपाल संस्कृत विश्वविद्यालय, दाङ, २०७७ मंसीर २८ गतेदेखि २०७७ फागुन २७ गतेसम्म ।
- सदस्य: नेपाल संस्कृत विश्वविद्यालय सभा, २०७४ देखि २०७७ सम्म
- क्याम्पस प्रमुख, वाल्मीकि विद्यापीठ, काठमाडौं , २०६९ देखि २०७३ सम्म
- क्याम्पस प्रमुख, रुरु संस्कृत विद्यापीठ, गुल्मी, २०५५ देखि २०५८ सम्म

कानुन व्यवसाय अनुभव:

- अधिवक्ता: २०५१ वैशाख १३ गतेदेखि, सदस्य, काठमाण्डौं जिल्ला बार एसोसेशन ।

रचना: विभिन्न जर्नलमा एक दर्जनभन्दा बढी अनुसन्धानात्मक लेख प्रकाशित ।

कृति:

- बार्हस्पत्यम् अर्थशास्त्रम् : बृहस्पति नीतिसूत्र (२०७५), काष्ठमण्डप पुस्तक घर ।
- हिन्दु राजनीतिक विचारधारा (२०७६) राजनीतिशास्त्र विभाग, वाल्मीकि विद्यापीठ, ने.सं.वि. ।

मानपदवी र पदक:

- प्रबल गोरखादक्षिणबाहु: श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवबाट २०५७ साल
- नेपाल विद्याभूषण 'क' नेपाल सरकार, २०६८ साल ।
- दीर्घ सेवा पदक, नेपाल संस्कृत विश्वविद्यालय २०८० साल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यस पुस्तकमा लेखकले संस्कृत वाङ्मयको अनुशीलन गरी त्यसमा अन्तर्निहित वैदिक मनीषिहरूद्वारा प्रतिपादित राजधर्म र शासनकलासम्बन्धी तथ्यपूर्ण ज्ञान सरल नेपालीमा प्रस्तुत गर्नुभएको छ। सुशासनसम्बन्धी प्राचीन व्यवस्थाका साथै राज्य सञ्चालकमा हुनुपर्ने गुण पनि पुस्तकमा समावेश गरिएको छ। पुस्तक पठनीय, ग्रहणीय र ज्ञानवर्द्धक छ। प्राचीन हिन्दु राजनीतिक चिन्तनमा रुचि राख्ने सम्पूर्ण पाठकका लागि यो पुस्तक सञ्जीवनी बुटी जस्तै हुनेछ।

प्रा.डा. रामचन्द्र गौतम

प्राचीन हिन्दु राजनीतिक विचारधाराका विषयमा लेखिएको यो पुस्तक हाम्रा पौरस्त्य राजनीतिक मूल्यमान्यता बुझ्न चाहने र अध्ययन अनुसन्धानमा रुचि राख्नेका लागि निकै उपयोगी छ।

प्रा. अम्वीर पाण्डे

INDIGO INK

धर्म/दर्शन

9 789937 991025

999.00.00

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal